CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीब्रह्माण्डमहापुराण

(नेपाली भाषामा अध्यायगत सारांश)

Shree Brahmanda Mahapuran

(NEPALI SUMMARY)



डा. बद्री पोखेल

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड महापुराणमा के छ ?

ब्रह्माण्ड महापुराणमा सृष्टि अगाडिको ब्रह्मको अस्तित्वदेखिको विषयलाई समेटिएकोछ भने अरू पुराणले जस्तै सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरितका घटनालाई पनि सुहृत्सम्मित र कान्तासम्मित ढंग र भाषाका माध्यमबाट पौराणिक तथ्य र ज्ञान प्रवाहित भएकोछ । शरीर र आत्माको सम्बन्ध, पुरूष र प्रकृतिको स्वरूप आदि विषयमा प्रकाशपार्दै लोकमा आफुले गरेको कर्मको भोग अवश्य गर्नुपर्ने (अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्)को चुनौतीमूलक सन्देश पनि ब्रह्माण्ड महापुराणले दिएको छ ।

प्रजापति, वशिष्ठ, पराशर, जातुकर्ण्य हुँदै महर्षि व्याससमेतबाट प्रक्रिया, अनुषङ्ग, मध्य र उत्तर (ललितोपाख्यान समेत) गरी चार पादमा व्याख्या गरिएको ब्रह्माण्ड महापुराण १८ औं महापुराणको रूपमा प्रसिद्ध छ । पृथ्वीको आयु, ग्रहहरूको दूरी आदि विषयमा आधुनिक विज्ञानसंग भण्डैझण्डै मेलखाने देखिएको र सदाचार एवं नैतिकता प्रवर्धनको लागि ऋषिमुनिहरूबाट प्रदत्त ज्ञानभण्डारलाई आधुनिक विज्ञानसंग संयोजनगरी जीवनचर्यामा स्थापितगर्न वाञ्छनीय भएको यस पुराणका विषयमा थप अध्ययन र अनुसन्धानको खाँचो देखिएको तथ्य अध्ययनले पुष्टि गर्दछ । ब्रह्माण्ड भित्रमात्र नभएर त्यस वाहिरको अन्तर्मुखी ज्ञान (ब्रह्मविद्या) र वहिर्मुखी ज्ञान (भौतिक दर्शन) को समेत चित्र ब्रह्माण्ड पुराणभित्र छ ।

USHA Education House

Usha Education House

Kantigalli, New Baneshwor, 10, Kathmandu
Tel.: +977-1-4104316, 9861591595 | E.: info@ushaeduhouse.com

उद्धव कुमार घिमिरे
+977-9851030972
uddhavkghimire@gmail.com

लेखक, प्रकाशकका पुस्तकहरू सिधै ईन्टरनेको माध्यमबाट www.ushaeduhouse.com मा गएर विश्वको जुनसकै ठाउँबाट पनि सजिलै पढ्न तथा आफ्नो पुस्तकहरू आफैले यस साईटमा अपलोड गर्न सकिने छ ।

Pay Via IMEPay [Scan & PAY]:

Pay Via FonePay:
eSewa: 9851030972
Usha Education House

Bank : Global IME BANK
A/C No.: L601010000284
AC Name : Usha Education House
SWIFT : GLBBNPKA

आफ्नो पुस्तक संसारभरि पुऱ्याउन चाहनुहुन्छ ?

पुस्तक विक्री भएवापतको ८०% लेखक/प्रकाशकलाई जानेछ । १०% उषा एजुकेशन हाउस कम्पनीलाई जानेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् संस्थाको २१ औं पुष्प

श्रीब्रह्माण्ड महापुराण

(नेपाली भाषामा अध्यायगत सारांश)

Shree-Brahmanda Mahapuran

(A Brief Summary of Individual Chapters in Nepali)

लेखक

डा. बद्री पोखेल

सम्पादक

डा. नवराज कट्टेल

प्रकाशक

जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृति	:	श्रीब्रह्माण्डमहापुराण (नेपाली भाषामा अध्यायगत सारांश)
लेखक	:	डा.बद्री पोखेल
सम्पादक	:	डा.नवराज कट्टेल
प्रकाशक	:	जयतु संस्कृतम्, अनामनगर काठमाडौं
website	:	www.jayatusamskrittam.edu.np
email	:	jayatusamskrittam@gmail.com
सर्वाधिकार	:	लेखकमा
संस्करण	:	प्रथम
प्रति	:	१००१
प्रकाशन मिति	:	२०७८-मंसिर
कभर डिजाइन	:	सञ्जय राजथला
कम्प्युटर	:	हिरादेवी नेपाल
मुद्रण	:	उषा एजुकेशन हाउस
मूल्य रू	:	३००।-
ISBN	:	978-9937-94910-1

वितरक	:	उद्धवकुमार घिमिरे विश्व स्वतन्त्र सञ्चार नयाँ वानेश्वर काठमाडौं, नेपाल ०१-४१०४३१६/९८५१०३०९७२
website	:	www.ushaeduhouse.com
email	:	uddhavkghimire@gmail.com

नोट : विश्व स्वतन्त्र संचारबाट प्रकाशन तथा वितरण भएका विभिन्न विधाका पुस्तकहरू विश्वको कुनै पनि ठाउँबाट इन्टरनेटमा पढ्न चाहनुहुने पाठकहरूको लागि :

website : www.ushaeduhouse.com

प्रकाशन तथा वितरण

विश्व स्वतन्त्र संचार, नयाँ वानेश्वर, काठमाडौं नेपाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

विश्व ब्रह्माण्डका नाथ सृष्टि-पालक-नाशक
कर्ता-भर्ता ज्ञान-दाता ज्ञाता हौ सब लोकका
जगाऊ जानको ज्योति भव-क्लेश छुटाइद्यौ
दोह-खोदहरूलाई मुक्तिमार्ग पुऱ्याइद्यौ

डा. बद्री पोखेल



पिता : पं. दोहनाथ पोखेल
जन्म : वि.सं. १९६५ भाद्र
मृत्यु : वि.सं. २०४० श्रावण

माता : खोदकुमारी पोखेल
जन्म : वि.सं. १९९१ माघ
मृत्यु : वि.सं २०७२ फाल्गुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आह्वान

व्यक्ति, वातावरण र परिवेशलाई मानवीय मूल्य अनुसार अनुकूल बनाउने काम समाजको हो र पनि, समाजलाई न्याय, नीति, नैतिकता जस्ता सुन्दर सामाजिक पक्षहरूले सिगार्ने व्यक्तिले नै हो। यसैले समाज र व्यक्तिको सम्बन्ध शब्द र अर्थको जत्तिकै अविभेद्य छ।

व्यक्ति र समाजलाई सदाचार, मर्यादा, सामाजिक आदर्शका पाठ सिकाउने ग्रन्थ पूर्वीय दर्शनका वेद, उपनिषद, पुराण, महाभारत, रामायण आदि नै हुन्। ती ग्रन्थहरु संस्कृतमा लेखिएका र संस्कृत सर्वसाधारणलाई बुझ्न कठिन हुने भएकोले ग्रन्थमा भएका महत्वपूर्ण विषयहरू ओझेलमा पर्दै गएको प्रतीतहुँदै आएको छ। यो समस्याको समाधानगर्न वेद पुराण जस्ता आध्यात्मिक पूर्वीय चिन्तन धारा भएका गन्थहरूलाई नेपालीमा अनुवाद गरेर सर्वसाधारणको पहूँचमा ल्याउने उद्देश्यले "धार्मिक पुस्तक प्रकाशन तथा व्यवस्थापन समिति" गठन गरी समितिको माध्यमबाट संस्कृतमा लेखिएका पूर्वीय चिन्तनहरू सरल नेपाली भाषामा प्रकाशन गर्ने प्रयासगर्न लागेको सूचनागर्न पाउँदा समिति गौरवान्वित भएको छ। समितिले १८ वटा महापुराणहरूलाई नेपालीमा अध्यायगत सारांश लेखेर प्रकाशनगर्न आरम्भ गरिसकिएको सन्दर्भमा यस अघि विभिन्न उदारमना महानुभावहरूको सहयोगमा **श्रीअग्निमहापुराण, श्रीमार्कण्डेयमहापुराण, श्रीवामनमहापुराण, श्रीशिवमहापुराण, श्रीकूर्ममहापुराण, श्रीगरुडमहापुराण, श्रीविष्णुमहापुराण, श्रीवराहमहापुराण, श्रीभविष्यमहापुराण, श्रीब्रह्ममहापुराण, श्रीमद्भागवतमहापुराण, श्रीलिङ्गमहापुराण, श्रीनारदमहापुराण, श्रीमत्स्यमहापुराण तथा श्रीब्रह्मवैवर्तमहापुराण** नेपालीमा अध्यायगत सारांश प्रकाशित गरिसकेको छ। यसैगरी अन्य महापुराणहरूको पनि अध्यायगत सारांश तयार भइसकेका छन्। तयार भइसकेका पुराणहरू प्रकाशनको चरणमा भएको यथार्थ पनि सम्पूर्ण पाठक, शुभ चिन्तक र अध्यात्मप्रेमी महानुभावहरूमा समिति अवगत गराउँदछ।

यो शुभकार्यमा संलग्न भई समाजमा नैतिकता सामाजिक सद्भाव र बन्धुत्व कायमगर्न पुस्तक प्रकाशनको माध्यमले सहयोगगर्न चाहनु हुने स्वदेश तथा विदेशमा रहनुभएका दाता र शुभ चिन्तकहरूमा समिति विशेष अनुरोध पनि गर्दछ।

धार्मिक पुस्तक प्रकाशन तथा व्यवस्थापन समिति काठमाडौं, नेपाल
सम्पर्क नं : ९८५१००२९९५/९८४७०५७४९६/९८५१०२८१२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय सूची

क्र.सं.		पेज नं
क)	प्रकाशकीय	११
ख)	ब्रह्माण्ड पुराण र यसको प्रकाशन सन्दर्भ- प्रा.डा.विष्णुप्रसाद देवकोटा	१६
ग)	भूमिका डा. निर्मलमणि अधिकारी	२७
घ)	पुराणको परिचय र प्राचीनता डा.नवराज कट्टेल	४१
ङ)	ब्रह्माण्ड पुराण-परिचय र कृतज्ञता	७७
	ब्रह्माण्ड महापुराण पूर्वभाग प्रक्रियापाद : १	
१.	ब्रह्माण्ड पुराणका विषयहरू	८१
२.	नैमिषारण्य वर्णन	८३
३.	हिरण्यगर्भोत्पत्ति वर्णन	८४
४.	भगवान्का काम र रूप	८५
५.	नारायण स्वयम्भूबाट सृष्टिप्रारम्भ/लोक निर्माण	८६
	पूर्वभाग अनुषङ्गपाद प्रारम्भ	
६.	कल्प, मन्वन्तर आदि वर्णन	८८
७.	सृष्टिकाल, चारवर्ण, चार आश्रम, चार युग आदिको वर्णन	८९
८.	मानस-सृष्टि वर्णनको क्रममा ब्रह्माबाट भएका विविध सृष्टि	९१
९.	सृष्टि-वर्णन, रूद्र सृष्टि	९३
१०.	महादेवका विभूतिहरू	९५
११.	ऋषि-वंश	९६
१२.	अग्निवंश वर्णन	९८
१३.	पितृ, देवता, कालको वर्णन, दक्ष-यज्ञ नाश.....	९९
१४.	प्रियवतको वंश	१०२
१५.	पृथिवीको क्षेत्र र क्षेत्रफल	१०४
१६.	भारतवर्ष वर्णन	१०६
१७.	किंपुरूषादि वर्षवर्णन	१०७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८. जम्बूद्वीप वर्णन १०७
१९. प्लक्षादि द्वीपहरूको वर्णन १०९
२०. अधोलोक वर्णन ११२
२१. पृथ्वी, समय, सूर्य आदिको वर्णन ११३
२२. सूर्यको गति र शक्ति ११६
२३. सूर्यको रथ र ध्रुवचर्या ११७
२४. अग्नि, सूर्यादिग्रह, चन्द्रमा आदि नक्षत्र र तिनीहरूको अवस्था ११९
२५. नीलकण्ठ नाम उत्पत्ति वर्णन १२२
२६. लिङ्ग उत्पत्ति वर्णन १२३
२७. दारूवनमा शिवदर्शन पाएका ऋषिहरूले शिवस्तुति गर्नु..... १२५
२८. पुरूरवाले हरेक महिना स्वर्ग गएर तर्पणदिनु १२६
२९. समय र कालक्रमको अवधि र संख्या निर्णय १२८
३०. यज्ञमा पशुवलि चर्चा १३०
३१. युगधर्म वर्णन १३१
३२. युग, प्रजा लक्षण र ऋषि-प्रवर वर्णन १३३
३३. ऋषिहरूको लक्षण/विवरण १३७
३४. व्यास-शिष्य उत्पत्ति र याज्ञवल्क्यको विद्वत्ता १३८
३५. वेद, वेदशाखा, वेदव्यास र स्वायम्भुव मन्वन्तर वर्णन १३९
३६. मन्वन्तरका बाँकी विवरण र पृथुद्वारा पृथ्वी दोहन १४२
३७. पृथुवंश वर्णन १४४
३८. वैवस्वत मन्वन्तर वर्णन, इन्द्रका विशेषता १४५

मध्यभाग, उपोद्घातपाद

१. ऋषिहरूको सृष्टिवर्णन १४७
२. प्रजापति-वंश वर्णन १४८
३. देवता, दानव, दैत्यको उत्पत्ति वर्णन १४९
४. विभिन्न मन्वन्तरमा जयदेवगणको स्थिति १५२
५. मरूतहरूको उत्पत्ति १५३
६. दनवंश वर्णन १५४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. कश्यपवंश वर्णन १५५
८. ऋषिवंश र कार्य विभाजन वर्णन १५८
९. पितृ र योगीको महत्व १६०
१०. पितृ श्राद्ध तथा योगको महत्व १६१
११. श्राद्धकर्म, श्राद्ध सामग्री र समिधाका प्रकार वर्णन १६४
१२. श्राद्धविधि १६६
१३. श्राद्धका लागि विभिन्न पुण्यमय क्षेत्रहरूको वर्णन १६७
१४. श्राद्धमा शौच र खाद्याखाद्य विधान १६८
१५. श्राद्धमा बोलाउन योग्य र अयोग्य ब्राह्मण १७०
१६. दान र भोजनको महत्व १७१
१७. तिथि नक्षत्रअनुसार श्राद्धफल १७२
१८. नक्षत्रअनुसारका श्राद्धफल १७३
१९. श्राद्धमा दिनुपर्ने दान र ब्राह्मणहरूको परीक्षा १७५
२०. श्राद्ध-महत्व १७६
२१. परशुराम पितामह-भृगु र और्वको दर्शनगर्न जानु.... १७७
२२. परशुराम तपस्यागर्न जानु १७८
२३. व्याधारूपी शिव र परशुराम संवाद १७९
२४. परशुरामलाई शिवबाट परशुप्रदान १८०
२५. परशुरामले शिवस्तुति गर्नु, वरदान प्राप्तगर्नु..... १८१
२६. जमदग्निको आश्रममा कार्तवीर्य (कृतमन्त्रादिक) राजा पुग्नु १८३
२७. राजा ससैन्य जमदग्निको आश्रममा बस्नु १८४
२९. हरणगरिएकी गाई आकाशतिर जानु, वाच्छालाई राजा.... १८६
३०. जमदग्निको पुनर्जीवन १८६
३१. परशुरामको प्रतिज्ञा पुरागर्न ब्रह्माले शिव समक्ष जाने..... १८७
३२. परशुराम निःक्षेत्रीय पृथ्वी वनाएर फर्कनु १८८
३३. त्रिलोकविजयी कवच वर्णन १८९
३४. मृग–मृगी सम्वाद, कृष्णप्रेमामृत स्तोत्रबाट परशुरामले..... १९०
३५. परशुराम अगस्त्यको आश्रममा जानु १९१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६. कृष्ण प्रेमामृत स्तोत्र १९२
३७. परशुरामले कृष्णप्रेमामृत स्तोत्र पाठगर्नु, कृष्णले वरदानदिनु १९४
३८. मत्स्यराज मंगलवध १९४
३९. परशुरामले भद्रकालीको स्तुतिगर्नु, सुचन्द्रको वधगर्नु १९५
४०. कार्तवीर्यार्जुन लगायतका राजाहरूको वध १९६
४१. परशुराम कैलाश जानु, गणेशले परशुरामलाई फालेर १९७
४२. परशुराम र गणेशको युद्ध, विष्णुले समन्वय गराउनु १९९
४३. पार्वती, शिव, कृष्ण, राधाहरूले गणेश र परशुरामलाई.... २००
४४. परशुराम बाबुलाई घटना सुनाएर बाबुको निर्देशन... २०१
४५. जमदग्निवध २०२
४६. परशुरामले २१ पटक घुमेर क्षत्रियलाई मार्नु, आमाको..... २०२
४७. परशुराम तपस्यागर्न महेन्द्र पर्वत जानु २०३
४८. सगरको विजय उत्कर्ष, ताल जंघीहरूको अपमान २०५
४९. राजा सगरको उत्कर्ष २०६
५०. पुत्रार्थी राजा सगर और्व ऋषि समक्षजानु २०७
५१. सगरलाई पुत्रप्राप्ति २०७
५२. सगरले अश्वमेध यज्ञगर्नथाल्नु २०९
५३. सगरका ६० हजार छोरा भष्म हुनु २१०
५४. कपिलमुनिको आश्रमबाट अंशुमानले घोडा ल्याउनु २११
५५. अंशुमानलाई युवराज बनाउनु २१२
५६. दिलीप पुत्र भगीरथले गंगा अवतरण गराई पितृ उद्धारगर्नु २१२
५७. वरूण डराएर परशुराम समक्ष उपस्थित हुनु २१४
५८. गोकर्ण क्षेत्रको उद्धार २१५
५९. सूर्य र वैवस्वत परिवार २१५
६०. वैवस्वत मनुको वंश २१६
६१. मूर्च्छना लक्षण/ताल स्वर वर्णन २१८
६२. गन्धर्व लक्षण अलङ्कार २२०
६३. इक्ष्वाकु वंश वर्णन २२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६४. निमि वंश २२३
६५. बुध-जन्म-घटना २२४
६६. कौशिक-वंश (जमदग्नि, विश्वामित्र आदिको जन्म) २२५
६७. धन्वन्तरि जन्म, अविमुक्तक्षेत्र (वाराणसी)मा शिव वास.... २२७
६८. ययाति चरित्र २३०
६९. कार्तवीर्य चरित्र २३२
७०. वृष्णि-वंश २३३
७१. वृष्णि-वंशको वर्णन, कृष्णजन्म २३४
७२. विष्णुलाई भृगुको श्राप, शुक्रको शिव स्तुति २३९
७३. विष्णु महात्म्य २४२
७४. ययातिका ५ छोराहरूको वर्णन २४४

ब्रह्माण्ड पुराण, उत्तर भाग

१. प्रलय आख्यान २४८
२. लोक, नरक, पापकर्म आदिको वर्णन २५२
३. प्रतिसर्ग २५६
४. ब्रह्माण्डको पुनः सर्ग र ब्रह्माण्ड पुराणको श्रुति-वंश... २५७
५. अगस्त्य, अर्धनारीश्वर शिव र हयग्रीवको कथा २५९
६. हयग्रीव - अगस्त्य संवाद २६०
७. चोरी र मद्यपान २६२
८. अगम्य/अभक्ष्यको विवेचन २६३
९. मृत मन्थन-प्रसङ्ग २६५
१०. मोहिनीरूप वर्णन, शिवको वीर्यबाट सुन चाँदीका पर्वत २६६
११. भण्डासुरको जन्म २६७
१२. ललिता देवीको उत्पत्ति कथा २६८
१३. ललितास्तुति २७०
१४. ललिता-शिव विवाह प्रसंग २७१
१५. ललिता-शिवको विवाहोत्सव २७१
१६. ललिता देवीको भण्डासुर विजय अभियान २७२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७. भण्डासुर विजय निमित्त देवीको रणनीतिक तयारी २७३
१८. ललितादेवी र सेनाको विजय-यात्रा २७४
१९. पर्वस्थ देवीहरूको नाम २७४
२०. किरिचक्र रथ वरपरका देवीका सैनिक २७५
२१. भण्डासुरको युद्धशक्ति २७६
२२. ललितादेवी भण्डासुर युद्ध प्रारम्भ/दुर्मद-कुरण्ड दैत्य वध २७८
२३. करंकादि पाँच सेनापतिहरू मारिनु २७९
२४. बलाहकादि ७ सेना नायकको वध २८०
२५. सेनापति विषंगभाग्नु २८१
२६. भण्डका ३० जना छोराको वध २८२
२७. गणनाथको पराक्रम र गणेशलाई देवीको वरदान २८३
२८. विशुक्र र विषंगवध/मदिरा शक्तिप्रयोग २८४
२९. भण्डासुर वध २८६
३०. कामदेवको पुनर्जीवन, कुमार कार्तिकेयको जन्म २८८
३१. श्रीपुरनिर्माण र मातङ्गकन्याको उत्पत्ति २९०
३२. त्रिपुरदेवीको संरक्षणमा खटिने शक्तिहरू २९१
३३. श्रीपुरमा अवस्थित कक्षा (भवन) हरू २९२
३४. देवीको आवासका दिक्पाल, शिवलोक श्रीपुरका देवी... २९२
३५. श्रीपुरमा भएका तलाउ र महापद्माटवीहरू २९३
३६. चिन्तामणि भवन भित्रका वस्तु २९४
३७. गृहराज अन्तर्गत (भित्र) को वर्णन २९५
३८. ललितादेवीको मन्त्र-साधना फल २९६
३९. काञ्ची-कामाक्षी वर्णन २९७
४०. काञ्चीपुर महात्म्य २९९
४१. विद्यायन्त्रको शक्ति परिचय ३०१
४२. देवी-मुद्रा ३०२
४३. देवीपूजन दीक्षा ३०३
४४. देवीपूजा गर्दाका न्यास र पूजाका प्रकार ३०४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

वि.सं २००४ सालमा एकतन्त्रीय राणाशासनको विरोधमा सर्वश्री पूर्णप्रसाद ब्राह्मणको विमर्शमा श्रीभद्र शर्मा, राजेश्वर देवकोटा, कमलराज रेग्मी, पद्मराज अधिकारी आदि विद्यार्थी नेताहरूको नेतृत्वमा सञ्चालित 'जयतु संस्कृतम्' नामक विद्यार्थी आन्दोलनले नेपालको शैक्षिक एवं राजनीतिक इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको छ। वि.सं. २०५४ सालमा सो आन्दोलनले ५० वर्ष पूरा गरेको उपलक्ष्यमा स्वर्णमहोत्सवको आयोजना गरी वि.सं. २०५५ सालमा सो आन्दोलनलाई 'जयतुसंस्कृतम्' संस्थाका नाममा रूपान्तरित गरी यसको स्मरणमा तीनधारा छात्रावास अगाडि स्मारक स्तम्भ स्थापना गरिएको छ।

संस्थामा रूपान्तरित भएपछि यसले प्राच्य भाषा, धर्म, संस्कृति, परम्परा, मूल्य र मान्यताको संरक्षण, संवर्द्धन र प्रचारलाई आफ्नो मुख्य अभियान बनाएको छ र संस्कृत भाषाको लोकप्रियता बढाउन संस्कृतको पठनपाठन प्रक्रियालाई अरू व्यापक बनाउने, संस्कृत वाङ्मयका महत्त्वपूर्ण ग्रन्थहरूलाई नेपाली सहित विभिन्न लोकभाषामा अनुवाद गर्दै प्रकाशित गर्ने, संस्कृत भाषाको प्रचारप्रसार गर्दै नेपाली संस्कृति र सभ्यताको संरक्षण एवं संवर्द्धन गर्ने, गोष्ठी, प्रशिक्षण, कार्यशाला आदि सञ्चालनगर्ने जस्ता विविध कार्य गर्दै आइरहेको छ।

यस संस्थाकै प्रयत्नमा नेपालको सबैभन्दा पुरानो, नेपाल सरकारको प्रकाशन, 'गोरखापत्र' दैनिकमा संस्कृत पृष्ट २०७२ असार १ गते (जयतु संस्कृतम् दिवस) देखि पाक्षिक रूपमा प्रकाशन हुँदैआएको छ। त्यस्तै जयतु संस्कृतम् कै प्रयत्नमा ०७५ भाद्र ६ गतेदेखि नेपाल टेलिभिजनमा संस्कृत समाचार प्रसारण हुन थालेको छ। लोकसेवा आयोगमा संस्कृत पत्र राख्न, नेपाल एकेडेमीमा संस्कृत विभाग गठन गराउन, खुला विश्वविद्यालय र अन्य विश्वविद्यालयमा संस्कृत विषय समावेश गर्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गराउन, संस्कृत मा.वि पुनःस्थापित गर्न, गुरुकुल सुदृढ गराउन संस्थाले आवाज उठाउँदै आएको छ। उत्तरमहाभारत र संस्कृत वाङ्मयमा महत्त्वपूर्ण मौलिक ग्रन्थहरू लेखी-लेखाई प्रकाशित गर्ने उद्देश्य अनुसार काम भइरहेको छ । संस्कृत नाटकको लेखन र मञ्चन कार्यलाई गतिदिन संस्थाले कार्यारम्भ गरिसकेको छ । यस अनुसार रूपकसंग्रह सम्पादन हुँदैछ भने ४ वटा नाटक संस्थाले प्राप्त गरिसकेको छ । प्रकाशित संस्कृतको मौलिक पुस्तकको मूल्याङ्कनको आधारमा 'जयतु संस्कृतम्' पुरस्कारद्वारा १४ जना संस्कृतका विद्वान्हरू पुरस्कृत भइसक्नुभएको छ। संस्कृत वाङ्मयको सेवाको आधारमा विद्वान्हरूलाई 'जयतु संस्कृतम् सम्मान'बाट विभूषित गर्ने अर्को कार्यक्रम रहेको छ, जसअन्तर्गत हालसम्म डा. स्वामी प्रपन्नाचार्य, आचार्य केशवशरण, प्रा.डा. वेणीमाधव ढकाल, प्रा.विद्यानाथ उपाध्याय, शरदकुमार भट्टराई, प्रा.शिवगोपाल रिसाल, प्रा.पुरुषोत्तम भट्टराई सम्मानित भइसक्नुभएको छ।

जयतु संस्कृतम् संस्थाले नै थाइल्यान्डमा सन् १९१५ मा १७ औँ विश्व संस्कृत सम्मेलन सम्पन्न हुँदा नेपालमा विश्व संस्कृत सम्मेलन गर्न आफ्ना प्रतिनिधिमार्फत अनुरोध गरी पठाएको थियो। सो प्रक्रिया अगाडि बढ्दै गएर सन् २०१८ मा क्यानडामा सन् २०२४ मा नेपालमा विश्व संस्कृत सम्मेलन गर्न घोषणा भएको छ । भाषा आयोग र पाठ्यक्रम विकास केन्द्रमा पनि संस्थाले पटकपटक आत्मधारणा लिखित तथा मौखिक रूपमा राख्दै संस्कृतको विकासमा पूर्ण ध्यान केन्द्रीत गरेको छ। ०७५ को उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगमा यस संस्थाले महत्त्वपूर्ण सुझावहरू दिएको थियो। ती सुझावहरू समावेश पनि भएका छन् ।

यस संस्थाले ग्रन्थानुवाद एवं प्रकाशन परियोजनालाई आफ्नो उद्देश्य अन्तर्गत समावेश गरेको छ। तदनुसार कार्यसमितिका निवर्तमान अध्यक्ष प्रा. विद्यानाथ उपाध्यायज्यूको विशेष सक्रियता र निर्देशनमा संस्कृतमा रहेका वैदिक, लौकिक र आगम दर्शनका ग्रन्थहरूलाई नेपालीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवादगरी प्रकाशनगर्ने अठोट यस संस्थाले गरेकोमा सो अठोटलाई निरन्तरता दिइएको छ। यस योजना अन्तर्गत पहिलो चरणमा दशवटा दर्शनग्रन्थहरू प्रकाशितगर्ने लक्ष्य राखियो, जसअनुसार हालसम्म वेदान्त, न्याय, बौद्ध, चार्वाक, तन्त्र, मीमांसा, जैन दर्शनका ग्रन्थहरू प्रकाशित भैसकेका छन्। वैशेषिक र साङ्ख्यदर्शनका ग्रन्थहरू पनि अनुवादभई प्रकाशनको तयारीमा रहेका छन्। त्यसैगरी योग र पाशुपत दर्शनका ग्रन्थहरू पनि अनुवादको क्रममा रहेका छन्। संस्थाबाट अहिलेसम्म प्रस्तुत ग्रन्थसहित एक्काइस वटा पुस्तकहरू प्रकाशित भइसकेका छन्।

संस्कृत वाङ्मयमा अनेक विषय र विधाका ग्रन्थहरू रहेका छन्, तिनलाई चतुर्दश विद्या वा अष्टादश विद्याको रूपमा सङ्ग्रहण गरिएको छ। वेद, वेदाङ्ग र उपाङ्ग एवं उपवेद र तिनका अनेक भेद, उपभेद, शाखाप्रशाखा भएर संस्कृत वाङ्मय झाङ्गिएको छ। वेदका उपाङ्गमा न्याय, मीमांसा, धर्मशास्त्र र पुराण पर्दछन्। पुराणमा विभिन्न विषयहरू प्रस्तुत भएका छन्, अतः पुराणलाई भारतवर्षको विश्वकोष भन्दा हुन्छ। महाभारतमा **'धर्मे ह्यर्थे च कामे च मोक्षे च भरतर्षव। यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्'** भनेको प्रसङ्ग आउँछ। यो प्रसङ्ग पुराणग्रन्थमा पनि लागुहुने देखिन्छ। यसको आसय धर्म, अर्थ, काम, मोक्षका विषयमा जुन कुरा महाभारतमा छ त्यो अन्यत्र पनि छ, जुन कुरा महाभारतमा छैन त्यो अन्यत्र पनि छैन भन्ने हो। यही कुरा पुराणमा पनि लागु हुन्छ। पुराणमा सृष्टि, स्थिति र लयको रहस्यमाथि चिन्तन गरिएको छ र 'चेतना' नै सृष्टि, स्थिति र लयको मूल कारण हो भन्ने निष्कर्ष निकालिएको छ। वेदमा वर्णित 'एकं सद् विप्रा बहुधा वदन्ति' को पुराणमा व्याख्या गरिएको छ, त्यो 'सत्' विभिन्न कालखण्डमा विभिन्न रूपमा, चरित्रमा, स्वभावमा प्रकट हुन्छ र त्यसले मानव सभ्यता र सृष्टिलाई सकारात्मक मोड दिन्छ, सकारात्मक ऊर्जा दिन्छ भन्ने सार र सन्देश प्रस्तुत गरिएको देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणहरूमा सृष्टि, स्थिति र लयको वर्णन गरिएको हुनाले धेरै विषय समेटिएका छन्। पुराणको पञ्चलक्षण र दश लक्षणले पनि यही कुरालाई संकेत गर्दछ। वेदमा 'एकोऽहं बहु स्याम' भन्ने वाक्य छ। यसैको वर्णन, विस्तार र तत्त्व चिन्तन पुराणमा छ। वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, वेदाङ्ग-व्याकरण, ज्योतिष, कल्प (श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्बसूत्र), निरुक्त, छन्द, शिक्षाका विषयहरूलाई विभिन्न रूपमा पुराणहरूमा व्याख्या, विवेचना, पुनर्व्याख्या, नवीनीकृत, प्रतीकीकरण, बिम्बीकरण, आख्यानीकरण, संवादीकरण, मानवीकरण, दैवीकरण, दानवीकरण गरेर प्रस्तुत गरिएको पाइन्छ। वैदिक साहित्यका विभिन्न चिन्तन, विचार, संकेत, कथन, सम्वाद, सूक्त आदिलाई कतै सूक्ष्म, कतै विस्तार, कतै प्रत्यक्ष र कतै विम्ब, प्रतीक सृजना गरेर, कतै केही थपघट गरेर, केही बदलेर, केही विस्तार गरेर पुराण रचिएको अनुभव हुन्छ। त्यसैले पुराणहरू वेदमूलक छन्, वेदकै व्याख्या र पुनर्व्याख्या पनि हुन्।

डा. बद्री पोखेलज्यू संस्थासंग २०५४ सालदेखि नै जोडिनु भएको हो। उहाँ नेपाल सरकारको सेवामा संलग्न भएपछि पनि लामो समयसम्म संस्कृतका गतिविधिसँग धेर थोर जोडिदै आउनुभएको हो। २०५४ सालमा जयतु संस्कृतम् आन्दोलन २००४ स्वर्णमहोत्सव मनाउने क्रममा उहाँ समितिसँग जोडिनुभएको हो। आजसम्म पनि एउटै समितिमा रहेर जयतु संस्कृतम् मार्फत संस्कृत वाङ्मय र पौरस्त्य संस्कृतिको विकास, संरक्षण र संवर्द्धनमा संलग्न हुँदआएका छौं। बद्रीजी हाम्रा अग्रज र आदरणीय व्यक्तित्व हुनुहुन्छ। उहाँले सर्वदर्शनमा आचार्य, अर्थशास्त्रमा एम.ए. र विद्यावारिधिसमेत गर्नुभएको छ। अवकाश जीवनमा उहाँका सामु थुप्रै कामका अवसरहरू थिए, तर ती सबैलाई परित्याग गरेर पौरस्त्य शास्त्रको अध्ययन संस्कृत वाङ्मयको सेवामा समर्पित हुन रुचाउनुभयो। मेधावी, परिश्रमशील, विनयी, अध्ययनशील, मधुरभाषी, आँटिको कुरा गरेरै छाड्ने, हात हालेको काम पूरा गरेरै छाड्ने, समयको पारखी बद्रीजीले १८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महापुराण पढेर त्यसको अध्यायगत सारांश नेपाली भाषामा लेख्ने अठोट गर्नुभयो र १६ वटा पुराणको सारांश लेखन पूरा पनि गर्नुभयो । अब त दुईटामात्रै बाँकी छन्, ती पनि सम्पन्न हुने नै छन् ।

सुरुमा उहाँले ममतामयी आमालाई पुराण वाचन र अर्थ गरेर सुनाउन थाल्नुभयो भने आमाको स्वर्गारोहणपछि धर्मपत्नीलाई वाचन र अर्थ सुनाउँदै प्रतिदिन एक वा दुई अध्यायको सारांश लेख्दै जानुभयो । अन्ततोगत्वा ४-५ लाख श्लोकमा फैलिएका पुराणहरूको सार लेख्न उहाँ सफल बन्नुभयो । उहाँका अनूदित पुराणहरू विभिन्न संस्थाबाट प्रकाशित भएका छन् । त्यसमध्ये प्रस्तुत ब्रह्माण्डपुराण जयतु संस्कृतम् संस्थाले छाप्ने निर्णयगरी प्रकाशित गरिएको छ । ब्रह्माण्ड पुराणमा प्रक्रिया, अनुषङ्ग, उपोद्घात र उपसंहार चार पाद छन् र यसका पूर्वभागमा ७४ अध्याय र उत्तरभागमा ४४ अध्याय रहेका छन् । पञ्चलक्षणले युक्त पुराण हुन्छ र पुराणले धर्म, अर्थ, काम र मोक्ष जस्ता चतुर्वर्गलाई विषय बनाएको पाइन्छ । यस पुराणमा पनि सनातन वैदिक मार्ग, आश्रमधर्म, वर्णधर्म र मोक्षधर्मका विषयमा व्याख्या गरिएको पाइन्छ । यस पुराणको अध्ययनबाट वैदिक सनातन मार्गका विषयमा धेरै ज्ञानगुनका कुरा सिक्न पाइने छ । प्रस्तुत ग्रन्थसहित संस्थाले एक दर्जन पुस्तक प्रकाशनका लागि क्रमसूचीमा राखेको छ, ती पनि क्रमशः प्रकाशित हुने छन् । संस्थाले सबैको सहयोगको अपेक्षा राखेको छ ।

जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड पुराण र यसको प्रकाशन सन्दर्भ

प्रा.डा.विष्णुप्रसाद देवकोटा
उपाध्यक्ष, जयतु संस्कृतम्

वेदका शब्दहरूको व्याख्या र त्यसका अर्थहरूलाई पूर्णतादिने भएकाले पुराणहरूलाई 'पुराण' भनिएको हो- 'पृ पालनपूरणयोः' । वेदका विषयवस्तुहरू र पुराणहरूका विषयवस्तुहरू समान जातीय भएका कारण पुराणका विषय वस्तुहरू वेदार्थका पूरक हुन् । पुराणका विषयवस्तुहरू वेदार्थ तुल्य भएका कारण तिनीहरूमा पनि वेदहरू समान पूज्यता र सेवनीयता हुन्छ । जो विषयवस्तुहरू वेदहरूमा पाइँदैनन्, स्मृतिहरूमा पनि छैनन् ती पुराणहरूमा पाइने भएकाले पनि पुराणहरू सबैका लागि ग्राह्य भएका हुन् । पुराणहरू संस्कृत वाङ्मयमा लेखिएका हाम्रा विश्वकोश हुन् । पुराणहरूमा कल्पनामात्रै नभएर वस्तुनिष्ठता र व्यावहारिकता समेत भएकाले पनि ती हाम्रा लागि अत्यावश्यक छन् । हाम्रो संस्कृत वाङ्मयमा तीन प्रकारका ग्रन्थहरू छन्- श्रुति, स्मृति र पुराण । यी सबै हाम्रा स्रोत वा उपजीव्य ग्रन्थहरू हुन् । यिनलाई मूलग्रन्थ पनि भन्दछन् । वेदहरू स्वयं भगवान्का मुखारविन्दबाट श्वासप्रश्वासको रूपमा आविर्भूत भएका कारण रहस्यमय र दुर्बोध्य छन् । वेदमा विधि र निषेधको जटिल व्याख्यान र प्रतिपादन भएका कारण तिनले जटिल शास्त्रको रूपधारण गरेकाले र वेदको भाषा कठिन भएका कारण पनि ती दुर्बोध्य र कठिन छन् ।

स्मृति भनेको धर्मशास्त्र हो । यसले शासकको काम गर्दछ । यसमा पनि बाध्य-बाधकभाव भएको र अनेक मताक्रान्त भएकाले सरल छैनन् । पुराणहरूमा त्यस्तो जटिलता र भाषिक कठिनाइ छैन । तत्वज्ञानका साथै मनोरञ्जकता, रोचकता र आकर्षण भएका कारण जनता पुराणहरू प्रति सर्वतः प्रवृत्त हुन्छन् र यसलाई बुझ्न चाहन्छन् । यसकारण, असंस्कृतज्ञ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र समयाभाव समेत भएका जनताकालागि विद्वान् अनुवादकद्वारा यसको अध्यायगत सारांश लेखिएको हो, जो अत्यावश्यक थियो र यो रोचक पनि छ।

पुराणहरूको अध्ययन किशोरहरूले गरे भने उनीहरूमा शील, नैतिकता र चरित्र बढ्दै जान्छन्, वयस्कहरूले यसको अध्ययन गरे भने उनीहरूमा पौरुष, कर्तव्यपरायणता, इमान्दारी र काममा श्रमगर्ने बानी एवं त्यसमा निरन्तरता आउँदछन्, बूढाबूढीहरूले अध्ययन गरेमा मुक्तिको बाटो खुल्छ र वेदान्तज्ञान हुन्छ। नारीहरूले पुराणहरू पढेमा गृहधर्म, पातिव्रत्य, सेवाभाव र पारिवारिकता बढ्दछन्। यसरी सबै वर्गले आफ्नो विशिष्टता बढ्ने ज्ञान र व्यवहार पुराणहरूमा पाउने भएकाले पुराणहरू सबैकालागि पठनीय छन्। आचार विचार र 'आत्मनःप्रतिकूलानि परेषां न समाचरेत्' को उच्च र आदर्श भावना दृढमूल गराउने भएकाले पुराणहरू आवश्यक छन्। हाम्रा पुराणहरू जनताकालागि समुद्र हुन्। यसको मन्थनबाट लक्ष्मी, अमृत, पारिजात, धन्वन्तरि, कौस्तुभ मणि, कल्पवृक्ष र कामधेनु आदि जीवनमा सिद्धि र मनोरथ पूर्णगर्ने तत्वहरू पाइन्छन् र जीवन सुखी, शान्त र सफल बन्दछ। धर्म र सदाचार गरे अभ्युदय र अधर्म अनाचार र दुष्कर्म गरे नरक र सो सरहको दुःख पाइने कुरा सोदाहरण पुराणहरूमा पाइने भएकाले मानव जीवनमा पुराणहरू र तिनको अध्ययनको अत्यावश्यकता छ। काव्यशास्त्रका महापण्डित आचार्य मम्मटले उपदेश तीन प्रकारका मानेका छन्-प्रभुसम्मित, मित्रसम्मित र कान्तासम्मित। हाम्रो समाजमा मातापिता र गुरुको उपदेश राजाज्ञा समान हुन्छन्- यो गर्नु, यो नगर्नु भन्ने खालका। वेदहरूका उपदेशहरू पनि यस्तै उपदेशात्मक हुन्छन्। प्रभुसम्मित उपदेशवाला वेदको आज्ञा छ- 'सत्यं वद, धर्मं चर, स्वाध्यान्माप्रमद' आदि। तर, वेदहरूले यो भन्दैनन् सत्य किन बोल्ने, धर्म किन गर्ने र स्वाध्यायमा प्रमाद किन नगर्ने ? आदि। कान्तासम्मित उपदेश काव्यहरूले दिन्छन्, तर, पुराणहरूले मित्रसम्मित उपदेश दिन्छन्। सत्य बोल्नुको तात्पर्य उदाहरण दिएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
सहीरूपमा मित्रले नै दिन्छ- हरिश्चन्द्र आदिका चरित्रको वर्णन गरेर सम्झाउँदछ- धर्माचरण गर्ने राम, कृष्ण आदिको उदाहरण दिएर सम्झाउँदछ र अधर्माचरण गर्ने रावण, कंस आदिको पतनमा अधर्म कारण भएको तथ्य रोचक ढंगले बताउँदछ। यसरी पुराणहरूले जिज्ञासुहरूलाई उदाहरणहरू दिएर सम्झाउने भएकाले पुराणहरूका उपदेश मित्रसम्मित हुन्छन्- जनसंवेद्य हुन्छन् र यी अत्यावश्यक भएका हुन्। पुराणहरूको धार्मिक, सांस्कृतिक, दार्शनिक र राजनैतिक महत्त्वका साथै सामाजिक महत्त्व पनि कम छैन। मन्वन्तरको वर्णनमा पुराणहरूको सामाजिक महत्त्व स्पष्टरूपमा देखिन्छ। मन्वन्तरमा भएका राजाहरूको वर्णन र उनीहरूको चरित्रचित्रण गरेर राम्रा आचरणहरूको अवलम्बनीयता र नराम्रा काम वा चरित्रहरूको परित्याग पुराणहरूले नै बताउँदछन्। यसै कारण, आधुनिक नेताहरू, अधिकारीहरू र न्यायाधीश आदिलाई पुराणहरूको अध्ययनको अत्यावश्यकता साबित हुन जान्छ। यसरी सामाजिक व्यवस्थालाई सुचारुता र परिष्कृतिका लागि पुराणहरूले नै जनतालाई पुनर्जन्मको भय देखाएर सन्मार्गमा हिँडाउने काम गर्दछन्। नरकका कठिन यातनाहरूको वर्णन गरेर, त्यसको भय देखाएर पनि सन्मार्गमा लगाउने काम पुराणहरूले नै गर्दछन्। स्वर्गसुखको लालच देखाएर पनि तिनले मानिसलाई सन्मार्गगामी बनाउँदछन्। ईश्वरको सर्वज्ञता र सर्वव्यापकता देखाएर मानिसलाई कहीं पनि कसैलाई पनि अन्यायको शिकार र पीडित पार्नबाट बचाउने प्रयासहरू गर्दछन्। मानिसले नदेख्ने ठाउँमा पनि ईश्वरले देख्दछ भन्ने यथार्थतालाई व्यक्त गरेर उसलाई पापकर्म गर्नबाट रोक्दछन् पुराणहरू। अर्को वाक्यमा पुराणहरूले मानिसलाई सत्कर्ममा अभिप्रेरित गर्दछन्।

१. पुराणहरूको लक्षण- पुराणहरू वेदार्थका विस्तारक, मित्रसम्मितोपदेशक र हाम्रो धर्म र संस्कृतिका विश्वकोश हुन्। पुराण शब्द 'पुरा भवं जातं वा' यस अर्थमा पनि व्युत्पन्न हुन्छ। भूत घटनाहरूको वर्णन यसबाट बुझिन्छ। पुराणहरू वेदहरूको अर्थका विस्तारक र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलतापूर्वक उपदेश दिने हुन्छन् । यिनीहरूमा विषयवस्तु सोदाहरण र प्ररोचनापूर्वक प्रतिपादनको विशेषता हुन्छ ।

२. सर्ग प्रतिसर्ग- सर्ग प्रतिसर्गका व्याख्याता पुराणहरू हुन् । प्रत्येक पुराणका आ-आफ्ना विशेषताहरू भए पनि सर्गप्रतिसर्गादि व्याख्यातृत्व सबै पुराणहरूमा पाइन्छ । ब्रह्मपुराण (१।१५)मा लेखिएको छ- **विस्ताराय च वेदानां स्वयं नारायणः प्रभुः । व्यासरूपेण कृतवान् पुराणानि महीतले ।** व्यासको रूपमा स्वयं नारायणले नै यी पुराणहरू लेख्नुभएको हो । यसै कारण पुराणहरू पौरस्त्यजीवन पद्धतिका अमूल्य रत्नहरू हुन् र समाजलाई परिष्कृत तुल्याउँदै भूतलाई वर्तमान र भविष्यसंग जोड्ने शास्त्र हुन् ।

३.पुराणहरूका संख्या र क्रमिकता- पुराण शास्त्रमा पुराणहरूको संख्या बोधकालागि अष्टादश र त्रिषट् शब्दहरूको प्रयोग गरिएको पाइन्छ । अष्टादशको अर्थ 'अष्टौ च दश च' हो । आठ जोड दश=अट्ठार हुन्छ र पुराणहरूको संख्या अट्ठार मानिएको हो । त्रिषट् शब्दको विग्रह 'त्रिरावृत्ता षट्' हो । अर्थात् तीन वटा छ=अट्ठार हो । कहीं 'अष्टौ दश च पुराणानि' मात्रै भनेर पुराणहरूको संख्या तोकिएको छ । यस भनाइको पनि अट्ठार नै अर्थ हो र पुराण संख्या १८ (अट्ठार) नै ठहर्दछ ।

पुराणहरूको क्रम यो हो- १. ब्रह्मपुराण २. पद्मपुराण ३. विष्णुपुराण ४. शिवपुराण ५. भागवतपुराण ६. नारदपुराण ७. मार्कण्डेयपुराण ८. अग्निपुराण ९. भविष्यपुराण १०. ब्रह्मवैवर्तपुराण ११. लिङ्गपुराण १२. वाराहपुराण १३. स्कन्दपुराण १४. वामनपुराण १५. कूर्मपुराण १६. मत्स्यपुराण १७. गरुडपुराण र १८. ब्रह्माण्डपुराण । स्रोत -विष्णुपुराण (३/६/२१-२४) श्रीमद्भागवतपुराणमा पनि लगभग यहीक्रम देखिन्छ ।

त्यसैगरी ब्राह्मं पाद्मञ्च वैष्णवं शैवं लिङ्गं सारुडम् । नारदीयमथाग्नेयं भागवतं स्कन्दसंज्ञितम् ॥ भविष्यं ब्रह्मवैवर्तं मार्कण्डेयं सवामनम् । वाराहं मात्स्यं कौर्मञ्च ब्रह्माण्डाख्यमिति त्रिषट् ॥ (देवीभागवत,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथमस्कन्द, १२/१०/२३-२४) । द्वितीयाध्यायको तृतीयश्लोकको रूपमा लेखिएको छ- **मद्वयं भद्वयञ्चैव ब्रत्रयं वचष्टयम् । अनापलिङ्गकूस्कानि पुराणानि प्रचक्षते ॥** यसले पनि पुराणहरूको संख्या अट्ठार नै मानेकोछ । यसमा पुराणहरूको पौर्वापर्य बताइएको छैन । म-भ-ब्र आदि रूपमा पुराणहरूको आद्यक्षरबाट पुराणहरू परिचित गराइएका छन् । मद्वय=मत्स्य र मार्कण्डेय, भद्वय=भागवत र भविष्य, ब्रत्रय=ब्रह्म, ब्रह्मवैवर्त र ब्रह्माण्ड, वचतुष्टय =वायु, वामन, विष्णु र वाराह, अनापलिङ्गकूस्कानि=अग्नि, नारद, पद्म, लिङ्ग, कूर्म र स्कन्दपुराण गरेर अट्ठार हुन् । कण्ठस्थगर्न सजिलो हुने हिसाबले यो देवीभागवतको श्लोक बनाइएको हो । पुराणहरूको वर्गीकरण र ती ती पुराणको बोध्यबोधकभाव सत्वादिगुणत्रयको आधारमा पनि गर्नसकिन्छ । सात्विक, राजस र तामसका भेदले पुराणहरू तीन प्रकारका पनि मानिएका छन् । तीमध्ये १. सात्विक पुराणहरू हुन्- विष्णु, नारद, भागवत, गरुड, पद्म र वाराह । यिनीहरूमा मारकाटका कुरा भेटिन्नन् । यिनीहरूमा सत्त्वगुणको प्रधानता देखिन्छ । २. राजस पुराणहरू हुन्- ब्रह्माण्ड, ब्रह्मवैवर्त, मार्कण्डेय, भविष्य, वामन र ब्रह्म पुराण । यिनमा रजोगुणको प्राधान्य देखिन्छ । ३. तामस पुराणहरू हुन् - मत्स्य, कूर्म, लिङ्ग, स्कन्द, आग्नेय र शिवपुराण । यिनीहरूमा तमस्को प्रधानता देखिन्छ ।

वास्तवमा पुराणहरूका रचयिता स्वयम्भू भगवान् नारायण हुन् । प्रवचनकर्ता र वेदका समेत व्यवस्थापक महर्षि व्यास हुन् । व्यासले अव्यवस्थित र विकीर्ण पुराणहरूलाई मूल संहिताको रूपमा व्यवस्थित गरेका हुन् । व्यवस्थित पुराणहरूलाई व्यासले आफ्ना शिष्य रोमहर्षणलाई पढाए । यसै परम्परामा सूतजीले पुराणहरूको प्रचार प्रसार गरे । सबै पुराणहरू एकै शिष्यपरम्पराका व्यक्तिले लेखेका कारण मिल्दाजुल्दा छन् । यसैले पुराणहरू व्यास या व्यास परम्पराबाट लेखियका हुन् भन्न सकिन्छ । शिष्यपरम्परा लामो र दीर्घजीवी हुने भएकाले यतिधैरै पुराणहरू र उपपुराणहरू लेखिन सम्भव पनि भएको हो । अन्यथा यति ठूलो वाङ्मयराशि एक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यक्तिबाट लेखिन असम्भव थियो। पछिका पुराणहरू पूर्वका पुराणहरूको अनुकरणमा लेखिएका पनि प्रतीत हुन्छन्। लेखन परिपाटी, भाषा र छन्दहरूको प्रयोग लगभग समान छ। वर्ण्यविषय र समय मात्र केही फरक देखिन्छन्।

४. पुराणहरूको रचनाकाल- पुराणहरू एकै समयमा लेखिएका होइनन्। फरक फरक समयमा लेखिएका हुन्। पुराणवाङ्मय कमसेकम ईश्वीको प्रथम शताब्दीको महाभारतको लेखनकालदेखि नै लेख्न शुरु भएको हो। पुराण साहित्य पनि इतिहास नै हो तर, आजको जस्तो कुनै एक सीमित समयको इतिहास होइन, त्यो त समग्र इतिहास हो। किनभने आधुनिक इतिहासले कुनै समय विशेष, शासक विशेष र शासन विशेषको वर्णन गर्दछ भने पुराणरूपी इतिहासले सृष्टिदेखि आजसम्मका घटनाहरूको वर्णन गर्दछ। यस कारण पुराणहरू आधुनिक इतिहासका स्रोत-सामग्रीहरू हुन्। यसरी महाभारतको समयदेखि नै पुराणहरूको रचनाकाल प्रारम्भ हुन्छ भन्न सकिन्छ।

५. ब्रह्माण्डपुराण- यो पुराण अष्टादश पुराणभित्र नै पर्दछ। तर, अन्तिम अर्थात् अट्ठारौं पुराण हो यो। पुराणका तीन वर्गीकरण-सात्विक, राजस र तामस मध्ये यो राजस पुराण हो। यसको वर्णन र वर्ण्यविषयमा रजोगुणको प्रचुरता देखिन्छ। पुराणहरूकै वर्णन अनुसार अन्य पुराणहरू पुराणपुरुष (ब्रह्म)का शारीरिक अङ्गको रूपमा वर्णित छन् भने ब्रह्माण्ड पुराण ब्रह्मको मेरुदण्ड नै मानिएकोछ। ब्रह्माण्ड पुराणमा चार पादहरू छन्। १- प्रक्रियापाद २- अनुषङ्गपाद ३- उपोद्धातपाद र ४- उपसंहारपाद। पहिला दुई पादहरू पूर्वभाग मानिन्छन्। तेस्रोपाद मध्यभाग मानिन्छ र चौथोपाद उत्तरभाग मानिन्छ। पूर्वभागमा ३८ अध्यायहरू छन्, मध्यभागमा ७४ अध्यायहरू छन् र उत्तरभागमा ४४ अध्यायहरू छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै मिलाएर यस पुराणमा १५६ अध्यायहरू छन्। यसमा १२,२०० (बाह्र हजार दुई सय) श्लोकहरू छन्। पुराणहरूका वर्ण्यविषय सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरित यसमा पनि छन्। तर, यस पुराणमा सृष्टि र प्रलयका रहस्यहरूमा बढी दृष्टि केन्द्रित गरिएकोछ। अन्य पुराणहरूको समय भन्दा यसको समय निकै अर्वाचीन लाग्दछ। लेखक र पुराण साहित्यविद् डा.हजारा ब्रह्माण्ड पुराणको रचनाकाल ३२५ ई. देखि ४०० ई.सम्म मान्दछन्। डा.यस.एन.रायकाअनुसार पुराणवर्णित राधा र तन्त्रप्रभावको आधारमा यसको रचनाकाल ई.सन् १००० देखि १२०० को बीच मान्दछन्। पुराण लेखनकार्य यसै अवधिमा समाप्त भएको तथ्य पनि त्यस वाङ्मयको अध्ययनकाट ज्ञात हुन्छ। ब्रह्माण्ड पुराण स्वयं ब्रह्माले वायुलाई उपदेश गरिएको पुराण हो। वायुदेवले शुक्राचार्यलाई र यिनले वृहस्पतिलाई, वृहस्पतिले सवितालाई र सविताले आफ्ना शिष्य मृत्युलाई एवं मृत्युले आफ्ना शिष्यलाई उपदेश दिँदै छब्बीसौं नम्बरका शिष्य सूतजीले त्यसको प्रचार प्रसार यस लोकमा गरेका हुन्।

६. ब्रह्माण्ड पुराणका वर्ण्यविषयहरू- पुराणहरूमा प्रयुक्त सर्गशब्दको अर्थ सृष्टि हुन्छ। सृष्टिरचनाको वर्णन यस पुराणमा विशिष्ट रूपमा पाइन्छ। यसको प्रारम्भमा नै लेखिएकोछ- सृष्टिभन्दा पूर्व केवल ब्रह्मको मात्रै अस्तित्व थियो। यसपछि प्रकृतिको सत्ता थियो, जसबाट पञ्चभूतहरूको सृष्टि भएको छ। यसै प्रकृतिबाट समस्त संसारको उत्पत्ति हुन्छ। पृथ्वीआदि पञ्चभूतहरूको उत्पादिका भएकोले प्रकृति महाभूत मानिन्छ। प्रकृतिसंग सम्बद्ध भएर नै पुरुषले विषयहरूको भोग गर्दछ। सृष्टिमा प्रधानता प्रकृतिको मानिन्छ। यो सत्त्व, रजस् र तमस् तीन गुणहरूले युक्त हुन्छ। त्यसमा सत्वको उद्रेक भयोभने महत्तत्वको उत्पत्ति हुन्छ, महत्तत्वमा विकार भएपछि अहङ्कार उत्पन्न हुन्छ। त्यस अहङ्कारबाट सात्विक र तामस सृष्टि हुन्छ। सात्विक अहङ्कारबाट मन, दश इन्द्रियहरू र पञ्चतन्मात्राको उत्पत्ति हुन्छ र तामस अहङ्कारबाट पञ्चतन्मात्रा उत्पन्न हुन्छन्। पञ्चतन्मात्राहरू हुन्- शब्द, स्पर्श, रूप, रस र गन्ध। यी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चतन्मात्राहरूबाट विपर्यास क्रमले आकाश, वायु, अग्नि, जल र पृथिवीको उत्पत्ति वा सर्ग हुन्छ । पञ्चतन्मात्राहरूको ज्ञान वा प्रतीतिकालागि क्रमशः श्रोत्र, त्वचा, नेत्र, रसना, जिह्वा र घ्राणेन्द्रियहरू उत्पन्न हुन्छन् । यिनीहरूलाई ज्ञानेन्द्रिय भनिन्छ। यिनको आज्ञापालनका लागि हस्तपादादि पाँच कर्मेन्द्रियहरूको सृष्टि हुन्छ । यो प्रारम्भिक सृष्टि भएकाले यसलाई प्राकृत सर्ग भनिएको छ । प्रकृतिका विकारबाट तन्मात्रा आदिको सृष्टि भएकाले यो नै वैकृत सृष्टि भनियो ब्रह्माण्ड पुराणमा । त्यसपछि स्थावर सृष्टि हुन्छ, जसमा जडपदार्थको सृष्टि हुन्छ । त्यसपछि तिर्यक्सृष्टि हुन्छ, जसमा ज्ञानहीन, पर्वत, झरना, नदी आदिको सृष्टि हुन्छ । यसपछि ऊर्ध्वस्रोत भनिने देवताहरूको सृष्टि हुन्छ । यसलाई दैवतसर्ग पनि भनिन्छ । यसमा सूर्य, चन्द्र अग्नि र वायु आदिको सृष्टि हुन्छ । यसपछि अनुग्रह सृष्टि र मानस सृष्टिको वर्णन यस पुराणमा पाइन्छ । यी सबै सृष्टिमा कमीकमजोरी, अपर्याप्ति र अपूर्णता देखिएकोले ब्रह्माजीले आफ्नो शरीरको दुई भाग गर्नुभयो- पुरुष र स्त्रीको रूपमा । यिनै दुई भागहरूको नाम हो स्वायम्भुव र सत्यरूपा । यिनीहरूकै मैथुनी सृष्टिबाट आजको प्राणिसृष्टि भएको हो ।

६क. प्रतिसर्ग- प्रतिसर्ग शब्दको अर्थ हो-सर्गस्य प्रतिकूलम् । सर्गको प्रतिकूल लय हुने भएकाले यसलाई प्रतिसर्ग भनिएको हो । सर्गं प्रतिप्रतिसर्ग पनि हो । अर्थात् प्रलयपछिको सृष्टिको काम पनि प्रतिसर्ग हो । यसमा भएको सृष्टिको निश्चित समयमा प्रलय र त्यसपछिको सृष्टिको वर्णन यस अन्तर्गत हुन्छ र यस पुराणमा पनि छ । यसमा प्रक्रियापादको प्रथम अध्याय र ३७ (सैंतीस) अध्यायमा प्रतिसर्गको वर्णन छ । यस अन्तर्गत जो जसबाट उत्पन्न भएको छ, त्यो त्यसमा लीन हुँदै जान्छ । प्रकृतिमा तमस्को उद्रेक अर्थात् त्यसमा तमस् को अधिकता भयो भने प्रलय हुन्छ । यसै अनुसार यसमा प्रतिसर्गको वर्णन छ । यो प्रलय प्रत्येक मन्वन्तरमा हुने भनिएको छ । महाप्रलय चाहिँ चौध (१४) मन्वन्तरपछि मात्र हुन्छ । प्राकृतिक कारणहरूले प्रलयपछि पुनः सृष्टि हुन्छ भन्ने तथ्य पनि प्रतिसर्गमा वर्णित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६ख. वंशवर्णन- यद्यपि वंश दुई प्रकारको मानिएको छ - जन्मवंश र विद्यावंश । अन्य पुराणहरू र ब्रह्माण्ड पुराणमा पनि जन्मवंशको मात्र वर्णन छ। वंशवर्णनको प्रसङ्गमा ब्रह्माण्ड पुराणमा धेरै अध्यायहरू लेखिएका छन् । जसमा प्रजापति ब्रह्माजीको वंशको वर्णन छ । यसपछि मनुष्यमा राजाहरूको र ऋषिहरूका वंशहरूको वर्णन छ । प्रथमपादको १३ अध्याय, दोस्रो पादको दोस्रो अध्यायमा प्रजापतिको वर्णन र एक, आठ र नौ अध्यायमा ऋषिवंशको वर्णन छ । ऋषिहरूमा अङ्गिरा, अत्रि, कश्यप र मरीचि आदिको विशेष वर्णन छ । राजाहरूमा सूर्यवंशी र चन्द्रवंशी राजाहरूको वर्णन छ र हिरण्यकशिपु आदि राक्षस वंशको पनि वर्णन छ । कश्यप ऋषिको वंशको वर्णनमा मानव र मानवेतर सिंह, वानरादिका वंशको पनि वर्णन गरेर पुराण लक्षणलाई पालन गरिएको छ ।

६-ग मन्वन्तर वर्णन- मन्वन्तरको वर्णन पनि पुराणको लक्षणभित्र पर्दछ। मनोरन्यन्मन्वन्तरम् हो । प्रत्येक मनुको वर्णन भन्ने यसको शाब्दिक अर्थ हुन्छ। प्रथमपादको षष्ठ र षट्त्रिंशत् (छत्तीस) अध्यायमा मन्वन्तरको वर्णन यस पुराणमा पाइन्छ । सत्य, त्रेता, द्वापर र कलियुगलाई सबै पुराणहरू मान्दछन् । ७१ (एकहत्तर)चतुर्युगको एक मन्वन्तर मानिन्छ र यो एक मनुको शासनावधि हो । १४ चौध मन्वन्तरको एक कल्प मानिन्छ । यसै अनुसार ब्रह्माण्ड पुराणमा पनि मन्वन्तरको वर्णन पाइन्छ । भूत, वर्तमान र भावी मन्वन्तरको समेत वर्णन यसमा पाइन्छ । यस पुराणको 'संप्लवाख्यान' नामक प्रकरणमा भावी मन्वन्तरको समेत वर्णन छ ।

६-घ वंशानुचरित- यसमा चरित भनेको चरित्र हो । राजा, ऋषि, राक्षस र पशुपक्षीको वर्णन पछि यिनका राम्रा काम र न राम्रा कामको पनि वर्णन छ र यो नै वंशानुचरित हो। राजाहरूको जीवनावधि र शुभाशुभकर्मको वर्णन यसमा छ । यसमा यवनकाल सम्मको वर्णन छ । विशेष गरेर जमदग्निपुत्र परशुराम, हैहयवंशीय राजा कार्तवीर्यार्जुन, सूर्यवंशीय राजा सगर आदिको चरित्र र तपस्याको वर्णन विशेषरूपमा छ। वंशानुचरितको वर्णनको प्रसंगमा ललितोपाख्यान नामक आख्यानको आधारमा ललितेश्वरीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चरित्र, कार्य र युद्धको वर्णन छ। भण्डासुरले ललितेश्वरीसंग शत्रुता गरेर तुमुल युद्ध लडेको घटना यसमा वर्णित छ। त्रिलोकविजयी भण्डासुरमाथि ललितेश्वरीले विजय गरेको घटना यसमा वर्णित छ। यो घटना वंशानुचरित वर्णनको प्रमुख विषय वस्तु हो।

७. यस पुराणका अन्य विषय वस्तुहरू- ब्रह्माण्ड पुराणमा स्तोत्रसाहित्यको प्रचूर भण्डार छ। स्तोत्र भनेको स्तुति हो, स्तव हो। जसद्वारा 'कर्तुमकर्तुमन्यथाकर्तुं समर्थः' भनेर भगवान्का असाधारण गुणहरू र शक्तिको वर्णन गरिन्छ त्यो साधन हो स्तोत्र। स्तुति र स्तव या स्तवन एकार्थक शब्दहरू हुन्। 'गुणवत्त्वेनाभिधानं स्तुतिः' भनिएकाले भगवान्का गुणहरूको बखान स्तुति, स्तव र स्तवन हो। स्तुतिसाहित्यको प्रचूर भण्डार हो ब्रह्माण्ड पुराण। यी स्तुतिहरू मानवकल्याणकारक मानिएका छन्। स्तुतिहरू अष्टक, दशक, नामावलि, कवच र पुष्पाञ्जलिको रूपमा लेखिएका छन्। यसमा संगीत-विद्या, काल र नक्षत्र विज्ञान पनि वर्णित छन्। यस प्रसंगमा यसको पूर्वभागको ३५ अध्याय र मध्यभागका ६१-६२ अध्यायहरू पठनीय छन्। यसमा भूगोलको पनि राम्रो वर्णन छ। यसमा सात द्वीप र सात समुद्रहरूको राम्रो वर्णन छ। स्वर्ग नरकको विवेचन, श्राद्धकल्पको वर्णन, व्याकरण शास्त्रमा प्रचलित पदव्युत्पत्ति प्रकार र साहित्यिक विवेचना पनि प्रकीर्णरूपमा वर्णित छन्। यसमा उच्च कोटिको काव्यप्रतिभा र ललितेश्वरीको श्रृङ्गारसम्बन्धी वर्णन समेत उच्चकोटिको छ।

ब्रह्माण्ड पुराणमा पदार्थ विश्लेषणको विज्ञान पनि देखिन्छ। ललितोपाख्यान यसको पूर्व र असाधारण वर्ण्यविषय हो। सृष्टि र प्रलय सम्बन्धी विषय यसका वैज्ञानिक विषय हुन्। परमाणुवाद यसै पुराणको देन हो। यस पछिको संस्कृतवाङ्मयको परमाणुवाद यसैको अनुकरण र उपजीव्य हो। परमाणुको व्याख्या र लक्षण सर्वप्रथम यसै पुराणले गरेको छ-

परमाणुः सुसूक्ष्मस्तु भावग्राह्यो न चक्षुषा।

यदभेद्यतमो लोके विज्ञेयः परमाणुः सः॥ (३।२।११७)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीन भौगोलिक स्थितिको पूर्णतया वर्णन पनि यसको अर्को विशेषता हो । यसको अर्को विशिष्टता हो- एकेश्वरवाद । यहाँ निष्कर्षतः एउटै सर्वशक्तिमान् तत्वलाई ईश्वर मानिएको छ । भगवान् शङ्करको यस पुराणमा भनाइ रहेको छ- म नै त्रिमूर्ति अर्थात् ब्रह्मा, विष्णु र महेश हूँ । अर्थात् सृष्टि, स्थिति र लय तीनवटै तत्वहरूको मूर्ति म नै हूँ । म नै सत्त्व रज र तमले सम्पन्न वा त्यसभन्दा पर हूँ । म गुणविहीन भएर पनि गुणवान् हूँ । म नै गुणात्मक र गुणातीत दुवै हूँ भनेर एकेश्वरवादलाई पुष्ट पारिएको छ । यस पुराणको ललितोपाख्यान अत्यन्त महत्त्वपूर्ण वर्णन विषय भएको आख्यान हो । यसमा श्रीयन्त्रको राम्रो वर्णन पनि छ । यसद्वारा लक्ष्मीलाई आफ्नो वशमा राख्न सकिन्छ । श्रीयन्त्र र यसको ज्ञान एवं महत्व ज्ञात भएमा घर घरमा लक्ष्मीको निवास गराउन सकिन्छ र व्यक्ति, समाज र देश सम्पन्न गराउन पनि सकिन्छ भन्ने भाव स्पष्ट छ । यस कारण पनि यो अध्ययनीय पुराण हो र यसकालागि भाषामा अध्यायगत अनुवाद आवश्यक भएको हो । यसै कारण पौरस्त्य र पाश्चात्य विद्याका विद्वान् एवं कालजयी जयतु संस्कृतम् संस्थाका अध्यक्ष डा. बद्री पोखेलज्यूले यसको अध्यायगत अनुवाद लगन र परिश्रमका साथ सम्पन्न गर्नुभएको हो । जिज्ञासु अध्यवसायी, संस्कृतवाङ्मय र विशेष गरेर पुराण वाङ्मय प्रिय पोखेलजीको यो अध्यायगत सारांश प्रामाणिक भएको तथ्य यसको अध्ययनबाट पनि ज्ञात होला नै । यसबाट यस पुराणसम्बन्धी जिज्ञासा र पिपासा शान्त भएमा लेखक स्वयंलाई र प्रकाशक यस संस्थालाई समेत सन्तोष होला । संस्कृत वाङ्मय, सनातन संस्कृति र संस्कारको संरक्षण सम्वर्धनमा वर्षौंदेखि लागिपरेको 'जयतु संस्कृतम्' संस्था हो । यसको प्रकाशन, आफ्नो विधान र उद्देश्य अनुसार भएकोले प्रकाशनको जिम्मा यस संस्थाले लिएको हो । पाठकहरूले यसलाई रुचाइदिएमा संस्थाले आफ्नो उद्देश्य र लक्ष्य पूर्ण भएको मान्नेछ । हाम्रो धर्म, संस्कृति र संस्कार सँग सम्बद्ध यो रचना संस्कृत वाङ्मय र हाम्रा संस्कारका प्रणयीहरूका लागि रुचिकर र लाभप्रद हुनेछ भन्ने तथ्य अवगत गराउँदै यसको प्रकाशनमा भएका त्रुटिहरूको सप्रमाण अवगतिकालागि अनुरोध गर्दै प्रकाशनसम्बन्धी बालकथनलाई यहीं विश्राम दिन्छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

डा. निर्मलमणि अधिकारी
सहप्राध्यापक, काठमाडौँ विश्वविद्यालय
अध्यक्ष, सनातन धर्म महासङ्घ

मूल वैदिक वाङ्मय (संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्), वैदिक परम्पराका अन्य ग्रन्थहरू (उपवेद, वेदाङ्ग, दर्शन, पुराण, इतिहास, स्मृति आदि), पुरुषार्थचतुष्टयलाई सम्बोधन गर्ने विविध विधाका प्राचीन र अर्वाचीन अनेकौँ कृतिहरू, मानव जीवनका विविध आयामलाई व्याख्या गर्ने अनेकौँ सैद्धान्तिक र प्रायोगिक शास्त्रहरू, भाष्यहरू, टीकाहरू, प्रकरण-ग्रन्थहरू, साहित्यिक रचनाहरू समेतको विस्तृत वाङ्मयिक सम्पदाको उत्तराधिकार आजको हिन्दू समाजले पाएको छ । मन्त्रद्रष्टा ऋषि एवं ऋषिकाको प्रत्यक्ष साधना एवं साक्षात्कारबाट जानिएका वेद संहिता र उनैका कर्तृत्त्व जोडिएका ब्राह्मण, आरण्यक र उपनिषद् ग्रन्थहरूमा निहित ज्ञान तथा विज्ञानको चिन्तन र मन्थनका साथसाथै देश-काल-परिस्थिति अनुसारका आवश्यकता, प्रयोग, पर्यवेक्षण, अनुभव, अनुभूति, विश्लेषण आदिको फलस्वरूप उत्तरोत्तर वृद्धिमान् वाङ्मयिक परम्परा जीवन्त रहेको छ । सोही परम्परामा 'पुराण' संज्ञाले जनाइने ग्रन्थ-समूह पनि छ । 'पुराण' शब्दलाई कहिले एक वचन जस्तो गरी त कहिले बहुवचन जस्तो गरी प्रयोग गरेको देखिएता पनि वर्तमानमा 'पुराण' भनेको कुनै एउटा ग्रन्थ मात्र होइन, यो त ग्रन्थ-समूहलाई जनाउने संज्ञा हो ।

'पुराण' संज्ञाको शब्द-व्युत्पत्ति हेर्ने हो भने यो 'पुरा' र 'अण' मिलेर बनेको छ । यसरी सामान्य अर्थमा पुराकाल (पुरातन समय, भूतकाल, अतीत, पुरानो युग) का परिघटना, विषयवस्तु, चरित्र आदिलाई बताउने ग्रन्थ नै पुराण हो भन्ने तात्पर्य बुझिन्छ । शब्द-व्युत्पत्तिमा नअल्मलिई 'पुराण' को विशेष अर्थ खोज्दा थाहा हुन्छ –पुराकाल बारे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बताउने सबै ग्रन्थलाई पुराण भनिँदैन । पुराण कहलाउनका लागि त्यस्तो ग्रन्थमा १० वटा वा पाँचवटा लक्षणहरू हुनुपर्छ । महापुराण हुनका लागि त दशैवटा लक्षणहरू (सर्ग, विसर्ग, वृत्ति, रक्षा, मन्वन्तर, वंश, वंशानुचरित, संस्था, हेतु र अपाश्रय) आवश्यक मानिन्छ र उपपुराण हुनका लागि पनि कम्तीमा पाँचवटा लक्षणहरू (सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरित) समावेश भएको हुनैपर्छ ।

(१) सर्ग - प्रकृति, पुरुष (चैतन्य) र प्रकृतिको संयोगबाट सृष्टि हुने महत्तत्त्व, पाँच तन्मात्राहरू, पाँच महाभूतहरू, पाँच विषयहरूसँग सम्बद्ध पाँच ज्ञानेन्द्रियहरू, पाँच कर्मेन्द्रियहरू र मनको उत्पत्ति बारेको ज्ञान सर्गमा समावेश गरिन्छ ।

(२) विसर्ग - चराचर (जडचेतनात्मक) सृष्टि बारेको ज्ञान विसर्गमा समावेश गरिन्छ ।

(३) वृत्ति - चराचर जगत्का आचरण, चालचलन, आचारविचार वृत्ति अन्तर्गत पर्छन् ।

(४) रक्षा- ईश्वरीय अवतारले साधु, सज्जन एवं वेदको रक्षगर्ने प्रसङ्गलाई रक्षा अन्तर्गत मानिन्छ ।

(५) मन्वन्तर - काल-गणनाको एउटा विशेष पद्धति अनुसार एक जना मनुको पूरा अवधिलाई मन्वन्तर भनिन्छ । पुराणको विशेषतामा मन्वन्तर राखिनुको तात्पर्य के हो भने पुराणमा विभिन्न मन्वन्तरका अधिपति मनुहरू, मनुका सन्तानहरू, देवताहरू, ऋषिहरू, ईश्वरीय अंशावतारहरू र ईश्वरको वर्णन गरिनुपर्छ ।

(६) वंश र (७) वंशानुचरित - यहाँ वंश शब्दले ब्रह्माद्वारा उत्पन्न गरिएका राजाहरूको वंशावलीलाई र वंशानुचरितले उक्त वंशमा जन्मेका महान् व्यक्तिहरूका चरित्रको वर्णनलाई इंगित गरिएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(८) संस्था - सृष्टिको लय (अर्थात् प्रलय) को वर्णन पनि पुराणको विषयवस्तु हो । यस अनुसार पुराणमा नैमित्तिक, प्राकृतिक, नित्य र आत्यन्तिक प्रलय बारे बताइन्छ ।

(९) हेतु - जीवले गर्ने कर्म र कर्म सिद्धान्त अनुसार जीवले पाउने फल (जस्तै पुनःजन्म) आदि विषयवस्तुलाई पुराणमा समावेश गरिएको हुन्छ भन्ने कुरालाई यहाँ हेतु भनेर जनाइएको हो । जीवले गर्ने कर्मको फलोपभोगको लागि नै सृष्टिको क्रम अघि बढ्ने भएकाले आविद्यिक कर्म गर्ने जीवलाई नै सृष्टिको हेतु भनिएको बुझिन्छ ।

(१०) अपाश्रय - यहाँ अपाश्रय भनेर ब्रह्म (परमात्मा) लाई भनिएको हो । अपाश्रयलाई पुराणको विशेषता मानिएको सकारण हो । पुराणले सर्वसाधारणलाई ज्ञान एवं प्रेरणा दिई धर्मको धारणा गराउँछन् र धर्मको धारणाले मानिसमा त्रिवर्ग (अर्थ, काम, मोक्ष) का लागि पात्रता सुनिश्चित हुन्छ । यसरी पुराणको श्रवण, मनन र तदनुसार आचरण गर्ने मानिसले अन्ततोगत्वा जीवात्माले परमात्माको साक्षात्कार गर्छ भन्ने मान्यता राखेको छ । वेदमा प्रत्यक्ष पहुँच नहुने व्यक्तिले पनि तत्त्वज्ञानबाट वञ्चितहुन नपरोस् र सहज तरिकाले ज्ञान प्राप्तगर्न सकोस् भन्ने उद्देश्यले पुराण नामक ग्रन्थ-समूह रचिएका हुन् भनिन्छ । तसर्थ पुराणले अन्य कुराहरूको जतिसुकै विस्तृत चर्चा गरेतापनि मूल ध्येय चाहिँ मानिसलाई ब्रह्मज्ञानसम्म डोर्‍याउने नै हो । अर्थात् पुराणले सर्वसाधारणलाई आफ्नो मूल (ब्रह्म) बारे ज्ञान दिन्छ/दिनुपर्छ भन्ने जनाउन अपाश्रयलाई पुराणको लक्षण भनी उल्लेख गरिएको हो ।

पुराणका दश लक्षणहरू भनेर निम्नानुसार उल्लेख पाइन्छ :

(१) सर्ग (मूल सृष्टि वर्णन),

(२) विसर्ग (विशेष सृष्टि वर्णन),

(३) स्थान (भूगोल सहित सम्पूर्ण ब्रह्माण्डको वर्णन),

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(४) पोषण (प्राणीहरूका धर्म, सदाचार, कर्तव्यको उपदेश),

(५) ऊति (कर्म सिद्धान्त, स्वर्ग-नर्क आदिको वर्णन),

(६) मन्वन्तर एवं वंशानुचरित,

(७) अवतारचरित,

(८) निरोध (चरित्रविज्ञान),

(९) मुक्ति (दर्शनशास्त्र),

(१०) आश्रय (भगवद्भक्ति मार्फत् ब्रह्मसाक्षात्कार) ।

यसरी 'पुराण' भन्नासाथ प्राचीनकालसँग सम्बद्ध भन्ने देखिन्छ, तर यो इतिहासभन्दा अलग विधा हो । संस्कृत ग्रन्थहरूमा 'पुराण' र 'इतिहास' को उल्लेख प्रायः सँगसँगै गरिएको पाइन्छ तर तिनीहरू अलग अलग ग्रन्थ-समूहहरू हुन् भन्ने पनि स्पष्ट देखिन्छ । विषयवस्तुको विस्तार (दायरा) हेर्दा इतिहासको तुलनामा पुराणको क्षेत्र बृहत्तर देखिन्छ । पुराणमा इतिहास पनि समावेश हुन सक्छ, तर इतिहास मात्र भनेर पुराण पूरा हुँदैन । इतिहासमा भूतकालमा भएका घटनाको वर्णन हुन्छ । जस्तै : देवासुर सङ्ग्राम, राम र रावणको युद्ध लगायतका ऐतिहासिक घटना बारे वर्णन, महाभारत युद्धको वर्णन आदि । पुराणमाचाहिँ माथिउल्लेखित १० वटा वा पाँचवटा विशेषताहरू पूरा हुनुपर्छ । सामान्यतया उक्त १० वटै विशेषता पूरा भएमा महापुराण र पाँचवटा मात्र पूरा भएमा उपपुराण भन्नुपर्छ भनिएको पाइन्छ । तथापि उक्त १० वटै विशेषता पूरा भएका ग्रन्थलाई पनि कतिपयले महापुराणमा र अन्यले चाहिँ उपपुराणको सूचीमा उल्लेख गरेको पनि देखिन्छ । यसको तात्पर्य के हो भने महापुराणमा पर्ने पुराणहरू कुन कुन हुन् भन्नेमा थोरै मतान्तर छ ।

त्यस्तो मतान्तर किन भएको होला त ? सम्प्रदाय-विशेषका आग्रहले महापुराणको सूचीकरणमा केही मतवैभिन्न्य उब्जेको होला भन्ने अध्येताहरूको निष्कर्ष देखिन्छ । कतिपय पुराणहरूमा सम्प्रदाय-विशेषको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीमाङ्न स्पष्ट छ भने कतिपय पुराणहरूमा कुनै सम्प्रदाय-विशेषको आग्रह नभई बृहत्तर समन्वयकारी विषयवस्तु समावेश भएका छन्। कुनै सम्प्रदाय-विशेषको सीमाङ्नमा सीमित नरहेका पुराणहरूलाई लगभग सबै सूचीकरणमा महापुराण मानेर उल्लेख गरेको पाइन्छ। मुख्य वा लोकप्रिय पुराणहरूको वाचन एवं श्रवणका लागि अनुष्ठान-विशेष वा समारोह-विशेष (जस्तै सप्ताह, नवाह आदि) आयोजना गर्ने प्रचलन हिन्दू धर्मावलम्बी समुदायमा अद्यापि छ। पुराण वाचन एवं श्रवणका लागि आयोजित अनुष्ठान-विशेष वा समारोह-विशेषलाई विकास निर्माणका लागि साधनस्रोत (नगद, जिन्सी, जमीन आदि) जुटाउने माध्यम बनाउने प्रचलन पनि छ।

'पुराण' शब्दको उल्लेख वैदिक वाङ्मयमै पनि छ। वैदिक वाङ्मयमा पुराण शब्दको उल्लेख भएको तथ्यलाई आधार मानी 'पुराण' संज्ञाले जनाइने कुनै ग्रन्थ वा ग्रन्थ-समूह वेद संहिता जत्तिकै पुरानो हुनुपर्छ भन्ने विश्लेषणगर्ने अध्येताहरू पनि छन्, तर वर्तमान कालमा उपलब्ध पुराणहरूका पाठ (अन्तर्वस्तु) मा रहेका सामग्रीहरू, विषयवस्तुहरू, पात्रहरू र घटनाहरूमा अर्वाचीनता भएको साक्ष्यले यी पुराण र वैदिक वाङ्मयमै उल्लेखित पुराण अलग अलग हुन् भन्नुपर्ने तर्कगर्ने अध्येताहरू पनि छन्। वेद-संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् सँगसँगै उल्लेखित मूल 'पुराण' शताब्दीयौँ पहिल्यै विलुप्त भइसकेको र हाल उपलब्ध पुराण नामका ग्रन्थहरू कालान्तरमा लेखिएका हुन् भन्ने उनीहरूको कथन रहेको छ। ग्रन्थका नाम (शीर्षक) मा पुराण शब्द पनि जोडेर पुस्तकलेख्ने क्रम आजभन्दा केहीशताब्दी पहिलेसम्मै पनि चलेको थियो भन्ने दाबी गरिएको पनि देखिन्छ। यस्तो पृष्ठभूमिमा 'पुराण' शब्द जोडिएका प्रत्येक पुस्तकलाई उत्तिकै प्राचीन ठान्नुहुँदैन भन्ने तर्क अगाडि आउँछ।

पुराणका प्रवर्तक स्वयं ब्रह्मा हुनुहुन्छ भन्ने एउटा मान्यता रहेको छ। ब्रह्माबाट प्रारम्भ गरिएता पनि प्रत्येक द्वापरयुगमा वा द्वापरयुग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बितेर कलियुग लाग्ने बेलामा व्यासले पुराणहरूको सम्पादनगरी सर्वसाधारणसम्म प्रचारको व्यवस्थागर्ने विश्वास लिएको पाइन्छ र सामान्यतया पुराणको कृतित्त्वलाई व्याससँगै जोड्ने प्रचलन छ । हिन्दू समाजमा कथ्य र लेख्य दुईटै परम्पराले पुराणको प्रत्यक्ष सम्बन्ध वेदव्याससँग रहेको बताउँछ । व्यास वा वेदव्यास भन्ने कुनै एक जना व्यक्तिको नाम-विशेष नभई कर्मवाचक पदवी वा उपाधि हो । वर्तमान युगका वेदव्यासको नाम कृष्णद्वैपायन भनिएको पाइन्छ । कृष्णद्वैपायन व्यासको जन्मस्थल भएको विश्वासका आधारमा नेपालको तनहुँ जिल्लामा व्यास जन्मस्थल विकास कोष र व्यास नगरपालिका पनि गठन गरिएको छ ।

कृष्णद्वैपायन व्यासले प्रारम्भमा एउटा सिङ्गो पुराण संहिता आफ्ना शिष्य लोमहर्षणलाई पढाउनु वा सुनाउनु भएको र कालान्तरमा पुराण नामक ग्रन्थहरूको सङ्ख्या १८ पुगेको बताइन्छ । एउटा पुराणलाई १८ वटा बनाउने कार्य कृष्णद्वैपायन व्यास स्वयंले गर्नुभएको थियो भन्ने उल्लेख पनि पाइन्छ र उहाँका शिष्य लोमहर्षण तथा प्रशिष्यहरूले त्यस्तो विभाजन गर्नुभएको थियो भन्ने पनि उल्लेखित देखिन्छ । अष्टादश पुराण (१८ वटा पुराण) भन्ने प्रसिद्ध भएता पनि वर्तमान समयमा ग्रन्थको नामसँगै पुराण जोडिएका कृतिहरू १८ वटामा सीमित छैनन् । वस्तुतः आज उपलब्ध पुराण नाम ग्रन्थहरू धेरै वटा छन् । तिनीहरूमध्ये १८ वटा पुराणहरू मुख्य मानिन्छन्, महापुराण पनि भनिइन्छन् एवं तिनीहरू वेदव्यास स्वयं वा उहाँका शिष्य-प्रशिष्यद्वारा रचित भन्ने मान्यता छ । मुख्य वा प्राचीन पुराणहरूको मान्यता र लोकप्रियताबाट प्रभावित भई त्यस्तै शैलीमा कृति रचनागरी कृतिको नाममा पुराण जोडिदिने प्रवृत्तिले १८ वटा पुराणहरू र १८ वटै उपपुराणहरूका साथसाथै कालान्तरमा अन्य धेरैवटा पुराण भनिइने कृतिहरू पनि थपिएको देखिन्छ ।

वर्तमान समयमा पुराण भनेर उपलब्ध ग्रन्थहरूमध्ये मुख्य १८ वटा पुराणहरू (अष्टादशपुराण) कुन कुन हुन् भन्ने निर्धारण गर्नका लागि एउटा श्लोक प्रसिद्ध छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्टयम् ।
अनापलिङ्गकुष्कानि पुराणानि विदुर्बुधाः ॥"

देवीभागवतको उक्त श्लोकानुसार पुराणहरूको निम्नानुसार सूची बन्छ :–

(१) मत्स्य (२) मार्कण्डेय (३) भागवत (देवीभागवत र श्रीमद्भागवत कुन भन्नेमा मत वैविध्य देखिन्छ) (४) भविष्य (५) ब्रह्म (६) ब्रह्माण्ड (७) ब्रह्मवैवर्त (८) विष्णु (९) वामन (१०) वाराह (११) वायु (१२) अग्नि (१३) नारद (१४) पद्म (१५) लिङ्ग (१६) गरुड (१७) कूर्म (१८) स्कन्द ।

माथि दिइएको १८ पुराणहरूको सूचीभन्दा फरक सूचीकरण पनि पाइन्छ । *श्रीमद्भागवत*मा निम्नानुसारको नामावली पाइन्छ :–

(१) ब्रह्म (२) पद्म (३) विष्णु (४) शिव (५) लिङ्ग (६) गरुड (७) नारदीय (८) भागवत (९) अग्नि (१०) स्कन्द (११) भविष्य (१२) ब्रह्मवैवर्त (१३) मार्कण्डेय (१४) वामन (१५) वाराह (१६) मत्स्य (१७) कूर्म (१८) ब्रह्माण्ड ।

माथि दिइएका दुईटा सूचीहरूका साथसाथै अन्य सूची पनि पाइन्छ। अनेक सूचीहरूमा धेरै पुराणहरूमा मतैक्य नै छ र थोरै सङ्ख्यामा अन्तर (फरक) परेको देख्नसकिन्छ ।

काल (समय) को रेखीय मान्यता (अर्थात् लिनियर टाइम) मा विश्वास गर्ने "आधुनिक" अध्येताहरूले वैदिक वाङ्मय र पौराणिक वाङ्मयलाई पार्थक्यको दृष्टिकोणले विश्लेषण गर्नेगरेका छन् । त्यस्ता अध्येताहरू पुराणलाई वेदव्यासले आजभन्दा ५ हजार वर्ष पहिले लेख्नुभएको भन्ने हिन्दू मान्यतालाई मान्दैनन्। त्यसरी नमान्नेहरूमध्ये कैयौँ त पूर्वाग्रही मताग्रहबाट पीडित हुन्छन् र कतिपयले पुराण-पद्धतिसँग नमिल्दो साक्ष्यको खोजी गरी असम्मेयता दोषमा बाँधिन्छन् । मुख्य १८ वटा पुराणहरूको रचनाकाललाई नै त्योभन्दा परवर्त्ती मान्ने र पुराण भनिएका कृतिका अन्तर्वस्तु (कन्टेन्ट्) मा समय समयमा सम्पादन, परिष्कार वा फेरबदल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको तिनीहरूको दाबी देखिन्छ । वेद संहिताको नित्यता, शुद्धता एवं अविच्छिन्नताको लागि पद, क्रम, घन, जटा, माला, प्रातिशाख्य, चरणव्यूह, निरुक्त, शिक्षा, कल्प आदिको व्यवस्था भएजस्तै पुराण ग्रन्थका लागि नभएको कारणले पुराण ग्रन्थमा बेला बेलामा परिवर्तन, परिमार्जन, संशोधन वा सम्पादन भएको हुनुपर्छ भन्ने अनुमान पनि तिनीहरूको रहेको छ। त्यसैगरी उपपुराणहरूको रचनाकाल बारे पनि मतवैभिन्न्य देखिन्छ।

परम्परागत आस्थामा स्थिर हिन्दू जनसमुदायले त्यस्ता उहापोह, वादविवाद, मतवैभिन्न्यलाई वास्ता नगरी आफ्ना आफ्ना आस्था अनुसार पुराण वाङ्मयलाई प्राचीन कालका निधि मानेर श्रद्धापूर्वक पठन-पाठन, वाचन-श्रवण, संरक्षण-प्रवर्धन गरिरहेको अवस्था छ । अचेल अनेकौं भाषाहरूमा अनुवादित भएतापनि अति प्राचीन, प्राचीन वा अर्वाचीन जुनसुकै समयमा लेखिएका भएतापनि 'पुराण'हरू मूलतः संस्कृतमा लेखिएका थिए। आजसम्म पनि पुराण वाचन गरिँदा पहिले मूल संस्कृत पाठको पारायण गरेर मात्र स्रोताका लागि नेपाली वा अन्य भाषामा व्याख्या गरिदिने प्रचलन छ।

पुराणले वैदिक ज्ञानलाई नै आफ्नो तरिकाले प्रस्तुतगर्ने हुन् भन्ने मान्यता रहेको छ। यद्यपि पुराणले वैदिक ज्ञानलाई यथावत् प्रस्तुतगर्न सकेनन् र तिनीहरूका माध्यमबाट विकृतिको प्रवेश भएको थियो भनेर पुराणको आलोचनागर्ने मत पनि रहेको छ। सारमा, वेदलाई मान्नेहरूमध्ये कतिपयले पुराणलाई नमान्ने अवस्था पनि हाम्रो समाजमा छ र बहुसङ्ख्यक हिन्दूहरूले पुराणलाई पनि वेदकै परम्परामा रहेका ग्रन्थ भनेर मान्ने अवस्था पनि हाम्रै समाजमा छ। पुराणमा वेद (निगम) को सर्वोच्चताको उल्लेख भएको पाइन्छ तापनि कतिपय पुराणका पाठ (अन्तर्वस्तु) मा आगम वा तन्त्र परम्पराको बढी प्रभाव परेको छ भन्ने अध्येताहरू पनि छन्। वेद र वेदोत्तर ज्ञानका साथसाथै हिमवत्खण्ड एवं भारतवर्षमा लामो कालखण्डमा सहजीवनमा रहेका विविध जाति, प्रजाति, समुदाय,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्प्रदायहरूका आचारविचार पुराण ग्रन्थहरूमा समावेशहुनु कुनै अनौठो परिघटना होइन ।

धेरै लामो कालखण्डसम्म हिन्दू समाजका अधिकतर साधारणजनका लागि पुराण नै वैदिक वाङ्मयको तुलनामा सहज पहुँच भएका ग्रन्थराशि थिए । वेद मान्ने र पुराण सुन्ने व्यावहारिक परिस्थितिलाई विचार गर्दा जनसाधारणका लागि धर्मको अवधारणा, नैतिक मान्यता एवं सदाचारका लागि प्रेरणाका मुख्य प्रत्यक्ष स्रोत त पुराण नै थिए भनियो भने अत्युक्ति हुँदैन । यसको तात्पर्य के हो भने सर्वसाधारणले सर्वोच्च आधिकारिकता वेदको मान्ने र व्यावहारिक अनुकरणको प्रयत्न चाहिँ पुराणको गर्ने गर्थे । जुन ज्ञान मन्त्रद्रष्टा ऋषिहरूमार्फत् वेदमा अभिव्यक्त भएको हो, सोही ज्ञान नै कथामा बुनेर पुराणको माध्यमबाट सर्वसाधारणसम्म ल्याइएको हो भन्ने जनविश्वास हिन्दू समाजमा रह्यो । यसरी वेदमा पहुँच नभएता पनि वैदिक ज्ञानबाट कसैले पनि वञ्चितहुनु परेको छैन भन्ठानेको देखिन्छ । उक्त जनविश्वास र पुराणलाई वेदकै उपबृंहण (व्याख्या वा विस्तार) भनिएको शास्त्रीय कथनमा सङ्गति देखिन्छ ।

वेदमै सोझो पहुँच हुनु र पुराण मार्फत् वेदको ज्ञानपरम्परालाई लिन खोज्नुमा कत्ति पनि फरक परेको थिएन होला त ? कत्ति पनि फरक नपर्ने भन्नु धरातलीय यथार्थसँग नमिल्ने कुरा हुन्छ । फरक अवश्यै परेको थियो । वैदिक वाङ्मयले ज्ञान, कर्म र उपासना (भक्ति) को समन्वयात्मक जीवनमूल्य दिएकोमा पुराण मार्फत् जाँदा भक्तिको आयाम बढी प्रबल भएको अवस्था देखिन्छ भन्ने विश्लेषण कतिपयले गरेको पाइन्छ । यद्यपि पुराणमा ज्ञान र कर्मलाई पनि समावेश गरिएको छ । भक्तिमार्गले मानिसलाई पुरुषार्थचतुष्टय प्रत्येक मानिसको लक्ष्य हो भन्ने भावना सञ्चार गराई कर्मठता पनि बढायो भन्ने मत एकथरि अध्येताको रहेको देखिन्छ भने अर्काथरि अध्येताले पुराणले भाग्यवादको अवधारणा प्रवर्धन गरेको जिकीर गरेका छन् । पुराणको प्रशंसागर्नेहरूले यी ग्रन्थले स्मृति वा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मशास्त्र भनिने ग्रन्थको तुलनामा सर्वसाधारणको लागि बढी उदार व्यवस्थालाई प्रवर्धन गरेको एवं हिन्दू समाजलाई समावेशी बनाउन ढोका खोलेको भन्ने गरेका छन्। पुराणको प्रशंसा र आलोचना जे गरिएता पनि यो तथ्यलाई सबैले मान्छन् कि निकै लामो समयावधिसम्म पुराणहरूले भारतवर्षका सर्वसाधारणको आचार विचारलाई प्रभाव पारेका थिए र आज पनि हिन्दू समाजमा पुराणहरूले न्यून वा अधिक, प्रत्यक्ष वा परोक्ष प्रभाव पारिरहेकै छन्। हिन्दू समाजको प्रगतिको लागि पुराण र तिनीहरूले पारेका प्रभावहरूको अनुसन्धान गरी स्थितिगत्यात्मक विश्लेषणगर्नु आवश्यक हुन्छ।

खासमा पुराणका कुराको चुरो जान्न अभिधा, लक्षणा र व्यञ्जनाले पुग्दैन र तात्पर्यार्थ लगाउनुपर्ने हुन्छ। मीमांसकहरूले स्पष्ट पारेझैं 'अर्थवाद' का लागि प्रयोग गरिएका कथा, उपमा र चमत्कारका कुरालाई महत्त्व दिने प्रवृत्तिले चुरो ज्ञान छोपिने अवस्था हुन्छ। साथै, पुराणको प्रमाण-प्रमेय पद्धति र अहिलेका पुराण-पाठक, पुराण-वाचक र स्रोताले मेसो पाएको प्रमाण-प्रमेय पद्धतिमा परेका अन्तरले हुनेस्वाभाविक असम्मेयता दोष पनि ठूलो अवरोध हो। पुराणको पठन-पाठन, प्रवचन-श्रवण त हाम्रो समाजमा अविच्छिन्न रह्यो, तर त्यसका लागि आवश्यक प्रशिक्षण र पात्रताको पक्षमा ध्यान पुगेन कि जस्तो देखिएको छ। पुराणको व्याख्या गर्दा आधिभौतिकी, आधिदैविकी र आध्यात्मिकीको सातत्यको सम्बन्धमा गर्नु पर्ने हुन्छ ("पुराणव्याख्या त्रिधा- आधिभौतिकी आधिदैविकी आध्यात्मिकी च।") भनिएको छ, तर त्यसोनगरी अभिधार्थ मात्र लिएर पुराणलाई कपोलकल्पित र अप्रामाणिक साबितगर्ने होडमा लाग्नेहरू पनि छन्।

पुराण ग्रन्थका पाठ (अन्तर्वस्तु) हेर्ने हो भने पुराणहरूले निकै धेरै विषयवस्तुहरू समावेश गरेको पाइन्छ। तीर्थ-माहात्म्य, पर्व-माहात्म्य, दान-माहात्म्य, परोपकार-माहात्म्य आदिको जानकारी सर्वसाधारणलाई पुराणहरू मार्फत् हुने गरेको थियो। साथै मूर्ति-माहात्म्य, अवतार-माहात्म्य,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विविध सम्प्रदायगत उपासनापद्धति, विविध पूजापद्धति आदिलाई पुराणहरूले नै हिन्दू समाजमा स्थापित गराएका हुन् । दर्शन, सिद्धान्त, इतिहास, आख्यान, नाट्य, काव्यशास्त्र, सङ्गीत, चित्रकला, मूर्तिकला, यज्ञपद्धति, अर्थशास्त्र, धर्मशास्त्र (स्मृति लगायत), नीतिशास्त्र, चरित्रविज्ञान, राजधर्मशास्त्र, सामाजिकी, कूटनीति, युद्ध, भैषज्यशास्त्र, गणित, भूगोल र अन्य पनि धेरै विधा वा विषयवस्तुको संयोजन पुराणहरूमा देखिन्छ । सर्वसाधारणका लागि दैनिक जीवनमा व्यवहारमा आइरहेका वा आउने विषयवस्तुहरू पनि पुराणमा प्रशस्त छन् ।

पुरानो सामाजिक सोपान र यथास्थितिलाई पुराणले प्रवर्धन गर्छ भन्दै पुराणको आलोचना गर्नेहरू पनि नभएका होइनन् । पुराणमा विचित्र पात्रहरू (जस्तै : दुई वा तीन वा चार वा दशवटा टाउका भएका), सामान्यतया असम्भव लाग्ने घटना (जस्तै : एक दम्पत्तिबाट हजारौँ सन्तानको जन्म, १० हजार वर्ष लामो तपस्या), मानवेतर प्राणीहरूको सामान्यतया अविश्वसनीय लाग्ने क्रियाकलापहरू, वर्तमान युगमा विज्ञान प्रविधिबाट प्राप्त ज्ञानसँग नमिल्दो वर्णन (जस्तै : पुराणमा वर्णित भूगोल र हाल जानकारी प्राप्त भएको भूगोलको तुलना)आदिलाई उदाहरण लिई आलोचनात्मक विश्लेषण गरेर पुराण भनेको त अतिरञ्जनापूर्ण आख्यानका ठेली मात्र हुन् भन्ठान्नेहरू पनि छन् । पुराणको सान्दर्भिकता, उपयोगिता एवं महत्ताको अक्षुण्णताको लागि त्यस्ता आलोचना तथा सवाल पुराणमा निहित प्रायोगिक विषय वस्तुहरू र सर्ग, विसर्ग, मन्वन्तर, वंशावली तथा वंशानुचरित, स्वर्ग र नर्क आदिका वर्णनलाई नीरक्षीर विवेक गर्ने एवं कस्ता कुरा अनुकरणीय उपदेश हुन् र कस्ता कुरा 'अर्थवाद' मात्र हुन् भन्ने जान्नु आवश्यक हुन्छ ।

पुराण लेख्ने बेलामा पुराणका लेखकले लक्ष्यित पाठकवर्ग वा स्रोतावर्गको पात्रता अनुसार प्रस्तुतिमा काव्यिक प्रतिभा, कथानकको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोचकता, उपमा र लालित्य भरेका मात्र हुन्, सारमा वैदिक ज्ञान नै पुराणमा रहेको छ भन्ने मान्यतालाई लिने हो भने पुराणको अर्थापन गर्दा वेदानुकूल प्रतिमानानुसार नै गर्नुपर्ने हुन्छ । यसरी सत्य वा ऋत एवं धर्मको सर्वोच्चता यहाँ सर्वाधिक महत्त्वको हुनआउँछ । पुराणले स्थूल, सूक्ष्म र कारण जगत् बारे ज्ञान दिन्छन् र तुरीयको ज्ञान पनि यिनले गराउँछन् भन्नुपर्ने हुन्छ । पुराणलाई वेदको उपबृंहण मान्दा हाम्रो समाजमा आधिभौतिक, आधिदैविक र आध्यात्मिक जीवनको बोध गराउने साधन पनि पुराणहरूमा छन् भनी मान्नुपर्ने हुन्छ । पुराणलाई वेदका उत्तराधिकारी मान्दा पुराणमा कथानक बुन्दा जतिसुकै कुराहरू उल्लेख भएता पनि सारमा धर्म, अर्थ, काम र मोक्ष (पुरुषार्थचतुष्टय) को प्राप्तिका लागि पात्रता विकास गराउने परम्परागत माध्यम थिए भन्नुपर्ने हुन्छ। यस्तो हो भने पुराणका उपदेश, सन्देश, मान्यता सार्वलौकिक, सार्वजनीन, सर्वहितकारी हुनुपर्ने आवश्यकता हुन्छ। पुराणमा लेखिएको वा बताइएको चाहिँ के छ त भन्ने जानकारीकालागि त पुराण नै पढ्नुपर्ने हुन्छ । प्रविधि, सूचना र अर्थतन्त्रको नवीन संयोजनले 'ज्ञानको विष्फोट' भइरहेको वर्तमान परिप्रेक्ष्यमा पुराण पढ्ने, पुराण बारे विचारविमर्शगर्ने र अर्थापनगर्ने अभूतपूर्व अवसर प्राप्त भएको छ । श्रुति (वेद), दर्शन, पुराण ग्रन्थ र स्मृतिग्रन्थ आदिको तुलनात्मक विश्लेषणगर्नसक्ने अवस्थामा हामी छौँ ।

पुराण पढेर वा सुनेर त्यहाँ वर्णन गरिएका कुरालाई जस्ताको तस्तै (अभिधार्थमा) लिने हो वा कसरी अर्थापन गर्ने हो भन्ने सवाल बडो महत्त्वपूर्ण छ। पुराणका सार्वकालिक उपदेशमूलक श्लोक लिएर तिनका हितकारी सन्देशमा आह्लादित हुनेहरू एकातिर छन् र पुराणका सृष्टि-विषयक श्लोकलाई तर्कको कसीमा परख गरी तिनलाई आधुनिक विज्ञानसँग तुलना पनि गरेर असान्दर्भिक भन्ठान्नेहरू अर्कातिर छन्। पुराण भनिइएका कुनै ग्रन्थमा सार्वलौकिक, सार्वजनीन, सर्वहितकारी नहुने कुनै कुरा उल्लेखित पाइएमा के गर्ने ? पुराणमा लेखिएका कतिपय कुराहरू देश, काल, परिस्थिति आदिमा आएका परिवर्तनले अन्तर परेका रहेछन् भने के गर्ने ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्त प्रश्नहरूमा घोत्लिनुपर्ने कर्तव्य पनि हाम्रै हो । पुराण ग्रन्थहरूका स्थितिगत्यात्मक अर्थापनबाट नै समस्याको समाधान हुन्छ भने हाम्रा पुर्ख्यौली ज्ञानका यी स्रोतहरूमा सान्दर्भिकता र उपयोगिता पुनः उजागर हुनेछ । त्यसोगर्न सकिएन भने पुराणहरूलाई कुनै साहित्यिक रचनाजस्तो मात्र भन्ठान्नेहरू वा पुराणलाई असान्दर्भिक, गतार्थ, प्रयोजनहीन बताउनेहरूको सङ्ख्या बढ्नेछ । हुन त पुराणहरूलाई नितान्त आस्था, विश्वास, भक्तिका सामग्री मानौँ र परीक्षण, तर्क-वितर्क, खण्डन-मण्डनमा नतानौँ भन्नेहरू पनि छन् । वर्तमान युगीन चेतनाले चाहिँ पुराणहरूका स्थितिगत्यात्मक अर्थापन मागेको छ ।

नेपालमा हालसालैका वर्षहरूमा मौलिक रैथाने धर्म, संस्कार, संस्कृति, सभ्यतासँग जोडिएका वाङ्मय बारे धेरै सरोकार, चासो, अभिरुचि बढेको देखिन्छ । वेद र वैदिक परम्पराका अनेकौँ ग्रन्थहरू, बौद्ध ग्रन्थहरू, किरात, मुन्धुम, बोन ग्रन्थहरू र लोकवार्ताहरूको अनुवाद र प्रकाशन तथा प्रसारण हालसालैका वर्षहरूमा जति धेरै मात्रामा भइरहेको छ, यति धेरै मात्रा (परिमाण) मा नेपालमा पहिले भएको थिएन । पुराण ग्रन्थहरूको प्रकाशन, प्रसारण, वाचन, श्रवण, पठनको मात्रा पनि बढेको छ । अनेकौँ पुराणहरूका नाम (शीर्षक) मात्र सुनेर थप वास्ता नगरी चुपचाप बस्ने प्रवृत्तिलाई त्यागेर कैयौँ व्यक्तिहरूले पुराणमा के छ भनेर खोज्न थालेका छन् ।

उपर्युक्त पृष्ठभूमिमा डा. बद्री पोखेलले १८ पुराणलाई नेपाली जनसमक्ष नेपाली भाषामा पुर्‍याउने सङ्कल्प लिई कर्मरतरहनु बडो प्रशंसनीय हो । हाल जयतु संस्कृतम् संस्थाका अध्यक्ष रहनुभएका डा. पोखेलको लेखनीबाट एक दर्जनभन्दा बढीको सङ्ख्यामा पुराणहरूको अनुवाद सम्पन्नभई तिनीहरूको पुस्तकाकार प्रकाशन पनि भइसकेको जानकारी पाउँदा धेरै खुशी लागेको छ । अहिले मेरो अगाडि डा. बद्री पोखेलद्वारा प्रस्तुत ब्रह्माण्ड पुराणको संक्षिप्त अनुवादको पाण्डुलिपि छ । ब्रह्माण्ड पुराणका मुख्य विषयवस्तु नेपाली भाषामा आफ्नो शैलीमा उहाँले प्रस्तुत गर्नुभएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड पुराण मूलतः संस्कृत भाषामा लेखिएको ग्रन्थ हो र पुराण' संज्ञाले जनाइने ग्रन्थ-समूहमा पर्ने कृति हो यो। ब्रह्माण्ड पुराणका रचयिता कृष्ण द्वैपायन व्यासलाई मानिन्छ र मुख्य १८ पुराणहरू मध्येकै एउटा ग्रन्थ ब्रह्माण्ड पुराण हो भन्नेमा मतैक्य देखिन्छ। ब्रह्माण्ड पुराण अनेक भाषाहरूमा अनुवाद भइसकेको छ। ब्रह्माण्ड पुराणमा के छ भन्ने जानकारी पाठकहरूलाई प्रस्तुत पुस्तकबाट हुने नै भएकाले थप केही लेखिनँ। पुर्खाको ज्ञानलाई यसरी सर्वसाधारण समक्ष प्रस्तुत गर्नुभएकोमा डा. बद्री पोखेललाई साधुवाद दिन्छु।

सन्दर्भ सामग्री :

अधिकारी उपाध्याय, निर्मलमणि । वि.सं. २०७६ । वेदको सामान्यज्ञान । काठमाडौँ : जरो किलो प्रतिष्ठान नेपाल ।

अधिकारी, रुद्रमणि । वि.सं. २०१८ । हिन्दू-धर्म मर्म-विचार । तनहुँ : जुक्तराज शाही ठकुरी ।

अधिकारी, रुद्रमणि । वि.सं. २०२९ । संक्षिप्त साङ्ग-श्रुति परिचय । पोखरा : लक्ष्मी प्रेस ।

गैरोला, वाचस्पति । सन् २००३ । संस्कृति साहित्य का इतिहास । वाराणसी : चौखम्बा विद्याभवन ।

ढकाल, वेणीमाधव (टीकाकार एवं सम्पादक) । वि.सं. २०७३ । श्रीमद्देवीभागवत महापुराण (प्रथम खण्ड) । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

द्विवेदी, शिवप्रसाद (व्याख्याकार) । सन् २०१० । श्रीमद्देवीभागवतम् (भाषाभाष्योपेतम्) । वाराणसी : चौखम्बा विद्याभवन ।

बनर्जी, एस.सी. । सन् २००४ । स्टडीज् इन द महापुरानज् । दिल्ली : पुस्तक महल ।

सिंह, सुदर्शन । सन् १९५० । हिंदू-संस्कृति और पुराण । कल्याण हिन्दू संस्कृति अंक (पृ. २९४–३०५) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणको परिचय र प्राचीनता

डा.नवराज कट्टेल

१. पुरोवाक्

पुरानु कुरालाई पुराण भनिन्छ, पुरानु कुरा भएकाले पौराणिक साहित्यको प्राचीनता स्वतः सिद्ध हुन्छ । पुराण शब्दको प्रयोग वेदादि शास्त्रमा रहेकाले पनि पुराणको प्राचीनता सिद्ध हुन्छ । पुरा भव भन्ने अर्थमा पुराण शब्द बन्दछ । व्युत्पत्तिजन्य अर्थको आधारमा पनि पुराणको प्राचीनता स्पष्ट हुन्छ । पुराणले धर्म, अर्थ, काम र मोक्षजस्ता पुरुषार्थचतुष्टयको सन्देश दिन्छ । १८ पुराण, १८ उपपुराण र १८ औपपुराणलाई समष्टिरूपमा पुराण नै भनिन्छ । यी तीन किसिमका पुराणहरूको संख्या ५४ हुन्छ भने पुराणमा मात्रै ४-५ लाख श्लोक रहेको पाइन्छ । यद्यपि कतिपयले औप र उपउपपुराण पनि १८-१८ मानेर कुल पुराणको संख्या ९० छन् भनेका छन् (चौहान, सन् २०१६ : भूमिका १२)। भारतवर्षका विभिन्न विषयहरू पुराणमा आएकाले यसलाई भारतवर्षको विश्वकोश पनि भन्नेगरिन्छ । पुराणहरूले प्राचीन दक्षिण एशियाको धर्म, संस्कृति, दर्शन, सामाजिक अवस्था, सांस्कृतिक स्थिति, राजा, राज्यनीति, तीर्थस्थल, राजपरम्परा, ऋषिपरम्परा आदि विषयमा जानकारी दिन्छन् । यी विभिन्न पुराणहरू नेपाल र भारतमा प्रचलित अनेक भाषाहरूमा र द्वीपान्तरका भाषाहरूमा पनि अनुवाद भएका छन् ।

२. पुराण शब्दको निर्वचन

'पुरा भवम्' भन्दा पुराण शब्द बन्दछ । पुरा शब्दबाट ट्यु ट्युल् (यु-को अन) दीर्घ, णत्व गरेर पुराण शब्दको व्युत्पत्ति देखाएको पाइन्छ । यसको 'प्राचीन, पुरानो, पुरातन, सर्ग, प्रतिसर्ग आदि लक्षणयुक्त हिन्दुधर्मका पुराण ग्रन्थहरू, १८ पुराण, १८ उपपुराणसम्बन्धी ग्रन्थहरू' भन्ने अर्थ गरिएको भेटिन्छ (बराल, २०६८ : ४६१) । तर शब्दकल्पद्रुमका लेखकले ट्यु ट्युल् प्रत्यय बाहेक निपातनात् पनि पुराण शब्दको व्युत्पत्ति गरेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । अथवा 'पुरा नीयते इति पुराण' यस्तो व्युत्पत्ति पनि देखाएका छन् र 'व्यासादि मुनि प्रणीत वेदार्थवर्णित पञ्चलक्षणसमन्वित शास्त्र' भन्ने अर्थ गरेका छन् (शब्दकल्पद्रुम)[1] । वाचस्पत्यकारले पनि पुरा भवम् भन्दा ट्यु प्रत्ययबाट र पुरा नीयते इति भन्दा नी धातुमा ड प्रत्यय गरेर पुराण शब्दको व्युत्पत्ति देखाएका छन् र व्यासादि मुनिप्रणीत शास्त्रभेद भन्ने अर्थ दिएका छन् (वाचस्पत्यम्)[2] । अमरकोशकारले पुरावृत्तलाई इतिहास र पञ्चलक्षणयुक्त पुरावृत्तलाई पुराण भनेका छन् । अमरकोशको सुधा व्याख्यामा ट्यु र ड प्रत्ययबाट व्युत्पत्ति देखाउँदै नयां थप व्युत्पत्तिसमेत देखाएको पाइन्छ । 'पुरानो भएर पनि नूतन' भन्ने अर्थगर्दै निपातनात् पुराण शब्दको व्युत्पत्ति दिएका छन् । त्यस्तै पुराणले 'अतीत र अनागत अन्वर्थको वर्णन गर्दछ जसले' भन्ने अर्थमा 'पुरा' पूर्वक 'अण शब्दे' धातुबाट अच् प्रत्यय गरेर पुराणको व्युत्पत्ति देखाएको छ । पञ्चलक्षणयुक्त पुराण हुन्छ भन्दै व्यासादिप्रणीत मत्स्य आदि पुराण भन्ने अर्थ गरेको पाइन्छ (अमरकोश सुधाव्याख्या) [3] । त्यस्तै 'पुरति अग्रे गच्छति' यस्तो व्युत्पत्ति गर्दा पनि 'पुर अग्रगमने' धातुबाट औणादिक प्रत्यय भएर 'पुरा' शब्द बन्दछ र 'पुरा' पूर्वक 'अन प्राणने' धातुदेखि अच् प्रत्यय गरेर पुराण शब्द बन्दछ । यास्कको निरुक्त (३।१९) मा 'पुरा नवं भवति' इति पुराणम् - भन्ने व्युत्पत्ति गरिएको पाइन्छ । यसको अर्थ जसले प्राचीन भएर पनि

---

[1] सायं चिरंप्राह्णेप्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट च । (४।३।२३) इति ट्युः । परन्तु पूर्व्वकालैकसर्व्वजरत्पुराणनवकेवलाः समानाधिकरणेन (२।१।४९)इति निपातनात् तुडभावः । यद्वा पुराणप्रोक्तेषु ब्राह्मणकल्पेषु (४।३।१०५) इति निपातितः । यद्वा पुरा नीयते इति । नीडणत्वञ्च व्यासादिमुनिप्रणीतवेदार्थवर्णितपञ्चलक्षणान्वितशास्त्रम् । शब्दकल्पद्रुम ।

[2] पुरा भवः ट्यु, नि.तुट न । पुरा नीयते इति, नी ड णत्वञ्च । व्यासादिप्रणीते शास्त्रभेदे ।

[3] इतिहासः पुरावृत्तम् । आन्वीक्षिकी दण्डनीतिस्तर्कविद्यार्थशास्त्रयोः । आख्यायिकोपलब्धार्थाः पुराणं पञ्चलक्षणम् (अमरकोश, शब्दादिवर्ग -५) । पुरा भवम् (पुराणम्) । यद्वा पुरापि नवं पुराणम् । यद्वा पुरा अतीतानागतान्वर्थान्वर्णति इति । 'अण शब्दे' (भ्वा. प. से) पचाद्यच् । पुराणं पञ्चलक्षणे । व्यासादिप्रणीतमत्स्यादिपुराणादेः । अमरकोशः, सुधाव्याख्या, पृ.६५ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवीतनतालाई अंगालेको छ त्यो पुराण हो । पद्मपुराण र वायुपुराणमा पनि पुराण शब्दको व्युत्पत्ति र अर्थमाथि विचार गरिएको पाइन्छ ।

नेपाली बृहत् शब्दकोशमा पुराणको १. 'सृष्टि, स्थिति, लय आदिका साथै प्राचीन ऋषि, मन्वन्तर, राजवंश आदिका वृत्तान्त र देवी, देवता, तीर्थ आदिका माहात्म्यको समेत वर्णन गरिएका प्रसिद्ध अठार हिन्दू धर्मग्रन्थमध्ये कुनै एक । २. हिन्दू समाजमा परम्परादेखि चलिआएका मनुष्य, देवता, दानव आदिका कथा । ३. सृष्टि र सृष्टिदेखि भएका घटनाको सविस्तार वर्णन' आदि अर्थ दिएको पाइन्छ (त्रिपाठी, र अन्य २०४० : ७९०)। आप्टेले अंग्रेजी संस्कृत शब्दकोशमा Myth, mythe, mythology शब्दको पुराण, पुरावृत्त-कथा, पुरावृत्ताख्यान, पौराणिकी कथा, कल्पितकथा, कूटार्थकथा, इतिहास, पुराणशास्त्र, देवताख्यान आदि अर्थ दिएका छन् (आप्टे, सन् १९८३ : २७९) विलियमले अंग्रेजी संस्कृत शब्दकोशमा Myth, mythe, mythical, mythology आदि शब्दको पुराणवृत्तकथा, पुराणवृत्तोपाख्यान, पुराणकथा, पुराणोक्तोपाख्यान, पुराणोक्तेतिहास, पुरावृत्ताख्यान, प्राचीनकथा, पुराणवृत्त, पुराण, कूटार्थकथा, पुरावृत्तकथासम्बन्धी आदि अर्थ दिएका छन् । ए. एस. हर्नबाइले आफ्नो डिक्स्नरीमा मिथ (mythe)को अज्ञात समयदेखि प्रचलनमा रहेको कथा, विशेषतः प्रकृतिका घटनाहरूको वर्णन गरिएको, प्राचीनकालका मानिसका इतिवृत्तको वयान गरिएको, संसारको उत्पत्तिका विषयमा व्याख्या गरिएको, अज्ञात समयको सांस्कृतिक सामाजिक विषयको घटनावृत्त भन्ने अर्थ दिएका छन् (विलियम, अंग्रेजी संस्कृत शब्दकोश) [४] ।

---

[४] **Mythe 1. Story from ancient times, especially one that was told to explain natural events or to describe the early history of a people ; this type of story, 2. something that many people believe but that does not exist or is false. [A creation myth - that explains how the world began] mythology- ancient Myths in genera; the ancient Myths of a particular culture, society, etc.**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी सबै व्युत्पत्ति र अर्थबाट पुराण भनेको -पौरस्त्य जगत्को अज्ञात र प्राचीन कालखण्डको मानव इतिहास, आचार, विचार र व्यवहारको वर्णन, राजा, राज्य र राजनीतिको विवरण, देव र दैत्य वृत्तिको विमर्श, देव, मानव, दानव र जीवसंघातको वर्णन, व्याख्या, विश्लेषण, जीवात्मा, आत्मा र परमात्माको चिन्तन, सृष्टि, स्थिति र लयको रहस्य खोतल्ने प्रयास, दैनिककृत्य, वर्षकृत्य र संस्कारकृत्यको व्याख्या र प्रतिष्ठा, धर्म, अर्थ, काम, मोक्षको आविष्कार, पद्धतिनिर्माण र प्रयोगको दिग्दर्शन, आध्यात्मिक र भौतिक तत्त्वको चिन्तन, व्याख्या विश्लेषण, सत्, चित् र आनन्दको गवेषण - हो भन्ने बुझिन्छ। प्रभुसम्मित वेदवाक्य, सुहृत्सम्मित पुराणवाक्य र कान्तासम्मित काव्यादि वाक्य हुन्छन् । सज्जन मित्रले साथीलाई असल बाटोमा लाग्न प्रेरित गरेझैं पुराणले पनि मानिसलाई फकाई, फुल्याई स्वर्गादि लोकको प्रलोभन देखाई असल बाटोमा हिंड्न सिकाउँछ ।

पुराणको लक्षण विभिन्न पुराणहरूमा गरिएको पाइन्छ । सूक्ष्म सृष्टि, स्थूल सृष्टि, वंश, मन्वन्तर र वंशको चरित्र रहेको पाँच लक्षणयुक्त पुराण हुन्छ भन्ने उल्लेख विभिन्न पुराणहरू- विष्णु (३।६।२४), मार्कण्डेय (१३४।१३), अग्नि (१।१४), भविष्य (२।५) ब्रह्मवैवर्त (१३३।६), वराह(२।४), शिव (वायवीय संहिता पूर्वभाग १।४१) - मा पाइन्छ। यसमा केही पाठभेद भने पाउन सकिन्छ। पुराण सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरित सहित ५ लक्षणबाट सुसज्जित हुन्छ :

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् ॥

श्रीमद्भागवतमा महापुराणको लक्षणमा सर्ग, विसर्ग, वृत्ती, रक्षा, अन्तर, वंश, वंशानुचरित, संस्था, हेतु, अपाश्रय जस्ता दश लक्षण दिएको पाइन्छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्गश्चाथ विसर्गश्च वृत्ती रक्षान्तराणि च ।

वंशो वंशाननुचरितं संस्था हेतुरपाश्रयः ॥ (श्रीमद्भागवत् १२।७।९)

३. वैदिक साहित्यमा पुराणको उल्लेख

वैदिक साहित्य भन्नाले वेद, ब्राह्मण, आरण्यक, उपनिषद् र सूत्रग्रन्थहरू पर्दछन् । उत्तरवैदिक शास्त्रहरूमा रामायण, महाभारत, पुराण, तन्त्र, स्मृति, आदि ग्रन्थहरू पर्दछन् । सनातनी पुराणहरू सबै नै वेदमूलक छन् । वेदादि शास्त्रमा पुराणको संकेत र निर्देश पाइन्छ ।

वेदसंहिता र ब्राह्मणग्रन्थमा पुराण शब्द :

ऋग्वेदका विभिन्न सूक्तहरू (३।५४।९, १०।१३०।६, ९।९९।४) मा 'पुराण' शब्दको प्रयोग भएको छ । त्यस्तै अथर्ववेद (११।७।२४) मा पनि ऋच, साम, छन्द, यजु पुराण शब्दको उल्लेख छ । यजुः कै साथमा पुराणको उत्पत्ति भएको वर्णन छ :

ऋचः सामानिच्छन्दांसि पुराणं यजुषा सह ।

उच्छिष्ठा जज्ञिरे सर्वे दिवि देवा दिवि श्रिताः ॥ (अथर्ववेद ११।७।२४)

यस्तै इतिहास, गाथा, पुराण शब्दको प्रयोग अथर्ववेदकै अन्यत्र पनि पाउन सकिन्छ (अथर्ववेद, काण्ड १५, अनुवाक् १, सूक्त ६०) [५] ऋग्, यजुः, साम र छन्द (अथर्ववेद) का साथै पुराण पनि उच्छिष्ट वा जगत्को शासनकर्ता यज्ञमय परमात्माबाट उत्पन्न भएको मानिएको छ । पुराणका विषयमा शतपथब्राह्मण (११।५।६।८ एवं ११।५।६।९) मा संकेत

---

५. तमृचश्च सामानि च यजूंषि च ब्रह्म चानुव्यचलन् । ऋचां च वै ससाम्नां च यजुषा ब्रह्मणश्च प्रियं धाम भवति । य एवं वेद, स बृहतीं दिशमनुव्यचलत् । तमितिहासश्च पुराणञ्च गाथाश्च नाराशंसीश्चानुव्यचलन् ।

इतिहासस्य च स वै पुराणस्य गाथानाञ्च नाराशंसीनाञ्च प्रियं धाम भवति य एवं वेद (अथर्ववेद, काण्ड १५, अनुवाक् १, सूक्त ६० ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ। शतपथकै १३।४।३।१३ मा **सो॑ यमिति किञ्चित् पुराणमाचक्षीत** भनेको भेटिन्छ । गोपथब्राह्मण(२)मा पनि **'एवमिमे सर्वे वेदाः निर्मिताः सकल्पाः सरहस्याः सब्राह्मणाः सोपनिषत्काः सेतिहासाः सान्वयाख्याताः सपुराणाः सस्वराः'** भनेको पाइन्छ ।

उपनिषदमा पुराणको विमर्श : छान्दोग्य उपनिषद् ३।४।१ मा **'इतिहासपुराणं पुष्पं ता अमृता आप'** भनेको पाइन्छ भने छान्दोग्यकै अर्को ठाउँमा **'ते वा एते॑ थर्वाङ्गीरस एतदितिहासपुराणाभ्यामभ्यापस्तस्याभितप्तस्य यशः तेजः इन्द्रियं वीर्यम् अन्नाद्यं रसो जायत** (छा.३।४।२) भनेको भेटिन्छ । छान्दोग्यकै अर्को ठाउँ शिक्षावल्लीमा १७ किसिमका विद्याको चर्चा गदै **'स होवाच ऋग्वेदं भगवो॑ ध्येमि यजुर्वेदं सामवेदमाथर्वणं चतुर्थम्, इतिहासपुराणं पञ्चमं वेदानां वेदम्'** भनेर इतिहासपुराणलाई पञ्चमवेद भनिएको देखिन्छ। **'मन्त्रब्राह्मणयोर्वेदत्वम्'** अर्थात् मन्त्र (संहिता) र ब्राह्मण दुवैको नाम वेद हो भनेकाले र अन्यत्र वेद, ब्राह्मण, आरण्यक, उपनिषद् वेदमय छन्, वेदसदृश सम्मानित र प्रामाणिक छन् भनेकाले एवं वेद (संहिता, ब्राह्मण, आरण्यक, उपनिषद्) र वेदाङ्गलाई वैदिक साहित्य मानिएकाले यिनमा उपलब्ध प्रमाणहरू वैदिक प्रमाण मानिन्छन्। बृहदारण्यकमा **'इतिहासः पुराणं विद्या उपनिषदः'** (२।४।११) इतिहास, पुराण र उपनिषद्लाई विद्यास्थानमा चर्चा गरिएको देखिन्छ । बृहदारण्यक उपनिषद्को अर्को स्थलमा **'अस्य महतो भूतस्य विश्वसितम् एतद् यद् ऋग्वेद-यजुर्वेद-सामवेद-अथर्ववेदो॑ थर्वाङ्गीरस इतिहासः पुराणं उपनिषद् सूत्राणि श्लोकाः अनुव्याख्यानानि अस्यैवैतस्य एव एतानि सर्वाणि निश्वसन्ति'** (बृ.उ.२।४।१०) भनेर इतिहास र पुराण सृष्टिकर्ताकै निश्वासबाट उत्पन्न भएको बताइएको हुनाले पुराणको प्राचीनता र प्रामाणिकता पुष्टि हुन्छ ।

सूत्रग्रन्थमा पुराणको विमर्श :

त्यस्तै सांख्यायनश्रौतसूत्र (१६।२।२१।२७) मा पनि पुराणका विषयमा प्रवचन भेटिन्छ। सांख्यायनले इतिहासलाई र पुराणलाई छुट्टाछुट्टै पञ्चमवेदको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा स्वीकार गरेको बुझिन्छ भने शतपथले पनि इतिहास र पुराणलाई वेदको अभिन्न अङ्गको रूपमा स्वीकार गरेको दृष्टिगोचर हुन्छ। आपस्तम्ब धर्मसूत्रमा पुराणको मात्र चर्चा होइन अठासी हजार ऋषिहरूले पुत्रादिको इच्छा राख्दा पुनर्जन्म भएको र अर्का ८८ हजार ऋषिहरूले पुत्रादिको कामना नगरी अमृतत्त्वको विशेष फल प्राप्तगरे भन्ने पुराणको श्लोक पनि उद्धृत गरिइएको छ : **'अथ पुराणे श्लोकानुदाहरन्ति, अष्टाशीतिसहस्राणीति** ...(आपस्तम्ब २।२३।३) ।

पुराणहरू र अन्य संस्कृतका लौकिक साहित्यमा पुराणलाई पञ्चमवेदकै रूपमा सम्मान गरिएको र प्रामाणिक ग्रन्थको रूपमा स्वीकार गरिएको भेटिन्छ। इतिहास र पुराणबाट वेदको उपबृंहण (व्याख्याविस्तार) गर्नुपर्दछ भन्ने कथन शास्त्रमा प्रसिद्ध रहेको पाइन्छ :

इतिहासपुराणभ्यां वेदं समुपबृंहयेत् ।

बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥ (वायु.१।२०१)

यस श्लोकमा इतिहास र पुराणले वेदका अर्थको व्याख्या र विस्तारगरी समर्थन गर्नुपर्दछ, इतिहास र पुराण नजानेका वेदवक्ताले वेदको सही अर्थ नगर्ला कि, विपरीत अर्थ गर्ला कि भनेर वेद भय वा त्रासमा रहेको हुन्छ। यसैले वेदार्थगर्न पनि इतिहास र पुराण नितान्त आवश्यक र अनिवार्य ग्रन्थ मानिन्छन्।

४. पुराण, स्मृति र अन्य शास्त्रहरूमा पुराणको चर्चा

सबै पुराणहरूमा पुराणका विषयमा चर्चा गरिएको पाइन्छ। वेदसंगै प्रचलनमा, लोकव्यवहारमा रहेको पुराणलाई वेदव्यासले संहिताकरण गरे भन्ने पनि पनि बुझिन्छ। पद्मपुराणमा हरि (विष्णु)ले ब्रह्मालाई, ब्रह्माले नारदलाई, नारदले कृष्णद्वैपायनलाई र कृष्णद्वैपायनले (संहिताकरणसमेत गरी) शिष्यहरूलाई प्रदान गरेको उल्लेख छ :

देवदेवो हरिर्यद्वै ब्रह्मणे प्रोक्तवान् पुरा ।

ब्रह्मा तन्नारदायाह नारदो स्मद् गुरोः पुरा ॥

व्यासः सर्वपुराणानि सेतिहासानि संहिताः ।

अध्यापयामास मुहुर्मामतिप्रियमात्मनः ॥ (पद्मपुराण, स्वर्गकाण्ड, १।२६-२७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणको उद्भव र प्राचीनताका विषयमा विभिन्न मत र विचार पाउन सकिन्छ । यसको व्यासपूर्वधारा र व्यासधारा रहेको देखिन्छ । व्यासपूर्वका सामग्रीमा 'पुराणसंहिता' भनेको नपाइएको हुनाले व्यासपूर्वधारामा पुराणका सामग्रीहरू यत्रतत्र विकीर्ण लोकवृत्तात्मक विद्याका रूपमा लोकजीवनमा प्रचलित र जीवित रहेको अनुभव हुन्छ । वेदब्राह्मणादि ग्रन्थमा पुराणको उल्लेख जो भएको छ त्यसले संहिताकृत ग्रन्थविशेष नभएर लोकव्यावृत्त अनुश्रुतिमा आधारित वैदिक र वेदसंवलित लौकिक सामग्रीलाई समेत संकेत गरेको बुझिन्छ । त्यसैले वेदमा संकेत गरिएका, विम्ब प्रतीकका रूपमा आएका विषयवस्तु पुराणमा उपबृंहण भएका छन् । ब्रह्माले सम्पूर्ण शास्त्ररूमध्ये सर्वप्रथम पुराणको स्मरण गुर्नुभयो र अनिमात्रै मुखारविन्दबाट वेदोच्चारण गर्नुभयो (मत्स्य ३।३-४) भन्ने कथन पाइएकाले पुराणको प्राचीनता सिद्ध हुन्छ । पद्मपुराण सृष्टिखण्डका अनुसार कल्पान्तरमा पुराण एउटै थियो, जसले धर्म, अर्थ, काम र मोक्षको प्रतिपादन गर्दथ्यो र पुराणको संख्या शतकोटि रहेको थियो । मार्कण्डेय पुराण (अ.४५) मा पनि प्राचीन युगमा वेद धारा र पुराण धारा रहेको र वेदधारा ऋषिहरूले र पुराणधारा मुनिहरूले ग्रहण गरेको कुरा संकेतित छ (**वेदान् सप्तर्षयस्तस्माज्जगृहुस्तस्य मानसाः । पुराणं जगृहुश्चाद्या मुनयस्तस्य मानसाः** । मा.पु.४५।२३) । वेदव्यासले पुराण लेखेपछि यो धारा निकै फस्टाउँदै र लोकप्रिय हुँदै महापुराण, उपपुराण, औपपुराण हुँदै अगाडि बढेको पाइन्छ ।

वायुपुराणमा ब्रह्माजीले पहिले पुराणको स्मरण गर्नुभयो र त्यसपछि चारवक्त्रबाट चार वेद प्रकट भएको कुरा उल्लेख छ :

पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम् ।
अनन्तरं च वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः ॥ (वायु.अ.१, श्लोक ६१) ।

मार्कण्डेयपुराणको अध्याय ४५ को २०-२२ श्लोमा पनि शब्दान्तरबाट ब्रह्माजीबाट वेद र पुराण निसृत भयो र पछि ऋषिहरूले पुराणसंहिताको विकास विस्तार गरेको उल्लेख पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्मृतिग्रन्थहरूमा पुराण :

स्मृतिग्रन्थहरू सूत्रग्रन्थभन्दा पछिल्लो समयको मानिन्छ । सूत्रग्रन्थहरूमा आएका सबै विषयवस्तु स्मृतिग्रन्थमा समेटिएका छन् र थप विषयवस्तु पनि प्रस्तुत भएको पाइन्छ । १८ वटा प्रमुख स्मृति र अरू सयौं स्मृतिग्रन्थहरू रहेका छन् । सबैजसो स्मृतिग्रन्थमा वेदवेदाङ्गादि शास्त्रको चर्चा गरिएको पाइन्छ । प्रमुख स्मृति र स्मृतिकारमा याज्ञवल्क्य, मनु, गौतमस्मृति, पराशर, बौधायान, वैखानश आदि रहेका छन् (बिट्ठल, १९७५ : ५)[६] । सबैजसो स्मृतिग्रन्थमा वेदवेदाङ्गको पठनपाठनको विषय उठाइएको पाइन्छ । याज्ञवल्क्यस्मृतिमा ४ वेद, ६ अङ्ग, उपाङ्ग (न्याय, मीमांसा, पुराण र धर्मशास्त्र) गरी १४ विद्या रहेको कुरा बताइएको छ । मनुका अनुसार पनि १४ विद्या र चार उपवेद (आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, अर्थशास्त्र) गरी १८ विद्या रहेको बताइएको छ (बिट्ठल, १९७५ : ५)[७] । उपवेदमा स्थापत्यवेदको पनि चर्चा पाइन्छ ।

---

६. विष्णुः पराशरो दक्षः संवर्तव्यासहारिताः । शाततापो वसिष्ठश्च यमापास्तम्बगौतमाः ।१।
देवलःशङ्खलिखितौ भारद्वाजोशनोऽत्रयः । शौनको याज्ञवल्क्यश्च दशाष्टौ स्मृतिकारिणः ।२।
आ.सू पृ.५) ।

७. पुराणन्यायमीमांसा धर्मशास्त्राङ्गमिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दशः ॥ याज्ञवल्क्य ।४.।
अष्टादशविद्या-अङ्गानि वेदाश्चत्वारो मीमांसान्यायविस्तरः ।
धर्मशास्त्रं पुराणञ्च विद्या ह्येताश्चतुर्दशः ॥
आयुर्वेदो धनुर्वेदो गन्धर्वश्चेति ते त्रयः । अर्थशास्त्रं चतुर्थं तु विद्या ह्यष्टादशैव तु
(बिट्ठल १९७५ : ४) ।
लक्षं तु वेदाश्चत्वारो लक्षं भारतमेव च । लक्षं व्याकरणं प्रोक्तं चतुर्लक्षं तु ज्योतिषम् ॥
स्मृत्यन्तर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचार्य कौटिल्यले विनयाधिकरणमा ऋग्, यजुः र सामलाई त्रयी भनेका छन् र अथर्ववेद र इतिहासवेद भनेर इतिहासपुराणलाई छुट्टै वेदकै समकक्षतामा ग्रहण गरेका छन् **'सामर्ग्यजुर्वेदस्त्रयस्त्रयी । अथर्ववेदेतिहासवेदौ च वेदाः । शिक्षा, कल्पो व्याकरणं निरुक्तं छन्दोविचितिर्ज्योतिषमिति चाङ्गानि । विनयाधिकरण । १।३।)** । कौटिल्यले राजपुत्रहरूलाई पुराणको उपदेश गर्नु भनेका छन् । त्यस्तै शुक्रनीतिमा पनि वेद, वेदाङ्ग र अन्य विविध शास्त्रहरूमा इतिहास र पुराणको पनि नाम लिएको देखिन्छ । 'मीमांसा, तर्कशास्त्र, सांख्यशास्त्र, वेदान्त, योग, इतिहास, पुराण, स्मृति, नास्तिक मत, अर्थशास्त्र, कामशास्त्र, शिल्पशास्त्र, अलङ्कारशास्त्र, काव्य, देशभाषा, अवसरोक्ति, यावन मत, देशादिधर्म गरेर ३२ वटा अध्ययनका विषय रहेका छन् (शुक्रनीतिसार, अध्याय ३, २८-२९)[८] यसरी पौरस्त्य साहित्यका सबैजसो मूलग्रन्थहरूमा पुराणको उल्लेख भएको पाउन सकिन्छ ।

५. महापुराण, उपपुराण, औपपुराण र अन्य पुराण

पुराणहरूको क्रम पनि रहेको पाइन्छ तर कुन पुराणपछि कुन पुराण भन्ने विषयमा मतैक्य पाइदैन । चतुर्वेदीले ब्रह्मपुराणबाट सुरु गरेर ब्रह्माण्डपुराणमा टुङ्ग्याएका छन् । यसमा उनले केही शास्त्रका आधार पनि लिएका छन् । ब्रह्मबाट ब्रह्माण्ड पुराणको क्रमले विश्वको सृष्टिविज्ञानलाई संकेत गरेको देखिन्छ । विष्णुपुराणमा पनि **'आद्यं सर्वपुराणानां पुराणं ब्राह्ममुच्यते'** (विष्णुपुराण ३ अंश, ६ अध्याय) भनेकाले पुष्टि हुन्छ । महापुराणमा करिव ४ लाख श्लोक छन् भने महाभारतमा एक लाख श्लोक रहेको पाइन्छ (शब्दकल्पद्रुम) [९]।

---

[८] मीमांसातर्कसंख्यानि वेदान्तो योग एव च ।
इतिहासाः पुराणानि स्मृतयो नास्तिकं मतम् ॥३।२८॥
अर्थशास्त्रं कामशास्त्रं तथा शिल्पमलङ्कृतिः ।
काव्यानि देशभाषावसरोक्तिर्यावनं मतम् ।
देशादिधर्मा द्वात्रिंशदेता विद्याभिसंज्ञिताः ॥३।२९।

[९] पुराणानि चतुर्लक्षण्येतानि धरणीतले । तथा महाभारतञ्च लक्षसंख्यं प्रकीर्तितम् । पञ्चलक्षमिदं राजन् ! कथितं ब्रह्मकेवलम् । वेदः पञ्चम-नामैष लोकनिस्तारकः परः (शब्दकल्पद्रुम) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(क) महापुराण-

पुराण र महापुराणका विषयमा पनि विभिन्न चर्चा पाइन्छ । सामान्यतया पुराणलाई नै महापुराण भनिएको देखिन्छ भने कुनलाई पुराण वा महापुराण र कुनलाई उपपुराण भन्ने भन्ने विषयमा पनि केही मतभिन्नता पाइन्छ र यो विषय विचारणीय पनि छ। पुराण वा महापुराणमा १० विषय र उपपुराणमा ५ विषयक्षेत्र रहने कुराको संकेत पाइए पनि पुराणले पञ्चलक्षणयुक्त ग्रन्थलाई नै संकेत गरेको बुझिन्छ। १८ महापुराण यस प्रकार छन् :

मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्टयम्
अ-ना-प-लिं-ग-कू-स्कानि पुराणानि पृथक्पृथक् ॥

पुराणहरू १८ महापुराण, १८ उपपुराण र १८ औपपुराणमा विभक्त रहेका छन्। यिनको संख्य ५४ पुग्दछ। महापुराणलाई सात्त्विक राजसिक र तामसिकरूपमा विभाजन गरिएको पनि पाइन्छ। (अ) सात्विक पुराण - १.विष्णु- ६ अंशमा विभक्त, ६००० श्लोक (चतुर्वेदी) [१०], २.भागवत- १२ स्कन्ध १८००० श्लो., ३.नारद- दुई भाग, २५००० श्लो., ४.गरुड- दुई खण्ड, १९००० श्लोक, ५.पद्म- पाँच खण्ड ५०,००० श्लो., ६.वराह- २ भाग, २४००० श्लो. (शब्दकल्पद्रुम)[११] ।

---

१०. विष्णु पुराण ६००० श्लोकवाला पराशरमुनि विरचित हो। व्यासप्रणित विष्णुपुराण २३,००० श्लोकवाला रहेको कुरा कतिपय विद्वान्हरूले उल्लेख गरेका छन्। विष्णुपुराणकै उत्तरखण्ड विष्णुधर्मोत्तर पुराण हो भन्ने कथन पाइन्छ। विष्णुधर्मोत्तर पुराणको कतिपय प्रतिका पुष्पिका वाक्यमा 'इतिश्री विष्णुपुराणे उत्तरभागे विष्णुधर्मोत्तर खण्डे...अध्यायः' भनेको हुनाले यसमा अध्ययन र निर्णयको आवश्यकता छ।

११. वैष्णवं नारदीयञ्च तथा भागवतं शुभम् । गारुडञ्च तथा पाद्मं वाराहं शुभदर्शने। सात्विकानि पुराणानि विज्ञेयानि शुभानि वै (शब्दकल्पदुम)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(आ) राजसिक - १.ब्रह्मपुराण-१४००० श्लो., २.ब्रह्माण्ड- चार पाद १२००० श्लो., ३.ब्रह्मवैवर्त- चार खण्ड, २५००० श्लोक, ४.मार्कण्डेय- १३४ अध्याय ९००० श्लोक, ५.भविष्य- पाँच पर्व, १४००० श्लोक, ६.वामन- दुई भाग, १०००० श्लोक (शब्दकल्पद्रुम) [१२]। (इ) तामसिक पुराण- १.शिव- सात संहिता, २४००० श्लोक, २.लिङ्ग- दुई भाग, ११००० श्लोक, ३.स्कन्द- सात खण्ड, ८१,००० श्लो., ४.अग्नि-१८३ अध्याय, १४००० श्लोक, ५.मत्स्य- २९० अध्याय, १४०००, ६.कूर्म- दुई भाग, १७००० श्लोक रहेका छन् (शब्दकल्पद्रुम) [१३]। पुराणका श्लोक संख्यामा भने केही फरक संख्या उल्लेख गरेको पनि पाइन्छ।

(ख) उपपुराणहरू

१.आदित्यपुराण २.नरसिंहपुराण, ३.स्कन्दपुराण, ४. शिवधर्मपुराण ५.दुर्वासापुराण ६.नारदीयपुराण ७.कपिलपुराण, ८.वामनपुराण, ९.औसनसपुराण, १०.ब्रह्माण्डपुराण, ११.वरुणपुराण, १२.कालिकापुराण, १३.माहेश्वरपुराण, १४.शाम्बपुराण १५.सौरपुराण, १६.पाराशरपुराण, १७.मारिचपुराण, १८.भास्कर पुराण।

(ग) औपपुराणहरू

१.सनत्कुमारपुराण, २.बृहन्नारदीयपुराण, ३.आदित्यपुराण, ४.सूर्यपुराण, ५.नन्दिकेश्वरपुराण, ६.कौर्मपुराण, ७.भागवतपुराण, ८.वसिष्ठपुराण, ९.भार्गवपुराण, १०.मुद्गलपुराण, ११.कल्कीपुराण, १२.देवीपुराण, १३.महाभागवतपुराण, १४.बृहद्धर्मपुराण, १५.परानन्दपुराण, १६.वह्निपुराण, १७.हरिवंशपुराण १८.पशुपतिपुराण।

---

१२. ब्रह्माण्डं ब्रह्मवैवर्तं मार्कण्डेयं तथैव च। भविष्यं वामनं ब्राह्मं राजसानि निबोधत। सात्त्विका मोक्षदाः प्रोक्ताः राजसाः स्वर्गदाः शुभाः। तथैव तामसा देवि ! निरयप्राप्तिहेतवः॥ इति पद्मोत्तरखण्ड् ४३ अध्यायः॥

१३. मात्स्यं कौर्म्मं तथा लिङ्गं शैवं स्कान्दं तथैव च। आग्नेयञ्च षडेतानि तामसानि निबोधत (शब्दकल्पद्रुम)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(घ) ओंकार परिवारका अन्य पुराण

सनातन वैदिक परम्परामा पुराणको रचना, विकास र विस्तार भएजस्तै जैन, बौद्ध र किरातधर्ममा पनि पुराण वा पुराणसदृश ग्रन्थहरूको विकास र विस्तार भएको पाइन्छ ।

(अ) जैनपुराण : जैनाचार्यहरूले जैनधर्म, संस्कृति र दर्शनको प्रतिपादन विस्तारका क्रममा केही पुराणहरूको पनि रचना गरेका छन् । कतिपय नामहरू सनातन वैदिक परम्पराका पुराणका नामसंग मिल्दाजुल्दा पनि छन् तर तिनको विषय र प्रतिपादनशैली फरक रहेको पाइन्छ । १.हरिवंशपुराण (आठौं शताब्दी, जिनसेन रचित) २.आदिपुराण (जिनसेन द्वितीय रचित), ३. उत्तरपुराण (र.गुणभद्र) ४.शत्रुञ्जयमाहात्म्य (गुणभद्र) ५.पद्मपुराण (रविषेण, इ.६६०) ६. रामायण वा रामदेवपुराण (जिनदास, १५ औं शताब्दी), ७.रामचरित्र (रघुइ) ८. बलभद्रपुराण आदि रहेका छन् ।

(आ) बौद्धपुराण : बुद्धधर्मसम्बन्धी ग्रन्थहरूको विवरणमा पुराण शब्दको उल्लेख पाइदैन तर पनि पुराणसदृश ग्रन्थहरू भने भेटिन्छन् । तिनमा कथा, आख्यान, जीवनी, उपदेश आदि रहेका छन् । १.महावास्तु (जातककथा र बुद्धजीवनी) २.बुद्धानुस्मृति (बुद्धको स्तुति र चरित्र) ३.ललितविस्तर (बुद्धजीवनी र बुद्धसम्बन्धित आश्चर्यमय घटना) ४.असिताख्यान (बिम्बसारको कथा) ५.पिटक (सुत्तपिटक, विनयपिटक, अभिधम्मपिटकहरू) ६. सद्धर्मपुण्डरीक ७. धम्मपद (गीतासदृश दर्शन र उपदेश संग्रह) ८.स्वयम्भुपुराण (नेपालमा रचित, स्वम्भूनाथको उत्पत्ति र महात्म्यवर्णन) आदि रहेका छन् (नेपाली साहित्यकोश) ।

(इ) किरात पुराण वा मुन्धुम : ओंकार परिवारअन्तर्गत किरात धर्मावलम्वीहरूको ज्यादै सम्मानित ग्रन्थ हो मुन्धुम । मुन्धुमलाई किरातीहरूको वेद पनि भनिन्छ। तर यसमा रहेका विभिन्न कुराको वर्णन विस्तार र विषयप्रतिपादन शैली आदि हेर्दा यो पुराणसदृश ग्रन्थ देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
मुन्धुम पनि विभिन्न विषय र भागमा विभक्त रहेको पाइन्छ। सनातनीले शिवपार्वती मानेझैं किरातीहरू शिवपार्वतीलाई पारुहाङ् र सुम्निमाका रूपमा मान्दछन्। किरातेश्वरलाई हाडसाडथेवा पनि भन्दा रहेछन् किरातीहरू।

मुन्धुममा मूलतः चार वटा विषयक्षेत्र समेटिएको देखिन्छ। (१) **सृष्टिविज्ञान** - यस विषयक्षेत्रमा सम्पूर्ण चराचर ब्रह्माण्ड, आकाश, पृथ्वी, जल, जीव, वनस्पति, पशुपक्षी र मानवसृष्टिका विषयमा विचार गरिएको पाइन्छ। (२) **संस्कृति र संस्कार** - मुन्धुममा किरात संस्कृति र संस्कार र यसको विकासक्रमका विषयमा पनि सुन्दर ढङ्गमा प्रतिपादन गरिएको पाइन्छ। (३) **जीवनपद्धति** - मुन्धुमले जीवनपद्धतिका विविध पक्षमाथि केलाउने र प्रकाश पार्ने काम गर्दछ। (४) **धर्म र संस्कारपद्धति**- मुन्धुमले धर्म र किराती संस्कारपद्धतिमाथि प्रकाश पार्दछ र प्रयोग सिकाउँछ।

वेदको श्रुति परम्पराजस्तै मुन्धुम पनि श्रुति परम्परामा जीवित रहेको देखिन्छ। यसलाई विभिन्न लयमा लिम्बू पण्डितहरू (फेदाङमा, येबा, साम्बा)ले विभिन्न अवसरमा गाउने गर्छन्। किरातीहरूले मुन्धुमलाई दन्त्यकथका, लोककथा, थुथुरीवेद आदि भनेर लिखितरूपमा उतार्ने पनि प्रयास गरेको पाइन्छ।

साम्जिक मुन्धुम (आध्यात्मिक विवेचनाप्रधान), **मुजोःत्लुङ खाजोः त्लुङ मुन्धुम** (ब्रह्माण्डविज्ञान), **चङःत् मुन्धुम** (सृष्टिमुन्धुम) **तङसिङ मुन्धुम** (मेलमिलाप, सुस्वास्थ्य र समृद्धिसम्बन्धि अनुष्ठान र विवेचना), **साम्सोघा मुन्धुम** (प्रेतात्मा शास्त्र), **मिसाम् मुन्धुम** (अग्निशास्त्र) आदि किसिमका मुन्धुमहरू रहेका हुन्छन् (अन्नपूर्णा अनलाइन : मुन्धुममन्थन)।

६. पुराणप्रतिपादित विषय र सन्देश

पुराणमा विभिन्न विषयहरू प्रस्तुत भएका छन्, अतः पुराणलाई भारतवर्षको विश्वकोष भन्दा हुन्छ। महाभरतमा '**धर्मे ह्यर्थे च कामे च मोक्षे च भरतर्षव। यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्**' भनेको प्रसङ्ग आउँछ। यो प्रसङ्ग पुराणग्रन्थमा पनि लागु हुने देखिन्छ। यसको आसय धर्म, अर्थ, काम, मोक्षका विषयमा जुन कुरा महाभारतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ त्यो अन्यत्र पनि छ, जुन कुरा महाभारतमा छैन त्यो अन्यत्र पनि छैन भन्ने हो। यही कुरा पुराणमा पनि लागु हुन्छ। पुराणमा सृष्टि, स्थिति र लयको रहस्यमाथि चिन्तन गरिएको छ र 'चेतना' नै सृष्टि, स्थिति र लयको मूल कारण हो भन्ने निष्कर्ष निकालिएको छ। वेदमा वर्णित **'एकं सद् विप्रा बहुधा वदन्ति'** को पुराणमा व्याख्या गरिएको छ, त्यो 'सत्' विभिन्न कालखण्डमा विभिन्न रूपमा, चरित्रमा, स्वभावमा प्रकट हुन्छ र त्यसले मानव सभ्यता र सृष्टिलाई सकारात्मक मोड दिन्छ, सकारात्मक ऊर्जा दिन्छ भन्ने सार र सन्देश प्रस्तुत गरिएको देखिन्छ।

पुराणहरूमा सृष्टि, स्थिति र लयको वर्णन गरिएको हुनाले धेरै विषय समेटिएका छन्। पुराणको पञ्चलक्षण र दशलक्षणले पनि यही कुरालाई संकेत गर्दछ। वेदमा **'एकोँ हं बहु स्याम्' तत्त्वमसि, अयमात्मा ब्रह्म, प्रज्ञानं ब्रह्म,** आदि वाक्य आएका छन्। यसैको वर्णन विस्तार र तत्त्वचिन्तन पुराणमा छ। वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, वेदाङ्ग-व्याकरण, ज्योतिष, कल्प (श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्बसूत्र), निरुक्त, छन्द, शिक्षाका विषयहरूलाई विभिन्न रूपमा पुराणहरूमा व्याख्या, विवेचना, पुनर्व्याख्या, नवीनीकृत, प्रतीकीकरण, बिम्बीकरण, आख्यानीकरण, संवादीकरण, मानवीकरण, दैवीकरण, दानवीकरण गरेर प्रस्तुत गरिएको पाइन्छ। वैदिक साहित्यका विभिन्न चिन्तन, विचार, संकेत, कथन, सम्वादसूक्त आदिलाई कतै सूक्ष्म, कतै विस्तार, कतै प्रत्यक्ष र कतै विम्ब, प्रतीक सृजना गरेर, कतै केही थपघट गरेर, केही बदलेर, केही विस्तार गरेर पुराण रचिएको अनुभव हुन्छ। त्यसैले पुराणहरू वेदमूलक छन्, वेदकै व्याख्या र पुनर्व्याख्या पनि हुन्। पुराणमा संस्कारकृत्य, दैनिककृत्य, मासकृत्य, वर्षकृत्य, नैमित्तिककृत्य, अनुष्ठानकृत्य, लौकिक, वैदिक यज्ञहरूका विषयमा पनि प्रशस्त निर्वचन गरिएको पाइन्छ। पद्मपुराणमा पनि लोकोपकार, धर्म र अधर्मको बोध, सदाचारको प्रवर्तन, भक्तिको प्रतिष्ठान, परमगतिको प्राप्तिका लागि नै पुराणको रचना भएको उल्लेख छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्ताराय तु लोकानां स्वयं नारायणः प्रभुः ।
व्यासरूपेण कृतवान् पुराणानि महीतले ॥
पठानच्छ्रवणाद्येषां नृणां पापक्षयो भवेत् ।
धर्माधर्मपरिज्ञानं सदाचारप्रवर्तनम् ॥
गतिश्च परमा तद्वद् भक्तिर्भगवति प्रभौ ।
तानि ते कथयिष्यामि सप्रमाणानि भूतले ॥ (शब्दकल्पद्रुम)

७. पुराणको समय

पौराणिक साहित्यको रचना कहिले भयो भन्ने विषयमा अनेक मतमतान्तर रहेको पाउन सकिन्छ । पुराणको प्रादुर्भाव वेदसंगै भएको संकेत पाइन्छ । पुराणमा सृष्टिचक्र वा कालखण्डका विषयमा पनि निकै राम्रोसंग व्याख्या गरिएको छ ।

पुराणको समय :

पुराणको रचना कुन समयमा भयो होला भन्ने विषयमा व्यापक जिज्ञासा उठ्ने गरेको पाइन्छ । पश्चिमाहरूले पुराणको समयलाई दुई हजार पाँच सय वर्षभन्दा उता लान मान्दैनन् र १५ औं १६ औं शताब्दी सम्म पनि पुराणको रचना भयो भन्ने गर्दछन् । पश्चिमाहरूले यस्तो हर्कत गर्नुमा निहित स्वार्थ रहेको देखिन्छ । उनीहरूको धर्मग्रन्थ बाइबलले संसारको उत्पत्तिलाई ५।६ हजार वर्ष पुरानु मान्दछ । पुराण आदि पूर्वका शास्त्रहरूले सृष्टिलाई ४ अरब भन्दा पुरानो मान्दछन् । पश्चिमाहरूले भारतमा शासन जमाएपछि यसलाई स्थिरता दिनका लागि भारतीयहरूलाई सानो, तुच्छ, वनकर, असभ्य, अज्ञानी, वनमानिस सिद्धगर्न अनेक प्रपञ्च रचेका थिए । यहाँको शिक्षाप्रणाली र ज्ञानपरम्पराबाट छक्क परेका अंग्रेजहरूले यहाँका सबै चिजलाई तुच्छ र केही वर्ष अगाडिको मात्रै हो भनी सिद्धगर्न अनेक प्रयत्न गरे, अनेक सैद्धान्तिक सूत्रहरू निर्माण गरे, सामान्य शास्त्र र सामान्य तर्कको आधारमा व्याख्या गरे, यसै क्रममा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणको परम्परालाई पनि धेरै पुरानु होइन भनेर देखाउने प्रयास गरे । वेदलाई नै उनीहरू ईशापूर्व एक हजार वा १२ वा १५ सय वर्ष पुरानो हो भनेर सिद्धगर्न वृथा प्रयत्न गर्दछन् ।

नेपाल र भारतका विद्वान्हरू पुराणको समयलाई ईशापूर्व चार हजार वर्षसम्म लैजाने गर्दछन् । त्यसमा उनीहरू वेदादिशास्त्रको प्रमाण र ज्योतिष शास्त्र र नक्षत्रविज्ञानका आधारमा ३।४ हजार वर्ष पुरानु रहेको प्रमाणित गर्दछन् । ऋग्वेद, अथर्ववेद, शतपथब्राह्मण, गोपथब्राह्मण आदि वैदिक साहित्यमा पुराणको उपस्थिति रहेकाले, चाणक्यले अर्थशास्त्रमा पुराणको उल्लेख गरेकाले, पुराना सूत्रग्रन्थहरूमा पनि पुराणको उल्लेख हुनाले पुराण अर्वाचीन हुन सक्तैन भन्ने सिद्ध गर्दछन् उनीहरू ।

नक्षत्रविज्ञानको आधारमा पनि पुराण पुरानै सिद्ध हुन्छ । वेद, ब्राह्मण, पुराण, वेदाङ्ग ज्योतिष आदिमा त्यस युगमा कुन कुन नक्षत्रको अवस्था के थियो ? कुन तारा कुन नक्षत्रमा थियो र आज ती तारा कुन नक्षत्रमा सरेका छन् र ती नक्षत्र सर्न गणितीय आधारमा कति वर्ष लाग्छ भन्ने आधारमा गणित गरी पुराणलाई चार हजार वर्ष पुरानो सिद्ध गर्दछन् । पुराणमा विभिन्न कालखण्डमा विभिन्न किसिमका प्रक्षिप्त अंशहरू थपिएकाले अर्वाचीन हो कि भन्ने केही शंका थपिएको हो अन्यथा पौराणिक साहित्य निकै पुरानु रहेको प्रमाण र तर्क अध्येताहरूको रहेको देखिन्छ । पश्चिमी जगत्का वर्तमानका तटस्थ अध्येताहरूले पनि विभिन्न प्राविधिक र वैज्ञानिक उपकरणको प्रयोग गरेर पुराणलाई पुरानै सिद्धगर्न थालेका छन् ।

नेपालमा प्राप्त गोपालवंशावली र अन्य वंशावली, लिच्छविकालीन शिलालेखमा समेत पुराणमा प्रसिद्ध देवताहरूको मन्दिर बनाइएको, पूजाआजा र जात्रा चलाइएको उल्लेख गरेको पाइएकाले पुराणहरू १२ औं १४ औं, १६ औं शताब्दीका हुन् भन्ने मतको खण्डन हुन्छ । गोपालवंशावलीले ईशापूर्व तीन हजार ५०० वर्षसम्मलाई संकेत गर्दछ भने शिलालेख ५ औं शताब्दी यताका छन् । त्यसैले पुराण पुरानु रहेको प्रमाणित हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणमा वर्णित समय :

पुराणमा दिक् र कालको निर्देश पाइन्छ। सृष्टिका लागि दिक् र काल आवश्यक हुन्छ। पुराणले सत्य, त्रेता, द्वापर र कलि ४ युग मानेको छ। सत्ययुग १७ लाख २८ हजार वर्ष, त्रेतायुग १२ लाख ९६ हजार वर्ष, द्वापरयुग ८ लाख ६४ हजार वर्ष, कलियुग ४ लाख ३२ हजार वर्ष हुन्छ। यी वर्ष संख्यालाई जोड्दा ४३,२०,००० वर्ष हुन्छ र यसलाई एक चतुर्युग (एक चौकडी) भनिन्छ। यस्ता चौकडी ७१ पटक घुम्दा (४३,२०,००० x ७१ =३०६७२०००० मनुष्य वर्षको) एक मन्वन्तर हुन्छ। एक मन्वन्तर ब्रह्माजीको एक मुहूर्त हुन्छ। १४ मनु हुन्छन्, एक मन्वन्तरको समयलाई १४ ले गुणा गर्दा ३०६७२००००x१४ =४,२९,४०,८०,००० मनुष्य वर्ष हुन्छ।

अर्को व्याख्या अनुसार एक हजार चतुर्युगको (४३,२०,००० x १००० = ४,३२,००,००,००० मनुष्यवर्ष) ब्रह्माजीको एक दिन हुन्छ। ब्रह्माजीको एक दिन नै एक सूर्यको आयु हुन्छ। सूर्यमण्डल विशीर्ण हुन्छ र महान्धकार छाउँछ, सूर्यको अभावकाल नै ब्रह्माको रात्री हुन्छ। यसलाई नै ब्राह्मीरात्री पनि भनिन्छ। ब्रह्माको दिवाकाल जति हुन्छ त्यति नै रात्रीकाल हुन्छ। यस्तो दिन र रात मिलाउँदा एक अहोरात्र नै ब्रह्माजीको एक कल्प हुन्छ। कल्प पनि ३० छन्। ब्रह्माजीको एक दिनको समयलाई ३६५ दिनले गुणा गर्दा४,३२,००,००,०००x३६५ =१५,७६,८०,००,००,००० (पन्ध्र खरब, छैहत्तर अरब, असी करोड) मनुष्यवर्ष हुन्छ। ब्रह्माको एक वर्षको समयलाई सय वर्षको आयु मानी सयले गुणा गर्दा १५,७६,८०,००,००,००० x१०० = १५,७६,८०,००,००,००,००० (पन्ध्र नील, छयहत्तर खरब, असी अरब) वर्षको ब्रह्माको एक सृष्टिचक्र हुन्छ। अन्यार्थमा ब्रह्माजीको आयु दुई परार्ध बराबर मानिएको छ। एक परार्द्ध व्यतीत भैसकेकाले सनातनीहरूले संकल्प गर्दा **'ब्रह्मणो द्वितीयपरार्द्धे, श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे कलियुगे, कलिप्रथमचरणे ...'** भनेर संकल्प पढ्नेगर्दछन् (चतुर्वेदी, विसं २०२७ : २१७)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आधुनिक मतमा काल :

पश्चिमा धार्मिक चिन्तकहरूले यो सृष्टि भएको ४।५ हजार वर्षमात्र मानेका छन्। तर वैज्ञानिक अध्येताहरूले आजभन्दा करिव १० देखि १० अरब तीस करोड वर्ष पहिले महाविस्फोटन (Big Bang) बाट ब्रह्माण्डको (विष्फोटनको सिद्धान्त वेद, उपनिषद् र पुराणमा नै वर्णित छन्) उत्पत्ति भयो। त्यसपछि ब्रह्माण्डमा ताप, शक्ति, प्रकाश, वायु तथा अन्य पदार्थहरू विविध रासायनिक प्रक्रियाबाट उत्पन्न भएको मानिन्छ (खत्री, ०५५ : ३)। चार अरब वर्षअघि ब्रह्माण्डकै एक सदस्यका रूपमा पृथ्वीलगायत अन्य ग्रहहरूको उत्पत्ति भयो। यस सौरमण्डलमा बुध, शुक्र, पृथ्वी, मङ्गल, बृहस्पति, शनि, वरुण, राहु, र केतु गरी नौ ग्रह छन्। त्यसपछि क्रिया, प्रतिक्रिया र नवक्रियाले गुरुत्वाकर्षणको स्थिति स्थापित भयो। त्यस्तै वायवीय पदार्थबाट तारामण्डल (galaxy) को पनि निर्माण भएको मानिन्छ। विशाल ब्रह्माण्डमा अनगिन्ती सौरमण्डल रहेका छन्। प्रत्येक सौरमण्डलको केन्द्रमा सूर्य रहेका हुन्छन्। सूर्यको व्यास ८६६००० माइल मानिन्छ। सूर्य पृथ्वीभन्दा १,३००,००० गुणा ठूलो छ। पृथ्वी र सूर्यको दूरी ९ करोड, तीस लाख माइल रहेको छ (खत्री, २०५५ : २)। सूर्यकै आकर्षण शक्तिले गर्दा ती पिण्डहरू सूर्यलाई नै परिक्रमागर्न थाले। यसरी हाम्रो पृथ्वी आजभन्दा साँढे चार अरव वर्ष पहिले स्वतन्त्र रुपमा अस्तित्वमा आएको पाइन्छ। (गोयल, १९६१ : ३) त्यसपछि अजीव र जीवकल्प हुँदै सृष्टि प्रक्रिया अगाडि बढेको उल्लेख पाइन्छ।

पुराणले सृष्टिकाललाई ज्यादै ठूलो क्यानभासमा व्याख्या र निरूपण गरेको देखिन्छ। पुराणबाहेक पश्चिमका वा चीन र जापानका विविध धर्म सम्प्रदायका ग्रन्थले सृष्टिकाल (महाकाल) लाई यति राम्रो संग गणितीय आधारमा व्याख्या र प्रतिपादनगर्न सकेको देखिदैन। साथै पुराणको कालविवेचना वैज्ञानिक कालविवेचना मिल्न भएको देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. उत्तरवैदिक संस्कृति र सभ्यता निर्माणमा पुराणको योगदान

वैदिक ऋचामा नै पुराण शब्द आएकाले र ब्रह्माजीले पहिला पुराणको स्मरण गर्नुभयो र तदनन्तर चार मुखबाट चारवेदको उच्चारण गर्नुभयो भन्ने शास्त्रप्रमाण पाइएकाले पुराणको प्राचीनता सिद्ध हुन्छ । ब्राह्मणग्रन्थ, उपनिषद् र सूत्रग्रन्थमा समेत पुराण शब्दको उल्लेख भएकाले संहिताकरण पछि भएपनि पुराण प्राचीन कालदेखि नै मानिसका विविध अनुभव, ज्ञान, शिक्षा, उपदेश आदिलाई आत्मसात् गर्दै अगाडि बढेको दृष्टिगोचर हुन्छ। पुराणमा आएका सयौं आख्यानहरू वेदका ऋचामा कतै सूत्रवत् र कतै सूक्त र अनुवाक्मा प्रस्तुत भएको पाउन सकिन्छ। ब्रह्मा, विष्णु र महेश्वरका अनेक आख्यानविम्बहरू वेदमा पाइन्छ । पुराणमा तिनीहरूलाई विस्तार गरिएको छ। वामन अवतारको विम्ब, मत्स्यावतारको विम्ब, वृत्रासुरको कथा, पुरुरवा उर्वर्शीको कथा, दाशराज युद्ध, यमयमीका सन्दर्भ, विश्वामित्र र वसिष्ठको वैमनस्य, हरिश्चन्द्रका कथासन्दर्भ, अनेक ऋषिहरूसंग सम्बद्ध सन्दर्भहरू जो वेदमा संकेतित छन् तिनीहरूको व्याख्या विस्तार, प्रतीकीकरण, विम्बीकरण, प्रकृतिको मानवीकरण, कतै संक्षेपीकरण, कतै विस्तृतीकरणका साथ पुराणमा व्यक्त भएको पाउन सकिन्छ। श्रीमद्भागवतमा यसलाई नै संकेत गर्दै 'निगमकल्पतरोर्गलितं फलम्' भनेर वेदलाई मूल वृक्ष र पुराणलाई स्वादिलो फल मानेको देखिन्छ।

पुराणहरूले देवसंस्कृतिमा नै परिवर्तन ल्याइदिएको देखिन्छ । वैदिक कालमा इन्द्र ठूला देवता मानिएका थिए, जसका विषयमा ऋग्वेदमा २५० सूक्तहरू प्रस्तुत भएका छन्। सूर्य, वायु, वरुण, अग्नि, चन्द्र आदि पनि देवगणका वरिष्ठ सदस्यमा पर्दछन्। वैदिककाल यज्ञप्रधान थियो । मन्त्रपूर्वक द्रव्यत्यागलाई यज्ञ भनिन्थ्यो। १६, ३३, ८४ हुँदै ५०० भन्दा बढी किसिमका यज्ञहरूको विधिविधानको उल्लेख वैदिक ग्रन्थहरूमा पाउन सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पौराणिक साहित्यले ब्रह्मा, विष्णु, महेशलाई केन्द्रमा ल्यायो । इन्द, सूर्य, वरुण आदि गौण बन्दै गए । देवीको महत्त्व अत्यन्त शक्तिशाली रूपमा प्रकट भयो । शिवपुराणले शिवपार्वतीलाई स्थापित गऱ्यो भने विष्णुपुराण, हरिवंशपुराण, श्रीमद्भागवतपुराण आदिले विष्णु र लक्ष्मीलाई स्थापित गरे । मार्कण्डेयपुराण, देवीभागवत, कालिका पुराण आदिले देवीतत्त्वको प्रतिष्ठा बढाए । पुराणकै प्रभावमा तन्त्रशास्त्रको विकास र विस्तार भयो । यज्ञानुष्ठानहरू पूजानुष्ठानमा बदलिदै गए । वैदिक र तान्त्रिक मन्त्रहरूको समन्वय पनि हुँदै गयो । वैदिक अनुष्ठानहरू, यज्ञहरू चल्दै रहे पनि पौराणिक र तान्त्रिक अनुष्ठानहरू मौलाउन थाले । सूत्रग्रन्थहरूमा प्रतिपादित वर्षकृत्यहरू पुराणका चिन्तन र प्रतिपादन अनुसार चल्न थाले । वैदिक कालका पूर्णिमा र औंशीका अनुष्ठानहरूमा पनि वैदिक र पौराणिक दुवैको प्रभाव देखिन थाल्यो । पुराणका प्रभावमा सयौं चाड, तिथिपर्वहरू थपिन थाले । नागपञ्चमी, गुरुपूर्णिमा, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, चतुर्मास, दशै, तिहार, तुलसीपूजा, माघेसंकान्ति, शिवरात्री, रामनवमी, एकादशी आदि करिव १००० पर्वहरू नवीकृत भए, थपिए, परिमार्जित भए ।

पौराणिक र तान्त्रिक मान्यताका आधारमा नेपाल र भारतका अनेक पुण्यक्षेत्रहरूमा हजारौं मन्दिरहरू बने । नेपाल र भारतका साथै हालको बङ्गलादेश, पाकिस्तान, अफगानिस्थान, कम्बोडिया, बाली, श्रीलङ्का आदि दक्षिण एशियाका अनेक पुण्यक्षेत्रहरूमा हजारौं संख्यामा सानाठूला गरी शाक्तपीठ, शैवपीठ, वैष्णवपीठ, गाणपत्यपीठ, सौरपीठहरूको स्थापना भयो । वैदिक र तान्त्रिक मन्त्रहरूको प्रयोग गरेर पूजाविधि बने । वेदमूलक पौराणिक मान्यता र वेदमूलक स्मृतिग्रन्थ र तन्त्रग्रन्थका मान्यतामा समाज अगाडि बढ्न थाल्यो । हालसम्म पनि नेपाल र भारतमा एवं विश्वमा फैलिएको सनातनी समाजमा वेदमूलक पौराणिक मान्यताले नै धार्मिक, सांस्कृतिक, पारिवारिक जीवनमा मान्यता पाइरहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराण, रामायण र महाभारतको रचनाले भारतवर्षमा नै धार्मिक, सांस्कृतिक दार्शनिक, सामाजिक नियम, विधिविधानहरू आदिमा प्रभाव पारेझै साहित्यमा पनि ठूलो प्रभाव रहेको पाइन्छ । भासका १३ वटा नाटकहरू, कालिदासका रघुवंश, कुमारसम्भव दुई महाकाव्य, अभिज्ञानशाकुन्तल नाटक, मेघदूत खण्डकाव्यमा पुराण, रामायण र महाभारतका कथाहरू ग्रहण गरिएका छन् । कालिदासपछिका अनेक विधा र क्षेत्रका लेखक र रचनाकारहरूले यी तीनवटा ग्रन्थहरूलाई नै उपजीव्य बनाएका छन् । माघ, भारवी, श्रीहर्ष आदि महाकविहरूले त्रिरत्न (पुराण, रामायण र महाभारत) बाट नै स्रोत सामग्री लिएर उत्तम महाकाव्यको रचना गरेको पाइन्छ । नेपाल भारतका संस्कृतमा लेखिएका हजारौं हजार काव्यादि ग्रन्थहरूमा यिनै त्रिरत्नको प्रभाव पाइन्छ। नेपाल भारतका सयौं भाषाहरूमा पनि यिनै त्रिरत्नका सामग्रीबाट अनेक विधामा काव्य, नाटक, निबन्ध, कथा उपन्यास आदिको रचना भएको पाइन्छ । भारतवर्षभन्दा बाहिरका अनेक देशका अनेक साहित्यमा पनि त्रिरत्नको प्रभाव पाइन्छ ।

९.नेपालको धर्म, संस्कृति र भाषा, साहित्यको निर्माणमा पुराणको प्रभाव

नेपालको भाषा, साहित्य र संस्कृतिको निर्माणमा पौराणिक साहित्यको महनीय भूमिका रहेको देखिन्छ । नेपालमा हाल ४८ वटा भारोपेली परिवारका भाषा ८३ प्रतिशतले बोल्दछन् भने एकाक्षरी परिवारका ६३ वटा भाषा १७ प्रतिशत मानिसहरूले बोल्दछन् भन्ने तथ्याङ्क विभाग (२०६८)को विवरण पाइन्छ । नेपालमा बोलिने सबैजसो भाषामा संस्कृत भाषा र पौराणिक साहित्यको प्रभाव पाउन सकिन्छ। भारोपेली परिवारका भाषा त संस्कृतबाट नै पैदा भएकाले संस्कृत भाषा र पौरस्त्य संस्कृतिको प्रभाव र प्रयोग स्वतः सिद्ध छ ।

नेपालमा सनातन हिन्दु धर्मावलम्बीहरू ८१ प्रतिशत, बौद्ध धर्मावलम्बी करिव १० प्रतिशत र ओमकार परिवारका जैन लगायतका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्य धर्मावलम्बीहरूको समेत संख्या जोड्दा ओमकार परिवारमा ९५।९६ प्रतिशतभन्दा बढी जनताको आस्था जोडिएको देखिन्छ। यी सबै सम्प्रदायमा वेद, पुराण, रामायण, महाभारत आदि ग्रन्थको प्रभाव रहेको पाइन्छ।

धर्म, दर्शन र संस्कृति

पौरस्त्य धर्म, दर्शन र संस्कृतिको मूल मार्ग वैदिक ग्रन्थ र उत्तर वैदिक ग्रन्थ नै हुन्। वैदिक ग्रन्थमा ४ वेद, ब्राह्मण, आरण्यक र उपनिषद् ग्रन्थहरू पर्दछन्। त्यस्तै वेदाङ्ग र उपाङ्ग पनि यसैमा पर्दछन्। वेदाङ्गमा ज्यौतिष, व्याकरण, निरुक्त, शिक्षा, कल्प र छन्दशास्त्र पर्दछन् भने उपाङ्गमा न्याय, मीमांसा धर्मशास्त्र र पुराण पर्दछन्।

दर्शनशास्त्रमा ६ आस्तिक दर्शन र ६ नास्तिक दर्शन रहेका छन्। आस्तिक दर्शनमा वेदान्त, सांख्य, योग, मीमांसा, न्याय र वैशेषिक दर्शन पर्दछन्। नास्तिक दर्शनमा चार्वाक, जैन र बौद्धका सौत्रान्त्रिक, योगाचार आदि ४ मत पर्दछन्। आस्तिक दर्शनभित्रै शैव, शाक्त र वैष्णव दर्शनहरू पनि पर्दछन्। सर्वदर्शनसंग्रहमा १६ दर्शनशास्त्रको उल्लेख पाइन्छ। पुराणहरूले चार्वाक, जैन र बौद्धदर्शनको सामान्य चर्चा गरे पनि यी बाहेक सबै दर्शनलाई आफ्नो वर्ण्य विषय बनाएका छन्। पुराणले प्रस्थानत्रयीलाई ज्यादै महत्त्व दिएको पाइन्छ। वेदान्त, सांख्य र योगदर्शनका चिन्तनबाट पुराणहरू भरिभराउ भएको देखिन्छ।

उत्तरवैदिक ग्रन्थहरूमा रामायण, महाभारत, पुराणसंहिता, स्मृति, तन्त्रशास्त्र, दार्शनिक ग्रन्थहरू, नीतिशास्त्रहरू, ६४ कला, वास्तु, सङ्गीत आदि र अष्टादशविद्याका विस्तारित ग्रन्थराशिहरू पर्दछन्। यिनै ग्रन्थराशिहरूबाट नेपालको धर्म, दर्शन र संस्कृतिको निर्माण भएको देखिन्छ।

नेपाली भाषामा ज्यौतिषको **भास्वतीको** नेपाली अनुवाद वि.सं. १३९० मा भएको देखिन्छ र यसका अनुवादक अज्ञात छन्। त्यस्तै वि.सं १४५० मा ज्योतिषको विषय रहेको **खण्ड खाद्यक** ग्रन्थ नेपालीमा अनुवाद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको पाइन्छ र यसका पनि अनुवादक अज्ञात छन् । यसै समयको आसपासमा **जातककर्म पद्धति** पनि नेपालीमा अज्ञात व्यक्तिबाट अनुवाद भएको देखिन्छ। धर्मशास्त्रीय विषय रहेको **प्रायश्चित्त प्रदीप** वि.सं १७८० मा अनुवाद भएको देखिन्छ । महाभारत **विराट्पर्वको** शक्तिवल्लवले १८२७ वि.सं मा अनुवाद गरेको पाइन्छ । विजयानन्दको **महाभारत गदापर्वको** अनुवाद वि.सं १८८६ मा भएको देखिन्छ । हीनव्याकरणी विद्यापतिद्वारा **गीतगोविन्द** वि.सं १८८८ मा अनुवाद भएको थियो । भानुभक्त आचार्यले १९१० सम्ममा **अध्यात्म रामायणको** नेपालीमा पद्यानुवाद गरेर नेपाली भाषा, साहित्य र संस्कृतिको विकासमा महनीय भूमिका निर्वाह गरेको देखिन्छ । **कोमलगीता, वाल्मीकिरामायण, श्रीमद्भागवत, अन्य पुराण, कर्मकाण्ड, दर्शन** आदि विषयका अनेक ग्रन्थहरू नेपालीमा अनुवाद भएका छन् । यिनै ग्रन्थहरूको अनुवादले नेपालको धर्म, संस्कृति र दर्शनको विकासमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

भाषा र साहित्य :

नेपाली भाषा र साहित्यको विकासमा संस्कृतका ग्रन्थहरूको अनुवादले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । १४ औं शताब्दीदेखि नै नेपालीमा अनेक ग्रन्थहरूको अनुवाद हुन थालेको पाइन्छ। वि.सं १८३३ मा भवानीदत्त पाँडेले हितोपदेश मित्रलाभको नेपालीमा अनुवाद गरेका थिए। वि.सं १८९२ **मुद्राराक्षसनाटक** नेपालीमा अनुवाद भएको पाइन्छ भने वि.सं १८५५ मा **हास्यकदम्बको** अनुवाद भएको देखिन्छ। वि.सं. १८७५ मा **दशकुमारचरितको** अनुवाद भएको थियो, यसका पनि अनुवादक अज्ञात छन् । यी ग्रन्थहरूको अनुवादले नेपाली संस्कृतिको निर्माण र नेपाली भाषा साहित्यको निर्माणमा महनीय भूमिका खेलेका छन् ।

तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले नेपालीमा संस्कृतका अनेक किसिमका ग्रन्थहरूको अनुवाद गरेर नेपाली भाषालाई समृद्ध बनाउन प्रयास गरेको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली भाषाको आख्यान साहित्यको विकासमा संस्कृतका रामायण, महाभारत र पुराणका कथाहरूले उपजीव्यको काम गरेको पाइन्छ । यी ग्रन्थहरूबाट कथास्रोत लिएर नेपालीमा विभिन्न कथा, उपन्यास, कविता, खण्डकाव्य र महाकाव्य आदिको रचना भएका छन् । त्यस्तै एकाङ्की र पूर्णाङ्की नाटकको विकासमा पनि यिनै यिनै ग्रन्थ र संस्कृतका नाटकहरूको भूमिका रहेको देखिन्छ। समीक्षाशास्त्रको विकासमा पनि साहित्यदर्पण लगायतका ग्रन्थहरूले योगदान गरेका छन् ।

१०. प्रस्तुत पुराणका विषयमा

प्रस्तुत ब्रह्माण्ड पुराण १८ औं नम्बरमा समावेश गरिएको देखिन्छ। कतै कतै क्रम तलमाथि परेको पनि देखिन्छ। मूलतः ब्रह्मपुराणबाट सुरु भएर ब्रह्माण्ड पुराणमा टुङ्गिने कुरा प्रसिद्ध छ ।

संरचना :

भागवत, देवीभागवत जस्तो ब्रह्माण्ड पुराणमा स्कन्ध, अध्यायको विभाजन गरिएको छैन । यस पुराणमा पूर्वभाग र उत्तरभाग रहेका छन् । योगसूत्रमा जस्तै ४ पाद यसमा छन्। पूर्वभागमा प्रक्रियापाद-१, अनुषङ्गपाद-२, (मध्यभाग) उपोद्घातपाद-३ रहेका छन् भने उत्तरपादमा उपसंहार पाद-४ र यसै अन्तर्गत ललितोपाख्यानसमेत रहेको देखिन्छ (ब्रह्माण्ड १ ३८-३९)[१४] । यस पुराणको भाषा श्रीमद्भागवतको जस्तो प्रौढ, प्राञ्जल र पाण्डित्यपूर्ण नभएपनि प्राञ्जल र स्तरीय रहेको देखिन्छ । पुराणको अन्तःसंरचनालाई सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरितको कथ्यशृङ्खला र प्रश्नोत्तर शैलीले आदि, मध्य र अन्त्यलाई बाँधेको देखिन्छ भने ४ पाद १५६ अध्याय १२००० श्लोकमा बाह्यसंरचना बाँधिएको देखिन्छ ।

---

१४. प्रक्रिया प्रथमपादः कथायां सत्परिग्रहः । ३८। अनुत्सङ्ग उपोद्घातः उपसंहार एव च । एवं पादास्तु चत्वारः समासात् कीर्तिता मया ॥ब्र.१।३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय संकेत :

प्रक्रियापादमा कृत्यसमुद्देश, नैमिषाख्यान, हिरण्यगर्भोत्पत्ति, लोकको कल्पना, लोककल्पन जस्ता ५ अध्याय रहेका छन् । यस पादले सर्गको वर्णन प्रारम्भ गरेको छ । पहिलो अध्यायमा विषयसूची पनि छ ।

दोस्रो अनुषङ्गपादमा सर्ग र प्रतिसर्गका विषय प्रस्तुत भएका छन् । कल्प, मन्वन्तर, लोकज्ञान वर्णन, मानवसृष्टि कथन, रुद्रसृष्टि, ऋषिवंश, अग्निवंश, प्रियव्रतको वंशको वर्णन क्रमशः गरिएको छ । भारतवर्ष, किम्पुरुषवर्ष, जम्बुद्वीप, प्लक्षद्वीप आदि भूगोलको वर्णन र खगोलको समेत वर्णन र नक्षत्रविज्ञानको विस्तृत चर्चा गरिएको छ । यसमा नै मन्वन्तरको वर्णन पनि छ ।

तेस्रो उपोद्घातपादमा ऋषिसर्ग, प्रजापतिवंश, दनुवंश र कश्यपवंशको वर्णन गर्दै अध्याय ९ देखि २० अध्यायसम्म श्राद्धकल्पको वर्णन गरिएको छ । त्यसपछि ४७ अध्यायसम्म परशुरामको विशेष वर्णन गरिएको पाइन्छ । मन्वन्तर, सूर्यवंश र चन्द्रवंश लगायत अन्य वंशको पनि वर्णन गरेर यो पादसमाप्त भएको देखिन्छ ।

उपसंहारपादमा प्रलयको वर्णन गरिएको छ भने प्रतिसर्ग र ब्रह्माण्डको पुनरावर्तनको वर्णन गरिएको पाइन्छ । यसैमा ललितोपाख्यानमा मोहिनी अवतारको चर्चा गर्दै शिव एवं देवीका चरित्र, भाण्डासुरको कथासहित श्रीविद्याको उपासनामा गएर पुराण टुङ्गिएको छ ।

११. ब्रह्माण्डपुराणको अनूदित पाण्डुलिपि अध्ययन र सम्पादन

पाण्डुलिपि भन्नाले 'हस्तलिखित खेस्रा वा मस्यौदा, पाण्डुलेख वा प्रेसमा कम्पोज गरिने लिखित वा टङ्कित लेख-रचना, मूलप्रति, गुरुकापी' (वि.ने.बृ.शब्दकोश) भन्ने बुझिन्छ । खेस्रालेखनलाई अन्तिमरूप दिन लेखक उपस्थित नभएको अवस्थामा सम्पादकले नै सबै समस्याको समाधान गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टुङ्गोमा पुग्नुपर्दछ । तर लेखक उपस्थित भएका अवस्थामा लेखक वा अनुवादकलाई समस्याका सबै विषय अवगत गराएर परिष्कार, परिमार्जन र थपघटको निर्क्यौल निकाल्न सकिन्छ । प्रस्तुत पाण्डुलिपिलाई सम्पादन गरी अन्तिम रूप दिन अनुवादकबाट पनि महत्त्वपूर्ण सुझाव र सहयोग प्राप्त भएको छ ।

पाण्डुलिपिमा विचारणीयपक्ष : पाण्डुलिपि सम्पादन गर्ने भनेको सजिलो काम होइन, पाण्डुलिपि सम्पादनगर्न सर्वप्रथम पाण्डुलिपिको अध्ययन गर्नुपर्दछ । ढकालका (२०६९) अनुसार पाण्डुलिपि पनि गण्डी, कच्छपी, वृत्ताकार, सम्पुटक, सृपाटिका गरी ५ किसिमका हुन्छन् । सबै ग्रन्थप्रणेता लिपिकार हुँदैनन्, सामान्य पढेका मानिस पनि लिपिकार हुन सक्छन्, त्यसैले गर्दा लिपिकरणमा विभिन्न किसिमका त्रुटि रहन सक्छन् । ढकालका (२०६८) अनुसार ती त्रुटिहरू १. अक्षरको अधिकता, २. अक्षरको न्यूनता, ३. वर्णलोप, ४. मात्राच्युति, ५. अक्षरच्युति, उच्चारणभेदका कारण अनर्थवान्, ६. लिविदोष, ७. वर्णविपर्यय, ८.पदच्छेदमा भ्रान्ति एवं श्लेष, ९.सादृश्य १०. भाषान्तरविधान आदि रहेका छन् । यी त्रुटिहरूलाई पाण्डुलिपिका सम्पादकले खुट्याउनुपर्ने हुन्छ ।

साथै पाण्डुलिपिको विषयवस्तु, प्रकरण, खण्ड, अध्याय, श्लोकक्रम, व्याख्या, उपव्याख्या आदि हेर्नुपर्दछ । शुद्धाशुद्धि छानबिन गर्नुपर्ने हुन्छ । ग्रन्थको पूर्वापर सम्बन्धको पनि छानबिन गर्नुपर्दछ। फरकफरक पाण्डुलिपि पाएमा प्रतिलिपिहरूको पाठ मिलान, तुलनात्मक अध्ययन गरी मूलपाठको निर्धारण गर्नुपर्दछ। केही फरक पाइएमा त्यसलाई पनि निर्क्यौल गर्नुपर्दछ। अशुद्ध भएमा शुद्ध पनि पार्नुपर्दछ, पंक्ति टुटफुट भएको पाइएमा त्यसलाई पनि पूरण गर्नुपर्दछ । पुनः पाठालोचन अक्षरसमायोजन, मूलपाठको पुनः निरीक्षण र समायोजन गर्नुपर्दछ। कतै शब्द, वाक्य वा प्रसङ्ग आदि स्पष्ट नभएमा आवश्यकता अनुसार टिप्पणी गर्नुपर्ने र पाठभेद पनि देखाउनुपर्ने हुन्छ। तर प्रस्तुत ग्रन्थको पाडुलिपि समकालिक भएकाले यी सबै झन्झट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुपरेन । तै पनि नेपाली लेख्य वर्णमाला अनुसार नेपाली भाषामा सामान्य कागजमा लेखिएको सामग्रीलाई पुस्तकाकार रूपमा टङ्कन गराउन, टङ्कनगत त्रुटिपरिष्कार, अनुवादगत त्रुटिपरिष्कार, भाषागत त्रुटिपरिष्कार गर्नुपर्ने हुन्छ । पाण्डुलिपिलाई सम्पादन गरी आदि, मध्य र अन्त्ययुक्त शृङ्खलामा व्यवस्थितगर्न ध्यान दिनुपर्ने हुन्छ। प्रकाश्य ग्रन्थको पूर्वपीठिकामा सम्पादकीय, प्रकाशकीय, भूमिका, विषयक्रम, आवरणसज्जा आदिमा पनि ख्याल गर्नुपर्दछ। भाषा, विषय, सन्देश, ग्रन्थसंगठन आदिमा पनि विचार गर्नुपर्दछ।

अनुवाद र अनुवादकलाका विचारणीय पक्ष : अनुवादलाई अंग्रेजीमा translation भनिएको पाइन्छ। एउटा भाषालाई मौखिक रूपमा वा लिखित रूपमा अर्को भाषामा लैजाने (अनुकथन) कार्यलाई अनुवाद भनिन्छ । जानेको कुरालाई पुनः भन्नु (**ज्ञातस्य कथनमनुवादः** (जैमिनिन्यायमाला), पूर्वकथित विषयको पुनः कथन अनुवाद हो (**प्राप्तस्य पुनः कथनें नुवादः** (शब्दार्थचिन्तामणि), पुनरावर्तन नै अनुवाद हो (**आवृत्तिरनुवादो वा** -भर्तृहरि, वाक्यपदीयम् २।११५)। अनुवाद एक शिल्प हो, जहाँ एउटा भाषामा रहेको लिखित सन्देश वा सामग्रीलाई अर्को भाषामा प्रस्तुत गरिएको हुन्छ। स्रोतभाषाको लिखित सामग्रीलाई लक्ष्यभाषामा रूपान्तरण गर्नु नै अनुवाद हो । अनुवादको सामाजिक, व्यावहारिक, संज्ञानात्मक, शैक्षणिक र संवादात्मक (एउटा युगको अर्को युगसंगको संवाद, एउटा समुदायको अर्को समुदायसंगको संवाद, एउटा संस्कृतिको अर्को संस्कृतिसंगको संवाद) महत्त्व रहेको देखिन्छ। साधन र साध्यरूपमा पनि अनुवादलाई ग्रहण गरेको पाइन्छ।

यहाँ लिखित अनुवादको प्रसङ्ग रहेको छ। अनुवाद विभिन्न किसिमका हुन्छन् (क) शब्दानुवाद, (ख) भावानुवाद, (ग) छायानुवाद, (घ) व्याख्यानुवाद, (ङ) सारानुवाद, (च) रूपान्तरण, (छ) सम्पुटक अनुवाद (मेसिन वा कम्प्युटर बाट गरिने अनुवाद)। अनुवादका अरू प्रकार पनि रहेका छन्। विषयक्षेत्रको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आधारमा, प्रयोगक्षेत्रको आधारमा, मौखिक र लिखित आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । समभाषिक अनुवाद, विषमभाषिक अनुवाद, द्वैभाषिक अनुवाद, बहुभाषिक अनुवाद पनि हुन सक्छन् । गद्यानुवाद, पद्यानुवाद, आंशिक अनुवाद, पूर्णानुवाद, आदि पनि हुन सक्छन्। अनुवादसंग रूपान्तर र भाषान्तर शब्द पनि जोडिएका छन्, यी दुवैमा हुबहु शब्दानुवाद नहुन सक्छ । तत्काल मौखिक रूपमा दोभाषेले गर्ने अनुवादलाई भाषान्तरण भनिएको पाइन्छ । जुन भाषाबाट अनुवाद गरिन्छ त्यसलाई स्रोतभाषा र जुन भाषामा अनुवाद गरिन्छ त्यसलाई अनूद्यभाषा, लक्ष्यभाषा, प्रस्तुतभाषा आदि भनिन्छ ।

अनुवादकला : अनुवाद कार्य प्राविधिक, बौद्धिक, प्राज्ञिक मात्र नभएर कला पनि हो । अनुवाद कार्यमा राम्रोसंग हात नबसी राम्रो अनुवाद हुन सक्तैन, निरन्तर यसमा साधना र अभ्यास नगरी सुन्दर र कलात्मक अनुवाद पनि हुनसक्तैन । डा. बद्री पोखेलजीले संस्कृत पद्यमा रहेका १८ पुराणहरूको नेपालीको गद्यभाषामा सारानुवाद गर्नुभएको छ । लगभग सबै पुराणको सारानुवाद र १४।१५ पुराणको प्रकाशन कार्यसमेत गरिसक्नुभएको छ ।

संस्कृतबाट नेपालीमा अनुवाद गर्दा धेरै कुरा विचार गर्नुपर्ने हुन्छ। संस्कृतका के कस्ता शब्द, क्रियापद र वाक्यलाई नेपालीमा उतार्दा के कस्ता शब्द, क्रियापद र वाक्यमा अनुवाद गर्ने भन्ने कुरा निकै जटिल पनि हुन्छ। संस्कृतका शब्द, विभक्ति, कारक, समास, उपसर्ग, प्रत्यय, आत्मनेपद, परस्मैपद, सकर्मक अकर्मक धातु, कर्तृवाच्य, कर्मवाच्य, भाववाच्यको प्रयोग आदिले अर्थ निरूपणमा गहिरो प्रभाव पारेको हुन्छ। दश लकारार्थक धातुका रूपहरू, दशगणका धातुहरू, तिनका अनेक रूप वैविध्यपूर्ण छन्। त्यसपछि यन्त, यङन्त, यङ्लुगन्त, सनन्त, नामधातु आदिको प्रक्रिया बोध नभइकन संस्कृतको अनुवाद गर्न कस्सिदा त्रुटि रहन सक्छन्। यी प्रक्रियाले धात्वर्थबोधमा केही भिन्नता र नवीनता ल्याएका हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटै शब्दका अनेक अर्थ हुन्छन्, त्यसमा प्रकरण र विषय प्रसङ्गले मागेका अर्थ गर्नुपर्ने हुन्छ । कारकमा उपसर्ग, धातु, विभक्ति, विभिन्न शब्दहरूको योग, सन्निकटता आदिले अनेक जटिलताहरू सृजना गरेका हुन्छन् । एउटै शब्द फरक समासबाट बन्न सक्छ र समासअनुसारको अर्थ गर्नुपर्ने हुन्छ । उपसर्गले धातुका अर्थलाई बदल्छ । धातुबाट कृदन्तका अनेक प्रत्ययहरू अनेक अर्थमा हुन्छन् । कृदन्तमा कर्तृ, कर्म र भाव अर्थमा प्रत्यय हुन्छन् र यिनले अर्थमा फरक पार्छन्, बाह्यरूप उस्तै भए पनि, प्रत्ययगत अर्थ भिन्न हुनसक्छन् । अनेक अर्थमा उणादि प्रत्ययबाट पनि शब्द बनेका हुन्छन् र तिनले अर्थमा भिन्नता र वैविध्य ल्याएका हुनसक्छन् । तद्धितमा पनि यस्तै अवस्था छ । तद्धितमा अनेक प्रत्ययहरू अनेक अर्थमा विहित छन्, रूप उस्तै भए पनि भिन्न अर्थमा प्रत्यय विधान गरिएका हुन सक्छन् । शब्दशक्तिको ग्रहण र बोध विभिन्न आधारमा हुन्छ । व्याकरण, अनुमान, कोश, आप्तवचन, वाक्यशेष, विवृति (विवरण), सिद्धपदको सान्निध्यका आधारमा शक्तिग्रहण वा अर्थबोध हुन्छ (साहित्यदर्पण २।४ को व्याख्या) [१५]। यी सबै कुरालाई बुझेर अनुवाद गर्नुपर्ने हुँदा अनुवाद प्रक्रिया त्यति सजिलो हुँदैन ।

अनुवाद गर्दा यौगिक, रूढ र योगरूढ शब्दहरूको पहिचान शब्दार्थबोधमा महत्त्वपूर्ण हुन्छ भने वाक्यार्थबोधमा योग्यता, आकांक्षा र आसत्तिको बोध आवश्यक पर्छ । त्यस्तै लक्ष्यार्थबोध, वा तात्पयार्थबोधमा अभिधा, लक्षणा र व्यञ्जनाको बोध पनि महत्त्वपूर्ण हुन्छ । स्रोतभाषाका यी सबै विषय र सन्दर्भलाई बुझेर लक्ष्यभाषामा अनुवाद गर्नुपर्दछ ।

---

[१५] शक्तिग्रहं व्याकरणोपमान-कोशाप्तवाक्याद् व्यवहारतश्च । वाक्यस्य शेषाद् विवृतेर्वदन्ति सान्निध्यतः सिद्धपदस्य वृद्धाः (सा.द.२।४। को व्याख्या) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवादकका गुण : भाषाज्ञान, विषयज्ञान, अभिव्यक्ति कौशल, शब्द, वाक्य, अर्थ र अभिप्रायको निर्वचन गर्नसक्ने क्षमता, सम्बद्ध विषयको पर्यालोचन, तटस्थता, मूल लेखक प्रति इमान्दार रहनुपर्ने जस्ता गुण हुनुपर्छ। त्यस्तै अनुवादकमा अनुवादको स्रोतभाषा र लक्ष्यभाषाको ज्ञान, प्रयोग र अभ्यास सर्वाधिक महत्त्वपूर्ण हुन्छ भने दुवै भाषामा लिखित र मौखिक क्षमता आवश्यक रहन्छ। अनुवाद जटिल, कृत्रिम, आवश्यकताजनित र सृजनात्मक प्रक्रिया पनि भएकाले विशिष्ट कोटिको प्रातिभ, मेधावी, मनस्वी व्यक्तिले यसमा सफलता पाउन सक्छ। सबै अनुवादकलाई मौलिक लेखकको जस्तो सम्मानपूर्ण स्थान प्राप्त हुन सक्तैन। तर कतिपय प्रतिभाले आफ्नो सृजनशील क्षमताबाट अनुवादमा मौलिकताको स्वाद दिनसक्छन् र मौलिक स्रष्टाको प्रतिष्ठा प्राप्त गर्नसक्छन्। नेपालीमा भानुभक्त यस कोटिमा पर्दछन् र अरू पनि होलान्। शब्दानुवादमा अनुवादकले अत्यन्त सकस बेहोर्नुपर्दछ। अनुवादकमा लिप्यन्तरण, शब्द प्रतिशब्द अनुवाद, शब्दानुगामी अनुवाद, व्याख्या, विस्तरण, संक्षेपण, सांस्कृतिक पर्यवेक्षण, टिप्पणीसहितको अनुवाद, स्वभाषीकरण, गाढबन्ध, शिथिलबन्ध अनुवाद आदि अनुवादकला र प्रविधिको ज्ञान र अभ्यास हुन जरुरी देखिन्छ। कोशीय र वैयाकरणिक सन्दर्भबाट मात्रै पनि अनुवाद गर्न सकिदैन र व्यङ्ग्य, काकूक्ति, उखान, (फ्रेज), स्रोतभाषाको संस्कृतिगत विम्ब, प्रतीक, आसय, तात्पर्य आदिलाई पनि अनुवादमा ख्याल गर्नुपर्दछ।

१२. अनुवादको परम्परा र प्रस्तुत ग्रन्थ

अनुवादको लामो परम्परा रहेको देखिन्छ। वस्तुविम्बलाई मौखिक तथा लिखित शब्दविम्बमा ल्याउनु पनि अनुवाद नै हो। अव्यक्त भाव र विचारलाई शब्दमा वा शब्दले व्यक्त गर्नु पनि अनुवाद नै हो। प्रकृति जगत्का सौन्दर्य, विद्रूपता, शमता वा भीषणता आदिलाई शब्दमा उतार्नु पनि अनुवाद नै हो। प्राचीनकालदेखि नै फरक भाषाभाषी-समुदायले परस्पर सम्पर्क स्थापित गर्नुपर्दा अनुवादबाट नै काम चलाए होलान् भन्ने अनुमान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न सकिन्छ। कौटिल्य र चन्द्रगुप्तको समयमा यूनानीहरूको आक्रमणदेखि मुसलमान अधिशासन र अंग्रेजहरूको आगमनसम्म कतै न कतै अनुवादको आवश्यकता र भूमिका रहेको देखिन्छ। इशाईहरूको पश्चिमी विजयात्रामा पनि अनुवादशास्त्रले केही न केही काम गरेकै बुझिन्छ । अंग्रेजहरूको भारतवर्षको अधिशासनले अनुवादशास्त्र, अनुवादकला र अनुवाद साहित्यलाई ह्वात्तै अगाडि बढाएको अनुभव हुन्छ। प्राचीनकालदेखि नै कुनै न कुनै रूपमा साहित्य, दर्शन, ज्योतिष, धर्मशास्त्र र आयुर्वेदको अनुवादमा मानिसहरू प्रवृत्त भएको पाउन सकिन्छ।

लिच्छविकालका सबै अभिलेखहरू संस्कृतमा छन् तर मल्लकालका कैयौं अभिलेखमा संस्कृतमा लेखेर नेवारीमा सार वा श्लोकानुवाद दिएको देखिन्छ। पृथ्वीनारायण शाहको समयभन्दा अघिदेखि नै मूलतः संस्कृत भाषामा रहेका विभिन्न सामग्रीहरूलाई नेपालीमा अनुवाद गर्ने परम्पराको थालनी भएको पाइन्छ। राणाकालमा नै रामायण, महाभारत, देवीभागवत आदिको छन्दयुक्त अनुवाद र प्रकाशन गरिएको पनि देखिन्छ। रामायण, महाभारत, भागवत आदि पुराणका अनेक गद्य पद्यात्मक अनुवादहरू पाउन सकिन्छ। १४ औं शताब्दीदेखि नै ज्योतिष, धर्मशास्त्र र आयुर्वेदका पुस्तक नेपाली र अरु भाषामा अनुवाद गर्न थालिएको भेटिन्छ। नेपालका अनेक भाषा र साहित्यको विकासमा पनि ती भाषामा संस्कृतका ग्रन्थहरूको अनुवाद गरेर महनीय कार्य गरिएको छ र गर्न सकिन्छ। त्यस युगदेखि वर्तमानसम्म पनि अनुवादको परम्परा चलिरहेको छ र यो परम्परा निरन्तर चलिरहने देखिन्छ।

यही परम्पराको निरन्तरतामा डा. बद्री पोखेलज्यूले १८ महापुराणको नेपालीमा सारानुवाद गर्ने अठोट गर्नुभएको देखिन्छ । डा.पोखेलजीको पितृपरम्परामा ठूला ठूला विद्वान्हरूको आविर्भाव भएको दृष्टिगोचर हुन्छ। पोखेलजीको पुर्खा पण्डित शक्तिधर पोखेल काठमाडौं उपत्यकामा मात्र नभएर नेपालका विद्वानहरूमा ख्यातनाम हुनुहुन्छ। उहाँका अग्रज प्राडा.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋषिराम पोखेल नेपालका वेदविषयमा विद्यावारिधि गर्ने प्रथम व्यक्ति हुनुहुन्छ, वेदविषयका प्रथम प्राध्यापक पनि हुनुहुन्छ। डा. बद्रीजी विद्यार्थी अवस्थादेखि नै उत्तमकोटीका विद्यार्थी हुनुका साथै अनेक पुरस्कारहरू प्राप्तगर्दै सर्वदर्शन विषयमा आचार्य उत्तीर्ण महेन्द्रविद्याभूषण प्राप्त प्रतिभा हुनुहुन्छ । साथै अर्थशास्त्रमा विद्यावारिधिसमेत गर्नुभएका पोखेलजी अर्थशास्त्रका र नेपालको वित्तव्यवस्थाका विज्ञ पनि हुनुहुन्छ । लामो समयसम्म करिव ३२।३३ वर्षसम्म नेपाल सरकारका विभिन्न तहमा रहेर काम गरी सहसचिवबाट अवकाश प्राप्त व्यक्ति हुनुहुन्छ। उहाँ स्रोतभाषा (संस्कृत) र लक्षभाषा नेपालीको राम्रो ज्ञाता र प्रयोक्ता हुनुहुन्छ। त्यसैले उहाँले पुराणको अनुवाद गर्न कस्सिनु स्वाभाविक देखिन्छ। अर्को पनि कुरा के छ भने पुराणहरूले पौरस्त्य दर्शन र संस्कृतिको सरल तरिकाले व्याख्या र विवेचना गर्ने प्रयास गरेका छन्। डा. बद्रीजी स्वयं सर्वदर्शन विषयमा आचार्य उत्तीर्ण मात्र होइन सर्वप्रथम हुने छात्र पनि हुनुहुन्छ। त्यसैले उहाँ पुराणको अनुवाद गर्न कस्सिनु विषयगत र भाषागत हिसावले उपयुक्त देखिन्छ।

ब्रह्माण्डपुराणको अनुवाद गरिएको पाण्डुलिपि (शब्दकोशअनुसार पाण्डुलिपि भनेको मस्यौदा, खेस्रा, छपाउन हातले लेखिएको पुस्तक)को अध्ययन गर्दा सामान्य १०x७ साइजको १७४ पृष्ट र १२x८ साइजको कपीको ५४ पृष्ट गरी जम्मा २०२ पेजमा यस अनुदित ब्रह्माण्ड पुराणको प्रथम पाण्डुलिपि तयार भएको देखिन्छ। टङ्कन गरिएको डिमाइ साइजको २०८ पेज, १४४२ अनुच्छेद, ५०,४५१ शब्दमा यस ग्रन्थको कलेवर तयार भएको छ। अनुवादक बद्रीजीका हस्ताक्षर अत्यन्त राम्रो पनि भन्नु नपर्ने र नराम्रा पनि होइनन्, मध्यमकोटीका सुन्दर अक्षर छन्। बद्रीजी अनुवादको पाण्डुलिपि तयार गर्दा त्यतिधेरै केरमेट गर्न रुचाउनुहुन्न । वर्णविन्यास, वाक्यविन्यास, विभिन्न चिह्नहरूको प्रयोग आदिमा सचेत देखिनुहुन्छ । टङ्कन गरेपछि सम्पादकले मात्र हेरेर चित्त बुझाउनुहुन्न,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तिमप्रति आफैं हेर्न कस्सिनुहुन्छ। कतै महत्त्वपूर्ण अंश छुट्यो कि वा कतै गौण विषयको अनावश्यक विस्तार भयो कि, कतै विषय दोहोरिए कि भनेर पनि मूलपुस्तक, पाण्डुलिपि र टङ्कनप्रतिलाई तुलना गरी प्रदान गरिएको सुझाव अनुसार पनि आवश्यक ठाउँमा परिष्कार, परिमार्जन, संकुचन वा विवर्द्धन आदि गरी अध्यायगत अङ्गविन्यासमा समेत सन्तुलन ल्याउन प्रयत्न गरिएको छ । सम्पादन गर्दा वर्णविन्यास, वाक्यविन्यास, पदसंगति, वाक्यसंगति, विषयसंगति, वर्णव्यत्यय, पदव्यत्यय, विभिन्न लेख्य चिह्नको अभाव वा व्यत्यय, अनुच्छेद रचना, खण्ड र अध्यायरचना, अध्यायगत सन्तुलन, दोहोरिएका अंशको कटौती वा संक्षेपीकरण, विस्तृतीकरण, अङ्गसमन्विति आदिलाई पनि यहाँ हेरिएको छ। पाण्डुलिपि र कम्प्युटर प्रतिमा कतै पङ्क्ति वा अनुच्छेद नै पनि छुट्न सक्छ, कतै तलमाथि पर्न सक्छ ती कुरालाई पनि सम्परीक्षण गरिएको छ। सम्पादन राम्रोसंग होस् भनेर प्रयत्न गर्दागर्दै पनि त्रुटिहरू रहन सक्छन्, रहेका होलान्, त्यसलाई सुझाव पाएमा आगामी दिनमा सुधारको प्रयास हुनेछ।

१३. निष्कर्ष

डा.बद्री पोखेलबाट अनुवाद गरिएको प्रस्तुत ब्रह्माण्डपुराण १८ औं नम्बरमा समावेश गरिएको पाइन्छ। पुराण प्राचीन साहित्यभित्र पर्दछ। वेदका ६ अङ्गको उल्लेख गर्दै ४ उपाङ्गमा पुराणको उल्लेख गरेकाले र वेद, ब्राह्मण, उपनिषद् आदि प्राचीन ग्रन्थमा नै पुराणको उल्लेख भएकाले पुराणको प्राचीनता सिद्ध हुन्छ। पुराणमा सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरित जस्ता प्रमुख विषय र धर्म, अर्थ, काम र मोक्ष जस्ता विषयको प्रतिपादन गरिएको पाइन्छ । पुराणमा वेदका विभिन्न सन्दर्भहरूको सरलीकरण, आख्यानीकरण, प्रतीकीकरण, विम्बीकरण, मानवीकरण आदि गरेर कतै सामान्योक्ति, कतै विशेषोक्ति कतै अतिसयोक्ति आदि गरेर वर्णन गरिएको पाइन्छ। प्रस्तुत ब्रह्माण्डपुराण ४ पाद, १५६ अध्याय, १२,००० श्लोकमा फैलिएको छ र यस पुराणलाई नेपालीमा सारानुवाद गरी डा. पोखेलजीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल र विश्वभर फैलिएर रहेका पुराणका विषयमा जानकारी लिन चाहने नेपाली पाठकहरूलाई सहज तुल्याइदिनुभएको छ। वहाँको स्तुस्त्य कार्य नेपाली समाजको लागि अनुकरणीय हुनेछ। डा.बद्री पोखेल यस गहन कार्यका लागि धन्यवादका पात्र हुनुहुन्छ।

सन्दर्भ-सामग्री

उपाध्याय, रामजी (सन् १९६६), *प्राचीन भारतीय साहित्य की सांस्कृतिक भूमिका,* इलाहबाद : देवभारती प्रकाशन।

कृष्णकुमार, (सन् २००१), *प्राचीन भारतका सांस्कृतिक इतिहास,* दिल्ली : श्रीसरस्वती सदन।

केशवानन्द (२०७७) (*वैद्युत) संस्कृत-शब्दकोश,* (आप्टे संस्कृत-हिन्दी, शब्दकल्पद्रुम र वाचस्पत्यम् सहित) काठमाडौं, केशवानन्द।

खत्री, प्रेमकुमार (सं. २०५५), *उत्पत्ति : मानवसभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र।

गोयल, श्रीराम (सन् १९६१), *प्रागैतिहासिक मानव और संस्कृतियाँ,* गोरखपुर : गोरखपुर विश्वविद्यालय।

गैरोला, वाचस्पति, (सन् १९७५), *संस्कृत साहित्य का इतिहास,* वाराणसी : चौखम्बा विद्याभवन।

---------- (१९८९), *वैदिक साहित्य और संस्कृति,* (दो.सं.) बनारस : चौखम्बा प्रकाशन।

चतुर्वेदी, गिरिधर शर्मा (विसं २०२७), *पुराण-परिशीलन,* पटना, विहार-राष्ट्रभाषा-परिषद्।

चित्राव, सिद्धेश्वरशास्त्री (वि.सं. २०२१), *भारत वर्षीय प्राचीन चरित्रकोश,* पुना : भारतीय चरित्रकोश मण्डल।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोशी, हरिराम (२०३७), *हाम्रो संस्कृति,* काठमाडौँ, श्री ५ को सरकार ।

ढकाल, वेणीमाधव (२०५०), *लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्,* काठमाडौं, प्रभालक्ष्मी राणा ।

देवकोटा, माधवप्रसाद (२०३०), *ईशादि नौ उपनिषद्,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी वासुदेव, पोखेल, बालकृष्ण र वल्लभमणि दाहाल (सम्पा.२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : ने.रा.प्र.प्र. ।

पोखेल, बालकृष्ण (२०४३), *पाँचसय वर्ष,* ललितपुर, साझाप्रकाशन ।

पौडेल, देवराज (२०५८), *आपस्तम्ब-धर्मसूत्र,* काठमाडौं, ने.रा.प्र.प्र. ।

बराल, टीकादत्त २०६८), *तत्सम नेपाली व्युत्पत्ति शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टाचार्य रामशङ्कर (सन् १९६५), *पुराणगत वेदविषयक सामग्रीका समीक्षत्मक अध्ययन,* प्रयाग, मोहनलाल भट्ट।

विलियम मोनियर (१९८५), *ए डिक्स्नरी इंग्लिश संस्कृत,* दिल्ली, मोतिलाल बनारसीदास) ।

वेत्तममणि (सन् १९७५), *पुराणिक इन्साइक्लोपेडिया,* बनारस : मोतीलाल बनारसीदास ।

वेदव्यास (सन् २०१६), *ब्रह्माण्डमहापुराण,* गोरखपुर : गीताप्रेस ।

शर्मा, गङ्गा सहाय (सन् १९९८), *ऋग्वेद* (हिन्दी अनुवाद), दिल्ली : संस्कृत साहित्य प्रकाशन ।

शर्मा, वासुदेव (सन् १९१७), *ईशाद्यष्टोत्तरशतोपनिषद्;* मुम्बई : तुकाराम जावाजी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड पुराण-परिचय र कृतज्ञता

संस्कृति, ज्ञान, विज्ञान, साहित्य, धर्म आदिको लौकिक श्रोतग्रन्थ पुराण हो । संसारमा धेरै किसिमका संस्कृतिहरू प्रचलनमा छन् तापनि सबैभन्दा प्राचीन संस्कृति वैदिक सनातन संस्कृति हो । स्वयं पाश्चात्य विद्वानहरू पनि श्रुतिक्रमबाट सुरक्षित हुँदैआएको प्राचीन वेद-साहित्य र त्यसको आधारमा बनेको संस्कृतिलाई स्तुत्य र प्राचीन मान्दछन् । अहिलेसम्म पनि वेद कहिले र कसले प्रतिपादन गऱ्यो, कसैले निर्क्यौलगर्न सकेको छैन । सनातन मान्यताअनुसार वेदका प्रणेता स्वयं परमात्मा हुनुहुन्छ र स्मरणकर्ता स्वयं चतुर्मुखी ब्रह्मा हुनुहुन्छ -

न कश्चित् वेदकर्ता स्यात् वेदस्मर्ता चतुर्मुखः

वेदो नारायणः साक्षात् स्वयम्भूरिति सुश्रुमः - पाराशर स्मृति

वेद ईश्वर निर्मित हो वा होइन भन्ने चर्चा यतिखेरको विषयवस्तु होइन, तरपनि प्रत्येक धर्मावलम्वीहरू आ-आफ्ना धर्मग्रन्थहरूलाई समाजमा स्थापितगर्न ईश्वर-प्रणीत नै मान्दछन् । कुनै पनि धर्मका सिद्धान्तहरूलाई ईश्वरीय आदेश सावित गर्न सकिएमा सामाजिक व्यवस्था सुचारुगर्न सजिलो पर्छ भन्ने नै यसको उद्देश्य देखिन्छ । यसक्रममा वेदको महत्त्वको चर्चागर्दा वेदको प्राचीनतामा र वेद-प्रतिपादित विषयमा कुनै पनि धर्मावलम्वीहरूले प्रश्नगर्न नसकेकाले वेदको अनादिता र महत्वका सम्बन्धमा कुनै शंका वा अस्पष्टता छैन । वेदको आधारमा उपवेदहरू (आयुर्वेद, धनुर्वेद, गान्धर्व वेद), ब्राह्मण र आरण्यकग्रन्थ, उपनिषद् साहित्य आदिको रचना भयो । त्यसपछि पनि वेदका विषयहरूलाई लौकिक भाषामा श्रुतिमधुर बनाउन र उदाहरणकासाथ सरल बनाउन पुराणहरूको रचना भएको पाइन्छ । त्यसैले वेद र स्मृतिभन्दा पछाडि पुराणहरू नै आस्तिक जगतका प्रामाणिक शास्त्र मानिन्छन् । ज्ञान, कर्म र उपासनाका सिद्धान्त, विधि र कार्यान्वयन पुराणले नै गराउँदै आएका छन् । वेदको अर्थबोधगर्न पुराणले नै पुरापुर मद्दत गरिरहेको पाइन्छ ।

काव्यशास्त्रका महापण्डित मम्मटले उपदेश ३ किसिमका हुने बताएका छन् - गुरुसम्मित, मित्रसम्मित र कान्तासम्मित । उनकाअनुसार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरु, मित्र र पत्नीले सल्लाह, सुझाव दिन सक्तछन् । तीमध्ये गुरुको उपदेश राजाज्ञा समान हुन्छ भने मित्र र कान्ताको उपदेश मार्गदर्शक र सुझावपरक हुन्छ भनिन्छ । वेदका विषयहरू गुरुसम्मित हुन्छन् त्यसैले आदेशात्मक हुन्छन् । वेदको अर्थलाई सरलसंग बुझ्न र बुझाउन पुराणहरूको आविर्भाव भएको हो । आदिदेव नारायण नै द्वापर युगमा पराशर र सत्यवतीका छोराको रुपमा व्यास भएर जन्मनुभई पुराणको रचना गर्नुभएको तथ्य ब्रह्मपुराणले स्पष्ट गरिदिएको छ -

विस्ताराय च वेदानां स्वयं नारायणः प्रभुः

व्यासरुपेण कृतवान् पुराणानि महीतले - ब्र. पु १।१५

यसैले पुराण सनातन वैदिक साहित्यको अतिप्राचीन अमूल्यनिधि हो । पुराण भूतकाललाई वर्तमानसंग मिलाउने सुवर्णमय श्रृंखला पनि हो । महापुराण, पुराण, उपपुराण, औपपुराण, उपौपपुराण गरेर पुराणहरू ९० वटा छन् भनिए तापनि महापुराणहरू १८ वटा छन् - ब्रह्म, पद्म, विष्णु, शिव, भागवत, नारद, मार्कण्डेय, अग्नि, भविष्य, ब्रह्मवैवर्त, लिङ्ग, वराह, स्कन्द, वामन, कूर्म, मत्स्य, गरुड र ब्रह्माण्ड । यी सबै महापुराणले मूलतः पाँचवटा विषयहरूको वर्णन गरेका छन् - सृष्टि, प्रलय, वंशवर्णन, मन्वन्तर र वंशानुचरित । यसैले पुराणका पाँच लक्षण छन् भनिएको छ -

सर्गश्च प्रतिसर्गश्च वैशो मन्वन्तराणि च

वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् - ब्र पु १।१।३७/३८

पुराणले वर्णन गरेका विषयहरूमा इतिहास, आख्यान, धर्मशास्त्र, आयुर्वेद, अर्थशास्त्र, राजनीति, योग, विज्ञान, ज्योतिष, वास्तुकला, नृत्यकला, संगीत, यौनकला, जीवनदर्शन, साहित्य आदि सबै पर्दछन् ।

ब्रह्माण्ड पुराणकाविषयहरू

१८ महापुराणहरूमा ब्रह्माण्ड महापुराणलाई १८ औं स्थानमा लिइएको छ । पुराणलाई सात्विकी (नारद, विष्णु, भागवत, गरुड, पद्म, वराह), राजसी (ब्रह्म, ब्रह्माण्ड, ब्रह्मवैवर्त, मार्कण्डेय, भविष्य, वामन) र तामसी (मत्स्य, कूर्म, लिङ्ग, स्कन्द, अग्नि, शिव) का रूपमा वर्गीकरणगर्दा ब्रह्माण्ड पुराण राजसी पुराणभित्र पर्दछ । ब्रह्माण्ड पुराणमा ४ पाद छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- प्रक्रिया, अनुषङ्ग, उपोद्घात र उपसंहार । तीमध्ये पहिलो दुई पादलाई पूर्वपाद, तेश्रोलाई मध्यमपाद र चौथोलाई उत्तरपाद भनिन्छ । ब्रह्माण्ड पुराणमा करिव १२ हजार २ सय श्लोक छन् । यो पुराणको पूर्वभागमा ३८, मध्यभागमा ७४ र उत्तरभागमा ४४ अध्याय छन् ।

ब्रह्माण्ड पुराणका विशेषता

ब्रह्माण्ड पुराणले अरु महापुराणहरूले गरेकोभन्दा महत्वपूर्ण विषय अतीतको मात्र व्याख्या नगरेर भविष्यमा आउने युगहरूको पनि वर्णन गरेको छ। साथै, उत्तर भागको उपसंहार पाद अन्तर्गत ललितोपाख्यान बताइएको छ । ललितोपाख्यान अन्तर्गत भाण्डासुर, ललितादेवी, मोहिनी, मदनकामेश्वर, करङ्ग, कुरुण्ड, बलाहक, मन्त्रराजसाधन आदि चरित्र र विषयहरू छन् ।

ब्रह्माण्ड पुराणमा विज्ञान

आजको समाज अनुमान, उपमान, शब्द आदिलाई प्रमाण मान्न गाह्रो मान्दछ । प्रत्यक्षलाई नै प्रमाण मान्न रुचाउछ । त्यसैले पुराणमा वर्णनभएका विषयलाई पनि प्रयोगशालामा परीक्षणगरेर देखाउने चुनौती अगाडि आएको छ । परमाणुवादका सिद्धान्तदेखि लिएर ईश्वरतत्व (God Particle) सम्मका विषय यस पुराणमा दर्शाइएका छन् । प्रकृतिका तीन तत्व सत्व, रज तम नै परमाणु सिद्धान्तका प्रोटिन, न्यूटन र इलोक्ट्रोन हुन् । किनभने प्रोटिन धनात्मक, न्यूटन ऋणात्मक र इलेक्ट्रोन उभयमुखी हुन्छ । प्रोटिन र न्यूटनको कारणले संसारका सबै वस्तु चलायमान छन्, स्थीर छैनन् भन्ने देखाउँछ । यस्तै पुराणले ग्रहहरूको दूरी, सूर्य-चन्द्रको अवस्था, गर्भपिण्ड आदिको पनि वर्णन गरेकोछ । पुराणले गरेको वर्णन आधुनिक विज्ञानसंग अधिकांश मेल खान्छ । यस्ता अनगिन्ती पौराणिक विषयहरू आधुनिक विज्ञानले कीटान गरेका सिद्धान्त, सूत्र र तथ्यहरूसंग हुबहु मिल्दछ। यसैले पनि पौराणिक विषयहरूको आधिकारिकतावारे थप अध्ययन र अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

प्रस्तुत सारांशग्रन्थले ब्रह्माण्ड पुराणका सम्पूर्णका विषयहरूलाई समेट्ने प्रयास गरेको छ । तरपनि, सारांशमा पुराणमा वर्णित सबै विषय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समेट्न कठिनहुने तथ्य विद्वान्हरूमा अवगतै छ । त्यति हुँदाहुदै पनि प्रस्तुत सारांशग्रन्थले ब्रह्माण्ड पुराणलाई बुझ्न मद्दतगर्छ भन्ने विश्वास लिएको छु ।

कृतज्ञता

ब्रह्माण्ड पुराणको प्रस्तुत सारांशग्रन्थ पढेर भूमिका लेखिदिनुहुने जयतु संस्कृतम्का उपाध्यक्ष प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटा एवं जरो किलो प्रतिष्ठान नेपालका अध्यक्ष डा.निर्मलमणि अधिकारीलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी सम्पादनभूमिका लेखेर सारांशग्रन्थको महत्त्व उजागर गरिदिनुहुने विद्वानमित्र एवं जयतु संस्कृतम्का सदस्यसचिव डा. नवराज कट्टेलप्रति धन्यवाद अर्पण गर्दछु । पुराणग्रन्थको अध्यायगत सारांश तयार गर्दा उठेका शास्त्रीयविभेद र दुविधाका गाठा फुकाइदिने विद्वान दाजु प्रा.डा.ऋषिराम पोखरेल, डा. हरिहर प्रदीप घिमिरे, डा. मुकुन्दप्रसाद लामिछानेप्रति पनि कृतज्ञता व्यक्त गर्दछु। लामो समयदेखिको पुराणअनुशीलनको काममा सहयोग पुऱ्याउदै आएकी श्रीमती उर्मिला पोखेल, कम्प्युटरमा सहयोगी हिरादेवी नेपाल, पुराणग्रन्थको भाषा-सम्पादनमा सहयोग पुऱ्याउने वयोवृद्ध विद्वान् वेदप्रसाद पन्थ, वितरणमा सहयोग पुऱ्याउने उत्साही युवा उद्धवकुमार घिमिरे एवं राम रञ्जन पौडेललाई पनि धन्यवाद दिन्छु । १८ पुराणकै लेखनदेखि प्रकाशनसम्म सहयोग पुऱ्याउदै आएका छोरा डा. भूपेश, उमेश र छोरी गीतालाई पनि धन्यवाद दिन्छु ।

अन्तमा, प्रस्तुत सारांशग्रन्थको प्रकाशन गरेर समाजमा पुराणमार्फत अध्यात्मज्ञानको सञ्चार गराउन प्रयास गरेकोमा जयतु संस्कृतम् संस्था र त्यसका सम्पूर्ण सदस्यहरूप्रति पनि कृतज्ञता व्यक्तगर्दछु ।

डा. बद्री पोखेल
मुसेगणेश, सानो मिश्रगल्ली
चावहिलवहाल, काठमाडौं
फोन ९८५१००२९९५
Email- badripp@gmail.com

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड महापुराण

पूर्वभाग प्रक्रियापाद : १

१. ब्रह्माण्ड पुराणका विषयहरू

मंगलाचरण

सृष्टि, स्थिति र विनाशमा स्वयं नै सत्व, रज र तमोगुणको रूपमा रहनुहुने परमात्मालाई नमस्कार छ। जुन प्रभुपरमेश्वर अजन्मा, विश्वरूपधारी, सत्व, रज, तमो गुणदेखि भिन्न, अजरता अमरता जस्ता गुणले सम्पन्न हुनुहुन्छ, जुन परमात्मा अपराजेय हुनुहुन्छ, शत्रुविजय गरी त्रिलोकको रचना र रक्षा गर्नुहुन्छ, उनै विश्वकर्ता, विश्वभर्ता, विश्वहर्ता प्रभुलाई प्रणाम गर्दछु। उनै लोकसाक्षी भगवान्लाई पुराण जान्न इच्छा गर्ने म वारम्वार नमन गर्दछु। उनै परमात्माको ध्यान गर्दछु।

पुराणको ज्ञान सर्वप्रथम प्रजापतिले वसिष्ठलाई, वसिष्ठले नाती पराशरलाई, पराशरले जातुकर्ण्यलाई, जातुकर्ण्यले द्वैपायनलाई, द्वैपायनले जैमिनि, सुमन्तु, वैशम्पायन, पैल र लोमहर्षण नामका श्रेष्ठ शिष्यलाई दिएर र पढाएर प्रचारमा ल्याउनुभएको थियो।

एकपटक सूत पौराणिक कुरूक्षेत्र गएको वेलामा त्यहाँ रहेका ऋषिहरूले उहाँसंग ज्ञानको याचना गरे। सूतले पनि ऋषिहरूको श्रद्धा र इच्छाबाट प्रफुल्ल भएर प्रजापतिबाट प्राप्त ब्रह्माण्ड महापुराण वसिष्ठको उपस्थितिमा कुरूक्षेत्रवासी ऋषिहरूलाई सुनाउनुभएको थियो। सूतले नैमिषारण्यका ऋषिहरूलाई जैमिनिले बताएको पुराणको सार र वर्णन पनि वसिष्ठले नैमिषारण्यमा बताउनु भए अनुसार नै बताउने प्रतिवद्धता देखाउनुभयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड पुराणमा प्रक्रिया, अनुषङ्ग, उपोद्घात र उपसंहार चार पाद छन्। ती चार पादमा बताइए अनुसार ब्रह्माजीका ४ मुखबाट ४ वेद निस्किएका थिए। ब्रह्माण्ड पुराणका अनुसार ब्रह्माण्डमा देखिने पृथ्वी, जल, तेज, वायु र आकाश प्रकृति हुन्। अव्यक्त कारण पराप्रकृति हो जुन सत् र असत् दुवै प्रकारको हुन्छ। प्रकृतिमा परमात्माबाट गर्भाधानभई कालान्तरमा हिरण्यगर्भ ब्रह्माण्ड बन्यो। त्यो हिरण्मय अण्ड ब्रह्माको उत्तम सृष्टि हो। यसै अण्डमा विराट स्वरूप रहेको छ। यो अण्डलाई समुद्रले वेरेको छ। जलमा नै ब्रह्माण्डको स्थिति छ। जुन ब्रह्माण्ड आफुभन्दा १०-१० गुना विशाल जल, अग्नि, वायु, आकाशबाट वेरिदै गएको छ। आकाश अहं तत्वमा, अहं तत्व महत्तत्वमा, महत्तत्व अव्यक्त प्रकृतिमा आवृत्त भएका छन्। अर्थात् यी सबै प्रकृतिबाट वेष्टित छन्। यसै क्रममा पञ्चमहाभूत, कल्प, ब्रह्माण्ड, अव्यक्तब्रह्मको अवस्था, नगर एवं वस्तीको वर्णन, स्वर्गादि सात लोक, अतल, वितल, सुतल, तलातल, रसातल, महातल, पाताल समेतका सप्त पाताल, ती लोकमा रहने देवर्षि, मनुष्य, ग्रह, नक्षत्र, पशुपन्छी, असुर, नाग, नरक, वर्ण र आश्रम व्यवस्था आदिको वर्णन गरिएको छ। यसैगरी पुराणमा भगवान्को स्वरूप, ब्रह्माबाट सुरु भएको सृष्टिक्रम पनि बताइएको छ।

यस पुराणमा पुण्यवान् र पापीहरूको अवस्था, दक्ष र दक्षयज्ञ विनाश, राजा प्रियव्रत, मनु आदिको चरित्र, द्वीप, पर्वत, समय, चन्द्रमा, ग्रह आदिको वर्णन छ। त्यस्तै इलापुत्र पुरूरवा, द्वापर र कलि, सनकादि मुनिहरू, नारद आदि ऋषिहरू, मन्वन्तर, दशप्रचेता, यदु आदिको सृष्टिक्रम वर्णन पनि ब्रह्माण्ड पुराणमा गरिएको छ। यस्तै महेन्द्र आदि पर्वत, मानसरोवर आदि क्षेत्रहरूको वर्णन पनि पुराणमा भएको छ। सूर्य र सूर्यको रथ, रथमा वस्नुहुने देवता, द्वादशादित्य, ऋषि, गन्धर्व, अप्सरा, ग्रामणी, सर्प, राक्षसको पनि वर्णन भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस अध्यायको अन्तमा पुराण पाठ-फल बताइएको छ। यो पुराण नै नारायण हो । इतिहास र पुराणमा वेदको व्याख्या भएको छ । (इतिहासपुराणाभ्यां वेदं समुपवृंहयेत् । विभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति । ब्र पु पू भा १।१७१) । सृष्टिकालमा भएको व्यवस्था नै संहारकाल पछि पुनरावृत्ति हुन्छ । अर्थात् प्रलयकालमा सुतेर पुनः सर्गकालमा थकान मेटेपछि पुनः सृष्टिको आरम्भ हुन्छ। (संसर्गकाले ऽपि करोति सर्गं संहार काले च यो वास्तिभूयः । १।१७४) ।

२. नैमिषारण्य वर्णन

सूत पौराणिकसँग कुरूक्षेत्रमा ऋषिहरूले सोधे– हे गुरु ! हजुर सर्वविद् हुनुहुन्छ, यो संसारको सृष्टिगर्ने शक्तिमान् भगवान्ले कस्तो यज्ञ गर्नुभएको थियो ? सूतले भन्नुभयो – शक्तिमान् भगवान्ले गर्नलाग्नुभएको यज्ञ उत्तम र अपूर्व थियो । हे ऋषिहरू ! संसार सृष्टि गर्ने इच्छा भएपछि भगवान्ले गर्नलाग्नुभएको विशिष्ट यज्ञमा प्रजापति ब्रह्मा र इडा ब्रह्माकी पत्नी वन्नुभयो । कार्य सम्पादन मृत्युले गरे । त्यो यज्ञ कहाँ गर्ने भन्ने प्रसंगमा नेमि (चक्र) ले निर्धारण गरेको स्थान नैमिषारण्यमा गर्ने गरी क्षेत्र निर्धारण गरियो । नैमिषारण्यमा गोमती नदी वग्छिन् । गोमतीकी पुत्री रोहिणी हुन् । वसिष्ठ र अरून्धतीबाट जेठा छोरा शक्ति उत्पन्न भए । त्यस राज्यका राजा कल्माषपाद (सौदास) इन्द्र वरावर शक्तिशाली थिए । त्यसैवेला विश्वामित्र र वसिष्ठका बीच वैरभाव उत्पन्न भयो। अदृश्यन्तीको गर्भबाट जन्मिएका पराशरद्वारा वसिष्ठ पराजित हुनुभएको थियो ।

पुरूरवा र उर्वशी भगवान्को यज्ञमा आए । त्यहाँ भएका रत्नहरू देखेर राजा लोभिए । त्यो देखेर ऋषिहरूले राजालाई कुशवज्रले हिर्काएर मारिदिए । उनैका छोरा, जो नहुष राजाका पिता थिए, ले ऋषिहरूसंग संझौता गरे । भगवान्ले गर्नलाग्नुभएको त्यो यज्ञ १२ वर्षसम्म सञ्चालन भएको थियो । त्यो यज्ञ विश्वश्रष्टा ऋषिहरूबाट सम्पन्न भएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञमा पितृ, सिद्ध, गन्धर्व आदि उपस्थित भै मन्त्रपाठ भएको थियो । यज्ञमा वाधा गर्नेहरूलाई शक्ति, बुद्धि, क्रिया र योगद्वारा परास्त गरेर यज्ञ सम्पन्न गरिएको थियो । यज्ञान्तमा लाखौं राशीको दानदक्षिणा दिइएको पनि उल्लेख छ । त्यसै यज्ञमा वायु (वातारणि) ले ऋषिहरूलाई सृष्टिवारे बताउने उपक्रमको प्रारम्भ गरे ।

३. हिरण्यगर्भोत्पत्ति वर्णन

सूत पौराणिक नैमिषारण्यवासी ऋषिहरूलाई भन्नुहुन्छ – उल्लेखित अध्यायमा प्रस्तुत भएको वायुद्वारा उपदिष्ट यो ब्रह्माण्ड पुराण नै म तपाईं ऋषिहरूलाई सुनाउँदछु । यति भनेर सूतले भगवान्को स्मरण गरे । सूतले भने - मैले पनि सुनेको कुरा हो । सुनेको कुरा बताउनु अघि प्रधान पुरूषलाई पनि प्रकट (उत्पन्न) गर्ने अजन्मा भगवान्लाई नमस्कार गर्दछु ।

जुन भगवान् एकबाट अनेक हुँदा ब्रह्म, जीवरूपमा शरीरमा बसेर विस्तार गर्नेहुँदा पुरूष र क्षेत्रज्ञ पनि भनिन्छ । त्यसै तत्त्वलाई साकार सृष्टिविस्तार गर्ने बीज ब्रह्मा वा विधाता पनि ब्रह्म वा अजन्मा भगवान्लाई नै भनिन्छ । उनै ब्रह्मबीजबाट हिरण्यगर्भ (ब्रह्माण्ड)को उत्पत्ति भएको हो ।

महत्तत्व पञ्चमहाभूतभन्दा पृथक छ । अजन्मा भगवान् प्रधान र प्रकृति स्वरूप हुनुहुन्छ । प्रधान र प्रकृति गन्ध, रूप, रस, शब्द र स्पर्श भन्दा भिन्न छ । प्रकृति संसारको योनि हो, यसै योनिबाट प्राणी सृष्टि हुन्छ । त्यो सृष्टि महाभूत हो । पृथ्वी, जल, तेज, वायु, आकाश पञ्चमहाभूत हुन् । यिनलाई उत्पन्नगर्ने प्रकृति महाभूत हुन् । प्रकृति आदि, अजन्मा र सूक्ष्म छ । त्यो प्रकृति सत्व, रज, तम गुणवाला पनि छ । त्यसै बह्माण्डमा स्थावर जंगम आदि विविध प्राणीहरूले भरिएको भूलोक, ग्रह, नक्षत्र, तारामण्डलले युक्त भुवर्लोक, इन्द्रादि दशदिक्पालहरूले युक्त स्वर्गलोक लगायतका १४ लोकहरू रहेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत भन्नुहुन्छ - हे ऋषिहरू ! प्रकृतिको ब्रह्माण्ड तमोमय छ। सृष्टिको समयमा क्षेत्रज्ञ पुरूष (जीव) प्रकृतिमा निष्ठित हुन्छ। महत्तत्व बुद्धिलाई पनि भनिन्छ। सत्वगुणबाट मात्र महत्तत्वलाई बुझिन्छ। यो प्राकृत सृष्टिको यथार्थ बुझेमा आयु, कीर्ति आदि प्राप्त हुन्छ।

भोग सम्बन्धको कारणले आत्मा प्रकृतिसँग संयोजित हुन्छ। २४ तत्त्व प्रकृतिको अधिनमा हुन्छ। प्रकृतिलाई बुझ्ने आत्मा नै पुरूष हो। यो नै ब्रह्मरूप हो। प्रकृति र ब्रह्मको संयोजन नै हिरण्यगर्भको उत्पत्तिको कारण हो। तर यो संयोजन आकाशमा विजुली चम्किए सरह क्षणिक हुन्छ। हिरण्यगर्भलाई चिन्न सक्दा आयु, कीर्ति र धनवान् बन्न सकिन्छ।

४. भगवान्का काम र रूप

सृष्टिको निमित्त पुरूष (आत्मा) र प्रकृतिको विकार रहुञ्जेल प्रकृति र पुरूषको सम्बन्ध समान धर्मितामा आधारित हुन्छ। गुणहरूको परस्परमा विलय हुनु नै प्रलय हो भने गुणहरूको विस्तार हुनु सृष्टि हो। सृष्टिकार्य समाप्त भएपछि प्रधान र पुरूष छुट्टाछुट्टै धर्तीका रूपमा रहन थाल्दछन्। प्रकृति सत्त्वरूपा, रजोरूपा र तमोरूपा हुन्छिन्। सत्व र तमोगुणको समानता हुँदा प्रलय हुन्छ भने अधिकता हुँदा सृष्टि हुन्छ। सत्त्वलाई विष्णुरूपा, रजलाई ब्रह्मरूपा र तमलाई रूद्ररूपा पनि भनिन्छ। यिनै तीन लोक पनि हुन्। वेद र अग्नि पनि हुन्। ब्रह्मा, विष्णु र महेश्वरका कामगर्ने यिनै एक परमेश्वर हुन्। यसैले यी तीन गुणभएका ब्रह्मा, विष्णु र रूद्रलाई प्रजापति पनि भनिएको हो। सृष्टिको समयमा विष्णु रजको प्रकाशक हुनुहुन्छ, तमका प्रकाशक विष्णु काल बन्नुहुन्छ, सत्वका प्रकाशक विष्णु पालकका रूपमा रहनुहुन्छ। उत्पत्तिकालमा प्रकृतिले जीवको उत्पत्ति गर्छिन्। सत्त्वमा तमको अधिकता हुँदा प्रलय हुन्छ। त्यसैले सांख्य दर्शनमा असत्बाट सत्को उत्पत्ति हुन्छ भनिएको छ। स्वयम्भू भगवान्का तीन रूप छन्। पानीलाई नार र पानीमा वस्नुहुने भएकाले नारायण मानिएका उनै परमात्माले सृष्टि, पालन र नाश आफैं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुहुन्छ । तिनै परमात्मा हिरण्यगर्भको रूपमा स्वयं पादुर्भाव हुनुहुन्छ । अनेकौं कल्प बितेपछि ब्रह्मको एक परार्द्ध हुन्छ । त्यसैलाई ब्रह्मकल्प भनिन्छ । त्यसपछि अरू कल्पहरू आउँछन् ।

५. नारायण स्वयम्भूबाट सृष्टिप्रारम्भ/लोक निर्माण

सबै स्थावर र जंगमको विनाश भएपछि पृथ्वीतलमा पानी मात्र देखापऱ्यो । त्यहाँ सहस्रपाद ब्रह्माको उत्पत्ति भयो । पानी (नार) लाई अयन (ओछ्यान) बनाएकाले त्यो स्वयम्भू ब्रह्मालाई नारायण भनियो । जलक्रीडा गरिरहनुभएका नारायणले पृथ्वी डुबेको देख्नुभयो । डुवेकी पृथ्वीलाई उद्धारगर्ने इच्छा गरेर वराहरूप लिनुभयो । जलमा प्रवेश गर्नुभयो । त्यसवेला वराहको शरीर १० योजन चौडा र १०० योजन अग्लो थियो । उहाँले रसातलबाट पृथ्वीलाई उद्धारगरेर पानीमा राख्नुभयो । त्यसवेला ठूलो वायु बहेर पृथ्वीको केहीभाग पर्वत बन्यो । भगवान्ले पृथ्वीलाई ७ द्वीप बनाउनुभयो । सबै द्वीपमा प्रजाको कल्पना गर्नुभयो र विश्वकर्माको माध्यमबाट प्रजाको रचना गर्नुभयो । भगवान्ले नै प्रधानतत्व, पञ्चपर्वा (तम, मोह, महामोह, तामिस्र, अन्धतामिस्र) अविद्याको उत्पत्ति गर्नुभयो । तमोगुण प्रधान भएको अवस्थामा अज्ञानी, जड, पृथ्वी, पर्वत, वृक्ष, वनस्पति, अन्न, औषधी आदि उत्पत्ति भए । सत्वगुण प्रधान हुँदा बुद्धिमान् उर्ध्वस्रोता ज्ञानी, देवताहरू पैदा भए । त्यसपछि साकार भौतसर्ग (सृष्टि) भयो । महत्तत्वबाट पञ्चतन्मात्राको आधारमा आकाश, वायु, अग्नि, जल र पृथ्वी उत्पन्न भए । महत्तत्व प्रथम, तत्मात्रा दोश्रो, वैकारिक तेश्रो सर्ग बन्यो । यसैलाई भूतसर्ग भनियो । यसरी, उनै स्वयम्भुबाट देवता, पितृ, ऋषि, सनत्कुमार, सिद्ध, गन्धर्व, यक्ष, पिशाचहरू सृष्टि भए । कुल रूपमा प्राकृत सर्ग ४, वैकृत सर्ग ५ र उभय सर्ग १ समेत गरेर १० किसिमका सर्ग भए । यसै सृष्टिभित्र परमाणुदेखि परार्द्धसम्मको कालमान पनि निर्धारण भयो । यसै कालमानका आधारमा सबै प्राणीको आयु निर्धारण हुनथाल्यो । यिनै देवतापितृ तथा भृगु आदि ९ प्रजापतिद्वारा प्राणी जगत्को विस्तार हुनपुग्यो । सृष्टिकै क्रममा सृष्टिकर्ता ब्रह्माको संकल्पबाट प्राण अंशबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षप्रजापति, चक्षु अंशबाट मरीचि, हृदयबाट भृगु, शिरबाट अंगिरा, कानबाट अत्रि, उदानबाट पुलह, व्यानबाट पुलस्त्य, समानबाट वसिष्ठ, अपान वायुबाट क्रतु उत्पन्न भए। ब्रह्माको जेठो छोरा हृदयबाट उत्पन्न भएका धर्म हुन् भने अधर्म पृष्ठभागबाट उत्पन्न भएका मानिएका छन्। यसैगरी क्रोधबाट रूद्र उत्पन्न भएका हुन् भने सनतकुमारहरू सबैभन्दा पहिले मनबाट उत्पन्न भएका थिए। यसैगरी मुखबाट देवता, छातीबाट पितृ, जननेन्द्रियबाट मानिस, जघनबाट असुर सृष्टि भए। आदि सृष्टिको समयमा जे जे काम र प्रकृति थियो पछिल्ला सृष्टिहरूमा पनि त्यै त्यै काम र प्रकृति बन्दै गयो।

ब्रह्मणस्तु प्रजासर्गं देवर्षि पितृमानवं

पुनः सृजति भूतानि चराणि स्थावराणि च। यक्षान् पिशाचान् गन्धर्वान् सर्वशो ~ प्सरसस्तथा

नर किन्नररक्षांसि वयःपशु मृगोरगान्। अव्ययं वाव्ययं चैव द्वयं स्थावरजंगमम्

तेषां ते यान्ति कर्माणि प्राक्सृष्टानि स्वयम्भुवा। तान्येव प्रतिपद्यन्ते सृज्यमानाःपुनःपुनः

ब्र म पु १।५।८९-९२

यसरी सृष्टि भएका प्राणीहरू निष्काम र स्वकर्म फलअनुसार स्वर्गादि उर्ध्वगतिका लोकहरू हुँदै जान्छन् र जनलोकमा पुगेर पनि १० कल्प विताएपछि मात्र ब्रह्म (सत्य) लोकमा पुग्दछन्, तव मुक्त हुन्छन्। सकाम कर्मगर्नेहरू भने स्वर्गादि लोकमा वसेर पुण्यभोग गरिसकेपछि कर्म अनुसार स्वर्ग वा नरक भोगगर्दै पुनःपुनः जन्म लिइरहन्छन्। यसरी प्रत्येक कल्पको अन्तमा प्राकृत प्रलय र पुनः सृष्टि भइरहन्छ। यो सृष्टि र प्रलय सूर्यद्वारा निर्धारित कालचक्रको आधारमा हुने गर्दछ। यिनै हिरण्यगर्भ सूर्य नै रूक्म वर्णका परब्रह्म पुरूष मानिएका छन्। तिनै रूक्म वर्णका सहस्रशिर्ष पुरूषबाट यो सृष्टिचक्र चलेको छ। प्रलयको समयमा ब्रह्म निस्तब्ध रहन्छ भने सत्वमा जागृत हुन्छ। अन्ततः शून्यबाट विराटको रूपमा पुनस्थापित हुन्छ।

पूर्वभाग प्रक्रियापाद समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वभाग अनुषङ्गपाद प्रारम्भ

६. कल्प, मन्वन्तर आदि वर्णन

सूत पौराणिक भन्नुहुन्छ – गएको प्रथमपाद (५ वटा अध्याय) ले प्रकृतिको वर्णनगरेकोमा अब म कल्पको वारेमा सुनाउँदछु। उहाँ भन्नुहुन्छ – एक कल्पपछि अर्को कल्प सुरु हुन्छ। तर त्यसबेला सर्वत्र समस्त प्रजा र प्राणीहरू समाप्त हुन्छन्। मन्वन्तरमा हुने युगको समाप्ति नै अर्को युगको सुरूवात हो र त्यो नै कल्पसन्धि पनि हो। त्यसपछि हुने दोश्रो परार्द्ध हो, जुन अहिले चलिरहेको छ। त्यसपछि तेश्रो, चौथो परार्द्ध आउँछ। त्यसपछि आउने काल प्राकृत प्रलयको हो। पहिलो परार्द्धमा तारा, चन्द्रमा, सूर्य आदि गरेर २८ करोड देवगण थिए। एक कल्पको आयु ४ अर्व ३२ करोड वर्षको हुन्छ।

(अहिले चलिरहेको वराहकल्पको कुल समय ४ अर्व ३२ करोड वर्ष मध्ये हाल १ अर्व ९७ करोड २९ लाख ५० हजार वर्ष बितिसकेको उल्लेख ब्रह्माण्ड पुराण चौखम्वा प्रकाशन पृ (४९) मा पाइन्छ भने हाम्रा व्यावहारिक पञ्चाङ्ग २०७७ मा सृष्टितो गताब्दाः भनेर १ अर्व ९५ करोड ५८ लाख ८५ हजार १ सय ०१ वर्ष भएको उल्लेख छ। यी दुवै अङ्कहरू मिल्दा जुल्दा पाइन्छन्। तथापि थोरै फरक परेको हुँदा यसवारे खास हिसाव गर्नुपर्ने देखिन्छ)।

यसैगरी १४ मन्वन्तरमा देवगणको संख्या ३ अर्व ९२ करोड भएको पाइन्छ। बितेको प्रथम कल्पमा आकाशचारी देवगणको संख्या ७८ हजार थियो भनिएको छ। प्रलयको समयमा देवगणहरू एकभाव भएर स्वर्गमा बस्नथालेका थिए। पछि तिनीहरू नै महर्लोक, जनर्लोक, स्वर्लोक हुँदै ब्रह्मलोक गएका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्रकल्पान्दशस्थित्वा सत्यं गच्छन्ति वै पुनः

गत्वा ते ब्रह्मलोकं वै अपरावर्तिनीं गतिम् - ३१ ।

ब्रह्मलोक पुगेका देवगणलाई पुनः फर्कनु पर्दैन ।

प्रलयको समयमा समस्त भूमण्डलमा जलमात्र हुन्छ । जलमात्र भएको भूमण्डललाई अर्णव भनिन्छ । त्यो जललाई अम्भ र नार पनि भनिन्छ । त्यै जलमा सुत्ने भएकाले भगवान्‌लाई नारायण भनिएको हो । तिनै नारायण नै सहग्रशीर्ष, सुमना, सहस्रपात्, सहस्रचक्षु, सहस्रवाहु, प्रथम प्रजापति, त्रयीमय, पुरूष आदि नामले पुकारिनुहुन्छ । जे नामले पुकारे पनि नारायण एकै हुन् । उनै भगवान्‌ले कल्पको आदिमा रजोगुणको उद्रेकले प्रजा सृष्टि गरेका थिए । कल्पको अन्तमा तमोगुणको उद्रेक हुँदा प्रलय गराएर सबैलाई निल्दछन् । त्यसै वेलालाई प्रलय भनिएको हो । ४ हजार युग समाप्त हुँदा उनै भगवान् जलमा बसेर भवसागरलाई प्रकाशित गर्दछन् अर्थात् सृष्टिको सुरूवात गर्दछन् । उनै ब्रह्म, नारायण सत्वगुणी र प्रधानरूपी हुँदा तीन लोक (पाताल, मर्त्यलोक र स्वर्गलोक) को विभाजन गर्नुहुन्छ । त्यस वेलामा जनलोकमा बस्ने सबै भृगु आदि महर्षिहरू भगवान्‌को प्रलय लीलालाई दर्शनगर्ने क्षमता राख्तछन् र तमोगुणले आवृत्त भएको र सुतिरहेको देख्तछन् । मह, जन, तपलोकमा रहेका भृगु आदि महर्षि तथा अन्य प्राणीहरू प्रलयपछि पुनः सृष्टि हुँदा आ-आफ्नो कर्म अनुसारको शरीर र रूप लिएर पुनः जन्मन्छन् ।

अब म तपाईंहरूलाई वर्तमान कल्पको बारेमा वताउँदछु ।

७. सृष्टिकाल, चारवर्ण, चार आश्रम, चार युग आदिको वर्णन

सूत भन्नुहुन्छ- प्रलयपछिको हरेक कल्पको प्रथम सत्य युगमा योग प्रक्रियाबाट मानसिक सन्तान जन्मन्थे । त्यसवेला सत्य, अलोभ, सन्तुष्टि, सुख हुन्थ्यो र इन्द्रिय निग्रह गर्ने क्षमता सबैसंग हुन्थ्यो । यसले गर्दा सबै रूपवान्, दीर्घजीवी, सुशील हुन्थे । त्यसवेला वर्णाश्रमको व्यवस्था

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि थिएन । कसैले कसैलाई उचो नीचो व्यवहार गर्दैनथे । लाभहानि, शत्रुमित्र भन्ने हुँदैनथ्यो । कालान्तरमा सत्यमा ज्ञान, त्रेतामा यज्ञ, द्वापरमा युद्ध र कलिमा कलह र भ्रष्टाचारको प्रधानता हुनथाल्यो ।

सृष्टिपूर्व पानीमा हजार युगसम्म रात्रितुल्य समय बिताएर भगवान्ले सृष्टि प्रयोजनले ब्रह्माको रूप धारणगर्नुभयो र जतातत्तै पानी मात्र भएको विश्व ब्रह्माण्डमा विचरण गर्नुभयो । उहाँले पृथ्वी, जल, तेज, वायु र आकाशलाई एकै पिण्डका रूपमा सोच्नुभयो । त्यसवेला पृथ्वी डुबेको थाहापाई अघिल्लो कल्पमा वराहरूपबाट उद्धार गरेकी पृथ्वीलाई नै पुनः उद्धार गरी त्यसमाथि नदी पहाडहरूको रचना गर्नुभयो । पर्वतमा वायु र वायु गतिमान नभएको अवस्थामा पर्वतको रूपमा पृथ्वीलाई वुझ्नुभयो र उद्धार गरेकै पृथ्वीलाई विभिन्न सात द्वीप, सात समुद्र आदिमा विभाजन गर्नुभयो । विभाजनगर्दा सूर्य, चन्द्र लगायतका ग्रहहरूको पनि ख्याल गर्नुभयो ।

त्यसपछि उनै परमात्मा सृष्टिकर्ता ब्रह्माले सत्य, त्रेता, द्वापर र कलिका रूपमा समय विभाजन गर्नुभयो । त्यसको निमित्त समय गणनागर्न कला, काष्ठा, निमेष, रात, दिन, सप्ताह, पक्ष, मास, अयन, वर्ष आदि रचना गर्नुभयो । भगवान्ले नै सबै युगहरूको विशेषता पनि वर्णन गर्नुभयो । सत्यमा ज्ञान, त्रेतामा यज्ञ, द्वापरमा युद्ध र कलिमा चोरी, भ्रष्टाचारलाई श्रेष्ठ मानिनथाल्यो । सत्यमा सत्त्वगुण, त्रेतामा रजोगुण, द्वापरमा रज र तमो गुण एवं कलिमा तमोगुणको प्रधानता हुनथाल्यो ।

प्रारम्भिक सृष्टिमा सबै मानिस सदाचारी थिए । सत्यको अन्तहुँदा सम्ममा १ पाद धर्माचरण थियो । फलतः कल्पान्तको पहिलो सत्य युगमा ब्रह्माका मानस पुत्रको रूपमा उत्पन्न भएका सिद्ध आत्माहरू समेत दुर्बल देखिनथाले । वनजंगल नाशिनथालेकाले खडेरी पर्नथाल्यो । पृथ्वीले अन्नहरू उब्जाउन कम गरिन् । अनिकालका संकेतहरू देखापर्नथाले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माले यो अवस्था देखेर सुमेरू पर्वतलाई बाछो बनाएर गाईको रूपमा रहेकी पृथ्वीबाट निम्नानुसारका १४ किसिमका औषधीहरूको उत्पत्ति गर्नुभयो- धान, जौ, गहुँ, चना, तिल, प्रियङ्गु, मास, कोदो, वामक, उदड, मुगी, मसुरो, नीवार, कुलथी, हरिका र चरका। यसैगरी जंगली जडिबुटीहरू शर्मा, नीवार, कालो तिल, गवेधुक (गहत), कुरूविन्द (नागरमोथा), बाँसको धान, मार्तिकाटक, रूख, वृक्ष वनस्पति आदि पनि उत्पत्ति भए। ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आदिको समेतको वर्णाश्रमव्यवस्था सुरूभयो। चन्द्रद्वारबाट पितृलोक र सूर्यद्वारबाट देवलोक जाने व्यवस्था पनि भयो। देवता, पितृ, ऋषि, मनुहरूले युगधर्मलाई व्यवस्थित वनाउनुभयो-

देवाश्चपितरश्चैव ऋषयो मनवस्तथा, युगानुरूपा धर्मेण यैरिमा वर्द्धिताःप्रजाः -७।८९

त्रेतामा थोरै लोभ पाप बढ्न थाल्यो। कल्पवृक्षहरू घट्नथाले। विकृति र विसङ्गति बढ्नथाल्यो। त्रेताको अन्त सम्ममा योग साधना घटेकाले राग द्वेषहरू बढ्नथाले। प्रजाहरू कृषि कर्मतिर लाग्नथाले। धर्मको आधा अंश नाशियो। द्वापरमा राग द्वेष चुलिदैगयो। अविश्वास बढ्नथाल्यो। सुरक्षाकालागि किल्लाहरू बन्नथाले। लेनदेन, नाप-जाच, तौल, गाउँ, शहर, बजार, स्थापत्यकला, कला-कौशल आदिको व्यवस्था हुनथाल्यो। प्राकृतिक वस्तुमा अतिक्रमण हुनथाल्यो। यसले गर्दा प्राकृतिक वस्तुहरू नाशिनथाल्यो। यसै क्रमले द्वापरको अन्तसम्ममा धर्मको ३ पाउ नाशियो। कलिमा कल झगडा, दुराचार, वैमनुष्यता बढ्नथाल्यो। कलिमा धर्मको चार पाउ नाशिने भएकाले पूर्णतः अधर्मको बोलवाला भएपछि पुनः प्रलय र सृष्टिको चक्र चल्ने व्यवस्था भयो। प्राणीहरूको प्रारब्ध अनुसार सबै युगमा सुख, दुख, लोभ, पाप पनि हुनथाल्यो।

८. मानस-सृष्टि वर्णनको क्रममा ब्रह्माबाट भएका विविध सृष्टि

ब्रह्माको ध्यानबाट मानस सृष्टिभयो। त्यसको निमित्त ब्रह्माजीमा तमोगुणको मात्रा बढ्यो। त्यसबाट प्रकृति र पुरूषको सृष्टिभयो। ध्यान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा गर्दै ब्रह्माको जाँघबाट पहिले असुरहरू पैदभए । त्यसपछि ब्रह्माले त्यो शरीर छोड्नुभयो, त्यसवेला रात्रिकाल भयो । त्यसपछि सृष्टिकर्ता भगवान् ब्रह्मामा सत्त्वगुणको उदयभयो। सत्त्वको समयमा देवता जन्मिए। त्यसपछि ब्रह्माकै अर्को शरीरबाट पितृहरू पैदा भए । पितृ उत्पन्नगर्ने शरीर छोड्दा सन्ध्या उत्पन्नभयो । त्यसैगरी समय परिवर्तनको क्रममा ज्योत्स्ना (उषाकाल), रात्रि, दिन, सन्ध्या–४ अवस्था हुनपुगे । दिनमा देवता, सन्ध्यामा पितृ, ज्योत्स्नामा मनुष्य र रात्रिमा असुरको जन्मभयो। त्यसपछि ब्रह्माले रजोगुण र तमोगुणप्रधान शरीर धारणगर्नुभयो र त्यसै अनुसारका प्रजासृष्टि गर्नलाग्नुभयो। उहाँले सृष्टि गरेका प्रजालाई मनन गर्नसक्ने भएकाले मनुष्य र प्रजनन गर्नसक्ने भएकाले प्रजा भनिन थाल्यो-

मननाच्चमनुष्यास्ते प्रजनात् प्रथिताःप्रजाः

सृष्ट्वापुनःप्रजा सो॑ थ वं तनुं स व्यपोहत -८।२०

ब्रह्माकै सृष्टिमा अन्धकारमा क्षुधापीडित प्रजा सृष्टिभए। तिनीहरूले जललाई नै पिइदिनथाले । त्यो देखेर ब्रह्माले जलको रक्षा गर्ने प्राणीको सृष्टि गर्न लाग्नुभयो। जलको रक्षा गर्नेलाई राक्षस भनियो। नाश (क्षपण) गर्नेलाई यक्ष भनियो।

यः एष क्षीतिधातुर्वै क्षपणे च निरूच्यते,

रक्षणाद् रक्ष इत्युक्तं क्षपणाद्यक्षउच्यते ८।३४

यक्ष र राक्षसको सृष्टिबाट भगवान् दुखित हुनुभयो र उहाँका केशहरू फुल्नथाले । क्रोधले ब्रह्माका केश राशीहरू खोसलिए । लत्रेका कपालबाट टेढा, वाङ्गा (नाग, अजिङ्गर प्रजाति) र घुम्रेका केशबाट सर्प प्रजातिहरू सृष्टिभए । त्यसपछि गानविद्या अभ्यासगर्ने गन्धर्व पैदाभए । ब्रह्माले नै छन्दबाट पन्छीहरूको सृष्टि गर्नुभयो । ब्रह्माले नै आफ्ना विभिन्न अंगबाट जनावर, स्थावर, जंगम, गन्धर्व, अप्सरा, भूत, पिशाच, यक्ष आदि पैदा गर्नुभयो । त्यसैगरी पशुपन्छी, एक खुरे, दुई खुरे, नङ्ग्रे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुहरू पनि सृष्टि गर्नुभयो। कल्पान्तको त्रेतायुगको आरम्भमा यी सृष्टिहरू भएका थिए। त्यसैगरी ओंकार सहितका गायत्री, वेद वेदान्तादि विद्याहरूको पनि उत्पत्तिभयो।

सूत भन्नुहुन्छ- हे ऋषिहरू ! फल भोगमा कसको प्राधान्य हुन्छ भन्ने निश्चित नभएको अवस्थाको जिज्ञासामा भाग्य र पुरूषार्थभन्दा कर्म नै प्रधान हो भन्ने पुराणको मत देखिन्छ-

केचित् पुरूषकारं तु प्राहःकर्म च मानवाः,
दैवमित्यपरे विप्राः स्वभावं भूतचिन्तकाः
पौरूषं कर्म दैवं च फलवृत्तिस्वभावतः,
न चैवं तु पृथक्भावमधिकेन ततो विदुः,
एतदेवं च नैवं च नचोभे नानुभे न च,
स्वकर्म विषयं ब्रूयुः सत्वस्थाः समदर्शिनः ८।६२-६

यसरी ब्रह्माले नै वेदवचन अनुसारको कर्मप्रपञ्चको स्थिति वसाल्नुभएको थियो।

९. सृष्टि-वर्णन, रूद्र सृष्टि

ब्रह्माले मनबाट रूद्र, धर्म, मन, रूचि र आकृतिलाई सृष्टि गर्नुभयो र उनीहरूलाई थप सृष्टिको कार्यमा लगाउनुभयो। रूद्र मुनिहरूको यज्ञभाग प्राप्तगरेर पुष्ट हुनथाल्नुभयो। यज्ञभाग पाउँने भएकाले गायत्री, त्रिष्टुप र जगती तीन छन्दका त्र्यम्बक रूद्रलाई नै भनिएको हो। त्यसपछि ब्रह्माले रूद्रलाई नै सृष्टिगर्न अह्राउनुभयो। रूद्रले आफु समान क्षमताका तपस्वी अध्ययनशील करोडौं रूद्रगण उत्पन्न गर्नुभयो। तर ती रूद्रगणबाट प्रजाको सृष्टि विस्तार नहुने देखेका ब्रह्माले मैले चाहेको सृष्टि त्यस्तो होइन भने पछि रूद्रले सृष्टि बन्दगर्नुभयो। ब्रह्मालाई विषाद भएको अवस्थामा अन्धकारको उत्पत्तिभयो। साथै ब्रह्मा तपस्याबाट निवृत्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको वखतमा तमोगुणी पुत्रहरू पैदा भए । त्यसबाट अधर्म, हिंसा र शोकको उत्पत्ति भयो । हिंसा र शोक मौथुनजन्य सृष्टिका उपज भए। तमोगुणको सहारालिएर मनु र शतरूपाबाट प्रियव्रत र उत्तानपाद–२ छोरा र आकुति र प्रसूति नामका २ छोरी पैदा भए। यसैगरी ब्रह्माले आफ्ना निम्न अङ्गबाट निम्न अनुसारको सृष्टि गर्नुभयो- बुद्धिबाट धर्म, मनबाट रूचि, हृदयबाट भृगु, प्राणबाट दक्ष, आँखाबाट मरीचि, अभिमानात्मक रूद्र, शिर बाट अंगिरा, कानबाट अत्रि, उदानबाट पुलस्त्य, व्यानबाट पुलह, समानबाट वसिष्ठ, अपानबाट क्रतु समेत गरी १२ जना (धर्म, प्रजापति, रूचि र ९ ऋषिहरू) पुत्रको उत्पत्ति गर्नुभयो। भृगु आदि ऋषिहरू ब्रह्मर्षि कहलिए।

त्यसपछि ब्रह्माले आफ्नै शरीरलाई नर-नारीको रूपमा ढाल्नुभयो। त्यो नारी नै शतरूपा भइन् । उनी असाध्यै राम्री थिइन् । शतरूपा तपस्यागर्न गइन् । यसरी पैदा भएकामा धर्म आदिलाई देवता र भृगु आदिलाई ब्रह्मर्षि भनिन्छन् ।

मनु र शतरूपाका २ छोरीहरू मध्ये प्रसूति दक्षलाई र आकुति रूचिप्रजापतिलाई विवाह गरेर दिइयो। दक्षले प्रसूतिबाट २४ कन्याहरूलाई जन्मदिए। ती सबै योगिनी थिए। तीमध्ये १३ वटी धर्मले र अरू कन्याहरू रूद्र, भृगु, मरीचि, अंगिरा, क्रतु, पुलह, अत्रि, वसिष्ठ, पितृ तथा अग्निले विवाह गरे । तिनीहरूबाट धेरै सन्तान जन्मिए । ती सबैलाई सात्त्विक सर्ग भनिन्छ ।

अधर्म र हिंसाबाट निकृति छोरी र अनृत छोरो जन्मियो । निकृति र अनृतबाट भय, नरक छोरा र माया, वेदना छोरी जन्मिए । मृत्युपत्नी वेदनाबाट व्याधि, जरा, शोक, क्रोध र असूया पैदाभए । यिनीहरू चिरञ्जीवी हुनेभए। ब्रह्माजीले शिव र सतीलाई सन्तान पैदागर्न लगाउँदा महातेजस्वी रूद्र भनिने करोडौं पहेंला, भयंकर रूपका, जटीमुण्डी छोराहरू पैदा गर्नुभयो । तिनीहरू सामान्य सन्तानभन्दा फरक भए । शिवको यस किसिमको (अपरिवर्तनीय) सृष्टिलाई रूद्रसृष्टि भनियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि शिव भगवान् सृष्टि गर्ने कामबाट अलग हुनुभयो र ज्ञान, तप, सत्य, ऐश्वर्य, वैराग्य, धर्म समेत ६ ऐश्वर्यले परिपूर्ण उर्ध्वरिता बन्नुभयो।

१०. महादेवका विभूतिहरू

शौनकादि ऋषिहरूले अरू ऋषिहरूको जस्तै महादेवको उत्पत्तिको वारेमा सोधेपछि सूत भन्नुहुन्छ– आदिसर्गमा महादेवले पत्नीहरूबाट धेरै छोराहरू जन्माउनुभयो। त्यसक्रममा उहाँले सन्तान जन्माउनुअघि पहिले छोराको लागि ध्यानगर्नुभयो। ध्यान गर्दागर्दै काखमा नीलो वर्ण भएको कुमारको अविर्भावभयो। वेसरी रून लागेका कुमारलाई किन रोएको भनेर सोद्धा कुमारले मलाई नाम र रहने ठाउँ पनि दिनुहोस् भनेर मागे। नाम र ठाउँ बताउँदा पनि ८ पटकसम्म ती बालक रोइरहे। बालकले आफ्नो नाम र बस्ने ठाउँ मागिरहेपछि महादेवले निम्नानुसार नाम र उसलाई बस्ने ठाउँ दिनुभयो-

नाम	बस्ने ठाउँ
१. रूद्र	सूर्य
२. भव	जल
३. शर्व	पृथ्वी
४. ईशान	वायु
५. पशुपति	वन्हि
६. भीम	आकाश
७. उग्र	दीक्षित ब्राह्मण
८. महादेव	चन्द्र

ब्रह्माले पहिलो रूद्रलाई आदित्य पनि भनिनेछ, भन्नुभयो। ब्रह्माले त्यो भन्ने बित्तिकै रूद्रको शक्ति आदित्यमा देखापऱ्यो। तिनै रूद्र बिहान ऋग्वेदमा, मध्याह्नमा यजुर्वेदमा, अपराह्नमा सामवेदमा प्रवेश गर्नुभयो। सूत भन्नुहुन्छ- माथि बताइएका रूद्रका रूपहरू रहने ठाउँमा फोहर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगर्नू। त्यहाँ कुनै पनि नराम्रो काम नगर्नू। रूद्रका नाम र स्थानका वीच अन्तरसम्वन्ध पनि छ। दिनमा सूर्यले प्रजाको रक्षागर्ने र रातमा चन्द्रमाले। यस्तै अमावास्यामा सूर्य चन्द्र दुवैले प्रजाको रक्षा गर्दछन् । रूद्र नै मुक्तात्माको रूपमा (स्वतन्त्ररूपमा) जलपान गर्नुहुन्छ र शरीर बलियो बनाउनु हुन्छ, त्यो नै रूद्रको पार्थिक मूर्ति हो। प्राण बन्ने तिनै रूद्र वायु बनेर ऐशानी मूर्तिका रूपमा रहनुहुन्छ। पाचन शक्तिको लागि तिनै रूद्र अग्निरूप बन्नुहुन्छ। अग्निका स्वाहा पत्नी र स्कन्द छोरा हुन्छन्। अग्निलाई आकाश पनि भनिन्छ । उनका पत्नी दिशा र छोरा स्वर्ग हुन्छन्। चन्द्रमाकी पत्नी रोहिणी र छोरा बुध हुन्छन्। यस्तै शिवका सबै नाम र रूप अलग अलग भए जस्तै पत्नी र छोराहरू पनि अलग अलग छन्।

प्रजा सृष्टि नगर्ने रूद्र प्रलय पर्यन्त स्थाणु र उर्ध्वरेताको रूपमा रहनुभयो। सृष्टिकार्य नगरी बस्ने भएकाले सूर्य (रूद्र) लाई स्थाणु भनिएको हो। रूद्ररूप (शिव) मा सधैं रहिरहने गुण ज्ञान, तप, सत्य, ऐश्वर्य, धर्म, वैराग्य र आत्मसंबोध हुन्।

११. ऋषि-वंश

भृगुपत्नी ख्यातिबाट धाता र विधाता नामका २ छोरा र लक्ष्मी नामकी एउटी छोरी भए। तिनीहरू सुख दुःख, शुभ अशुभ दिनसक्ने थिए। लक्ष्मीका पति नारायण भए । लक्ष्मी र नारायणबाट बल र उन्माद नामका २ छोरा भए। बलबाट तेज र उन्मादबाट संशय नामक छोरा जन्मे । अरू मानस छोराहरू आकाशगामी भए र देवताको विमान चलाउने वने। यस्तै मेरूकल्पमा विधाता र धाताका दुई पत्नी क्रमशः आयति र नियतिबाट प्राण र मृकण्डु पैदाभए। मृकण्डु र उनकी पत्नी मनस्विनीबाट मार्कण्डेय जन्मिए। मार्कण्डेय र मूर्धन्याबाट वेदशिरा छोरा भए। वेदशिरा र पत्नी पीवरीबाट कुलवर्द्धक धेरै छोरा जन्मिए। तिनीहरूलाई मार्कण्डेय नै भनिनथाल्यो। यस्तै आयतिका छोरा प्राण र प्राणकी पत्नी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
पुण्डरीकाबाट द्युतिमान र द्युतिमानबाट २ छोरा उन्नत र स्वप्नवात जन्मिए। भृगुका सन्तान भएकाले उनीहरू सबै भार्गव कहलाए।

यस्तै स्वायम्भुव मन्वन्तरको अन्तमा ऋषि मरीचि (प्रजापति) र पत्नी सम्भूतिबाट पूर्णमास छोरो र कृषि, वृष्टि, त्विषा र अपचिति छोरीहरू जन्मिए। विभिन्न कल्पमा विभिन्न ऋषिहरूबाट वंश विस्तार हुँदैगयो।

अंगिराकी पत्नी स्मृतिको गर्भबाट दुई छोरा भरताग्नि र कीर्तिमान् एवं ४ छोरी सिनिवाली, कुहु, राका, अनुमति पैदाभए।

अनसूया र अत्रिबाट निष्पापी ५ छोरा र श्रुति छोरी जन्मिए। श्रुतिको विवाह कर्दमसंग भयो। पौलह प्रजापतिका सव्यनेत्र, हव्य, आपोमूर्ति, शनैश्चर र सोम ५ छोरा भए। यिनीहरूलाई पञ्चआत्रेय भनिन्छ।

पुलस्त्य र उनकी पत्नी प्रीतिबाट छोरा दानाग्नि जन्मिए। पूर्व जन्ममा स्वायम्भुव मनुको समयमा उनी नै अगस्त्य थिए। अर्को छोरा देववाहु र अत्रि थिए भने छोरी सद्वती थिइन्। उनको विवाह अग्निसंग भएको थियो र छोरा पर्जन्य थिए। पुलस्त्य र उनकी पत्नी क्षमाबाट कर्दम, उर्वरीमान, कनकपीठ र सहिष्णु - ४ छोरा र पीबरी छोरी थिइन्। कनकपीठका यशोधरा पत्नीबाट कामदेव जन्मिए। कर्दमकी आत्रेयी पत्नीबाट शंखपद छोरा र काम्या नामकी छोरी जन्मिए। शंखपद दक्षिणतिरका लोकपाल बने। शंखपदकी छोरी काम्याको स्वायम्भुव मनुका छोरा प्रियव्रतसंग विवाह भयो। काम्याबाट १० छोरा र २ छोरी भए। क्रतु र सन्नतिबाट बालखिल्य आदि ६० हजार छोरा जन्मिए। यिनीहरू सूर्यको रथ अगाडि बसेर बाटो देखाउँनेभए। वसिष्ठ र पत्नी उर्जाबाट ७ छोरा र पुण्डरीका छोरी जन्मिए। पुण्डरीका प्राणकी पत्नी र द्युतिमान्की आमा भइन्। यिनैका सातवटा छोराहरू (रक्ष, गर्त, अर्धबाहु, सवन, पवन, सुतपा, शंकु) लाई सप्तर्षि पनि भनिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२. अग्निवंश वर्णन

स्वायम्भुव मन्वन्तरमा ब्रह्माका मानस पुत्र अग्नि थिए । उनका स्वाहा नामकी पत्नीबाट ३ वटा छोरा पावक, पवमान र शुचि जन्मिए। पवमानलाई निर्मथ्य, पावकलाई वैद्युत र शुचिलाई सौर अग्नि पनि भन्ने गरिन्छ। निर्मथ्य भनेको मथन गरेर (जस्तै सलाई कोरेर, ढुंगा जुधाएर) पैदा हुने, पावक भनेको विजुली चम्केको अग्नि र शुचि भनेको सूर्य अग्नि हो।

यस्तै पावकको सहरक्ष, शुचिको हव्यवाह र पवमानका शंस्याग्नि र शुक २ छोरा भए। देवताका अग्नि हव्यवाह, पितृको अग्नि कव्यवाह हुन्। सहरक्ष असुरका अग्नि हुन् । अग्निहरू जम्मा ४९ छन् भनिएको छ। ब्रह्माका पुत्र दत्ताग्नि भरत नामले प्रसिद्ध छन्। उनका छोरालाई वैश्वानर भनिन्छ। उनैले हव्यलाई १०० वर्ष धारण गरेका थिए। यस्तै पूर्वकालमा समुद्र मन्थनगर्दा अमृतभन्दा पछाडि अथर्वणा अग्निको उत्पत्ति भएको थियो। तिनै अथर्वा वा अथर्वणा (दर्प नाशगर्ने भएकाले) लौकिक अग्नि मानिए। अथर्वालाई भृगु पनि भनिन्छ। अथर्वाका छोरा दधीचि (निर्मथ्य अग्नि) थिए। उनैलाई गार्हपत्य अग्नि पनि भनिन्छ। उनका २ छोरा थिए। १. शंस्याग्नि २. शुक। शंस्याग्निलाई आहवनीय र हव्यवाहन पनि भनिन्छ। शंस्याग्निका पनि २ छोरा भए - सव्य र अपसव्य। शंस्याग्नि १६ वटा नदीका रूप पनि मानिएका छन् - कावेरी, कृष्णावेणी, नर्मदा, यमुना, गोदावरी, वितस्ता, चन्द्रभागा, इरावती, विपाशा, कौशिकी, शतद्रु, सरयू, सीता, सरस्वती, ह्रादनी र पावनी। यिनै १६ रूपमा विभक्तभएर उनै शंस्याग्निधिष्णी नामले रहनथाले। कृत्तिकाको आचरण गर्ने धृष्णीले सन्तान उत्पन्न गर्नथाले। उनबाट उत्पन्न सन्तानहरू धिष्ण्य कहलिए।

ज्वारभाटाको रूपमा आउने सामुद्री अग्निलाई विश्वव्यचा भनिन्छ। अजैकपाद अग्निलाई यज्ञशालाको मुखमा स्थापित गरिन्छ।

ब्रह्मज्योति र वसु अग्नि ब्रह्म स्थानमा रहन्छन् । अहिर्वुध्न्य अग्निको निश्चित स्थान हुँदैन, गृहपति कहलिन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धिष्णीहरू नदीका सन्तान हुन् । अग्निहरूका नाम कामअनुसार फरक फरक छन्– आग्लागी हुँदाको, मरेको मान्छेलाई जलाउँदाको, पाचनक्रियाको अग्निका पनि फरक नाम छन् ।

१३. पितृ, देवता, कालको वर्णन, दक्ष-यज्ञ नाश, स्वायम्भुवादि मनुवंश

स्वायम्भुव मनुको समयमा ब्रह्माका शरीरबाट असुर, मनुष्य र देवताहरू पैदा भए । उनैको समयमा ब्रह्माजीबाट नै वसन्तादि ६ ऋतुहरू र अग्निष्वाता र वर्हिषत भन्ने पितृहरू पनि पैदा भएकाथिए ।

ब्रह्मा स्वयं सर्जक (पितृ) भावमा हुनुहुन्थ्यो । आफ्नो पितृभावले नै ब्रह्माले ६ ऋतुहरूको उत्पत्ति गर्नुभएको थियो । ऋतुले नै आयु र जीवन निर्धारण गर्दछन् । यसैले ऋतुलाई पितृ पनि भनिन्छ भन्ने वैदिक श्रुति छ (ऋतवः पितरो देवा इत्येषा वैदिकी श्रुतिः) । ६ ऋतु नै प्रत्येक मन्वन्तरमा अग्निष्वाता र वर्हिषदका रूपमा रहन्छन् । यिनीहरू मध्येका अग्नि नै अग्निहोत्री, अनग्निहोत्री र गृहमेधीमा विभक्त छन् । अग्निष्वाता अग्नि यज्ञमा संलग्न हुँदैनन् भने यज्ञमा संलग्नहुने सोमपीथी अग्नि भनिएका छन् । ब्रह्माबाट उत्पन्न ऋतुका रूपहरू यसप्रकार छन्-

महिना	ऋतु	स्वरूप
चैत र वैशाख	वसन्त	मधु र माधव (रस) स्वरूप
जेठ र असार	ग्रीष्म	तप्त स्वरूप
साउन र भदौ	वर्षा	जीवन स्वरूप
असोज र कार्तिक	शरद	स्वधा (वायु) स्वरूप
मार्ग र पौष	हेमन्त	अगहन स्वरूप
माघ र फागुन	शिशिर	मन्युमान, घोर स्वरूप

ऋतुहरू चेतन र अचेतन सबैतिर व्याप्त हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋतुका स्वरूप स्थानअनुसार फरक हुन्छन् । दिन, रात, महिना, पक्ष, अयन, सम्वत्सर आदि कालका नाम हुन् । सम्वत्सरका छोरा अग्निलाई ऋत पनि भनिन्छ । ऋतत्व र आर्तत्व पनि पितृ नै मानिन्छन् । ऋतुहरू प्रपञ्चका कारण हुनेभएकाले जड, चेतन र प्रकृतिको पनि कारण मानिन्छन् । अग्निष्वाताबाट मेना र वर्हिषदबाट धारिणी २ कन्या जन्मिए । यी दुवै ब्रह्मवादिनी योगिनी हुन् । धारिणीको विवाह सुमेरू पर्वतसंग र मेनाको विवाह हिमालयसंग भयो ।

(सुमेरू नेपालको सिन्धुपाल्चोक जिल्ला, तामाकोशीको शिरोभागमा भएको जनश्रुति छ ।)

गंगा समुद्रकी पत्नी मानिन्छिन् । मेनाको छोरा मैनाक (पर्वत) र छोरी समुद्रपत्नी गंगा हुन् । मैनाकको छोरा क्रौंच भए । यिनैको नामबाट क्रौंचद्वीप भएको छ । *(मैनाक पर्वत हिन्दमहासागरमा डुबेको दक्षिणभारत र श्रीलंकाको बीचमा रहेको मानिन्छ ।)*

मेरूकी धारिणी पत्नीबाट मन्दराचल छोरा र आयति, नियति र वेला नामका ३ छोरी भए । त्वष्टाका छोरा धाता र विधाताले स्वायम्भुव मन्वन्तरमा यिनै आयति र नियतिसंग विवाह गरे । वेलाको विवाह सागर संग भयो । समुद्र र वेलाबाट जन्मिएकी कन्या राजा प्राचीनबर्हिकी पत्नी हुन् । यिनैबाट १० प्रचेता पैदाभए । यिनीहरू धनुर्वेदमा पारङ्गत थिए ।

चाक्षुष मन्वन्तरमा प्रजापति दक्षलाई शिवको श्रापपरेको थियो । दक्षकी छोरी सतीले नै शिवनिन्दागर्ने पिताको यज्ञमा आत्माहुति गरेकी थिइन् । यिनै सती हिमालय र मेनाको गर्भबाट उत्पन्न भएकी पार्वती भइन् । दक्षका सती बाहेकका ८ छोरीहरूको विवाह वसिष्ठ, अत्रि, पुलस्त्य, अंगिरा, पुलह, क्रतु, भृगु, मरीचिसंग भएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षले शिवलाई विष्णुको जस्तो पूजा नहोस् भनेर श्राप दिएका थिए । कालक्रममा भृगु, अंगीरा, मरीचि, पुलस्त्य, पुलह, क्रतु, अत्रि, वसिष्ठ स्वायम्भुव मनुकै पालामा सप्तर्षि भए । त्यस वेला युगनामक प्रजागण थिए ।

स्वायम्भुव मन्वन्तरमा याम नामका देवगण भए । तिनका नाम यज्ञ, प्रयाति, विवधस्, त्रासत, मति, विभाष, क्रतु, प्रयाति, विश्रुत, द्योति, वायव्य र संयम हो । यसैगरी असम आदि अन्य २४ देवगणहरू अमृतपानगर्ने देवता थिए । यसवेला सप्तर्षिहरू भृगु, अंगिरा, पुलस्त्य, पुलह, क्रतु, अत्रि र वसिष्ठ थिए । मनुका अरू पनि १० छोरा थिए । (भागवत पुराणमा मनुपुत्र प्रियव्रतका १० छोरा भनिएको छ) । मनुका सन्तानहरू धेरै भए ।

एक पटक काल को हो भनेर ऋषिहरूले प्रश्नगर्दा सूत पौराणिकले कालका पिता सूर्य हुन् भन्नुभएको थियो । यसको स्वरूप पनि मेषदेखि परार्द्धसम्मका अवधि मानिन्छन् । जसमा निमेष, पल, घडी, दिन, रात, पक्ष, महिना, अयन, वर्ष आदि हुन्छन् । वर्षहरू सूर्य, चन्द्र, वृहस्पति आदि ग्रहगतिका आधारमा सम्वत्सर, परिवत्सर, इडावत्सर, अनुवत्सर र वत्सर ५ किसिमका हुन्छन् । तिनका अधिष्ठाता निम्न छन् -

संवत्सर - क्रतु अग्नि

परिवत्सर - सूर्यबाट उत्पन्न कालाग्नि

इडावत्सर- रसप्रधान चन्द्रमाको गतिबाट उत्पन्न

अनुवत्सर - प्राणप्रधान वायुबाट उत्पन्न

वत्सर - अहंकार प्रधान रूद्रबाट उत्पन्न

यी ५ सम्वत्सर नै ऋतुका छोरा मानिएका छन् । यिनैका आधारमा काल वेगवान् बनेर घुम्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्यानगरेर बसेका ब्रह्माबाट रूद्र (शिव)को जन्म भएको थियो। वेद ४ छन्। ती वेदका ३ छन्द गायत्री, त्रिष्टुप र जगती नामबाट शिवलाई त्र्यम्वक पनि भनिएको हो। त्र्यम्बकलाई वनस्पतिको योनि पनि भनिन्छ। गायत्री, त्रिष्टुप र जगती छन्दले नै वनस्पतिलाई पैदागरेका थिए।

सूतले भन्नुभयो- हे शौनकादि ऋषिहरू ! यसरी कालक्रम अनुसार नै सबैको सृष्टि भएको हो। विभिन्न मन्वन्तरमा यो सृष्टि फरक फरक रूपमा भएको थियो। सबैको सृष्टि वर्णनगर्न सम्भव छैन।

१४. प्रियवतको वंश

सूतले भन्नुभयो - हे ऋषिहरू ! प्रथम त्रेतायुगमा स्वायम्भुव मनुको छोरा प्रियव्रतका १० वटा छोरा थिए। ती छोराहरूले योग र तपस्या गरेर राज्यशासन चलाउनेगर्थे। प्रियव्रतकी एउटी छोरीको विवाह कर्दम प्रजापतिसँग भएको थियो। उनीबाट पनि दुई छोरी र १० छोरा जन्मिए। प्रियव्रतका छोराहरू आग्नीध्र, अग्निवाहु, मेधा, मेधातिथि, वसु, ज्योतिस्मान्, हव्य, सवन र सत्र थिए। ती छोराहरूमध्ये तीनवटा योगी बने भने ७ वटालाई निम्नानुसारका द्वीपका राजा नियुक्त गरिएको थियो–

आग्नीध्र–	जम्बूद्वीप
मेधातिथि–	प्रल्क्षद्वीप
वपुष्मान् –	शाल्मलिद्वीप
ज्योतिष्मान् -	कुशद्वीप
द्युतिमान् –	क्रौञ्चद्वीप
हव्य–	शाकद्वीप
सवन–	पुष्करद्वीप

पुष्करद्वीपका सवनको महावीत र धातकि नामका २ छोरा थिए। शाकद्वीपका हव्यवाहनको पनि जलद, कुमार, सुकुमार, मणवीक, कुसुमोत्तर,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोदक र महादुर्ग नामका ७ वटा छोरा थिए । यी ७ जनाले पनि शाकद्वीपलाई ७ भागमा विभाजन गरी विभिन्न वर्ष (प्रदेश) को राज्यगरेका थिए । क्रौंच द्वीपका अधिपति द्युतिमान्का कुशल, मनोनुग, उष्ण, पावन, अन्धकारक, मुनि नामका छोरा थिए । यिनीहरूले पनि नाम अनुसारका राज्यमा शासन गरेका थिए । कुशद्वीपका ज्योतिष्मान्को उद्भिज, वेणुमान, वैरथ, लवण, धृति, प्रभाकर, र कपिल ७ छोरा थिए यिनीहरूले पनि छुट्टाछुट्टै प्रदेशमा राज्यगरेका थिए । शाल्मलिद्वीपका वपुष्मान्को पनि श्वेत, हरित, जीमूत, रोहित, वैद्युत, मानस र सुप्रभ नामका ७ वटै छोरा थिए । यिनीहरूलाई पनि नाम अनुसारको राज्य प्रमुख बनाएर शासन सुम्पिएको थियो । प्लक्षद्वीपका राजा मेधातिथिका पनि ७ वटै छोरा थिए । तिनीहरूको नाम शान्तभय, शिशिर, सुखोदय, नन्द, शिव, क्षेमक र ध्रुव थियो । यिनीहरूलाई पनि राज्य विभाजनगरी सबैलाई राजा बनाइएको थियो । राजा प्रियव्रतले जेठा ज्वाईं आग्नीध्रलाई जम्बूद्वीपको शासन सुम्पिएका थिए-

आग्नीध्रं ज्येष्ठदायादं काम्यापुत्रं महाबलम्,

प्रियव्रतो ~ भ्यसिञ्चत्तंजम्वूद्वीपेश्वरं नृपम् - १४।४४

जम्बूद्वीपका राजा आग्नीध्रका नाभि, किंपुरूष, हरि, इल, रम्यक, हिरण्वान्, कुरू, भद्राश्व र केतुमान्- ९ छोरा थिए । आग्नीध्रले छोराहरूकै नामअनुसारका जम्बूद्वीपलाई ९ वर्षमा विभाजनगरी निम्नानुसारका राज्यभार सुम्पिएका थिए-

नाभि– हिमवानन्को दक्षिणवर्ष (पछि यसैलाई अजनाभवर्ष र हाल भारत वर्ष भनिने ।)

किंपुरूष – हेमकूट

हरि – नैषध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इल– सुमेरूको मध्यभाग (तिब्वत)

रम्यक – नील

हिरण्वान् – श्वेत

कुरू – श्रृङ्गवान् (उत्तर)

भ्रद्राश्व – गन्धमादन

यसरी स्वायम्भुव मनुका पनाती एवं आग्नीध्रका छोरालाई राज्य विभाजन गरियो । नाभिका छोरा ऋषभ भए । ऋषभका १०० छोरा मध्ये भरत जेठा थिए । भरतका सुमति छोरा भए । सुमतिका छोरा तैजस र उनका इन्द्रद्युम्न छोरा भए । ती सबै पनि राजा भए । ती (छोरा) राजाहरूबाट पनि धेरै सन्तान जन्मिए र सन्तानकै नामबाट क्षेत्र र वंशको पनि नामाकरण हुँदैगयो ।

यसरी प्रियव्रतका सन्तानले समस्त पृथ्वीको राज्यगरेका थिए ।

१५. पृथिवीको क्षेत्र र क्षेत्रफल

शांशपायनिले पुनः सूत पौराणिकसँग भने- हे पुराणविद् सूत ! पृथिवीमा पर्ने समुद्र, नदी, पर्वतहरूवारे पनि बताइदिनुहोस् । सूत भन्नुहुन्छ– भूगोलको सबै वर्णनगर्न सम्भव छैन । पृथ्वीदेखि पर रहेका र अचिन्त्य कुनै पनि वस्तुको बारेमा बताउन सकिदैन । जसको बारेमा बोल्ने प्रमाण वा आधार छैन त्यसको बारेमा बताउन सकिदैन । तर पनि छोटकरीमा भन्नुपर्दा पृथिवीमा सूर्य, चन्द्र, ग्रहको साथसाथै ७ द्वीपहरू छन् । द्वीपमध्येमा जम्बूद्वीप प्रथम हो । जम्बुद्वीपमा धेरै पर्वत, वन, उपवन, नदी, खोला र वस्ती छन् । त्यहाँ विभिन्न जातका मान्छेहरू वस्तछन् । जम्बुद्वीपका पर्वतहरूमा सुमेरूपर्वत महत्त्वपूर्ण छ । यो पर्वत ब्रह्माजीको नाभिबाट उत्पन्न भएको हो । सुमेरूपर्वत वृत्ताकार छ र ३२ हजार योजनमा फैलिएको छ । यसको उचाई ८४ हजार योजन छ । । यो पर्वतको १६ हजार योजन भुईंमा घसेको छ भने १६ हजार योजन माथितिर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिणमा हैमवत पर्वतमाला छ, त्यसलाई भारतवर्ष नै भनिन्छ। हेमकूटपर्वत किंपुरूष वर्षमा रहेको छ। हेमकूटदेखि परतिर रहेको नैषधपर्वत हरिवर्षमा विराजित छ। हरिवर्षदेख परतिरको मेरूको अगाडिपट्टि रहेको इलावृत वर्ष हो। इलावृतदेखि परतिर नीलपर्वत-विराजित रम्यक वर्ष छ। त्यो भन्दा परतिर हिरण्मय नामक देश रहेको छ। त्यो भन्दा पर श्रृङ्गवान् पर्वतको कुरू देश रहेको छ। मेरूको दक्षिणोत्तर भाग पनि इलावृत वीचमा पर्दछ। सुमेरूको क्षेत्रफल ८४ हजार योजन छ। सुमेरू पर्वत पर्वतहरूको राजा पनि हो। यसको वरिपरि नील, वैदूर्य, जस्तै श्वेत, शुक्ल, हिरण्मय, मयूरवर्हण, शातकौम्भ, श्रृङ्गवान् जस्ता महत्वपूर्ण पर्वतहरू छन्। श्रृङ्गवान् पर्वतको उत्तरपट्टि कुरूवर्ष विराजित छ। त्यहाँका वनस्पतिहरू रसदार छन्। त्यहाँ फलफलेका र फूलहरू फुलेका हुन्छन्। पानीको स्रोत पनि तिनै वनस्पति हुन्। कुरूवर्षमा क्षीरी (दूधचुहिने) वृक्षहरू छन्, तिनीहरूले अमृत समान दूध उत्पत्ति गर्दछन्। त्यहाँ वस्ने वासिन्दाहरूको स्वास्थ्य राम्रो हुन्छभने आपसमा प्रेम हुन्छ। माल्यवान् पर्वतको संगै एउटा ठूलो खाडी छ। त्यो भद्राश्व पर्वतको क्षेत्र हो। त्यहाँ भद्रशाल वन र कालाम्र वृक्ष महत्वपूर्ण छन्। कालाम्रको रस पिएर मनुष्यहरू जवान बन्दछन्। त्यहाँका मानिसहरूको आयु १० हजार वर्ष हुन्छ। कालाम्रको रस खानेहरू सधैं जवान हुन्छन्। यस्तै रमणक वर्ष नामको देशमा सम्भोग गर्दा शुद्ध, निर्मल, निरोगी दुर्गन्ध रहित मानिस जन्मन्छ। त्यहाँ भएको वरगद (न्यग्रोध) को फलखाने भाग्यमानीहरू १० हजार वर्ष भन्दा बढी बाँच्तछन्। यसैगरी श्रृङ्गवान् पर्वतको दक्षिणपट्टिको श्वेत पर्वतमा हिरण्वत नामको देश छ। त्यहाँ हैरण्यवती नामकी नदी बग्दछिन् र त्यहाँको पानी पिउनेहरू सुन्दर र बलिया हुन्छन्। त्यहाँका बासिन्दाको आयु ११ हजार वर्ष हुन्छ। यसैगरी जम्बूद्वीपका सबै वर्ष र वर्षभित्रका पर्वत, वृक्ष, वनस्पति, नदीहरूका पनि आ-आफ्ना विशेषता छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६. भारतवर्ष वर्णन

भारतवर्ष शुभाशुभ फलदिने वर्ष हो । भारत वर्षमा प्रजा सृष्टिमा संलग्न १४ मनुहरू थिए । हिमालयदेखि दक्षिण, समुद्रदेखि उत्तर, किरात क्षेत्र पूर्वमा र यवनहरू पश्चिममा भएको वर्ष भारतवर्ष हो ।

प्रजाहरूको यथोचित पालन र संरक्षणहुने क्षेत्र नै भारत वर्ष हो । प्रजाको संरक्षक नै भरत भएकाले यस क्षेत्रका मनु ऋषभदेव पनि भरत नामले प्रसिद्ध छन् । भरतले संरक्षण गरेकाले उनैको नामबाट भारतवर्ष भनिएको हो । यो क्षेत्र पुण्यदायी छ । भारतवर्षका ९ भाग छन् । समुद्रले घेरिएको भारत वर्षका भागहरू अगम्य पनि छन् । यहाँका ९ उपवर्ष यसप्रकार छन्- इन्द्रद्वीप, कसेरूमान, ताम्रवर्ण, गभस्तिमान्, नागद्वीप, सौम्य, गान्धर्व, वारूण र भारत । यी वर्षहरू दक्षिणदेखि उत्तरसम्म एक हजार योजनमा फैलिएका छन् । गंगाको उद्गमस्थलदेखि कन्याकुमारी सम्म तेर्सो परेको भाग ९ हजार योजन फैलिएको छ । यस वर्षको मध्यभागमा ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र आदि वर्णाश्रम व्यवस्था अन्तर्गत रहेका छन् भने पूर्वमा किरात, पश्चिममा यवन, म्लेच्छ आदि वस्तछन् । मध्यभागमा बस्ने यहाँका ब्राह्मण, क्षत्रिय, वैश्य शूद्रहरू यज्ञ, युद्ध, व्यापार, सेवा आदि व्यवसायगरेर वस्तछन् । स्वर्ग, मोक्षको लागि यो वर्ष महत्वपूर्ण र सम्वन्धित छ । भारतवर्षमा ७ वटा (महेन्द्र, मलय, सह्य, शुक्तिमान्, ऋक्ष, विन्ध्य, पारियात्र) कुलपर्वत छन् । त्यहाँ अरू ससाना हजारौं पर्वतहरू पनि छन् । गंगा, सिन्धु, सरस्वती, कौशिकी, गण्डकी आदि हिमालबाट निस्कने नदीहरू भारत वर्षमा नै छन् । भारत वर्षमा हजारौं नदी खोलाहरू पनि छन् । यो वर्षमा सत्य, त्रेता, द्वापर, कलि४ युग हुने व्यवस्था छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७. किंपुरूषादि वर्षवर्णन

सूत भन्नुहुन्छ - हे ऋषिहरू ! किंपुरूष वर्षमा नन्दन वनको जस्तो एउटा प्लक्षखण्ड छ । त्यहाँका मान्छेहरू निरोगी र शोकमुक्त हुन्छन् भने त्यहाँ वस्नेहरूको आयु १० हजार वर्ष हुन्छ । किंपुरूष वर्षका वासिन्दा सुनको जस्तो तेजिलो कान्ति भएका हुन्छन् । स्त्रीहरू अप्सरा जस्ता राम्रा हुन्छन् । त्यहाँका स्त्रीहरू सधैं प्रसन्न हुन्छन् । त्यसवर्षमा मह वर्षा गराउने वृक्षहरू पनि छन् ।

त्यस्तै हरिवर्षमा बस्नेहरू चाँदी जस्तो वर्ण भएका हुन्छन् । हरि वर्षमा बस्नेहरू स्वर्गबाट आएका, उखुको रस पिउने, निरोगी र ११ हजार वर्ष आयु भएका हुन्छन् ।

त्यस्तै इलावृत वर्षमा सूर्य चन्द्रको प्रकाश हुँदैन । कमलपत्र जस्ता, सुगन्धी, जामुनफल खाने, भक्त, योगी, मनस्वीहरू हुन्छन् । तिनीहरूको आयु १३ हजार वर्ष हुन्छ । इलावर्षमा सुमेरू, गन्धमादन, निषध, माल्यवान् आदि पर्वतहरू छन् । सुमेरू पर्वतको दक्षिणतर्फ जामुनको वृक्ष रहेको छ । त्यहाँ नाग, दैत्य, दानवहरू वस्तछन् । यसै वृक्षको नामबाट यो द्वीपलाई जम्बूद्वीप भनिएको हो । जामुनको रस बगेर जम्बू नदी बनेको छ । यस नदीको जलमा सूर्यकिरण संयोग हुँदा जम्बूनद नामको मणि बन्दछ । त्यहाँका जामुनको फल खाँदा वृद्ध, रोगी, असमयमा मृत्यु, आलस्य हुँदैन ।

१८. जम्बूद्वीप वर्णन

जम्बूद्वीपस्थित हिमालयको मध्यभागमा कैलाश पर्वत छ । त्यहाँ कुवेर, इन्द्र आदि देवताहरू आ–आफ्ना सेवकहरूका साथमा बस्तछन् । त्यहींको नन्दन वनबाट चन्द्रप्रभा नदी बग्दछिन् । त्यसको नजिकै मन्द नामका कमलहरू फुलेको सरोवर छ । सरोवरको पानी बगेर पवित्र मन्दाकिनी नदी बनेको छ । त्यसै कैलाश पर्वतको पूर्वोत्तरमा औषधी र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभ रत्नहरू भएको चन्द्रप्रभ पर्वत र वैभ्राज नामको दिव्य वन छ। त्यस वनमा ब्रह्मापेत नाम गरेको अनन्त पराक्रमी, जितेन्द्रिय, प्रहेतिपुत्र कुवेरको सेवक बस्तछ। त्यहाँ शिवजीलाई प्यारोलाग्ने शुभ पर्वत पनि विराजित छ। त्यहीँ नै लोहित नामको तलाउ पनि छ। त्यसै नजिकको वैद्युत पर्वतबाट सरयु नदी बग्दछिन्। त्यसको नजिकमा मुञ्ज पर्वत छ। मुञ्ज पर्वत अन्य पर्वतको किल्लाको रूपमा अवस्थित छ। त्यहाँ भगवान् शिव बस्नुहुन्छ। त्यसको नजिकैबाट शिलोदा नदी बग्दछिन्, जो सीता र चक्षुको मध्यभागबाट बगेर दक्षिणको नुनिलो समुद्रमा पुग्छिन्। त्यसै क्षेत्रमा विन्दुसर नामक स्थान छ, जहाँ भगीरथले राज्य गर्दथे। त्यहीं बसेर भगीरथले गंगा प्राप्तिको लागि तपस्या पनि गरेकाथिए। गंगा नदीलाई भगवान् शिवले आफ्नो नियन्त्रणको सम्झिएर माया शक्तिद्वारा जटामा लुकाउनुभएको थियो। आकाशमा नक्षत्रसँग रातमा चम्कने वस्तु तिनै गंगाको रूप हो। जसलाई आकाशगंगा पनि भनिन्छ। अन्तरिक्ष र आकाश हुँदै बगेकी आकाशगंगा नदीलाई शिवले जटामा लुकाउँदा गंगा रिसाइन्। शिवको जटाबाट अलिअलि जल-वूँद वाहिर परेकोबाट विन्दुसर तलाउ बन्यो। पातालसम्म नै बग्दै जान चाहेकी गंगा शिवको जटामा हराउनुपर्दा क्रुद्ध भइन्। शिवले यो कुरा बुझ्नुभयो। गंगाको यो अवस्था बुझ्नुभएका शिवले तपस्वी राजा भगीरथलाई देख्नुभयो। साथै भगवान् शिवले सगर वंशको मुक्ति गंगाको वहावले हुन्छ भनेर आफुले दिएको वरदान सम्झिनुभयो। त्यसपछि शिवले गंगालाई छोडिदिनुभयो। शिवजटाबाट बाहिर आएकी गंगा ७ भाग (नलिनी, ह्लादिनी, पावनी, सीता, चक्षु, सिन्धु र भागीरथी)मा विभक्त भइन्। ती मध्ये नलिनी, ह्लादिनी र पावनी पूर्वतिर वगे भने सीता, चक्षु र सिन्धु पश्चिमतिर बग्न थाले। पूर्व बगेकाहरूले पूर्वी क्षेत्र किरात आदिमा र पश्चिम बगेकाहरूले सिन्धु आदि क्षेत्रमा रस दिन थाले। बाँकी १ भागले भने भगीरथलाई नै साथ दिए। तिनै नदी भागिरथी गंगा नामले प्रसिद्ध भइन्। ती पनि दक्षिणपट्टिको लवण समुद्रमा पुगिन् -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नद्याः स्रोतस्तु गंगायाः प्रत्यपद्यत सप्तधा,

नलिनीह्लादिनी चैव पावनी चैव प्राच्यगाः

सीता चक्षुश्च सिन्धुश्च प्रतीचीं दिशमास्थिताः,

सप्तमी त्वन्नगात्तासां दक्षिणेन भगीरथम्

तस्मात् भागीरथी या सा प्रविष्टालवणोदधिम्,

सप्तैताभावयन्तीदं हिमह्वं वर्षमेव तु - १८।४०-४२

चीन, बर्वर, यवन, आन्ध्रक, पुष्कर, खस आदि देशहरूमा बग्ने यी नदीहरूले सिचाइं सुविधा दिइरहेका छन् । यी सातै वटा नदीहरू विन्दु सरोवरबाट निसृत भएका हुन् । हेमकूट पर्वतमा वर्चोवान् सरोवर, नील पर्वतमा पयोद सरोवर, श्वेत पर्वतमा मानसरोवर र कुरूमा भगवान् शंकरलाई प्यारो लाग्ने रूद्रकान्त सरोवर रहेका छन् । यसैगरी सोमक, वराह, नारद आदि पर्वत पनि पश्चिमपट्टि आयताकार बनेर फैलिएका र लवण समुद्रसंग जोडिएका छन् । यस द्वीपमा अनेक किसिमका मानिसहरूको वसोवास छ ।

हे ऋषिहरू ! यो रूपमा क्षार समुद्रले घेरिएको जम्बूद्वीपको वर्णन भएको छ ।

१९. प्लक्षादि द्वीपहरूको वर्णन

सूत पौराणिकले आफुले सुने अनुसार जम्बूद्वीप पछिका ७ द्वीपको वर्णन पनि ऋषिहरूलाई यसप्रकार सुनाउनुभयो-

प्लक्षद्वीप

प्लक्षद्वीप (जम्बूद्वीपभन्दा दोब्बर) प्लक्ष (पाखरी) नामक महावृक्षको नामबाट राखिएको हो । यस द्वीपलाई इक्षुरसोद समुद्रले घेरेको छ । यहाँका जनता जराव्याधि मुक्त, दुर्भिक्ष नहुने, वर्णधर्मअनुसार आचरण गर्ने, ५ हजार वर्ष आयुभएका हुन्छन् । यसका मुख्य पर्वतहरू ७ वटा छन् -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्ष, गोमेदक चन्द्र, नारद, दुन्दुभि, सोमक, सुमना, वैभ्राज । तिनका उपवर्ष पर्वत क्रमशः गोमेद, शिशिर, सुखोदय, आनन्द, शिव, क्षेमक, ध्रुव हुन् । यस द्वीपका मुख्य नदीहरूमा अनुतप्ता, सुखी, विपाक्षा, त्रिदिवा, क्रमु, अमृता, सुकृता आदि छन् ।

शाल्मलिद्वीप

शाल्मलिद्वीप प्लक्षभन्दा २ गुणा ठूलो छ । यो द्वीपको नाम शाल्मलि (सिमल) वृक्षको नामबाट राखिएको हो । यस द्वीपलाई सुरा समुद्रले घेरेको छ । यहाँका जनता सेता, धर्मशील, रातो, जीमूत हरियो वर्णका हुन्छन् भने जस्ताको तस्तै व्यवहारगर्ने हुन्छन् । यसका मुख्य पर्वतहरू सूर्यसंकाश (कुमुद)-सेतो, उत्तम -रातो, वलाहक द्रोण- हरियो, कर्क महिष, ककुद्मान- सुप्रद हुन् । यस द्वीपका मुख्य नदीहरू ज्योति, शान्ति, तुष्टा, चन्द्रा, शुक्रा, विमोचनी, निवृत्ति आदि छन् ।

कुशद्वीप

कुशद्वीप शाल्मलिको दोब्बर ठूलो छ । यस द्वीपलाई घृतोदक समुद्रले घेरेको छ । यहाँका जनता प्रायः सेता, ठगी नगर्ने, निष्पापी हुन्छन् । यसका मुख्य पर्वतहरू विद्रुम, हेम, द्युतिमान, पुष्पवान, कुशेशय हरि, मन्दर हुन् । तिनका वर्ष (पर्वत) क्रमशः उद्भिद, वेणुमण्डल रथाकार, लवण, धृतिमद, पभाकर, कपिल हुन् । यस द्वीपका मुख्य नदीहरू धूतपापा, शिवा, परित्रा, सन्तति, विद्युत, अम्भा, महि आदि हुन् ।

क्रौञ्चद्वीप

क्रौञ्चद्वीप कुशभन्दा दोब्बर ठूलो छ । यस द्वीपलाई दधिमण्डोदक समुद्रले घेरेको छ । यहाँका जनताहरू गोरा वर्णका हुन्छन् । यस द्वीपमा सिद्ध र चारणहरू बस्तछन् । यसका मुख्य पर्वतहरू क्रौञ्च, वामनक, अन्धकारक, दिवावृत, द्विविद, पुडरीक, दुन्दुभि हुन् भने तिनका पर्वत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रमशः कुशल, मनोनुग, उष्णण, पीवरक, अन्धकारक, मुनिदेश, दुन्दुभिस्वन हुन्। यस द्वीपका मुख्य नदीहरू गौरी, कुमुदवती, सध्न्या, रात्रि, मनोजवा, ख्याति, पुण्डरीका आदि हुन्।

शाकद्वीप

शाकद्वीप क्रौञ्च भन्दा दोब्बर ठूलो छ। यस द्वीपलाई क्षीरोद समुद्रले घेरेको छ। यहाँका जनताहरू दीर्घायु भएका, दुर्भिक्ष, जरा व्याधि नभएका, चातुर्वर्ण्य स्वीकार गर्ने, करको चलन नभएको, दण्ड दिनै नपर्ने भएकाले दण्डविधान नभएका हुन्छन्। यसका मुख्य पर्वतहरू मेरू, उदय, रैवतक, श्याम, सुमहान्, अंविकेय रम्य हुन्। तिनका वर्षपर्वत (क्रमश) केशरी, सुकुमार, कौमार, वणीवक, अः मौदाक, महाद्रुम हुन्। यस द्वीपका मुख्य नदीहरू सुकुमारी, कुमारी, नलिनी, वेणुका, इक्षु, धेनुका, गभस्ति आदि हुन्।

पुष्करद्वीप

पुष्करद्वीप शाकभन्दा २ गुना ठूलो छ। यस द्वीपलाई स्वादूदक समुद्रले घेरेको छ। यहाँका जनताहरू १० हजार वर्ष आयु भएका, निरोगी, तनाव नभएका, इर्ष्या, ठगी नगर्ने, सत्य धर्म परायण, चिसोतातो नभएको, लुटेरा इर्ष्यालु नभएका, माछाखाने, दण्डनीति, सेवाशिल्पत्रयीवार्ता नभएका हुन्छन्। यसका मुख्य पर्वतहरू पूर्वमा चित्रसानु पर्वत (२५ हजार योजनमा फैलिएको पृथ्वीबाट ३४ हजार योजना अग्लो र अधो भागमा मानस पर्वत छन्।

माथि बताए अनुसारका फरक फरक प्रकृतिका ७ द्वीप छन्। सबै द्वीपहरू समुद्रले घेरिएका छन् -

एवं द्वीपाः समुद्रैस्तु सप्त सप्तभिरावृताः
द्वीपस्यानन्तरं यस्तु सामुद्रस्तत् समस्तु स - १९।१२७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी द्वीपहरू उनै सर्वव्यापी भगवान् विष्णुले आफ्नै स्वरूप र नामबाट रक्षा गरिएका छन् । तिनै विष्णु, पद्मनाभ, भूमि, रसातल, आकाश, वायु, अग्नि, जल सर्वत्र पूजिएर रहनुहुन्छ । उनैको अण्ड (अंश) बाट लोक, समुद्र, तारागण, प्रकृति लगायत सम्पूर्ण भूगोल वनेको छ ।

संक्षेपमा ७ समुद्र र ७ द्वीप भएको संसारको भूगोल यस्तो छ ।

२०. अधोलोक वर्णन

सूत भन्नुहुन्छ- पृथिवी, जल, तेज, वायु, आकाश नामका पाँच तत्त्व ज्यादै व्यापक छन् भन्ने बताइसकिएको छ । पृथ्वीले जड चेतन आदि सबैलाई वहन गरेकी हुन्छिन् । यसैले पृथ्वीलाई अनन्त र अत्यन्त विस्तारित भएको भनेर पनि वताइएकोछ । पहाड, नदी, समुद्र, वस्ती, जंगल सबै पृथ्वीमा अडेका छन् । आकाश र पृथ्वीको बीचमा जलको मात्रा अत्यधिक छ । यस्तै आकाश अगम्य पनि छ । आकाशबाट उत्पन्न वायु पनि अनन्त छ । आकाशको तल पृथ्वी छ । जल भने पृथ्वीमा र त्यसभन्दा माथि पनि छ ।

पृथ्वीभन्दा माथि आकाश छ भने तल रसातल छ । रसातल १० हजार योजन विस्तृत छ । रसातलका पनि ७ भाग छन् । अतल, वितल, सुतल, तलातल, रसातल, महातल र पाताल ।

पातालको भूमिको माटो यसप्रकार भएको बताइएको छ-

- पातालको भूमिको पहिलो भागको माटो कालो
- दोश्रो भागको माटो पहेंलो
- तेश्रो भागको माटो नीलो
- चौथो भागको माटो पहेंलो
- पाँचौं भागको माटो शर्करामय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- छैटौं भागको माटो पत्थरमय
- सातौं भागको माटो सुवर्णमय

पातालका विभिन्न भागमा भएको वस्ती -

- पहिलो तलमा सुरेन्द्र, नमुचि, शंकुकर्ण, कबन्ध, निस्कलाद, कालिय, कौशिक आदि बस्तछन् ।
- दोश्रो तल (सुतल) मा दैत्यराज महाजम्भ, हयग्रीव, निकुम्भ, गोमुख, नीलमेघ, कद्रुपुत्र तक्षक आदि बस्तछन् ।
- तेश्रो तलमा अनुहाद, अग्निमुख आदि बस्तछन् ।
- चौथो तलमा कालनेमि, गजकर्ण, कुञ्जर, गरुड आदि बस्तछन् ।
- पाँचौं तलमा विरोचन, वैद्युत, अग्निजिह्व, हिरण्याक्ष, विद्युत्जिह्व आदि बस्तछन् ।
- छैटौं तलमा केसर, सुपर्वा, पुलोमा, महिष, वासुकि आदि बस्तछन् ।
- सातौं तलमा वलि, मुचुकुन्द, शेषनाग आदि छन् ।

हे ऋषिहरू ! अधोलोक धेरै ठूलो छ । को को कहाँ कहाँ बस्छन् भनी पातालमा बस्ने सबैको विवरण बताउन कठिन छ ।

२१. पृथ्वी, समय, सूर्य आदिको वर्णन

महनीय(पूज्य) भएकाले मही भनिएकी पृथ्वीलाई सूर्यमण्डलले घेरेको छ । सात द्वीप र सात समुद्रलाई समेटेकी पृथ्वीको परिमाण पनि शास्त्रहरूले बताएका छन् । मेरूपर्वत माझमा भएको भारत वर्षलाई ५० करोड योजनले घेरा दिएको छ । अर्थात् भारतवर्षको भूभाग ५० करोड योजनमा फैलिएको छ । मेरूलाई माझ वनाएकी पृथ्वी मेरूभन्दा जुनसुकै दिशामा पनि १ करोड योजन फराकिलो छ । ब्रह्माण्डभित्र पर्ने पृथ्वीमा भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक र सत्यलोक छन् । यी लोकहरू छाता आकारका छन् । लोकहरू लोकहरूकै सूक्ष्म आवरणले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याप्त छन् र एक अर्काद्वारा वेष्टित जस्ता पनि छन् । मेरूको पूर्वपट्टि पामीरको पठार पर्दछ । मेरूदेखि पूर्व दिशामा मानस शिखर र महेन्द्रपुरी रहेको छ । ब्रह्माडमा सूर्यको उदयकाल अनुसार समय निर्धारण हुन्छ । विभावरीमा आधारात हुँदा इन्द्रपुरीमा सूर्यास्त हुन्छ । कतै अपराह्न हुँदा कतै पूर्वान्ह हुन्छ । सूर्यको किरण क्षीण हुँदै जाँदा अध्यारो बढ्दै जान्छ । सूर्य अमरावतीको मध्यभागमा पुग्दा संयमनपुर (यमराजको अधिनको शहर) मा सूर्योदय हुन्छ । सूर्य शिखापुरीमा पुग्दा संयमनपुरमा आधा रात र विभावरीमा पुग्दा अस्त हुन्छ । दक्षिणपूर्वका देशमा अपराह्न हुँदा दक्षिणका देशमा पूर्वाह्न हुन्छ र उत्तरपूर्वमा आधा रात हुन्छ । सूर्य उदाउने र अस्ताउने भएकै आधारमा दिशाहरूको ज्ञान हुन्छ । जहाँ सूर्य नजिक हुन्छ त्यहाँ बढी तातो हुन्छ । जहाँ सूर्य विलीन हुन्छ त्यहाँ रात पर्न थाल्छ । सूर्योदय र सूर्यास्तको वीचको ४८ मिनेटको समयलाई सन्ध्या भनिन्छ । दिन छोटो वा लामो जे भए पनि सन्ध्याको समय उत्ति नै हुन्छ । प्रातस्तनकालदेखि ३ मुहूर्तसम्म वा सूर्योदयदेखि ४ घण्टा ४८ मिनेट सम्मलाई संगमकाल भनिन्छ । त्यसवेलादेखि ३ मुहूर्तसम्म (सूर्योदयदेखि ७ घण्टा १२ मिनेट) लाई मध्याह्न भनिन्छ । त्यसपछि अपराह्न र अपराह्नपछि (१५ मुहूर्त दिन वितेपछि ३ मुहूर्त सम्म, अर्थात् सूर्यास्तदेखि २ घण्टा २४ मिनेट) सायंकाल हुन्छ (अपराह्नेव्यतीते तु कालः सायाह्न उच्यते-१२१) । रातमा सूर्यको किरणलोप हुने भएकाले उज्यालो हुँदैन । अग्नि र जलको छाया शुक्लवर्णको हुन्छ भने पृथ्वीको छाया कालो हुन्छ । उदयहुँदा सूर्य टाढा हुने भएकाले किरण मलिनो हुन्छ । दिनमा सूर्यको कारणले समुद्रको पानी तातो हुन्छ तर रातमा सूर्यास्त भैसकेको कारणले सूर्यको उष्णता नाशिने हुँदा पानी चिसो हुन्छ । सूर्यको गति प्रतिमुहूर्त १ लाख ५० हजार योजन हुन्छ ।

पूर्णे शतसहस्राणां एकत्रिंशाधिकं स्मृतम्,
पञ्चाशत्तु तथान्यानि सहस्राण्यधिकानि च
मौहूर्तिकी गतिर्ह्येषा सूर्यस्य तु विधीयते । २१।६५-६६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यका गति दुई वटा हुन्छन् – नागवीथी र अजवीथी। नागवीथी उत्तर पट्टिको बाटो हो भने अजवीथी दक्षिणपट्टिको हो। मूल, पूर्वाषाढा र उत्तराषाढा तीन नक्षत्रमा सूर्यको उदय अजवीथीमा हुन्छ। अभिजित्देखि अश्विनी, कृत्तिका याम्या नक्षत्रमा नागवीथी हुन्छ। ती दुबै पट्टिको भिन्नता ८ लाख ३३३ योजन हुन्छ। सूर्य बाह्र घडीमा उत्तममार्ग हिंड्न सक्दछन्। यसैले दक्षिणायनमा एक मुहूर्त यात्रा गर्ने सूर्यले रातमा अठार मुहूर्तमा तीनै नक्षत्रहरूको भ्रमण गर्दछन्। दक्षिणायनमा बाह्र मुहूर्त र उत्तरायणमा १८ मुहूर्तमा गर्ने यात्रा बराबर हुन्छ। विषुवत रेखामा सूर्य रहँदा दिन र रात वरावर हुन्छ र जाडो गर्मी पनि वरावर हुन्छ। यसैले माघ १ र साउन १ मा (सूर्य विषुवत रेखामा रहने भएकाले) दिन र रात वरावर हुन्छ। तर, दक्षिण र उत्तर अयनका अरू दिनहरूमा दिन र रातहरू घट्ने बढ्ने भैरहन्छन्। यसैले उत्तरायणमा गर्मी र दक्षिणायमा जाडो बढी हुन्छ। १२ मुहूर्त को १२×४/५= ४८/५, ९ घण्टा ३६ मिनेटको सबैभन्दा छोटो दिन र उत्तरायणमा १८ मुहूर्त १८×४/५=७२/५, १४ घण्टा २४ मिनेटको सबैभन्दा लामो दिन हुन्छ। समयको गणना सूर्यको उदयको आधारमा हुन्छ। १५ निमेष = १ काष्ठा, ३० काष्ठा = १ कला, ३० कला = १ मुहूर्त, ३० मुहूर्त = एक दिनरात हुन्छ। यसै अनुसार दिन, हप्ता, पक्ष, महिना, ऋतु, अयन, सम्वत्सर आदि हुन्छन्।

सन्ध्याकालमा सूर्य र अग्निलाई दुखदिने राक्षसलाई ब्रह्माजीले श्राप दिनुभएको थियो। ती राक्षसहरू ३ करोड छन् भनिन्छ।

समय गणनामा सूर्यको प्रभाव हुन्छ। किनभने सूर्यकै आधारमा समयको गणना गरिन्छ, जस्तै, १५ निमेषको १ काष्ठा, ३० काष्ठाको १ कला, १५ मुहूर्तको १ दिन, १५ मुहूर्तको १ रात, ३० मुहूर्तको १ अहोरात्र, १५ दिनको एक पक्ष, २ पक्षको एक महिना, २ महिनाको एउटा ऋतु, ३ ऋतुको १ अयन, २ अयनको एक वर्ष इत्यादि हुन्छ। यसै गरी सम्वत्सर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि धेरै (६०) छन् । यसै गरी वंश, परम्परा, धर्म र प्रलय पनि सूर्यको गतिकै आधारमा चलायमानहुने गर्दछ ।

२२. सूर्यको गति र शक्ति

स्वायम्भुव मनुको वंशविस्तार सुन्न इच्छागरेका शौनकादि ऋषिहरूलाई सूत भन्नुहुन्छ – सूर्यमण्डलमा भएका ग्रह, नक्षत्र, सूर्य, वायु आदि नै संसार र सृष्टि-सञ्चालनका सहयोगीहरू हुन् । सूर्यको गति र शक्तिको आधारमा समुद्रको पानी वायुको माध्यमबाट आकाशमा जान्छ र मेघ र वर्षाको माध्यमबाट पुनः पृथ्वीमा झर्दछ -

सूर्यमूला च वै वृष्टिर्जलं सूर्यात् प्रवर्तते,
ध्रुवेणाधिष्ठितः सूर्यस्तस्यां वृष्टौ प्रवर्तते -२२।५८

वायुको प्रहारले नै मेघले पानी पार्दछ, ज्वारभाटाहरू उठ्छन् । यति हुँदा पनि जलको विनाश हुँदैन, रूप परिवर्तन हुन्छ, जस्तै वाष्प, वर्षा, वरफ आदि । यो नै सृष्टि सञ्चालनको लागि भगवान्ले बनाएको माया हो (सन्धारणार्थं लोकानां मायैषा विश्वनिर्मिता -२२।१७) ।

यसैगरी वायु पनि पुष्कर, जीमूत आदि नामबाट आवश्यकता अनुसारको मात्रामा बहन्छन् । चन्द्रमाको माध्यमबाट शीत, उष्ण हुन्छ । संवत्सर रथ हो भने ६ वटा ऋतुहरू रथका नेमी (चक्र) हुन् । मुहूर्त रम्या कला हो । यी सबैको गति ध्रुव अर्थात् निश्चित छ ।

सूर्यको रथ नाभि स्थान हो । यसैलाई सूर्यको एक चक्र पनि भनिन्छ । ५ ऋतु सूर्यका चक्रका आरा हुन् भने ६ ऋतुहरू रथका नेमि हुन् । रथको मध्यभागलाई वर्ष भनिन्छ । अयनहरू रथका जुवा हुन् । मुहूर्त रथको बन्धुर हो भने रम्या कला हो । काष्ठा सूर्यको घोडा हो । यसैको आधारमा सूर्यको अक्षदण्ड निर्धारण हुन्छ । ध्रुवद्वारा जव रष्मिरूपी लगाम खिचिन्छन्, त्यसवेला सूर्य पनि घेरा बनाएर भित्रै घुम्नथाल्छ -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकृष्यते यदातौ वै ध्रुवेण समधिष्ठितौ,

तदा सो ~ भ्यन्तरे सूर्यो भ्रमते मण्डलानि तु - २२।८२

सूर्यले १८० मण्डलहरूलाई चक्कर लगाएर घुम्दछ र ध्रुव रश्मिरूपी लगामलाई छोडिदिन्छ। लगाम छोडेपछि सूर्य बाहिरी मण्डलमा मण्डलहरूलाई नै घेरा बनाएर घुम्न थाल्दछ।

२३. सूर्यको रथ र ध्रुवचर्या

सूर्यको गति, सूर्यको रथ, रथको बनोट, रथमा वस्नेहरू फरक र विशेष महत्त्वका हुन्छन्। सूर्यको रथ जसलाई ध्रुवचर्या पनि भनिन्छ, त्यसको निर्माण र प्रयोग विशेष किसिमले हुने गर्दछ। रथमा देवता, ऋषि, गन्धर्व, अप्सरा, ग्रामणी, सर्प, यक्ष, राक्षसहरू रहेका हुन्छन्। रथको सञ्चालनबाट नै कलाकाष्ठादि समयको गणना हुन्छ र रात, दिन, पक्ष, मास, अयन, सम्वत्सर आदि बन्दछन्। सूर्यको रथको गतिक्षमता नै ध्रुवचर्या हो। रथमा बस्नेहरू नै लोकमा सुख दुखदिने हुन्छन्। सूर्यकै कारणले चन्द्रमाको गतिको वृद्धि र ह्रास हुन्छ। वृद्धि, हुँदा सूर्यमा अमृत भरिदैजान्छ। पूर्णिमाका दिन रथमा बस्नेहरूले अमृत खाइदिन्छन्। त्यसैले अमृत रित्तिन्छ। त्यसरी अमृत खाएपछि पितृहरू १ महिनासम्म अघाउँछन्।

शुक्लपक्षमा सन्मुख हुने सूर्यको किरणद्वारा चन्द्रमामा अमृतकला भरिदैजाने हुँदा देवताले पान गरिरहदा पनि चन्द्रकला बढि नै रहन्छ र पूर्णिमामा भरिन्छ। कृष्णपक्षमा भने चन्द्रमा सूर्यको सन्मुख नहुने कारणले चन्द्रकला घट्दै जान्छ र अमावास्या सम्ममा अन्तिम दुईकला पितृले पान गरेपछि रित्तिन्छ। अर्थात् सूर्यको किरणको माध्यमबाट शुक्लपक्षमा भरिदै गएको चन्द्रमाको अमृतकला ३३३३३ देवताले र अमावास्याका दिन अपराह्न २ लव समयमा पितृहरूले पान गर्दै जाँदा अमावास्याको अन्तिम समयमा चन्द्रकला (अमृत) रित्तिन्छ। त्यसै अमृतकलाबाट पितृगण १ महिनाको लागि तृप्त हुन्छन्। त्यसरी पुरा अमृत रित्तिएको अमावास्यालाई कुहु र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कला शेष रहेको अमावास्यालाई सिनिवाली भनिन्छ। (सा दृष्टेन्दुः सिनिवाली सा नष्टेन्दुः कलाकुहुः (अमर कोष)। शुक्लपक्षमा पुनः चन्द्रमामा अमृत भरिदै जान्छ।

सूर्यको रथमा देवता, आदित्य, ऋषि, गन्धर्व, अप्सरा, ग्रामिणी, सर्प, राक्षसहरू २–२ महिना (एक ऋतु) बस्दछन्। उदाहरणको लागि हेमन्त (मार्ग पौष) ऋतुमा सूर्यको रथमा बस्नेहरू यस प्रकार हुन्छन् –

ऋषि -	अंश, भग, कश्यप, क्रतु।
सर्प -	भुजंग, महापद्म र कर्कोटक
गन्धर्व -	चित्रसेन र उर्णायु
अप्सरा -	उर्वशी र पूर्वचित्ति
सेनानी -	तार्क्ष
ग्रामणी -	अरिष्टनेमि
राक्षस -	विद्युत्स्फूर्ज र शतायु

सूर्यका सप्तरङ्गी किरणहरूलाई नै सूर्यका सात घोडाको रूपमा व्याख्या गरिएको पाइन्छ।

'सूर्यको जस्तै गरेर चन्द्रमाको रथको तीन पैया हुन्छन् भने नक्षत्ररूपी १० घोडाहरू जोतिएका हुन्छन्। सूर्यको जस्तै अरू सबै ग्रहहरूको रथ पनि छुट्टाछुट्टै हुन्छन् र रथ सञ्चालन गर्ने घोडा, रथको गति पनि भिन्न भिन्न हुन्छ। सूर्यबाट निस्किएको राहु अमावास्याका दिन चन्द्रमा समक्ष जान्छ। त्यसै दिन सूर्य ग्रहण हुन्छ। यसरी ग्रह र रथहरू ध्रुवको कारणले ध्रुवकै क्षमतामा चलायमान हुन्छन्।

सूर्यको किरणद्वारा नै जलवर्षा हुन्छ भने तिनै किरणद्वारा पानी माथि माथि जान्छ र मेघ बन्दछ। त्यही मेघ वर्षाको रूपमा पुनः पानी भएर फर्कन्छ। त्यसरी वर्षेको जलबाट प्राणी र वनस्पतिहरू तृप्त हुन्छन्। अरू ग्रहको पनि रथ र रथीहरू पृथक् पृथक रूपका हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४. अग्नि, सूर्यादिग्रह, चन्द्रमा आदि नक्षत्र र तिनीहरूको अवस्था

अग्नि तीन किसिमको छ – दिव्य, भौतिक र पार्थिव। सृष्टि प्रारम्भ हुनुअघि स्वयम्भू ब्रह्माको समयमा प्रधानतत्वको प्रकृति जड र आकृति विहिन थियो । त्यस वेलामा ब्रह्माले पृथ्वी र जलआश्रित अग्निलाई देख्नुभयो। त्यसैलाई पार्थिव अग्नि भनियो। सूर्यबाट प्रकाशितहुने भएकाले त्यो अग्निलाई शुचि पनि भनियो । त्यो अग्नि जलमा पनि रहदै आयो । जलबाट उत्पन्न भएको अग्नि वैद्युत, जठर र सौर तीन प्रकारको मानिन्छ। वैद्युत अग्नि मेघमा, जठर अग्नि पेटमा र सौर अग्नि सूर्यमा हुन्छ। सूर्यले जल बढीपान गर्दा बढी तेजिलो हुन्छ।

पृथ्वीका उत्तर र दक्षिण – २ गोलार्ध छन् । एउटा गोलार्धमा सूर्यरूप अग्नि जाँदा अर्को गोलार्धमा अध्यारो हुन्छ । सूर्यकै कारणले महिना, वर्ष, सम्वत्सर हुन्छ। यसैगरी निमेष, घण्टा, दिन–रात (अहोरात्र) पनि हुन्छ। वर्षा, जाडो, गर्मी सूर्यकै कारणले हुनेगर्छ। सूर्यका हजारौं किरण हुन्छन्, ती मध्ये वर्षाहुन ४०० किरणको उपयोग हुन्छ। यिनै किरणलाई अमृत पनि भनिन्छ । सूर्यका ३०० किरण हिउँबाट निस्किएका छन् । सूर्यका यी ३०० किरणहरूलाई दृश्य, मेध्य, याम्य, ह्लादिनी र चन्द्र भनिन्छ। यिनीहरूले हिमपात गराउँदछन् । त्यसैगरी शुक्ला, कुहुका, गौ, विश्वभृत् नामका ३०० किरणहरूले घाम पैदा गर्दछन् । यिनै किरणहरूले अन्न, औषधीद्वारा भूतजगतलाई, स्वधाबाट पितृगणलाई र अमृतबाट देवगणलाई तृप्त गरी ऋतुचक्र चलाउँछन्। सूर्यका किरणको क्षमता महिनै पिच्छे फरक हुन्छ। महिनाअनुसार सूर्यका नाम यसप्रकार छन्–

माघ –	अरूण,	फागुन –	पूषा,	चैत –	देवांशु,
वैशाख –	धाता,	जेठ –	इन्द्र,	असार –	सविता,
साउन –	विवस्वान्,	भाद्र –	भग,	आश्विन –	त्वष्टा,
कार्तिक –	रवि,	मार्ग –	मित्र,	पुस –	विष्णु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैगरी सूर्यको किरण-संख्या पनि प्रति महिना फरक हुन्छ –

माघ – ५ हजार किरण,
फागुन – ६ हजार किरण,
चैत – ७ हजार किरण,
वैशाख – ८ हजार किरण,
जेठ – ९ हजार किरण,
असार – १० हजार किरण,
साउन – ११ हजार किरण,
भाद्र – ७ हजार किरण,
असोज – ८ हजार किरण,
कार्तिक – १० हजार किरण,
मार्ग – ९ हजार किरण,
पौष – ६ हजार किरण

यसैगरी ऋतु अनुसार सूर्यको रंग फरक हुन्छ ।

वसन्तमा – कपिल ग्रीष्ममा – कनकप्रभ वर्षा – श्वेत
शरद – पाण्डुर हेमन्त – ताम्र शिशिर – रक्त

चन्द्रमा, ग्रह, नक्षत्रको उत्पत्ति पनि सूर्यले नै गराएको हो । ग्रहका राजा सूर्य र नक्षत्रका राजा चन्द्रमा हुन् । देवत्वको हिसावले हेर्दा सूर्यलाई अग्नि, चन्द्रमालाई वरूण, मंगललाई कार्तिकेय, बुधलाई नारायण भनिन्छ । यसैगरी वृहस्पति र शुक्रलाई ब्रह्मा, शनिश्चरलाई यम भनिन्छ । विस्तार हिंड्ने ग्रह शनिश्चर हो । सूर्यले नै ऋतु, जाडो गर्मी बनाउने भएकाले अन्न उत्पादन, प्राणीको वृद्धि, कालगणना सूर्यबाटै भएको हो ।

आदित्यमूलमखिलं त्रैलोक्यं नात्र संशयः ।५१।
सूर्य एव त्रिलोकस्य मूलं परमदैवतम् ।५४।
तदादित्यादृते ह्येषा कालसंख्या न विद्यते ।५७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११,००० किरण भएका सूर्यका प्रमुख ७ किरण सुषुम्णा, हरिकेश, विश्वकर्मा, विश्वश्रवा, सम्पद्वसु, अर्वावसु र स्वराट् हुन् । चन्द्रमाको क्षीण भएको कलालाई सुषुम्णाले पुष्टि गर्दछ । हरिकेश नक्षत्रको जननी हो । सूर्यको दक्षिणतर्फको किरण विश्वकर्मा हो, यो किरणले बुधलाई प्रकाशित गर्दछ । विश्वश्रवा किरणले शुक्रलाई प्रकाशित गर्दछ । सम्पद्वसु किरण मंगलको जननी हो भने अर्वावसु किरणले वृहस्पतिलाई प्रकाशित गर्दछ । सातौं स्वराट्बाट शनिश्चर प्रकशित हुनेगर्दछ । यसैगरी, आकाशका पिण्ड नष्ट नहुने हुनाले नक्षत्र र उत्तारणगर्ने हुनाले तारा पनि भनिन्छ । कल्पको सुरुमा ब्रह्माले ग्रहहरूको स्थापना गर्नुभएको थियो । ग्रहहरू कल्पान्त सम्म रहिरहन्छन् ।

वैवस्वत मन्वन्तरमा अदितिका छोरा विवस्वान्लाई सूर्य भनिन्छ । चन्द्रमा अष्टवसुमध्ये पर्दछन् । भृगुपुत्र शुक्र दैत्यका गुरू र अंगिरापुत्र बृहस्पति देवताका गुरु हुन् । यसैगरी त्विषिका छोरा बुध, सूर्यका छोरा शनिश्चर, अग्नि र अविकेशीका छोरा मंगल, स्वर्भानु र सिंहिकाका छोरा राहु र केतु हुन् । सूर्यको वृत्त (विष्कम्भ) को वीचको दूरी ९ हजार योजन हुन्छ । यसैगरी सूर्यको मण्डल वृत्तको तीनगुना (२७००० योजन) मानिएको छ । सूर्य मण्डलभन्दा चन्द्रमण्डल दोब्बर छ । यी दुवैको बराबर पृथ्वीको छायाबाट बनेको राहुमण्डल छ । चन्द्रमाको १६ औं भाग शुक्रमण्डल छ भनिएको छ । शुक्रकोभन्दा एक चौथाई कम बृहस्पति र बृहस्पतिकोभन्दा एक चौथाई कम मंगल र शनिश्चरका मण्डल छन् । यीभन्दा एक चौथाइ कम वृत्त भएको बुध छ । पृथ्वीको छाया चन्द्रमामा पर्नु चन्द्रग्रहण र सूर्यमा पर्नु सूर्य ग्रहण हो । राहुको स्थान अन्धकारमय हुन्छ ।

सूर्यमण्डलको माथि चन्द्रमण्डल, त्यसमाथि नक्षत्रमण्डल, त्यस माथि बुधमण्डल, बुधभन्दा माथि शुक्र, शुक्रभन्दा माथि मंगल, मंगलको माथि बृहस्पति र त्यो भन्दा माथि शनैश्चर छन् । शनिभन्दा माथि सप्तर्षिमण्डल र त्यो भन्दा माथि ध्रुव छ । तारा र ग्रहको अन्तर २-२ लाख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योजन छ। द्वीप, समुद्र, नदी पनि ग्रह नक्षत्र समूहमै उत्पत्ति भएका हुन्। अदितिपुत्र विवस्वान् चाक्षुष नक्षत्रमा पैदा भएका हुन्। अंगिरापुत्र बृहस्पति पूर्वाफाल्गुनी नक्षत्रमा पैदा भएका हुन्। चक्षु, शास्त्र, जल, ग्रन्थ र गणित वुझ्यो भने यो सबै रहस्य बुझ्न सकिन्छ। बुद्धिमान्हरूले आगम, अनुमान र प्रत्यक्ष प्रमाणबाट समेत राम्रोसंग निर्क्यौल गरेर मात्र भूगोल र खगोलका बारेमा निश्चित गर्न सक्तछन्।

आगमादनुमानाच्च प्रत्यक्षादुपपत्तितः

परीक्ष्यनिपुणां बुद्ध्या श्रद्धातव्यं विपश्चिताः

चक्षुःशास्त्रंजलं लेख्यं गणितं बुद्धिवित्तमा

पञ्चैते हेतवो विप्रा ज्योतिर्गणविवेचने - २४।१५१-१५२।

नक्षरमा श्रेष्ठ श्रविष्ठा (श्रवण) र अयनमा श्रेष्ठ उत्तरायण हो। पाँच वत्सर मध्ये सम्वत्सर प्रथम हो। ऋतुहरूमा शिशिर, महिनाहरूमा माघ, पक्षहरूमा शुक्ल, तिथिहरूमा प्रतिपदा उत्तम हो। यस्तै दिन र रात मध्येमा दिन श्रेष्ठ हुन्छ। सूर्यलाई सञ्चालन गर्ने रूद्र हुन्।

२५. नीलकण्ठ नाम उत्पत्ति वर्णन

सूर्यमण्डलको वर्णन गरिसकेर सूर्यको जप गर्नलागेका वायुलाई ऋषिहरू भगवान् शिवको नाम नीलकण्ठ रहनुको कारण सोद्धछन्। वायु भन्दछन्– सत्ययुगको मानस प्रजापतिको समयमा वरिष्ठ नामका ऋषिलाई पनि तपाईं (ऋषि) हरूलाई जस्तै शिवले नीलकण्ठ हुनुपरेको कारण जान्न मन लागेछ र कार्तिकेयसँग सोधेछन्। कार्तिकेयले उनलाई आमाको काखमा बस्दा सुनेको घटना बताउनु भएछ।

आमा पार्वतीले आनन्दसँग अति सुरम्य वातावरणमा बसेको वेलामा शिवलाई नीलकण्ठ किन हुनुपरेको भनेर सोध्नुभएछ। त्यस वेला शिवले नै भन्नुभएछ – विष्णु आदि देवता र दानवहरू मिलेर समुद्र मथन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा कडा विष पैदा भएछ। त्यो विषदेखि डराएर देवताहरू ब्रह्मा समक्ष शरणलिन गएछन्। ब्रह्माले यो विषबाट उत्पन्न समस्याको समाधान म (शिव) बाहेक कसैले गर्न नसक्ने बताएपछि सबै जना मेरो नजिक आएर स्तुति गरे। मेरो शक्ति उजागर हुनेगरी स्तुति गरेपछि मैले उनीहरूको समस्या सुनें, बुझें र त्यो विष पिइदिएँ। त्यसवेलादेखि मेरो नाम निलकण्ठ रहेको हो। मैले विष पिएपछि देवताले गरेको शिवस्तुति यसप्रकार छ -

अहो बलं वीर्यपराक्रमस्ते त्वहो वपुर्योगबलं तवेश
अहो प्रभुत्वं तव देवदेव महाद्भूतं मन्मथ देहनाशन।
त्वमेव विष्णुश्चतुराननस्त्वं त्वमेव मृत्युर्वरदस्त्वमेव॥
त्वमेव सूर्यो रजनीकरश्च व्यक्तिस्त्वमेवास्य चराचरस्य।
त्वमेव वन्हिः पवनस्त्वमेव त्वमेव भूमिः सलिलं त्वमेव॥
त्वमेव सर्वस्य चराचरस्य धाताविधाताप्रलयस्त्वमेव।
इत्येवमुक्त्वावचनं सुरेन्द्राप्रगृह्य सोमं प्रणिपत्यमूर्ध्ना।
गताविमानैरनिलोपवेगैर्महानगं मेरूमुपेत्य सर्वे।
इत्येतत्परमं गुह्यं पुण्यात्पुण्यतमं महत्॥
नीलकंठं इतिप्रोक्तं त्रिषु लोकेषु विश्रुतम्।
स्वयंभुवा स्वयं प्रोक्ताकथापापप्रणाशिनी॥ २५।९३–९८॥

यो शिवशक्ति गाथायुक्त शिवस्तुति जसले थोरै मात्र पनि सुन्दछ वा पढ्दछ, उसका सबै मनोकामना पुरा हुन्छन्।

२६. लिङ्ग उत्पत्ति वर्णन

सूत पौराणिक शौनकादि ऋषिहरूलई भन्नुहुन्छ– एकपटक भगवान् विष्णुले वलि आदि दैत्यहरूलाई जितेर तह लगाईसकेपछि क्षीर सागरमा सुतिरहनु भएको थियो। भगवान्को प्रभाव र पराक्रमलाई देखेर सिद्ध, चारण, गन्धर्व, ऋषि, देवता आदि आएर भगवान्प्रति कृतज्ञता प्रकट गरे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसवेला भगवान् विष्णुले यो सबै संसारको सृष्टि मैले गरेको हुँ भन्नुभयो। त्यसैवेला ब्रह्माले सृष्टि मैले गरेको हुँ भन्नुभयो। सृष्टि गरेको विषयलाई लिएर ब्रह्मा र विष्णुका वीचमा झगडा पऱ्यो। त्यसैबेला अकस्मात् आकाशमा लिङ्गाकारको एउटा विशिष्ट तेज उत्पत्ति भयो। ब्रह्मा र विष्णु दुबैको ध्यान त्यो तेजतर्फ गयो। झगडा बन्द भयो। दुवै जनाले त्यो तेज कहाँबाट आएको र कुन शक्ति हो भन्ने पत्ता लगाउन खोज्नुभयो।

त्यसवेला ब्रह्माले आफु तेजको शिरपट्टि जाने र विष्णुलाई फेद पट्टि गएर तेजको आद्योपान्त खोज्नजाने प्रस्तावगर्नुभयो। दुवै जना तेजको खोजिमा जानुभयो। हजारौ वर्षसम्म कोशीश गर्दा पनि तेजको बारेमा केही पत्ता नलागेपछि दुवै जना क्षीर सागरमा फर्कनुभयो र शिवजीको स्तुति गर्न थाल्नुभयो-

नमो ँ स्तु ते लोकसुरेशदेव नमो ँ स्तु ते भूतपते. महात्मन्

नमो ँ स्तु ते शाश्वतसिद्धयोगिने नमो ँ स्तु ते सर्वजगत् प्रतिष्ठित २६।३२

स्तुतिबाट शिव प्रसन्नहुनुभयो र ब्रह्मा र विष्णु दुवै जनालाई वरदान माग भन्नुभयो। साथै शिवले मेरो दायाँ हातबाट ब्रह्मा र वायाँहातबाट विष्णु सृष्टिभएको बताउनुभयो। (अयं मे दक्षिणो बाहुर्ब्रह्मालोकपितामहः, वामो बाहुश्च मे विष्णु र्नित्यं युद्धेष्वनिर्जितः -२६।५८)। ब्रह्मा र विष्णुले 'यदि हजुर हामीदेखि प्रसन्न हुनुहुन्छ भने हजुरको भक्तिमा हाम्रो मन लागोस्' भन्ने वरदान माग्नुभयो। शिवले पनि तपाईंहरूले भने अनुसार हुने छ (तथास्तु) भनी सृष्टि अगाडि बढाउन निर्देशनदिई अन्तर्ध्यान हुनुभयो। हे ऋषिहरू ! तपाईंहरूलाई मैले भगवान् शंकरको प्रभाव बताएँ।

यो शिव नामको सूक्ष्म रूपले चिन्तन गरेमा सर्वसिद्धि प्राप्त हुन्छ। यो प्रसङ्ग सुने मात्र पनि इच्छासिद्धि हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२७. दारूवनमा शिवदर्शन पाएका ऋषिहरूले शिवस्तुति गर्नु, भष्ममहात्म्य

दारूवनको महत्व, लिङ्गोत्पत्ति र भष्मधारण महत्त्वबारे जान्न चाहना राख्ने शौनकादि ऋषिहरूलाई सूत पौराणिक भन्नुहुन्छ – सत्ययुगमा दारूवनमा धेरै ऋषिहरू कठिन तपस्या गरेर बसेका थिए । ऋषिहरू तपस्यागर्दा कोही भ्याउमात्र खान्थे, कोही एक खुट्टाको औंलाले मात्र टेक्थे, कोही मृगचर्ममात्र ओढ्थे । एकपटक भगवान् शिव त्यसै ठाउँमा पार्वती सहित नाच्दै, गाउँदै, हाँस्दै नाङ्गो भएर आउनुभयो । नाङ्गो आकारमा भगवान्लाई देखेर ऋषिहरूले आफ्नो पत्नी छोरीहरूलाई आकर्षित गर्ने भएकाले कि लुगा लगाउन कि त्यहाँबाट हिंड्न सुझाव दिए । त्यसै वखत ऋषिपत्नीहरू भगवान्को नाङ्गो रूप र लिङ्ग देखेर मोहित भए । ऋषिहरूलाई शिवदेखि रिस उठ्यो र भगवान्ले जुनजुन प्राणी-पशुको आकारमा हाँस्नु नाच्नु भएको थियो, त्यै त्यै हुनु परोस् भनेर श्राप दिए । शिवजी त्यत्तिकैमा अन्तरध्यान हुनुभयो । शिवजी लुप्त हुनुभएपछि सूर्यले उज्यालो नदिने, आगोले न पोल्ने, यज्ञ नहुने आदि आपत्तिहरू देखिनथाले । यो अवस्था देखेर ऋषिहरू ब्रह्माजीको शरणमा गए र शिवजीलाई नाङ्गै आएकाले श्राप दिएको वेलिविस्तार बताए । ब्रह्माजीले भन्नुभयो– तिमीहरूले उहाँलाई चिनेनौ र वुझेनौ । उहाँ साक्षात् शिव हुनुहुन्छ । देवता, पितृ ऋषि सबै उहाँहरूबाटै पैदा भएका हुन् । उहाँका युगअनुसारका नाम र रूप हुन्छन् -

शिवकार रूपहरू

सत्ययुगमा – योगी	त्रेतामा – यज्ञ
द्वापरमा – कालाग्नि	कलिमा – धर्मकेतु

शिवका गुणअनुसारका मूर्तिहरू

तम – अग्नि, रज – ब्रह्मा, सत्व – विष्णु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब तिमीहरूले आ–आफ्नो वसेको ठाउँमा शिवलिङ्ग राखेर पूजा गर्नु। ब्रह्माजीको सल्लाह र निर्देशनअनुसार ऋषिहरूले पनि लिङ्ग स्थापना गरेर शिवको स्तुति-पूजा गरे। ऋषिहरूले गरेको स्तुतिबाट भगवान् शिव प्रसन्न हुनुभयो र पुनः उनीहरू समक्ष देखापर्नुभयो। शिवले सबैको भ्रम र पाप नाशगरिदिनुभयो। त्यस वेला केही ऋषिले भष्मधारण र नग्नत्वबारे सोधेपछि शिवले भन्नुभयो– जन्मदा जोसुकै पनि नाङ्गै हुन्छ, इन्द्रिय, निग्रह रूपीवस्त्रले त्यसलाई ढाक्नुपर्छ। नाङ्गो वनेर लाज हुन्छ भन्ने भावनालाई भष्म गरिदिनुपर्छ त्यो भष्म मेरो प्यारो हुनेछ, त्यसले अनिष्ट र पाप निवारणगर्न सक्तछ। मलाई चिनेर दक्षिण मार्गबाट ष्मशान भजन गरी भष्मधारण गर्नेहरूले अणिमा, महिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व, अमरत्व जस्ता सिद्धिहरू प्राप्त गर्दछन्। क्षमा, धैर्य, अहिंसा, वैराग्यका आवरणले लोकलज्जालाई सजाउन सक्नेहरूलाई कुनै दुःख हुँदैन। तिनीहरू शिवलोकवासी हुन्छन्।

२८. पुरूरवाले हरेक महिना स्वर्ग गएर तर्पणदिनु

पुरूरवाले हरेक अमावास्याको दिनमा स्वर्ग गएर तर्पण गर्थे भन्ने कुरा के हो, बताइदिनुहोस् भन्ने शांशपायन ऋषिको प्रश्नमा सूत पौराणिक भन्नुहुन्छ– यसबारेमा म तपाईंलाई पुरूरवा र सूर्यको मिलन, शुक्ल र कृष्णपक्षमा हुने चन्द्रमाको घटबढ, पितृलाई दिनु पर्ने हव्यकव्यका महत्वपूर्ण विषय बताउँदछु।

सूर्य र चन्द्रमा अमावास्याको रातमा एकै नक्षत्रमा एकै मण्डल भएर बस्तछन्। त्यसवेला पुरूरवा आफ्ना पितामह (सूर्य) लाई भेट्न जान्छन्। त्यसैवेला चन्द्रमाले पनि पितृहरूको लागि अमृत वर्षा गराउँदछन्। त्यसवेलाको लव र कुहु कालको अमृत वर्षा सिनिवालीकाल सम्म निरन्तर हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितृलाई एक महिना खान पुग्नेगरी चन्द्रमाले अमृत वर्षा गराउँछन् । यसरी अमृत खसेको वेलामा पुरूरवा त्यै अमृतले आफ्ना पितृलाई तर्पण गर्दछन् । शुक्लपक्ष र कृष्णपक्ष भनेको उखुको लाक्रा वा निगालाको आख्ला जस्तो मात्र हो । सौम्य, बर्हिषद, काव्य र अग्निष्वात्त यी चार किसिमका पितृ हुन्छन् । वर्षा ऋतु भनिने अग्नि संवत्सर हो । त्यसैबाट ऋतुहरू उत्पन्न हुन्छन् । ऋतुहरूबाट आर्तव पैदा हुन्छ । आर्तव अर्धमास भनिने ऋतुका वंशज हुन् । ऋतुहरू पितामह हुन् । तिनीहरू महिना र वर्षका रूपमा पनि गनिन्छन् । प्रपितामह भनेको उनै भगवान् हुन्, जो पञ्चाब्द नामका ब्रह्माजीका छोरा पनि हुन् । सौम्य नामका पितृहरू चन्द्रमाबाट उत्पन्नभएका मानिन्छन् भने काव्य पितृहरू शुक्राचार्यबाट उत्पन्न भएका मानिन्छन् । घिउ खाने पितृहरूलाई काव्य भनिन्छ । काव्य, बर्हिषद र अग्निष्वात्त गरी पितृका तीन रूप हुन्छन् । यज्ञ गर्ने ग्रहस्थ, ऋतु र बर्हिषद पितृहरू एउटै श्रेणीका हुन् । यज्ञ नगर्ने ग्रहस्थ अग्निष्वात्त आर्तव हुन् । चन्द्रमा इडावत्सर हुन् भने वायु अनुवत्सर हो । रूद्र वत्सर हो । वत्सरका यिनै पाँच रूपलाई युगात्मक पञ्चाब्द भनिन्छ । उष्मपा पितृ (उर्जा पिउने) काव्य हो । ती काव्यलाई दिवाकीर्त्या पनि भनिन्छ । यिनले प्रत्येक महिना अमावास्याका दिन आकाशमा सुधापान गर्दछन् । राजा पुरूरवा जिवित रहुन्जेल यसैगरी आफ्ना पितृहरूलाई तृप्त गराउँदथे । हरेक महिना चन्द्रमाबाट झर्ने अमृत आफ्नो बाबा (सूर्य) लाई पिलाउँदथे । यसैले उनी सोमपानगर्ने पितृकालागि सुधामृत थिए । यिनैलाई सौम्य सुधा र मधु पनि भनिन्छ । युगान्तरमा चन्द्रमा र सूर्य आपसमा विषुवत् रेखाको मध्यभागमा हुँदा समानरूपले देखिन्छन् । अर्थात् चन्द्र र सूर्यको दर्शन हुन्छ । यसैलाई व्यतीपात पनि भनिन्छ । सूर्य नै समयको चालक हो । सूर्यद्वारा नै समय गणना गरिन्छ । अमावास्याको दिन चन्द्रमाका कलाहरू क्षीण हुन्छन् । त्यसवेला सूर्यलाई राहुले ढाक्तछ, सूर्य देखिदैनन् । त्यसैलाई सूर्य ग्रहण भनिन्छ । कूहू भएको आमावास्या कूहू आमावास्या र सूर्य प्रवेशगर्ने आमावास्यालाई सिनीवाली आमावास्या

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिन्छ । अर्थात् चन्द्रमा नदेखिने प्रतिपदाको औंसी सिनीवाली हो । आमावास्या पितृको लागि प्रिय हुन्छ । श्राद्धमा दिइएको अन्नले पितृहरू तृप्त हुन्छन् । त्यसैले आमावास्यामा पितृहरू अन्न बढी रूचाउछन् ।

तपस्या, ब्रह्मचर्य, यज्ञ, प्रज्ञा, श्राद्ध, विद्या र दान – यी ७ कर्मबाट स्वर्ग जानपाइन्छ । यी कर्म नगर्नेहरूले कठीन नरक यात्रा गर्नुपर्छ । नरकमा रहेको वा पिशाच भएको समयमा आ–आफ्नो बन्धु बान्धवले दिएको तर्पणले प्राण रहन्छ । ती पापीहरू नरक भोग र कर्मफल भोग गरिसकेपछि स्थावर जंगमको रूपमा जन्मन्छन्, मर्छन् । यसकारण सुधापानगर्न सत्कर्म गर्नुपर्ने हुन्छ । यसैबाट सुख र स्वर्ग प्राप्तगर्न सकिन्छ ।

२९. समय र कालक्रमको अवधि र संख्या निर्णय

वैवस्वत मन्वन्तरका चार युगको समय-क्रम सुन्न चाहेका ऋषिहरूलाई सूत भन्नुहुन्छ – मानव वर्ष लौकिक प्रमाणले नापिन्छ । एउटा लघु अक्षर, उदाहरणको लागि अ उच्चारणगर्न लाग्ने अवधिलाई निमेष भनिन्छ । यसैको आधारमा दिन, रात, पक्ष, महिना, ऋतु, अयन, वर्ष, युग, मन्वन्तर आदिको गणना हुन्छ ।

१५ निमेषको १ काष्ठा, ३० काष्ठाको १ कला, ३० कलाको १ मुहूर्त, ३० मुहूर्तको १ अहोरात्र हुन्छ । दिन र रातको विभाजन सूर्यले गर्दछन् । पितृको १ दिन(अहोरात्र) मानिसको लागि १ महिना हुन्छ भने पितृहरू कृष्णपक्षमा जाग्ने र शुक्लपक्षमा सुत्ने गर्छन् । मनुष्यको ३० महिना पितृको १ महिना र ३०८ मानव महिना पितृको १ वर्ष हुन्छ । मनुष्यको १०० वर्ष पितृको ३ वर्ष १० महिना हुन्छ । तर देवताहरूको हकमा मानिसको १ वर्ष देवताको १ दिन हुन्छ ।

सत्य, त्रेता, द्वापर, कलि– चार युग छन् । यिनको कुल अवधि संख्या १२ हजार दिव्य वर्ष हुन्छ । पूर्व सन्ध्या, पर सन्ध्या, हरेक युगमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ र सन्ध्या (जोडिने) काल समेत लिएर गणना गर्दा ४ युगको समय दिव्य १२ हजार वर्ष हुन्छ ।

युगको आयु –

सत्ययुग – १४,४० हजार मानववर्ष

त्रेता – १०, ८० हजार मानववर्ष

द्वापर – ७, २०, हजार मानववर्ष

कलि – ३, ०७ हजार मानववर्ष

अर्को तरिकाले हिसाव गर्दा– चारै युगको मानव वर्ष ४३ लाखवर्ष हुन्छ जसमा २० हजार मानव वर्षको सन्ध्याकाल हुन्छ । यसैगरी ३ करोड ६७ लाख २० हजार मानव वर्षको १ मन्वन्तर हुन्छ। एक मन्वन्तरमा ७१ पटक चार युग बित्दछ। यसमध्ये सत्ययुग ४ हजार दिव्य वर्षको हुने कुरा बताइसकिएको छ ।

हे ऋषिहरू ! शुद्रहरू वैश्यको, वैश्यहरू क्षत्रियको र क्षत्रियहरू ब्राह्मणको अनुशरण गर्दछन् । समाज व्यवस्था त्यसै अनुसार चल्दछ । यद्यपि चारै युगको वर्णाश्रम धर्म फरक फरक छ । वर्णाश्रम व्यवस्था सञ्चालनगर्न स्वायम्भुव मनु र शतरूपाबाट प्रियव्रत र उत्तानपाद २ छोरा जन्मिएका थिए । सत्य र तप सत्ययुगको धर्म हो । यस्तै, तप र दान त्रेतायुगको धर्म हो। दान र यज्ञ द्वापरयुगको धर्म हो। कलिमा १ पाउमात्र सत्य बाँकी हुन्छ । त्यो पनि कलिको अन्तसम्ममा नाशिन्छ । त्यसपछि प्रलय हुन्छ। त्रेतायुगमा वेद चार भागमा विभक्त हुन्छ। चक्रवर्ती राजाका ७ रत्न हुन्छन्- चक्र, रथ, मणि, पत्नी, कोष, अश्व, गज । प्राणहीन रत्न भनेर चक्र, रथ मणि, खड्ग, चर्म, केतु, निधिलाई भनिन्छ। यस्तै भार्या, पुरोहित, सेनानी, रथकार, मन्त्री, घोडा र हात्तीका बच्चा – प्राणधारी रत्न हुन् । यी १४ रत्नहरू चक्रवर्ती राजाका लागि आवश्यक हुन्छन् । यसवाहेक पनि बल, धर्म, सुख र धन राजाका चारवटा अरूलाई प्रभाव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगरिकन प्राप्त हुनसक्ने निधि हुन्। धर्म, अर्थ, यश, काम, विजय, ऐश्वर्य, अणिमा आदि सिद्धिहरू, प्रभुशक्ति, वेदज्ञान र तपस्याले ऋषिमुनिहरू पनि परास्त हुन्छन्। यी शक्तिहरू शरीरका दिव्य लक्षणले पाइन्छन्। मर्यादा स्थापनाको लागि राजाहरू दण्डनीतिको प्रयोग गर्दछन्।

३०. यज्ञमा पशुवलि चर्चा

त्रेतायुगमा यज्ञको आरम्भ कसरी भयो भन्ने शांशपायनिको प्रश्नमा सूत भन्नुहुन्छ– त्रेतायुगको आरम्भमा राम्रो वर्षा भयो। वर्षा राम्रो भएकाले वनस्पति र अन्नहरू धेरै भयो। त्यसै वेला इन्द्रले यज्ञ आरम्भ गरे। यज्ञमा पशुवलिको व्यवस्था पनि भयो। इन्द्रले यज्ञमा पशुवलि दिनलागेकोमा त्यहाँ उपस्थित ऋषिहरूले विरोधगर्दै भने– हे देवराज इन्द्र! दुर्बल पशुको वलि गरेर धर्म कसरी हुन्छ। इन्द्रले वेदले बताएको विधिमा पशुवलि उल्लेख भएको प्रमाण दिए। तैपनि ऋषिहरूले पशुवलि स्वीकार गरेनन्। ऋषि र इन्द्रका वीचमा विवाद भएपछि दुवै पक्षले आकाशवासी वसुले जे भन्छन् त्यै मान्ने सहमति गरे। दुवै पक्ष गएर वसुलाई यज्ञ सामग्रीवारे सोधे। वसुले भने – पशुवलि, अन्नवलिले यज्ञगर्ने विधान छ। ऋषिहरूले भने– दुर्वल पशुलाई वलिदिने तपाईंका वचनको शुभाशुभ फल तपाईंले भोग्नुपर्ने छ। फल भोगगर्नुपर्ने भए अनुसार वसु आकाशगामीबाट रसातलवासी भए। त्यसकारण वेदले बताएको भनेर हुँदैन। धर्मको व्याख्या एउटा पुस्तकबाट मात्र सम्भव छैन। लोक व्यवहारले पनि धर्मको पालन गर्नुपर्छ। अहिंसा नै धर्मको द्वार हो। धर्मको गति सूक्ष्म हुन्छ। हजारौं ऋषिहरू प्राचीनकालमा तपस्याबाट स्वर्ग जान पाएका थिए। यसैले कर्मका ५ वटा गति बताइएका छन् हुन्छन्। यज्ञमा प्रवृत्त हुने आधार यिनै हुन् -

क. यज्ञले – देवत्व प्राप्त हुन्छ

स. तपस्याले – वैराग्य प्राप्त हुन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. सन्यासले – ब्रह्मकर्म प्राप्त हुन्छ

घ. वैराग्यले – प्रकृतिमाथि विजय प्राप्त हुन्छ

ङ. ज्ञानले - मुक्ति प्राप्त हुन्छ

यज्ञेन दैवानाप्नोति वैराजं तपसापुनः,

ब्राह्मं तु कर्म सन्यासाद् वैराग्यात् प्रकृतेर्जयम्

ज्ञानात् प्राप्नोति कैवल्यं पञ्चैतागतयः स्मृताः,

एवं विवादः सुमहान् यज्ञस्यासीत्प्रवर्तने - ३०।४४-४५

यज्ञबाट मनुष्यले देवत्व प्राप्त गर्दछ र तपस्याबाट वैराग्यप्राप्त गर्दछ । ब्रह्मकर्मले सन्यास र वैराग्यले प्रकृतिमाथि विजयप्राप्त हुन्छ । ज्ञानबाट कैवल्य मिल्दछ । यी पाँचलाई धर्मका गति भनिन्छ । यज्ञद्वारा मुक्ति समेत हुनेभएको यो विषय स्वायम्भुव मन्वन्तरमा यज्ञ सञ्चालनको आधार बनेको थियो ।

सूत भन्नुहुन्छ- हे ऋषिहरू ! यज्ञविधिका बारेमा इन्द्र र ऋषिहरू वीच यस्तो विवाद भएको थियो । विवाद अझै पनि समाधान भएको छैन । यसवीच अहिंसा नै धर्म हो भन्ने प्रसिद्धि बढ्दै गएको छ । कुल, धर्म र चलनअनुसार धर्मको प्रणाली र परम्परा बढ्दै र बस्दै गएको हुन्छ ।

३१. युगधर्म वर्णन

सत्य र त्रेतायुगको लक्षणजस्तै द्वापर र कलियुगका लक्षण पनि फरक फरक छन् तर पनि उस्तै उस्तै छन् । त्रेतायुगमा यज्ञको चर्चा भएजस्तै द्वापर युगमा अलि अलि बल, दम्भ, अहंकारका लक्षणहरू देखापर्न थाल्दछन् । द्वापरमा त्रेतायुगमा गर्ने कर्मको विपरित कर्म हुनथाल्छ । वर्णाश्रम धर्ममा आँच आउँछ र दम्भ, मद, लोभ आदिको प्रारम्भ हुन्छ । कुन धर्म र कुन अधर्म भन्ने बारे तर्क वितर्क हुन्छ । हरेक युगको पछिल्लो काल र हरेक युगको प्रारम्भ काल (सन्ध्या) संगै धर्ममा पृथक्ता र विकृति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आउँनथाल्छ। मन वचन र कर्मले गर्ने काम द्वापर युगदेखि नै फरक हुन थाल्छ। वर्ण व्यवस्था पुरै नाश हुन्छ भने आश्रम व्यवस्था साँधुरो हुँदैजान्छ। थोरैले मात्र आश्रम धर्मको पालना गर्दछन्। वेद र स्मृति दुईवटा विधि प्रचलनमा आउँदछ। दुवै विधिबाट कुनै पनि कुराको निर्णयगर्न नसक्ता परम्परा, संस्कार र धर्मको नाश हुनथाल्छ। यसले गर्दा लोकमा धार्मिक र अन्य कर्ममा दुविधा हुनथाल्छ।

त्रेतायुगमा चार भागमा विभाजन भएको वेद नै द्वापर र कलियुगमा पनि रहिरहन्छ। त्यसमा पनि स्वर र वर्ण विपर्ययले वेदका मन्त्र र ब्राह्मण दुई भाग हुन्छ। यद्यपि कलिमा ती पनि नाशिदै जान्छन् (द्वापरे संप्रवर्तेते विनश्यन्ति ततः कलौ - १८७)। मानिसहरू एक अर्कालाई दोषी देख्तछन्। पूर्व स्वायम्भुव मन्वन्तरको द्वापर युगदेखि नै विरोधी शास्त्रहरू पैदाहुन थाल्छन्।

द्वापर युगमा नियम पालना हुन छोड्दछ। वेद आदि शास्त्रहरू र सनातन नियमको पालना हुँदैन। हिंसा, झूट, हत्या प्रशस्त हुनथाल्छन्। रोगहरू बढ्ने, गर्भमा वालक र यौवनमा मानिसहरू मर्न थाल्ने, राजाहरू पाखण्डी हुने लक्षण देखिनथाल्छ। ब्राह्मणले शूद्रको र शूद्रले ब्राह्मणको कामगर्न थाल्दछन्। स्वास्नी मानिसको संख्या बढ्न थाल्छ। १६ वर्ष नपुग्दै वच्चा जन्माउन थाल्दछन्। यसरी चार युगका धर्म फरक फरक हुन्छन्। यसैक्रममा युगहरू वित्दै जान्छन्। हरेक ७१ मन्वन्तरमा चार युगको चक्र पुरा हुन्छ। युगान्तमा पुग्दा राजा रक्षागर्न नसक्ने, ब्राह्मण शूद्रको पेशा गर्ने, स्त्रीजातिहरू केश प्रशोधनलाई प्रधानतादिने, द्विजहरू तप र यन्त्र बेच्ने हुन्छन्। भूत र भविष्य कालका सबै मन्वन्तरमा ब्रह्माण्डको स्थिति उस्तैउस्तै हुन्छ। कुनै पनि मन्वन्तरका लक्षणहरू दोश्रो तेश्रो पटक घुमेर आउने उसै मन्वन्तरमा पनि उस्तै हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३२. युग, प्रजा लक्षण र ऋषि-प्रवर वर्णन

सूतजी भन्नुहुन्छ– चारै युगमा पिशाच, असुर, गन्धर्व, यक्ष, राक्षस, सर्प यी सबैको जन्म र वृद्धि सत्य युगकै समान हुन्छ । ८ किसिमका देवताहरूको उचाई आ–आफ्ना अंगुलको ९६ अंगुल हुन्छ । कलियुगमा उत्पन्न देवताहरू र असुरहरूको उचाई १५८ अंगुल हुने बताईएको छ। कलियुगका मनुष्यहरूको उचाई शिरदेखि पैतलासम्म ८४ अंगुल हुन्छ । अंगुल प्रमाणले नै मनुष्यको उचाई ८ ताल (वित्ता) को हुन्छ । त्यस्तो किसिमको पुरूषलाई आजानुबाहु (सामान्यतः घुडाभन्दा तल हात पुग्नेलाई आजानुबाहु) भनिन्छ । त्यस्ता पुरूषलाई देवताहरू पनि पूजा गर्दछन् । यसैगरी पशुहरूको पनि उचाई निर्धारण भएको हुन्छ । पशुहरूमा बयलगोरूको उचाई ७६ अंगुल (लगभग मानिस बराबर) हुन्छ । हात्तिको उचाई १०८ अंगुल (९ हात) को हुन्छ । हात्तिभन्दा ४० अंगुलकम उचाईको घोडा हुन्छ । यज्ञमा उपयोग भएका सबै पशुहरू उस्तै रूप लिएर पुनः उत्पन्न हुन्छन् ।

उपयुक्ताःक्रियास्वेते यज्ञियास्विहसर्वशः
देवस्थानेषु जायन्ते तद्रुपाएव ते पुनः -३२।१७

हरेक युग सन्ध्यामा देवता र मानिसको बीचमा ७–७ अंगुल फरक हुन्छ । मानिसको उचाई ७ अंगुल कम हुन्छ । कलियुगमा देवता र असुरको उचाई १५८ अंगुल हुने पनि बताइएको छ । कलियुगका मान्छेको उचाई ८४ अंगूल सम्म हुन्छ । अंगुल प्रमाण अनुसार मनुष्यको उचाई ८ ताल (वित्ता) वा ४ हात हुन्छ, त्यसैलाई आजानुवाहु भनिन्छ ।

नोट – १. विकासवादी सिद्धान्त अनुसार रूखको लहरापात खाने प्राणीको गर्दन लामो हुन्छ

२. वायु पुराणअनुसार वृक्षहरूको उचाई ८ अंगूल (सबभन्दा छोटो) ९६० अंगुल (सबैभन्दा अग्लो) हुन्छ ।

३. जो मनुष्य बुद्धिले तेज हुन्छन्, तिनै देवता हुन् । (बुद्ध्यातिशययुक्तश्च देवानां कायउच्यते - ब्र. पु. १४) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युगधर्म लक्षण अनुसारका केही शब्दार्थहरू

जितात्मा– प्रसन्न वा क्रोधित नहुने

जाति– सामान्य र विशेष दुवै सिसिमको धर्माचरण गर्ने (ब्राह्मण, क्षत्रिय, वैश्य)

धर्मज्ञ– श्रुतिस्मृतिसम्मत कामगर्ने

गृहस्थ– गृहसाधनले युक्त

वैखानस– साधनापूर्वक वनमा तपस्यागर्ने

यति– योगसाधनमा लीन हुने

वर्णाश्रम– गृहस्थ, ब्रह्मचारी, वानप्रस्थ, सन्यास

धर्माधर्म– कुशलाकुशल कर्म

आचार्य– धर्माचरणको उपदेश दिने, लोभ दम्भ नगर्ने

श्रुति– वेद (ऋग्, यजु, साम, अथर्व), वेदाङ्ग-(शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द, ज्योतिष)

स्मृति– अतीतको स्मरण

श्रौत– वेदाध्यायी

स्मार्त– स्मृतिअनुसार आचरण गर्ने

शिष्टाचारका लक्षण– दान, सत्य, तप, ज्ञान, विद्या, यज्ञ, सन्तानोत्पत्ति र दया

यज्ञ– पशु, द्रव्य, हवि, वेदमन्त्र, पुरोहित र दक्षिणाको संयोग

दया– हित अहित गर्ने माथि समभाव राख्नु

क्षमा– मार्न पिट्न आउनेलाई पनि प्रतिशोध नगर्नु

दान– न्यायले आर्जित सम्पत्ति गुणवान्लाई दिनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दान ३ किसिमको हुन्छ

उत्तम – कल्याणकारी काममा दिनु

मध्यम – सबैलाई समानदेखेर दिनु

कनिष्ठ – स्वार्थको लागिदिनु

न्यास – विहित वा अविहित कर्मको त्याग

स्तोत्र ४ किसिमका हुन्छन्

(१) द्रव्यस्तोत्र, (२) गुणस्तोत्र, (३) फलस्तोत्र, (४) अभिजनकस्तोत्र

ऋषि – बुद्धिले अव्यक्त परमतत्वको खोजी गर्ने । गत्यर्थक ऋष्धातुबाट 'ऋषि' वन्दछ ।

सप्तर्षि – पञ्चतन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) र सत्यको अनुसन्धान गर्ने ।

ऋषि ५ प्रकारका ऋषि हुन्छन् -

१. अव्यक्तात्मा – प्रकृतिको खोजीगर्ने

२. महानात्मा – महत्वको खोजीगर्ने

३. अहंकारात्मा – अहंकारको खोजीगर्ने

४. भूतात्मा – पञ्चतन्मात्रा र पञ्चमहाभूतको खोजीगर्ने

५. इन्द्रियात्मा – इन्द्रिय तत्वको खोजीगर्ने

१० मानसपुत्र

परमर्षि (भृगु, मरीचि, अत्रि, अङ्गिरा, पुलह, क्रतु, मनु, दक्ष, वसिष्ठ, पुलस्त्य)

तपस्याबाट ऋषि हुनेहरू

वृहस्पति, शुक्र, कश्यप, च्यवन, उतथ्य, वामदेव, अपास्य, उशिज, कर्दम, विश्रव, शक्ति, बालखित्त्य, आर्वत

ऋषिको गर्भबाट जन्मने – ऋषीक, (ऋषीकका छोरालाई पनि ऋषीक नै भनिन्छ) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्र रचना गर्ने ऋषिहरू

भृगु, शुक्र, प्रचेता, ऋचीक, आत्मवान, और्व, जमदग्नि, विद, सारस्वत, आर्ष्टिषेण, युधाजित, वीतहव्य, सुवर्चस, वैन्य, पृथु, दिवोदास, वाक्यश्व, गृत्स, शौनक (यी १९ भृगुवंशी)।

अङ्गीरस ऋर्षिहरू

अंगिरा, वैद्यग, भारद्वाज, वाष्कलि, ऋतवाक्, गर्ग, शिनी, संस्कृति, पुरूकुत्स, मान्धाता, अंवरीश, युवनाश्व, पुरूकुत्स, त्रसदस्यु, दस्युमान्, आहार्य, अजमीढ, तुक्षय, कवि, वृषादर्भ, विरूपाक्ष, कण्व, मुद्गल, उतथ्य, सनत्वाज, वाजश्रवा, अयास्यु, चक्रवर्ती वामदेव, असिज वृहदुक्थ, दीर्घतमा, कक्षीवान् (३३ लाई अङ्गीरस भनिन्छन्।)

काश्यप – काश्यप, वत्सार, नौध्रुव, रैभ्य, असित, देवल –६ (ब्रह्मवादी)।

मन्त्रकार – अत्रि, वसन, श्यावा, अश्य, गविष्ठिर, आविहोत्र, धीमान्, पूर्वातिथि (यसरी हेर्दा ब्राह्मण, क्षत्रिय, वैश्य सबै नै ऋषि पुत्रहरू हुन्)।

सत्यको खोजीगर्ने ऋषिका पुत्रहरूलाई ऋषिपुत्र भनिन्छ। उनीहरूलाई अव्यक्त आत्मा, महानात्मा, अहंकारात्मा, भूतात्मा, इन्द्रियात्मा पनि भनिन्छ। किनभने उनीहरू उल्लेखित शब्दहरूको अर्थज्ञानगर्न सक्दछन् र प्रकृतिको खोजिगर्दछन्। त्यस्तो काम गर्ने ऋषिहरू भृगु, मरीचि, अत्रि, अङ्गिरा, पुलह, क्रतु, मनु, दक्ष, वशिष्ठ र पुलस्त्य हुन्। यी ऋषिहरू ब्रह्माजीका मानसपुत्र पनि हुन्। तपस्याबाट सिद्धि प्राप्तगर्ने अर्को वर्गका ऋषिहरू छन्। तिनीहरूमा शुक्राचार्य, वृहस्पति, कष्यप, च्यवन, उतथ्य, वामदेव, अपास्य, उशिज, कर्दम, विश्रवा, शक्ति, बालखिल्य आवर्त पर्दछन्। यसैगरी ऋषिपुत्रका गर्भबाट जन्मने अर्को वर्गका ऋषिहरू छन्। तिनीहरूमा वत्सर, नगृहु, भरद्वाज, दीर्घतमा, बृहदुक्थ, शरद्वान, वाजश्रवा, शुचि, वश्य, पराशर, दधीचि, शशप, वैश्रवण छन्। यिनीहरूलाई ऋषीक पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिन्छ। मनु वैवस्वत, ऐल, पुरूरवालाई क्षेत्रिय भएपनि मन्त्रको आधारमा ऋषि मानिएको छ। यसैगरी भलन्दन, वत्स संकीललाई वैश्य भएपनि मन्त्र निर्माता ऋषि नै मानिएको छ।

३३. ऋषिहरूको लक्षण/विवरण

ऋषिका छोरालाई ऋषीक पनि भनिन्छ। वेदमा उल्लेखित प्रधान ब्राह्मण-ऋषिहरूमा बह्व, भार्गव, पैल, सांकृत्य, जाजलि आदि प्रसिद्ध छन्। द्विजर्षि, चरक, अध्वर्य, आदि ऋषिहरू कर्म अनुसारका वर्गीकरणमा पर्दछन्। यिनीहरू बहुच ऋषिकुलका मुख्य ब्राह्म जातका श्रुतर्षि ऋषि मानिन्छन्। यी बाहेक पनि वैशम्पायन, लौहित्य, कण्ठकाल, वश, अवध, श्यामा आदि ८६ जना श्रुतर्षि मानिएका छन्। कौशीति, कंकमुद्ग, कुण्डक, पराशर, लोभालोभ, ब्रह्मबल, कन्थल, मदगल र मार्कण्डेय नौ जनालाई ब्रह्मचारी ऋषि मानिएको छ। अदिति, देवमाता, जलापा, मानवी, उर्वशी, विश्वघोषा, मुद्गला, अतुजीवा, तारा, प्रातिमेधी, मार्गा, सुजाता, मुद्रा, कौशीतकीहरू ब्रह्मावादिनी विदुषीहरू हुन्।

वेदनिष्पादित शब्दबाट बनेका धेरै अर्थलाग्ने लामो कथा भएको कृतिलाई महाकाव्य भनिन्छ। कहीं कहीं शब्दहरू सन्देहास्पद वाक्य भएका ऋषि वचनलाई विलापास्पद भनिन्छ। हेतु र दृष्टान्त बढी भएकालाई निरर्थक भनिन्छ। प्राचिन कालमा विद्वान्हरूले बताएका मन्त्रका लक्षणहरू पनि फरक फरक छन्। मन्त्र धातुबाट मन्त्र शब्द बन्दछ। मन्त्र धातुको अर्थ परामर्श, उपदेश दिनु हो। ब्रह्माको आदेश पालनागर्ने ऋषिहरूले दिएको मन्त्र (पराशर्म, निर्देशन) समाजकल्याण कारक हुन्छन्। निर्दोष, आडम्बर रहित, सारवान् सन्देशदिने थोरै शब्दमा बताइएको ऋषि निर्देशलाई सूत्र भनिन्छ।

ऋषिहरू पनि कोही वेदलाई मात्र मान्दछन्, कोही स्मृतिलाई, कोही जेष्ठलाई, कोही व्यवहारलाई मान्ने हुन्छन्। यज्ञादि विधानमा दोष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बताउनुलाई निन्द्य भनिन्छ। कुनै पनि कुरालाई बढाईचढाईगरी बताउनु प्रशंसा हो। मन्त्र र धातुबाट ब्राह्मणको वचनअनुसार कर्मको निस्पत्ति हुन्छ।

३४. व्यास-शिष्य उत्पत्ति र याज्ञवल्क्यको विद्वत्ता

ऋषिहरू भन्दछन् - हे सूतजी ! युगअनुसार वेदको अवस्थाबारे सुन्यौं। अब ती वेदहरू कसरी व्यवस्थित भए ? सुन्ने इच्छा छ।

सूत भन्नुहुन्छ– घुम्दै आएको स्वायम्भुव मन्वन्तरको द्वापर युगमा ब्रह्माले मनुलाई वेदको रक्षागर्न लगाउनुभयो। वेदनाश भए यज्ञ नहुने, यज्ञ नभए वेदको रक्षा नहुने, यज्ञ नभएमा सर्वनाश हुने भएकाले वेदको संरक्षणगर्न जरूरी भएकाले मनुले ४ जना शिष्यहरू जैमिनि, सुमन्तु, वैशम्पायन र पैललाई क्रमशः सामवेद, अथर्ववेद, यजुर्वेद र ऋग्वेदको व्याख्याता वनाए। प्रभु वेदव्यासले नै इतिहास पुराणको व्याख्यागर्न सूत (म) लाई नियुक्त गरे। यज्ञहरू यजुर्वेदका मन्त्रद्वारा गरिन्छन्। व्याख्या भएका वेदका शाखाहरू विभिन्न ऋषिहरूले बनाउँदै गए।

एकपटक वेदका शाखा प्रवर्तक ऋषिहरू मध्येका शाकल्य र याज्ञवल्क्यका बीचमा जनकले आयोजना गरेको अश्वमेध यज्ञमा शास्त्रीय वादविवाद पऱ्यो। जित्नेलाई जनकले धेरै पुरस्कार दिने घोषणा पनि गर्नुभयो। पुरस्कारमा राखिएको धनलाई देखेर ऋषिहरू लोभिन थाले। याज्ञवल्क्यले सबै धन आफ्नो बनाएर घर लाने निधो गरे। त्यसवीच याज्ञवल्क्य र बाँकी ऋषिहरूका वीच शास्त्रार्थ चर्चा भयो। त्यसवेला याज्ञवल्क्यले प्रस्ताव गरे - सोधेको प्रश्नको जवाफ दिन नसके विपक्षीले मर्नुपर्ने हुन्छ। यो प्रस्ताव पारित भएर शाकल्यले जवाफ दिन नसके पछि मरेका थिए। त्यसबेलादेखि शाकल्यलाई व्याख्यानपीडित भनिन्छ। शास्त्रार्थमा सबैलाई जितेकाले याज्ञवल्क्यले जनक राजाले प्रस्ताव गरेको सम्पत्ति घर लगेका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३५. वेद, वेदशाखा, वेदव्यास र स्वायम्भुव मन्वन्तर वर्णन

वेदज्ञहरूमा सर्वश्रेष्ठ मानिएका शाकल्यले वेदका ५ संहिताको निर्माण गरेका थिए । उनका ५ शिष्यहरू मुद्गल, गोखल, खलीय, वत्स र शैशिरेय थिए । यसैगरी शाकल्यले नै शाक, वैणी र रथीतर ३ संहिता र निरूक्तको प्रणयन गरेका थिए । शाकल्यका पैल, चक्षलक, शतबलाक र गज नामका चार शिष्य थिए । यसैगरी वैशम्यायन शिष्यले यजुर्वेदको कल्पना गरेका थिए भने ६ वटा शुभ संहिताको प्रवचन पनि दिएका थिए । याज्ञवल्य बाहेकका अरू शिष्यलाई वेदको विस्तार गर्ने जिम्मा दिइएको थियो ।

चरकको उत्पत्ति

एकपटक प्राचीन कालमा सुमेरू पर्वतमा धेरै ऋषिहरू उपस्थित थिए । त्यहाँ नजानेलाई ब्रह्महत्या लाग्ने थियो । वैशम्पायन ऋषि बाहेक अन्य ऋषिहरू शिष्य सहित त्यहाँ गए । त्यहाँ नगएका वैशम्पायनले आफुलाई लागेको ब्रह्महत्या शिष्यहरूले बोकिदिने बारे प्रश्न उठाएपछि यज्ञवल्क्य बाहेकका शिष्यहरूले स्वीकार गरे । याज्ञवल्क्यले नमानेकाले उनलाई ब्रह्महत्या लाग्यो । यसरी ब्रह्महत्या लाग्ने याज्ञवल्क्यका अनुयायीहरू चरक कहलिए । यसैगरी यजुर्वेदको वाजिनी शाखालाई सर्वप्रथम जैमिनिले छोरा सुमन्तुलाई, सुमन्तले सुत्वालाई, सुत्वाले सुकर्मलाई पढाए । सुकर्माले थोरै समयमा ३१ हजार संहिताको अध्ययन गराएर सूर्य जस्तै तेजस्वी भए । इन्द्रले देखिसहेनन् र अनध्यायको दिनमा अध्ययन गरेको भनेर सबैलाई मारिदिए । यो देखेर सुकर्माले आमरण अनसन (प्रायोपवेश) गरे । इन्द्र डराएर २ जना शिष्य तेजस्वी हुनेछन् भनेर सुकर्माको रिसलाई शान्त गराए । इन्द्रले भने अनुसार हिरण्यनाभ र कौशिल्य २ चेला तेजस्वी निस्किए । उनीहरूले पनि वेदको शाखा विस्तार गरे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वापरयुगमा व्यासले वेदका शाखाहरूको विस्तारको जिम्मा चेलाहरूलाई दिएर आफु तपस्यागर्न गए । त्यसपछि वेदाङ्ग – ६ (शिक्षाकल्प, व्याकरण, निरूक्त, छन्द, ज्योतिष), ४ वेद -ऋक, यजु, साम, अथर्व), मीमांसा –२ (पूर्व र उत्तर), न्याय, धर्मशास्त्र र पुराण गरी १४ विद्या र पछि आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, अर्थशास्त्र गरी १८ विद्याको प्रचार गराए-

अङ्गानि वेदाश्चत्वारोमीमांसा न्यायविस्तरः,

धर्मशास्त्रं पुराणं च विद्याश्चेमांश्तुर्दश,

आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते यतः

अर्थशास्त्रं चतुर्थं तु विद्याह्यष्टादशैव हि - ३५।८७-८९

ब्रह्मर्षि, राजर्षि र देवर्षि – गरी ऋषिहरू क्रमशः ३ किसिमका हुन्छन् ।

ज्ञेया ब्रह्मर्षयःपूर्वं तेभ्यो देवर्षयःपुनः,

राजर्षयःपुनस्तेभ्यऋषिप्रकृतयस्त्रिधा - ३५।८९-९०

ऋषिहरूको प्रकार

कश्यप, वसिष्ठ, भृगु, अंगिरा, अत्रि ब्रह्मर्षि हुन् ।

धर्मका छोरा नर र नारायण राजर्षि हुन् ।

धर्म, पुलस्त्य, क्रतु, पुलह, प्रत्यूष, प्रभाष र कश्यप देवर्षि हुन् ।

यस्तै मानव वंश, ऐल वंश(मनु र इलाबाट पैदा भएका) राजागण, इक्ष्वाकुपुत्र, नाभागहरू राजर्षि मानिन्छन् ।

ब्रह्मलोकमा प्रतिष्ठा पाउनेहरू ब्रह्मर्षि भनिए ।

यसरी विभिन्न काम, कीर्ति र जन्मका आधारमा पनि ऋषिका प्रकारहरू छुट्टिने गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यास/व्यासहरू पनि युगैपिन्छे फरक फरक भएका देखिन्छन् । वैवस्वत मन्वन्तरमा २८ व्यास/वेदव्यासको व्याख्या भएको पाइन्छ । तिनीहरू यसप्रकार छन् -

पहिलो द्वापर युग – द्वैपायन
दोश्रो द्वापर युग – प्रजापति
तेश्रो द्वापर युग – उशना
चारौं द्वापर युग – वृहस्पति
पाँचौं द्वापर युग – मृत्यु
छैटौं द्वापर युग – प्रभु
सातौ द्वापर युग – इन्द्र
आठौं द्वापर युग – वसिष्ठ
नवौं द्वापर युग – सारस्वत
दशौं द्वापर युग – त्रिधामा
एघारौ द्वापर युग – त्रिवर्षा
वाह्रौ द्वापर युग – सनद्वाज
तेह्रौ द्वापर युग – अन्तरिक्ष
चौधौं द्वापर युग – धर्म
पन्ध्रौं द्वापर युग – त्रैयारूणि
सोह्रौं द्वापर युग – धनञ्जय
सत्रौं द्वापर युग – कृतञ्जय
अठारौं द्वापर युग – ऋजीष
उन्नाइसौं द्वापर युग – भरद्वाज
वीसौं द्वापर युग – गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक्काइसौं द्वापर युग – उत्तम

वाइसौं द्वापर युग - हर्यवन

तेइसौं द्वापर युग – वेन

चौवीसौं द्वापर युग – वाजश्रवा (अर्वाक)

पच्चीसौं द्वापर युग – तृणविन्दु

छब्बीसौ द्वापर युग – शक्ति

सत्ताइसौं द्वापर युग – पराशर

अट्ठाइसौं द्वापर युग – जातुकर्ण

त्यसपछि पुनः कृष्णद्वैपायन व्यास भए ।

ऋषिका गोत्र अनुसार वेदका शाखाको नाम रहदै पनि गयो । हजारौं देवयुग बितिसकेको छ । अघिल्लो वा अगामी वा वर्तमानयुगको अवस्था जुन सिसिमको छ, घुम्दै आउँने अर्को पटकको त्यै कालमा पनि घटनाक्रम उस्तै हुने गर्छन् । जव कि ८ लाख ५२ हजार दिव्यवर्षको एक मन्वन्तर गनिन्छ । यसको १४ गुना कालमा महाप्रलय हुन्छ । एक युगमा हजार दिव्यवर्ष हुन्छ र त्यो ब्रह्माको १ दिन मात्र हुन्छ । संक्षेपमा वेद, वेदशाखा, वेदव्यास आदिको वर्णन यै हो ।

३६. मन्वन्तरका बाँकी विवरण र पृथुद्वारा पृथ्वी दोहन

मन्वन्तरको बाँकी वर्णन सुन्न इच्छागरेका शांशपायनलाई सूत भन्नुहुन्छ – पहिलो मनु स्वायम्भुव, त्यसपछि स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष पूर्वमनु थिए भने सावर्णि, रौच्य, भौत्य, वैवस्वत आदि हुनेवाला मनु हुन् । हरेक मनुका समयमा छुट्टै छुट्टै इन्द्र हुन्छन् ।

स्वारोचिष मनुको समयमा तुषिता देवता र पारावत विद्वान् गरी २ देवगण थिए भने एक गणमा १२ -१२ देवता (गण सदस्य) थिए । तीमध्ये पारावतको गणमा दिवस्पर्श, जामित्र, गोपद, भासुर, अज, भगवान्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रविणमहाबल, आप, महौजा, चिकित्वान्, विश्रुत र अंश - १२ देवगण थिए । यस्तै प्रचेता देव, विश्वदेव, समंज, विश्रुत, अजिह्म, अरिमर्दन, आयु, दान, महामान, दिव्यमान, महाभाग, अजेय, अजियान, - १२ वसिष्ठ गणका थिए । यी २४ देवता सोमपान गर्थे । त्यसवेला वसिष्ठपुत्र अर्ज, कश्यपपुत्र स्तम्व, भृगुपुत्र प्राण, अंगिरापुत्र ऋषभ, पुलस्त्यपुत्र दत्तात्रि, अत्रिपुत्र निश्चल, पुलहपुत्र अथर्थगरी - ७ ऋषिपुत्र थिए । यस्तै चैत्र, किंपुरूष, कृतान्त, विभूत, रवि, वृहद्, उक्थ, सेतु, श्रुत - ९ स्वारोचिषका छोरा थिए । देवगण ऋषिका, पितृगण देवताका, ऋषिगण देवताका छोरा थिए -

ऋषिणां देवताःपुत्राःपितरो देवसूनवः,

ऋषयो देवपुत्राश्चइतिशास्त्रे विनिश्चयः - ३६।२२ ।

उत्तम मन्वन्तरमा ५ देवगण थिए - देव, सुधामा, प्रतर्दन, शिव, सत्व । यिनीहरूका पनि १२ -१२ गण (सदस्य) थिए । यस्तै, अज, परशु, आदि १३ जना उत्तमका छोरा थिए ।

तामस मनुको समयमा सत्य, सरूप, सुधी र हरि नामका देवगण थिए । पुलस्त्यका पुत्रहरू नै देवगण थिए । देवगणका पनि २५-२५ जना सदस्य थिए । ती सबै इन्द्रिय निग्रही थिए । त्यसवेला शिवि इन्द्र थिए । अंगिरस, पृथु, अग्नि, ज्योतिर्धामा, चरक, पीवर, चैत्र - सप्तर्षि थिए ।

रैवतमन्वन्तरमा वसिष्ठ प्रजापतिका छोरा अमिताभ, भूतरय, वैकुण्ठ, सुमेधा थिए । तिनीहरूका पनि भाष्कर भनिने १४-१४ गण सदस्य थिए । रैवतका महावीर्य, सुसंभाव्य, सात्यक, हरहा, शुचि, बलबन्धु, निरामित्र, कम्बु, श्रृङ्ग, धृतव्रत छोरा थिए । विभु नामका इन्द्र थिए । देवबाहु, सुधामा आदि सप्तर्षि थिए ।

छैटौं **चाक्षुषमन्वन्तरमा** आय, प्रसूत, भाव्य, पृथुक, लेख - ५ देवगण थिए । हरेक देवगणका ८-८ जना गण सदस्य थिए । त्यसवेला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनोजव इन्द्र थिए। उत्तम, हविष्मान, सुधामा, विरजा, अतिनामा, सहिष्णु, मधु सप्तर्षि थिए । यस्तै चाक्षुष मनुका १० वटा छोरा उरू, पुरू, सतद्युम्न, तपस्वी, सत्यवाक्, कृति, अनिष्णुत, अतिरात्र, सुद्युम्न, अभिमन्यु थिए । यिनीहरूलाई नाड्बलेय पनि भनिन्छ । यी सबै मनुका समयमा कति सन्तानोत्पत्ति र प्रजाविस्तार भयो, त्यो सबै बताउन असम्भव हुन्छ।

चाक्षुषको बारेमा अरू पनि जानकारी र प्रजापतिकी पुत्री कसरी वारूणी भइन् भन्ने आदि ऋषिहरूको प्रश्नमा सूत भन्नुहुन्छ - अरूण्यकका छोरा उदकले वरूणत्व प्राप्त गरे । यस्तै विराजपुत्री नद्वलाले उरू, पुरू आदि १० छोरा पाइन् । उरूकी पत्नी आग्नेयीले ६ वटा (अंग, सुभना, ख्याति, गय, शुक्र, व्रजजिन्) छोरा जन्माइन् । अंग र उनकी पत्नी सुनीथाबाट वेन जन्मिए। अपराधकर्मगर्ने वेनलाई दुष्कर्म नगर्न ऋषिहरूले धेरै संझाए तर नमाने पछि दाहिने हात (ममन्थुर्दक्षिणं करम् - १०९) (कुनै पुराणमा जाँघ) मथन गरे। मथन गर्दा पृथु पैदा भए। पृथु अत्यन्त धार्मिक, असल, प्रजाप्रेमी थिए। यिनै पृथुले पृथ्वीलाई दुहुन सकेका थिए। सूत, मागधको जन्म त्यसैवेला भएको थियो । एक पटक सूत मागधको स्तुति सुनिरहेका राजा पृथुलाई जनताले भने – तपाईंका बाबुले पृथ्वी दुहुने बताएका थिए। बाबुको कामगर्ने तपाईं छोराले दोहेर देखाउनुहोस्। यो सुनेर पृथुले पृथ्वीलाई भेटेर जे चाह्यो त्यै दिनुपर्छ,नभए दण्ड दिन्छु भने। पृथ्वी डराएर भागिन्। पृथुले पछ्याएको देखेर पृथ्वी गाई बनेर दौडिन्। पृथुले समाते र गाईले जे चाह्यो त्यै दिने बताएपछि छोडिदिए । यिनै पृथ्वी जड र चेतन सम्पूर्ण जगतको पालक हुन्।

३७. पृथुवंश वर्णन

संसारको सम्पत्ति (वसु) को धारणा गर्ने भएकाले पृथ्वीलाई वसुधा, मधु र कैटभ दैत्यको वोसो (मेद) ले वनेकाले मेदिनी, पृथुकी छोरी भनिएकीले पृथ्वी भनिएको हो। यिनै पृथुद्वारा संरक्षित पृथ्वीलाई विभिन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालका मनुहरूले बाछो बनेर दुहुदै आए । तिनै प्रतापी राजा पृथुका अन्तर्धि र पावन – २ छोरा भए । अन्तर्धिकै वंशमा प्राचीनवर्हि नामका विद्वान, वीर र धर्मात्मा राजा भए । उनको विवाह समुद्रपुत्री सवर्णासँग भयो र तिनबाट १० छोरा भए । सबै छोराहरू धनुर्वेदमा पारङ्गत भएर प्रचेता कहलिए । प्रचेताहरू धर्माचरण गर्थे । एकपटक राजा प्राचीनवर्हिले १० हजार वर्षसम्म पानीमा बसेर तपस्या गरे । त्यसवेला पृथ्वीको संरक्षण हुन नसकेकाले पृथ्वीमा रूखहरूले ढाके । त्यो देखेर प्रचेताहरू रिसाए र आफ्नो मुखबाट हावा र आगो निकाले । हावाले रूखहरू उखेलिदियो भने आगोले ती रूखहरूलाई डढाई दियो । त्यो देखेर चन्द्रमा (सोम) दुखित भए र प्रचेताहरूलाई भने - रूखहरू नभए पृथ्वीमा सृष्टि बन्द हुन्छ । यसैले क्रोध शान्त गरेर बाँकी रूखहरूलई बच्न दिनुहोस् । तपाईंहरूकै वंशमा दक्षप्रजापति जन्मने छन् । उनका ६० छोरीहरूबाट संसारमा सृष्टि व्यापक हुनेछ ।

दक्षप्रजापतिलाई दक्षको पुत्र पनि भनिन्छ । यसैगरी दक्षलाई नै चन्द्रमाको नाती पनि भनिन्छ । त्यो कसरी भएको हो बताइदिनुहोस् भनेपछि सूत भन्नुहुन्छ – उत्पत्ति र निरोध विद्यावान्हरूले बुझ्ने कुरा हो । कालक्रमअनुसार कोही छोरा त कोही नाती हुन्छन् -

उत्पत्तिश्च निरोधश्च नित्यं भूतेषु सत्तमाः,
ऋषयो॑ त्र न मुह्यन्ति विद्यावन्तश्च ये जनाः -३७।५२

यो वर्णन रोचक, ज्ञानवर्द्धक र लामो पनि छ ।

३८. वैवस्वत मन्वन्तर वर्णन, इन्द्रका विशेषता

सातौं वैवस्वत मन्वन्तरमा मरीचिपुत्र कश्यपबाट देवता, ऋषि, पशु, पन्छी, सर्प, नाग, गन्धर्व आदि पैदा भए । आदित्य, वसुगण, रूद्रगण, साध्य, मरूद्गण, विश्वेदेव, भृगुलाई विश्वदेव भनिन्छ । यी सबै देवगण महाप्रलयसम्म रहन्छन् । यिनलाई कश्यप वंशीय पनि भनिन्छ । यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्वन्तरका महावली इन्द्र हुन् । इन्द्रलाई मेधावान्, श्रृंगी, वज्री पनि भनिन्छ । इन्द्र तप, तेज, बुद्धि, बल, शास्त्रमा पनि अनन्य हुनेछन् । वैवस्वत मन्वन्तरको भूराज्यवारे सूत भन्नुहुन्छ - सर्वप्रथम ब्रह्माजीलाई छोरो जन्माउने इच्छाभयो र भू, भूवः स्व को व्याहृति उच्चारण गर्नुभयो । भू (सत्तायाम्) को अर्थ विद्यमान हुन्, भूवको अर्थ अन्तरिक्ष र 'स्व' को अर्थ स्वर्ग हो । यी तीनै लोकको संरक्षणगर्ने राजा इन्द्र नै हुन् । राजा, गुरू, नाथ, बाबु सबै पनि इन्द्र नै हुन् ।

यसैगरी सप्तर्षि भनेका विश्वामित्र (गाधीपुत्र), जमदग्नि (भृगुवंशी उरूपुत्र), भरद्वाज (वृहस्पतिपुत्र), शरद्वान (धार्मिक विद्वान् उतथ्य गौतमपुत्र), अत्रि (ब्रह्माका छोरा) वसुमान (वसिष्ठपुत्र) र वत्सर (कश्यपगोत्रीय) हुन् । वर्तमान वैवस्वत मन्वन्तरका सप्तर्षिहरू यिनै हुन् । यस्तै वैवस्वत मनुका ९ धार्मिक छोराहरू इश्वाकु, नृग, धृष्ट, शर्याति, नरिष्यन्त्र, नाभाग, करूष, पृषध्र र पांशु हुन् । यिनीहरूकै समष्टि कर्मलाई वैवस्वत मन्वन्तरको व्यवस्था भनिन्छ ।

ब्रह्माण्ड पुराण पूर्वभाग समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्यभाग, उपोद्घातपाद

१. ऋषिहरूको सृष्टिवर्णन

भगवान् सूर्य (विवस्वान्) लाई प्रणामगर्दै सूत पौराणिक शांशपायन ऋषिलाई पुनः भन्नुहुन्छ – ७१ पटक सत्य, त्रेता, द्वापर, कलि चारै युग समाप्त हुँदा १ मन्वन्तर पुरा हुन्छ। यो कुरा अगाडि पनि भनिसकिएको छ। स्वायम्भुव मन्वन्तरमा भएका ऋषिहरूलाई चाक्षुष मन्वन्तरसम्म आइपुग्दा महेश्वरको श्रापले भृगु र अरू ऋषिहरूको पुनर्जन्म भैसकेको थियो। त्यस्तै स्वायम्भुव मन्वन्तरमा भएका ऋषिहरूलाई वैवस्वत मन्वन्तर सम्म आइपुग्दा ब्रह्माजीको श्रापले तपस्याबाट (च्यूत) भएर मर्त्यलोकमा आउनुपरेको थियो। स्वायम्भुव मन्वन्तरमा शिवबाट श्रापित ऋषिहरू चाक्षुष मन्वन्तरमा जनलोकमा जन्मिएका थिए। यो कसरी भयो भने एक पटक सन्तानवृद्धिको कामनागर्ने ब्रह्माको वीर्य स्खलन भै पृथ्वीमा झऱ्यो। त्यसलाई हातमा लिएर ब्रह्माले नै अग्निमा हवन गर्नुभयो। वीर्य हवनबाट भृगु (अग्निलाई फोडेर निस्किएकाले रहेको नाम) जन्मिए। भृगुलाई शिवले मेरो इच्छाले जन्मिएकाले यो छोरा मेरो हुन्छ भन्नुभयो, त्यसैले भृगु शिवपुत्र पनि मानिन्छन्। त्यसपछि अङ्गिरा (अंगारबाट जन्मिएकाले रहेको नाम) जन्मिए (अग्निले ब्रह्माको वीर्य धारणगरी जन्मिएकाले अंगिरा अग्निका छोरा मानिन्छन्)। त्यसपछि क्रमशः ब्रह्माले गर्नुभएको वीर्य हवनबाट मरीचि (मडारिएको अग्निको ज्वालाबाट जन्मिएकाले मरीचि नाम रहेको), क्रतु (यज्ञबाट पैदा भएकाले रहेको नाम), अत्रि (अंगिरा पछि तेश्रो भई जन्मिएकाले रहेको नाम), पुलस्त्य (लामो कपालका साथमा जन्मिएकाले रहेको नाम), पुलह (थोरै कपाल सहित जन्मिएकाले रहेको नाम), वसु वा वसुमान (अन्नादि सामग्रीका साथमा जन्मिएकाले रहेको नाम) जन्मिए। यिनै वसुलाई ब्रह्मतत्व जान्ने भएकाले वसिष्ठ पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनियो । यसरी ब्रह्माजीका ८ वटा छोरा जन्मिएका थिए । यो घटना वेदहरूको उपस्थितिमा भएको वरूणको यज्ञमा भएको थियो । ती ऋषिहरू विद्या, बुद्धि र सदाचारमा अद्वितीय थिए । तिनै ब्रह्मपुत्र ऋषिहरूबाट सृष्टि हुनथाल्यो । सृष्टि कै क्रममा शुक्रपत्नी जयन्तीबाट देवयानी जन्मिइन् । यस्तै, श्रष्टाबाट त्रिशिरा र विश्वरूप जन्मे । भृगुका भुवन, भावन, अन्त्य, आत्यायन, ऋतु, शुचि, स्व, श्रवा, मुर्द्धा, व्याज, वसुद र प्रभव समेत १२ वटा छोरा भए । यस्तै उर्वपुत्र ऋचीकका १०० छोरा थिए । ब्रह्माजीकै अनुरोधमा कश्यपको चाहना अनुसार दक्षले आफ्नी छोरीहरू कश्यपसँग विवाह गरिदिएका थिए ।

ऋषिसृष्टिको यो पवित्र वंशप्रसँग सुनेमात्र पनि पापनाश भै शाश्वत सुखको उपभोगगर्न पाइने बताइएको छ ।

ऋषिहरूको जन्म विवरण

भृगु - ब्रह्माजीले आफ्नो वीर्य अग्निमा हवन गरेकाले जन्मिएका, ब्रह्मपुत्र

अंगिरा - अंगारबाट जन्मिएका, अग्निपुत्र

मरीचि - मडारिएको अग्निको ज्वालाबाट जन्मिएका, ब्रह्मपुत्र

क्रतु - यज्ञबाट पैदा भएका

पुलस्त्य - लामो कपालका साथ जन्मिएका

पुलह - थोरै कपाल सहित जन्मिएका

वसु - अन्नादि सामग्रीका साथ जन्मिएका

२. प्रजापति-वंश वर्णन

चाक्षुष मन्वन्तर सकिएपछि ब्रह्माले दक्षलाई प्रजा सृष्टिगर्न अराउनुभयो । त्यसपछि ब्रह्माले गतिशील र स्थीर दुवै किसिमका वस्तु (प्राणी) सृष्टिगर्नु भनी निर्देश पनि गर्नुभयो । त्यसै वेलामा ऋषि, गन्धर्व, मनुष्य, सर्प, राक्षस आदि सृष्टि भएका थिए । यसवेलामा दक्ष अत्यन्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभावशाली थिए । उनले १० लाख कुवा निर्माण गरेर सृष्टिलाई सुन्दर बनाउने सोच पनि लिएका थिए । दक्षले वीरणपुत्री विरणीसंग विवाह गरे । उनीबाट हर्यश्व भनिने १ हजार छोरा जन्माए र सृष्टिगर्न खटाए । तर ती छोराहरूलाई नारदले पृथ्वीको इयत्ता नवुझिकन सृष्टिगर्न हुँदैन भनी सृष्टि गर्नबाट विमुख वनाए । त्यसपछि दक्षले पुनः शवलाश्व भनिने अर्का हजार पुत्र उत्पन्न गरी तिनीहरूलाई पनि सृष्टि विस्तारगर्न खटाए । तर नारदले तिनलाई पनि हर्यश्वहरूलाई जस्तै गरी सृष्टि नगर्न उपदेश गरी पृथ्वीको इयत्ताबुझुन लगाई सृष्टि नगर्ने बनाए । नारदको उपदेश अनुसार हिंडेका दक्षका ती छोराहरू अहिलेसम्म फर्किएका छैनन् । नारदले यो काम आफ्नो श्राप र दक्षको नाशको लागि गरेका थिए । ('नाशाय वचनं तेषां शापायैवात्मनो ऽब्रवीत्'- १३) । त्यसपछि पनि दक्षले संसार र सृष्टिप्रतिको सकारात्मक भाव राखेर ६० वटी छोरी जन्माए र तीमध्ये १३ वटी कश्यपलाई विवाह गरिदिए । परमेष्ठी नारद कश्यपकै मानसपुत्र पनि मानिन्छन् ।

तिनै नारदलाई सृष्टिमा व्यवधान गरेकोमा दक्षले दण्ड स्वरूप गर्भमा वास गर्नुपर्ने श्राप पनि दिएका थिए ।

३. देवता, दानव, दैत्यको उत्पत्ति वर्णन

ऋषिहरूले सूत पौराणिकसंग सोधे - वैवस्वत मन्वन्तरमा देवता, दानव, मनुष्य आदिको उत्पत्ति कसरी भएको थियो ? सूतले भन्नुभयो- ब्रह्माले सन्तान जन्माउने ईच्छा गर्नुभएअनुसार मुखबाट जय नामक १२ देवताहरू उत्पन्न गर्नुभयो । ती देवताहरू वैवस्वत मन्वन्तरमा मन्त्रमय शरीरधारी भए । तिनीहरूको नाम- दर्श, पौर्णमास, वृहद्यत, रथन्तर, वित्ति, विवित्ति, आकूति, कूति, विज्ञाता, विज्ञात, मन र यम हो । यी १२ देवगण ब्रह्मश्रापको कारणले विभिन्न मन्वन्तरमा देहायअनुसारका देवगण भए-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वायम्भुव मन्वन्तरमा - जित

स्वारोचिष मन्वन्तरमा - तुषित

उत्तम मन्वन्तरमा - सत्य

तामस मन्वन्तरमा - हरि

रैवत मन्वन्तरमा - वैकुण्ठ

चाक्षुष मन्वन्तरमा - छन्दज

चाक्षुष मन्वन्तरमा स्वयम्भूपुत्र धर्मका १२ छोरा भए। यसै मन्वन्तरमा नरनारायणले पनि पुनः जन्मलिनुभयो र यिनीहरू विपश्चित नामका इन्द्र र सत्य नामका हरि भए। यिनीहरू पनि तुषित देवगणमा समावेश भए।

पुनः सूतले शौनक आदि ऋषिहरूलाई भन्नुभयो- सबैभन्दा पहिले म धर्मका सन्तानबारे बताउँदछु। धर्मका अरून्धती, वसु, जामा, लम्वा, भानु, मरूत्वती, संकल्पा, मुहूर्ता, साध्या र विश्वा नामका १० वटी पत्नी थिए। यिनीहरू प्रचेतापुत्र दक्षका छोरी थिए। यिनीहरूबाट निम्नानुसार सन्तान पैदा भए -

साध्याबाट - साध्या भनिने १२ वटा छोरा (मन, अनुमन्ता, प्राण, नर, अपान, विति, नय, हय, हंस, नारायण, विभु र प्रभु) भए।

वसुबाट- साध्य देवगणका भाइ ८ वसुदेव गण - १. धर, २. ध्रुव, ३. सोम, ४. आयु, ५ अनल, ६ अनिल, ७. प्रत्यूष, ८ प्रभाष भए। यी मध्ये पनि धरबाट - द्रविण, हुतहव्य र रज। ध्रुवका काल। सोमकावर्चा, वुध, धर, उर्मि र कलिल। आयुका वैतण्ड्य, शम र शान्त। अनिलका मनोज र अविज्ञात। प्रत्यूषका क्षमावान र मनीषी। प्रभाषका विश्वकर्मा छोरा भए।

विश्वाबाट - १० विश्वदेव पुत्र (क्रतु, दक्ष, ध्रुव, सत्य, काल, काम, मुनि, पुरूरवा, मार्द्रवस, रोचमान) जन्मिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरूद्त्वतीबाट - मरूद्गण पैदा भए ।

भानुबाट - भानुगण पैदा भए ।

मुहूर्ताबाट - मुहूर्त गण पैदा भए ।

लम्वाबाट - घोष पैदा भए ।

संकल्पाबाट - संकल्प पैदा भए ।

जामाबाट - नववीथ्य पैदा भए ।

अरून्धतीबाट - पृथ्वीका सम्पूर्ण जिवजन्तु पैदा भए

दक्षका १४ वटी छोरीहरू अदिति, दिति, दनु, काष्ठा, अरिष्ठा, आयु, खस, सुरभि, विनता, ताम्रा, मुनि, क्रोधवशा, इरा र कद्रुबाट समस्त प्राणी (देवता, दैत्य, दानव, नाग, सर्प, चराचुरूङ्गी, राक्षस, पशु आदि) पैदा भए । यिनीहरूले नै संसार ढाके ।

हे शौनकादि ऋषिहरू ! एक अहोरात्रमा १०० भन्दा बढी कला हुन्छन् । सूर्यको गति अनुसार ऋतुहरू परिवर्तन हुनेगर्दछन् । पर्व पनि सूर्यको गतिबाटै निर्धारण हुन्छ । दिनमा आश्रित १५ र रातमा आश्रित १५ मुहूर्त हुन्छन् । यी मुहूर्तले पनि उदय, अस्तको ज्ञान गराउँदछन् । यिनीहरू पनि देवता मानिन्छन् । देवगणहरू सूक्ष्म, विशाल र अदृष्य पनि हुन्छन् ।

पितामह धर्मका अनेक रूपहरू छन् । ती रूपहरू नै ब्रह्मा (सृष्टिकर्ता), अन्त (अन्तगर्ने) र पुरू (पालन कर्ता) पनि हुन् । तिनैलाई स्वायम्भुवका ३ शरीर (मूर्ति) पनि भनिन्छन् -

ब्राह्मी - सृष्टि गर्ने (रजोगुणी)

पौरूषी - पालन गर्ने (सत्वगुणी)

कालाख्या - संहार गर्ने (तमोगुणी)

विद्वान्हरू तिनै आदि देव (धर्म) लाई रूद्र, ब्रह्मा, इन्द्र, लोकपाल, ऋषि, नारायण पनि भन्दछन् । प्रजापत्या, रौद्री, वैष्णवी - यी तीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिहरू पछिल्ला मन्वन्तरहरूमा पनि पुनरावृत्ति भैरहन्छन् । ब्रह्माकै रजोगुणी अंशबाट मरीचि, तमोगुणी अंशबाट काल (रूद्र), र सत्वगुणी अंशबाट यज्ञरूप विष्णु पैदा भएका थिए-

राजस्याब्रह्मणों˜ शेन मारीचः कश्यपो˜ भवत्

तामस्यास्तस्यचाम्शेन कालो रूद्र स उच्यते,

सात्विक्याश्चतथांशेन यज्ञो विष्णुरजायत - ३।१०५-१०६

प्राणीहरू कोही श्रेष्ठ, कोही मध्यस्थ, कोही लकीरफकीरगर्ने स्वभावका हुन्छन् । यो नै संसारको गति हो ।

४. विभिन्न मन्वन्तरमा जयदेवगणको स्थिति

धेरै प्रजा उत्पत्ति गराउने उद्देश्यले ब्रह्माजीको मुखबाट १२ वटा मन्त्रमय शरीर भएका देवगणको उत्पत्ति भयो । ती १२ मा १.दर्श २. पौर्णमास ३. वृहत् ४. रथन्तर, ५. चिति, ६. सुचिति, ७. आकुति, ८. कूत ९. विज्ञान १०. विज्ञाता ११. मन १२. यज्ञ थिए । तर यिनीहरूले पनि भने वमोजिम सन्तान उत्पादनकार्य नगरेर योग र ध्यानतिर लागे । त्यो देखेर ब्रह्माजी रिसाउनुभयो र विना कर्म ७ जन्मसम्म त्यसै बस्नुपर्ने श्रापदिनु भयो । ब्रह्माजीको श्रापबाट डराएका ती देवगणले आइन्दा ब्रह्माले भने वमोजिम गर्ने विश्वास दिलाए । त्यसपछि ब्रह्मा खुसी हुनुभयो र श्रापबाट मुक्त गरिदिनुभयो । ब्रह्माले ती देवगणलाई सुरश्रेष्ठ हुने र स्वायम्भुवदेखि वैवस्वतसम्मका सातै मन्वन्तरसम्म रहनेछौ भन्दै त्रयीविद्या (ऋग्वेद, अथर्ववेद र यजुर्वेदको ज्ञान), ब्रह्ममयी प्रसूति, श्राद्ध, तप, यज्ञ आदि गर्नसक्नेछौ र वैवस्वत मन्वन्तरपछि मसंगै आउँनेछौ । त्यसपछि अजितगणका रूपमा रहनेछौ पनि भन्नुभयो ।

तिनै देवगण स्वयम्भुव मन्वन्तरमा जय नामले प्रसिद्ध भए । स्वारोचिष मन्वन्तरमा तुषिता, उत्तम मन्वन्तरमा मनु र सत्यबाट जन्मिएर सत्य, तामस मन्वन्तरमा मनु र हरिणीबाट जन्मिएर हरि, चाक्षुष मन्वन्तरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाक्षुष मनु र पत्नी वैकुण्ठबाट जन्मिएर वैकुण्ठ आदि नामले प्रसिद्ध भए। विभिन्न मन्वन्तरमा सृष्टिलाई अघि बढाउने यिनै देवगण हुन्।

५. मरूतहरूको उत्पत्ति

देवता, दानव, गन्धर्व, राक्षस, पिशाच, पशुपन्छी, आदिको उत्पत्तिका सम्वन्धमा ऋषिहरूले जिज्ञासा राखेपछि सूत भन्नुहुन्छ– कश्यप र दितिबाट हिरण्यकशिपु, हिरण्याक्ष २ छोरा र सिंहिका– १ छोरी पैदा भए। हिरण्यकशिपुको जन्म कश्यपले यज्ञगर्दा स्वर्णासनमा भएको थियो। सिंहिकाको विवाह विप्रचित्तिसंग भयो। सिंहिका र विप्रचित्तिबाट राहु जन्मिए। हिरण्यकशिपुले ब्रह्माको कठोर तपस्या गरे। ब्रह्मा प्रसन्न भएर उनलाई सबै देवतालाई जित्न सक्ने, गिलो सारो ठाउँमा र कुनै शस्त्रास्त्रले नमर्ने जस्ता वरदान दिनुभयो। मागे अनुसारको वरदान पाएपछि हिरण्यकशिपु शक्तिशाली वने र सबै देवतालाई जिते। त्यसपछि उनले सूर्य, चन्द्र, वायुको समेत काम आफैं गर्नथाले। उनलाई नरसिंहावतार भएर विष्णुले वध गर्नुभयो। हिरण्यशिपुका प्रह्लाद आदि ४ छोरा भए। हिरण्यकशिपुका भाइ हिरण्याक्षका सुविक्रान्त आदि ५ छोरा भए। तिनका सन्तान असंख्य भए। तर तिनीहरूलाई देवताहरूले मार्न थाले। देवताहरूले छोराहरू मार्न थालेकाले आमा दितिलाई असह्यभयो र कश्यप (पति) सँग इन्द्रलाई जित्न सक्ने छोरा मागिन्। १०० वर्षसम्म नियममा रहेमा इन्द्रलाई जित्ने छोरा पाउँने वरदान पाइन् र दिति पतिले वताएअनुसारको व्रतमा बस्न थालिन्। यो कुरा इन्द्रले थाहा पाएर चुक्ली फेलापार्ने नियतले दितिको सेवागर्न थाले। दितिले नियममा रहन थालेको ९० वर्ष भएपछि एक दिन दिउसो निदाउँदा कपालले गोडा छोएको/झरेको देखेर तपस्या विरूद्ध हुनगएको हुँदा इन्द्र दितिको पेटमा छिरे र दितिको गर्भको भ्रूणलाई ७ टुक्रा पारिदिए। टुक्रा भएका गर्भका भ्रूणहरू रून थाले। इन्द्रले मा रोदी (न रोऊ) भने। दितिले आफ्नो गल्तीले गर्दा इन्द्रले शत्रुसाधना गरेकोमा दुख मानिनन् -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रोर्वधे न दोषो ˜ स्ति भेतव्यं न च ते विभो,

प्रियं तु कृतमिच्छामि श्रेयो गर्भस्य मे कुतः -५।७७

दितिले टुक्रा ट्क्रा भएका आफ्ना छोराहरू (भ्रूण) लाई वातस्कन्धको रूपमा विख्यात होउन्, मरूत नाम रहोस्, इन्द्रका भाइ कहलियून् र क्रमशः पहिलो टुक्रा पृथिवीमा, दोश्रो टुक्रा सूर्यमा, तेश्रो टुक्रा चन्द्रमण्डलमा, चौथो टुक्रा तारागणमा, पाँचौं टुक्रा ग्रहगणमा, छैटौं टुक्रा सप्तर्षि मण्डलमा र सातौं टुक्रा ध्रुवमण्डलमा रहून भनेर इन्द्रसँग याचना गरिन् । इन्द्रले दितिको अनुरोधलाई स्वीकार गरे । ७ वटा हरेक टुक्रा ७–७ वटा मरूतको रूपमा दितिको इच्छा र इन्द्रको स्वीकार अनुसार ४९ मरूत (वायु) वनेर रहन थाले ।

मरूत् उत्पत्तिको यो पाठ सुनेमा वा पढेमा हरेक पाइलामा विजय प्राप्त हुन्छ ।

६. दनुवंश वर्णन

दनुका छोरा विप्रचित्ति पराक्रमी, सत्यप्रतिज्ञ, क्रूर, मायावी दानव थिए । दनुका अरू छोराहरूमा द्विमूर्ध, शंवर, शङ्कुर, विभु, शंकुकर्ण, विपाद, गविष्ठ, दुन्दुभि, अयोमुख, मघवा, कपिल, वामन, मय, मरीचि, रसिपा, महामाया, असिरा, भृषि, विक्षोभ, सुकेत, केतुवीर्य, सताह्वय, इन्द्रजित, द्विविद, भद्र, देवजित, एकचक्र, महावाहु, तारक, महाबल, वैश्वानर, पुलोमा, प्रापण, महाशिर, स्वर्भानु, वृषपर्वा, पुरण्ड, महासुर, धृतराष्ट्र, सुर्य, चन्द्रमा, इन्द्रतापन, सूक्ष्म, निचन्द्र, चूर्णनाभ, महागिरि, असिलोमा, सुकेश, शठ, मूलकोदर, जम्भ, गगनमुर्धा, कुम्भमान, महोदक, प्रमद, अद्म, कुपथ, हयग्रीव, वीर्यवान, वैमृग, विरूपाक्ष, सुपथ, हला, हल, अक्ष, हिरण्मय, शतग्रीव, शंवर, शरभ, श्वलभ थिए ।

दनुका छोराहरूमा एकाक्ष, ऋषभ, अरिष्ट, प्रलम्व, नरक, इन्द्रबाधन, केशी, पुरूष, शेषवान, उरू, गरिष्ठ, गवाक्ष, वीर्यवान र तालकेतु मनुष्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपका थिए र मरणशील पनि थिए । (एते मनुष्यावध्यास्तु दनुपुत्रान्वयाः स्मृताः - १७) । दितिका छोरा दैत्य र दनुका छोरा दानव मिलाएर असुर भनिन्छन् । राहु दैत्य हुन् भने केतु दानव हुन् (सुत्वानस्तु स्मृता दैत्या असुत्वानो दनोः सुताः- १४) । विप्रचित्ति र सिंहिकाबाट उत्पन्न भएका पनि असुर हुन् । दैत्य र दानवको रज वीर्यबाट उत्पन्न असुरहरू झन् बलिया थिए । विप्रचित्ति र सिंहिकाबाट उत्पन्न शल, शलभ, सव्य, सिव्य, इल्वल, नमुचि, वातापि, सुपुंजक, हरकल्प, काल, नाभ, भौम, कनक, राहुहरू सैंहिकेय असुरका नामबाट चिनिन्छन् । सिंहिकाका ती छोराहरू सहित १० हजार असुरलाई भृगुवंशी जमदग्नि-पुत्र परशुरामले वध गरिदिएका थिए । राहुकी प्रभा, पुलोमाकी शची, मयकी उपदानवी, वृषपर्वाकी शर्मिष्ठा नामका छोरी थिए भने वैश्वानरका पुलोमा र कालिका २ छोरी थिए । प्रभाका छोरा नहुष र शचीका छोरा जयन्त हुन् । शर्मिष्ठाबाट पुरू र उपदानवीबाट दुष्यन्तको जन्म भएको थियो । पुलोमा र कालका छोरीहरू मरीचिका पत्नी थिए । उनीहरूबाट ६० हजार दानव छोरा पैदा भएका थिए । यस्तै मयका रम्भा पत्नीबाट ५ छोरा र १ छोरी (मायावी, दुन्दुभि, महिष, कालिक, अजकर्ण छोरा र मन्दोदरी छोरी) थिए । दनायुषाका ५ छोरा थिए भने धुन्धु आदि नाती थिए । धुन्धुलाई कवलाश्वले वध गरिदिएका थिए । वलि (अघिल्लो जन्मका कर्ण) दैत्यका निकुम्भ र चक्रवर्मा छोरा थिए । यसैगरी क्रोधाका सिद्ध, पूर्ण, वह्वी, पूर्णांश, वीर्यवान्, ब्रह्मचारी, शतगुण, सुपर्ण, विश्वावसु, भानु, सुचन्द्र छोरा थिए । यिनीहरू गायन विद्यामा निपुर्ण थिए र गन्धर्व भनिन्थे ।

७. कश्यपवंश वर्णन

पूर्वाध्यायमा बताइएका गन्धर्वहरूमा गन्धर्व, अप्सरा र मुनिहरूको वर्णन गरिसकेपछि (गत अध्ययहरूमा) यस अध्यायमा सूतजी कश्यपको वंशको विस्तारगर्ने बताउनु हुन्छ । कश्यपका तेह्र वटी पत्नीबाट स्वभाव अनुसारका सन्तान पैदाभएका थिए । कश्यप पत्नीहरू सात्विकी, राजसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र तामसी स्वभावका र धार्मिक, अधार्मिक पनि थिए। कश्यपका पत्नीका स्वभाव यस प्रकार थियो–

अदिति – धर्मशीला
दिती – बलशीला
सुरभि – तपशीला
दनु – मायाशीला
मुनि – गन्धशीला
क्रोधा – अध्ययनशीला
अरिष्टा – गीतशीला
खसा – क्रूरशीला
कद्रु – क्रोधी स्वभावकी
क्रोधा – पवित्र आचरणशीला
विनता – भारी बोक्ने स्वभावकी
ताम्रा – अरूलाई चोट पुऱ्याउने स्वभावकी, विश्वासघाती
इरा – अरूलाई अनुग्रह गर्ने

कश्यपका ती पत्नीहरूबाट निम्न सन्तान पैदा भएका थिए -

अदितिबाट – इन्द्रादि देवताहरू
दितिबाट– हिरण्यकशिपु आदि दैत्यहरू
सुरभिबाट – गाई, गोरू
दनुबाट – दानव
मुनिबाट – गन्धर्व, अप्सरा
क्रोधाबाट – गन्धर्व
अरिष्टाबाट –
खसाबाट – क्रोधी र विरूपी दुई छोरा विकृत र पुरूषव्रत।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धर्व, अप्सरा, गुह्यक, यक्ष, राक्षसहरूको फरक बताउदै सूत भन्नुहुन्छ - गन्धर्व र अप्सराहरू देवताभन्दा धन, रूप, बल, ऐश्वर्य आदिमा ३ पाउ कम हुन्छन्। गन्धर्वदेखि पिशाच सम्म ४ देवयोनि भएको मानिएको छ -

देवानां लक्षणं ह्येतदसुराणां तथैव च

हीना देवैस्त्रिभिःपादैर्गन्धर्वाप्सरसः स्मृताः,

गन्धर्वेभ्यस्त्रिभिःपादै र्हीना गुह्यकराक्षसाः

ऐश्वर्यहीनारक्षोभ्यःपिशाचस्त्रिगुणं पुनः

एवं धनेन रूपेणआयुषा च बलेन च - ७।१६६-१६८

कद्रुबाट – सर्प

क्रोधाबाट – मृगी, मृगमन्दा, हरिभद्रा, इरावती, भूता, कपिशा, दंष्ट्रा, ऋषा, तिर्या, श्वेता, सरमा, सुरसा छोरीहरू। यी सबैको विवाह पुलस्त्यसंग भएको थियो। यिनीहरूबाट वानर, बाघ अदिको जन्म भएको थियो।

विनताबाट – कद्रु आदि नाग, अरूण र गरूड, गायत्री छन्द।

ताम्राबाट – गृध्री, भासी, शुकी, क्रौंची, श्येनी, धृतराष्ट्रिका समेत छ छोरी चराहरू।

इराबाट – लता, अलता र विरूधा ३ छोरी (वृक्ष वनस्पति)।

दंष्ट्राबाट – बाघ, सिंह।

यसरी विभिन्न स्वभावका पत्नीहरूबाट पैदा भएका कश्यपका सन्तान रक्षागर्ने राक्षस, उन्मत्तभएका मत्त, योनिज, अयोनिज, स्थावर, जंगम आदि अनन्त भए-

मातृतुल्यश्च जनने पुत्रो भवति कन्यका,

यथाशीला भवेन्माता तथा शीलो भवेत्सुतः - ७।५५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कश्यपका वंशमा भएका सबै किसिमका सृष्टिको नियमन मनुष्यले गर्नसक्ने भएकाले मनुष्य सृष्टि सर्वश्रेष्ठ मानिन्छ। मनुष्य नै धर्म, अर्थ, काम, मोक्ष – चारै साधनको साधक बन्नसक्तछ।

यो वंश वर्णन सुनेमा वा पाठ गरेमा यस लोकमा सुख सम्पत्ति प्राप्तभई परलोकमा पनि उत्तमगति प्राप्तहुन्छ।

८. ऋषिवंश र कार्य विभाजन वर्णन

आफ्ना सन्तानहरू (देवता, दैत्य, नाग, पंक्षी आदि) हरूमध्येबाट पिता कश्यपले देहायअनुसार कार्य विभाजन गरिदिनुभयो -

सोम -	ब्राह्मण, क्षत्री, नक्षत्र, ग्रह, यज्ञ, तपको अधिपति
वृहस्पति-	अंगिरावंशीको राज्य प्रमुख
विष्णु -	आदित्यगणका प्रमुख
अग्नि -	वसुका अधिपति
प्रल्हाद -	दैत्यवंशका अधिपति
शंकर-	भूतपिशाच गणका मालिक
हिमालय -	पर्वतका मालिक
शेषनाग-	विषालु सर्पका स्वामी
कामदेव -	अप्सराका स्वामी
वासव -	मरूद्गणका अधिपति
नारायण -	साध्यगणका अधिपति
विप्रचित्ति -	दानवका राजा
वरूण -	जलका राजा
कुवेर -	राक्षस, यक्ष, पृथ्वीबाट प्राप्त हुने धनका राजा
यम -	पितृका राजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शूलपाणि शंकर- भूतपिशाचका राजा

सागर - नदीहरूका राजा

चित्ररथ - गन्धर्वहरूका राजा

उच्चैश्रवा - घोडाहरूका राजा

बाघ - हिंश्रक पशुहरूका राजा

साँढे - चारखुट्टे गाई, भैंसी नीलगाई आदिका राजा

गरूड - पक्षीहरूका राजा

वासुकि - विषालु सर्पहरूका राजा

वायु - अशरीरी भूत र मरूत्का स्वामी

तक्षक - जमिनभित्र बस्ने विच्छी, सर्पका अधिपति

पर्जन्य - समुद्र, नदी, मेघका राजा

कामदेव - अप्सराहरूका स्वामी

सम्वत्सर - ज्योतिष विद्या (क्षण, मास, ऋतु, अयन, योग आदि)का अधिपति

कर्दमपुत्र शंखपद - दक्षिण दिशाको स्वामी

विरजपुत्र सुधन्वा - पूर्व दिशाको स्वामी

रजपुत्र केतुमानअच्युत - पश्चिम दिशाका स्वामी

पर्जन्यपुत्र हिरण्यरोमा - उत्तर दिशाका स्वामी

यसरी कश्यपले सबैलाई संरक्षणगर्ने उद्देश्यले तत्तत् विषयका सम्बन्धितलाई अधिपति बनाएर काममा खटाए ।

सबैको संरक्षण गर्ने व्यवस्था मिलाएर गोत्र संरक्षक पनि बनाउने उद्देश्यले कश्यप तपस्यागर्न गए । तपस्याबाट उनले वत्सार र असित – २ छोरा पैदा गरे । वत्सारबाट निध्रुव र रेभ्य – २ छोरा भए । रेभ्यबाट रैभ्य जन्मिए । च्यवन र सुकन्याकी छोरी सुमेधानि ध्रुवकी पत्नी भइन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असितकी पत्नी एकपर्णाबाट शाण्डिल्यगोत्री देवल जन्मिए। विध्रुव, शाण्डिल्य र रैभ्य काश्यप गोत्रीय भए।

तेश्रो त्रेतायुगको प्रारम्भमा तृणविन्दुकी पत्नी अलम्वुषाको गर्भबाट इलविला कन्या पैदा भइन्। पुलस्त्यसंग उनको विवाह भयो र उनीबाट विश्रवा जन्मिए। विश्रवा, वृहस्पति, वृहत्कीर्त देवताका आचार्य थिए। विश्रवाबाट रावण (अघिल्ला जन्मको हिरण्यकशिपु) जन्मिए। यसैगरी प्रजापति अत्रि, वसिष्ठहरूको पनि वंश र गोत्र विस्तार हुँदैगयो।

९. पितृ र योगीको महत्व

सूत पौराणिकसंग शौनकादि ऋषिहरूले निम्न विषयमा स्पष्ट गरिदिन अनुरोध गर्दै भने - १. मेनकाका बाबु आमा को थिए ? २. पितृहरू कति प्रकारका छन् ? ३ पितृश्राद्धको विधि के हो ४. पितृलाई देवताका पनि देवता भन्नुको अर्थ के हो ? ५. कुन पितृहरू स्वर्ग र कुन पितृहरू नरकमा बस्तछन् ? ६. सन्तानले दिएका पिण्डहरू पितृले कसरी प्राप्त गर्दछन् ७. किन पितृहरू देखिदैनन् ?

सूतले भन्नुभयो- पितृहरू देवताहरूकै साथमा ब्रह्माजीबाटै उत्पन्न भएका हुन्। ब्रह्माले आफ्नो सृष्टिबाट सम्मान पाउँने आशागर्नु भएको थियो। तर केही देवताले ब्रह्मालाई सम्मान गरेनन्। बह्माले रिसाएर तिनीहरूलाई मूढ हुनुपरोस् भन्ने श्राप दिनुभयो। श्राप पाएका देवताहरूले आफ्नो गल्ती स्वीकारगरी ब्रह्माको शरणमा गए। त्यसपछि ब्रह्माले लोककल्याणलाई ध्यानमा राखी ती मूढहरूलाई आ-आफ्ना छोराहरूसंग ज्ञान लिएर प्रायश्चित्त गर्नू भन्नुभयो। ब्रह्माको उपदेश अनुसार श्राप पाएकाहरूले छोराहरूबाट ज्ञान प्राप्त गरे। त्यसपछि ज्ञान पाएका देवताहरूले छोराहरूलाई ज्ञान दिएकोमा कृतज्ञता व्यक्तगर्दै छोराहरूलाई पितृलाई दिने सम्मान दिए। यो देखेर ब्रह्माले देवताहरूसंग खुसी भएर भन्नुभयो- तिमीहरूले ठीक भन्यौ, आज उप्रान्त तिमीलाई ज्ञानदिने छोराहरू नै पितृ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनेछन् । आइन्दा कुनै पनि शुभकर्म गर्दा पहिले श्राद्ध गर्नुपर्नेछ । नभए शुभकर्मको फल राक्षसले पाउँछ । श्राद्ध गरेमा सन्तान वृद्धि र समृद्धि प्राप्त हुन्छ । तिमीहरूलाई वृहस्पति-पुत्र संयुले वृहस्पतिसंग सोधेको प्रसङ्ग बताउँदछु । संयुले सोधेका थिए - पितृको प्रकार र श्राद्धवारे बताइदिनुहोस् । बृहस्पतिले भने - योग र ध्यानको माध्यमले भगवान् ब्रह्माले लोक र वेदको सृष्टि गर्नुभएको हो । सूर्यको साथमा रहेको सन्तानक लोकमा रहेका वैराज नाम गरेका देवगण देवताका पनि देवता (आदिदेव) मानिएका छन् । तिनीहरूका ७ गण छन् । ती मध्ये ३ अमूर्त र ४ मूर्तिमान् छन् । तिनीहरूलाई देवता, मानव, असुर, साध्य आदि सबैले पूजा गर्दछन् । अमूर्तलाई भावमूर्ति र समूर्तलाई सूक्ष्म मूर्तिका भनिन्छ । तिनै मूर्त र अमूर्त पितृ हुन् र तिनीहरूकै माध्यमबाट वर्षा, वादल, ऋतुचक्र, अन्न आदि बन्दछ । त्यसबाट उत्पन्न अमृतरूप अन्नले संसारको जीवन चल्दछ । ती पितृहरू चिताएको स्थानमा जानसक्ने, स्वधाबाट प्राप्त भएको खाने, सबै काममा निपूर्ण, लोभ, मोह, शोक नगर्ने हुन्छन् र एक हजार युगपछि नदी समुद्रमा मिले सरह मोक्ष प्राप्तगर्दछन् । पितृहरूको योगबलद्वारा नै चन्द्रमामा अमृतकला भरिने गर्दछ । योगबाट अमृत बन्दछ । योग धारणगर्ने ब्राह्मणलाई भोजन गराएमा एउटा ब्राह्मण बराबर हजार ब्राह्मण भोजन गराएको पुण्य प्राप्त हुन्छ -

तस्मात् श्राद्धानि देयानि योगानां यत्नतः सदा,

पितृणां हि बलं योगो योगात् सोमःप्रवर्तते । ९।६६

योग गरेमा नास्तिक र संकीर्णहरू पनि मुक्त हुन्छन् । योगी नपाइएमा दानी, ब्रह्मचारी, सद्गृहस्थीहरूलाई क्रमशः भोजन गराउनू ।

१०. पितृ श्राद्ध तथा योगको महत्व

बृहस्पति भन्दछन्- अब म अघिल्लो अध्यायमा बताएका सात किसिमका पितृहरूबारे बताउँदछु । पितृहरू विरजका सन्तान भएकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैराज भनिन्छन् । यिनीहरू योगीलाई योगवृद्धिगर्ने हुन्छन् । वैराजहरू चन्द्रमालाई खुसी पार्दछन् । वैराज मध्येका अमूर्त पितृकी छोरी मेना हुन् । मेना पितृका मानसी कन्या हुन् । उनै मेना हिमालयकी पत्नी एवं मैनाक र क्रौंचकी आमा पनि हुन् । मेनाबाट ४ छोरी जन्मिए - गंगा, अपर्णा (उमा), एकपर्णा, एकपाटला । एकपर्णा वरको रूखमुनि बसेर तपस्यागर्न थालिन् । एकपाटलाले पाटल वनस्पतिको आधारमा तपस्यामा लागिन् । यसैगरी अपर्णाले निराहार बसेर लाखौं वर्षसम्म तपस्यागर्न थालिन् । आमाले अपर्णालाई त्यसों नगर भनिएकीले उमा नाम रह्यो । कठोर तपस्या गरेकीले अपर्णा वरिष्ठ भइन् । उनको विवाह महादेवसंग भयो । शिव र उमाका दत्तक पुत्र शुक्राचार्य मानिन्छन् । एकपर्णाका पति योगाचार्य असित हुन् । उनका छोरा देवल ऋषि हुन् । एकपाटलाको विवाह जैगीषव्य ऋषिसंग भयो । उनीहरूबाट शंख र लिखित २ छोरा जन्मिए । तिनीहरू स्मृतिकार थिए । यी सबै अयोनिज थिए । उमा र शंकरको प्रेम र यौनिक उत्सर्ग भएकाले उनीहरूबाट हुने सन्तान उत्कृष्ठ हुने सम्भावना देखेर इन्द्र डराए । उनीले उमा र शंकरका बीच विघ्न उत्पन्नगर्न अग्निलाई पठाए । उमा रिसाइन् र शिवको वीर्यवाट हुने गर्भ अग्निलाई धारणगर्न भनिन् । अग्निले गर्भधारणगर्न नसकेर गंगालाई धारणगर्न लगाए । धेरै वर्ष पछि गंगाले पनि त्यो गर्भ धारणगर्न नसकेर गंगा किनारमा छोडिदिइन् । त्यसै वीर्यरूप अग्नि ज्वालाबाट स्कन्दकुमारको जन्मभयो । कुमार बालकलाई अरून्धती बाहेकका सप्तऋषिका पत्नीहरू (षट्कृत्तिका)ले पाले र हुर्काए । सबै ६ वटीले दूधख्वाउन खोज्दा बालकले ६ मुख गरेर खाइदिए । त्यसैले कुमारलाई षड्मुख पनि भनिन्छ भने कृत्तिकाहरूले पालनपोषण गरेकाले कार्तिकेय पनि भनिन्छ । उनै कुमार षडाननले देवताका सेनापति भएर तारकासुरलाई वध गरे । उनैले क्रौंञ्च पर्वतको गर्व पनि चूर्ण गरेका थिए ।

सोमपा नामकका मरीचिका छोरा थिए । तिनै सोमपालाई नै वर्हिषद पितृगण भनिन्छ । तिनीहरूकी मानसी कन्या अच्छोदा हुन् । यिनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अच्छोदाबाट अच्छोद तलाउ वनेको हो । अच्छोदाले आफ्ना पितृलाई र पितृले पनि अच्छेदालाई देखेका थिएनन् । अच्छोदाले तपस्यागर्ने क्रममा एकदिन अमावसु नामका एक पितृगणलाई देखेर मोहित भइन् । त्यो पापले उनी स्वर्गबाट खस्न थालिन् । त्यो वेलामा उनले पितृहरूको गुहार मागिन् र त्रसरेणु समानका सूक्ष्म पितृहरूले नडराउ भनी त्राण दिए । उनीहरूले भने- तिम्रो कर्मले गर्दा स्वर्गबाट खस्नुपरेको हो । त्यसवेलामा पितृहरूले भने- अमावसु राजाकी छोरी भएर पुनः आफ्नो लोकमा जानेछ्यौ । अठ्ठाइसौं द्वापर युगमा तिमी अच्छोदा (अद्रिका) बाट मत्स्यगन्धा भई जन्मने छौ र पराशर ऋषिको गर्भधारण गरी तिमीबाट भगवान्को रूपका व्यासको जन्म हुनेछ ।

सूर्य समान तेजस्वी अर्को पितृगणलाई अग्निष्वात्त भनिन्छ । यिनलाई यक्ष, राक्षस भूत, पिशाच, गन्धर्व, किन्नर, दानवहरूले पितृ मान्दछन् । यी अग्निष्वात्त पितृगण पुलहका छोरा हुन् । वैराजकी छोरी योगिनी पीवरी हुन् । यिनै पीवरीसंग व्यासले विवाह गर्नुभएको थियो । पीवरीबाट शुकदेव र अरू ५ कृष्ण, गौर, प्रभु, शंभु र भूरिश्रुत छोरा र कीर्तिमती (गौ) छोरी जन्मिइन् । कीर्तिमतीको विवाह नीप-नरेश अणूह संग भएको थियो । यिनै कीर्तिमतीका छोरा महायोगी ब्रह्मदत्त राजा हुन् ।

अन्य समूर्त ४ पितृगण अग्निकी पत्नी स्वधाबाट उत्पन्नभई ज्योतिर्भाषी लोकमा वस्ने गर्दछन् । समूर्त पितृगणकी मानसी कन्या एकश्रृङ्गा हुन् । यी ४ पितृगण पहिले अंगिराका पुत्रको रूपमा साध्यबाट संवर्धित ज्योतिर्लोकमा थिए । मरीचिका पुत्र भए पनि यिनीहरूलाई अंगिराले पालेका थिए । यी पितृहरूलाई क्षत्रियहरूले मान्दछन् । यिनैका कन्या यशोदा सूर्यवंशी स्वर्गविजयी राजा खट्वाङ्गकी आमा पनि हुन् । यिनै खट्वाङ्गका छोरा दिलीप हुन् । यसै वंशमा भगवान् रामको जन्म भएको थियो । यिनको यज्ञमा अग्निबाट शाण्डिल्य ऋषि पैदा भएका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्दम प्रजापतिका छोरा पुलहबाट अर्को पितृगण आज्यपाको जन्म भएको थियो ।

आज्यपानामपितरः कर्दमस्यप्रजापतेः

समुत्पन्नस्य पुलहात् उत्पन्न तस्य ते सुताः -१०।९३

आफ्नो इच्छाअनुसार विचरणगर्ने यी पितृहरूको उपासना वैश्यहरूले गर्दछन् । यिनबाट यायातिकी आमा विरजाको जन्म भएको थियो । यस्तै वसिष्ठका छोरा सुकाला पितृगण जो हिरण्यगर्भका पनि छोरा मानिन्छन् । ती पितृलाई शूद्रहरूले मान्दछन् । यिनकी मानसी कन्या नर्मदा हुन् । नर्मदा राजा पुरूकुत्सकी पत्नी र त्रसदस्युकी आमा हुन् । यिनै पितृहरूको सहायताबाट १४ मनुहरूले आ-आफ्ना मन्वन्तरको सञ्चालन गर्दछन् । यी सबै पितृगण शुद्ध, सात्विक, निर्मल स्वभावका हुन्छन् । पितृलाई मनपर्ने वस्तुहरू निम्न छन् -

चाँदीको पात्र, छोरीको छोरा, मध्याह्नको समय, नेपाली कम्वल, कालो तिल, मह, सेताफूल ।

देवकार्य भन्दा पितृकार्य बढी महत्वको हुन्छ -

पुष्टिं प्रजा स्तथा स्वर्गं प्रयच्छन्ति नशंसयः

देवकार्यादपि सदा पितृकार्यं विशिष्यते । १०।१०४

पितृको श्राद्धले सबै अभिष्ट प्राप्त हुन्छ र अन्त्यमा मोक्ष प्राप्त हुन्छ ।

११. श्राद्धकर्म, श्राद्ध सामग्री र समिधाका प्रकार वर्णन

श्राद्धमा सुनका वा चाँदीका वा चाँदीले मोरिएका पात्रहरू, कृष्णमृग चर्म, छोरीको छोरा, मध्याह्नको समय, कालो तिल, त्रिदण्डी योग (मन, वचन कर्मको ऐक्यवद्धता), नेपाली कम्बल ग्राह्य मानिन्छन् । श्राद्धमा यी वस्तुको संयोगले ब्रह्मत्व, सन्तान र ऐश्वर्यप्राप्ति हुन्छ । श्राद्धमा, तर्पणगर्दा एक वित्ताका तीन वटा समान किसिमका कुण्ड बनाउनू । चाँदीले मोरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खयरका लठ्ठी राख्नू । गाई वा बाखाका दूधले लठ्ठीलाई नुहाइदिनू । यो विधिले अमावास्यामा गरेको पिण्डदान अक्षय हुन्छ। 'देवताभ्यः पितृभ्यश्च ....' भन्ने मन्त्र तीन पटक जप्नू । यो मन्त्र सुनेपछि समूर्त र अमूर्त दुवै पितृहरू श्राद्ध स्थानमा आउँदछन् र आशीर्वाद दिन्छन् ।

श्राद्धकालमा पितृहरू वायुका रूपमा घुमिरहेका हुन्छन् । त्यसैले श्राद्धमा गाई, ब्राह्मणको पूजा गर्नुपर्छ । महुवाको पातले वनेको पात्रले वलिकर्म गरेमा उत्तम सौभाग्य प्राप्त हुन्छ भने वेलको पात्रमा श्राद्ध गर्नाले मनोरथ पूर्ण हुन्छ । यस्तै, पलाशको वस्तुमा खाएमा बह्मवर्चस्व बढ्ने, पिपलको पातमा खाएमा समृद्धि बढ्ने, पाखरीको पातमा खाएमा प्रशासनिक क्षमता बढ्ने, वरको पातमा खाएमा बुद्धि र स्मरणशक्ति बढ्ने हुन्छ ।

श्राद्धमा गुग्गुल धूप, मह, घ्यू उत्तम मानिन्छ । वेल, डुम्रीका पात र समिधा पवित्र हुन्छन् । श्राद्धगर्ने ठाउँ र त्यस अगाडि पवित्र बनाउनु, तिल छर्नु, 'देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च । नमः स्वाहायै स्वधायै नित्यमेव नमो नमः' यो मन्त्र श्राद्धको आरम्भ र अन्तमा ३–३ पटक पढ्नु । इच्छा सिद्धि हुन्छ । विधिसाथ श्राद्ध गर्नेको सम्पत्ति, श्रायु र सन्तान वृद्धि हुन्छ । श्राद्धमा ब्राह्मणको अत्यन्त महत्व हुन्छ । त्यसदिन विशेषतः ब्राह्मणलाई सन्तुष्ट बनाउनुपर्छ । अपसव्य भएर पितृकार्य गर्नुपर्छ । खण्डन, प्रोक्षण र उल्लेखन (पुछ्ने, मार्जनगर्ने जस्ता काम) देवताको लागि एकपटक र पितृको लागि तीन पटक गर्नुपर्छ । प्रयोग गरेको वस्त्र, पहेंलो सदावहारी फूल, फलाम, बढी गन्ध आउने वा गन्धै नआउने फूल जस्ता वस्तु चढाउनु हुँदैन । पिण्ड दानको ठूलो महत्व छ । यो कार्य पुण्यमय हो । पितृलाई रंगीन कपडा, पात र ऊनको वस्तुको विधान छैन । गुग्गुल धूप, तिल, कमल उत्तम मानिन्छ । श्राद्ध कर्ताले पितृलाई आवाहन गर्दा यो ठाउँ सुरक्षित र शुद्ध छ, यहाँ कोही राक्षस आउँदैनन् भनी विश्वस्त बनाउनु पर्छ । मनले चिताएको कुरा पितृले दिन्छन् । अग्निमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हवनगर्दा 'अग्नये कव्य वाहाय' भन्नुपर्छ। हवनगर्दा बाल्ने दाउरा, पलास, प्लक्ष, खदिर, पिप्पल, उदुम्वर, वेल, चन्दन देवदाहरू उत्तम हुन्छ। चराको गुण भएको रूख ल्याउँनु हुँदैन। पितृलाई स्वाहा र देवतालाई स्वधा भनेर दान गर्नुपर्छ। श्राद्धमा शूद्र प्रजाति, भेडाको दूध, घाँस प्रजाति पनि ग्राह्य हुँदैनन्। 'अग्नये कव्यवाहाय स्वधा, अंगिरसे नमः, सोमायपितृमते स्वधा, अंगिरसे नमः, यमाय वैवस्वताय स्वधा' भनेर जलमा आहुति दिनुपर्छ।

१२. श्राद्धविधि

अथर्व वेदमा उल्लेख भएको र गुरू बृहस्पतिले बताए अनुसार पहिले पितृको पूजा गरेपछिमात्र देवताको पूजा गर्नुपर्छ। स्वयं देवताहरू पनि पहिले पितृको पूजा गर्दछन्। दक्षकी विश्वा नामकी छोरी र धर्म (पति) बाट अत्यन्त्र धार्मिक १० वटा पुत्र जन्मिएका थिए। ती धर्म र विश्वाका छोराहरू (विश्वेदेव) को तपः संस्कारबाट खुसीभएर पितृहरूले वरदान दिन चाहे। त्यसैवीच उनीहरूलाई ब्रह्माजी खुसीभएर जे मन लाग्छ त्यै वरदान माग पनि भन्नुभयो। विश्वेदवले पनि श्राद्धमा आफ्नो अंश होस् भनेर मागे। ब्रह्माले तथास्तु भन्नुभयो। त्यसवेलादेखि ब्रह्माले विश्वेदेवसँग सह-भोजनगर्ने प्रण गर्नुभयो। जसले विधिसाथ विश्वदेव सहित पितृ पूजन गर्छ, पिण्डदान गर्छ उसलाई शोक हुँदैन र सारा लोकले पूजा गर्नेछन्। तिनीहरू ब्रह्मलोकमा बस्न पनि पाउँछन्। वेदमा पञ्चयज्ञ (वलि-वैश्वदेव र गोग्रास, हवन, पितृयज्ञ, अतिथि भोजन, ब्रह्मयज्ञ) को विधान छ। पञ्चयज्ञ गर्नेहरू सबै किसिमका ऋणबाट मुक्त हुन्छन्। श्राद्ध गर्दा चढाउने फूलको, फलको टुप्पो चुड्नू। सुसंस्कृत बोली बोल्नू। श्राद्धमा वलिदिंदा दक्षिणपट्टि फर्केर दिनु, पिण्डदानगर्दा दक्षिण फर्कनू, पितृहरू आकाशमा र दक्षिण दिशामा बसेका हुन्छन्। पितृलाई दिँदा स्वधा भन्नु, श्राद्धका दिनमा ब्राह्मण भोजन गराउनू र सन्तुष्ट पार्नु। दुर्गतिमा परेकाहरूलाई दिँदा विकिर दिनू। यो नै संक्षिप्त श्राद्ध विधान हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. श्राद्धका लागि विभिन्न पुण्यमय क्षेत्रहरूको वर्णन

पितृहरू अत्यन्त प्रसन्नहुने विशेष क्षेत्रहरू छन् । अंगिरा ऋषिले अर्वौं वर्ष तपस्या गरेको अमरकण्टकमा गरेको श्राद्धले मृत्युको गतिबाट मुक्त भइन्छ । त्यस क्षेत्रमा श्राद्धगर्दा लक्ष्मी सधैं साथमा हुन्छिन् । ज्वालासर तीर्थमा श्राद्धगर्दा हड्डीका रोगहरू विसेक हुन्छन् । यस्तै पुण्यमय महेन्द्र पर्वत, वैलाट पर्वत, सप्त गोद्धावर, धूतपाप क्षेत्र, जहाँ स्वयं रूद्रले तपस्या गर्नुभएको थियो, गोकर्ण क्षेत्र नास्तिक पनि मुक्त हुने स्थान हुन् । यस्तै ताम्रपर्णी क्षेत्र र त्यहाँ बग्ने ताम्रा नदी, त्यस क्षेत्रमा पाइने शुक्ति, शंख धारणागर्नाले आधि–व्याधि नाशिन्छन् । श्रीपर्वत, माठर वन, विन्ध्याचल, कैलाश, मतङ्गवापी, शौर्पारक, पिण्डारक, चित्रकूट, अशित गिरि, अपिता नदी, प्रभाष, दशाश्वमेधिक, पञ्चाश्व मेधिक, हयशिर, अजतुङ्ग, शिवरूद्र ब्रह्मरूद्र, उर्जन्त पर्वत (जहाँ वसिष्ठले तपस्या गर्नु भएको थियो), ब्राह्म तीर्थ, पुण्डरीक तीर्थ, सिन्धु र सागरको संगम, स्वर्गमार्ग तीर्थ, कुरूक्षेत्र, दृषद्वती तीर्थ, ओंकारपावन तीर्थ, यमुना किनार, मैनाक पर्वत, ब्रह्मतुण्ड तलाउ (जहाँ पराशरले व्यासलाई जन्मदिनु भएको थियो), उमातुङ्ग, भृगुतुङ्ग, ब्रह्मतुङ्गमा महालय श्राद्धगर्दा अक्षय पुण्य मिल्छ । यस्तै कालञ्जर तीर्थ, कालसर्पी नामक काश्यप तीर्थ, नैमिष, वाराणसी, मुण्डपृष्ठ, जहाँ स्वयं शिवले तपस्या गर्नुभएको थियो, कनक नन्दी आदि श्राद्धका लागि अत्यन्त पवित्र तीर्थ मानिन्छन् । ती पवित्र स्थानमा श्राद्धगर्नाले १० पूर्वका, १० पछिका र आफु समेत २१ कुल तर्दछन् । अक्षय फलको कामनागर्नेले उमातुङ्ग आदि क्षेत्रमा श्राद्ध गर्नुपर्दछ । शालिग्राम क्षेत्रमा श्राद्धगर्नाले तत्काल केही फलको संकेत प्राप्त हुन्छ । शालग्राम क्षेत्रमा श्राद्धगर्दा नाग दहमा बस्ने नागहरूले सज्जनले दिएको पिण्ड खाइदिन्छन् भने दुर्जनले दिएको खादैनन् भनिएको छ -

पिण्डं गुह्णाति हि सतां नगृह्णन्त्यसताम् सदा
अतिप्रदीप्तैर्भुजगैर्भोक्तुमन्नं नशक्यते - १३।९१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गयामा श्राद्धगर्दा पितृहरू प्रसन्न हुन्छन्। कौशिकीको महत्व पनि श्राद्धको लागि विशिष्ट छ। कनक नदीमा ब्रह्मर्षिहरू बस्छन्। मानसरोवर, हिमालय क्षेत्र, समुद्रमा मिसिने नदीमा गरेका श्राद्ध फल पनि अक्षय हुन्छ। अरू ठाउँ नमिलेमा गुरूले हुन्छ भनेको ठाउँमा श्राद्ध गर्नुपर्छ।

तर, (क) श्रद्धा नगर्ने (ख) पापात्मा (ग) नास्तिक (घ) शंकालु र (ङ) जे काम गर्दा पनि कारण खोज्ने, यी ५ किसिमका व्यक्तिहरूले तीर्थ गए पनि पुण्य प्राप्तगर्न सक्तैनन्। श्राद्ध गर्दाका नियमहरू ध्यान, निराहार, अनशन आदि हुन्। अनशनले इन्द्रिय र मनलाई चञ्चलहुन दिँदैनन्। इन्द्रियलाई नियन्त्रण गरेर, नियममा बसेर श्रद्धासाथ तीर्थमा स्नान र श्राद्धगर्न सकिएमा नपाइने वस्तु क्यै पनि हुँदैन।

१४. श्राद्धमा शौच र खाद्याखाद्य विधान

वृहस्पति छोरा शंसुलाई भन्नुहुन्छ- श्राद्धगर्नु अगाडि हेमन्त ऋतुमा हिउँ खानू र वसन्तमा अग्निहोत्र (हवन) गर्नू। सूर्य ग्रहणको दिन छ भने ग्रहणको अवधि भरमा श्राद्ध गरिसक्नू। श्राद्धमा हतियार, मासुको प्रयोग नगर्नु। प्रचीन कालमा महात्मा देवेशले निषेधगर्दा पनि विश्वकर्मा (त्वष्टा)ले सोमपान गराएका हुनाले इन्द्रले पृथ्वीमा खस्नुपऱ्यो र सावाँ धानको रूपमा देखिनुपऱ्यो। सावाँ धान पितृलाई मनपर्छ। खसेको सोमरसबाट उखु पैदा भयो। जौ, कालो अन्न, फलाम श्राद्धमा प्रयोग नगर्नू। तर वेल, अमला, अंगूर, कटहर, अनार, खजूर, आँप, कमल, कदम्वपुष्प, चन्दन, लौका, मह, नरिवल, पिपल, मरिच, अलैंची श्राद्धमा ग्राह्य मानिन्छन्। लसुन, प्याज जस्ता दुर्गन्ध आउँने वस्तु, रजस्वला स्त्री, रस र गन्ध नआउँने वस्तु त्याज्य हुन्छन्। देवासुर संग्राममा देवताद्वारा पराजित दैत्यराज वलिको शरीरबाट रगत वगेर भूईंमा परेको रक्त विन्दु नै लसुन भएर उम्रिएका थिए। यसैले श्राद्धमा लसुनको प्रयोग नगर्नू। यसैगरी श्राद्धगर्दा वर्णाश्रम धर्म नष्ट भएको स्थानमा नगर्नू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाङ्गो कसलाई भनिन्छ भन्ने शंयुको प्रश्नमा बृहस्पति भन्नुहुन्छ - ऋक् यजु साम वेदहरू वस्त्र हुन् । ती वेद नपढ्नेहरू नाङ्गा हुन् । धर्म छोडेर मुक्ति खोज्नु व्यर्थ हो । ब्राह्मण भएर पनि वेद नपढ्नेहरू शूद्र वरावर नै हुन् । गुरूपत्नीगामी, कृतघ्नहरू पनि श्राद्धमा वर्ज्य हुन् । अपवित्रहरूले श्राद्धमा हेर्नु पनि हुँदैन । विज्ञानको घमण्ड देखाएर वेदको विरोधगर्नु अनधिकारी बन्नु हो । त्यस्तालाई श्राद्धमा नराख्नू । पत्थर, कन्दमूल, उखु, छालाका डोरी, हाडबाट बनेका वस्तुलाई जल सेचन गरेर शुद्ध बनाउनू । वाहिरको माटो हावाले शुद्ध बनाउने हुनाले माटो लगाएर वस्तु र शरीरलाई शुद्ध बनाउनू । घरको दक्षिणपट्टि वाणको वेग जानेजति ठाउँ जत्तिनै पर दिशा पिशाव गर्नू । दिशागर्दा शिर ढाक्नू तर शिरमा हात नराख्नू । वानप्रस्थीले दिशा गरेपछि १० पटक र गृहस्थले १५ पटक माटो लगाएर हात धुनू । दिशागर्दा सूर्यको सन्मुख नहुनू । दिशा गरेपछि आचमनगर्नु र सूर्य, अग्नि र वायुको नाममा जल छोड्नू । गोडा धुनू ।

श्राद्ध अत्यन्त श्रद्धासँग गर्नुपर्छ । रातको समयमा श्राद्ध नगर्नु । ग्रहण लाग्नु अघि नै श्राद्ध सक्नु । त्यसै गरेर ग्रहणको समयमा पनि श्राद्ध गर्नु । सामा, उखु, साना दाना भएको चामल, केशर, हरियो मुगी, कालो तिल श्राद्धमा अत्यन्त महत्वपूर्ण हुन्छ । यस्तै राज्मा सिमी, फलाम, कालो अन्न श्राद्धमा प्रयोग नगर्नु । सत्ययुगमा पितृ, त्रेतामा देवता, द्वापरमा वैश्य र कलिमा शुद्रको बाहुल्य हुन्छ । अपमानित व्यक्ति, कुकुर, सुँगुर, कुखरालाई श्राद्ध गर्दा नहेर्नु । दिशा पिशाव दक्षिण पश्चिममा गर्नू र घरबाट वाण लाग्ने दूरीमा मात्र दिशा पिशाव गर्ने ठाउँ बनाउनू । पितृको लागि शौच विधान महत्वपूर्ण हुन्छ । घरमा कसैको मृत्यु भएमा वा बच्चा जन्मिएमा १० दिन सूतक लाग्दछ । ब्राह्मणलाई १० दिन, क्षत्रियलाई १२ दिन, वैश्यलाई १५ दिन र शूद्रलाई ३० दिन सूतक लाग्ने विधान छ । रजस्वला स्त्री, सुत्केरी कुकुरनीलाई मार्ने, नाङ्गो मान्छे र लास वोक्नेलाई छोए पनि सूतक लाग्छ । जुठो वस्तु श्राद्धमा नराख्नू । श्राद्ध गर्नेले मन, वचन र शरीर शुद्ध राख्नू । शुद्ध नभई श्राद्ध गरेमा निष्फल हुन्छ र पन्छी योनिमा पुगिन्छ । विधिसाथ श्राद्ध गरेमा मनोवाञ्छित फल पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५. श्राद्धमा बोलाउन योग्य र अयोग्य ब्राह्मण

सामान्यतः ब्राह्मणहरू पवित्र हुने भएकाले उनीहरूको परीक्षा र मीमांसा गर्नुहुँदैन तर पनि दैवीकार्य र श्राद्धका दिनमा ब्राह्मणहरू पनि परीक्षणीय हुन्छन् -

न मीमांस्याः सदा विप्राःपवित्रं ह्येतदुत्तमम्,

दैवे पित्र्ये च नियतं श्रूयते वै परीक्षणम् - १५।५

दोषी (चोरीगर्ने, परस्त्रीगामी, मद्यपानगर्ने आदि) लाई श्राद्धमा नबोलाउनू। त्यसैले बुद्धिमान्हरूले आफुले चिनेका ब्राह्मणलाई नै श्राद्धमा वोलाउनुपर्छ। अतिथिलाई दूध पियाएमा अग्निष्टोम यज्ञको फल पाइन्छ। घ्यूले १६ वटा यज्ञ गरेको र खीरले स्तुति गरेको फल मिल्दछ। अकस्मात् आएको वानप्रस्थी, गृहस्थ, तपस्वी, सन्यासी सबै अतिथि नै हुन्छन्। तर व्रत नगर्ने, संकीर्ण विचार राख्ने, नपढेको, अपराधीहरू अतिथि हुनसक्तैनन्। भोको, तिर्खा लागेको, थाकेको, बाटो विराएकोलाई सत्कार गर्नु। षडङ्ग वेद (शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द, ज्योतिष) पढेको, ध्यानी, सामवेदज्ञ, योगाभ्यासी, साधुसन्तलाई एक पंक्तिको मानेर भोजन गराउनू। ऋग्वेद जान्नेले वेदलाई, यजुर्वेद जान्नेले यज्ञलाई, सामवेद जान्नेले ब्रह्मलाई जान्दछ भने मानस (अथर्ववेद) जान्नेले सबै विषय जान्दछ। तर, श्राद्धमा कर्म नगर्ने ब्राह्मणलाई बोलाउन हुँदैन। व्रत नगर्ने, नपढेकोलाई नबोलाउनू।

धेरै किसिमका रूप लिएर ब्राह्मणहरू हिंडिरहेका हुन्छन्। ब्राह्मणलाई बोलाएर दूध, पायस ख्याएमा अग्निष्टोम यज्ञको फल पाइन्छ। श्राद्धमा अतिथि पाउनु भाग्यमानी वन्नु हो। १४ विद्यामध्ये एक विद्यामा पारंगत भएकालाई श्राद्धमा प्राथमिकता दिनू। सकेसम्म चारै आश्रम वासीलाई श्राद्धमा बोलाउँनु। वेद-निन्दक, नास्तिक, ध्यान, योग नगर्नेहरू भने दोषी हुन्छन्। आमदानीको लागि विद्याको क्रयविक्रय गर्नेलाई श्राद्धमा बोलाउँन हुँदैन। देवभक्त महात्माहरूलाई देख्नपाए मात्र पनि पवित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भइन्छ। जसले ऋग्वेद जान्दछ। उसले सबै वेद जान्दछ। जसले यजुर्वेद जान्दछ उसले यज्ञ बुझ्दछ। जसले सामवेद जान्दछ उसले ब्रह्म जान्दछ, जसले मानस (अथर्ववेद) जान्दछ उसले सबै कुरा जान्दछ-

ऋचश्च यो वेद स वेद वेदान्यजूंषि यो वेद स वेद यज्ञम्

सामानि यो वेद स वेद ब्रह्म यो मानसं वेद स वेद सर्वम् - १५।६८

१६. दान र भोजनको महत्व

श्राद्धमा असल ब्राह्मणलाई भोजन गराउनु र दानदिनू। यसरी दान र भोजन गराउनेहरू माथिल्लो गतिमा पुग्दछन् र उत्तम र सजावट गरिएका विमानमा यात्रागर्न पाउँदछन्। श्राद्धमा गाई, जुत्ता, पंखा, पुष्पमाला जस्ता वस्तु ब्राह्मणलाई दिनुपर्छ। शिशिर ऋतुमा इन्धन, अग्नि, काठहरू दान दिनुपर्छ। यसैगरी श्राद्धमा शैया, भूमि, वस्त्र आदि दानगर्दा अश्वमेघ यज्ञको फल प्राप्तहुन्छ। भोजन गराउँदा पनि पायस, घ्यू, मह जस्ता पवित्र र स्वादिला खानेकुरा खुवाउनु पर्छ। श्राद्धमा अन्नदानगर्नु विशेष महत्वको हुन्छ, किनभने अन्नभन्दा महत्वको वस्तु अरू हुँदैन -

अन्नदो लभते नित्यं कन्याकोटीस्तथैव च,

अन्नदानात्परं दानं नान्यत्किञ्चित्तु विद्यते - १६।५२

श्राद्धमा भोजन गराउने र दान गर्नेलाई धेरै पत्नी, नोकर, प्रसस्त सम्पत्ति र अक्षय्य सुख सुविधा प्राप्त हुन्छ। यसरी दानगर्नेले एकछत्र साम्राज्य प्राप्तगर्दछ। यस्तै श्रद्धासंग श्राद्ध गर्नाले रोगी निरोगी हुन्छ। मूर्ख विद्वान हुन्छ, । गरिव धनी हुन्छ।

श्राद्धमा दिएका दानबाट पाइने फल

मोती, वैदूर्य मणि आदि - सूर्य समान तेजस्वी बनेर दिव्य विमानमा वसी स्वर्ग

सुवर्ण र सुवर्ण पात्र - रसिला खाद्य पदार्थ र सौभाग्य

तिल, उखु - असल मित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर्खर विहाएकी गाई - पुष्टिवर्धक दूधदिने दुधालु गाई भैंसी

जाडोमा दाउरा - प्रकाशमान् शरीर

शैया पलङ - स्वर्ग

दानभन्दा परम धर्म र परम सुख पाउँने कर्म अरू हुँदैन । दानले नै तीन लोकको आधिपत्य पाइन्छ। पति पत्नीमा प्रेमभाव राख्नेले दानबाट राजसी सम्मान पाउँदछ ।

१७. तिथि नक्षत्रअनुसार श्राद्धफल

श्राद्ध नित्य, नैमित्तिक र काम्य गरी ३ किसिमका हुन्छन् । तीनै किसिमका श्राद्धमा पत्नी, पुत्रको महत्व हुन्छ । श्राद्धको लागि कृष्णपक्ष उत्तम मानिन्छ। कृष्णपक्षको प्रतिपदादेखि अष्टमीसम्मका दिनलाई अष्टका भनिन्छ, ती दिनमा पनि पुत्र र पत्नीहरू श्राद्धको लागि कारणी मानिन्छन्। पितृहरू श्राद्धको आश गर्दछन्। १५ दिनसम्म आफ्ना छोरा पत्नी आएनन्, दान पुण्य गरेनन् भने पितृहरू निराश भएर फर्कन्छन् ।

श्राद्ध नगर्ने नास्तिक हो, उसको अवश्य अधोगति हुन्छ । यसैले समृद्धिको कामनागर्नेले श्राद्ध गर्नुपर्दछ । तिथिअनुसार श्राद्धका फल यस प्रकार हुने बताइएको छ-

प्रतिपदा – धनलाभ

द्वितीया – मानिसहरूको राजा

तृतीया – शत्रुनाश, पापनाश

चतुर्थी – शत्रुको छिद्र थाहा पाउने

पञ्चमी – उत्तम कल्याण

षष्ठी – सर्वपूज्यता प्राप्ति

सप्तमी – राजगणको अधिपति हुने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्टमी – ऋद्धि प्राप्ति

नवमी – ऐश्वर्य र स्त्री

दशमी – ब्राह्मीश्रेय र वेदज्ञानी हुने

एकादशी – ऐश्वर्य

द्वादशी – राज्य, आयु र जय प्राप्ति

त्रयोदशी – दीर्घायु र ऐश्वर्य

चतुर्दशी – अल्प उमेरमा मरेका, घरमै मरेकाहरूको उद्धार

औंसी – सम्पूर्णता प्राप्ति

यसैगरी श्राद्धको लागि मघा नक्षत्र उत्तम हुन्छ। मघा नक्षत्रमा श्राद्धगर्दा पितृहरू प्रसन्न हुन्छन् र अक्षय्य पुण्य हुन्छ (पितृदेवामघा यस्मात् तस्मात्ता स्वक्षयं स्मृतम् - २२)।

१८. नक्षत्रअनुसारका श्राद्धफल

बृहस्पति शंयुलाई भन्नुहुन्छ- (सूत पौराणिक शौनकादि ऋषिहरूलाई यै प्रसङ्ग बताइरहनुभएको छ) – यमराजले शशविन्दु राजालाई तिथिअनुसारका श्राद्ध फल वताउनु भएको थियो, त्यो पनि म तिमीलाई बताइदिन्छु –

कृत्तिमा नक्षत्रमा – स्वर्गलाभ

रोहिणी – सन्तान प्राप्ति

मृगशिरा – तेजस्वी

आर्द्रा – क्रूरकर्मी

पुनर्वसु – पुत्रवान्, क्षेत्राधिकारी

तिष्य(पुष्य) – पुष्टि प्राप्ति

अश्लेषा – वीर पुत्र प्राप्ति

मघा – आफ्नो कुल र जातमा उत्तम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वाफाल्गूनी –	सौभाग्य प्राप्ति
उत्तराफाल्गुनी –	दानी, स्वामी हुने
हस्ता –	सभामा मुख्यवक्ता हुने
चित्रा –	रूपवान् पुत्र
स्वाति –	व्यापारमा लाभ हुने
विशाखा –	पुत्रेच्छा पुरा हुने
अनुराधा –	संसारचक्रमा परिवर्तनगर्न सक्ने ।
ज्येष्ठा –	श्रेष्ठ आधिपत्य प्राप्ति
मूल –	आरोग्य प्राप्ति
पूर्वाषाढा –	ठूलो कीर्ति
उत्तराषाढा –	शोक मुक्त हुने
श्रवण –	परमगति प्राप्त हुने
धनिष्ठा –	राज्याधिकारी, धन प्राप्ति
अभिजित मुहूर्त –	वेद वेदाङ्गको ज्ञान
वारूण(शतभिषा) –	वैद्य बन्ने
पूर्वाभाद्रा –	आजीविकामा फल
उत्तराभाद्रा –	हजारौं गाई प्राप्त गर्ने
रेवती –	चाँदीका सामान प्राप्ति
अश्विनी –	अश्व (घोडा) प्राप्ति
भरणी –	आयु प्राप्ति

शास्त्रीय विधि अनुसारका श्राद्धका नियम पालन गरेकाले विनयी शशविन्दु राजा समस्त भूमण्डलकै राजा बनेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९. श्राद्धमा दिनुपर्ने दान र ब्राह्मणहरूको परीक्षा

शंयु ऋषि बृहस्पतिसँग सोध्छन्– श्राद्धमा कस्तो वस्तुको दानले कस्तो पुण्य मिल्दछ, बताइदिनुहोस् । वृहस्पति भन्नुहुन्छ– पितृहरूलाई दिएको दानले तत्काल, केही समय पछि र अनन्तकालसम्म सन्तुष्टि दिने हुन्छ ।

श्राद्धमा दिएका वस्तुबाट पितृले पाउँने सन्तुष्टिको अवधि -

तील, कन्दमूल फल, धान दानगर्दा – पितृहरू एक महिना सन्तुष्ट हुन्छन् ।

यस्तै माछा दानगर्दा – २ महिना

हरिणको मासु दानगर्दा – ३ महिना

खरायोको मासु दानगर्दा – ४ महिना

पन्छीहरूको मासु दानगर्दा – ५ महिना

सुगुरको मासु दानगर्दा – ६ महिना

चितुवा/हरिणको मासु दानगर्दा – ८ महिना

रूरू हरिणको मासु दानगर्दा – ९ महिना

नीलगाईको मासु दानगर्दा – १० महिना

कछुवाको मासु दानगर्दा – ११ महिना

गाईको दुध दानगर्दा – १ वर्ष

गैंडाको मासु दानगर्दा – अनन्तकाल

बाखाको मासु दानगर्दा – सदासर्वदा

पितृहरू आफ्नो वंशमा मह, घ्यू, दूधको व्यञ्जन बनाएर एकादशीका दिन दानगर्ने पुत्र जन्मोस् भन्ने चाहना गर्दछन् । श्राद्ध गर्दा शुक्लपक्षमा मध्याह्न अगाडि र कृष्णपक्षमा मध्याह्न पछाडि गर्नू-

शुक्लपक्षे तु पूर्वाह्ने श्राद्धं कुर्याद् यथाविधि,
कृष्णपक्षे पराह्णे तु रौहिणं वै न लङ्घयेत् - १९।४८/४९) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैगरी गयामा गएर पिण्डदान गरेको पुण्य पनि अक्षय हुन्छ। विद्वान्, षट्शास्त्री, षडङ्गवेद अध्ययन गरेको, शान्त ब्राह्मण, पुराण पढेको यज्ञकर्म र पितृकर्म गर्ने, योगमा विश्वास गर्ने, वृषभ दानगर्ने, भूमिदानगर्नेलाई श्राद्धका दिनमा बोलाउनु पर्छ। पुनर्विवाह गर्ने (पौनर्भव) लाई दिएको दान खरानी सरह हुन्छ। (भष्मनीव हुतं हव्यं दत्तं पौनर्भवे द्विजः - ३९)।

बृहस्पति भन्नुहुन्छ - श्राद्धमा चोर, क्रुर, कुराउटे, कानो, बहिरोलाई नबोलाउनु। कुकुर, ब्रह्महत्यारा, रजस्वला स्त्रीलाई नहेर्नू। राक्षसबाट मुक्तहुन तिल छर्कनू। मन वचन र कर्मले योगीलाई सम्मानगर्नू र कहिल्यै निन्दा नगर्नू। यसरी विधिसाथ श्राद्धगर्दा आयु, कीर्ति, ऐश्वर्य बढ्दछ।

यो श्राद्ध विधिलाई विशेषतः श्राद्धका दिनमा र पर्वका दिनमा सुने वा सुनाएमा मात्र पनि यस जन्ममा सन्तान, कीर्ति, ऐश्वर्य एवं पर जन्ममा देवलोक समेत प्राप्तहुन्छ।

टीप्पणी - शास्त्रहरू सार्वजनिन, सार्वभौम र सार्वकालिक हुन्छन्। श्राद्धमा दानगर्ने भनी बताइएका वस्तुहरू आ-आफ्ना कुल, परम्परा, वंश, प्रचलनका आधारमा गर्नसकिने र गर्नुपर्ने भएकाले पुराणमा उल्लेख भएको वस्तु-दान वाध्यात्मक नभएको बुझ्नुपर्ने देख्तछु/स्पष्ट गरेको छु।

२०. श्राद्ध-महत्व

योगी, देवता र पितृलाई ३ गणका रूपमा हेरिन्छ। पितृहरू प्रजापति पुत्र, महात्मा हुन् र देवताका पनि देवता हुन्।

योगी, देवता र पितृ मध्ये सबैभन्दा महत्वपूर्ण पितृ नै हुन्। देवकार्यभन्दा पितृकार्य महत्वपूर्ण हुन्छ। त्यसैले देवतालाईभन्दा पहिले पितृलाई सन्तुष्ट बनाउनु पर्छ-

देवकार्यादपि तथा पितृकार्यं विशिष्यते
देवतानां हि पितरः पूर्वमाप्यायनं स्मृताः -२०।७-८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितृलाई चाँदी वा चाँदीले मोरेको वस्तुले जल दिनुपर्छ। अपसव्यभई आफ्नो गोत्र र ३ पुस्ता उच्चारणगरेर दिएको पिण्ड आफ्नै पितृले पाउँदछन्। धेरै गाई भएको वथानमा बाछोले आमालाई चिने जस्तै मन्त्रबाट दिएको पिण्ड सम्वन्धित पितृले आफ्नै हो भनेर चिन्दछन् र पाउँदछन्। बृहस्पतिका छोरा शंयुले बाबु बृहस्पतिबाट पितृकल्पबारे सुनेपछि आफुले पनि सुने अनुसार गर्ने बताए। त्यसपछि बृहस्पतिले भन्नुभयो- मैले बताएको पितृ-चर्चा ऋषिहरूले सोधेको वेलामा कुनै वेला महर्षि अंगिराले मनुष्य सभामा गर्नुभएको थियो।

हे शंयु ! कुनै समयमा ब्रह्माजीले हजारौं वर्ष यज्ञगरेर धेरैलाई दीक्षित बनाइसकेपछि यो पितृचर्चा अनुसार पितृ सन्तुष्टिको लागि उत्तम अन्न दिनुभएको थियो।

संयुलाई बृहस्पतिले बताएको पितृकल्प वर्णन नै सूतले शौनकादिलाई बताइदिनु भएको हो।

२१. परशुराम पितामह-भृगु र और्वको दर्शनगर्न जानु, और्वले शिवको आराधना गर्ने सल्लाहदिनु

ऋषि वसिष्ठ भन्नुहुन्छ- अमित तेजस्वी जमदग्निले लामो समयसम्म तपस्यागरेर बिताउनुभयो। जमदग्नि तपस्यामा मग्न हुँदा शास्त्रज्ञाता, बुद्धिमान्, विनीतआत्मा, वेदवेदाङ्ग-तत्त्ववित् परशुरामले पिताको सेवा गरिरहनुभएको थियो। त्यसवेला परशुरामलाई पितामह ऋचीकलाई भेट्न मन लाग्यो। हजुरआमाले धेरै मायागर्ने पनि भएकाले परशुरामले पितासंग पितामह ऋचीक कहाँ जाने स्वीकृति माग्नुभयो। जमदग्निले स्वीकृति दिएपछि आमाबाबुलाई प्रदक्षिणागरेर परशुराम ऋचीक र सत्यवती (हजुरआमा) लाई भेट्न जानुभयो। पत्नी (सत्यवती) सहित भै यज्ञकुण्ड नजिक बसेर यज्ञ गरिरहेका ऋचीकले परशुरामलाई देखेर आश्चर्य र खुसी मान्नुभयो। दुवैतर्फबाट कुशलताका जिज्ञासा राख्ने र उत्तर पाउँने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

औपचारिकता निर्वाह भएपछि पितामह ऋचीकले नाती परशुरामलाई छातीमा टास्नुभयो । आश्रममा बस्दा परशुरामले पितामह र पितामहीको सेवा गर्नुभयो भने उनीहरूबाट प्रशस्त माया पनि पाउँनुभयो । केही दिन पितामहको आश्रममा वसेपछि परशुराम पितामह ऋचीकको अनुमति लिएर पितामहका गुरू और्वलाई भेट्न और्वको आश्रममा जानुभयो । त्यहाँपछि परशुराम च्यवन ऋषिको आश्रममा पनि जानुभयो । त्यसपछि उहाँ आफ्ना प्रपितामह भृगुको आश्रममा जानुभयो । भृगुको आश्रम अत्यन्त पवित्र देख्नुभयो । चेलाहरू पढिरहेका, गुरूले सिकाइरहनु भएको र पूर्ण रूपमा आश्रमधर्म पालन भैरहेको पनि देख्नुभयो । भृगुले परशुरामलाई कुशलादि प्रश्न सोध्नुभयो । परशुराम केहीदिन त्यहाँ बस्नु पनि भयो । बुढाहजूरबा भृगुले परशुरामलाई एकान्तमा बोलाएर तिमी सक्षम छौं । दैत्य नाशगर्न सक्छौं, त्यसको लागि हतियार प्राप्तगर्न हिमालमा गएर शिवको आराधना गर भनी शिवको तपस्यागर्न जाने सल्लाह दिनुभयो ।

२२. परशुराम तपस्यागर्न जानु

राजा सगरलाई वसिष्ठ भन्नुहुन्छ– जमदग्निको छोरा एवं भृगुका पनाति वीर परशुराम भृगुको सुझाव र निर्देशनअनुसार भगवान् शिवको तपस्यागर्न हिमालय पर्वततिर प्रस्थान गर्नुभयो । बाटोमा अनेक किसिमका नदी, पाखा, वनपर्वतहरू छिचोल्दै हिंड्नुभयो । परशुरामले बाटोमा हिंड्दैगर्दा ऋषिहरूका आश्रम र तीर्थहरूको पनि दर्शन गर्नुभयो । वनको स्वच्छ हावा, नानाथरीका जडिवुटी, वनौषधी, हिमालले पहाडलाई छोएको हो कि जस्ता दृष्य पनि हेर्दै जानुभयो । यी दृष्यहरूले परशुराम आश्चर्य र प्रसन्न बन्नुभयो । परशुरामले वराह सिंह लडिरहेका, भर्खर बच्चा जन्माएका हथिनीहरू आ-आफ्ना वच्चाको पछिपछि पिछा गरिरहेका, मयूरहरू नाचिरहेका, शरभले सिंहलाई पञ्जामा पारिरहेका पनि देख्नुभयो । परशुरामले विभिन्न किसिमका जंगली जनावरहरू, चराका आवाजले वनको शोभा झन् बढाएको अनुभव गर्नुभएको थियो । यस्तैमा वहाँ हिमालय पर्वतको फेदमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुग्नुभयो । हिमालय पर्वत वृक्ष, लताले बेरिएको जस्तो थियो । त्यस्तै हिमालय पर्वत अरू पर्वतलाई छाता ओढाएर बसेको जस्तो पनि देखिन्थ्यो । त्यसै पर्वतको एउटा भागमा परशुरामले ठूलो र स्वच्छ पानी भएको तलाउ देख्नुभयो र त्यसै तलाउको किनारमा बस्नथाल्नुभयो । मन वचन र कर्मले शिवलाई प्रसन्न बनाउँने उद्देश्यले उहाँप्रति समर्पित बनेर परशुराम प्राणायामद्वारा विचारलाई एकत्रित गरी सदासर्वदा शिवको चिन्तनगर्न थाल्नुभयो ।

२३. व्याधारूपी शिव र परशुराम संवाद

वसिष्ठ भन्नुहुन्छ - हे शंयु ! परशुराम अत्यन्त कठोर (गर्मीमा पञ्चाग्नि र शीतमा जल समाधि जस्ता विधिले) तपस्यागर्न थाल्नुभयो । कठोर तपस्यागर्न लागेका परशुरामको तपस्या हेर्न उहाँले तपस्या गरेको ठाउँमा धेरै ऋषिहरू पनि आउनुभयो । भृगु, अत्रि, क्रतु, जावालि, वामदेव, मृकण्डु आदि परशुरामको कल्याण चाहने ऋषि महर्षिहरू पनि तपस्या हेर्न आउनुभयो । स्वयं भगवान् शिवलाई पनि आफ्नै तपस्या गरेका परशुरामले गरेको तपस्या हेर्ने इच्छाभयो । परशुरामको तपस्या हेर्ने इच्छाअनुसार शिवले व्याधाको रूप लिनुभयो र परशुरामले तपस्या गरेको स्थानमा जानुभयो । व्याधारूपी भगवान् शिवले राजसी ठाँट देखाएर परशुरामको नजिक पुग्नुभयो । तपस्यामा दृढ वनेका परशुरामलाई व्याधारूपी भगवान्ले सोध्नुभयो– तिमी को हौ, कहाँबाट आयौ, अन्यत्रै जान लागेका हौ कि ? परशुरामले पनि व्याधाका प्रश्नको जवाफ दिँदै भन्नुभयो – म भृगुवंशमा उत्पन्न जमदग्निको छोरा परशुराम हूँ । अहिले म भगवान् शिवको आराधना गर्दैछु, उहाँकै दर्शनको लागि तपस्या गरिरहेको छु । मलाई वाधा नगर । हे व्याधा ! तिमी जहाँ जानु छ, जाऊ । पुनः व्याधारूपी शिव भन्नुहुन्छ– यो जंगल मेरो हो । मलाई जानकारी नगराई कोही पनि यहाँ वस्न सक्तैन । म त व्याधा हुँ । व्याधाको काम पशुहत्या गरेर परिवार पाल्ने हो । त्यो नै मेरो धर्म पनि हो । वरु तिमी बाबु आमालाई दुखित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाएर यहाँ आएकाछौं । शिवको तपस्या गरेको भन्छौ । शिव त ब्रह्म हत्यारा हुन् । ब्रह्माको एउटा शिर उनैले औंठाले काटिदिएका थिए । म तिम्रै हितको लागि भन्छु – त्यस्ता हत्यारा शिवको तपस्यागर्नु व्यर्थ छ। यसैले तिमी तपस्यागर्न छोड र फर्क ।

२४. परशुरामलाई शिवबाट परशुप्रदान

स्वयं भगवान् शिव व्याधाको रूपलिई परशुरामले तपस्या गरेको स्थानमा आएर शिवको विरूद्ध कुरा गरेपछि परशुराम भन्छन्– हे व्याधा ! तपाईं सामान्य रूपको व्याधा हो जस्तो मलाई लागेन । मीठो, गम्भीर र बुद्धिमत्तापूर्ण कुरागर्ने तपाईं व्याधाको रूपमा आउँनु भएको छ, तापनि तपाईं इन्द्र, वरूण, कुवेर, यम, ब्रह्मा वा मायावी विष्णु पनि हुन सक्नुहुन्छ। अथवा मलाई परीक्षा लिन स्वयं शंकरले नै व्यधाको रूप लिएर आएको पनि हुनसक्छ । तपाईं को हो ? मलाई यथार्थ बताइदिनुहोस् । यसरी परशुरामले भनेपछि आशुतोषी शिव प्रसन्न हुनुभयो र आफ्नो रूपको दर्शन दिनुभयो। भगवान्ले भन्नुभयो- बाबु परशुराम ! म तिम्रो तपस्याबाट अत्यन्त प्रसन्न भएको छु। तिमीले किन तपस्या गरेको मलाई थाहा छ। शत्रुलाई विजयगर्ने शक्ति भएका शस्त्रास्त्र राख्ने क्षमता तिमीसंग छैन। यसैले तिमी पहिले रूद्रको तपस्या गर । त्यसपछि सम्पूर्ण तीर्थ र पृथ्वीको परिक्रमागरी स्नान गरेपछि तिमीले आवश्यक शस्त्रास्त्र प्राप्त गर्नेछौ । त्यति भनेर शिव अन्तर्ध्यान हुनुभयो । परशुराम पनि भगवान् रूद्रको स्तुतिगर्न थाल्नुभयो ।

त्यसपछि परशुराम तीर्थयात्रामा विश्वभ्रमणगर्न निस्कनुभयो । विभिन्न तीर्थहरूमा पुगेर तीर्थस्नान र पितृतर्पण गर्नुभयो । भगवान् रूद्र (शिव) को दर्शन पूजन गर्दै केही कालपछि पूर्वस्थानमा आएर शिवको ध्यान र तपस्यागरेर बस्नथाल्नुभयो । यसैवीच दानवहरूले देवतामाथि विजयगरेर अमरावती हात लिए । इन्द्रादि देवताहरू परास्त भएर भागे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पराजित देवताहरू शिवको शरणमा गए। शिवले भन्नुभयो – हिमालयमा मेरो तपस्यागरेर परशुराम बसेका छन्, उनलाई यहाँ बोलाएर ल्याऊ। शिवाज्ञा पाएका इन्द्र वायु वेगले परशुरामले तपस्या गरेको ठाउँ हिमालयमा गए। परशुरामलाई भेटे र शिवले लिन पठाएको वृत्तान्त सुनाए। इन्द्र परशुरामलाई लिएर शिव समक्ष पुगे। शिवले परशुरामलाई भन्नुभयो– दानवलाई नाशगरेर देवताको इच्छा पुरागर्न सक्छौ, जाऊ। परशुरामले भने- त्यत्रा शक्तिशाली देवताले नसकेको काम शस्त्रास्त्र नभएर कसले गर्न सक्छ ? त्यसपछि शिवले परशुरामलाई वञ्चरो (परशु) दिनुभयो र भन्नुभयो– मैले यो वञ्चरो र शिवतेज पनि दिएको छु। भगवान् शिवबाट आशीर्वाद र परशु पाएपछि परशुराम देवताहरूलाई साथ लिएर दानवहरूसंग युद्धगर्न निस्किए। उनले विभिन्न देवकण्टक दानवहरूलाई पराजित गरेर अमरावती इन्द्रलाई फिर्ता दिलाए। त्यसपछि परशुराम पुनः आफ्नो आश्रममा गएर शिव-ध्यानगर्न थाले।

२५. परशुरामले शिवस्तुति गर्नु, वरदान प्राप्तगर्नु र ब्राह्मण बालक (अकृतव्रण)को रक्षागर्नु र घर फर्कनु

परशुरामले शिवध्यानको साथसाथै आश्रममा निम्न श्लोकहरूबाट शिवजीको सभक्ति स्तुति गर्नुभयो -

नमस्ते देवदेवेश नमस्ते परमेश्वर नमस्ते जगतो नाथ नमस्ते त्रिपुरान्तकः
नमस्ते सकलाध्यक्ष नमस्ते भक्तवत्सल, नमस्ते सर्वभूतेश नमस्ते वृषभध्वज
नमस्ते सकलाधीश नमस्ते करूणाकर, नमस्ते सकलावास नमस्ते नीललोहित

परशुरामले गरेको उल्लेखित (यो भन्दा लामो स्तुति छ) स्तुतिबाट शिव सन्तुष्ट हुनुभयो र वरदान माग भन्नुभयो। परशुरामले पनि 'हजूरको कृपाले संसारमा मलाई शस्त्रमा, शास्त्रमा र युद्धमा जित्ने कोही नहोस् भनेर मागे -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्त्रे शस्त्रे च शास्त्रे च नमत्तो ~ भ्यधिको भवेत्

लोकेषु मां रणे जेता न भवेत् त्वत् प्रसादतः- २५।३७

शिवजीले पनि परशुरामले गरेको स्तुतिबाट प्रसन्न भै 'तथास्तु' भन्नुभयो। साथै शस्त्रअस्त्र चलाउनु अघि जान्नुपर्ने ४ कुरा पनि सिकाउनु भयो-

क) त्यो शस्त्र सम्वन्धी सिद्धान्त

(ख) प्रयोग विधि

(ग) त्यो शस्त्रास्त्र वनाउने कला

(घ) नाशगर्ने विधि।

शिवले असंग वेग, शुभ्राश्व, सुध्वज र रथोत्तम वाणलाई धारणगर्नसक्ने तरकस र अक्षय वाण दिनुभयो। त्यस वाहेक पनि शिवले महाधन नामको कवच दिनुभयो।

त्यसपछि परशुरामले महोदर (इन्द्र) लाई बोलाएर भावी युद्धका विषयमा छलफल गरे। उनले शिवबाट प्राप्त शस्त्रास्त्रहरू काम फत्तेनहोउञ्जेल सुरक्षित राख्न र मैले भनेका वेलामा दिनू होला पनि भने। यति भनेर परशुराम आफ्ना गुरूजन, बन्धु बान्धवलाई भेटेर भावीकर्म बनाउन हिमालयको गहन वनमा प्रवेश गरे। हिमालको एउटा गुफामा बस्न जानलागेको अवस्थामा परशुरामले गुफामा एउटा ब्राह्मण बालकलाई वाघले खान ठिक्क पारेको र बालक आत्तिरहेको देखे। परशुरामले तत्कालै वाघको पिछा गरे। ज्यान वचाउने उद्देश्यले वालकलाई छोडेर वाघ भाग्यो। परशुरामले 'घाउ लाग्न नपाउँदैको अवस्था' (अकृतव्रण) मा बालकलाई बचाए। बालकले आफु शान्त नामक ब्राह्मणको छोरो, तीर्थयात्रामा वदरीकाश्रम समेत जान चाहेको, तर बाटो बिराएर जंगलमा पसेको, त्यसैवेलामा वाघले समातेको, सबै यथार्थ बतायो। त्यसवेला बालकले परशुरामलाई माता, पिता र गुरूको सम्मान र स्थान दियो र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सधैं परशुरामको पछि लाग्यो । त्यो वाघ परशुरामको ब्रह्मनाग्निरूपी अस्त्रले जल्यो र आकांशमा गन्धर्व भएर भन्यो– म ब्राह्मणको श्रापले वाघ भएको थिएँ । तपाईंले मुक्त गरिदिनुभयो ।

परशुरामले त्यसपछि पहिले च्यवनको र त्यसपछि और्व ऋषिको आश्रममा गएर सबै वृतान्त बताए । अन्तमा उनी ऋचीकको आश्रममा गए ! ऋचीकदम्पति धेरै कालपछि नाती परशुरामलाई देखेकाले खुसी भए । प्रसन्नताले भावविभोर भई कहाँ कहाँ गयौ ? तिमीसंग भएको वस्तु के हो ? सबै विस्तारमा भन भनी सोधे ।

२६. जमदग्निको आश्रममा कार्तवीर्य (कृतमन्त्रादिक) राजा पुग्नु

वसिष्ठ भन्नुहुन्छ- ऋचीक दम्पतिले नाती परशुरामलाई कहाँ गयौ, के के गऱ्यौ भनेर सोधे पछि परशुरामले पनि भृगु (बुढाहजुरबा) ऋषिको निर्देशन अनुसार शिवको तपस्या गरेको, तीर्थाटन गरेको, शिवबाट परशु प्राप्त गरेको, अकृतव्रणलाई प्राप्त गरी साथै ल्याएको, दानव विनाश गरेको र ती सबै कार्य सम्पन्नगरी घर फर्किएको बताए । जमदग्नि-दम्पत्ति छोराको वीरतापूर्ण सत्कार्यबाट प्रसन्न भए । त्यसपछि परशुराम पितामाताको सेवा गर्दै भाइहरूको सहयोग पाएर पितामातासंगै आश्रममा रहनथाले ।

त्यसैवीच हैहयवंशीय राजा कार्तवीर्य आफ्ना चतुरङ्गिणी सेना (सैन्य, रथ आदि) लिएर शिकार खेल्न नर्मदा नदीकिनारको जंगलतिर निस्किए । जंगल वड्ढो सुन्दर थियो । नानाथरी प्राणीको शिकार गरेर राजा दरवार फर्कनलाग्दा जमदग्निको आश्रममा पुगे । जमदग्नि र राजाको वीचमा कुशलादि प्रश्नोत्तर भएपछि त्यस रात आश्रममै बिताउन प्रस्ताव गरे । राजाले भने – हे वनवासी ऋषि ! म सँग सैन्य पनि छन् । यिनलाई खानपिनगर्न तपाईंलाई गाह्रो होला । समयमा खानपिनगर्न नपाएको अवस्थामा यिनीहरू आश्रम धर्म भन्दा बाहिर जालान् । अतः मलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दरवार फर्कन अनुमति दिनुहोस्। राजाको कुरा सुनेपछि ऋषिले एकछिन पर्खन अनुरोधगरी गाई (कामधेनु) लाई अभ्यागतहरूलाई स्वागतगर्ने व्यवस्था मिलाउन अनुरोध गरे। कामधेनुले पनि जमदग्निको आश्रमलाई राजा बस्न योग्य वनाई स्वागतका सम्पूर्ण सामग्रीले सुसज्जित बनाइ दिइन्। ऋषिको आश्रम साच्चै नै एउटा भव्य नगरको महल जस्तो बन्यो।

२७. राजा ससैन्य जमदग्निको आश्रममा वस्नु

जमदग्निको निर्देशन र कामधेनुको प्रताप अनुसार राजाको लागि बस्न योग्य (दरवार जस्तो) आवास तयार भयो। आवास भित्र खेल्ने स्थान, वैठकगर्ने ठाउँ, खाने पिउँने भित्रि-वाहिरी भान्छा, पारिवारिक सरसल्लाहगर्ने छुट्टा छुट्टै ठाउँ र खोपीहरू पनि वने। हात्तीका लागि हात्ती सार, घोडाको लागि तवेला, सैनिकहरूका लागि उपयुक्त व्यारेक सहितको राजयोग्य आवास तयार भएपछि जमदग्निले राजालाई अतिथिको रूपमा रहन खवर पठाए। खवर अनुसार ऋषिको पाहुना वनेर राजा कार्तवीर्य दरवारमा पसे। रत्नहरू, मणिहरू, स्फटिकहरू प्रयोग गरेर वनाएको आफ्नो दरवारभन्दा भव्य भवनहरू देख्ता राजा मनमनै चकित भए। उनले आफ्नो स्वागतको लागि भनेर तयार गरिएका सबै वस्तुहरू अत्यन्त व्यवस्थित र सुन्दर पनि देखे। आफ्नो आगमनको लागि भएको तयारी देखेर राजालाई आश्चर्य पनि लाग्यो। राजालाई जमदग्निले तत्काल वनाएको दरवार अत्यन्त मनपर्‍यो। त्यहीं बसिरहन पाएहुन्थ्यो भन्ने लाग्यो। यत्तिकैमा खाना आयो। खानामा पनि राजाले मधु, मांस, दूध, घ्यू आदि सबै कुरा पर्याप्त मात्रामा देखे। चाहे अनुसारको खाद्य सामग्रीको उपभोग गरेर भव्य भवनको आलिसान पलङमा राजा सुते।

२८. कार्तवीर्यका मन्त्रीले गौहरणगर्न खोज्नु

जमदग्निको आश्रममा सुतेका राजा कार्तवीर्य भोलिपल्ट विहान सूत मागधहरूको गान-वजान पछि बिउँझिए। उनले आफ्ना सबै नित्यकर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्रममै गरे । पूजापछि राजाले सूर्यलाई प्रणाम पनि गरे । यसपछि राजाले गुरू जमदग्नि, आश्रममा रहेका ऋषि, ब्राह्मणहरूको दर्शन गरे । जमदग्निले सोधे – हे राजा ! हजूर आज जंगलमा वनवासी कहाँ बस्नु भएको थियो । राती निद्रा पऱ्यो परेन ? कस्तो भयो ? राजा भन्छन्– हे ऋषिवर ! मलाई दरवारभन्दा पनि हजुरको आश्रम सुविधाजनक भयो, आनन्दसंग सुतें । तपाईंको आतिथ्य स्वीकार गरें । मेरा सैनिकहरू पनि प्रसन्न छन् । हे ऋषि ! अब मलाई घर (दरवार) जाने अनुमति दिनुहोस् । ऋषिले 'हुन्छ जानुहोस्' भने । त्यसपछि राजा दरवारतिर लागे । यसै वीच राजाको मनमा कामधेनुजस्तै गाई प्राप्तगर्ने इच्छा जाग्यो । यसैवीचमा राजाका मन्त्री चन्द्रगुप्त आएर भने– हे राजा ! दरवार जान किन हतारिनु हुन्छ ? दरवार आफैं सुरक्षित छ । तर कामधेनुजस्ती गाई पो हजुरले खोजिगर्नुपर्छ । कामधेनु नहुँदा हजूरको राज्यमा धेरै कुरा नभएको जस्तो प्रतीत हुन्छ । गाईको दाँजोमा हजुरको राज्यमा के छ ? त्यसैले हे राजा ! तपाईंले कामधेनु गाईलाई सके मागेर नभए पैसा तिरेर भएपनि लैजानु पर्छ । होइन भने हजुर तपस्यागर्न वनतिर गएहुन्छ । पुरोहित गर्गले ब्राह्मणको सम्पत्ति कुनै पनि अवस्थामा हरणगर्नु हुँदैन भनेको सुनेका भएपनि मन्त्रीको कुरा र आफ्नो इच्छा मिलेकाले राजा कार्तवीर्यले तिनै मन्त्री चन्द्रगुप्तलाई ऋषि कहाँबाट कामधेनु गाई लिन पठाए । चन्द्रगुप्त राजाज्ञा लिएर ऋषि समक्ष गए । मन्त्रीले परशुराम र आकृतव्रणलाई पनि आश्रममा देखे तर ऋषि समिधा खोज्न गएकाले केहीवेर प्रतिक्षा गरे । केही वेरपछि ऋषि फर्किए । मन्त्रीले भने– राजाले हजुरकहाँ भएको गाई लिन पठाएको हुँदा आएको हुँ । गाई दिनुहोस् । ऋषिले भने– यी गाई मेरो होम-धेनु हो, इन्द्र आए पनि दिन्न । त्यसपछि मन्त्रीले बल लगाउन परे पनि तयार भएको जनाउ दिएर गाई फुकाउनतिर लागे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९. हरणगरिएकी गाई आकाशतिर जानु, वाच्छालाई राजा समक्ष पुऱ्याउनु

जवर्जस्ती गाई फुकाउन लागेपछि ऋषिले भने- हे नीच मन्त्री ! बलपूर्वक मेरो गाई हरणगरेर पापगर्न लागेका छौ। यस्तो गऱ्यौ भने तिम्रो आयु र ज्ञान दुवै नाशिन्छ, यसैले यस्तो दुष्कर्म नगर। यस्तो कर्मले राजा पनि नाशिन्छन्। ऋषिले दुखमान्दा र अनुनय विनयगर्दा पनि नमानेर मन्त्री र उसका सैनिकले बलजफ्ती बाच्छो सहितकी गाईलाई दाम्लोबाट फुकाएर लैजान लागे। ऋषिले गाईको घाँटीमा समाते तर सैनिकको बलले ऋषिलाई लट्ठीले हिर्काएर पन्छायो र अगाडि बढ्यो। ऋषि भुईंमा लडे र मुर्छा परे। ऋषिका शरीरमा धेरै चोट पटक लाग्यो हड्डीहरू भाँचिए र ऋषि मरे। सैनिकहरूले जवर्जस्ती गरी बाँधिएकी गाई क्रोधित भइन्। एकैछिनमा गाई डोरी फुकालेर हुंकारगर्दै पुच्छर र खुरले हिर्काउँदै तत्काल आकाशतिर गइन्। मन्त्री र सैनिक बाछो मात्र लिएर राजा समक्ष गए। मन्त्रीले राजालाई घटनाको सबै वेलिविस्तार गरे।

३०. जमदग्निको पुनर्जीवन

पुरोहित गर्गले ब्राह्मणको सम्पत्ति (गाई) हरणगर्नु हुँदैन भन्दा भन्दै नटेरेर हरणगर्न पठाउँदा ब्राह्मण नै मरेको घटनाले राजालाई दुखित बनायो।

ऋषिको मृत्युपछि ऋषिपत्नी रेणुका छाती पिटीपिटी रून थालिन्। आफूलाई वारम्वार (२१ पटक) छातीमा हिर्काएर पतिसँगै सतीजान खोज्दा आकाशवाणी भयो। आकाशवाणीमा भनियो– हे रेणुका ! तिमी किन हतास हुन्छ्यौ। मरेपछि सबै कुरा सकिन्छ, वाँचेमा जे सुकै पनि प्राप्तहुन सक्छ। तिम्रो पति बाँच्ने छन्, चिन्ता नगर। आकाशवाणी हुँदाहुदै नै परशुरामले सुनेर आमाको पीडालाई कम गराउन २१ पटक पृथ्वी घुमेर सबै क्षत्रियलाई मारिदिने वचनवद्धता सुनाए। उनले आमालाई चिन्ता नगर्न सान्त्वना दिए। छोराको सान्त्वना र आकाशवाणीका शब्दले रेणुका पनि खुसी भइन्। उनले मर्ने विचार त्यागिन्। जमदग्निको मृत शरीर आश्रममा राखियो। आकाशवाणीका शब्द संझिएर कुनवेला ऋषि उठ्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने प्रतिक्षा हुनथाल्यो । यसैवीच अकस्मात् भृगु ऋषि घुम्दैघुम्दै त्यहीं आइपुग्नुभयो । सबै घटना थाहा पाएपछि भृगुले मृतसञ्जीवनी विद्या प्रयोग गरेर जलसेचन गर्नुभयो । ऋषिको मन्त्रबलले जमदग्नि उठे । सबै खुसी भए । जमदग्निले सोधे– हे पिता भृगु ! मैले राजा (कार्तविर्य) लाई पाहुनाको रूपमा शुद्ध मनले सेवा गरेको थिएँ, तर राजाले मलाई दुष्टमनले हेरे । किन यस्तो भएको ? भृगुले भन्नुभयो– कार्तवीर्यलाई वसिष्ठको श्राप परेको थियो । श्रापअनुसार ब्राह्मणमाथि अपराध भएपछि उनको नाश हुने छ । अब परशुरामले निःक्षत्रिय वनाउने प्रतिज्ञा गरेबाट उनको नाश अवश्यम्भावी छ । यति भनेर भृगु आएकै बाटो फर्कनुभयो ।

३१. परशुरामको प्रतिज्ञा पुरागर्न ब्रह्माले शिव समक्ष जाने सल्लाहदिनु

राजा सगर वसिष्ठसँग सोध्छन्– क्रुद्ध भएका परशुरामले त्यसपछि के गरे ? वसिष्ठ भन्छन् – परशुराम शत्रुसाधनगर्न आतुर थिए । तत्काल उनीले ऋषिहरूलाई भने- मेरा पिता जमदग्निलाई मार्ने कार्तवीय लगायतका सबै क्षत्रिय राजाहरूलाई मार्छु र निःक्षेत्रीय पृथ्वी बनाउँछु । त्यसको निमित्त प्रस्थानगर्ने अनुमति दिनुहोस्-

श्रृण्वन्तु ऋषयः सर्वे रिन्द्राद्यैर्दानवै स्तथा,
कार्तवीर्य निहत्याजौ पितुर्वैरं प्रसाधये -३१।५

त्यसवेला पुनःजीवित जमदग्निले भने- ब्राह्मण भएकाले हामीले मार्ने कुरागर्न हुँदैन । क्षमा दिनुपर्छ । शम, दम, क्षमा, इन्द्रिय दमन गर्नुपर्छ । यो नै सनातन धर्म हो, यसको सबैले पालन गर्नुपर्छ । मेरो सुझाव यै हो । मैले भनेको नमाने तिमी ब्रह्माजीलाई सोध, उहाँले जे भन्नुहुन्छ त्यै गर -

श्रृणु राममहाभाग वचो मम समाहित,
करिष्यसि यथाभावि तथा नैवान्यथाभवेत्
इतो व्रजत्वं ब्रह्माणं पृच्छ तात हिताहितम्,
स यद् वदिष्यति विभु स्तत्कर्ता नात्र संशयः -३१।१८-१९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिताजीको वचनअनुसार क्षमादिने कुरामा परशुराम सहमत भएनन् र ब्रह्मा समक्ष गए । ब्रह्माले भन्नुभयो– तिमीले एउटा राजाको गल्ती र आफ्ना बाबुको वैरभावलाई लिएर सबै क्षत्रिय नाशगर्ने प्रतिज्ञा गरेछौं । मैले वडो दुखले गरेको यो सृष्टि हो । त्यसमाथि, कति राजाहरूलाई स्वयं शिवले संरक्षण दिनुभएकाले कार्तवीर्य लगायतका राजा (क्षत्रिय) लाई मार्नुअघि शिवलाई सोध । शिव खुसी हुनुभयो भने तिमीले त्रैलोक्य विजयी कवच र पाशुपतास्त्र पनि प्राप्तगर्नेछौं ।

३२. परशुराम निःक्षेत्रीय पृथ्वी वनाएर फर्कनु

परशुराम ब्रह्माजीको सुझाव अनुसार कैलाश गए । कैलाश अत्यन्त सुन्दर देखे । दुईवटा द्वारपालको अनुमति लिएर उनी भित्र गए। पार्वतीलाई काखमा, कन्द कुमारलाई वाँया, गणेशलाई दायाँ वसाली नन्दी– महांकाल – वीरभद्रहरूलाई अगाडि राखेर बस्नु भएका शिवलाई परशुरामले देखे। त्यसवेला शिवले त्रिशूल लिनुभएको थियो भने व्याघ्रचर्मको वस्त्र, नागलाई यज्ञोपवीत जस्तै गरेर कण्ठमा धारणगरी शरीरभर भष्म घस्नु भएको थियो। शिवले तिमी को हौ किन आयौ, भने पछि परशुरामले आफ्नो परिचय दिए र शिर झुकाएर आउँनको कारण बताउदै कार्तवीर्य राजाले निरपराधी पिता जमदग्निलाई हत्यागरेर पनि कुनै प्रायश्चित्त गरेनन् । यद्यपि भृगुले मेरा पितालाई जीवित बनाइदिनुभयो । तर त्यो भन्दा अगाडि मेरा पिता मरेको र आमाले रोइरहेको वेलामा मैले सबै क्षत्रिय राजालाई मार्ने प्रतिज्ञा गरें । मेरो प्रतिज्ञा पुरागर्ने शक्तिप्रदानगर्न अनुरोध गर्दछु। पार्वती परशुरामको अन्तर्हृदयको आर्तनाद सुनेर अचम्म मान्दै हतियार केही नहुँदा पनि त्यस्तो कडा प्रतिज्ञा गरेकोमा खुसी हुनुभयो। शिवले पनि परशुरामप्रति अनुग्रहित भएर आफ्नो छोरो कार्तिकेयकै स्थान पाउँने बताउनुभयो र त्रिलोक विजयी कवच, नागपास, ब्राह्मास्त्र, गदा, परशु र ती साधनलाई प्रयोगगर्ने क्षमता पनि दिनुभयो । परशुराम खुसी भए, सबै शस्त्रास्त्र लिए र शिव पार्वतीलाई प्रदक्षिणा गरेर फर्किए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि उनी पुष्कर क्षेत्रमा पुगे । त्यहाँ शिवबाट शक्तिस्वरूप प्राप्त भएका सबै शास्त्रास्त्रको परीक्षण गरे । त्यसपछि परशुरामले २१ पटक पृथ्वी भ्रमण गरी सबै क्षेत्रीय राजाहरूलाई मारेर आश्रम फर्किए ।

३३. त्रिलोकविजयी कवच वर्णन

राजा सगरले त्रिलोकविजयी कवचको बारेमा जान्न चाहेपछि वसिष्ठ भन्दछन्– भगवान् शिवबाट परशुरामलाई प्राप्तभएको कवच अद्भूत छ । कवचको प्रयोगगर्दा 'गोपीजनवल्लभाय' भन्नू । कवचको मन्त्र सदाशिव, पंक्ति छन्द, देवता कृष्ण, विनियोग सर्ववस्तु प्राप्ति हो । 'प्रणवो मे शिरः पातु श्रीकृष्णया नमः' भन्नू । स्वाहा शब्द अन्तमा उच्चारण गर्नुपर्ने यो कवच प्रयोग गर्दा 'प्रणवो मे शिरः पातु श्रीकृष्णाय नमः सदा, पायात् कपालं कृष्णाय स्वाहा इति सततं मम'– मन्त्र पढ्नु । 'क्लीं कृष्णाय नमः' इत्यादि भनेर न्यासगर्नु र आफ्ना शरीरका विभिन्न अंगहरूको सुरक्षाको निमित्त छुट्टाछुट्टै मन्त्रले न्यासगर्नु । ओंकार स्वरूप हे प्रभु ! मेरो शिरको रक्षा गरिदिनुहोस्, भगवान् कृष्णलाई म प्रणाम गर्दछु, भन्नू । यस्तै मेरो कपालको, नेत्रको, भ्रूलताको, रक्षा गरिदिनुहोस् भन्दै गण्डस्थल, कान, अधर, दन्तपक्ति आदिको पनि रक्षाको कामनागर्नु । नैऋत्यमा कृष्णले, पश्चिममा हरिले, वायव्यया गोविन्दले, उत्तरमा रसिकेश्वरले, इशानमा वृन्दावनविहारकृतले रक्षागर्नुहोस् भनेर शरीरका विभिन्न भागको रक्षाको कामनागर्नु ।

'श्रीकृष्णाय नमः पातु नित्यं मे ऽधर युग्मकम्, ॐ गोपीशाय स्वाहेतिदन्तपक्तिं ममावतु' लगायतका २० वटा मन्त्र (श्लोक)ले आफ्नो शरीरको र शत्रुविजयको कामनागर्नू ।

यो कवच प्राप्तगर्न हजारौं राजसूय र सैयौं वाजपेय यज्ञ वा करोडौं वर्षको तपस्याले पनि कठिन हुन्छ । जस्तोसुकै आपत्ति आएपनि कवच अरूलाई दिनु हुँदैन । यो कवच प्राप्तगर्नेले चक्रवर्ती राजा बन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउँदछ। यो सबै ज्ञान भगवान् शिवले आफ्नो परमभक्त परशुरामलाई दिनुभएको थियो।

वसिष्ठले राजा सगरलाई भन्नुभयो- शिवले परशुरामलाई दिनुभएको त्रैलोक्यविजयी कवच-ज्ञान मैले तपाईंलाई बताएँ। यो कवच १० लाख पटक जप गरेमा सिद्धि प्राप्त हुनेछ। यो कवच-ज्ञान राज्य नै दिनु परेपनि अरूलाई नदिनू। यो कवचले गर्दा तपाईं चक्रवर्ती राजा हुनुहुनेछ।

३४. मृग–मृगी सम्वाद, कृष्णप्रेमामृत स्तोत्रबाट परशुरामले उद्देश्य पुरागर्नु

भगवान् शिवबाट चक्रवर्ती बन्न सक्ने त्रिलोकविजयी कवच प्राप्त गरेपछि कवचबाट सिद्धि प्राप्तगर्न परशुराम पुष्कर क्षेत्रमा बसेका थिए। त्यसवेला उनी अकृतव्रणको सहायता लिएर कवच प्रयोगगर्ने मन्त्र सिद्धिगर्न तल्लीन थिए। एकदिन परशुराम नुहाउँन गएको वेलामा पुष्कर स्नानगर्ने तलाउको किनारमा व्याधाले लखेटिएका १ जोडी मृग मृगी आए र पानी पिए। पानी पिउँदा आत्तिएका ती मृग मृगीको स्थिति देखेर परशुरामलाई किन यिनीहरू आत्तिरहेका छन् भन्ने लाग्यो। त्यसैवीच मृगीले मृगलाई भनी – हे मृग ! अब हामी यै वसौं। यहाँ परशुराम बसेका छन्। उनी वीर छन्। उनको अगाडि व्याधा आउँन सक्तैन। त्यत्तिकैमा व्याधा उनीहरूलाई लखेट्दै आयो, तर परशुरामलाई देखेर डरायो र ओझेल परेर वस्यो। मृगीको प्रस्तावमा मृग भन्छ – ठीक भन्यौ। परशुराम अत्यन्त शूरवीर छन्। मन्त्रसिद्धिको लागि यहाँ बसेका छन्। तर तिमीलाई थाहा छ ? भक्ति ३ किसिमको हुन्छ उत्तम, मध्यम र अधम। शिव, नारद, शुकदेव, अम्बरीष, रन्तीदेव, वलि, विभीषण, प्रल्हाद आदिले गरेको भक्ति उत्तम हो। वसिष्ठ, मनु आदिले गरेको भक्ति मध्यम हो, परशुरामलेगर्ने भक्ति पनि मध्यम हो। यद्यपि परशुराम अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह जस्ता नियममा वसेका छन्। त्रैलोक्यविजयी कवचको सिद्धिको लागि उनी गोपीकाधीश भगवान्को भक्ति गरिरहेका छन्। त्यसले मात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुग्दैन । मृगको कुरा सुनेर मृगीले कृष्णभक्त परशुरामले अब के गर्नुपर्छ त ? सोधी । मृगीले सोद्धा मृग पुनः भन्छ– महर्षि अगस्त्यको कृपा प्राप्तगरेर श्रीकृष्ण प्रेमामृत स्तोत्र पाठ गर्नुपर्छ, त्यसपछि मात्र कवचबाट सिद्धि पाएर पृथ्वीलाई निःक्षत्रीय बनाउन सक्तछन् । मृगले मृगीलाई सुनाएको यो वर्णन परशुरामले सुनिरहेका थिए । त्यसपछि मृगको भनाइअनुसार परशुरामले अगस्त्यबाट श्रीकृष्ण प्रेमामृत स्तोत्र प्राप्त गरी त्यसै स्तोत्रका माध्यमबाट शक्ति प्राप्त गरेर पृथ्वीलाई निःक्षत्रीय बनाउने आफ्नो उद्देश्य पुरा गरेका थिए ।

३५. परशुराम अगस्त्यको आश्रममा जानु

मृग–मृगी सम्वाद भैरहेको अवस्थामा मृगीले पुनः सोधी– हजुरलाई यति धेरै ज्ञान छ । भन्नुहोस् हामी किन र कसरी मृगी र मृग भयौं ? मृगीको जिज्ञासा सुनेर मृग भन्छ– हेर, सबैले कर्मको फल भोग्नै पर्दछ । अघिल्लो जन्ममा म कौशिक्त गोत्री शिवदत्तका ४ छोरा राम, धर्म, पृथु र सुरि मध्ये कान्छो (सुरि) थिएँ । हामी चारै भाइ वेद पढ्थ्यौं, मर्यादामा बसेका थियौं । हामी एक दिन समिधालिन र नुहाउन भनेर गएका थियौं । त्यसैवेला एउटा अग्लो छाँगोबाट बगेकी नदीमा नुहाएर आश्रमतिर उक्लदै गर्दा पानी पिउँन आएकी एउटी मृगीलाई वाघले खाइदियो । त्यो देखेर म डराएँ र भाग्न खोज्दा अग्लो ढुङ्गाबाट खसेर मरें । वाघले खाएकी मृगी तिमी हौ भने खसेर मर्ने म (मृग) हुँ । त्यो वाघलाई पनि सिंहले मारिदिएको थियो । त्यो वाघ नै हामीलाई लखेट्ने व्याधा हो ।

मृगी र मृगको कुरा सुनिसकेर परशुराम अगस्त्य ऋषिको आश्रमतिर लागे । परशुरामले थाहा नपाउने गरी अगस्त्यले परशुरामलाई दिने ज्ञान सुन्ने इच्छाले मृग र मृगी पनि परशुरामकै पछि लागे । सिंहको आक्रणमा परेको व्याधा(पहिलेको हत्यारो वाघ) को मृत शरीर बाटो मै थियो । अगस्त्यको आश्रम अत्यन्त सुन्दर थियो । आश्रमको वरिपरि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नानाकिसिमका वृक्ष, फलफूल, लहरा, नदी, पर्वत पनि थिए । त्यस्तो सुन्दर आश्रममा पुगेर परशुरामले महर्षि अगस्त्यलाई भेटे, दर्शन गरे र मृग-मृगीको संवादको अर्थ र त्रैलोक्यविजयी कवच सिद्धिको उपायबारे सोधेर आगमनको कारण बताए । परशुरामको कुरा सुनेर अगस्त्य ऋषि एकछिन ध्यानमग्न हुनुभयो । अगस्त्यले परशुरामको पछिपछि आएका मृग–मृगीका सम्बन्धमा पनि सबै कुरा थाहा पाएर परशुरामलाई सान्त्वना दिँदै भन्न लाग्नुभयो ।

३६. कृष्ण प्रेमामृत स्तोत्र

अगस्त्य भन्नुहुन्छ– हे परशुराम सिद्धि चाहनेले कृष्ण प्रेमामृत स्तोत्र पाठ गर्नुपर्छ । १०८ नाम भएको भगवान्को यो स्तोत्र अरू वेलाको हजारौं नाम लिदाको पुण्यदिने स्तोत्र बराबर छ । मैले यो स्तोत्र अनन्त नागलाई दर्शनगर्न पाताल गएको समयमा सुनेको थिएँ । त्यहाँ सनकादि ऋषिहरू, नारद, गौतम, जाजलि, क्रतु, ऋभु, हंस, अरूणि, वाल्मीकि आदि पनि बस्नुभएको थियो । त्यसवेला धराले शेष नागसंग यो स्तोत्रबारे सोध्नुभएको थियो । शेषले भन्नुभयो - हे धरणी ! भगवान् वासुदेवको नामले मुक्ति मिल्दछ । यस स्तोत्रमा हरिका १०८ नाम छन् । यी १०८ नाम मन्त्रको ऋषि म शेषनाग नै हूँ । छन्द अनुष्टुव र देवता श्रीकृष्ण हो ।

श्रीकृष्णका १०८ नाम

१. श्रीकृष्ण २. कमलानाथ ३. वासुदेव, ४. सनातन ५. वसुदेवात्मज ६. पुण्य ७. लीलामानसविग्रह ८. श्रीवत्सकौस्तुभधर ९. यशोदावत्सल १०. हरि ११. चतुर्भुजातचक्रासिगदाशंखाद्युदायुध १२. देवकीनन्दन १३. श्रीश १४. नन्दगोपप्रियात्मज १५.यमुनावेगसंहारी १६. बलभद्रप्रियानुज १७. पूतनाजीवितहर १८. शकटासुरभञ्जन १९. नन्दव्रजजनानन्दी २०. सच्चिदानन्दविग्रह २१. नवनीतविलिप्ताङ्ग २२. नवनीतनट २३. नवनीतलवाहारी २४. मुचुकुन्दप्रसादकृत् २५. षोडशीस्त्री सहस्रेश,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६. त्रिभंगी २७. मधुराकृति, २८. शुकवागमृताब्धीन्दु, २९. गोविन्द, ३०. गोविदांपति, ३१. वत्सपालनसंचारी, ३२. धेनुकासुरमर्दन, ३३. तृणीकृतभञ्जनतृणावर्तभञ्जन, ३४. यमलार्जुनभञ्जन, ३५. उत्तालतालभेत्ता, ३६. श्यामलाकृति, ३७. गोपगोपीश्वर, ३८. योगी, ३९. सूर्यकोटिसमप्रभ, ४०. इलापति, ४१. परंज्योति, ४२. यादवेन्द्र, ४३. यदूद्वह, ४४. वनमालि, ४५. पीतवासा, ४६. पारिजातापहारक, ४७. गोवर्धनाचलोद्धर्ता, ४८. गोपाल, ४९. सर्वपालक, ५०. अज, ५१. निरञ्जन, ५२. कामजनक, ५३. कंजलोचन, ५४. मधुहारा, ५५. मथुरानाथ, ५६. द्वारकानाथ, ५७. वलि, ५८. वृन्दावनान्तसंचारी, ५९. तुलसीदामभूषण, ६०. स्यमन्तकमणेर्हर्ता, ६१. नरनारायणात्मक, ६२. कुब्जाकृष्टांवरधर, ६३. मायी, ६४. परमपुरूष, ६५. मुष्टिकासुरचाणुर मल्लयुद्धविशारद, ६६. संसारवैरी, ६७. कंसारि, ६८. मुरारि, ६९. नरकान्तक, ७०. अनादिब्रह्मचारी, ७१. कृष्णाव्यसनकर्षक, ७२. शिशुपालशिरच्छेत्ता, ७३. दुर्योधनकुलान्तकृत्, ७४. विदुराक्रूरवरद, ७५. विश्वरूपप्रदर्शक, ७६. सत्यवाक्यसत्यसंकल्प, ७७. सत्यभामारत, ७८. जयी, ७९. सुभद्रापूर्वज, ८०. विष्णु, ८१. भीष्ममुक्तिप्रदायक, ८२. जगद्गुरू, ८३. जगन्नाथ, ८४. वेणुवाद्यविशारद, ८५. वृषभासुर विध्वंशी, ८६. वकारि, ८७. वाणवाहुकृत्, ८८. युधिष्ठिरप्रतिष्ठाता, ८९. वर्हिवर्हावतंसक, ९०. पार्थसारथि, ९१. अव्यक्त, ९२. गीतामृतमहोदधि, ९३. कालीयफणिमाणिक्यरञ्जित, ९४. श्रीपदांवुज, ९५. दामोदर, ९६. यज्ञभोक्ता, ९७. दानवेन्द्रविनाशन, ९८. नारायण, ९९. परंब्रह्म, १००. पन्नगासनवाहन, १०१. जलक्रीडासमासक्त, १०२. गोपीवस्त्रापहारक, १०३. पुण्यश्लोकस्तीर्थपाद, १०४. वेदवेद्य, १०५. दयानिधि, १०६. सर्वतीर्थात्मक, १०७. सर्वग्रहरूपी, १०८. परात्पर ।

शेषले भन्नुभयो- यी नामहरू मैले कृष्ण र कृष्ण भक्तहरूबाट सुनेको थिएँ । सबै किसिमका जप, तीर्थ, व्रतभन्दा पनि महत्वको यो १०८ नाम स्तोत्रले सर्वसिद्धि प्रदान गर्दछ । यो स्तोत्र शेष नागबाट सुनिसकेपछि सनकादि मुनिहरू पनि समाधिस्थ जस्तै बनेर शेषको स्तुतिगर्न लागे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसिष्ठले भन्नुभयो- हे राजा सगर ! शेषले यो स्तोत्र सुनाउने वित्तिकै स्वर्गबाट अत्यन्त सुन्दर यान आयो । मृगका दम्पति पनि महर्षि अगस्त्यलाई प्रणाम गरेर सबैले हेर्दाहेर्दै यानमा वसी स्वर्ग गएका थिए ।

३७. परशुरामले कृष्णप्रेमामृत स्तोत्र पाठगर्नु, कृष्णले वरदानदिनु

वसिष्ठ भन्नुहुन्छ- हे राजन् (सगर) ! शेषनागबाट कृष्णप्रेमामृत स्तोत्र सुन्ने वित्तिकै त्यहाँ बस्नुभएका सनकादि मुनिहरू र सबै जना श्रोताहरू विष्णुलोक गएको आफैंले देखेको कुरा परशुरामले आश्चर्य मान्दै अगस्त्यलाई बताउँनुभयो । त्यसवेला अगस्त्य ऋषिले परशुरामलाई भगवान्को पदचिह्न रहेको र त्यहींबाट गंगा उत्पन्न भएको, वलिलाई नियन्त्रणगर्न तीन पाइला जमिन दानमागेर ब्रह्माण्ड सबै ढाकेको बताउँदै भगवान्को पदचिन्ह भएको त्यसै स्थानमा गएर एक महिना विधिसाथ कृष्णप्रेमामृत स्तोत्र पाठगर्न निर्देश गर्नुभयो । परशुरामले पनि अगस्त्यले भन्नुभए अनुसार कृष्णप्रेमामृत स्तोत्र पाठ गर्नुभएको थियो ।

परशुरामले गरेको स्तोत्रबाट भगवान् कृष्ण खुसी हुनुभयो र शिवबाट प्राप्त सबै शस्त्रास्त्रबाट सिद्धि प्राप्तहुने वरदान दिनुभयो । त्यसपछि भगवान्ले भन्नुभयो– म २४ औं त्रेतायुगमा दशरथको छोरा राम भएर जन्मनेछु, कौशल्या मातालाई प्रसन्न बनाउँनेछु, विश्वामित्रको यज्ञ रक्षा गर्नेछु, विदेहराज जनकको छोरी सीतालाई विवाह गर्नेछु, त्यसवेला तिमीमा भएको अहङ्कार युक्त तेजलाई नष्ट गरिदिनेछु । यति भनेर कृष्ण हेर्दाहेर्दैमा अन्तर्ध्यान हुनुभयो ।

३८. मत्स्यराज मंगलवध

भगवान् कृष्ण (विष्णु) बाट आशीर्वाद र वरदान पाउँने वित्तिकै परशुराम बलेको आगो जत्तिकै तेजिलो वनेर अकृतव्रणको साथमा माहिष्मतीनगरतिर लाग्नुभयो । माहिष्मतीनगर भएर यमुना बग्ने त्यसै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थानमा शंकर भगवान्‌ले त्रिपुरासुरको वधगर्न प्रयत्न गर्नुभएको थियो । परशुरामले तिनै नर्मदा नदीलाई प्रणाम गर्नुभयो र मत्स्यराजलाई वधगर्ने वरदान दिन आग्रह गर्नुभयो । त्यसपछि परशुरामले त्यहींबाट राजा कार्तवीर्यलाई युद्धको लागि तयारहुनु भनेर खबरदिन दूत पठाउनुभयो । परशुरामले दूतलाई भन्नुभयो- जमदग्निको वधगर्नेलाई वधगर्न उनैका छोरा युद्धगर्न आइरहेको खवर दिन आएको हूँ भन्नू । धर्मअनुसार दूत कसैबाट पनि वध्य हुँदैनन्, न डराउँनू । दूतले कार्तवीर्यलाई परशुरामको खवर दिएपछि कार्तवीर्यले पनि दत्तात्रेयले दिनुभएको शक्तिले मसंग युद्धगर्न आउँनेलाई बाँधेर ल्याउने छु भन्ने खवर परशुरामलाई दिनू, भनेर पठाए । युद्धको लागि आमन्त्रण पाएपछि राजा पनि आवश्यक सबै (सेनापति, रथ, घोडा, पदाति, रसद पानी आदि) तयारी गरेर र युद्धगर्न निस्किए । त्यसैवेला राजाले कपास, कछुवा, तेल, नूनजस्ता अपसकुनहरू देखे -

रोगिणं पुल्कसं चैव वृषं च श्येनभल्लुकौ,

दृष्ट्वापि प्रययौ योद्धुं कालपाशावृतो हठात् -३८।३४

तर पनि, कालले कुत्कुत्याएका राजा युद्धगर्न थाले । परशुराम र राजा कार्तववीर्य दुवैका बीच घनघोर युद्धभयो । युद्धमा दुवै पक्षबाट एक पछि अर्को शस्त्रास्त्रको प्रयोगभयो । अन्तमा परशुरामले नारायणस्त्र प्रयोग गर्नुभयो । त्यसका साथै राजाको रथ र सारथि पनि ध्वस्त बनाउनुभयो । अन्ततः परशुरामले मत्स्यराज मंगललाई नारायणास्त्र प्रयोगगरेर मार्नुभयो । मंगल ढलेपछि मंगलध्वनिहरू वज्न थाले । परशुराम आफ्ना बाबुलाई मार्ने शत्रुवीरहरूको वधगर्न सकेकोमा हर्षित हुनुभयो ।

३९. परशुरामले भद्रकालीको स्तुतिगर्नु, सुचन्द्रको वधगर्नु

मत्स्यराज मंगल मरेपछि पनि उसका अनुकरणकर्ता बृहद्‌बल, सोमदत्त, विदर्भ, मिथिलेश्वर, निषाधिपति, मगध आदि धेरै राजाहरू परशुराम सँग युद्धगर्न आए । परशुरामले ती सबैलाई पनि वध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिदिनुभयो। त्यसै वीचमा सूर्यवंशी राजा सुचन्द्र परशुरामसंग लडाईंगर्न आए। सुचन्द्रसँग परशुरामको घमासान युद्धभयो। सामान्य हात हतियारले सुचन्द्रलाई वधगर्न नसकेपछि परशुरामले नारायणास्त्र प्रयोग गर्नुभयो। सुचन्द्रले पनि आफुतिर आएको नारायणास्त्रलाई प्रणाम गरेर निष्प्रभावी वनाए। त्यसपछि परशुरामले शिवशूल प्रहार गर्नुभयो। शिवशूल पनि राजा सुचन्द्रको गलामा माला वनेर बस्यो। परशुराम आश्चर्य मानेर अब के उपाय गरौं ? भनेर सोचिरहनु भएको बेलामा सामुन्नेमा भगवती देवीलाई देख्नुभयो र निम्न मन्त्रहरूले भगवतीको स्तुति गर्नुभयो-

नमोस्तुते शकरवल्भायै जगत्सवित्र्यै समलंकृतायै, नानाविभूषाभिरिभारिगायै प्रपन्नरक्षाविहितोद्यमायै दक्षप्रसूत्यैहिमवद्भवायै महेश्वरार्द्धाङ्गसमास्थितायै (३५-३६)

इत्यादि धेरै शब्द पुष्पले परशुरामले गरेको स्तुतिबाट प्रसन्न भएकी देवीले वरदान माग भन्नुभयो। परशुरामले सुचन्द्रलाई मारेर आफ्नो प्रतिज्ञा पुरागर्न सकौं भनेर माग्नुभयो। देवीले 'आग्नेयास्त्र प्रयोग गरेर उसलाई मेरो लोकमा पठाऊ म उसलाई पार्षद बनाउँछु' भन्नुभयो। परशुरामले आग्नेयास्त्र प्रयोग गरेर सुचन्द्रको वध गर्नुभयो। देवी अन्तर्ध्यान हुनुभयो। सुचन्द्रको वध गरेपछि पनि परशुराम अरू राजाहरूको वधगर्ने उद्देश्यले रणभूमि नै रहनु भयो।

४०. कार्तवीर्यार्जुन लगायतका राजाहरूको वध

पराक्रमी राजा सुचन्द्र मरेपछि उनी पक्षका पुष्कराक्ष लगायतका वीरहरू परशुरामसंग युद्धगर्न आए। उनीहरूले परशुरामको हृदय, शिर, दुवै भुजा र शिखामा प्रहार गरेर स्तम्भित गरिदिए। परशुरामले ती सबैलाई पनि आवश्यकताअनुसार वारूणास्त्र, वायव्यास्त्र हानेर पराजित गरिदिनुभयो। त्यसपछि महापराक्रमी कार्तवीर्यार्जुन सुनको रथमा वसेर ससैन्य युद्धगर्न आए। कार्तवीर्यले आफ्ना वीर १०० छोराहरूलाई पनि परशुरामलाई मार्ने उद्देश्यले युद्धभूमिमा ल्याएका थिए। दत्तात्रेयका भक्त कार्तवीर्याजुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यमराज जतिकै बलिया थिए । कार्तवीर्य यमराजको समान बल प्रयोग गरेर युद्धगर्न थाले । उनले परशुरामलाई पाँच सय वाण एकैपटक प्रहार गरे । त्यसपछि कार्तवीर्यले ब्रह्मास्त्रको संधान गरे । परशुरामले पनि ब्रह्मास्त्रकै प्रहार गर्नुभयो । ब्रह्मास्त्र आकाशमा गएर बल्न थाल्यो । संसार भष्म हुने त्रास पैदा भयो । त्यसवेला संसारको रक्षा गर्नुपर्छ भन्ने ठानेर परशुरामले शिवजीलाई संझनुभयो । तत्काल ब्रह्मास्त्रलाई आफैले आँखाले निल्नलाग्दा निस्तेज भयो र भुइँमा खस्यो । कार्तवीर्यार्जुनदेखि रावण पनि डराउँथ्यो । उनलाई भगवान्‌को अंश प्राप्त थियो । त्यसबेला कार्तवीर्यले उनै अंशशाली दत्तात्रेयको स्मरण गरे, तर कार्तवीर्यको धर्म सकिएको र अधर्मको भोग गर्नुपर्ने समय आएकाले दत्तात्रेयबाट शक्ति प्राप्त भएन, फलतः राजा कमजोर हुँदै गए । त्यसैबेला परशुरामले उनलाई 'कर्मको फल सबैले भोग्नु पर्छ, अब तिमी पनि कर्मको फल भोग' भन्नुभयो । कार्तवीर्याजुनले परशुरामप्रति आग्नेयास्त्र प्रयोग गरे । त्यसलाई शमनगर्न परशुरामले वारूणास्त्र प्रयोग गर्नुभयो । त्यसपछि कार्तवीर्यले गान्धर्वास्त्र र परशुरामले गरूडास्त्र प्रयोग गरे । त्यसपछि कर्तवीर्यले दत्तात्रेयले दिनुभएको खेरनजाने शूल प्रहार गरे । त्यसले परशुरामलाई मूर्छित बनायो । परशुराम मूर्छित भएपछि ब्रह्मा, विष्णु, महेश्वर नै आउँनुभयो र महेश्वरले संजीवनी विद्याको प्रयोग गरेर उठाइदिनुभयो । परशुराम उठेर पाशुतास्त्र प्रयोग गर्नुभयो । त्यसैबेला कार्तवीर्यले सुदर्शनचक्र प्रहार गरे । तर सुदर्शनचक्र परशुरामको शरीरमा पुगेर निस्तेज भै ध्वस्त भयो । परशुरामले प्रहार गरेको पाशुपतास्त्रले कार्तवीर्य मरे ।

४१. परशुराम कैलाश जानु, गणेशले परशुरामलाई फालेर गोलोक पुऱ्याइदिनु

कातवीर्यार्जुनलाई वध गरेपछि उनका १०० वटा वीर छोराहरू सबैले तत्काल १-१ अक्षौहिणी सेना लिएर परशुरामसंग युद्धगर्न आए । २ मुहूर्त भित्रैमा परशुरामले ती सबैलाई पनि मारिदिनुभयो । शैवी प्रतापले गर्दा परशुराम त्यसवेला युद्धभूमिमा गोपीहरूका वीचमा कृष्ण जत्तिकै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुशोभित हुनुभयो । कार्तवीर्यबाट प्रताडित राजाहरू आएर परशुरामलाई मालाको वर्षा गराए र प्रसन्नता व्यक्त गरे ।

यसरी क्षत्रिय राजाहरूलाई मार्ने क्रममा कोही राजा घाइते भए, कोही भागे, कोही शरणागत भए । त्यसैवीचमा शूर, वृषास्य, वृष, सूरसेन र विजयध्वज पाँच भाइ डराएर हिमालयतिर कसैले नदेख्नेगरी भागे र त्यतै लुके । त्यसरी क्षत्रिय राजाहरूलाई मारेर विजयप्राप्त गरेपछि परशुराम अकृतव्रणका साथमा प्रसन्न भएर हाँस्न र नाच्न थाल्नुभयो । त्यसपछि वहाँले यमुना किनारमा गएर स्नान र नित्यकर्म सक्नुभयो । स्नानादि कार्य सम्पन्न गरेपछि भगवान् शिवलाई आफ्नो विजयको खबरदिन र दर्शनगर्न भनेर परशुराम अकृतव्रणका साथमा कैलाश जानुभयो । कैलाशको सुन्दरता हेर्दै परशुरामले नन्दीश्वर, महांकाल, वीरभद्र, यक्ष, किंपुरूषहरूलाई भेट्नुभयो । त्यसपछि पिता शिवलाई भेट्ने इच्छाले कुमारलाई देब्रे र गणेशलाई दाहिले पट्टि राखेर शिव बस्नुहुने शिवकै भित्री वैठकमा जान लाग्नुभयो । त्यसवेला त्यहाँ परशुरामलाई गणेशले भेट्नुभयो । गणेशलाई विजयको खवर सुनाएर शिवपार्वतीलाई भेट्न जान लागेको चाहना व्यक्तगर्नुभयो । परशुरामले भन्नुभयो- म यतिखेर भगवान् शंभुको कृपाले कार्तवीर्यार्जुन, उसको छोरा सुचन्द्र, उसका सेना बन्धु सबैलाई परास्त गरेर आएको छु, यो खवर शिवलाई दिएर म घर जान्छु । गणेशले भन्नुभयो- अहिले पिता माता सुतिरहनु भएको छ । स्त्री-पुरूष, गुरू, ब्राह्मण, स्त्री सुतेको ठाउँमा बाधा पुऱ्याएमा नरक जानुपर्ने शास्त्रीय वचन छ । त्यसैले तपाईं एकछिन पर्खनुहोस्, दर्शन पाउँनुहुनेछ । चाहेर वा नचाहेर कसैले गुप्त सुरत क्रीडामा वाधा पुऱ्याउँछ भने त्यसले ७ जन्मसम्म स्त्री विच्छेदको पीडा भोग्नुपर्दछ -

क्षणं तिष्ठ महाभाग ! दर्शनं ते भविष्यति,

अद्य विश्वेश्वरो भ्रात भवान्यासहवर्तते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीपुंसोर्युक्तयोस्तात सहैकासनसंस्थयोः,
करोति सुखभंगं यो नरकं स व्रजेत् ध्रुवम्
विशेषतस्तु पितरं गुरूं वा भूपतिं द्विज,
रहस्यं समुपासीनं न पश्येदितिनिश्चयः
कामतो ˜ कामतो वापि पश्येद्य सुरतोन्मुखम्,
स्त्रीविच्छेदो भवेत्तस्य ध्रुवं सप्तषु जन्मसु - ४१।४२-४५

गणेशको कुरा सुनेर परशुरामले भन्नुभयो- हे गणेश, तपाईंको कुरा कामुक व्यक्तिहरूका लागि ठीक हो । मेरो आसय त्यो होइन । उहाँहरू तपाईंका मात्र बाबु आमा होइन, संसारकै बाबु आमा हुनुहुन्छ । यसैले म अहिले नै भेट्छु । यतिभनेर परशुराम गणेशलाई पन्छाएर भित्रपस्न थाल्नुभयो । त्यसपछि भनेको नमानेको देखेर गणेश र परशुरामका बीच वाक् युद्ध भयो । आखिरमा दुवैका वीच हात हालाहाल भयो । अत्यन्त कोपित भएका परशुरामले बञ्चरो निकाल्नुभयो । गणेशले बञ्चरोलाई भूलोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक, सत्यलोक हुँदै वैकुण्ठ पुग्ने गरी फ्याँकिदिनु भयो । परशुरामलाई पनि गोलोक पुऱ्याइदिनुभयो । गोलोकमा भगवान् कृष्णले अकस्मात् परशुरामलाई डराएको र बच्न खोजेको अवस्थामा देख्नुभयो र जहाँ देखेको छ त्यहीं स्थीर बनाइदिनुभयो ।

४२. परशुराम र गणेशको युद्ध, विष्णुले समन्वय गराउनु

वसिष्ठले भन्नुभयो- हे राजा सगर ! गणेशले वैकुण्ठमा पुग्नेगरी फालिदिएपछि परशुराम किंकर्तव्यविमूढ जस्तो बन्नुभयो । त्यसैवेला परशुरामले वञ्चरो लिएर तलतिर (भूतल/कैलाशमा) भएका गणेशलाई प्रहार गर्नुभयो । गणेशले आफ्ना पिताले दिएको परशुलाई अमोघ वनाउने उद्देश्यले वायाँ दाँतमा लिनुभयो (वामे तं दशने ऽग्रहीत् -३) । गणेशको दाँत भाचियो । रगत वग्न थाल्यो । सो घटना थाहापाएपछि पार्वती उनीहरू भएको ठाउँमा आउँनुभयो र परशुरामदेखि क्रुद्ध हुनुभयो । त्यसबेला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उहाँले शिवलाई भन्नुभयो- हजुरले प्यार गरेर छोरा जस्तोगरी शक्ति दिनुभएकाले आज मेरो छोरा गणेशको दाँत भाचियो । म अब दुवै छोरालाई लिएर माइत जान्छु । हजुर यिनैसँग बस्नुहोस्-

अहं नैवात्रतिष्ठामि यत्त्वया विमता विभो,

पुत्राभ्यां सहिता यास्ये पितृः स्वस्यानिकेतनम् - ४२।१५

शिवजीले तत्कालको अवस्था बुझनुभयो । उहाँ कसैको पक्षमा पनि बोल्नुभएन । त्यसवेला भगवान् कृष्णलाई सम्झनुभयो । तत्काल कृष्ण त्यहीं आइपुग्नुभयो । श्रीकृष्णले क्रुद्ध हुनुभएकी माता पार्वतीलाई संझाउनुभयो । त्यसबेला परशुरामले पनि पार्वतीको चरणकमलमा शिर राख्नुभयो । कृष्णले भन्नुभयो- हजुरको छोरा गणेश जत्तिकै परशुरामलाई पनि मानेर आशीर्वाद दिनुहोस् । त्यसपछि राधाले पनि पार्वतीलाई भन्नुभयो- शिव र विष्णु कार्य विशेषले मात्र भिन्न भएका हुन् । पुरूष र प्रकृति जस्तै यी दुवै एकाकार छन् । हामी पत्नीहरू पनि स्वतः एकाकारका हुनुपर्छ । हजुरले परशुरामलाई क्षमा गर्नुपर्छ । यो सुनेपछि पार्वतीले परशुरामलाई र राधाले गणेशलाई, कृष्णले कार्तिकेयलाई र शिवले कृष्णपुत्र सुदामालाई काखमा लिनुभयो ।

४३. पार्वती, शिव, कृष्ण, राधाहरूले गणेश र परशुरामलाई आशीर्वाद दिनु

वसिष्ठ भन्नुहुन्छ- पार्वतीले स्नेहभावले काखमा राखिसकेपछि परशुरामले पनि पार्वती, शिव, राधा, कृष्ण सबैको स्तुति गर्नुभयो । द्वैताद्वैत, निर्गुण र सगुण स्वरूप बन्नसक्ने हजुरहरूलाई प्रणाम गर्दछु भन्नुभयो-

प्रकृतिविकृतिजातं विश्वमेतद् विधातुं मम कियदनुभातं वैभवं तत् प्रमातुम्
अविदिततनुनामा भीष्टवस्त्वेक धामाभवदथभवधामापातु मां पूर्णकामा
प्रकटितगुणभानं कालसंख्याविधानं सकलभवनिदानंकीर्त्यते यत् प्रधानम्
तदिहनिखिलतातः संबभूवोक्षपातः कृतकृतकनिपात पातु मामद्य मातः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दनुकुलविनाशी लेखपाताविनाशी प्रथमकुलविनाशी सर्वविद्याप्रकाशी प्रसभरचितकाशीभक्तदत्ताखिलाशी रवतु विजितपाशी मां सदा षड्मुखाशी

४३।३-५

त्यसपछि परशुरामले गणेशको पनि स्तुति गर्नुभयो । स्तुतिबाट खुसी हुनुभएका शिव, पार्वती, राधा, कृष्ण सबैले परशुराम र गणेशलाई आशीर्वाद र वरदान दिनुभयो । विशेषतः उहाँहरूले परशुराम र गणेशलाई उनीहरूको वीरतालाई लिएर धन्यवाद दिनुभयो । कृष्णले पनि वीरताको लागि परशुरामको प्रशंसागर्दै तिमीभन्दा श्रेष्ठवीर, कीर्तिमान्, ज्ञानी कोही छैन, भन्नुभयो-

त्वत्समो नास्ति लोकेँ स्मिन् तेजसा च बलेन च,

ज्ञानेन यशसावापि सर्वश्रेष्ठतमो भवान् - ४३।१६

साथै भगवान्ले 'अब घर गएर पिताजीको सेवागर्नू' पनि भन्नुभयो । परशुराम पनि नन्दीश्वरहरूलाई समेत प्रणाम गरेर घरतिर जानुभयो ।

४४. परशुराम बाबुलाई घटना सुनाएर बाबुको निर्देशनअनुसार तपस्यागर्न जानु

परशुराम कृतव्रण समेतलाई लिएर आमा बाबुलाई भेट्न घर जानुभयो । बाटोमा देखिएका क्षत्रियहरू परशुराम आएको थाहा पाएर प्राण रक्षागर्न भनेर लुके । केहीवेरमा परशुराम पिता जमदग्निको आश्रममा पुग्नुभयो । सबै किसिमका जनावरहरू एकै ठाउँमा बस्ने गरेको विशिष्ट किसिमको आश्रममा परशुरामको भव्य स्वागत भयो । परशुरामले बाबु जमदग्निलाई ब्रह्मालाई भेटेदेखि गणेशसँगको वैर र अन्तमा समन्वय भए सम्मका सबै कुरा सुनाउनुभयो । त्रैलोक्यविजयी कवच प्राप्तगरेको, पुष्करमा गएर कवचको सिद्धि गरेको, कार्तवीर्यलाई दण्डस्वरूप वध गरिदिएको घटना पनि सुनाउनुभयो । पिता जमदग्निले क्षत्रिय वध गरेकोमा साग र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनस्पति मात्र खाएर विशेष किसिमको तपस्या गरी प्रायश्चित्त गर्नुपर्ने वताएपछि परशुराम पृथ्वीलाई निःक्षेत्रीयगर्दा लागेको पापको प्रायश्चित्त गर्न १२ वर्षसम्म साग र वनस्पतिमात्र खाएर तपस्या गर्नुपर्ने (व्रतैश्च नियमैश्चैव कर्षयन् देहमात्मनः शाकमूलफलाहारो द्वादशाब्दं तपश्चर -३४) पिताको वचनअनुसार अकृतव्रणलाई लिएर घरबाट निस्कनुभयो ।

४५. जमदग्निवध

परशुराम १२ वर्ष तपस्यागर्न भनी हिंडेपछि वैर साधनागर्न सूरसेनका सैनिक शिकार खेल्दैखेल्दै जमदग्निको आश्रममा आए । यो आश्रम कस्को हो भन्दै आएका उनीहरूले जमदग्निको हो भन्ने थाहा पाए पछि वैरसाधनगर्न परशुरामको बाबु तिमी नै हौ ? भनी खड्ग प्रहार गरेर निर्दय पूर्वक जमदग्निलाई मारे र शिर लिएर हिंडे । पतिको वध भएकोमा पत्नी रेणुकाले शोक गरिन् । आश्रमवासीहरूले उनलाई शोक नगर्न धैरै संझाए । तर पनि रेणुका वारम्वार अचेत भइन् र अन्तमा सधैंको लागि शोक सागरमा डुविन् । यसैवीच जमदग्निका छोराहरूले जमदग्निको मृत शरीर अग्निमा डढाइदिए । परशुराम पनि पिताकै उपदेश अनुसार १२ वर्षे तपस्याको अवधि भुक्तान गरेर अकृतव्रणका साथमा मृत पिताको आश्रममा फर्किनुभयो ।

४६. परशुरामले २१ पटक घुमेर क्षत्रियलाई मार्नु, आमाको आग्रहले रोकिनु

बाबुको शिरच्छेदनगरी निर्ममता पूर्वक हत्यागरेको थाहा पाएपछि सरसल्लाह र पितृकार्यमा ३ दिन विताएर परशुरामले शस्त्र र सैन्य सहित शत्रुलाई मार्ने उद्देश्यले अकृतव्रणका साथमा प्रस्थानगर्ने निर्णय गर्नुभयो । सर्वप्रथम परशुरामले गणेशको वन्दना गर्नुभयो । गणेशले रथहरू पठाईदिनु भयो । त्यसपछि परशुरामले रूद्रदत्तलाई सारथी बनाएर रथ अगाडि बढाउनुभयो । रथारोही, गजारोही, अश्वारोही र पैदल सेनाले युक्त शूरसेनका सैनिकलाई सर्वप्रथम आक्रमण गर्नुभयो । ती शत्रु-सेनाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगोमा पुतली भष्म भएझैं नाशिए । कैयौं शत्रुसेनाहरूले भाग्न खोजे पनि परशुरामले भेटिएजति सबै क्षेत्रीयलाई मार्नुभयो । त्यसपछि पनि परशुरामले पुनःजन्मिने क्षत्रियहरूलाई मार्न भनेर १२ वर्ष तपस्यागरी प्रतिक्षा गर्नुभयो र त्यसवेलामा जन्मिएकाहरूलाई पनि मार्नुभयो । पुनः परशुरामले २४ वर्ष तपस्या गर्नुभयो । त्यसपछि पनि क्रोध शान्त नभएपछि परशुरामले अग्निवाण प्रहारगरेर ब्राह्मण र क्षत्रिय पत्नीको गर्भबाट जन्मिएकाहरूलाई मार्नुभयो । २१ पटक पृथ्वी घुमेर निःक्षत्रिय बनाई (त्रिः सप्तकृत्वः पृथिवी तेन त्रिःक्षेत्रिया कृता) सकेपछि आमाले नै 'अब भयो' भनेपछि मात्र क्षत्रियलाई मार्न छोड्नुभयो ।

४७. परशुराम तपस्यागर्न महेन्द्र पर्वत जानु

वसिष्ठले भन्नुभयो- हे राजा सगर ! परशुरामले १२ हजार जीवित क्षत्रियहरूलाई जितिसकेपछि हजारौं राजाहरूलाई लिएर तपोमय पवित्र कुरूक्षेत्रतिर लाग्नुभयो । पाँच नदीहरूको संगममा क्षत्रियहरूलाई गाढेर त्यो स्थानलाई नै तीर्थ बनाउनुभयो । त्यो अवस्थामा परशुरामलाई महेन्द्र पर्वतमा गएर अकृतव्रणको साथ तपस्यागर्ने इच्छा आयो र त्यतातिर प्रस्थान गर्नुभयो । बाटोमा तलाउमा नुहाएर पितृलाई तर्पण गर्नुभयो । त्यसैक्रममा स्यमन्त पञ्चक, गया आदि स्थानमा पुग्नुभयो र त्यहाँ पनि पितृहरूलाई जल, तर्पण दिनुभयो । पितृहरू खुसी भएर अद्भूत वीरतापूर्ण कार्य सम्पन्नगर्न सकेकोमा परशुरामलाई धन्यवाद दिए । पितृहरूले भने- हे परशुराम ! तिमीले दिएको पिण्ड हामीले पायौं, तर पनि अक्षयफलको अधिकारी हुनपाएका छैनौं । सबैले आफ्नो कर्मको फल भोग्नैपर्छ । मनुष्यले कालको वशमा पर्नैपर्छ, समय बलवान् हुन्छ । मानिसहरू व्यर्थमा मैले गरेको वा उसले गरेको भन्छन् तर गर्ने काल नै हो-

ध्रुवं कर्मानुरूपं ते चेष्टन्ते सर्व एव हि,
कालानुवृत्तं बलवान् नृलोको नात्र संशयः -४७।३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे परशुराम ! अब तिमी क्षत्रियप्रति वैरभाव राख्न छोडेर शान्ति प्राप्त गर्नेतिर लाग । त्यसपछि परशुराम अकृतव्रणका साथमा सिद्धवन स्थित आश्रमतिर लाग्नुभयो । त्यहींबाट सम्पूर्ण पृथ्वीका तीर्थक्षेत्रको भ्रमण गर्नुभयो । यसै क्रममा परशुरामले लोकव्यवहार अनुसार ३ पटक पृथ्वीको प्रदक्षिणा गर्नुभयो । त्यसपछि उहाँ महेन्द्र पर्वत पुग्नुभयो । महेन्द्र पर्वतमा परशुरामलाई भेटगर्न धेरै ऋषिहरू पनि आउँनुभयो । ऋषिहरूसंग संवाद गरेपछि परशुरामलाई अश्वमेध यज्ञगर्न मन लाग्यो । यज्ञको निमित पुरोहित कश्यपलाई अध्वर्यु, गौतमलाई उद्गाता, विश्वामित्रलाई होता बनाएर यज्ञ आरम्भ गर्नुभयो । समस्त पृथ्वीको अधिपति भएका परशुरामले यज्ञ समाप्त भएपछि कश्यपलाई पृथ्वीदान गर्नुभयो र काश्यपी पृथ्वी वनाउनुभयो । यज्ञमा आएका अरू ऋषिहरूलाई पनि प्रशस्त दानदक्षिणा सहित विदा गर्नुभयो । त्यसपछि पनि परशुराम महेन्द्र पर्वत मै बस्न रूचाउनुभयो । यसरी परशुरामले पृथ्वीमा अनेकौं राजाहरूले राज्यगर्न सक्ने र जनताको दुःखमुक्त गरेर (चचार धरणी सम्यक् दुखैर्मुक्ता ऽभवच्च सा - ६१) वस्न सकिने सन्देश दिनुभयो । परशुरामले अन्तमा भगवान् कृष्णले बताउनु भएको दीपप्रतिष्ठा नामक व्रत पनि गर्नुभयो ।

जुन राजाहरूले भगवान् दत्तात्रेयबाट वरदान पाएका थिए र जुन राजाहरूलाई परशुरामले वध गर्नुभएको थियो, तिनीहरू पनि मुक्त भए । मुक्त भएका राजाको पाँचौं छोरा जयध्वज र जयध्वजका छोरा तालजंघ थिए । तालजंघका १०० छोरालाई पनि तालजंघ नै भनिन्छ । तालजंघमध्ये जेठा वीतिहोत्रले परशुरामबाट ताडित बन्धुहरूलाई उद्धार गरेर जंगलतिर लुकेका थिए । परशुरामले तपस्याबाट क्रोध शान्त गरेपछि तालजंघले पुनः राज्य सम्हालेका थिए-

ततःशान्तिं गते रामे तपस्यासक्तमानसे,

तालजंघ स्वकं राज्यं सपुत्रः प्रत्यपद्यत - ४७।७२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसिष्ठ सगरलाई भन्नुहुन्छ- हे राजा ! हैहयवंशीय राजा कार्तिकेयका छोरा तालजंघ आफ्ना पूर्व वैरीभावलाई संझिएर तपाईंका पिता समक्ष अयोध्यानगरीसम्म आए । तपाईंका पिताले धेरै प्रयासगर्दा पनि नसकेर पत्नी सहित भाग्नुपऱ्यो । भागेका तपाईंका पिता और्वको आश्रममा वस्नथाल्नुभयो । त्यहीं उहाँको मृत्यु भयो । तपाईंकी आमाले सती जान खोज्दा और्व ऋषिले नै रोक्नुभयो । त्यहीं तपाईंको जन्मभएको थियो र और्वले नै तपाईंलाई शिक्षादीक्षा दिनुभएको थियो ।

यसरी सगरलाई ज्ञानदिएर वसिष्ठ आफ्नो आश्रमतिर लाग्नुभयो ।

४८. सगरको विजय उत्कर्ष, ताल जंघीहरूको अपमान

राजा सगर वसिष्ठ ऋषिबाट दीक्षा प्राप्त गरेपछि आफ्ना पूर्व वैरीहरू तालजंघी, हैहयवंशी, काँवोज, शक, यवन, किरात आदि शत्रुहरूलाई मार्ने उद्देश्य लिएर युद्धगर्न निस्कनुभयो । भार्गवास्त्र, वायव्यास्त्र, आग्नेयास्त्र आदि प्रयोगगरेर सबैलाई जित्नु पनि भयो । यसैवीच केही राजाले ज्यान सम्म बचाइदिन आग्रहगर्न थाले । यसैक्रममा राजा सगर (कौशलेश्वर) बाट हारिएका र मारिने अवस्थामा पुगेका केही राजाहरू गुरु वसिष्ठकहाँ गए र राजा सगरलाई सम्झाईदिन आग्रह गरे । वसिष्ठले शरणमापर्न आएका राजाहरूलाई नडराऊ भन्दै सगरलाई ज्यान बचाई माग्न आउँने राजाहरूबारे दया देखाइदिन आग्रह गरे । राजाले पनि गुरु वसिष्ठको प्रस्तावमा शर्त राख्दै भन्नुभयो- यदि यिनीहरूले स्वकर्म, स्वधर्म, छोडछन् । स्रौतस्मार्त बन्दैनन् भने हजुरको आग्रह अनुसार म छोडिदिन्छु, बाँच्न सक्छन् । राजाहरूले पनि सगरको प्रस्तावलाई स्वीकार गरे । यसै क्रममा राजा सगरले शकहरूलाई अर्धमुण्डन, पल्हववंशी राजाहरूले दारी राख्नुपर्ने, यवनहरूले दारी काट्नुपर्ने, यवनहरूलाई जुँघा काट्ने आदि बनाएर तिनीहरूको अपमान गरेर छोडिदिनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी राजा सगरबाट अपमानित भएकाहरू नै इस्लाम भई दारी राखी जुँघा काट्ने गरेको लौकिक भनाई छ । साथै, पहाडको कन्दरातिर निर्लज्ज भएर बस्ने केही जातिहरूले सगरकै प्रतिज्ञा (आदेश) पालन गरेको वताइन्छ ।

४९. राजा सगरको उत्कर्ष

गुरु वसिष्ठबाट दीक्षा प्राप्त गरेका राजा सगरले हैहयवंशी लगायत अन्य धेरै राजाहरूलाई जित्नुभयो । त्यसपछि सगरले विदर्भ राज्यमा आक्रमण गर्नुभयो । विदर्भराजले छोरी केशिनीको विवाह सगरसंग गर्ने व्यवस्था गरेर आफ्नो राज्यलाई सुरक्षित बनाए । त्यसपछि राजा सगरले शूरसेनको राज्यमा आक्रमण गर्नुभयो । त्यसपछि पनि मावलीभाई यादवहरूसंगबाट प्रशस्त धन लिएर मथुराबाट निस्कनुभयो । यसरी राजा सगरले विश्वविजय गरी सबै राजाहरूबाट कर लिने व्यवस्थागरी सोहीअनुसारको क्षमता बनाउनुभयो । त्यसपछि राजा सगर स्व-नगर अयोध्याजाने उद्देश्यले निस्कनुभयो । अयोध्यामा राजा सगरको भव्य स्वागत भयो । अयोध्या पुगेपछि राजाले आमाको आशीर्वाद लिनुभयो । राजसभामा प्रवेश गर्नुभयो र राज्य सञ्चालनगर्न थाल्नुभयो । यसैवीच एकपटक गुरु वसिष्ठ राजालाई भेट्न आउँनुभयो । गुरु वसिष्ठको आशीर्वादले हैहयवंशी लगायत धेरै राजालाई जित्न सकेकोमा राजाले वसिष्ठको विशेष आदरगरी कृतज्ञता व्यक्त गर्नुभयो । गुरुले पनि आफ्नो सिफारिस अनुसार बाँच्न चाहने राजाहरूलाई प्राणदान दिएकोमा धन्यवाद दिनुभयो । त्यसपछि गुरु वसिष्ठ आश्रमतिर फर्किनुभयो । यति कार्य पुरा गरेपछि राजा सगरले दुई पत्नी सुमति र केशिनीको माया, धर्म, अर्थ, कामको सन्तुलन गरी राम्रोसँग राज्यचलाउन थाल्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५०. पुत्रार्थी राजा सगर और्व ऋषि समक्षजानु

राजा सगरले धर्म पूर्वक राज्य सञ्चालनगर्न लाग्दा सबै प्रजाहरू खुसी थिए । कोही कसैले पनि कसैको अन्याय सहनगर्न पर्ने थिएन । चारै आश्रममका धर्महरू शास्त्रीय वचनअनुसार हुन्थे । ऋतुहरूले आ-आफ्नो धर्म पालन गर्थे । अधिक गर्मी वा अधिक वर्षा, जाडो हुँदैनथ्यो । सगरले जितेका राजाहरूले पनि राजा सगरको अनुकूल भएर बस्थे र राजालाई शिर निहुराएर सम्मान गर्थे, कर तिर्थे । यसरी राजा सगर सफल र पराक्रमी सावित भएका थिए ।

राजा सगरका सन्तान थिएनन् । उनी पुत्रप्राप्तिको चिन्ताले पीडित थिए । इन्द्रासन सरहको राज्य भएर पनि मेरा पितृहरू दुखित छन् भन्ने चिन्ता राजालाई भैरहन्थ्यो । त्यसरी पुत्रोत्पत्तिको चिन्तामा डुबेका राजा एकदिन कामना पुरागर्ने उद्देश्यले दुवै पत्नी सहित और्व ऋषिको आश्रममा गए । अत्यन्त सुन्दर और्वको आश्रममा पुगेका राजालाई और्व ऋषिले स्वागत गरे र आगमनको कारण पनि सोधे । ऋषिले भने- हे राजा तपाईं धर्मको रक्षा गर्नुहुन्छ । तपाईंलाई कुनै अनिष्ट अवश्य नहोला । के कारणले मेरो आश्रममा आउँनुभयो ?

५१. सगरलाई पुत्रप्राप्ति

और्व ऋषिकहाँ पुगेका राजा सगरले ऋषिसंग भने- हे महर्षि ! हजुर मेरा पिता समान हुनुहुन्छ । मैले पितालाई चिनिन । हजुरले दिएको अस्त्रले मैले पृथ्वीका राजाहरूलाई जित्न सकें । हजुरको वैशिष्ट्य कतिसम्म देखिन्छ भने हजुरका आश्रममा सबै किसिमका जनावरहरू संगै वसेर आनन्द लिइरहन्छन् । सिंह वस्ने ठाउँमा मृगशावक खेलिरहेको हुन्छ । हजुरको अनुग्रह र शिक्षाले मलाई सबै कुरा पुरा भएको छ । धर्म, अर्थ, काम त्रिवर्गकै उपयोग गरेर राज्यसञ्चालन गरिरहेको छु । तर मेरा सन्तान नभएकाले पितृहरू दुखी छन् र राज्यको उत्तराधिकारी नभएकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वीको संरक्षणगर्ने कोही नहुँदा म दुखित भएको छु । राजाले यसरी पुत्रप्राप्तिको इच्छा व्यक्त गरेपछि ऋषि और्वले केही दिन दुवै पत्नी सहित राजालाई उनकै आश्रममा बस्नू इच्छा पुरा हुन्छ, भने । ऋषिको वचनअनुसार राजा र उनका रानीहरू दुवै जनाले और्व ऋषिको आश्रममा बसेर ऋषिको सेवागर्न लागे । उनीहरूको सेवाबाट खुसी भएका ऋषिले एक दिन रानीहरूलाई बोलाएर एउटीलाई एउटा छोरा र अर्को रानीमा ६० हजार छोरा हुने वरदान दिए । ऋषिले राजालाई भने- म तपाईंलाई पुत्रप्राप्त हुने वरदान दिन्छु । एउटीबाट एउटा र अर्कीबाट ६० हजार वेकामी पुत्र हुनेछन् र तिनको नाश पनि छिट्टै हुनेछ ।

संपूर्णे तु ततःकाले मुहूर्ते केशिनीशुभे,
असूयताग्निगर्भाभं कुमारममितद्युतिम् - ५१।३७
काले पूर्णततःकुम्भान् भित्वानिर्यान्ति ते पृथक्,
एवं ते षष्टिसाहस्रं पुत्राणां जायते नृप - ५१।४४

वरदान पाएपछि राजा खुसीभएर दरवार फर्किए । रानीहरू गभिर्णी भए । केशिनीले एउटा छोरा पाइन् । राजाले छोराको नाम असमञ्जस राखे । अर्को रानीबाट एउटा पिण्ड जन्म्यो । राजाले और्व ऋषिलाई संझिएर र त्यो पिण्ड नाशगर्न आटे । और्व तत्काल त्यहीं आए र पिण्ड नाश नगर्न भने । ऋषिको निर्देशन अनुसार राजाले पिण्डलाई घडामा राखे । घडाबाट छुट्टाछुट्टै ६० हजार छोराहरू पैदा भए ।

एकदिन ती असमञ्जस मूर्च्छा परे । त्यस बेलामा उनलाई पूर्वजन्मको संझना आयो । पूर्वजन्ममा उनी वैश्य थिए । ती वैश्यले एकदिन बनमा घुम्दैजादा सम्पतिको थैलो देखे । लिन खोज्दा त्यो सम्पत्तिको रक्षागरेर बस्ने राक्षस आयो र भन्यो- मलाई गाईको मासु ल्याइदेऊ । त्यसपछि यो सम्पत्ति लैजाऊ । वैश्यले हुन्छ भन्यो तर भने अनुसार ल्याइदिन सकेन । नल्याएपछि राक्षसले वैश्यलाई नै मारिदियो र त्यै वैश्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वायुको रूपमा पसेर असमञ्जस भएर जन्मेको थियो । यसरी जन्मिएको असमञ्जसले त्यस दिनदेखि हत्या, चोरी जस्ता खराब कामगर्न थाल्यो । निरपराधी बालक, युवा, वृद्ध, स्त्रीहरूलाई समेत मारेर सरयुमा फाल्नथाल्यो । असमञ्जसका दुष्कार्यलाई लिएर नागरिकहरूले राजा सगरलाई गुनासोगर्न थाले । सगर राजाले धेरै सम्झाउँदा पनि उसले मानेन । नमाने पछि लोकापवादबाट बच्न राजाले राज्यै छोडेर हिंडे ।

५२. सगरले अश्वमेध यज्ञगर्नथाल्नु

असञ्जसको दुष्कीर्तिले गर्दा राजा सगर नाती अंशुमानलाई माया गर्न थाले । यसैवीच राजाका सुमति पत्नीबाट जन्मिएका ६० हजार छोरा पनि बढ्न थाले । तिनीहरू क्रूर, निर्लज्ज, अधर्मी भएकाले जे मन लाग्यो त्यै गर्ने भए । तिनीहरू ऋषिलाई दुर्व्यहार गर्ने, हवन यज्ञ विध्वंश गर्ने, हत्या, चोरी बलात्कारी गर्ने भए । यसैवीच असमञ्जसको दुर्व्यवहारले नित्यकर्म समेत गर्ननपाएका ऋषि, देवता र स्वयं शिवजी ब्रह्माजी कहाँ गएर सगरका छोराहरूको उपद्रव सुनाउनुभयो । ब्रह्माले एकछिन ध्यान गरेर भन्नुभयो- तिनीहरूको नाशहुने समय भएको छ, केही समय धैर्य गरौं । विष्णुको अंशबाट जन्मिएका कपिलमुनि समुद्रको जल किनारमा समाधिमा रहेर तपस्यागरेर वस्नु भएको छ । उनै कपिलबाट सगरका ती ६० हजार छोराहरू नाशिने छन् भन्दै देवताहरूलाई भन्नुभयो- तिमीहरू उनै ध्यानगरेर बस्नुभएका कपिल समक्ष जाऊ र आफ्नो पीडा वताऊ । ब्रह्माजीको उपदेश अनुसार देवताहरू कपिल कहाँ गएर ध्यान गरे, स्तुति गरे र सगर-पुत्रहरूको उपद्रो वताए । कपिलले भन्नुभयो- सबैले कर्मको भोग गर्नुपर्ने हुन्छ । तिनीहरू आफ्नै कर्मफलले गर्दा छिटै नष्ट हुनेछन् । तपाईंहरूको अर्थसिद्धिको लागि म तिनीहरूको नाशको निमित्त कारण वन्नेछु । तपाईंहरू निश्चिन्त हुनुहोस् ।

यसैवीच राजा सगरले गुरू वसिष्ठको र और्वको अनुमति र दीक्षा प्राप्तगरी अश्वमेध यज्ञगर्न लागे । राजा सगरले छोराहरूलाई बोलाएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञको निमित्त आवश्यकपर्ने घोडालाई सम्पूर्ण पृथ्वी घुमाएर ल्याउनू भनी अराए। राजाले यसअघि नै सम्पूर्ण पृथ्वीका राजाहरूलाई जितेर तिनीहरूबाट कर समेत अशूलगर्ने गरिसकेका थिए। यसैले यज्ञको निमित्ति केही गर्नुपर्ने नभएकाले सगरका छोराहरू घोडालाई भूतलमा छोडेर लवण समुद्रमा आनन्द लिनथाले।

५३. सगरका ६० हजार छोरा भष्म हुनु

जैमिनिले भन्नुभयो- वायुले सगरले अश्वमेध यज्ञको लागि भनी छोडेका घोडालाई रसातल पुऱ्याएका थिए। यसको निमित्त वायुलाई इन्द्रले उक्साएका थिए। त्यसवेला सगरका छोराहरू समुद्रमा आनन्द लिदै र रमाइलो गर्दै थिए। उनीहरूले घोडा हराएको थाहा पाए। अश्वमेध यज्ञको मुख्य वस्तु घोडा नै हराएकाले उनीहरूले पृथ्वी, वन, पर्वत सबैतिर खोजे। कसैगरेपनि घोडा फेला नपरेपछि अन्तमा त्यो खबर अयोध्यामा रहेका पिता सगरलाई दिए। बाबु सगरले क्रुद्ध हुँदै घोडा नभेटी न आउनू भने। त्यसपछि उनीहरू पुनः घोडाको खोजिमा हिंडे। उनीहरूले समुद्रदेखि पृथ्वीको तलतल खोतलेर पनि खोजे। उनीहरूको खोदाइले पृथ्वी दुखित र व्याकुल भइन् भने पृथ्वीमा बस्नेहरू डराएर हाहाकार गर्नथाले। अन्ततः उन्मत्त सगर पुत्रहरूले घोडालाई पातालमा चरिरहेको थाहा पाएर पातालमै गएर घोडा देखे। घोडा देखेपछि उनीहरू प्रसन्न भएर नाच्न र हाँस्न थाले। सगरका छोराहरूले घोडाको नजिकै अन्यन्त तेजस्वी कपिलमुनिले ध्यान गरिरहेको पनि देखे। दशाले मन विकृत भएका ती सगरका छोराहरूले तिनै ध्यानमग्न कपिलले नै घोडा चोरेको ठानेर मुनिलाई नै लछार पछार पारेर मरणासन्न बनाए। ऋषिले आँखा खोल्दा उनका आँखाबाट आगोको ज्वाला निस्कियो, तिनै ज्वालाले ती सबै सगर-पुत्र खरानी बने। मुनिले पनि सगर पुत्रहरूले कर्म अनुसार परिणाम पाएको ठान्नुभयो। त्यसरी क्रोधाग्निका ज्वालाले मरेका सगर राजाका छोराहरू नरक गए। क्रोधाग्निको शान्तिको कामनागर्ने देवताहरू कपिलमुनिको स्तुतिगर्न लागे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५४. कपिलमुनिको आश्रमबाट अंशुमानले घोडा ल्याउनु

कपिलमुनिको क्रोधजन्य अग्निले संसार नाशहुने अवस्था आएको र देवताहरूको अनुरोधले क्रोध शान्ति हुन लागेको स्थितिमा नारद ऋषि राजा सगरकहाँ पुग्नुभयो । ऋषिले राजालाई दृष्कर्मगर्ने छोराहरू आफ्नै कर्मको कारणले डढेको खवर दिनुभयो । छोराहरू भष्म भएको खवरले राजा दुखित भए । नारदले कर्मको फल सबैले भोग्नैपर्ने भएकाले शोक नगर्न संझाउनु भयो । नारदले राजालाई यज्ञको निमित घोडा लिन नाती अंशुमानलाई पठाउने सल्लाह दिनुभयो । राजाले पनि नाती अंशुमानलाई घोडा ल्याउँन निर्देशन दिए । अंशुमान घोडा लिन गए । उनले कपिलमुनिलाई भेटे, प्रणाम गरे र भने- हे मुनि ! क्रोध शान्तगर्नुहोस् । म हजुरको शरणमा आएको छु । म सगर राजाको नाती अंशुमान, हजुरको क्रोधाग्निले भष्म भएकाहरूकै वंशज हूँ-

प्रसन्नो ~ स्मान्महाभाग पश्य सौम्येन चक्षुषा,

येत्वत् त्रोधाग्निनिर्दग्धा स्तत्सन्ततिमवेहि माम् - ५४।३३

अंशुमानले भने- हे मुनिवर ! यज्ञ सम्पन्नगर्न सहयोग गर्नुहोस्, म कृतार्थ हुनेछु । अंशुमानको व्यवहारबाट कपिल खुसी हुनुभयो र वरदान माग भन्नुभयो । पुनः अंशुमानले क्रोध त्यागेर प्रसन्न भै सौम्य नेत्रले हेर्न आग्रहगर्दै आफू घोडा लिनआएको बताए । उनले भष्म भएका आफ्ना बाबुहरूलाई नरकबाट उद्धारगर्न पनि अनुरोध गरे । कपिलमुनिले भन्नुभयो- तिमीदेखि म खुसी छु, घोडा लैजाऊ, तिम्रा पिताहरू भने अहिले स्वर्ग जान सक्तैनन् । सगरका खनाती, तिम्रा नाती भगीरथले गंगालाई पृथ्वीमा अवतरण गराउँनेछन् । तिनै गंगाको जल सेचन गरेपछि मेरो क्रोधाग्निले जलेर खरानी भएका तिम्रा पिताहरूको मुक्ति हुन्छ । यो सुनेर अंशुमानले कपिललाई प्रणाम गरेर घोडा लिएर अयोध्या फर्किए । उनले राजा सगर (हजुरबा)लाई कपिलमुनिको आश्रममा भएका घोडा प्राप्तगरेदेखि भष्म भएकाहरू मुक्ति हुनसक्ने सम्मका सबै विवरण सुनाए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५. अंशुमानलाई युवराज बनाउनु

नाती अंशमानबाट कपिलको सन्देश सुनेपछि राजा सगर अत्यन्त प्रसन्न भए । उनले अश्वमेध यज्ञ सम्पन्न गरे । सरयुमा गएर यज्ञान्त स्नान पनि गरे । दानहरू गरे । ब्राह्मणहरूलाई यथेष्ट दक्षिणा दिए । यज्ञसम्बन्धी सम्पूर्ण कार्य समाप्त भएपछि राजा सगर सूत मागधवन्दीहरूद्वारा स्तुति गान गरिदै आफ्नो नगरी अयोध्यामा भित्रिए । त्यसवेला राजालाई व्यापारीले विभिन्न उपहारहरू दिएर भेट पनि गरे । राजा सगरले त्यसवेलादेखि साक्षात् अर्को इन्द्र जस्ता बनेर राज्य सञ्चालनगर्न लागे ।

राजा सगर नाती अंशुमानलाई अत्यन्त प्यारो गर्दथे । अंशुमान पनि असीमित तेजस्वी थिए । राजाले तिनै अत्यन्त प्यारा कुलदीपक नातीलाई युवराज बनाउने विचारले गुरू वसिष्ठ र अन्य ब्राह्मणहरूसँग छलफल गरे । अंशुमानलाई सिंगारेर युवराजका रूपमा अभिषेक गरे र राजसिंहासनमा बस्न योग्य वनाए ।

अंशुमन्तं ततःपौत्रं मुदाविनयशालिनम्,

वसिष्ठानुमते राजा यौवराज्ये ~ भ्यषेचयेत् - ५५।२२

युवराज अंशुमानले पनि वनपर्वत नदी सहितको राज्यको संरक्षणगर्न थाले । राजा सगर पनि पत्नीहरूका साथमा आनन्द लिदै क्रमशः अंशुमानलाई राज्य-भार सुम्पिदै प्रजाका प्यारा भएर रहन थाले ।

५६. दिलीप पुत्र भगीरथले गंगा अवतरण गराई पितृ उद्धारगर्नु

सगरका छोराहरूले घोडा खोज्ने क्रममा पृथ्वी खोतल्दा परेका खाल्डाले र समुद्रको सतह बढ्नाले धेरै तटवर्ती क्षेत्र डुबानमा परेको थियो । समुद्रको किनारमा पर्ने अत्यन्त पवित्र गोकर्ण क्षेत्र पनि डुवानमा परेको थियो । गोकर्ण क्षेत्रमा धेरै देवालयहरू थिए र त्यहाँ श्रृङ्ग आदि ऋषिहरू तपस्या गरेर बस्थे । त्यस क्षेत्रमा साक्षात् शंकर नै पनि बस्नुहुन्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस तीर्थमा जाने जो कोही तीर्थयात्रीको पनि तत्काल पापनाश हुन्थ्यो। त्यस्तो पवित्र क्षेत्र गोकर्णमा बस्ने ऋषिहरू दान, हवन, जप, पितृतर्पण, देवपूजन गरेर महेन्द्र पर्वतमा बसेर तपस्या गरिरहनुभएका परशुराम कहाँ पनि जाने गर्थे।

दुरात्मा सगर पुत्रहरूले खोतलेको, खोस्रेको र बिगारेको पृथ्वीमा बस्न नसकेर कत्ति लोकले वस्ती सारेका थिए भने कत्तिले त्यसै भूमिमा जसोतसो सम्याएर बसोबास गर्थे।

अंशुमानका छोरा दिलीप थिए। दिलीपले पनि वीरता र धर्मको अनुशरण गर्थे। दिलीपका छोरा धर्मकुशल भगीरथ भए। भगीरथलाई राजसिंहासनमा राखेर दिलीप वनतिर गएका थिए। भगीरथले राज्यगर्ने क्रममा आफ्ना वृद्ध प्रपितामह (सगर) का छोराहरूले नरक भोगगरेको थाहा पाए। उनले ती पितृहरूको उद्धारगर्न खोजे। उद्धारको उपायको खोजिमा उनी ब्रह्माजीको तपस्यागर्न थाले। प्रसन्न भएका ब्रह्माजीबाट इच्छा लागेसम्म बाँच्न सक्ने वरदान पाए भने पितृ उद्धारको लागि गंगा अवतरण गराउने सुझाव पनि लिए। त्यसपछि भगीरथले गंगा अवतरण गराउन गंगाको आराधना गरे र गंगालाई स्वर्गबाट पृथ्वीमा आउँन अनुरोध गरे। पृथ्वीमा गंगा अवतरण गर्दा उनको वेग थाम्न नसक्ने थाहा पाएर शिवको आराधना गरे। अन्ततः गंगालाई पृथ्वीमा ल्याए। गंगा पृथ्वीमा आएपछि भगीरथ आफ्ना वृद्ध प्रपितामहहरू भष्म भएको ठाउँमा लैजादै थिए। बाटोमा जह्नु ऋषिको यज्ञशालामा गंगा पस्नाले ऋषिको यज्ञ-सामग्री बगायो ! जह्न् ऋषि रिसाएर गंगालाई नै पिइदिए। भगीरथले जह्नुको स्तुति गरे। धेरै कालसम्म जह्नुको पेटमा अटाएकी गंगालाई भगीरथले स्तुति गरेपछि जह्नुले वाहिर निकालिदिए। त्यसैले गंगालाई जह्नुपुत्री (जाह्नवी) पनि भनिन्छ। यस्तै सगरका छोराहरू (आफ्ना पितृ)ले समुद्रलाई वढाएकाले समुद्रलाई सागर भनियो। यसरी धेरै प्रयासपछि भगीरथले गंगालाई पितृ पितामहहरू मरेको ठाउँमा पुऱ्याएर गंगाजल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छर्किएर नरकबाट मुक्त गराए, सबैलाई स्वर्ग पठाए। सगरका छोराहरूले विस्थापित गरेकाहरू उद्धारको निमित्त परशुरामलाई भेट्न भनी उनीले तपस्या गरेको सह्य पर्वततिर गए।

५७. वरूण डराएर परशुराम समक्ष उपस्थित हुनु

तपस्या गरेर बस्नुभएका परशुरामलाई भेट्न जाने ऋषि महर्षिहरूमा शुष्क, सुमित्र आदि पनि थिए। उनीहरूले परशुरामसंग समुद्रले डुबाएको पवित्र गोकर्ण क्षेत्रबाट समुद्रलाई हटाइदिनुहोस् भनी माग गरे। आश्रममा आएका तपस्वीहरूको मागका सम्बन्धमा परशुरामले आफुले शस्त्रास्त्र नचलाउने भएकाले कठिन हुने बताउनुभयो। त्यसवेलामा शुष्क ऋषिले भने- लोकहितको लागि हजुरले प्रतिज्ञा भङ्गगरेर भएपनि शस्त्रास्त्र उठाएर हाम्रो कल्याणको निमित्त समुद्रलाई हटाउनुपर्छ। शुष्कलगायतका ऋषिहरूको आग्रहअनुसार परशुराम डुबेको क्षेत्रको समुद्रको किनारमा जानुभयो र वरूणलाई बोलाउनुभयो। धेरै पटक बोलाउँदा पनि परशुरामको आग्रहको अवज्ञा गरेर वरूणले न त्यहाँ उपस्थित भए, न त जवाफ नै केही पठाए-

पुनःपुनश्च रामेण समाहूतो ~ पि तोयराट्,

न ददौ दर्शनं तस्मै प्रतिवाच्यं च नाभ्यदात् -५७।३८

त्यो देखेर परशुराम रिसाउनुभयो र क्रुद्ध भएर शिवजीलाई संझिएर वाणहान्न आट्नुभयो। त्यसबेला उहाँको शरीर त्रिपुर नाशगर्न लाग्दाको शिवजीको जस्तो भयो। संसार बल्न लागे जस्तो देखियो। त्यसपछि वल्ल वरूण डराउदै आए र ढीला भएकोमा क्षमा मागे। अपराध स्वीकारगर्दै वरूणले क्षमायाचना गरेर म के गरूँ ? भनेर सोधे।

अपराधमिमां राम मया कृतमजानता,

स्थितो ~ स्मि तव निर्देशे शाधि किं करवाणि वै - ५७।७५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५८. गोकर्ण क्षेत्रको उद्धार

वरूण आएर क्षमायाचनागरी आफ्नो अगाडि उपस्थित भएपछि परशुरामले क्रोध त्यागेर धनु खिच्नुभयो र वरूणलाई हेरेर हाँस्नुभयो। त्यसपछि वरूणलाई ऋषिहरूको आग्रहअनुसार सगरपुत्रहरूको उत्खननको कारणले डुबेको गोकर्ण क्षेत्रबाट समुद्रको पानी अन्यत्र लैजानु पर्‍यो भन्ने निर्देशन गर्नुभयो। वरूणले भने- ब्रह्माजीको वरदानबाट अरू कसैले यो समुद्र सार्न सक्दैन। तर हजुरले ऋषि-इच्छा अनुसारगर्ने आग्रह गर्नुभएकाले 'सीमानिर्धारण गरिदिनुहोस् म पानी हटाइदिन्छु'। त्यसपछि परशुरामले सुरोले सीमा निर्धारण गरिदिनुभयो। त्यहाँ पानी सुक्यो। त्यो सीमान्त ठाउँ शूर्पारक क्षेत्र बन्यो। शूर्पारक क्षेत्र पाप मुक्तिको तीर्थ क्षेत्रका रूपमा प्रसिद्ध भयो। पानी हटेपछि गोकर्ण क्षेत्र पूर्ववत् कायमभयो। समुद्रको सीमा पनि सगर पुत्रहरूले पृथ्वी खोतल्नु अगाडिकै कायमभयो। परशुरामको पराक्रमको सबैले प्रशंसा गरे।

५९. सूर्य र वैवस्वत परिवार

वृहस्पति भन्नुहुन्छ- हे ऋषिहरू हो! वरूणकी पत्नी स्तुता थिइन्। उनका कलि र वैद्य २ छोरा थिए। कलिका जय र विजय २ छोरा थिए। वैद्यका घृणी र मुनि नामका दुई पराक्रमी छोरा भए। दुवैले एक अर्कालाई खाएर नाशिए। कलिका स्मृता, हिंसा, निकृति र स्मृति ४ पत्नीहरू थिए। कलिका अरू ४ छोरा पनि थिए- नाक, विघ्न, भद्रम र विधम। यिनीहरू अपाङ्ग थिए। विघ्नको शिर थिएन, नाकको शरीर थिएन, भद्रमको एउटा हात थिएन भने विधमको एउटा खुट्टा थिएन। भद्रमकी पत्नी तामसी र पूतना थिए। विधमकी रेवती, नाककी शकुनि र विघ्नकी अयोमुखी पत्नी थिए। यिनीहरूबाट हजारौं सन्तान जन्मिएका थिए।

वृहस्पतिकी बहिनी वरस्त्री ब्रह्मचारिणी थिइन्। यिनी आठौं वसु प्रभासकी पत्नी थिइन्। तिनबाट विश्वकर्मा जन्मिए। विश्वकर्माकी पत्नी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरोचना (विरोचनकी बहिनी) थिइन् भने उनका छोरा विश्वकर्मा र छोरी सुरेणु थिइन्। विश्वकर्मालाई त्वष्ट्रा, शिल्पिप्रजापति पनि भनिन्छ। उनकी छोरी संज्ञा(सुरेणु) नै सूर्यकी पत्नी थिइन्। संज्ञाबाट विवस्वान् (जसलाई वैवस्वतमनु, श्राद्धदेव, प्रजापति पनि भनिन्छ) र जुम्ल्याहा छोरा-छोरी यम र यमी भए। संज्ञाले सूर्यको किरण सहनगर्न नसकेर छाया उत्पन्नगरी तिनैलाई छोरा छोरीको रेखदेखगर्ने जिम्मादिएर कुरूक्षेत्रमा घोडीको रूप लिएर तपस्यागर्न लागिन्। त्यसबेला संज्ञाले सवर्णा छाया निर्माण गरेर 'म बाबुको घर (माइत) जान्छु तिमीले यसै घरमा बस्नू र मेरा साना ३ छोरा छोरीको लालन पालन गर्नू' भनेकी थिइन्। संज्ञा बाबु विश्वकर्मा समक्ष गइन्। तर विश्वकर्माबाट घर फर्क, जाऊ भन्ने निर्देश भएकाले उनीले घोडी वनेर तपस्यागर्न थालेकी थिइन्। विश्वकर्माबाट तेज घटाइएका सूर्य घोडाको रूप लिएर घोडी समक्ष गएर नेत्र-यौन गरे। त्यसबाट अश्विनीकुमार जन्मिए। शनैश्चरकी आमा छाया (यमकी सौतनी आमा) ले यमलाई खुट्टाझर्ने श्राप दिइन्। पछि सूर्यको वरदानबाट खुट्टामा परेका किराले मासु खाइसकेपछि पृथ्वीतलमा जाने भएर यम त्यो श्रापबाट मुक्त भए। उनी नै यमराज वने। आमा भए छोरालाई श्रापदिने थिएनन्, यसैले छोरालाई श्रापदिने आमा हुन नसक्ने सोचेर सूर्यले वास्तविक घटना सुनाउन छायालाई भन्दा श्राप पाउने डरले छायाले संज्ञाको सबै वास्तविक घटना बताइदिइन्।

सूर्य वंशको विवरण सुनेमात्र पनि पापमुक्त भइन्छ।

६०. वैवस्वत मनुको वंश

चाक्षुष मन्वन्तरको अन्त हुँदा देवगणको पनि अन्तभएको थियो। त्यसपछि सूर्यपुत्र वैवस्वत मनु भए। उनी नै पृथ्वीका सम्राट् बने। वैवस्वतमनुका १० छोरा इक्ष्वाकु, नृग, धृष्ट, शर्याति, नरिष्यन्त, प्रांशु, नाभाग, दिष्ट, करूष र पृषध्र थिए। यी छोरा जन्मनुअघि ब्रह्माले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैवस्वतलाई अश्वमेध यज्ञ गराएका थिए । वैवस्वतले पनि पुत्रप्राप्तिको कामनाले मित्रावरूणको नामबाट यज्ञमा आहुति दिएका थिए । त्यो आहुतिबाट यज्ञ सम्पन्न भएपछि सुन्दरी कन्या इला जन्मिएकी थिइन् । त्यसबेला मनुले कन्यालाई आफ्नो अनुशरणगर्न (आफुसँग विवाहगर्न) भने । तर कन्याले मैत्रावरूणको अंशबाट जन्मिएकोले उनीहरू समक्ष गएर मनुको प्रस्ताव सुनाइन् र अब म के गरू ? भनेर सोधिन् । उनीहरूले स्वीकृतिदिए र भने - तिमी सुद्युम्न बनेर लोकपूजित पनि हुनेछ्यौ । त्यसपछि एकातिर इलाले मनुसँग विहा गरिन् भने अर्कातिर सुद्युम्न (पुरूष) बनिन् र (इला नै सुद्युम्न वनेर) उत्कल, गय र बिनत ३ छोरा उत्पन्न गराए । तिनै सुद्युम्न स्त्री भएको समयमा बुधसंग संभोग गरेर चन्द्रमालाई जन्म दिइन् । बुधबाट पुरूरवा जन्मिए । सुद्युम्न (पुरूष) हुँदा जन्म दिएका उत्कल नै उत्कल (उडिसा) का, विनत पश्चिम भारतका र गय पूर्वी भारत (गया) का राजा भए । यसरी मनुले सृष्टि विस्तार गर्नुको साथै छोराहरूलाई पृथ्वी पनि बाडिदिएका थिए । इला नै सुद्युम्न वनेको कारणले स्त्री-भावका सुद्युम्नले आफ्नो भाग (अंश वा पृथ्वीको भाग) पाएनन् । तर पनि उनी वसिष्ठ ऋषिको वचनले कान्तिमान् र प्रतिष्ठित बनेका थिए ।

सुद्युम्न (छोरा) हुँदा पनि उनीमा स्त्रीभाव किन गएन भन्ने प्रश्नमा सूत भन्नुहुन्छ- एकपटक सनकादि ऋषि शिवको दर्शनगर्न इलावृत पर्वतमा गएका थिए । त्यस पर्वतमा शिवपार्वती नाङ्गै क्रीडा गरिरहनुभएको थियो । उनीहरू शिव-पार्वतीलाई एक्लै देखेर नभेटिकन फर्किए । शिवजीले त्यो थाहा पाएर शर्म मान्नुभयो भने पार्वतीले त्यसवेला भन्नुभयो- यो पर्वतमा जो आउँछ ऊ स्त्री हुनेछ । यसैवीच सुद्युम्न राजा एक पटक त्यसै पर्वतमा शिकार खेल्न आएका थिए । पार्वतीको पूर्व श्रापले त्यसै पर्वतमा आएका हुनाले सुद्युम्नले पनि स्त्री बन्नुपरेको थियो । तर उनलाई पछि शिवले पुरूष बनाइदिनुभयो, पुरूष बने पनि उनको स्त्री स्वभाव गएन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१. मूर्च्छना लक्षण/ताल स्वर वर्णन

सूत पौराणिक भन्नुहुन्छ- मनुका छोरा पृषध्रले च्यवन ऋषिको गाई खाएकाले श्रापपाई शूद्र बनेका थिए। अर्का छोरा करूषका छोराहरू युद्धमा कसैसँग हार्दैनथे। दिष्टपुत्र भलन्दन विद्वान् दिए। तिनका छोरा प्रांशु भए। प्रांशुका छोरा प्रजापति समानका थिए र उनी नै राजा भएका थिए। संर्वतले बन्धु-बान्धवलाई समेत स्वर्ग लगेका थिए। यी संवर्तको वृहस्पतिसँग वैरभाव थियो। संवर्तले एक पटक यज्ञ गरेका थिए। यज्ञको समृद्धि देखेर वृहस्पति क्रुद्ध भए। तर वृहस्पतिसँग रीस गरेमा लोकले दुःख पाउँछन् भनेर संवर्तले वृहस्पतिको प्रंशसा गरे। चक्रवर्ती राजा मरूत्तबाट नरिष्यन्त जन्मिए। नरिष्यन्तबाट दम, दमबाट राष्ट्रवर्धन, राष्ट्रवर्धनबाट सुधृति, सुधृतिबाट नर, नरबाट केवल, केवलबाट बन्धुमान्, बन्धुमानबाट वेगवान, वेगवानबाट बुध, बुधबार तृणविन्दु पैदा भए। तृणविन्दुकी छोरी इडविडा (विश्रबाकी आमा)थिइन्। इडविडाको छोरा विशाल भए। यसै वंशमा शर्याति भए। शर्यातिका छोरा आनर्त र छोरी सुकन्या भए। सुकन्या च्यवनकी पत्नी थिइन् भने आनर्तका उत्तराधिकारी रेव भए। रेवबाट ककुद्मी (रैवत पनि भनिन्छन्) जन्मिए। एक पटक राजा ककुद्मीले ब्रह्माजी कहाँ छोरीलाई लिएर गए र गाना सुनाएर फर्किए। त्यसवेला ब्रह्माजीसंग एक मुहूर्त मात्र समय थियो। त्यो एक मुहूर्त बिताएर राजा ककुद्मी आफ्नो राज्यमा फिर्ताहुँदा धेरै युग बितिसकेको थियो। उनी फर्किदा आफ्नो राज्य यदुवंशीले लिइसकेका थिए। तथापि वसुदेव, भोज, अन्धक आदिले नगरको रक्षा गरिरहेका थिए। त्यस बेला उनले राज्य गरेको कुशस्थलीको नामलाई द्वारवती बनाइएको पाए। राजा रैवतले आफ्नी छोरी रेवतीको विवाह बलरामसंग गरिदिएका थिए।

यत्रोसमय बित्दा पनि ककुद्मी (रैवत) को उमेर उस्तै थियो ? उनी वृद्ध भएका थिएनन् ? यो कसरी सम्भव भयो भन्ने जान्नको लागि हामीलाई गान्धर्व विद्या सिकाइदिनुहोस् भन्ने शौनकादि ऋषिको प्रश्नमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत भन्नुहुन्छ- ब्रह्मलोक जानेहरूलाई वृद्धावस्था आउँदैन। यसको लागि गान्धर्व विद्या जान्नुपर्दछ। गान्धर्व विद्यामा ७ वटा स्वर, ३ ग्राम, २१ मूर्छना आदि हुन्छन्, सुन्नुहोस् -

न जरा क्षुत् पिपासे वा न च मृत्युभयं ततः,
न च रोगः प्रभवति ब्रह्मलोकं गतस्य ह
गान्धर्वं प्रतियच्चापि पृष्टस्तु मुनिसत्तमाः,
ततो ~ हं संप्रवक्ष्यामि याथातथ्येन सुव्रताः
सप्तस्वरा स्त्रयो ग्रामा मूर्च्छनास्त्वेकविंशति,
ताश्चैकोपनपञ्चाशदित्येतत् स्वरमण्डलम्
षड्जसभौ च गान्धारो मध्यमःपञ्चमस्तथा,
धैवतश्चापिविज्ञेयस्तथाचापिनिषादकः
सौवीरा मध्यमाग्रामा हरिणाश्च तथैवच,
तस्याःकलोपबलोपेताश्चतुर्थी शुद्धमध्यमाः
शार्ङ्गी पौषाच वै देव दृष्टाकाच यथाक्रमः - ६१।२७-३२

संगीत शास्त्र

संगीत शास्त्रमा ७ स्वर, ३ ग्राम २१ मूर्च्छना र ४९ ताल हुन्छन्। यिनीहरूलाई स्वर मण्डल भनिन्छ। षड्ज, ऋषभ, गान्धार मध्यम, पञ्चम, धैवत र निषादका आद्य अक्षरहरू (ष र ग म प ध नि) नै ७ स्वरका संक्षिप्त नाम हो। यी स्वरहरू एक अर्कासँग मिल्दा विभिन्न तालहरू निस्कन्छन्। यिनै मध्ये कुनै ताल नारदको वीणासँग मिल्छ। सुसौवीर ब्रह्माको प्रियस्वर हो। स्वरबाटै मूर्च्छना पैदा हुन्छ। यस्तै मुर्च्छना सुनेर नागहरू लठ्ठिन्छन्। मूर्च्छना सुनेर यक्षहरू मूर्छित भएकाले यक्षलाई मूर्च्छना पनि भनिन्छ। मूर्च्छना धेरै किसिमका हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६२. गन्धर्व लक्षण अलङ्कार

तत्तत् वर्णका विशेष संयोगबाट अलङ्कार बन्दछ वा स्वर संयोजन मधुर हुन्छ। पदहरू मिलेर तिनीहरूको उच्चारण कला-सिर्जित स्वर-ताल संयोजित ध्वनी नै अलङ्कार हो। वक्षस्थल, कण्ठ र शिर गरी गीतका ३ स्थान हुन्छन्। यिनै ३ स्थानबाट सुरु गरिएको स्वर उत्तम हुन्छ। अलङ्कार प्रकृतिमा ४ वर्ण, ८ विकल्प र १६ देवता हुन्छन्। वर्णको तत्व बुझ्नेलाई सृष्ट, प्रशंसारी, तेश्रो अवरोहण र चौथो आरोहणको ज्ञान हुन्छ। अलङ्कार ४ किसिमका हुन्छन् - क. स्थापनी ख. क्रमरेजित ग. प्रमाद घ. अप्रमाद। उष्ट्रकल नामको विकृत स्वर एक ठाउँमा उत्पन्नभई अर्को ठाउँमा टुङ्गिन्छ। कुमर नामक स्वरलाई अल्पविस्तार र वामन नामक स्वरलाई अधिक विस्तारको आवश्यकता हुन्छ। अपाङ्ग नामक स्वर अधिक मात्राको र कुलारेक नामको स्वर अलंकारयुक्त हुन्छ। श्येन नामको स्वर एकै स्थानमा उत्पन्न हुन्छ। सविन्दु नामक स्वर कला-कलाको परिणाममा उत्पन्न हुन्छ। स्वरहरू धेरै किसिमका हुने र उलटपुलटगर्न सकिने प्रकृतिका हुन्छन्। स्वर ज्ञानमा पुष्कल, कला, कस्यना, मुर्च्छना आदि शब्दको प्रयोग हुन्छ। षड्ज स्वरका २३ किसिमका अलङ्कार विपर्ययबाट ८० किसिमका फरक स्वरहरू बन्दछन्। अलंकारले नारीहरू सुन्दर भए जस्तै स्वर र अलंकारले वर्णहरू शोभित हुन्छन्।

अलंकारलाई अवलम्वनगर्ने गायकले स्वरका नियमहरूलाई पालन गर्नुपर्दछ।

६३. इक्ष्वाकु वंश वर्णन

सूत भन्नुहुन्छ - हे ऋषिहरू ! रेवाका छोरा रैवत (ककुद्मी) मेरूतिर गएपछि यक्ष र राक्षसहरूको नगरी कुशस्थलीलाई ध्वस्त बनाइदिएका थिए भने रैवतका दाजुभाइले राक्षसलाई पनि तितरवितर पारेका थिए। त्यसबेला शर्याति नामका राजा थिए। उनी धार्मिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वभावका थिए । त्यसै वंशमा धृष्टका रणधृष्ट छोरा थिए । यस्तै नभगका छोरा नाभाग पनि पराक्रमी राजा थिए । नाभागका अंवरीष, अंवरीषका विरूप, विरूपका पृषदश्व, पृशदश्वका रथीतर छोरा भए । यी सबै क्षत्रीय राजाहरूको गोत्र अंगिरा थियो ।

पूर्वकालमा मनुले हाक्ष्युँगर्दा इक्ष्वाकु जन्मिएका थिए (क्षुवतस्तु मनोः पूर्वमिक्ष्वाकुरभिनिःसृतः - ८) । मनुका १०० छोराहरूमा विकुक्षी, निमि र इक्ष्वाकु श्रेष्ठ थिए । विकुक्षीका शकुनि आदि ५० छोरा थिए । तिनीहरू सबै उत्तराखण्डका प्रमुख भए । एक दिन राजा इक्ष्वाकुले छोरा विकुक्षीलाई श्राद्धको निमित्त मृगको मासु लिएर आउँन अराए । विकुक्षी मासु लिनगए । मृगको शिकार गरे, थाकेकाले खरायोको मासु आफुले खाए र बाबुले भने अनुसार मृगको मासु ल्याइदिए । वसिष्ठले खरायोको मासु खाएको थाहापाएर तिम्रा पितृ दूषित भए, भने । राजा इक्ष्वाकु रिसाए र छोरालाई निकालिदिए । अन्तमा पिसाब सम्बन्धी रोग लागेर राजा इक्ष्वाकु मरे । इक्ष्वाकु मरेपछि यिनै विकुक्षी नै वसिष्ठको निर्देशनले अयोध्याका राजा भए । विकुक्षिका उत्तराधिकारी ककुत्थ थिए । ककुत्थका छोरा अनेना, अनेनाका छोरा पृथु, पृथुका छोरा पृषदश्व, पृषदश्वका छोरा अन्ध्र, अन्ध्रका युवनाश्व, युवनाश्वका छोरा श्राव, श्राव (श्रावस्ति)का छोरा वृहदश्व, वृहदश्वका छोरा कुवलाश्व (धुन्धु नामको राक्षसलाई मारेकाले यिनलाई धुन्धुमार पनि भनिन्थ्यो) छोरा थिए ।

वृहदश्वका २१ हजार विद्वान् वीर छोरा थिए । यिनले कुवलाश्वलाई उत्तराधिकारी नियुक्तगरेर वनतिर जानलाग्दा गुरू उत्तङ्कले रोकेर हामीलाई मधुपुत्र धुन्धु नामक विकराल राक्षसले दुखदिन्छ, त्यसलाई मारिदिनुहोस्, तपाईं सक्नुहुन्छ, भने । उत्तङ्कले पुनः भने- क्रूर धुन्धुले १०० वर्ष तपस्या गरेर सिद्धि र शक्ति प्राप्तगरेको छ । उसले सास फेर्दा पनि वनपाखाका रूख हल्लिन्छन् । गुरूले त्यसो भनेपछि कुवलाश्वलाई २१ हजार भाइको सहयोगले धुन्धुलाई मार्न निर्देश गरेर राजा वनतिर गए । बाबुको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्देशअनुसार कुवलाश्वले वालुवामा लुकेको धुन्धुलाई मार्न सकेका थिए। त्यसैकारण कुवलाश्वलाई उत्तङ्कले अक्षय सम्पत्ति प्राप्तहुने र कसैसंग पराजय वेहोर्नु नपर्ने वरदान दिएका थिए। धुन्धुसंगको युद्धमा वृहदश्वका दृढाश्व, भद्राश्व र कपिलाश्व ३ छोरा मात्र बाँचेका थिए।

कुवलाश्वका जेठा छोरा हर्यश्व थिए। हर्यश्वका निकुम्भ र निकुम्भका संहताश्व छोरा थिए। संहताश्वकी एउटी पत्नी हेमवती (दृषद्वती) अत्यन्त प्रसिद्ध थिइन्। तिनीबाट प्रसेनजितको जन्म भएको थियो। प्रसेनजितकी पत्नी गौरीलाई पतिको श्रापपरेर बाहुदा नदी बन्नु परेको थियो। युवनाश्वका छोरा मान्धाता विश्वविजयी थिए। उनी सूर्यले उज्यालो दिने सम्पूर्ण क्षेत्रको अधिपति बन्नसकेका थिए-

यावत् सूर्य उदयते यावच्च प्रतितिष्ठति,

सर्वं तत् यौवनाश्वस्य मान्धातुः क्षेत्रमुच्यते -६३।६९-७०

अम्वरीषका उत्तराधिकारी पुत्र युवनाश्वकी नर्मदा पत्नीबाट सम्भूत नामका छोरा जन्मिएका थिए। सम्भूतका अनरण्य (जसलाई रावणले मारेका थिए) अनरण्यका दृषदश्व, दृषदश्वका हर्यश्व, हर्यश्वका सुमति छोरा थिए। यस्तै, सुमतिका त्रिधन्वा, त्रिधन्वाका त्रयारूणि, त्रयारूणिका सत्यव्रत छोरा भए। सत्यव्रतले विवाह हुनलागेकी विदर्भपत्नीलाई अपहरण गरेकाले चाण्डालसंग वस्नू भनेर बाबु त्रयारूणिले निकालिदिए। उनी वनतिर गए तर उनको अपराध कर्मले गर्दा १२ वर्ष पानी परेन।

बाबुले निकाल्दा पनि केही नबोलेको भनेर गुरू वसिष्ठसँग सत्यव्रत पनि क्रुद्ध थिए। यिनले विश्वामित्र तपस्यागर्न गएको बेलामा उनकी पत्नीले एउटा छोरालाई गलामा बाधेर विक्रीगरी बाँकी छोरालाई बचाउन लाग्दा विक्री हुनलागेको छोरालाई रोकेर (सत्यव्रतले) परिवारलाई समेत सहयोग गरेका थिए। गला वाधेर विक्री हुनलागेकोलाई वचाएकाले सत्यव्रत नै गालव नामले प्रसिद्ध भए। पछि तपस्यागरेर विश्वामित्र फर्किए त्यसपछि उनले सत्यव्रतलाई वरदान लिनभने। वरदान स्वरूप उनले सशरीर स्वर्ग जान पाए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उता, सत्यव्रतले विश्वामित्रको परिवारलाई सहयोगगर्दा गाईको मासु खाएको, विदर्भपत्नी हरण गरेको र संस्कार नगरेको मासु खाएको ३ अपराध गरेकाले त्रिशङ्कु नाम पाए । तिनै सत्यव्रत (त्रिशङ्कु) बाट हरिचन्द्र जन्मिए । हरिश्चन्द्रबाट रोहित जन्मे भने त्यसै वंशमा सगर, दशरथ र उनका ४ छोरा रामचन्द्र, भरत, लक्ष्मण र शत्रुघ्न भए । रामबाट लव र कुश, भरतबाट तक्ष र पुष्कर, लक्ष्मणबाट अंगद र चन्द्रकेतु, शत्रुघ्नबाट सुबाहु र शूरसेन छोरा भए । यसै वंशमा निषध, नल, पारियात्र, पुष्प, अग्निवर्ण, वृहद्बल आदि वीरहरू जन्मिए ।

यो इतिहास पढे मात्र पनि पापनाश, दीर्घायु र सन्तानवान् भइन्छ र अन्तमा जन्ममरणको चक्रबाट मुक्तभएर मुक्ति प्राप्त हुन्छ ।

६४. निमि वंश

सूत भन्नुहुन्छ - हे शौनक ! ब्रह्माण्ड पुराणमा बताइएको विकुक्षीका भाइ निमिको वंश वर्णन अनुसार निमिका वंशमा (कुनै जनकबाट) निमि नामक छोरा (धर्मात्मा राजा) जन्मिएका थिए । इक्ष्वाहु वंशमा उत्पन्न भएका ती बालकलाई वसिष्ठको श्रापले विदेही (अशरीरी) हुनुपरेको थियो । विदेहले अरणि मन्थन गरेर मिथि (मन्थन गरेर जन्मिएकाले) लाई जन्मदिए । यिनैलाई जनक पनि भनियो । मिथिलापुरीको प्रसिद्धि यिनै जनकबाट भएको थियो । जनकबाट क्रमश उदावसु, उदावसुबाट नन्दीवर्धन, नन्दीवर्धनबाट सुकेत, सुकेतबाट देवरात, देवरातबाट वृहदुक्थ, वृहदुक्थबाट महावीर्य, महावीर्यबाट धृतिमान् र धुतिमान्बाट सुधृति छोरा भए । यसैगरी सुधृतिका छोरा धृष्टकेतु, धृष्टकेतुका छोरा हर्यश्व, हर्यश्वका छोरा मरू, मरूका छोरा प्रतिवंक, प्रतिवंकका छोरा कीर्तिरथ, कीर्तिरथका देवमीढ, देवमीढका विवुध, विवुधका महाधृति, महाधृतिका कीर्तिरात, कीर्तिरातका महारोम, महारोमका स्वर्णरोमा र स्वर्णरोमाबाट हस्वरोमा छोरा जन्मिए । यस्तै, हस्वरोमाबाट सीरध्वज भए । यिनै सीरध्वजले यज्ञको लागि जमिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्षणगर्दा सीता उत्पन्न भएकी थिइन्। सीरध्वजबाट भानुमान, भानुमानबाट प्रद्युम्न छोरा भए। प्रद्युम्नका छोरा मुनि, मुनिका छोरा ऊर्जबह, ऊर्जबहका छोरा सनद्वाज, सनद्वाजका छोरा शकुनि, शकुनिका छोरा स्वागत, स्वागतका छोरा सुवर्च, सुवर्चका छोरा श्रुत, श्रुतका छोरा सुश्रुत, सुश्रुतका छोरा जय, जयका छोरा विजय, विजयका छोरा क्रतु, क्रतुका छोरा सुनय, सुनयका छोरा वीतहव्य, वीतहव्यका छोरा धृति, धृतिका छोरा बहुलाश्व, बहुलाश्वका कृति छोरा भए।

६५. बुध-जन्म-घटना

चन्द्रमाका पिता अत्रिले ३ हजारवर्ष सम्म कठिन तपस्या गरे। तपस्याले उनको शरीर चन्द्रमय भयो। उनको आँखाबाट आँसु (सोम)झऱ्यो। आँसु भूईंमा नपर्दै अत्रिले कुहिनोमा लिनुभयो र ब्रह्माले त्यसलाई रथमा राख्नुभयो। त्यो नै गर्भ (भ्रूण) बन्यो। त्यसलाई ब्रह्माको आदेशले दिशाहरूले धारणगर्न खोजे। तर सबै दिशाहरू मिल्दा पनि त्यो गर्भलाई लिन सकेनन् र भुईंमा छोडिदिए। भुईंमा भएको त्यो भ्रूणलाई ब्रह्माले आफ्नो रथमा राख्नुभयो। त्यसैबाट चन्द्रमा उत्पन्न भए। अत्रिपुत्र तिनै चन्द्रमाले एकपटक राजसूय यज्ञ गर्नुभयो। दक्षले २७ वटी छोरी चन्द्रमालाई दिनुभयो। चन्द्रमाको उत्कर्ष भैरहँदा अकस्मात बुद्धि भ्रष्ट भयो र उनले बृहस्पतिकी पत्नी तारासँग बलजफत गरी यौन सम्बन्ध राखे। तारा गर्भिणी भइन्। ब्रह्माले कसको गर्भ हो भनेर तारालाई सोद्धा लजाउदै उनले 'चन्द्रमाको' भनिन्। यो सुनेर चन्द्रमाले आफ्नो छोरालाई शिरमा चुम्वन गर्दै प्रसन्नता व्यक्त गरे। बालकको नाम बुध राखे। यिनै बुधले इलाबाट पुरूरवालाई जन्म दिए। पुरूरवाले उर्वशीबाट ६ वटा छोरा जन्माए। त्यसैबेला चन्द्रमालाई राजयक्ष्मा (TB) रोग लाग्यो। त्यसबेला चन्द्रमा पिता अत्रिको शरणमा गए। अत्रिले चन्द्रमालाई रोगमुक्त गरिदिए।

यो प्रसंग सुनेमा वा पढेमा मनुष्य निरोगी र पापमुक्त बन्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६६. कौशिक-वंश (जमदग्नि, विश्वामित्र आदिको जन्म)

सोम (चन्द्र) बाट बुध र बुधबाट पुरूरवा जन्मिए (अध्याय ६५)। पुरूरवा अत्यन्त वीर, सत्यवक्ता र दानी पनि थिए। यिनीले उर्वशीलाई विहे गरेर पटक पटक र धेरै स्थानमा गरेर ६४ वर्ष सँगै बिताए*(यसको अर्थ पुरूरवाले उर्वशीसंग लगातार भोग गरेका थिएनन्)*-

तया सहावसद्राजा दश वर्षाणिचाष्ट च,
सप्त षट् सप्त चाष्टौ च दशचाष्टौ च वीर्यवान्
वने चैत्ररथे रम्ये तथा मन्दाकिनीतटे,
अलकायां विशालायां नन्दने च वनोत्तमे
गन्धमादनपादेषु मेरूश्रृङ्गे नगोत्तमे,
उत्तरांश्च कुरून्प्राप्य कलापग्राममेव च
एतेषु वनमुख्येषु सुरैरान्तरितेषु च
उर्वश्या सहितो राजा रेमे परमयामुदा। ६६।५-८

उर्वशीलाई मनुष्य हुनुपर्ने ब्रह्माको श्राप थियो। पुरूरवासंग विहेगर्दा उर्वशीले ३ वटा शर्त राखेकी थिइन् - (१) मैथुनका बेला बाहेक अरू बेलामा नाङ्गो नदेख्ने (२) सधैं २ वटा भेडा साथमा राख्ने र (३) एकछाक घ्यूको आहार गर्ने। राजाले शर्त स्वीकारेर उर्वशीलाई विहे गरेका थिए। विहापछि दुवै जना अत्यन्त खुसी पनि थिए। तर, आफ्नो कुलकी उर्वशीले यसरी मान्छेको रूपमा मनुष्य लोकमा गएको कुरालाई भने गन्धर्व वंशमा राम्रो मानिएको थिएन। त्यसैले विश्वावसु नामक गन्धर्वले उर्वशीलाई फिर्ताल्याउन उनका भेडा हरण गरे। हरण गरिएको भेडा खोज्न अकस्मात बाहिर निस्कदा पुरूरवा नाङ्गै निस्किए। मैथुन वाहेकको समयमा राजा नाङ्गो भएको देखेको हुँदा शर्त भङ्ग भएको बताएर उर्वशी गन्धर्व लोकमै फर्किइन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उर्वशी गन्धर्व लोकमा गएपछि राजा पुरूरवा पत्नीवियोगले विक्षिप्त हुँदै खोज्न निस्किए र यक्षद्वीपमा उनलाई नुहाइरहेकी भेट्टाए । त्यसबेला अरू गन्धर्वले भने - हे राजा ! तपाईं उर्वशीलाई चाहनुहुन्छ भने अग्निस्थाली लिनुहोस् । राजा थाली लिएर गए । उनको राज्य प्रयाग क्षेत्र थियो । त्यसबेलासम्म अग्नि एक किसिमको मात्र हुन्थ्यो । पुरूरवाले अग्निलाई शोध गरेर ३ किसिम (समुद्र अग्नि, वनाग्नि र जठराग्नि) को बनाए । पुरूरवा र उर्वशीबाट वीर ६ वटा छोरा - आयु, धीमान्, अमावसु, विश्वायु, शतायु र धृताय भए । अमावसुको वज्ञमा जह्नु जन्मिए । यिनीले गर्नलागेको यज्ञमा गंगा पसेर यज्ञसामग्री बगाई दिएकाले जह्नु रिसाए र गंगालाई नै पिइदिए । यो देखेर ऋषिहरूले गंगालाई कन्याको रूपदिएर अर्पिए । जह्नुले गंगालाई छोरी स्वीकारेकाले तिनै गंगालाई जाह्नवी भनियो । जह्नुले यौवनाश्व राजाकी नातिनीका कावेरीसँग विहे गरे । कावेरी नदीहरूमा श्रेष्ठ मानिन्छन् । जह्नु र कावेरीबाट सुनह (वायु पुराणमा सुहोत्र) छोरा जन्मिए । यसै वंशमा बलाकाध भए । बलाकाधका छोरा कुश (वायु पुराणमा गय, शील र कुश गरी ३ छोरा) जन्मिए । कुशका ४ छोरा कुशाश्व, कुशनाम, अर्मुर्तरयस र वसु भए । कुशाश्वले एक हजारवर्ष तपस्या गरे । इन्द्रले देखे र राजाको छोराहुन स्वीकार (इन्द्र नै छोराको रूपमा जन्मिए वा इन्द्रले कुशाश्वको पत्नीबाट आफु सरहको छोरा जन्माए, दुवै हुन सक्ने) गरे । कुशाश्व (कौशिक) ले गाधि नामक असल छोरा जन्माए । गाधिले पुरूकुत्सकी छोरीसँग विहे गरे र सत्यवती छोरी जन्माए । छोराको इच्छागर्ने गाधिले सत्यवतीको विवाह भरद्वाज वंशी ऋषि ऋचीकसँग गरिदिए । गाधिको पुत्रेच्छावुझेर ऋचीकले चरू सिद्ध गरिदिए र आफु तपस्यागर्न गए । पत्नी (सत्यवती) र आमा (गाधिपत्नी) लाई छुटाछुट्टै दिएको चरू हडबडमा खाँदा एक अर्काको फरक परेछ । तपस्यागर्न गएका ऋचीकले यो थाहा पाए । उनले आएर भने - सत्यवतीले क्रूर छोरा पाउने छिन् भने गाधिपत्नी (सासु) ले असल छोरा पाउनेछन् । यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनेर सत्यवती दुखित भएर पतिलाई प्रसन्नपार्दै भनिन्- मेरो नाती बरू खराब भएपनि छोरा असल होस् । ऋषि (ऋचीक) ले हुन्छ भने र छोरा जमदग्नि जन्मिए । यस्तै गाधि र पुरूकुत्स पुत्रीबाट विश्वामित्र जन्मिए । सत्यवती नै कौशिकी नामले प्रसिद्ध महानदी भइन् ।

यस्तै इश्वाकु वंशमा रेणुक राजा थिए । तिनकी कमली छोरी (रेणुका पनि भनिन्छिन्) थिइन् । रेणुकाले जमदग्निबाट धनुर्वेदको दीक्षा पाएकी थिइन् । तिनैले परशुरामलाई जन्म दिइन् । और्व (भृगु) पुत्र ऋचीकले तपस्या बलले सत्यवतीबाट जमदग्नि, शुनःशेफ र शुनःपुच्छ ३ पुत्र पैदा गरे । उता कौशिक (गाधि) ले चन्द्रवंशको वृद्धिगर्ने विश्वरथ नामका महात्मा छोरा विश्वामित्रलाई जन्माए । विश्वामित्रको यज्ञमा शुनःशेफलाई पशुत्वको रूपमा दिएकाले शुनःशेफ विश्वामित्रको छोरा भनिए । यिनै शुनःशेफ देवताद्वारा दिइएकाले देवराज पनि भनिए । यसैले विश्वामित्रका मधुच्छन्द, कृतदेव आदि छोरा भएपनि शुनःशेफ जेठा मानिए । यिनै कौशिक (विश्वामित्र) का पार्थिव, देवराज, उदम्वर आदि धेरै गोत्र छन् । विश्वामित्र क्षत्रिय भएर पनि असल कर्मगरेर ब्राह्मण भए । यसरी ब्राह्मणहुने अरू पनि छन् । तपस्याभन्दा ठूलो सत्य हो ।

६७. धन्वन्तरि जन्म, अविमुक्तक्षेत्र (वाराणसी)मा शिव वास, रजिको पराक्रम । इन्द्रलाई पुन स्वर्ग प्राप्ति

पुरूरवा र उर्वशीका ६ वटा छोरा मध्येका आयुको विवाह स्वर्भानुकी छोरीसंग भएको थियो । उनीहरूबाट ५ छोरा जन्मिए र ती सबै राजा बने । ५ छोरा मध्ये जेठा नहुष थिए । उनकै वंशका सुनहोत्रका काश, शल र गृत्समद ३ छोरा भए । गृप्समदका छोरा शुनक र उनका छोरा शौनक भए । शौनकका वंशीहरू आ-आफ्नो कर्मअनुसार ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्र भए । यस्तै काशबाट काशिय र दीर्घतपा २ छोरा भए । दीर्घतपाबाट धन्व र धन्वबाट धन्वन्तरि छोरा भए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्वन्तरि भगवान्को अंशका थिए भन्ने सुनेका थियौं, ती कसरी मृत्यु लोकमा जन्मिए ? भन्ने ऋषिहरूको प्रश्नमा सूत भन्नुहुन्छ- समुद्र मथनगर्दा लक्ष्मी जन्मिए जस्तै गरी अत्यन्त तेजस्वी बनेर धन्वन्तरि पनि समुद्र मथनबाटै जन्मिएका थिए । जन्मने वित्तिकै धन्वन्तरिले विष्णुलाई खाने बस्ने ठाउँ तोकिदिन अनुरोध गरे । विष्णुले भन्नुभयो- तिमीपछि पैदा भयौ, सबै यज्ञभाग देवता र दानवलाई बाडिसकियो । यसैले तिमीले पाउँदैनौ । तिमी दोश्रो द्वापरयुगमा पुनः अर्को धन्वन्तरि भएर जन्मने छौ । त्यसवेला तिमी आयुर्वेद विद्याको प्रचारक र प्रमुख हुनेछौ । यति भनेर विष्णु अन्तर्धान हुनुभयो ।

दोश्रो द्वापर युगमा दीर्घतपा राजा थिए । उनले धन्वन्तरि जस्तै छोरा जन्माउने इच्छाले तपस्या गरे । तपस्यापछि धन्वन्तरि जन्मिए । धन्वन्तरिले भरद्वाज ऋषिबाट आयुर्वेद विद्या सिके । उनले आयुर्वेदलाई ८ भागमा विभाजन गरेर शिष्यहरूलाई पनि सिकाए । धन्वन्तरिका छोरा केतुमान र केतुमानका छोरा दिवोदास भए । दिवोदास वाराणसीका प्रसिद्ध राजा थिए । यिनकै पालामा क्षेमक राक्षस पसेर वाराणसीलाई शून्य बनाएको थियो । त्यसकारण राजा दिवोदास गोमति (हालको लखनउ) मा सरे । वाराणसी शून्यहुनुमा निकुम्भको श्राप कारण थियो ।

पवित्र नगरी वाराणसीको नाशहुन किन श्राप पर्नुपरेको ? भन्ने प्रश्नमा सूत भन्नुहुन्छ- शिवपार्वतीको विवाह भएपछि पार्वतीको सन्तुष्टिको निमित्त शिवजी हिमालय (ससुराली) मा बस्नु भएको थियो । ससुरालीमा बस्दा पनि शिवजी नाङ्गो भएको, खरानी घसेको मेनका (सासु)लाई मन परेन । मेनकाले आफ्नो पतिलाई घृणागर्न लागेको पार्वतीलाई मन परेन र शिवजीलाई आफ्नै घर लैजानुहोस् भन्नुभयो । शिवजीको खासै घर कहीं नभएकाले वाराणसीमा बस्न इच्छागर्नुभयो । त्यसको निमित्त शिवले गणेशलाई आफुले चाहेको कुरा भन्नुभयो । गणेशले निकुम्भलाई सपनामा भन्नुभयो- वाराणसीको मध्य शहरमा मेरो (गणेशको) मूर्ति स्थापना गर्नू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकुम्भले राजा दिवोदाससँग भनेर मूर्ति स्थापना गरे । त्यहाँ गणेशको पूजा हुनथाल्यो । गणेशले भक्तहरूको इच्छाअनुसार वरदान दिएर प्रसिद्धि पनि कमाउनुभयो । यसैवीच दिवोदासकी पत्नी सुयशा (रानी) ले पनि पुत्रेच्छाले गणेशको पूजा गरिन् । लामो समयसम्म पूजागर्दा पनि आफ्नो इच्छा पुरा नभएको र अरू भक्तहरूको कामना पुरा भैरहेको देख्दा राजा क्रुद्ध भए । अन्ततः मति भ्रष्ट भएका राजाले गणेशको मन्दिर ध्वस्त बनाए । निकुम्भलाई रिस उठ्यो र त्यसवेला वाराणसी नै शून्य हुने श्राप दिएको थियो । कुनैवेला दिवोदासले भद्रसेन राजाका १०० भाइ छोरा मारेर वाराणसीमा नगर बसालेर राज्यगरेका थिए । भद्रसेनका एउटा छोरा दुर्मद थिए । दिवोदासले दुर्मदलाई बालकदेखेर छोडिदिएका थिए । पछि उनै दुर्मदले पूर्व वैरी साधेर राज्य फिर्तालिएका थिए । दिवोदासका छोरा प्रतर्दन, प्रतर्दनका छोरा वत्स र गर्ग भए । वत्सका छोरा अलर्क भए । अलर्क ६६ हजार वर्ष सम्म लोपामुद्राको कृपाले युवा हुन सकेका थिए भनिन्छ । तिनै अलर्कले क्षेमक राक्षसलाई मारेर वाराणसीमा पुनः नगर बसाएका थिए । यो वंशमा अरू पनि अनेक राजा भए ।

रजि-वंश वर्णन

एक पटक देवता र दानवकावीच युद्ध भयो । दुवै तर्फका प्रतिनिधिले ब्रह्माजीलाई छुट्टाछुट्टै सोधे- हे पिता ! कस्को विजय हुन्छ ? ब्रह्माजीले भन्नुभयो- जता धर्मात्मा राजा रजिले आफ्नो आयुध प्रयोग गर्छन् त्यतै जित हुन्छ । यो सुनेर पहिले दानवहरू रजिकहाँ सहयोगको लागि गए । रजिले म सबैलाई जित्न सक्छु, इन्द्रलाई जितेर इन्द्र पनि बन्न सक्छु । तर मैले युद्धमा जितेपछि आफु इन्द्र बन्न पाउँनुपर्दछ भन्ने प्रस्ताव राखे । उनको प्रस्ताव सुनेर दानवहरूले भने- प्रह्लाद हाम्रा इन्द्र हुन् । उनकै लागि सहयोग गरिदिनुहोस् भनी इन्द्रपद दिन इन्कार गरे । यसैवीच देवताहरू पनि रजि समक्ष गए र भने- दैत्यलाई जितेर इन्द्र बन्नुहोस् । रजिले 'हुन्छ' भने । इन्द्र बन्न पाइन्छ भनेपछि रजिले देवताहरूको पक्षमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुध प्रयोग गरे । दानवहरू पराजित भए । शर्त अनुसार रजि इन्द्र वने । रजि इन्द्र भएपछि रजिका छोराहरू घमन्डले मात्तिए र इन्द्र पक्षकालाई हेलागर्न थाले । इन्द्र दुखित बने र बृहस्पतिसँग राज्यहरण भएकाले वयरको फल वरावर पुरोडास प्राप्तगर्न अनुरोध गरे । बृहस्पतिले इन्द्रको अनुरोध सुनेर भने- पहिल्यै मलाई यो घटना भनेको भए यो अवस्था आउँनदिने थिइन । अब म तपाईंको हित गरौंला । यति भनेपछि बृहस्पतिले रजिका छोराहरूलाई मोह र अधर्म आउँने बनाइदिए । त्यसले गर्दा क्रमशः रजिको शक्ति नाशिन थाल्यो । त्यसै बेलामा इन्द्रले रजिका पुत्रहरूलाई जिते र इन्द्रपद र स्वर्ग हात लगाए ।

यो प्रसङ्ग सुने वा पढे मात्र पनि दुरात्मभाव आउँदैन ।

६८. ययाति चरित्र

महातेजस्वी मरूतले आफ्नी छोरीको विवाह राजासँग गरिदिए । ती राजा ६० वर्षदेखि प्रत्येक महिना सोम यज्ञगरेर शक्ति र सम्पत्ति प्राप्त गरिरहेका थिए । मरूतकी छोरीबाट मित्र ज्योति जन्मिए । उनीबाट महासत्वा हुँदै यसैवंशमा संकृतिबाट कृतधर्मा, नहुष आदिको जन्म भयो ।

राजा नहुषका ६ छोरा यति, ययाति, संयति, आयति, वियति र कृति थिए । जेठा यतिले काकुत्थकी कन्या गौलाई पत्नी बनाएका थिए । उनले ब्रह्मत्व प्राप्तगरेकाले राज्य नगर्ने भए । त्यसपछिका त्यसै वंशका नहुषका छोरा ययाति राजा भए । ययातिले शुक्राचार्यकी छोरी देवयानी र वृषपर्वा दैत्यकी छोरी शर्मिष्ठालाई विवाह गरे । देवयानीबाट यदु र तुर्वसु २ छोरा र शर्मिष्ठाबाट द्रुह्यु, अनु र पुरू -३ छोरा भए । ययाति अत्यन्त पराक्रमी थिए । उनलाई इन्द्रले विशेष किसिमको रथ दिएका थिए र त्यसै रथको प्रतापले समुद्र पर्यन्तको भूभाग जितेर एकच्छत्र राज्यगरेका थिए । पछि त्यो रथ जनमेजयले लिएका थिए । कसरी रथ जनमेजयले पाए भन्ने इतिहास यस्तो छ -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा परीक्षितका छोरा जनमेजय सत्तामा आउँदा पनि यो रथ ययातिसँगै थियो। पछि गार्ग्यको श्रापले रथ नष्ट भएको थियो। जनमेजयले गार्ग्यको छोरालाई मारिदिएका थिए । त्यसैले गार्ग्यले जनमेजयलाई लोहगन्धहुने श्राप दिएका थिए । फलामको गन्धआउने भएका यी राजालाई बाहिर घुम्दा सबैले घृणागर्न थाले। यसबाट दुखित बनेका राजा शौनक ऋषिको शरणमा गए। शौनकलाई इन्द्रोत पनि भनिन्छ। इन्द्रोतले जनमेजयलाई लोहगन्धबाट मुक्तहुन अश्वमेध यज्ञगर्नू भनेका थिए । त्यसपछि त्यो रथ चेदिपति वसुमा, वसुबाट इन्द्रमा, इन्द्रबाट वृहद्रथमा, वृहद्रथबाट जरासन्धमा र जरासन्धबाट भीममा पुग्दै भीमबाट कृष्णले प्राप्तगर्नुभएको थियो। ययातिलाई शुक्राचार्यको श्रापले वृद्धावस्थामा पुग्न परेकाले बुढो भएपछि पनि यौवनको आनन्दलिने धोको थियो । यसैले ययातिले आफ्ना छोराहरू यदु, तर्वसु, अनु, पुरू र कुरूलाई केही समय आफ्नो बुढ्याई स्वीकार गरी उनीहरूको यौवन मागे। कान्छो बाहेकका चार जनाले आफ्नो युवावस्था बाबुलाई दिन मानेनन्। राजाले आफ्नो प्रस्ताव नमान्ने सबै छोरालाई राज्यगर्न नपाउँने श्राप दिए । त्यसपछि कान्छो छोरो कुरूलाई प्रस्तावगर्दा उमेर साट्न मानेकाले राजाले कान्छो छोराको जवानी प्राप्तगरी राज्यभोग गरे। त्यसबेला पनि उनले प्रशस्त वीर कर्म र धर्मकार्य गरे । त्यसपछि उनले तिनै कान्छा कुरूलाई राज्य दिए। शुक्राचार्यले पनि राजालाई जसले भनेको मान्छ उसैलाई राज्यदिनु भनेका थिए। यसरी पराक्रम प्रदर्शनगरी राज्य गरेका राजा ययातिले केही सयमपछि कान्छा छोराको यौवन उसैलाई फिर्तागरी राज्याभिषेक पनि उनैलाई गरिदिए। यसैवीच ययातिले दक्षिण र पूर्वभाग तुर्वसुलाई, दक्षिणकै केही भागमा यदुलाई, पश्चिन र उत्तरमा द्रुहयु र अनुलाई राज्याधिकारी वन्न तोकिदिए । राजा ययातिको कीर्तिगान अहिले पनि गरिन्छ । सूत भन्नुहुन्छ- हे शौनक ! कामनाले शान्ति पाइदैन, बरु आगोमा घ्यु हाल्दा दन्किए जस्तै इच्छाहरू बढ्न थाल्दछन्। यसैले तृष्णा शान्तगर्दा नै सुख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्तहुन्छ। यस किसिमको अनुभव संगालेर अन्तमा पत्नीका साथ राजा ययाति वनमा गए र उनी भृगु नामक स्थानमा गएर तपस्या गर्दागर्दै देह त्याग गरे र अन्त्यमा स्वर्ग गए।

ययातिचरित्र पढेमा वा सुनेमा मात्र पनि दीर्घायुष्य प्राप्त मै कीर्तिमान् बन्नसकिन्छ।

६९. कार्तवीर्य चरित्र

ययातिका जेठा छोरा यदुका सहस्रजित, क्रोष्टु, नील, जिक र लघु नामका ५ छोरा थिए। तिनीहरू देवता समानका ज्ञानी थिए। सहस्रजितका छोरा शतजित् थिए भने शतजित्का छोरा हैहय, हय र वेणुहय थिए। हैहयका उत्तराधिकारी धर्मनेत्र, धर्मनेत्रका छोरा कुन्ति, कुन्तिका छोरा संज्ञेय (वायु पुराणमा संज्ञेयलाई कान्ति भनिएको), सज्ञेयका छोरा महिष्मान्, महिष्मान्का छोरा भद्रसेन(वाराणसीका राजा) थिए । यसै वंशमा कृतवीर्यका छोरा अर्जुन भए। अर्जुन (कार्तवीर्य) ले १० हजार वर्ष अत्रिपुत्र दत्तात्रेयको तपस्या गरेर मागेअनुसार निम्न ४ वटा वरदान पाएका थिए-

(क) हजार हात

(ख) अधर्मीलाई धर्ममा लगाउने

(ग) समस्त पृथ्वीलाई जितेर धर्मपूर्वक राज्यगर्ने

(घ) संग्रामहरूमा विजय प्राप्तगर्ने र अन्तमा आफुभन्दा बलियोबाट मर्ने।

तस्मै दत्तो वरान् दत्वा चतुरो भूरितेजसः, पूर्वं बाहुसहस्रं तु स वव्रे प्रथमं वरम्
अधर्मध्यायमानस्य सहसास्मान्निवारणम्, धर्मेणपृथिवीं जित्वा धर्मेणैवानुपालनम्
संग्रामास्तुबहून्जित्वाहत्वा चारीन्सहस्रशः, संग्रामे युध्यमानस्यवधः स्यात् प्रधने मम

६९।११-१३

दत्तात्रेयको वरदानले कार्तवीर्य (अर्जुन) अत्यन्त पराक्रमी भएका थिए। यिनी समुद्रलाई नै अवरूद्धगर्न सक्थे। यिनैले नागहरूको शहर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माहिस्मतीबाट कर्कोटकलाई जितेर त्यहाँ आफ्नो शहर बसालेका थिए। नारद सहितका गन्धर्वहरू उनको कीर्तिगाथा गाउँथे। उनले एकपटक रावणलाई बाधिदिएपछि रावणका बाबु पुलस्त्यले छुटाइदिन आग्रह गरेकाले छोडिदिए। कार्तवीर्यको प्रभावले नै सूर्यले पर्वतमा, वनमा आगो लाग्नेगरी ताप पैदा गराए। एकपटक सूर्यको तापले वसिष्ठ (आपव) मुनिको आश्रम डढ्यो। वसिष्ठ रिसाएर 'ब्राह्मण परशुरामले तेरा हजार हात काटिदिने छन् र तँलाई पनि मार्नेछन्' भनेर श्राप दिए। श्रापअनुसार परशुरामले उनका हात काटिदिए र अन्तमा उनलाई मारे। कार्तवीर्यका १०० छोरा थिए। तीमध्ये शुर, शुरसेन, वृषास्य, वृष र जयध्वज अत्यन्त धर्मात्मा र वीर थिए। जयध्वजले अवन्तिमा राज्य गरे। जयध्वजको छोरा तालजंघ थिए। यसै वंशका पूर्व पुरूष हैहयका ५ - (क) वीतिहोत्र (ख) भोज (ग) अवन्ति (घ) तुण्डिकेर (ङ) विक्रान्तगण, प्रसिद्ध छन्।

वीतिहोत्रका छोरा अनन्त, अनन्तका छोरा दुर्जय, दुर्जयका छोरा मित्राकर्षण थिए। मित्राकर्षणको, समय र धन नष्ट हुँदैनथ्यो।

अर्जुन (कार्तवीर्य) को इतिहास पढेमा मात्र पनि धन नष्ट नहुने भै लोक पूजित बनेर स्वर्ग जानपाइन्छ।

७०. वृष्णि-वंश

राजा कार्तवीर्य धर्मात्मा थिए तापनि उनले आपव (वसिष्ठ)ऋषिको आश्रममा आगजनी गर्नुको कारण के हो भन्ने ऋषिहरूको जिज्ञासामा सूत भन्नुहुन्छ - एकदिन सूर्यले एउटा वटुकको रूपमा राजा समक्ष आएर खानेकुरा मागे। राजाले के खानुहुन्छ भनेपछि वटुले समस्त जड पदार्थ नदी, पर्वत, वन, समुद्र दिनुहोस्, त्यै खान्छु भने। राजाले म मान्छेले पर्वत जंगल जस्ता स्थावर वस्तु कसरी दिन सक्छु भनेपछि वटुरूपी सूर्यले ती वस्तु प्राप्तगर्न विशेष किसिमको वाण दिए। कार्तवीर्यले त्यो वाणको प्रयोगगर्दा आगो बल्यो र वसिष्ठको आश्रम सहितको सबै स्थावर वस्तुहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जल्यो । त्यसबेला वसिष्ठ जलमा तपस्यागर्दै थिए । तपस्यासकेर फर्कदा आश्रम जलेको देखेर ऋषि रिसाएर राजालाई श्राप दिए । यसको पनि कारण बताउने छु, सुन्नुहोस्-

राजर्षि कोष्टु (ययातिका छोरा) को वंशमा वृष्णिको जन्म भएको थियो । क्रोष्टुका वंशजहरूमा वृजिनीवान्, रूक्षेकु, प्रसूत, चित्ररथ, शशविन्दु, विख्यात आदि थिए । विख्यातले यज्ञबाट उशना (पृथ्वी) प्राप्त गरे । त्यसैले विख्यातलाई पनि उशना भनिन्थ्यो । उशनाले सय वटा अश्वमेध यज्ञ गरेका थिए । उनको यज्ञबाट मरूत जन्मिए । यसै वंशमा ज्यामघ जन्मिए । ज्यामघको पत्नी सैव्या साहसी थिइन् । तर छोरा थिएनन् । एक पटकको युद्धमा ज्यामघको विजय भयो । त्यहाँ उनले एउटा कन्या प्राप्त गरे र घर लगे । रानीले को ल्याएको भनेर सोधिन् । राजाले रानीलाई ती कन्या हाम्री वुहारी हुनेछन् भने । यो सुनेर शैव्यामा अझ पुत्रेच्छा प्रकट भयो । पुत्रेच्छाले शैव्या तपस्यागर्न गइन् र विदर्भ नामको छोरा जन्माइन् । तिनै विदर्भसंग राजाले ल्याएकी कन्याको विहा भयो । उनीहरूबाट क्रथ र कौशिक नामका दुईटा विद्वान् राजपुत्रहरू पैदा भए । पछि उनै विदर्भ र उनकी पत्नी (पुत्रबधु) बाट तेश्रो छोरा लोमपाद जन्मिए । लोमपादबाट बभ्रू, बभ्रूबाट आकृति छोरा भए । यस्तै क्रथबाट छोरा कुन्ति, कुन्तिबाट धृष्ट, धृष्टबाट निवृत्ति, निवृत्तिबाट दशार्ह, दशार्हबाट व्योम, व्योमबाट जीमूत, जीमूतबाट विकृति र विकृतिबाट दशरथ छोरा जन्मिए । यसै वंशमा देवक्षेत्र, देवन, मधु, पुरूवसु आदि छोरा भए ।

यो वंशबारे पढेमा मात्र पनि बुद्धिमान बन्न र सोमको सान्निध्य प्राप्तगर्न सकिन्छ ।

७१. वृष्णि-वंशको वर्णन, कृष्णजन्म

कीर्तिवर्धन सात्वत र उनकी पत्नी कौशल्याबाट महाबली भजमान, भजि, दिव्य, वृष्णि, देवावृध, अन्धक, महाभोज नामका छोराहरू भए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनीहरू सत्यव्रती र ब्रह्मज्ञानी थिए । भजमानकी सृञ्जयी पत्नीबाट वाह्यक र उपवाह्यक २ छोरा भए। भजमानकी अर्की पत्नीबाट अयुतजित, सहस्रजित, शताजित नामका पुत्रहरू पैदा भए। यसै वंशमा देववृध, वभ्रु, भोज राजा भए। धृष्टिकी पत्नी गान्धारी र माद्रीबाट सुमित्र, मित्रनन्दन, युधाजित, मीढ्वांश (वायु पुराणमा- देवमीढुष) भए। यसै वंशमा सत्राजितको जन्म भएको थियो । सत्राजित सूर्यका परममित्र थिए । आफ्ना मित्र भएकाले यिनलाई सूर्यले स्यमन्तक मणि दिएका थिए। अत्यन्त उज्यालो बन्न सकिने यो मणिले रोगव्याध नलाग्ने र इच्छाअनुसार वर्षा गराउन सकिन्थ्यो। शत्राजितले त्यो मणि भाइ प्रसेनलाई दिएका थिए। एकदिन प्रसेन त्यै मणि लिएर शिकार खेल्न गएको बेलामा सिंहद्वारा मारिए। त्यो सिंहलाई जाम्ववानले माऱ्यो र जाम्ववान मणि लिएर एउटा गुफामा पस्यो। यता वृष्णि र अन्धक वंशमा त्यो मणि कृष्णले लगेको भन्ने शंका भयो। आफुलाई लागेको मिथ्या अपवाद हटाउन कृष्ण मणिखोज्न हिंड्नुभयो। मणि पछ्याउँदै जादा भगवान् कृष्णले विन्ध्याचलमा प्रसेनको लास देख्नुभयो। त्यसको नजिकै ऋक्षराज जाम्ववानको पाइला पनि देख्नुभयो र ऊ पसेको गुफामा पस्नुभयो। गुफाभित्र जाम्ववानको घरकी एउटी धाइले बालकलाई फुल्याउदै 'प्रसेनलाई सिंहले र सिंहलाई जाम्ववानले मारेर ल्याएको यो मणि अब तिम्रो हो' भनेको सुन्नुभयो-

प्रसेनमवधीत्सिंहः सिंहो जाम्ववताहतः

सुकुमारक मा रोदी स्तव ह्येषः स्यमन्तकः ७१।४३-४४

भगवान्ले त्यो मणि प्राप्तगर्न जाम्ववानसँग त्यसै गुफाभित्र वसेर २१ दिनसम्म युद्ध गर्नुभयो र जाम्ववानलाई मार्न सफल हुनुभयो। यता द्वारकामा कृष्णलाई जाम्ववानले मारिसकेको खवर गयो । तर कृष्णले जाम्ववानलाई जितेर मणि र छोरी जाम्ववती प्राप्तगर्नुभएको थियो । आफुलाई लागेको मिथ्यापवाद हटाउन मणि आफैसँग राख्ने इच्छा हुँदा हुँदै पनि भगवान्ले सत्राजित (वायु पुराणमा शुक्रजीत)लाई नै मणि फिर्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनुभयो । सत्राजितका १० पत्नी र हजार पुत्र थिए । ती मध्ये भंगकार, वातपति प्रमुख थिए । सत्राजितकी सत्यभामा सहित ३ छोरी थिए । उनले सत्यभामा कृष्णलाई अर्पण गरिदिए। सत्राजितले दिएको त्यो मणि शतधन्वाले लगाए । त्यै मणि अक्रुर (वभ्रु, गान्धिनी पुत्र पनि भनिन्छ) ले इच्छा गरे। शतधन्वाले सत्राजितलाई मारेर मणि अक्रूरलाई दिए । दुःखको बेलामा सहायतागर्ने शर्तमा मणि अक्रूरलाई दिइएको थियो । सत्राजित मरेपछि पिता मरेको शोकमा सत्यभामा यी सबै कुरा कृष्णलाई भन्न भनेर वाराणवत गइन् । त्यसबेला कृष्णले पाण्डवहरू जलेर मरे भन्ने खबर अनुसार जलदान दिनु भएको थियो । सत्यभामाको बाबु सत्राजित मरेको खवर अनुसार कृष्ण द्वारका आउँनुभयो र दाजु बलरामलाई त्यो मणि आफै राख्नचाहेको बताउनुभयो र मणि प्राप्तगर्न शतधन्वालाई मार्न उक्साउनुभयो। शतधन्वा र कृष्णको बीच युद्ध भयो। त्यसवेला शतधन्वाले सहायताको लागि अक्रूरलाई बोलाए । तर अक्रूर आएनन् । कृष्णसंगको युद्धबाट बच्न शतधन्वा वायुवेगी घोडालिएर भाग्न लागे । थाकेर घोडा बाटैमा मऱ्यो । त्यै वेलामा कृष्णले शतधन्वालाई मार्नुभयो । त्यसबेला बलरामलाई कृष्णले मणि लिइसक्नुभएको भन्ने लाग्यो । कृष्णले मणि पाएको छैन भनेपछि बलराम कृष्णदेखि रिसाउनुभयो र अब आइन्दा वृष्णीवंशसँग मेरो नाता छैन भनी मिथिला नगरी जानुभयो। त्यहाँ बलरामको भव्य स्वागत भयो ।

त्यसबेला वभ्रु (अक्रूर) ले विभिन्न यज्ञ गर्नुभयो । दीक्षामय कवच धारण गर्नुभयो। प्रसस्त दान पनि दिनुभयो। त्यसैवेला दुर्योधनले मिथिलामा गएर बलरामसँग गदायुद्ध सिके । रिसाएर गएका बलरामलाई पछि, मनाएर द्वारका ल्याइयो ।

मणि अक्रूरसँग छ भने थाहा पाएर कृष्णले माग्नुभयो । अक्रुरले कुनै प्रतिवाद नगरिकन मणि कृष्णलाई दिए । भन्नेवित्तिकै त्यो विशिष्ट मणि फिर्ता दिएकोमा कृष्ण खुसी हुनुभयो र पुनः अक्रूरलाई नै दिनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री कृष्णलाई लागेको कलङ्क विषयक यो कथा जानेमा मिथ्यापवादबाट मुक्त भइन्छ ।

वृष्णिपुत्र अनमित्रबाट शिनि जन्मिए । शिनि सधैं सत्य बोल्ने भएकाले सत्यक पनि भनिन्थे । उनैका छोरा सात्यकिबाट युयुधान हुँदै युगन्धर (भौत्य) पनि यसै वंशमा पैदा भएका थिए ।

माद्रीका छोरा युधाजित, जसलाई वृष्णि भनिन्छ (वायु पुराणमा, पृश्नि) थिए । वृष्णिका श्वफल्क र चित्रक २ छोरा थिए । यिनै श्वफल्कका छोरा दानवीर, यज्ञकर्ता, अक्रुर थिए । अक्रुरबाट उग्रसेनकी छोरीमा देववान् र उपदेव नामक देवतातुल्य २ छोरा भए । सत्यक र काशिराज पुत्रीबाट कुकुर, भजमान, शुचि, कम्बलवर्हि ४ छोरा भए ।

कुकुरबाट वृष्णि, वृष्णिबाट कपोतरोम, कपोतरोमबाट विलोम, विलोमबाट तुम्वुरूसखा, तुम्वुरूसखाबाट अन्धक (चन्दनोदक दुन्दुभि) जन्मिए । त्यसपछि अभिजित, पुनर्वसु आदि भए । पुनर्वसुका दुई जुम्ल्याहा छोरा आहुक र बाहुक थिए । ती दुवै बुद्धिमान् र श्रेष्ठ थिए । आहुकका दुईटा छोरा देवक र उग्रसेन थिए । देवकका देववान, उपदेव, सुदेव र देवरक्षित ४ छोरा र धृतदेवा, उपदेवा, देवरक्षिता, श्रीदेवा, शान्तिदेवा, सहदेवा र देवकी ७ वटी छोरी थिए । सातै वटी छोरीको विवाह वसुदेवसंग भएको थियो । यस वाहेक पनि वसुदेवका ६ वटी अरू पत्नी थिए । उनै वसुदेव र देवकीबाट भगवान् वासुदेवको जन्मभएको थियो ।

देवासुर संग्राममा मारिएका बलवान् असुरहरू नै मनुष्यलोकमा मानिस भएर जन्मिएका थिए भने मनुष्यलाई पीडा दिनेको नाशगर्न यादव कुलमा जन्मिएका महात्मा कृष्णले प्रतिवद्धता जाहेर गर्नुभएको थियो ।

कुन्तिका गर्भबाट धर्मराजका अंशबाट युधिष्ठिर, वायुको अंशबाट भीम, इन्द्रको अंशबाट अर्जुन पैदा भए । यस्तै, माद्रीबाट अश्विनीकुमारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंशबाट नकुल र सहदेव जन्मिए । बैसालीमा वसुदेवका कौशिक छोरा भए । यस्तै देवकीमा कृष्णको जन्महुनुभन्दा अगाडि सुषेश, कीर्तिमान, उदषि, क्रजुदायु, भद्रदेव, भद्रसेन ६ छोरा भए, ती सबैलाई कंशले मारेको थियो । देवकीको सातौं गर्भबाट सुभद्राको जन्म भयो । जसलाई वृष्णिनन्दिनी कृष्णा भनिन्छ । देवकीबाट भगवान् कृष्णको जन्महुँदा अभिजित नक्षत्र, जयन्ती रात्रि, विजय मुहूर्त लगायतका शुभवेलाका सकुनहरू थिए ।

भोजवंशी राजा कंशले वसुदेवका छोराहरूलाई किन मारे भन्ने प्रश्नमा सूत भन्नुहुन्छ- वसुदेवको विवाहमा रथ चलाउने रथी कंश थिए । त्यसबेला आकाशवाणी भयो र यिनीहरूकै आठौं गर्भबाट तेरो मृत्यु हुनेछ भनियो-

यामेतं वहसे कंश रथेन प्रियकारणात्,

तस्या यश्चाष्टमो गर्भः स ते मृत्युर्भविष्यति -७।२२८

आकाशवाणी सुनेर कंश रिसायो र उत्तिनिखेरै उसले बहिनी देवकीलाई मार्न खोज्यो । त्यसबेला वसुदेवले स्त्रीहत्यागर्न सुहाउँदैन, बरु बच्चा तपाईंलाई अर्पण गर्छु भनेर मार्नबाट जोगाएका थिए ।

यो ~ स्याः सञ्जायते गर्भो ह्यष्टमः पृथिवीपते,

तमहं ते प्रयच्छामि तत्र कुर्या यथाक्रमम् - ७।२३२

वसुदेवले देवकीबाट जन्मिएका छोरा तिमीलाई नै दिन्छु भनेपछि कंशले देवकीलाई छोडिदिएको थियो । त्यसपछि देवकीका गर्भबाट जन्मिएका ६ वटासम्म छोरालाई कंशले मारिदिएको थियो । सातौं गर्भबाट छोरी भएको सुनाउदा उसले छोरी भनेर छोडिदिएको थियो । अघिल्लो जन्ममा वसुदेव को थिए र देवकी को थिइन् भन्ने प्रश्नमा सूत भन्नुहुन्छ- उनीहरू कश्यय र अदिति नामका पतिपत्नी थिए । ब्रह्माको अंशका कश्यय र पृथिवीकी अंशकी अदिति थिइन् । तिनीहरू नै कृष्ण र देवकी भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मिएका थिए। भगवान् कृष्णका १६ हजार रानीहरू थिए भने तिनीहरूबाट लाखौं छोरा जन्मिएको बताइएको छ ।

वृष्णिवंश र कृष्णजन्मको यो प्रसङ्ग पढेमा वा सुनेमा मात्र पनि सबै कामनाहरू पुरा हुन्छन् ।

७२. विष्णुलाई भृगुको श्राप, शुक्रको शिव स्तुति

मनुष्य भएर जन्मनु परेका देवताहरूका बारे बताउने क्रममा सूत पौराणिक अन्य ऋषिहरूलाई भन्नुहुन्छ - संकर्षण, वासुदेव, प्रद्युम्न, साम्व, अनिरूद्धहरू यदुवंशीहरूमा वीर मानिन्छन्। यस्तै सप्तऋषि, कुवेर, यज्ञ, मणिवर, शालूकि, नारद, धन्वन्तरि, नन्दिन, महादेव, सालकायन, आदि देवता विष्णु जत्तिकै आदिदेव स्वरूप हुन्। सूत पौराणिक ऋषिहरूको इच्छा बुझेर भगवान् विष्णुको जन्म प्रकृति, स्वभावबारे पनि बताउदै जानुहुन्छ । भगवान् विष्णुले नै सिंहको रूप लिनुभयो, संवर्तक अग्नि वन्नुभयो आवश्यकता अनुसार हजार नेत्र, हजार चरण आदि भएको प्राणीको रूप लिदै आत्याचारीहरूको नाशगर्ने काममा लाग्नुभयो। उहाँले नै मुहूर्त, तिथि, समय आदि कालको विभाजन गर्नुभयो। मनुष्यका मनु, तपस्वीको तप, तेजस्वीहरूका तेज उनै भगवान् कृष्ण हुनुहुन्छ। हिंड्ने मनुष्य हो भने हिंडाउने उहाँ नै हुनुहुन्छ। प्राणी भोजन गर्छ, त्यसबाट रस पैदा हुन्छ, रसले रगत, रगतले मासु, मासुबाट बोसो, त्यसपछि हड्डी, मज्जा भरिन्छ । त्यसपछिको रसमूल कर्मद्वारा स्त्री पुरूषका योनि र लिङ्गबाट पैदा हुने जलीय अंश नै वीर्य हो।

मांसात्त मेदसो जन्म मेदसो स्थिनिरूच्यते,
अस्थ्नो मज्जा समभवन्मज्जातःशुक्रसम्भवः
शुक्राद्गर्भः समभवद् रसमूलेन कर्मणा,
तत्रापां प्रथमावापः स सौम्यो राशिरूच्यते - ७२।४४-४५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संभोगकालमा पुरूष र स्त्रीबाट वीजका रूपमा रज वीर्य रोपिन्छ। त्यो रज र वीर्यबाटै पत्थर (शरीर) बन्दछ । रजको अर्थ प्रेम र जल, वीर्यको अर्थ चन्द्रमा, जल र अग्नि, कफवर्गमा शुक्र, पित्त वर्गमा रगतको मात्रा संमिश्रित भएपछि शरीरमा वायु (प्राण) ले प्रवेश गर्दछ । वायु ५ प्रकारका हुन्छन् प्राण, अपान, समान, उदान, व्यान । शरीरमा बस्ने ती ५ वायुहरूले निम्नअनुसारको काम गर्दछन् -

प्राण - जीव (परमात्मा) लाई बढाउने, हुर्काउने काम गर्दछ ।

अपान - शरीरको पछाडि बस्छ, गुदद्वारबाट बाहिर निस्कन्छ, शरीर भित्रको हावालाई शुद्ध बनाउँछ ।

समान - समानरूपमा शरीरको सबै सन्धिहरूमा बस्तछ ।

उदान - शरीरको माथिल्लो भागमा बस्छ, डकारको रूपमा मुखबाट बाहिर निस्कन्छ ।

व्यान - शरीरभर व्याप्त हुन्छ ।

शरीरमा वायुको सञ्चालन भगवान् विष्णुद्वारा नै हुन्छ । त्यस्ता सिद्धि र शक्ति भएका भगवान् विष्णुलाई भृगुकी पत्नीलाई मारेको कारणले भृगुले श्राप दिएर मानिस बन्नु परेको हो । यस्को प्रसंग यस्तो छ -

हिरण्यकशिपु कुनैबेला तीनै लोकका मालिक थिए, त्यसपछि वलि र प्रह्लाद प्रमुख भए । वलिको शासन कालमा देवता र दैत्यको सम्बन्ध राम्रो थियो । ती वलिलाई भगवान्ले बाँधेपछि देवता र दानवका वीचको सम्बन्ध विग्रियो र देव-दानवका वीच बाह्र वटा युद्ध भयो -

प्रथम युद्ध - नरसिंह र हिरण्यकशिपु

दोश्रो युद्ध - वलि र वामन

तेश्रो युद्ध - वराह र हिरण्याक्ष

चौथो युद्ध - समुद्र मथन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँचौं युद्ध- तारकासुर वध

छैटौं युद्ध - आडीवक

सातौं युद्ध- त्रिपुर दहन

आठौं युद्ध - अन्धकार युद्ध

नवौं युद्ध - ध्वज युद्ध

दशौं युद्ध - वार्त्र

एघारौं युद्ध - हालाहल

बाह्रौ युद्ध - घोर कोलाहल

समुद्र मथनको समयमा इन्द्रले प्रह्लादलाई पराजित गरेकाले प्रहाल्द र विरोचन मिलेर इन्द्रलाई वधगर्न चाहन्थे। तर तारकामय युद्धमा विष्णु नै इन्द्रको शरीरमा प्रवेश गरेर उनीहरूलाई मारिदिनुभयो । हिरण्यकशिपुले १ अर्व ७२ लाख ८० हजार वर्ष र वलिले १ अर्व ३० लाख ६० हजार वर्ष राज्य गरेका थिए ।

एक पटक दानवहरूलाई पराजित गरी इन्द्रले राज्य पाएपछि यक्षगण असुरलाई छोडेर देवतातिर लागेका थिए । आफ्नो पराजय र यक्षले छोडेको अवस्थाबाट दुखित भएका दैत्यहरू शुक्राचार्य समक्ष गए । शुक्राचार्यले म रक्षा गर्छु। वर्षा, औषधी, रस जस्ता वस्तु धेरै म सँग छ उनीहरूसँग मसंग भएको भन्दा चौथाई मात्र छ भनेका थिए। यसो भन्दै गर्दा पनि असुरहरूको कमजोरी देखेर देवताहरूले पुनः आक्रमण गरे, वलिलाई वाँधे । त्यसवेला शुक्राचार्य असुरहरूलाई पुनः सान्त्वना दिएर शक्ति प्राप्तगर्न शिव समक्ष गए। शिवले उनलाई भन्नुभयो- ब्रह्मचर्यमा रही १ हजार वर्ष सम्म अग्निकुण्डको धुँवा खाएर शिर भुईंमा पारी तपस्या गरेमा देवतालाई जित्ने शक्ति प्राप्तगर्न सक्छौ । शुक्रले पनि शिवले भन्नुभए अनुसार तपस्या गरे। शुक्राचार्यले शक्ति प्राप्त गर्ने बुझेर इन्द्रले तपस्यामा वाधागर्न छोरी जयन्तीलाई पठाएका थिए। तपस्याबाट शिवलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्न वनाएकाले शुक्रले प्रजास्वामित्व, धन प्राप्ति र अवध्वत्व ३ मुख्य वरदान प्राप्त गरे। यसैवीच देवताहरू शुक्राचार्य तपस्यागर्न गएको मौका पारेर पुनः दैत्यहरूसंग युद्धगर्न गए। दानवहरू डराएर शरण र उपायको खोजिगर्दै शुक्राचार्यकी आमा (भृगुपत्नी) समक्ष गए। आमाद्वारा रक्षित असुरहरूलाई जित्न नसक्ने भएकाले विष्णुले शुक्रकी आमाको शिरच्छेदन गरिदिनुभयो। तपस्या सकेर शुक्र घर फर्किदा आमा मरेको देखे। भृगुले आफ्नी पत्नीलाई मरेको देखेर पानी छर्किदै भन्नुभयो- यदि मेरो वोली सत्य छ भने मेरी पत्नी उठून्। मन्त्र शक्तिको बलले भृगुकी पत्नी उठिन्। यो घटना भएपछि शुक्राचार्यको मुखबाट एक्कासी शिव स्तोत्र निस्कियो। शुक्राचार्यले स्तोत्रबाट शिवको स्तुति गरे-

नित्याय चाप्यलिङ्गाय सूक्ष्माय चेतराय च,

शुद्धाय विभवे चैव तुभ्यं नित्यात्मने नमः

नमस्ते त्रिषु लोकेषु स्वरन्तेषु भुवादिषु,

सत्यान्तमहराद्येषु चतुर्षु च नमो॑ स्तु ते - ७२।१९३-१९४

अन्तमा भृगुले भने - हे प्रभु शिव ! मेरो स्तोत्रमा अशुद्ध भए भक्त संझिएर क्षमा गरिदिनुहोला।

७३. विष्णु महात्म्य

भगवान् शिवले शुक्राचार्यलाई मुख्य ३ वटा वरदान (प्रजा स्वामित्व, धन प्राप्ति र अवध्यत्व) दिनुभयो र अन्तर्ध्यान हुनुभयो। त्यसपछि शुक्राचार्यले तपस्यागर्दा आफ्नो सेवा गरेर वसेकी इन्द्रकी छोरी जयन्तीलाई भन्नुभयो- तिम्रो सेवाबाट म खुसी भएँ। तिम्रो इच्छाअनुसार १० वर्षसम्म कसैले नदेख्ने गरी तिमी मसँग रमाउन पाउँछ्यौ। यतिकुरा भएपछि शुक्राचार्य र जयन्ती निर्जन स्थानमा रमाउन थाले। उनीहरूबाट छोरी देवयानी पैदा भइन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी १० वर्षसम्म शुक्राचार्य जयन्तीसँग भुल्ने थाहा पाएका बृहस्पतिले शुक्राचार्यको रूप लिएर दैत्यहरू समक्ष गई विद्या सिकाउन थाले । १० वर्ष जयन्तीसंग भुलेपछि शुक्राचार्य दैत्य समक्ष गए र आफुलाई शिवजीबाट वरदान प्राप्त भएको वताए । तर दैत्यहरूलाई वृहस्पतिले शिक्षित गरेको हुनाले दैत्यहरूले शुक्रको कुरा पत्याएनन् । शुक्राचार्य बनेर पढाइरहेका बृहस्पतिलाई नै सक्कली शुक्र संझिए । शुक्राचार्यले म नै शुक्र हूँ भन्दा पनि नपत्याएपछि रिसाएर दैत्यहरूलाई बुद्धि भ्रष्ट हुने र देवताबाट हारिनुपर्ने श्रापदिए । त्यो घटनापछि आफ्नो कार्य सफल भएकोमा वृहस्पति प्रसन्न बनेर घर फर्किए । त्यसैवेला षण्ड र अर्मक पनि दानवपट्टिबाट देवतापट्टि लागे । फलतः देवताहरूको विजय हुनथाल्यो । जयन्तीको काम पनि सफल भयो ।

जुनबेला धर्मको नाश हुन्छ, ब्राह्मणको अपमान हुन्छ, त्यसबेलामा धर्म स्थापनाको लागि भगवान्ले विभिन्न रूप (अवतार)लिएर धर्म संस्थापन गर्नुहुन्छ । यसै उद्देश्य पुरा गर्ने क्रममा भगवान्ले लिनु भएका रूप र कर्म यसप्रकार छन् -

प्रथम - नारायण - समुद्रबाट उत्पन्न भै ब्रह्माको सृष्टिमा संलग्नहुनु

द्वितीय - नरसिंह - हिरण्यकशिपु वध

तृतीय - वामन - वलिको निग्रह

मनुष्य योनिका ७ रूपहरू -

चतुर्थ - दत्तात्रेय - योग धर्म, यज्ञको प्रचार

पाँचौ - मान्धाता- धर्मराज्य

छैटौं - जमदग्निपुत्र परशुराम - क्षत्रियनाश

सातौं - दशरथपुत्र राम - रावणवध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठौं - पराशरपुत्र व्यास - पुराण लेखन

नवौं - कृष्ण - (वृष्णिकुल) कंश, शाल्व, पूतना, कुवलयापीड आदि वध

दशौं- कल्की - म्लेच्छनाश

यसरी भगवान् विष्णुले धर्म संस्थापनको लागि आवश्यकता अनुसार जन्म र रूप लिई उल्लेखित कर्म सम्पादन गर्नुभएको छ ।

७४. ययातिका ५ छोराहरूको वर्णन

ययातिका ५ छोराहरू यदु र तुर्वसु (देवयानीबाट) दुहयु, अनु र पुरू (शर्मिष्ठाबाट) थिए । तुर्वसुबाट वह्नि, वह्निबाट गोभानु र गोभानुबाट त्रिसानु जन्मिए । त्रिसानुका छोरा करन्धम र करन्धमका छोरा मरूत् थिए । मरूत्का सन्तान नभएकाले पुरूवंशी दुष्यन्तलाई छोरा बनाए । तुर्वसुलाई बाबु ययातिले आयु नदिएको झोकमा वंश विच्छेद हुने (सन्तान नहुने) श्राप दिएका थिए । यसैले तुर्वसुको वंशविच्छेद भई पुरू वंशमै मिलेको थियो । दुष्यन्तका उत्तराधिकारी सरूप्य (वायु पुराणमा सरूथ) र सरूप्यबाट अण्डीर (वायु पुराणमा जनापीड) पैदा भएका थिए भने अण्डीरका पाण्ड्य, केरल, चोल र कुल्य ४ छोरा थिए । यसै वंशमा पुरञ्जयका छोरा जनमेजय राजा भए । जनमेजयका उशीनर र तितिक्षु - २ छोरा थिए । उशीनरका ५ वटी पत्नी थिए, उनीहरूबाट ५ कुलउद्धारगर्ने छोरा भए । यसै वंशका हेमका छोरा वलि भए । यिनै वलिलाई वामनरूप भगवान्ले बाधिदिनुभयो । यिनै वलिका क्षेत्रज ५ पुत्रहरू अंग, वङ्ग, कलिङ्ग, पुण्ड र सुह्यु भए ।

वलि अत्यन्त दानी, धर्मात्मा र वीर भएर पनि किन उनका क्षेत्रज्ञ पुत्र भएका भन्ने प्रश्नमा सूत भन्नुहुन्छ- उशिज नामका बुद्धिमान् ऋषि र ममता नामकी तिनकी पत्नी थिइन् । उशिजका कान्छा भाइ देवगुरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बृहस्पति हुन्। एकदिन बृहस्पतिलाई सम्भोगको तीव्रइच्छा भयो र भाउजु ममतालाई सम्भोग गर्न चाहे। ममताले आफु गर्भिणी भएको र पेटभित्रको वच्चाले वेदज्ञान समेत गरिरहेको हुनाले सम्भोगगर्न नमिल्ने बताइन्। उनको भनाइले बृहस्पतिको कामान्धता शान्त भएन। बृहस्पति ममतासंग सम्भोगगर्न गए। त्यसबेलामा ममताको पेटमा हुर्कदै गरेको भ्रुणले भन्यो- सम्भोग गरेपनि वीर्य नखसाल्नु होला, किनभने यहाँ (पेटमा) दुई जना वस्ने ठाउँ छैन। कामान्ध वृहस्पतिलाई रिस उठ्यो र ऊ जन्मदा अन्धो हुने श्राप दिए। त्यो भ्रूण जन्मिएपछि अन्धा भएकाले दीर्घतमा नाम राखियो।

ती अन्धा दीर्घतमा आश्रमनै बसेको वेलामा एउटा वयल (सांढे) आयो र कुश खाइदियो। दीर्घतमा रिसाएर वयलको दुवै सिंङ समाते। वयल फुत्कन खोज्यो तर सकेन। त्यस वेलामा वयलले भन्यो- म शिवजीलाई बोक्ने भएकाले बलियो छु। मलाई पनि अठ्याउँन सकेकाले तपाईंदेखि खुसी भएँ। म वरदान् दिन्छु माग्नुहोस्। वयलको कुरा सुनेर दीर्घतमाले भने- तँजस्तो चोरेर खानेसँग के वरदान माग्नु ?। यो सुनेर वयलले पशुहरू कर्तव्याकर्तव्य, भोग्याभोग्य जान्दैनन्, यो नै पशुधर्म हो भनेर पशुधर्म बतायो। दीर्घतमा पनि खुसी भएर उसलाई छोडिदिए। उनले त्यो वयललाई राम्ररी पाल्न थाले। पशुधर्म पालनगर्ने ती दीर्घतमाले नमान्दा नमान्दै पनि आफ्नै भाइबुहारीलाई बलपूर्व सम्भोग गरेका थिए। यसरी पुत्रवधु वरावरकी वहारीलाई बलात्कार गरेको शरद्वान ऋषिलाई मन परेको थिएन। शरद्वानले भने - तँ बुढो र अन्धो भएर पनि यस्तो नीच कर्म गर्छस्। दीर्घतमाले पशुधर्म (कर्तव्याकर्तव्य बोध नभएको कर्म) छोडेका थिएनन्। यो देखेर शरद्वानले दीर्घतमालाई एउटा बाकसभित्र राखेर गंगामा बगाईदिए। घुम्दै आएका प्रतापी राजा वलिले ७ दिनपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो बाकस भेट्टाए । वाकसबाट निकालेर दीर्घतमालाई पाले पोसे । यसैवीच दीर्घतमाले पनि वलिलाई सन्तुष्ट बनाए । दीर्घतमा पनि खुसी भए र वलिलाई वरदान दिन चाहे । राजाले पुत्रेच्छागरी आफ्नी पत्नी सुदेष्णालाई दीर्घतमासंग सम्भोगगर्न पठाए । सुदेष्णाले बुढो, अन्धोसँग सम्भोगगर्न नचाहेर शुद्र योनिकी धाइलाई पठाइन् र धाइबाट कक्षीवान र चाक्षुष नामका असल धर्मात्मा छोरा पैदा भए । एक दिन ती छोराको विषयमा दीर्घतमा र वलिले आ-आफ्नो दावी गरेपछि दीर्घतमाले सुदेष्णाले संभोग नगरेर धाइ पठाइदिएको बताइदिए । वलि सुदेष्णादेखि रिसाए । उनले दीर्घतमालाई खुसी बनाउन पुनः सुदेष्णा पठाइदिए । (यसबेला मानसिक रूपले वीर्य ग्रहणगरी सन्तान जन्माउने चलन र शक्ति थियो) । त्यसरी अर्काको वीर्य र आफ्नी पत्नीको गर्भबाट जन्मेको छोरालाई क्षेत्रज्ञ पुत्र भनिन्थ्यो । त्यसबेला दीर्घतमाले सम्भोगगर्नु अगाडि आफ्नो नाङ्गो शरीरमा दही र नून दलेर सबै चाट्नु पर्ने शर्त राखे । सुदेष्णाले पनि गुदद्वार वाहेक दीर्घतमाको सबै अंग चाटिन् । फलतः सुदेष्णाले गुदद्वार नभएको छोरा जन्माइन् । त्यस्तो छोरा नदिनुहोस् भने पनि दीर्घतमाले श्राप अन्यथा हुँदैन वरू गुदद्वार नभए पनि बालकको क्यै काम रोकिदैन' भने । त्यसवेला सुदेष्णाले अङ्ग, वङ्ग, कलिङ्ग, पुण्ड र सुह्य ५ छोरा जन्माइन् । यसैले यी ५ छोरा वलिका क्षेत्रज्ञ पुत्र भएका हुन् । कक्षीवान र चाक्षुष पनि तपस्या गरेर ब्राह्मण वने । गोधर्ममा लम्पट बनेका दीर्घतमालाई पनि वयलले वरदान दिएर नेत्रवान् र युवा वनाइदियो । गोधर्म पालन गरेर पापमुक्त भएकाले उनै दीर्घतमा गौतम कहलिए । कक्षीवानका छोरा गौतम भनिन्छन् ।

हे शौनककादि ऋषिहरू ! कलियुगले सबैलाई धर्मान्ध बनाउदै लग्यो । सूर्य, चन्द्र, तिष्य र बृहस्पति एकै नक्षत्रमा भएका दिनदेखि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्ययुगको आरम्भ हुन्छ। सत्य युग सुरू भएपछि धर्मयुगको प्रारम्भ हुन्छ। कलिको आयु ३ लाख ६० हजार वर्ष हुन्छ। त्यसबेला सम्ममा सोमवंशी, सूर्यवंशी, इक्ष्वाकुवंशी, पञ्चालवंशी, कालकवंशी, यवनवंशी, शकवंशी, म्लेच्छवंशी आदि धेरै वंशकाले फरक फरक अवधि र वर्ष सम्म पृथ्वीको भोग गर्नेछन्।

सूत भन्नुहुन्छ- ययातिका अरू पनि पाँच वंशका धेरै सन्तानहरू राजा भएका थिए। संक्षेपमा मैले ययातिको वंश सुनाएँ।

यो ययाति वंश वर्णन पढ्दा सुन्दामा पनि कीर्ति, धन, पुत्र, स्वर्ग प्राप्त हुन्छ।

आयुःकीर्तिं धनं पुत्रान् स्वर्गं चानन्त्यमश्नुते,
धारणाच्छ्रवणाच्चैव पञ्चवंशस्य धीमतः - ७४।२७७

पूवार्द्ध समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड पुराण, उत्तर भाग

१. प्रलय आख्यान

ऋषिहरूले सूतसंग भने- हामीले ब्रह्माण्ड पुराणमा वर्णन भएका तीन पाद (प्रक्रियापाद, अनुषङ्गपाद र उपोद्घातपाद) सम्मको प्रसंग सुन्यौ। अब हमीलाई चौथो पाद पनि बताइदिनुहोस्। सूतले भन्नुभयो- म अब चौथो उपसंहारपाद बताउँदछु। ब्रह्माण्ड महापुराणको यो उपसंहार पादमा वैवस्वत मनुले गरेको सृष्टि विस्तारदेखिको प्रसंग समेटिएको छ। वितेका ७ मन्वन्तर, प्रलय र भविष्यत् कालीन ७ मन्वन्तरको पनि म यस पादमा संक्षिप्त चर्चा गर्नेछु। हरेक मन्वन्तरमा सप्त ऋषिहरू फरक फरक हुनेछन्। अब आउँने मन्वन्तरमा पनि निम्नानुसारका ७ (सप्त) ऋषि हुनेछन् -

१. कुशिकगोत्रीय गालिव

२. जमदग्निपुत्र परशुराम

३. द्वैपायन वशिष्ठ

४. शारद्वतवंशीय कृपाचार्य

५. अत्रिवंशोत्पन्न दीप्तिमान

६. काश्यपगोत्रीय ऋष्यश्रृङ्ग

७. भारदाजगोत्रीय द्रोणपुत्र अश्वत्थामा

यस्तै देवगण ३ हुनेछन्।

(क) सुतपा ख) अमिताभ ग) सुख

हरेक देवगणका २०-२० गरेर (२०X३) जम्मा ६० देवता हुनेछन्। तिनीहरूको नाम यसप्रकार छ -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुतपा देवगणका देवताहरू

ऋतु, तप, शुक्र, कृती, नेमि, प्रभाकर, प्रभाष, मासकृत्, धर्म, तेजस्, रश्मि, क्रतु, विराट, अर्चिष्मान्, द्योतन, भानु, यश, कीर्ति, बुध, धृति ।

अभिताभ देवगणका देवताहरू

प्रभु, विभु, विभाष, जेता, हन्ता, रिहा, ऋतु, सुमति, प्रमति, दीप्ति, समाख्यात, मह, महान्, देह, मुनि, नय, जेष्ठ, सम, सत्य, विश्रुत ।

सुख देवगणका देवताहरू

दाम, दानी, ऋत, सोम, वित्त, वैद्य, यम, निधि, होम, हव्य, हुत, दान, देय, दाता, तप, सम, ध्रुव, स्थान, विधान, नियम ।

यी सबै सावर्ण मन्वन्तरका प्रथम अवस्थाका देवगण हुन् र यी सबै देवगण मरीचिपुत्र कश्यपका छोरा हुन् । सावर्ण मनुका विरज, आर्वरिमान, निर्मोक आदि ९ वटा छोरा हुन्छन् । सावर्ण मन्वन्तरका भविष्यका अरू मनुहरू ब्रह्माका पुत्रहरू हुनेछन् । तिनीहरू दक्षका नाती र क्रियाका छोरा हुनेछन् । वैवस्वत मनु सावर्ण मनु भन्दा जेठा हुन् ।

संज्ञापुत्रस्तु सावर्णिरिको वैवस्वतस्तथा,
ज्येष्ठः संज्ञासुतो नाम मनुर्वैवस्वतःप्रभुः - १।२८

वैवस्वत मनुकै पालादेखि मनुहरूको उत्पत्ति भएको हो । मनुहरू १४ वटा छन् । मनुहरूलाई वेद, स्मृति एवं पुराणहरूमा ऐश्वर्यशाली, प्रजाहरूका स्वामी र समस्त प्राणीका अधीश्वरका रूपमा वर्णन गरिएको छ । वैवस्वतपछि अरू मनुहरू हुनेछन् । वैवस्वत मनुको सृष्टि विस्तार अनुसार नै अरू मन्वन्तरको सृष्टि पनि हुनेछ, त्यसभन्दा घटी बढी हुँदैन -

वैवस्वतनिसर्गेण तेषां ज्ञेयस्तु विस्तरः,
अनूनानातिरिक्तस्ते यस्मात् सर्वे विवस्वतः - १।३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षप्रजापतिकी सुव्रता नामकी कन्या थिइन् । सुव्रतालाई लिएर दक्ष एक पटक ब्रह्मा समक्ष गएका थिए । त्यसवेला ब्रह्मा शंकरसंग वैराज नामको लोकमा हुनुहुन्थ्यो । दक्षकी ती कन्यालाई देखेर शिव मोहित हुनुभयो र मानसिक वीर्याधान गरिदिनुभयो । त्यसबाट कन्याले ४ वटा कुमारलाई जन्म दिइन् । बाबुको निश्चित नभएका कुमारहरूलाई देखेर देवताहरूले आ-आफ्ना छोरा भनी दावीगर्न लागे । त्यसवेला ब्रह्मादि देवताहरूले जसको रूप, पराक्रम, वर्ण जो संग मिल्छ ऊ उसैको छोरा मान्नुपर्छ भन्ने संझौता गरे र पुत्रहरूको पहिचान गरी आ-आफ्ना पुत्रलाई लिएर गए ।

चाक्षुष मन्वन्तरको अन्त र वैवस्वत मन्वन्तरको प्रारम्भमा प्रजापति रूचिका रौच्य नामका छोरा जन्मिए । आमाको नाम भूति भएकाले बालकलाई भौत्य पनि भनिन थाल्यो । वैवस्वत मन्वन्तरमा विवस्वान्का मनु नामका २ वटा छोरा भए । ती छोराहरू एउटा वैवस्वत र अर्को सावर्ण नामले प्रसिद्ध भए । विवस्वान संज्ञाका र सावर्ण छायाका छोरा थिए । सवर्णका ४ मनुगण थिए -

वैवस्वतेन्तरे जातौ द्वौ मनू तु विवस्वतः -५१

वैवस्वतो मनुर्यश्च सावर्णो यश्च वै श्रुतः,

ज्ञेयः संज्ञासुतो विद्वान्मनुर्वैवस्वतःप्रभुः

सवर्णायाः सुतश्चान्यः स्मृतो वैवस्वतो मनुः,

सावर्ण मनवा ये च चत्वारस्तु महर्षिजाः -१।५२-५३

मूलग्रन्थमासबै मनुहरूको पनि वंश विस्तार भएको छ ।

हरेक मन्वन्तरको समय १ हजार युगको हुन्छ र २ हजार युगको १ कल्प हुन्छ । १ कल्प ब्रह्माजीको १ दिन हुन्छ । मन्वन्तरहरू १४ वटा हुन्छन् । मन्वन्तर समाप्तहुँदा अनेक युग बितिसकेको हुन्छ । त्यसपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रलय हुन्छ। प्रलयकालमा भू, भुव, स्व र महलोकहरू कालाग्निका रूपमा बलिरहेको हुनेछन्। प्रलयको समयमा जड र चेतन दुवै संसार नष्ट हुन्छ। जरायुज, अण्डज, स्वेदज, उद्भिज सबै प्राणीहरू नाशिन्छन्। त्यो अन्धकारपूर्ण महारात्रिमा भगवान् जलमा देखा पर्नुहुन्छ। उहाँ नै ब्रह्मा वा आदि पुरूष हुनुहुन्छ। प्रलयको सर्वनाशपछि पुनः जीवहरू देखापर्ने छन्। यो संसार ईश्वरबाटै प्रादुर्भाव हुन्छ, ईश्वर मै लीन हुन्छ। मनुष्य वर्षको गणना अनुसार ४ अर्व ३२ करोड ७९ लाख ८० हजार वर्षमा प्रलय हुन्छ। (विज्ञानले पनि पृथ्वीको आयु करिब ४ अर्व वर्ष नै मानेको छ। Discovery Channel)। यो काल गणना सूर्यचन्द्रको गतिबाट निर्धारण गरिन्छ। सूर्यको कलाबाट गणना गरिने भएकाले समयको नाम काल भएको हो।

कालगणनाका विधि र अङ्गहरू यसप्रकार हुने बताइएको छ।

एउटा ह्रस्व अक्षर उच्चारणगर्न लाग्ने समय निमेष हो

१५ निमेषको १ काष्ठा

२० काष्ठाको ३ लव

५ क्षणको १ लव

७.५ प्रस्थको १ लव

३० लवको १ कला (मुहूर्तको दशौं भाग - त्रिंशत्कलामुहूर्तं तु दशभागं कला स्मृतम् - २१५)

३० कलाको १ मुहूर्त

३० मुहूर्तको १ अहोरात्र

यस्तै गणनाको आधारमा पक्ष, महिना, ऋतु, अयन, संवत्सर आदिको गणना हुन्छ र सत्य, त्रेता आदि युगको आयु पनि यसै आधारमा गणना गरिन्छ।

यो मन्वन्तर र प्रलयको विस्तृत वर्णनको धारणा वा श्रवणमात्र गरेमा पनि विशेष किसिमको सिद्धि प्राप्तहुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. लोक, नरक, पापकर्म आदिको वर्णन

लोकहरू कृत र अकृत छन्। कृतका ७ भू, भुव, स्व, मह, जन, तप, सत्य छन्। यस्तै अकृतका पनि ७ नै लोक छन्। जसलाई प्राकृत पनि भनिन्छ। यिनीहरू मध्ये पृथ्वी, अन्तरिक्ष, दिव्य, मह यी ४ आर्णविक (जलसम्वन्धी) हुन्। कृतका ७ लोक बाहेक अन्धकारमय हुन्छन्। मरीचि, कश्यप, दक्ष, वसिष्ठ, अंगिरा भृगु, पुलस्त्य, पुलह, क्रतु ब्रह्माका मानस पुत्र हुन्। यिनीहरू सृष्टिमा सामेल भएर पुनः जनलोकको आश्रय लिन्छन्। प्रलयको समयमा महलोक अग्निमय भएपछि त्यहाँ बस्नेहरू जनलोकमा जान्छन्। जनलोकमा रहँदा प्राणीहरू सूक्ष्म शरीरका वन्दछन्। जब प्रलय हुन्छ, त्यसवेला सबै नासिन्छ र प्रलयपछिको कालमा पूर्ववत् क्रममा पुनः जन्मन्छन्। त्यस क्रममा स्वायम्भुव आदि मनु, मरीचि आदि ऋषिगण जन्मन थाल्छन्। १० पटक जन्मक्रम पुरा भएपछि यिनीहरू वैराजलोक (कल्प) मा जान्छन्। तिनीहरूले वैराज लोकमा गरेका कर्म अनुसार ब्रह्मलोक जान पाउँदछन्।

लोकको दूरी गणना

ध्रुवलोकभन्दा माथि महर्लोक छ त्यहाँ प्रलय कालमा शुभकर्म गर्नेहरू बस्तछन्।

महर्लोक भन्दा २ करोड योजन माथि जनलोक छ। त्यहाँ ब्रह्माका छोरा दक्षहरू बस्तछन्। महर्लोकमा देवताहरू र भूतगण कल्प (प्रलय) पर्यन्त सन्ताप (दुखत्रय) बाट मुक्त भएर बस्तछन्। यसैलाई वैराजलोक पनि भनिन्छ।

तपोलोक भन्दा ६ गुना (६ करोड योजन) को दुरीमा सत्य लोक पर्दछ। यसैलाई जन्ममृत्यु रहित ब्रह्मलोक पनि भनिन्छ। ब्रह्मलोक पुगेपछि तल झर्नुपर्दैन। ब्रह्मलोक भन्दा माथि कुनै ग्रह र स्थान छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूलोकबाट ब्रह्मलोक १३ करोड १५ लाख योजन टाढा छ। ब्रह्मलोक माथिको ब्रह्माण्डको अंश १ करोड ५० लाख योजन छ।

स्थावर जंगमको संख्या

संसारमा जतिपनि स्थावर (माटो ढुङ्गा) को संख्या छ, त्यसको हजारौंको १ भाग कीरा, मच्छर (वर्षा आदि बाट जन्मने) प्राणी छन्।

कीरा मच्छरको हजारौंको १ भाग = जल जन्तु छन्।

जल जन्तुको हजारौंको १ भाग = पन्छीहरू छन्।

पन्छीहरूको हजारौंको १ भाग = पशुहरू (चारखुट्टे) छन्।

चारखुट्टे पशुको हजारौंको १ भाग = २ खुट्टे मनुष्य छन्।

२ खुट्टे मनुष्यको हजारौंको १ भाग = धार्मिक मनुष्य छन्।

धार्मिक मनुष्य संख्याको हजारौंको १ भाग = स्वर्ग जानेको संख्या हुन्छ।

स्वर्ग जानेको संख्याको हजारौंको १ भाग = मोक्ष हुन्छन्।

ब्रह्मलोक आनन्दमय हुन्छ। ब्रह्मलोक वैराजलोक भन्दा ६ गुना उत्कृष्ट छ। ब्रह्मलोकमा ब्रह्मा नै पुरोहित हुन्छन्। त्यहाँ रहनेहरू शुद्ध, बुद्ध, तपोनिष्ठ हुन्छन्। ब्रह्मलोकमा बस्नेहरू अमृत पान र अमृत भोग गर्दछन्।

संख्या गणना

१, २, ३, ४, ५, ६, ७, ८, ९ संख्या पछिको १०, १००, १००० भन्दा पछाडिको गणनाविधि यस प्रकार हुन्छ-

१०,००० को एक अयुत

१००,००० (एक लाखलाई नियुत वा प्रयुत

१०,००० अयुत = दश करोड (एक अर्वुद)

यसैगरी अर्व, खर्व, नील, शंकु, पद्म आदि गणनाविधि छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महत्तत्वहरू (इन्द्रिय, तन्मात्रा, पञ्चमहाभूत) भूतादिबाट वनेका हुन् र भूतादिका परिणाम हुन् । परमाणुलाई आँखाले देख्न र टुक्रापार्न सकिँदैन ।

परमाणु र दूरीको गणना विधि

परमाणु - जालान्तरका सूर्यमा देखिने रजलाई भनिन्छ ।

८ परमाणुलाई १ त्रसरेणु वा पद्मरज भनिन्छ (त्रसरेणुः समाख्यातस्तत्पद्मरज उच्यते - ११९)

८ त्रसंरणु = १ रथरेणु

८ रथरेणु = १ बालाग्रा

८ बालाग्रा = १ लिक्षा

८ लिक्षा = १ यूका

८ यूका = १ यव (जौ)

८ यव = १ अंगुल

१२ अंगुल = १ वित्ता (कान्छी औंलादेखि बुढी औंलासम्मको नाप)

२१ अंगुल = १ रत्नि

२४ अंगुल = २ वितस्ति (१ हात)

९६ अंगुल = १ गज

२ रत्नि (२४ अंगुल) = १ कुष्क

९६ अंगुल = १ धनु/धनुष (धनुष, दण्ड, युग, नालि पनि यसै परिमाणलाई भनिन्छ)

४ हात = १ धनुष (२ गज)

८००० धनुष = १६००० गज (१ योजन/लगभग १५ किमि)

३०० धनुष = १ नल्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२००० धनुष = १ गव्युति

८००० धनुष = १ योजन

ग्रहदूरी गणना

पृथ्वीबाट १०० हजार (एक लाख) योजनमा सूर्य

सूर्यबाट १ लाख योजनमा चन्द्रमा

चन्द्रमाबाट १ लाख योजन माथि नक्षत्र मण्डल

ताराहरूमा बुध सबैभन्दा तल हिंड्दछ

बुधभन्दा १ लाख योजन माथि शुक्र

शुक्रभन्दा १ लाख योजन माथि मंगल

मंगलभन्दा १ लाख योजन माथि वृहस्पति

वृहस्पतिभन्दा १ लाख योजन माथि शनिश्चर

नरक वर्णन

नरकहरू रौरव, घोर, शूकर, ताल, तप्तकुम्भ, महाज्वाल, शवल, विमोहन, कृमि, कृमिभक्ष, लालाभक्ष, विशंसन, अधःशिरा, पूयवह, रूधिरान्धु, विष्टाकीर्ण, वैतरणी, कृष्ण, असिपत्रवन, अनिज्वाला, महाघोर, सन्दंश, अश्वभोजन, तम, कृष्णसूत्र, लौह, अभिज, अप्रतिष्ठ, वीचि आदि छन्। यी सबै नरकहरू तामस हुन् र यमराजको देशमा रहेका छन्। कर्म अनुसार पापीहरूले यी नरकहरूको भोग गर्नुपर्दछ।

सबै लोकलाई बनाउँने परमात्मा नै ब्रह्मलोक र ब्रह्माण्डको निर्माता हुनुहुन्छ। ती परमात्माको वास शिवलोकमा हुन्छ। पृथ्वीलोक जतिकै फराकिलो ब्रह्मनिर्मित शिवलोक अत्यन्त उज्यालो र सुन्दर छ। त्यहीं बसेर विष्णुको साथका भगवान्ले संसारको निर्माण र संहार गर्नुहुन्छ।

क्षेत्रज्ञ (ब्रह्म) मा क्षेत्र अधिष्ठित हुन्छ। क्षेत्रज्ञलाई उपभोगगर्न क्षेत्र (प्रकृति) को रचना भएको छ। क्षेत्रज्ञ, ब्रह्म, आत्मा, जीव र पुरूष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटै हुन्छ। यो दुर्लभ बुझिनसक्नु सर्ग प्रतिसर्ग ब्रह्मको अध्ययन गर्नेहरूले भगवान्को गाणपत्य प्राप्तगरी सदा सुखीहुन पाउँदछन्।

३. प्रतिसर्ग

प्रतिसर्ग भनेको प्रलय हो। प्रलयकालमा प्रकृतिले महत्तत्व, अहंकार, पञ्चतन्मात्रा, एकादश इन्द्रिय, पञ्चमहाभूत सबैलाई नष्ट गर्छ वा पचाउँदछ। त्यसबेलामा घोर संकटकाल आएको प्रतीत हुन्छ। त्यस वेलाका मनु (अन्तिम) द्रुमको अन्त हुन्छ। युग पनि सिद्धिन्छ। त्यो अवस्था नै प्रलय हो। प्रलयको अवस्थामा जलले पृथ्वीको गुण (गन्ध) लाई खाइदिन्छ। गन्ध नभएपछि पृथिवी जलावस्थामा पुग्दछ। यसैगरी जलको गुण (रस)लाई तेजले खाइदिन्छ। रस नै तेज (अग्नि) बन्दछ। अग्निको गुण(प्रकाश) लाई वायुले खाइदिन्छ। वायुको गुण(स्पर्श) लाई आकाशले खाइदिन्छ। त्यस वेला आकाशको गुण(शब्द) लाई महत्तत्वले खाइदिन्छ। यसरी भूतादि तामस (अहंकार) लाई महत्तत्वले खाइदिन्छ। बुद्धिले संकल्प र विकल्प जन्माउँदछ। सात्विकी, राजसी र तामसी वृत्ति वृद्धिसँगै उदाउँने र अस्ताउँने (खुम्चिने र फैलिने) गर्दछन्। सत्वगुणले मुक्ति, रजोगुणले शुभाशुभ कर्म र तमोगुणले जिभ्रो र नाक आदि इन्द्रियका कर्म उत्पन्न गराउँदछन्। सुनेपछि, देखेपछि, स्पर्श गरेपछि, रस थाहा पाएपछि, गन्ध सुँघे पछि नै त्यस तिरको प्रवृत्ति बढ्ने हुन्छ। त्यसैलाई कर्म भनिन्छ। शुद्ध मनले सात्विक भाव ल्याइदिने भएकाले ती पञ्चेद्रियजन्य कर्मतिर प्रवृत्त हुने वा न हुने कुरा सात्विकभाव चिन्तनसँग जोडिएको हुन्छ। त्यसैले तत्वदर्शीहरू मोक्षका ३ प्रकार बताउँदछन्।

(क) ज्ञानबलबाट सांसारिक विषय वासना छोड्नु

(ख) जीव (शरीर) प्रति रागद्वेष पूर्णरूपले छोड्नु

(ग) तृष्णाको क्षय गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वं वियोगो ज्ञानेन द्वितीये रागसंक्षयात्

तृष्णाक्षयात्तृतीयस्तु व्याख्यातं मोक्षकारणम्,

लिङ्गाभावात्तु कैवल्यं कैवल्यात्तु निरञ्जनम् - ३।५८, ५९

शरीरका आठ अंग प्राकृत छन् । हात, गोडा, गुदद्वार, उपस्थ, जिब्रो, मुख, नाक, कान, आँखाका कर्मलाई अणिमा आदि आठ सिद्धि पनि भनिन्छ । यसैले यिनीहरूका कामप्रति नियन्त्रण भाव बढाउनु भनेको मुक्तिमार्गमा हिंड्न थाल्नु हो । क्षेत्रज्ञ पुरूषको कर्तव्य यै हो । पुरमा शयन गर्ने भन्ने अर्थमा पुरूष शब्द वनेको हो -

यस्मात् पूर्यनुशेते च तस्मात् पुरूषउच्यते,

पुरप्रत्ययिको यस्मात् पुरूषेत्यभिधीयते ३।९५

त्यो पुरूष निर्गुण, शान्त स्वभावको हुन्छ ।

यसैलाई प्रतिसर्गको स्वरूप भनिन्छ । यो प्रतिसर्गको मनन गर्नेहरू मुक्तिभागी हुन्छन् ।

४. ब्रह्माण्डको पुनः सर्ग र ब्रह्माण्ड पुराणको श्रुति-वंश-परम्परा

सूत पौराणिक भन्नुहुन्छ- प्रकृति परोक्ष भएकाले अव्यक्त समान छ । महत्तत्व, अहंकार एकादश इन्द्रिय, पञ्चमहाभूतहरू प्रकृतिसँग मिलेर बसेका हुन्छन् । अर्थात् तिनीहरूको गुणसाम्यावस्था हुन्छ । जीवात्मा, (क्षेत्रज्ञ) बुद्धि विकारको कारणले अव्यक्तसँग मिल्दछ । अर्थात् भोक्ता र भोग्यको संबन्ध स्थापित हुन्छ, त्यसपछि सृष्टिको उपक्रम सुरू हुन्छ ।

त्यस्तै प्रधान-पुरूषको अव्यक्तसँगको संसर्गबाट महेश्वरको जन्म हुन्छ । त्यसैलाई ब्रह्मा भनिन्छ र उसैबाट लोक-सृजनाको आरम्भ हुन्छ ।

पुराण सुनिसकेपछि अबभृत स्नानगर्न गएका ऋषिहरूले पुण्यलोक प्राप्त गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्ड पुराणमा चार पादछन् -

(क) प्रक्रिया (ख) अनुषङ्ग (ग) उपोद्घात (घ) उपसंहार

यो ब्रह्माण्ड पुराण सुनेमा शरीरमा जति रोम-कूप छन् त्यति नै वर्ष स्वर्ग-सुख भोगगर्न पाइन्छ। ब्रह्माण्ड पुराणको श्रुति - परम्परा यस प्रकार छ।

ब्रह्माले - वायुलाई
वायुले - शुक्राचार्यलाई
शुक्राचार्यले - बृहस्पतिलाई
वृहस्पतिले - सूर्यलाई
सूर्यले - मृत्यु (यमराज) लाई
मृत्युले - इन्द्रलाई
इन्द्रले - वसिष्ठलाई
वसिष्ठले - सारस्वतलाई
सारस्वतले - त्रिधामालाई
त्रिधामाले - शरद्वतलाई
शरद्वतले - त्रिविष्टपलाई
त्रिविष्टपले - अन्तरिक्षलाई
अन्तरिक्षले - चर्षिलाई
चर्षिले – त्रयारूणिलाई
त्रयारूणिले - धनञ्जयलाई
धनञ्जयले - कृतञ्जयलाई
कृतञ्जयले - त्रिणञ्जयलाई
त्रिणञ्जयले - भरद्वाजलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भरद्वाजले - गौतमलाई

गौतमले - निर्यन्तरलाई

निर्यन्तरले - वाजश्रवालाई

वाजश्रवाले - सोमशुष्मलाई

सोमशुष्मले - तृणविन्दुलाई

तृणविन्दुले - दक्षलाई

दक्षले - शक्तिलाई

शक्तिले - गर्भस्थ पराशरलाई

पराशरले - जातुकर्ण्यलाई

जातुकर्णले - द्वैपायनलाई

द्वैपायनले - म (सूत पौराणिक) लाई

अत्यन्त पवित्र यो ब्रह्माण्ड पुराण सुनेमा मात्र पनि इच्छित फल प्राप्तहुन्छ । त्यसरी फल प्रदानगर्ने व्यक्ताव्यक्त स्वरूप परमात्मालाई प्रणाम छ ।

५. अगस्त्य, अर्धनारीश्वर शिव र हयग्रीवको कथा

त्रिपुरसुन्दरी, दुर्गा, पार्वती, लक्ष्मी, सरस्वती, प्रकृति आदि नामले पुकारिने ललिता देवीलाई नमन छ । ललितेश्वरी प्रकृति देवीलाई प्रमाण छ। *(पद्ममहापुराणको पाताल खण्डको अध्याय ७४, ७५ मा पनि राधालाई नै ललिता र त्रिपुरासुन्दरी भनिएको छ ।)*

चतुर्भुजे चन्द्रकलावतंसे कुचोन्नते कुङ्कुमरागशोणे
पुण्ड्रेक्षुपाशाङ्कुशपुष्पवाणहस्ते नमस्ते जगदेकमातः -५१

एकपटक वेदवेदाङ्गविद् देवर्षि अगस्त्यले पृथ्वीका धेरै ठाउँको भ्रमणगर्दा योनी र लिङ्गको संसर्गबाट जन्मिएका प्राणीहरूलाई दुखित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखेर तिनीहरूको उद्धारको उपाय सोच्न थाले । त्यस क्रममा उनी वारण पर्वतमा पुगे र कामाक्षी देवीको पूजा गरे । त्यसबेला भगवान् शिव प्रसन्न हुनुभयो र हयग्रीवको शरीर धारणगरी शंख, चक्र, अक्षमाला, पुस्तक लिएको अर्धनारीश्वरको रूपमा दर्शन दिनुभयो र वरदान माग भन्नुभयो । अगस्त्यले पापीजनहरूको उद्धारको उपाय बताइदिन मागे । त्यसबेला अर्धनारीश्वर शिवले भन्नुभयो- कुनै बेला यो प्रश्न शिव, ब्रह्मा, दुर्वासाले पनि सोधेका थिए । त्यै प्रश्न तिमी अगस्त्यले अहिले सोधेका छौ । गुरू बनेका तिमीहरू जस्तै महात्माहरूले गर्ने गरेको मेरो स्तुति (गर्नु) नै दुख नाशको उपाय हो । म त्रिमूर्ति (ब्रह्मा, विष्णु, महेश) वा सृष्टि, स्थिति, प्रलय हूँ । प्रधान र प्रकृति पुरूष (आत्मा/जीव) दुवै मै हुँ । यसमा भेद छैन । हे देवर्षि अगस्त्य ! यो हयग्रीववाला मेरो अंश भएको रूप मेरो दोश्रो रूप हो । यत्तिकैमा हयग्रीव-रूप विष्णु तपस्वीको रूपमा देखापर्नुभयो । हयग्रीवरूपी विष्णुलाई देखेपछि शिव अन्तर्ध्यान हुनुभयो । प्रसन्नचित्त भएका अगस्त्य उनै हयग्रीव तपस्वीका साथमा आश्रमतिर फर्कनुभयो ।

६. हयग्रीव - अगस्त्य संवाद

अगस्त्यले भने- हे हयग्रीव स्वरूप भगवान् ! ललिता देवीको उद्‌भव कसरी भएको थियो र उहाँका आहार व्यवहार कस्तो थियो बताइदिनुहोस् । हयग्रीवरूपी विष्णुले भन्नुभयो - सर्वप्रथम ब्रह्माजीको ध्यानबाट प्रकृति (देवी) को सृष्टिभयो । त्यस लगत्तै दोश्रो अद्‌भूत सुन्दरी मोहिनीको उत्पत्ति भयो । मोहिनीको रूप देखेर शिवले पार्वतीलाई पनि बिर्सनुभयो । शिवले ती मोहिनी शक्तिबाट असुरार्दनलाई जन्माउनुभयो ।

भगवान् शिव किन त्यसरी मोहित हुनुभयो भन्ने प्रतिप्रश्नमा हयग्रीव भन्नुहुन्छ- त्यसवेलामा इन्द्रले देवता, असुर, मनुष्य सबैको पालन गर्नुभएको थियो । इन्द्र एकपटक कैलाश जानुभयो र हात्तीमाथि चढेर झन् उन्मत्त अवस्था देखाउँनुभयो । भगवान् शिवले दुर्वासा ऋषिलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोलाएर इन्द्रलाई उन्मत्त नहुन संझाउन पठाउनुभयो। आफु पनि विद्याधर मार्गबाट हिंड्न थाल्नुभयो। त्यसवेला दुर्वासाले स्वेच्छाको रूपले हिंडेकी, हातमा माला लिएकी, विद्याधराङ्गना (मोहिनी शक्ति) लाई देखे । ती कन्यालाई दुर्वासाले मालाको वारेमा सोधे। सुन्दरीले भनिन्- मैले लामो समयसम्म तपस्या गरेर यो माला पाएको थिएँ । यो माला तपाईंलाई दिन्छु। दुर्वासाले मोहिनीले दिएको माला अगस्त्यले घाँटीमा लगाइदिए। कृतज्ञता पनि प्रकट गरे। त्यसपछि दुवैजना बाटो लागे। त्यसपछि दुर्वासा ऋषि पुनः मोहिनी समक्ष गए र अर्को माला लिए। त्यो माला उन्मत्त भएर हिंडेका इन्द्रलाई लगाइदिए । इन्द्रले त्यो माला हात्तिलाई लगाइदिए । हात्तीले माला भुँइमा खसालिदियो। दुर्वासाले भगवतीको तपस्याबाट प्राप्त दिव्यमाला अरूलाई दिएकोमा श्राप दिँदै भने- तपाईं समेत देवगणको शोभा नाशियोस्। त्यस श्रापलेगर्दा इन्द्रको स्थानमा दैत्यराज वलि स्वर्गका राजा भएका थिए ।

इन्द्रपदबाट अपदस्थ हुनुपरेका इन्द्रले गुरू वृहस्पतिलाई अब के गर्नुपर्छ ? सोधे। वृहस्पतिले भने- अर्काको आघात, चोरी, हिंसा, मद्यपान र परपत्नी गमन- यी ५ पाप कर्म हुन्। ब्राह्मण, क्षत्रिय, वैश्यले पापकर्म गरेमा प्रायश्चित्त गर्न पाउँछन्। राजाले १० वटा ब्राह्मणलाई संरक्षण दिन एकजना ब्राह्मणलाई मार्न पनि सक्तछ। गुरूको आज्ञाले गरेको पाप गुरू वचनले नै नाशिन सक्तछ। आपत कालमा ब्राह्मणले मासु खाँदा पनि दोष लाग्दैन। एकपटक देवता र युवनाश्वले यज्ञ गरे। यज्ञ मैले गरेको भनेर दुवैले दावी गरे। विवाद भयो। त्यसवेला ब्रह्माले पशुलाई यज्ञभाग तोकिदिनु भएको थियो। त्यसबेला प्राणीहरूको कल्याणगर्ने भूतसंघसहायिनी शक्ति प्रादुर्भाव हुनुभयो र प्राणीहरूको वचावटमा कुरा गर्नुभयो। ब्रह्माले देवीलाई प्रसन्न पार्दै भन्नुभयो- कुनै पनि प्राणीको इच्छा (बुभुक्षा) पूर्ति पशुयज्ञबाट नै हुन्छ। यज्ञमा घोडा हात्ती आदिको वलिले पाप हुँदैन-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेन तुरगं गांवा गजोष्ट्रमहिषादिकम्,

आत्मार्थं वा परार्थं वाहत्वा दोषैर्न लिप्यते -६।७१

वलि चढाएका प्राणीको मासुमा पनि शिवत्व (पवित्रता) रहेको हुन्छ ।

७. चोरी र मद्यपान

हिंसाको लक्षणबारे सुनेपछि इन्द्रले बृहस्पतिसंग चोरीका लक्षण पनि वताइदिन अनुरोध गरे । वृहस्पतिले भन्नुभयो- हिंसा, चोरी जस्ता पाप कर्म गर्नहुँदैन । त्यसमाथि पनि आफुलाई विश्वास गर्नेलाई कहिल्यै कुनै पनि कुराले वञ्चना नगर्नू ।

काञ्चीपुर नामको शहरमा वज्र नामक चोर थियो । ऊ अलि अलि चोर्थ्यो र चोरेको धन सुरक्षाको लागि भुईंमा गाड्थ्यो । उसले धन गाडेको कुरा वज्र नामकै अर्को चोरलाई थाहा हुन्थ्यो । धन चोरेर लुकाएको थाहा पाएर काठ बोक्ने कुनै भरिया किरातले लुकाएको रकमबाट दशांश झिक्थ्यो र त्यो रकमबाट पुल, कुवा, पोखरी जस्ता सार्वजनिक धार्मिक महत्वका वस्तुहरू बनाउँथ्यो । त्यस रकमले उसले शिवजीको मन्दिर पनि बनाएको थियो । उसले गरेको कामलाई देखेर लोकमा प्रशंसा हुन्थ्यो र उसको नाम पनि द्विजवर्मा राखिएको थियो । द्विजवर्माले बनाएको शहर देवरातपुर भनिन्थ्यो । कालगतिले त्यो द्विजवर्मा मऱ्यो । उनकी पत्नी शीलवती थिई । द्विजवर्मा मरेपछि यमराजका र विष्णुका दूत आए । दूतहरूले उसलाई लैजाने बारे झगडागर्न थाले । त्यसैबेला नारद आएर भन्नुभयो- यो किरातले चोरेका धनले मन्दिर, कुवा, पुल आदि सबै बनाएको हुनाले यसले वायु भएर घुम्नुपर्छ । तर यसकी पत्नीले धन चोर्न दुरूत्साहन गरेकीले ब्रह्मलोक जान सक्छिन् । त्यसपछि द्विजवर्मा वायु भयो र शीलवती ब्रह्मलोक जाने भइन् । त्यसबेला शीलवतीले पतिलाई छोडेर एक्लै ब्रह्मलोक जान इन्कार गरिन् र पतिलाई सँगै लैजाने उपाय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोधिन्। नारदले भन्नुभयो- यदि तिमीले कन्दमूल खाई शतरूद्री पाठ गरेर शिवाराधना गरेमा पतिलाई सँगै लैजान पाउँछ्यौ । शीलवतीले पनि नारदले भने अनुसार गरिन् र पतिलाई पनि आफैंसंग ब्रह्मलोक लान सकेकी थिइन् ।

इन्द्र-बृहस्पति संवादको क्रममा बृहस्पति भन्दछन् - मद्य ५ किसिमका हुन्छन् -

क. पौष्टिक (अन्न सडाएर बनाएको),

ख. तालज (ताल, खजुरबाट बनेको),

ग. कैर (केरा सडाएर बनाएको),

घ. माधुक (महुवाबाट बनेको),

ङ. गौडी (गूडबाट बनेको)

यिनीहरू मध्ये पौष्टिक, तालज आदि मद्यहरूको दोष क्रमशः आधा आधा हुँदै जान्छ। अर्थात् पौष्टिक सबै भन्दा बढी खराब (पापदायक) हुन्छ। क्षत्रियहरूले मद्यपान गर्न सक्तछन्। स्त्रीहरूले कैर मदिरा पिउन सक्तछन्। तर, ब्राह्मण ब्राह्मणीले कुनै पनि किसिमको मद्यपानगर्न हुँदैन। पतिहीन विधवा, कन्या, रजस्वलाले पनि मद्यपानगर्न हुँदैन। पति साथमा नभएको अवस्थामा पिउने नारीलाई उन्मादिनी भनिन्छ । त्यस्तीलाई चाण्डाल पनि भनिन्छ। सम्भोगको समयमा मद्यपान गरेमा १० हजार गायत्री मन्त्र जपेर जातवेद मन्त्रपाठ गर्नुपर्छ। लक्ष्मी, सरस्वती, गौरी, चण्डिका, त्रिपुराम्विका, भैरव, भैरवी, काली, महाशास्त्री यी सबै माता हुन्। यी सबैलाई मधुवलि दिइन्छ। यद्यपि सामान्य रूपमा मधुपान गर्नेले रौरव नरक भोग गर्नुपर्छ। मदिरा पान गर्नेले पराशक्तिको ध्यान र चान्द्रायण व्रत गरेर मदिराको दोषलाई न्यून वनाउन सक्तछन्।

८. अगम्य/अभक्ष्यको विवेचन

एकपटक देवराज इन्द्रले गुरू बृहस्पतिसंग अगम्य र अभक्ष्यको सम्बन्धमा सोधेपछि बृहस्पतिले भन्नुभएको थियो- आमा, वहिनी, गुरूपत्नी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माइजु- अगम्य हुन्। कुनै पनि अवस्थामा यिनीहरू माथि गमनगर्नु हुँदैन। कसैले यिनीहरू माथि गमन गर्दछ भने १२ वर्ष तप्तकृच्छ व्रतगरी दुवैले ६-६ वर्ष नरक समेत भोग गर्नुपर्दछ। आफ्नै जातिकी कुलटा स्त्रीगमन गरेमा त्यस्तो अगम्य गमन गर्नेले घर वाहिर ३ रात विताएर १०० पटक प्राणायाम गरेर शुद्ध हुन सक्दछ। दासी ४ प्रकारका हुन्छन् - क. देवदासी, ख. ब्रह्मदासी, ग. स्वतन्त्रा र घ. शूद्रजाति। अघिल्ला दुईटा क्षेत्री सरहका र पछिल्ला दुईटा हीन जाति सरहका हुन्छन्। आफ्नी रजस्वला स्त्रीसंग समागम गरेमा प्राजापत्य व्रत गर्नुपर्छ र पराइ रजस्वला स्त्रीसंग समागम गरेमा त्यसको दोब्बर दण्ड हुन्छ। पिताको स्वीकृति विना कसैले सम्भोग गरेमा तीन रात उपोषण व्रत गर्नुपर्छ र त्यसै कन्यासँग विवाह गर्नुपर्छ। यदि विवाहित नारीसँग सम्भोगगर्ने पुरूष मरेमा त्यो नारी विधवा हुँदैन। अघिल्लो पतिसँगको सम्बन्धमा जान्छ।

ब्रह्माले भन्नुभएको थियो- पञ्चतत्वले बनेको पुरूष र स्त्रीवीच सम्भोग हुनु स्वाभाविक हो र हुनुपर्छ, नभए सृष्टि बन्द हुन्छ। तर सहवास गर्दा विधि सम्मत हुनुपर्छ। संयोगजन्य पाप ४ किसिमको हुन्छ- क. कर्ता प्रधान, ख. सहकृत, ग. निमित्त र घ. अनुमत। यिनीहरू मुख्य अपराधीदेखि सहमतिदिने सम्मका हुन्छन्। पापको दण्ड पनि क्रमशः त्यसै अनुसार हुन्छ। निम्न वस्तुको उपभोगमा क्रमशः पाप १०-१० गुना कम हुदै जान्छ-

मद्यपान, मांसु भक्षण, गाँजा, लसुन, जलजन्तुहरू खाएमा क्रमशः १०-१० गुना पाप कम हुँदै जान्छ

कसैले झुक्याएर खुवाएको छ भने विष्णु र त्र्यम्वकलाई संझिएर आफुलाई सोही समान मानी (सो ऽ हं भाव) ले पानीभित्र वसेर प्राणायाम गरेमा शुद्धहुन सकिन्छ। यी सबै नियम पुरा गरेमा व्याधिभय हुँदैन र मुक्ति प्राप्त हुन्छ। अपराध गरेर अपराधलाई कमगर्न पराशक्ति देवीको ध्यान गरेर पञ्चदशाक्षरी मन्त्रजप गर्नू, अपराधको दोष लाग्दैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९. अमृत मन्थन-प्रसङ्ग

इन्द्रले श्राप परेको र कमजोर हुनुपरेको कारण र त्यसबाट मुक्त हुने उपायका विषयमा सोध्दा बृहस्पति भन्दछन्- काश्यपकी दिति नामकी पत्नीमा दनु नामको छोरा जन्मियो । दनुको विवाह रूपवती नामक कन्यासँग भयो र उनीहरूबाट अत्यन्त ज्ञानी वेदवेदाङ्ग जान्ने विश्वरूप नामको छोरा जन्म्यो । विश्वरूप इन्द्र जत्तिकै शक्तिशाली भएकाले इन्द्रले तपस्यानिःसृत बलबाट उसको शिरच्छेदन गरिदिए । दनुले इन्द्रलाई पुत्रवध गरेकाले "श्री विहीन" हुनुपर्ने श्राप दिए । इन्द्र श्री विहीन भएको मौका पारेर दैत्यहरूले युद्ध गरेर इन्द्रासन लिए । दैत्यको हातमा इन्द्रासन गएपछि देवताहरूले दुःख पाए । त्यसै वेलामा इन्द्र र विश्वरूप मध्ये को बढी गुणवान् छ भनेर प्रश्न गर्दा संसारमा तीर्थयात्रा धेरै छन् (अर्थात् गुणीवन्ने शक्ति जो सुकैसंग पनि हुन्छ), भन्दा म (वृहस्पति)लाई ऋषिहरूले दुख पाएर कर्मभूमिमा जानुपर्ने श्राप पनि दिएका थिए । म काञ्चीनगरमा आएँ । त्यसवेला तपाईंहरूले पुरोहित बनाउन अनुरोध गरिएका विश्वरूप तपस्यागर्न गएछन् । मैले दानवहरूसंग वैरभाव नगर्न संझाउँदा विश्वरूप र इन्द्रको बराबर शक्तिहुने देखेर इन्द्र (तपाईं) ले विश्वरूपको शिरच्छेदन गरिदिनुभएको थियो । दानवहरूबाट पराजित भएर दुख पाइरहेका देवताहरू ब्रह्मा समक्ष गए । ब्रह्माले विष्णु समक्ष जाने सल्लाह दिनुभयो । देवताहरू विष्णु समक्ष गएर आफ्नो पीडा बताए । विष्णुले भन्नुभयो- म तिमीहरूको हित हुने उपाय गरूला, मैले भनेको मान्नु ।

विष्णुले पनि इन्द्रलाई लागेको पाप स्त्री, भूमि र वृक्षमा लाग्नेगरी ३ भागमा बाँडिदिनुभयो । त्यो पाप बोक्नु परेको हुनाले स्त्रीहरूले ऋतुमती भएपछि मात्र बच्चा जन्माउने, काटेको रूख पुनः पलाउने र खाल्डो परेको भूमि क्रमशः भरिदै जाने भएको हो । श्रापले गर्दा इन्द्र श्रीविहीन भएपछि लोभी पापीको संख्या बढ्न थाल्यो, आकाश निर्मल हुन छोड्यो । चराचर जगत् नै विनष्ट प्रायः देखियो । दैत्यहरूले इन्द्रको नन्दन वनमा जथाभावी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नथाले। त्यस क्रममा अप्सराहरूको रत्न पनि लुट्न थाले। त्यसवेलामा देवताहरू विष्णु समक्ष गए। विष्णुले देवताहरूलाई असुरहरूसंग सन्धिगरी समुद्र मथनगर्ने सल्लाह दिनुभयो। समुद्र मथनगर्दा कामधेनु निस्किइन्। त्यसपछि वारूणी मदिरा, सुरभि, अमृत घडा सहितका धन्वन्तरि निस्किए। मथन गर्दै जाँदा लक्ष्मी पनि समुद्रबाटै उत्पत्ति भइन्। अत्यन्त राम्री लक्ष्मी उत्पन्न हुने वित्तिकै विष्णुको छातीमा पुगिन् (**ययौ वक्षस्थलं विष्णोः सर्वेषां पश्यतां रमा - ८१**)। लक्ष्मीको रूप, लावण्य र गुणलाई देखेर विश्वकर्मा लगायत धेरै देवता र असुरहरूले उपहार समेत दिएका थिए।

१०. मोहिनीरूप वर्णन, शिवको वीर्यबाट सुन चाँदीका पर्वत

मोहिनीरूप भगवान् विष्णुले देवताहरूलाई मात्र अमृत दिएपछि दैत्य र दानवहरू रिसाए र युद्धगर्न थाले। अमृत पानले बलिया भएका देवताहरूले दैत्यहरूलाई पराजित गरे, पराजित भएका दैत्य र दानवहरू पातालतिर लागे।

यो खवर नारदले कैलाशमा रहनुभएका शिवलाई पनि दिए। नारदले बताए अनुसारका भगवान् विष्णुको मोहिनीरूप हेर्न भनेर शिवपार्वती पनि विष्णु समक्ष समुद्र मथन गरेको स्थानमा जानुभयो। शिवपार्वतीले मोहिनीरूप विष्णुको विशेष आदर र पूजा गर्नुभयो। त्यसैवीच शिवले विष्णुलाई मोहिनीरूप देखाउन आग्रह गर्नुभयो। शिवको मोहिनीरूप हेर्ने इच्छा बुझेर त्यतिखेरै हेर्दाहेर्दै विष्णु अन्तर्धान हुनुभयो। तत्काल शिवको अगाडि अत्यन्त राम्रो बगैंचा देखियो। बगैंचामा भएको पारिजातको वृक्षको फेदमा एउटी अत्यन्त सुन्दरी कन्याले आफ्नो मदोन्मत्त शरीर, उनका छाती, स्तन, त्रिवली, गोडाका अति सुन्दर स्वरूप र चाल देखाइ दिइन्। शिवजी मन थाम्न नसकेर ती कन्यालाई समात्न जानुभयो। शिवले अपरिचित कन्यालाई समात्न जानुभएकोमा पार्वती 'अर्काकी छोरीलाई समात्नजाने' भन्दै शिवलाई नै समात्न दौडिनुभयो। त्यसैबेला मोहिनी सुन्दरी स्त्रीलाई देखेर शिवजीको विर्य स्खलन भयो। खसेका शिवका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विर्य-विन्दुहरू सुन र चाँदीका विन्ध्य समानका पर्वत बने । यत्तिकैमा मोहिनीरूप विष्णु अन्तर्ध्यान हुनुभयो भने शिवपार्वती पनि कैलाश जानुभयो ।

भण्डासुर नामको अत्यन्त बलशाली दानव थियो । ऊ इन्द्र जतिकै बलियो थियो । भण्डासुर विशुक्त दानवलाई दाहिने पट्टि र विषाङ्ग नामको शत्रुमर्दन गर्नसक्ने दानवलाई र आफ्नी धुमिनी नामकी बहिनीलाई वायाँ पट्टि राखेर देवताहरू माथि शासन गर्थ्यो। त्यो भण्डासुरले देवताहरूलाई सताउदा विष्णु र शिवहरू पनि आ-आफ्ना धाममा लुकेर बस्नुहुन्थ्यो । त्यो भण्डासुर दैत्यलाई वधगर्न भगवान्ले तेश्रोरूप (ललितादेवी) लिनुभयो र दैत्यवध गर्नुभएको थियो ।

अथ भण्डासुरं हन्तुं त्रैलोक्यं चापि रक्षितुम्,
तृतीयमुदभूत् रूपं महायागानलान्मुने
यद्रूपशालिनीमाहुर्ललितां परदेवताम्,
पाशांकुशधनुर्वाणपरिष्कृतचतुर्भुजाम् - १०।८९-९० ।

११. भण्डासुरको जन्म

तरक नामको असुरको उत्पत्ति कसरी भएको थियो र अम्विका देवीले उसको वध कसरी गर्नुभएको थियो भन्ने अगस्त्य ऋषिको प्रश्नमा हयग्रीव भन्नुहुन्छ - प्राचीन कालमा दक्षपुत्री सतीले दक्षकै यज्ञमा शरीर आहुति गर्नुभएपछि भगवान् शंकर हिमालयतिर बसेर तपस्या गर्दै हुनुहुन्थ्यो। देहत्याग गरेपछि सतीले पनि शिवकै आराधना गरेर हिमालय पुत्री पार्वतीको रूपमा जन्म लिनुभएको थियो । नारदबाट हिमालयले सतीले अग्निमा प्रवेश गरेर देहत्याग गरेको खवर सुनेपछि पार्वतीलाई नै सतीको पुनर्जन्म भएको थाहा पाएर आफ्नो नजिकै राख्नुभएको थियो-

योगेन स्वां तनुं त्यक्त्वासुतासिद्धिमभूभृतः,
स शैलो नारदाच्छ्रुत्वा रूद्राणीति स्वकन्यकाम्
तस्य शुश्रूषणार्थाय स्थापयामास चान्तिके - ११।५-६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैवेला तारकासुरबाट पीडित भएका देवताहरू ब्रह्माजी समक्ष सहायता पाउन भनेर जानुभएको थियो। किनकि तारकासुरलाई ब्रह्माजीले नै कसैले पनि वधगर्न नसक्ने वरदान दिनुभएको थियो। त्यसवेला ब्रह्माले देवताहरूको उद्धारगर्ने मनसायले कामदेवलाई बोलाएर भन्नुभयो- हे कामदेव ! आदि कालमा विष्णुको वरदानअनुसार सृष्टिगर्न पाउँदा पनि ब्रह्मालाई सन्तुष्टि भएको थिएन, किनभने त्यतिखेर मानसिक सृष्टि हुन्थ्यो । ब्रह्माले आफ्नो असन्तुष्टिप्रति गुनासो गरेपछि तिमी मन्मथ (कामदेव) को सृष्टि भएको थियो। अब तिमीले सृष्टि विस्तारमा यौनेच्छा बढाउनु पर्‍यो, जसले गर्दा सृष्टिकार्य अघिबढ्न सक्छ । यति भनेर तारकासुरको वधगर्न तपस्या गरेर बस्नुभएका शिवलाई उत्प्रेरितगर्न अराउनुभयो। साथै, तारकासुरलाई शिवबाट जन्मने छोराले मात्र मार्नसक्ने भएकाले विष्णुले मोहिनीरूप लिएर कामदेवलाई पुष्पवाण चलाउने शक्ति पनि त्यसैवेला दिनुभयो। त्यसैक्रममा कामदेव निर्देशानुसार शिवले तपस्या गरेको ठाउँमा गए र तपस्यामा रहनुभएका शिवलाई सन्तान उत्पतिगर्न प्रेरितगर्ने उद्देश्यले वाण प्रहार गरे। शिवजी जाग्नुभयो। उहाँको आँखाबाट निस्किएको अग्निले कामदेव भष्म भए । त्यसैबेला गणेश आएर भष्मले चित्र कोरेर पुरूषको चित्र बनाइदिनुभयो। त्यो विचित्र किसिमको चित्र हेरेपछि शिवले कामदेवलाई जीवित बनाइदिनुभयो । गणेशले पनि त्यो पुरूषलाई शतरूद्री पाठ गरेर शिवको आराधनागर्ने सुझाव दिनुभयो । त्यो पुरूषले गरेका शतरूद्री पाठबाट शिव प्रसन्न हुनुभयो। शिवले उसलाई प्रतिद्वन्दीको बलको लागि तिम्रो बलको प्रयोग हुने र कुनै शस्त्रास्त्रले तिमीलाई आहतगर्न नसक्ने भन्दै ६० वर्ष राज्य-सुखलिने वरदान पनि दिनुभयो। ब्रह्माले त्यो बालकको नाम भण्ड भनिदिनुभयो र सबैले उसलाई भण्ड भन्नथाले। गणेशले त्यो पुरूष (भण्डासुर) लाई शस्त्रास्त्रहरू पनि दिनुभयो।

१२. ललिता देवीको उत्पत्ति कथा

गणेशले वनाएको चित्रलाई हेरेर शिवले उत्पन्न गर्नुभएको पुरूषले गरेको शतरूद्री पाठले शिवलाई खुसी बनाएको थियो । त्यै भण्डलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्राचार्यले दैत्येन्द्रको रूपमा अभिषेक गरिदिनुभयो । ६० वर्षसम्म राज्यभोगगर्न पाउने ऋषिको वरदान अनुसार भण्डासुरको शक्ति बढ्दै गयो । भण्डासुरले शोषितपुरलाई राजधानी बनाउने विचारले मयलाई निर्माणको जिम्मादियो । देवता र दानवहरूले भण्डलाई उपहार दिएर राजाको रूपमा स्वागत गरे । भण्डासुरका सुमोहिनी, कुमुदिनी, चित्राङ्गी, र सुन्दरी नामका ४ वटी पत्नी र इन्द्रशत्रु, अमित्रघ्न, विद्युन्मालि, विभीषण, उग्रकर्मा, उग्रधन्वा, विजयश्रुति र पारग नामका ८ वटा महाबली छोराहरू भए । उसको समयमा शिवपूजा, वेद पाठ, यज्ञ, हवन प्रशस्त हुनेगर्थ्यो ।

वरदान पाएको ६० वर्ष भएपछि भण्डासुरको शक्ति क्षीण हुँदैगयो । विष्णु भगवान्ले आफ्नो तेजले यज्ञको माध्यमबाट लोकविमोहिनी देवी सृष्टि गरेर भण्डासुरलाई मोहित बनाउन अह्राउनुभयो । आफ्नो अगाडि अत्यन्त सुन्दरी स्त्री (लोकमोहिनी देवी) लाई देखेर भण्डासुरले शिवपूजागर्न पनि विर्सन थाल्यो । त्यसै बेलामा नारद आएर इन्द्रलाई भन्नुभयो- पराशक्तिको आशीर्वाद नभै भण्डासुरलाई वधगर्न सकिदैन । यसैले देवीको स्तुति गर्नुहोस् । इन्द्रले देवीको स्तुतिगर्न थाल्नुभयो । इन्द्रले मोहिनी देवीको स्तुति गरेको ठाउँ नै इन्द्रप्रस्थ नामले प्रसिद्ध भयो ।

उता शक्ति क्षीण भएपनि भण्डासुरका मन्त्रि भीमकर्मा, श्रुतवर्मा आदिले उसलाई देवताहरूसँग लडाइगर्न उक्साए । भण्डासुर र देवताका बीचमा युद्धभयो । इन्द्रको स्तुतिबाट प्रसन्न भएकी देवीले वायव्यास्त्र प्रहार गर्नुभयो । ऋषिहरूले पनि मन्त्र प्रस्ट उच्चारण गरेर देवताको शक्ति बढाए । ऋषिहरूको मन्त्रबलले एउटा तेजपुञ्ज प्रादुर्भाव भयो । तेजपुञ्जको वीचमा चक्र देखियो । त्यो चक्र नै क्रमशः देवी (ललिता) को रूप बन्यो ।

तन्मध्यतः समदभूच्चक्राकारमनुत्तमम्,

तन्मध्ये तु महादेवीमुदयार्कसमप्रभाम् -१२।७०

देवीलाई देखेर सबै देवदेवीहरूले स्तुति र प्रार्थनागर्न थाले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. ललितास्तुति

इन्द्रादि देवताहरूले भगवतीको स्तुति गर्दै भन्दछन्- हे विजयदायिनी देवी ललिता ! हजुरको हृदय नै भुवलोक हो । हजुर सज्जनहरूको हृदयमा बास गर्नुहुन्छ । हजूरकै आज्ञाले सूर्य, अग्निले तेज दिन्छन् र वायु बहन्छ । यस्तो कीर्ति, विजय र धनसम्पत्ति प्रदानगर्ने तपाईंलाई बारम्बार हृदयदेखि प्रमाण गर्दछौं । यस्ती तपाईंलाई साम्राज्ञीको रूपमा देख्न चाहन्छौं, इत्यादि -

जय देविजगन्मातर्जयदेवि परात्परे,
जय कल्याणनिलये जय कामकलात्मिके
जयकारि च वामाक्षि जय कामाक्षि सुन्दरि,
जयाखिलसुराराध्ये जय कामेशि मानदे
जय ब्रह्ममये देवि ब्रह्मात्मीकरसात्मिके,
जय नारायणी परे नंन्दिताशेषविष्टपे
जय श्रीकण्ठ दयिते जय श्रीललितेम्विके,
जय श्री विजये देवि विजयश्री समृद्धिदे - १३१-४

हे देवी ! तपाईं दृश्य अदृश्य, १४ भुवन, तप, स्वाध्याय, स्वाहा, स्वधा सबै हुनुहुन्छ, प्राणायाम, प्रत्याहार तपाईं नै हो । वृक्षहरू तपाईंका शरीरका रौंहरू हुन् । तपाईंको आज्ञाले सूर्य चन्द्रहरू विचरण गर्दछन् । त्यस्ती महादेवीलाई प्रणाम गर्दछौं ।

यसरी इन्द्र आदि देवताहरूले स्तुति गरिसकेपछि ललितादेवी प्रसन्न हुनुभयो र इन्द्रलाई वरदान माग भन्नुभयो । इन्द्रले पनि हजुर सन्तुष्ट हुनुभएको हो भने शरणमा आएकालाई जिवित वनाउने वरदान दिनुहोस् । देवीले तथास्तु भन्दै भण्डासुरलाई जितेर तीनै लोकको राज्य तिमी (इन्द्र) लाई हुनेछ पनि भन्नुभयो । आशीर्वादबाट देवताहरू अत्यन्त खुसी भए । त्यसपछि देवीले भन्नुभयो - जसले इन्द्रादि देवताहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
गरेको मेरो स्तुति गर्दछन्, तिनीहरू विद्या, विनय, धन, सम्पत्ति आदिबाट सम्पन्न हुनेछन् र अन्तमा परम पदमा पुग्नेछन् ।

१४. ललिता-शिव विवाह प्रसंग

हयग्रीवले भन्नुभयो- हे अगस्त्य ! ललिता देवीलाई साम्राज्ञीका रूपमा देख्न चाहेको (अघिल्लो अध्याय) कुराले देवी ललिता मुस्कुराउनुभयो । अत्यन्त सुन्दरी, शक्तिमाता देवी प्रादुर्भाव भएको सुनेर ब्रह्मा, शिव पनि हेर्न, भेट्न र दर्शनगर्न आउनुभयो । देवीको दर्शनगर्न नारद आदि ऋषि देवर्षिहरू, विश्वावसु आदि गन्धर्वहरू, भैरव, क्षेत्रपाल, अणिमादि शक्ति समेत आउँनुभयो। देवीसंग भेट र दर्शन गरेपछि ब्रह्माजीलाई लाग्यो - यस्ती शक्तिमाता ललितालाई योग्य वरको व्यवस्थागर्न सकिएमा सन्तोष र शास्त्र अनुकूल पनि हुन्छ। यस्ती देवीको लागि शिवभन्दा अर्को वर सुहाउँदैन। तर शिवजी जटाधारी, विरूपाक्ष, भष्म धारण गरेर स्मशानमा बस्नुहुन्छ, के गर्ने होला । ब्रह्माजीले यस्तो सोचिरहेको बुझेर त्यसैबेला सर्वज्ञानी शिव अत्यन्त सुन्दर युवक बनेर देखापर्नुभयो। देवी पनि सुन्दर युवा (शिव) लाई देखेर मोहित हुनुभयो र दुवै जना कामातुर बन्नुभयो। त्यो अवस्था देखेपछि ब्रह्मादि देवता सहित सबैले ललितालाई मदन-कामेश्वरको रूपमा सम्मान गरे र साम्राज्ञीको आसनमा बसाल्ने विचार गरे।

१५. ललिता-शिवको विवाहोत्सव

देवताहरूको आसय र प्रस्ताव सुनेर ललिता देवी मुस्काराउनुभयो र भन्नुभयो - म स्वतन्त्र रूपले बस्न चाहन्छु । त्यसबेला ब्रह्माले भन्नुभयो- हे देवी ! नारीको विवाह चार प्रकारले हुनेगर्छ -

(क) कालक्रीता विवाह - वेश्याजस्तो रकम दिएर ल्याएको

(ख) क्रयक्रीता विवाह- नोकर, दासीजस्तो रकम दिएर किनेको

(ग) पितृदत्ता विवाह- पिताले स्वीकृति दिएको

(घ) स्वयंयुता विवाह- आफैंले निर्णय लिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईं ब्रह्म-स्वरूपा हुनुहुन्छ । जगतको आमा हुनुहुन्छ । अतः हजुरले स्वयं निर्णय लिएर विवाह गर्नुपर्छ। ब्रह्माको कुरा सुनेपछि देवीले वरमाला आकाशतिर फ्याक्नुभयो। त्यो वरमाला खसेर शिवको गलामा पऱ्यो-

तयोत्सृष्टा हि सा माला शोभयन्तीनभस्थलम्,

पपात कण्ठदेशे हि तदा कामेश्वरस्य हि - १५।१२

देवीले आकाशतिर फालेको माला खसेर कामेश्वर भगवान् शिवको गलामा लागेपछि सबै ब्रह्माण्डका देवताहरू खुसी भए । पुष्पवृष्टि भयो । मन्दमन्द हावा चल्नथाल्यो । यसरी वरमाला पहिरिएपछि शिव र ललिता अत्यन्त सुन्दर देखिनुभयो । त्यसपछि ब्रह्माले विष्णुलाई कामेश्वर र ललिताको विवाह गरिदिन प्रस्ताव गर्नुभयो । विष्णुले उहाँहरूको विवाह गरिदिनुभयो । उहाँहरूलाई देवताहरूले मंगल सूचक उपहारहरू दिनुभयो । त्यस क्रममा ब्रह्माले इक्षु र चाँप, विष्णुले नओइलाउने पुष्पास्त्र, वरूणले नागपाश दिनुभयो भने अरू देवदेवताले पनि विभिन्न वस्तुहरू उपहार दिनुभयो । विवाहपछि शिव र ललिता प्रसन्न हुनुभयो । उहाँहरूले देवताको हितमा कामगर्ने इच्छा गरेको बुझेर ब्रह्माले देवीलाई कामाक्षी शिवलाई कामेश्वर नाम दिएको स्पष्ट गर्नुभयो ।

शिव र ललिताको विवाहोत्सव भएको १० हजार वर्ष वितेपछि एकदिन नारद आउँनुभयो । शिव र ललिताको स्तुति गरिसकेपछि नारदसंग भण्डासुरले देवताहरूलाई दुःख दिएकाले उसको वधगर्न अनुरोध गर्नुभयो । देवी ललिताले देवताहरूलाई पनि अधर्म नगर्न निर्देशन गर्दै आ-आफ्ना आश्रमतिर जान सूचित गर्नुभयो ।

यो प्रसंग पढे मात्र पनि तेजस्वी र वीर्यवान बन्न सकिन्छ ।

१६. ललिता देवीको भण्डासुर विजय अभियान

ललिता देवी भण्ड दैत्यमाथि विजयगर्ने उद्देश्यले आफ्ना शस्त्रास्त्र र सैनिक सहित प्रस्थान गर्नुभयो। देवी प्रस्थानगर्दा शुभसंकेतका वाजाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बज्न थाले। आनक नामक ढोल, प्रणव नाम कनगाडा, गामुख र अर्धचन्द्रिका नामक वाजा एवं यवमध्य, मुष्टिमध्य, मर्द्दल, डिण्डिम आदि वाजाहरू पनि बज्न थाले । चार हात भएकी ललिता देवीले एक हातमा पाश, अर्कोमा अंकुश, तेश्रो हातमा कोरा र चौथो हातमा घोडाको लगाम पक्रिनु भएको थियो। देवीका सेनामा विभिन्न देशका र विभिन्न नश्लका घोडाहरू पनि संलग्न गराइएका थिए। देवीका वरपर हिंड्नेहरूका आवाजले मृग, महिष, सिंह आदि जन्तुहरू यताउति भाग्न थाले । देवीले लिएको कठोर वज्रवाणले चारै दिशा थर्थराएको र डग्मगाएको जस्तो प्रतीत भएको थियो । देवीको युद्धको साजसज्जाले देवता र दैत्यहरूकावीच विशेष किसिमको हलचल पैदा गरेको थियो ।

१७. भण्डासुर विजय निमित्त देवीको रणनीतिक तयारी

जब ललितादेवी भण्डासुरमाथि विजय प्राप्तगर्न निस्कनुभयो, उहाँको अनुहार अग्निज्वालाजस्तै प्रकाशमान थियो । त्यसवेला देवी करिचक्र नामको रथलाई छोडेर आफ्नो वाहन सिंहमाथि चढ्नुभयो । देवीको शक्तिले संसार नै छेड्छ वा मुसलको प्रहारले पृथ्वी नै दुई टुक्रा हुन्छ कि जस्तो देखिन्थ्यो। देवीको उग्र रूपलाई देखेर देवताहरू पनि डराएर देवीका १२ नाम (पंचमी, दण्डनाथा, संकेता, समयेश्वरी, समयसंकेता, वाराही, पोत्रिणी, महासेना, वार्ताली, आज्ञा, चक्रेश्वरी, अरिघ्नी) को जपगर्न थाले । देवीका यी नाम जय गर्दा संकट निवारण हुन्छ ।

जब देवी संकेतयोगिनी युद्धगर्न उत्साही बन्नुभयो, आभूषण लगाएका देवीका अरू शक्तिहरू पनि आक्रामक वन्दै देखापरे। तिनीहरूको बीचमा देवी अझ तेजिली देखिनुभयो । त्यसबेलामा स्वर्गमा बस्नेहरूले देवीका १६ नाम (संगीतयोगिनी, श्यामा, श्यामला, मन्त्रनायिका, मंत्रिणी, सचिवेशी, प्रधानेशी, शुकप्रिया, वीणावती, वैणिकी, मुद्रिणी, प्रियकप्रिया, नीपप्रिया, कदम्वेशी, कदम्ववनबासिनी, सदामदा) ले स्तुतिगर्न थाले । त्यसबेलामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४ हात, ३ शिर, ३ आँखा भएका धनुर्वेद उत्पन्न भएर चित्रजीव नामको धनु दिनुभयो र शुकप्रिया देवीले धनुको प्रत्यञ्चा बजाउँनु (टंकार दिनु) भएको थियो । त्यसबेलाको देवीको वेग, ध्वनि र १ हजार अक्षौहिणी सेनाको आवाजले चारै दिशा गुञ्जायमान भएको थियो ।

१८. ललितादेवी र सेनाको विजय-यात्रा

नागको फणाजस्तो पास, झन्झन् गर्ने वाला, इक्षु निर्मित धनुष, फूल जस्ता ५ वटा वाण लिएकी ललितादेवी भण्डासुरसंग युद्धको निमित्त प्रस्थान गर्नुहुँदा उहाँको मुखमण्डल सिङ्गो आकाशमा देखिने चन्द्रमा जत्तिकै सुशोभित थियो । २५ नाम रत्न (सिंहासना, श्रीललिता, महाराज्ञी, परांकुशा, चापिनी, त्रिपुरा, महात्रिपुरसुन्दरी, सुन्दरी, चक्रनाथा, साम्राज्ञी, चक्रिणी, चक्रेश्वरी, महादेवी, कामेशी, परमेश्वरी, कामराजप्रिया, कामकोटिगा, चक्रवर्तिनी, महाविद्या, शिवानंगवल्लभा, सर्वपाटला, कुलनाथा, आम्नायनाथा, सर्वाम्नायविनासिनी, श्रृगारनायिका) ले पुकारिने देवीलाई स्मरणगर्दा मात्र पनि सौभाग्य, अष्टसिद्धि, कीर्ति, बुद्धि प्राप्त हुन्छ । यो तयारी र सज्जा सहितकी ललितादेवी भण्डासुरप्रति क्रुद्ध देखिनुहुन्थ्यो ।

१९. पर्वस्थ देवीहरूको नाम

अगस्त्य-हयग्रीव सम्वादको क्रममा अगस्त्य ऋषि हयग्रीवसँग चक्रराज रथेन्द्र पर्वमा आश्रित भएका देवता र उनीहरूको अभिख्या (चमक, दमक, शोभा, कान्ति र नाम) बताइदिन अनुरोध गर्दछन् । हयग्रीव भन्नुहुन्छ- देवी विराजमान भएको रथमा ९ पर्व र दश सिद्धिहरू रहेका हुन्छन् । अणिमा, महिमा, गरिमा, लघिमा, इशिता, वशिता, प्राप्ति, प्राकाम्य- यी अष्टसिद्धिहरू चिन्तामणि, कपाल र कज्जल धारणगरेर वस्तछन् । रथको पूर्वभागमा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, माहेन्द्री, चामुण्डा, महालक्ष्मी नामका आठ शक्ति वस्तछन् । यी शक्ति देवीहरूका २ हात र लाल रंग हुन्छ । यसैगरी ४ हात भएका देवीहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै सर्वसंक्षोभिणीमुद्रा, सर्वविद्राविणीमुद्रा, सर्वाकर्षणकृन्मुद्रा, सर्ववशंकरीमुद्रा, सर्वोन्मादिनीमुद्रा, सर्वमहांकुशामुद्रा, सर्वखेचरीकामुद्रा, सर्ववीजामुद्रा, सर्वयोनिमुद्रा, सर्वत्रिखण्डिकामुद्रा पनि रथमा वसेका हुन्छन्। भण्डासुरको संहारको लागि रक्तरथमा चढेका गुप्त नामधारी देवीहरू कामाकर्षणिकापनत्या, बुद्ध्याकर्षणिकाकला, अहंकाराकसर्षणीकानित्या, शब्दाकर्षणिकाकला, स्पर्शाकर्षणिकानित्या, रूपाकर्षिणिकाकला, रसाकर्षणिकानित्या,गन्धाकर्षणिकाकला, चित्ताकर्षणिकानित्या, धैर्याकर्षणिकाकला, स्मृत्याकर्षणिकानित्या, नामाकर्षणिकाकला, वीजाकर्षणिकानित्या, आत्मकर्षणिकाकला, अमृताकर्षणिकानित्या शरसीराकर्षणिकाकला यी १६ वटा चन्द्रमाका कलारूप शक्ति हुन्। यसैगरी रथको सातौं भागमा वस्ने देवीहरूमा अनङ्गमदना, अनङ्गमदनातुरा, अनङ्गलेखा, अनङ्गवेगा, अनङ्गकुशा, अनङ्गमालिङ्ग्यपरा हुन्। रथको तलको पर्व (भाग)मा लक्ष्मी, सरस्वती, रति, प्रिति, कीर्ति, शान्ति, पुष्टि, तुष्टि देवीहरू बसेका छन्।

यी सबै देवीहरू भण्डासुरलाई दमनगरी ललितालाई विजय गराउन आतुर, उत्सुक र तत्पर छन्।

गेयचक्र एवं पर्वहरू(रथको विभिन्न भाग) मा वस्ने देवीहरूको नाम मात्र उच्चारण गरेपनि सबै पापबाट मुक्त भै विजयश्री हातपार्न सकिन्छ।

२०. किरिचक्र रथ वरपरका देवीका सैनिक

हयग्रीव अगस्त्यलाई किरिचक्र रथमा बस्ने देवीहरू र किरिचक्र रथको संयोजनबारे भन्नुहुन्छ- हे अगस्त्य ! रथको प्रथमपर्व (भाग) विन्दु हो। त्यहाँ दण्डनायिका बसेर कण्टक समूहलाई नाश गर्नुहुन्छ। देवीको रथको वरपर पाँचपर्व (सैनिक समूह) थिए। सबै पर्वमा बसेका देवीका सैनिकहरू उत्साही बनेर भण्ड दैत्यमाथि विजयगर्न तयार र आतुर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका थिए । रथको दोश्रो पर्वमा जृम्भिणी, मोहिनी, स्तम्भिनी तीन देवीहरू बसेका थिए भने तेश्रो पर्वमा संघिनी आदि ५ देवीहरू बस्तछन् । किरिचक्र रथराजको पर्वमा बस्नेहरूमा कोही रगत पिउने, कोही फुंकार गरेर त्रास पैदा गर्ने, कोही शस्त्रास्त्र चलाउने कला भएका थिए । कोही सुरा पिएर पनि उन्मत्तता देखाउथे । रथमा बस्ने देवीहरू कोही लामा कपाल भएका, कोही जिभ्रो लपलपाउने, कोही नरमुण्डमाला लगाएका, कोही हाँसेका पनि थिए । रथमा मेघलाई नै तोड्न सक्ने हेतुक, त्रिपुरारि, अग्निभैरव, यमजिह्व, एकपाद, काल, कराल, भीमरूप, हाटकेश, अचल नामका १० भैरव पनि थिए । रथमा प्रथम स्थानमा ललितादेवी, दोश्रो स्थानमा त्रिपुराभैरवी, तेश्रो स्थानमा संहारभैरव, चौथो स्थानमा रक्त योगिनी, पाँचौं स्थानमा सारसदेवी लगायत चामुण्डा आदि देवीहरू वसेका थिए । रथमा वसिष्ठ आदि सप्तर्षिहरूले चारै वटा वेदका मन्त्र पढेर गरेको हवनले ललितादेवीको जयश्रीलाई वढावा दिइरहेको थियो । यसैवीच रथमा विद्याधर, विश्वावसु, नारदादि ऋषि, धन्वन्तरि, कर्कोटकादि नागहरू पनि देवीको सहयोगको लागि उत्सुक थिए । रथको सज्जा र देवीका सहयोगी सैन्यलाई हेर्दा भण्डासुरलाई आक्रमण गरेर विजयश्री हातपार्न कुनै काठिन्य नहुने लक्षण देखिन्थ्यो । यस्तो तयारी र रणनीतिका साथ ललितादेवी भण्डासुरसंग युद्धगर्न निस्कनु भएको थियो ।

२१. भण्डासुरको युद्धशक्ति

भण्डासुरले ललितादेवी युद्धगर्न आएको थाहा पायो र उसले पनि युद्धको तयारीगर्न थाल्यो । शुन्यक नामको त्रिलोकविख्यात शहरमा उसको बासस्थान थियो । देवी युद्धगर्न प्रस्थान गरेपछि भण्डासुरको राज्यमा अपशकुनहरू देखिन थाले । उल्कापात हुनथाल्यो । हावा हुरी चल्न थाल्यो । दैत्यका घरहरू हल्लन थाले । जमिनमा धाँजा फाट्न थाले । पृथ्वी नै डग्मगाउन लागेको जस्तो भयो । काँचो मासु खाने स्याल, वाघहरू अगाडि नै देखिन र कराउन थाले । दैत्यपत्नीहरूका आभूषण त्यसै भुईंमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खस्न थाले । यसैबीच भण्डासुर आफ्ना मन्त्रीहरू समक्ष गयो । उसले एउटी स्त्रीजाति आफुसंग युद्धगर्न आएकोमा आश्चर्य, आशंका र आफ्नो विशिष्ट पराक्रमको चिन्तन गऱ्यो र ललितादेवी युद्धगर्न आएको विषय उठायो । भण्डासुरका विशुक्र र विषंग र दुई भाइ थिए । तीमध्ये विशुक्रले भन्यो- एउटी अवलादेखि डराउनुपर्ने के आश्चर्य ? हामीसंग देवतालाई पनि विद्ध गर्नसक्ने हतियार छन् । त्यस्ता हतियार र वीर सेनाहरूको प्रयोग गरेर हामी सजिलैसँग उसलाई जित्न सक्छौ । किन चिन्ता गरेको ? यसैगरी अर्कोभाइ विषंगले भन्यो- शक्ति जहाँ पनि हुनसक्छ । युद्ध भनेको शक्ति परीक्षण हो । स्त्रीजातिले नै पनि ठूलाठूला युद्ध जितेका छन् । त्यसैले शत्रुलाई सानो र स्त्रीजाति भनेर हेप्नु हुँदैन । प्राचीनकालमा विशेष माया फैलाउने चण्डिका नामकी नारीले शुम्भ, निशुम्भ, महिषासुर जस्ता वीरहरूलाई पनि जित्न सकेको इतिहास हामीलाई थाहा छ । यसैले उसको शक्ति बुझेर मात्र युद्धमा जानुपर्छ ।

यसैबीच दुवै भाइको कुरा सुनेर भण्डासुरले भन्यो- मसँग प्रशस्त अविजेय सैनिकहरू छन् । हिरण्याक्ष जत्तिकै बलिया मेरो छोरा छन् । हिरण्यकशिपु समानका कुटिलाक्ष, कुरंडा, करंक, वज्रदन्त, वज्रमुख, वज्रलोमा, सूचीमुख, अश्वमेढ्र, महाण्ड, कुम्भाण्ड, पूतिनाशिक, पूतिदन्त, पूतिचक्षु, पूत्यास्य, पूतिमेहन आदि वीर योद्धा र सेनापतिहरू छन् । तिनीहरूले शत्रुलाई भष्म गरिदिन सक्छन् -

अश्वमेढ्रो महाण्डश्चकुम्भाण्डःपूतिनाशिकः,
पूतिदन्तःपूतिचक्षुःपूत्यास्यःपूतिमेहनः
इत्येवमादयः शूरा हिरण्यकशिपोः समाः,
हिरण्याक्षसमह्यैव मम पुत्रामहाबलाः
एकैकस्य सुतास्तेषु जाताः शूरा परः शतम्,
सेनान्यो मे मदोद्धृत्ता मम पुत्रैरनुद्रुताः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाशमेष्यन्ति समरे प्रोद्धतानमराधमान्,

ये केचित् कुपितायुद्धे सहस्राक्षौहिणी वराः

भष्मशेषाभवेयुस्ते हाहन्त किमुताबला -२१।८९-९२

यति भनेर भण्डासुरले घमण्ड देखाउदै सैनिकहरूलाई देवीसंगको युद्धको लागि तयारहुन निर्देशन गऱ्यो ।

यसैवीच ललिता देवीका सैनिकका आवाज पनि उसका कानमा परे ।

२२. ललितादेवी भण्डासुर युद्ध प्रारम्भ/दुर्मद-कुरण्ड दैत्य वध

ललितादेवीका सैन्य र भण्डासुरका सैनिकवीच युद्ध हुनथाल्यो । पहिले त हुंकारबाट एक अर्कालाई त्रस्त बनाउने प्रयास गरियो । भण्डासुर तर्फका सेनाहरू हात्ती, घोडा, रथ, भेडा, गधा, ऊँट आदि चढेर आएका थिए । उनीहरु क्रोधित, कठोर मुख भएका, नीरस, देवताको द्वेषगर्ने स्वभावका थिए । दैत्यसैन्य यति धेरै थिए कि कति छन् भन्ने गणना नै गर्न सकिदैनथ्यो । कुटिलाक्ष, दुर्मदहरू भण्डासुरका प्रधान सहायक थिए । भण्डासुरको राजधानी शून्यकको सुरक्षाको लागि कुटिलाक्षले भण्डासुरको अनुमति लिएर निम्न अनुसारको सुरक्षा व्यवस्था गराएको थियो -

-तालजंघलाई १० अक्षौहिणी सेनासहित प्राचीन पुरद्वार (मूलद्वार)मा

-तालभुजलाई १० अक्षौहिणी सेनासहित नवीन पुरद्वार दक्षिणमा

- तालग्रीवलाई १० अक्षौहिणी सेनासहित पश्चिम पुरद्वारमा

-तालकेतुलाई १० अक्षौहिणी सेनासहित उत्तर पुरद्वारमा

यसवाहेक, नगरको चारै कुनामा १० अक्षौहिणी सेनाको छुट्टै भूमण्डलाकारको व्यूह बनाइएको थियो ।

यसैवीच भण्डले सेनापति दुर्मदलाई देवीसमक्ष लड्न पठायो । घनघोर युद्ध भयो । सर्वप्रथम दुर्मद दैत्य मारियो । त्यसपछि भण्डले अर्को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाबली दैत्य कुरण्डलाई पठायो । कुरण्ड चित्रयुद्ध, मायायुद्ध र कुटयुद्धमा पनि निपूण थियो । दुवै पक्षमा घमासान युद्धभयो । कुरण्डले वाणप्रहार गरेपछि देवीले पनि उसको वक्षस्थलमा प्रहार गर्नुभयो । उसको प्राण उड्यो । दुर्मद र कुरण्ड मरेकोमा भण्डासुरले रिसाएर सेनापति कुटिलाक्षलाई 'अब त्यो देवीले विधिको जवाफ विधिले नै पाउँनेछ' अर्थात्, जसरी त्यसले हाम्रा सैनिकलाई मारी, त्यसले पनि त्यसैगरी मर्नुपर्छ, भन्यो । त्यसपछि कुटिलाक्ष युद्धगर्न गयो । सम्पत्करी देवीका सेनाले उसंग युद्ध गरे ।

धेरैवेर युद्ध भैसकेपछि देवीले अपराजित नामक घोडा चढ्नुभयो । मणिधनु प्रयोग गरेर वाण हान्नुभयो । दैत्यले मणिधनुबाट छोडेको वाणलाई वीचैमा काटिदियो । देवीले उत्तिखेरै दैत्यसेनाहरूको छातीमा अंकुश प्रहार गर्नुभयो । अंकुश छातिमा लागेपछि धेरै सेनाहरू एकैपटक मारिने क्रममा कुटिलाक्ष जस्तो भण्डासुरको वीर सेनापति पनि ढल्यो । आफ्नो सेनातर्फका दुर्मद र कुरण्ड जस्ता वीरहरू मारिएको सुनेर भण्डासुरले सर्पले जस्तै गरेर लामो निश्वास लियो ।

२३. करंकादि पाँच सेनापतिहरू मारिनु

संपत्करी देवीको कौतुका नामक शक्तिले कुरण्डासुर जस्तो वीर दैत्यलाई मारेपछि भण्डासुरले कष्ट आएको अनुमान गऱ्यो र तत्काल कुटिलाक्षसंग सल्लाहगऱ्यो । सल्लाहपछि भण्डले करंक आदि ५ सेनापतिलाई ५ अक्षौहिणी सेना दिएर ललितादेवीमाथि विजयगर्न पठायो । देवी र दैत्य सैनिकहरूका वीचको युद्ध भंयकर बन्दै गयो । दुर्मद र कुरण्ड जस्ता बलशाली मायावी दैत्यहरू मरेकोमा भण्डासुर झन् उग्र र आक्रोशित बनेको थियो । दुवै युद्धपक्षले वीरतापूर्ण युद्धकुशलता देखाए । दैत्यका सेना नायकहरूले माछा, सर्प आदि चित्रभएका ध्वजा फहराएका थिए । देवीसंग युद्धगर्न उनीहरूले युद्धकुशल धूम्रवर्णा, धूम्रोष्ठि जस्ता सर्पिणी (माया) सृष्टि गरे । धेरै शक्तिशाली माया-सर्पहरूलाई देख्दा एकपटक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवी सैन्यहरू किंकर्तव्य विमूढ जस्ता भए । यसैवीच वज्रदन्त, वज्रमुख आदि अनेकौं वीर दैत्यसेनाहरू पनि युद्धगर्न आए । दैत्यवीरहरूले माया-सर्प सृष्टिगरेको देखेपछि देवीले ३२ करोड दाँतभएकी नकुलीदेवी सृष्टिगरी गरूडमाथि बसाएर तिनीहरूसंग लड्न पठाउनुभयो । नकुलीदेवीले दैत्य सिर्जित सर्पहरूलाई खाइदिनुभयो -

सर्पिणीमायया जान्तसर्पान् दृष्ट्वाभयानकान्,

क्रोधरक्तेक्षणं व्यात्तं नकुलीविदधे मुखम्

अथःश्रीनकुलीदेव्याद्वात्रिशत्दन्तकोटय,

द्वात्रिशत् कोटयो जाता, नकुलाकनकप्रभा - २३।५५-५६

साथै, देवीले बाँचेकाहरूसंग युद्धगरी अन्ततः करंकादि पाँच सेना नायकलाई पनि मारिदिनुभयो । मर्न बाँकी भएका दैत्य सैन्यहरू चारै दिशामा भाग्नथाले । भाग्दै आएका पराजित दैत्यहरूबाट युद्धमा आफ्ना धेरै वीर सैनिकहरू मारिएको विवरण सुनेर भण्डासुर झन् क्रोधित भयो ।

२४. बलाहकादि ७ सेना नायकको वध

करंक लगायतका ५ जना सेना-नायक मारिएपछि भण्डासुर दैत्य झन् बढी आक्रोशित बन्यो । तत्काल उसले कुटिलाक्षलाई बोलायो र बलाहकादि ७ (बलाहक, सूचीमुख, फालमुख, विकर्ण, विकटानन, कारालायु, करटक) वीर सेनानायकहरूलाई देवीसँग युद्धगर्न पठाउने आदेश गऱ्यो । पाश, मुशल, चक्र, मुद्गर, पट्टिश, दण्ड आदि शस्त्रास्त्र लिएका ती वीरहरू आ-आफ्ना बाहनमा बसेर ३०० अक्षौहिणी सेना समेत लिई देवीसंग युद्धगर्न गए । माया युद्धगर्न कुशल ती वीरहरूको प्रहारबाट देवीतर्फका सेना पनि केही भष्म भए, धेरै नोक्सान भयो र किंकर्तव्य विमूढ बनायो ।

यस्तो अवस्था किन आयो भन्ने विचार गर्दा देवीले भण्डासुरले युद्धगर्न खटाएका ती ७ वीरहरूले त्यस किसिमको शक्ति प्राप्तगर्न कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बेला सूर्यको तपस्या गरेर कोही पनि शत्रु आफ्नो आँखा अगाडि आउँने वित्तिकै भष्महुने वरदान प्राप्त गरेका थिए भन्ने बुझ्नुभयो ।

ते सप्त पूर्वं तपसा सवितारमतोषयन्,

तेन दत्तो वरस्तेषां तपस्तुष्टेन भास्वता - २४।५९

यो बुझेर तत्काल वासन्तीदेवी आउनुभयो । त्यस्तै, कालसर्प जस्तो दण्डनाथा देवी आएर अन्ध नामको महाअस्त्र चलाउनुभयो र ती वीर भनेर पठाइएका दैत्यहरूका आँखा नदेख्ने बनाइदिनुभयो । तत्काल सातै जना दैत्यवीरहरू अन्धा भए । अन्धा भएकाले उनीहरूले शत्रुलाई देखेनन् । त्यसपछि देवीले ती सातै जना बलाहकादि दैत्य पक्षीयवीर सेना नायकलाई केश समातेर शिरच्छेदन गरिदिनु भयो । बचेका दैत्यहरू पनि भण्डासुरको शरणमा गए । वासन्तीदेवी र दण्डनाथा देवीको प्रताप र चालले ललितादेवीका सैन्यतर्फ प्रसन्नता छायो ।

२५. सेनापति विषंगभाग्नु

बलाहकादि ७ जना सेनानायकहरू युद्धमा मारिएको घटनाले भण्ड दैत्य सर्पले जस्तो सास लिनपुग्यो । उसले युवराजसँग आन्तरिक छलफलगर्ने विचारले विषंगलाई अगाडि राखेर युद्धको समीक्षा र आगामी कदमबारे छलफल गऱ्यो । छलफल पश्चात् भण्डले पार्ष्णिग्राह युद्ध (पछाडि फर्केर गरिने युद्ध) गर्न कुशल विषंगलाई १५ अक्षौहिणी सेना सहित देवीसंग युद्धगर्न पठाउने निर्णय गऱ्यो । उसलाई साथदिन मदन, दीर्घजिह्व, हुबक, हुलुमुलु, कक्लस, कक्लिवाहन, थुक्लस, पुण्डकेता, चण्डबाहु, कुक्कुर, जम्बुकाक्ष, चंभन, तीक्ष्णश्रृंग, त्रिकन्टक, चन्द्रगुप्त नामका १५ जना वीरलाई साथै पठायो र पाष्णिग्राह युद्धगर्न प्रेरित गऱ्यो । विषंगले युद्ध सुरुहुनु अघि मेघडंवरक नामको माला लगायो र कुनै बाजा नवजाईकन युगगर्ने चाल रच्यो । देवीहरूले पनि अणिमादि शक्तिधारण गरेर वसे । युद्ध सुरुभयो । विषंगलाई साथदिन भण्डले १० अक्षौहिणी सेना पनि थप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिदियो । दैत्यसेनाले देवीसेनालाई आच्छु आच्छु बनायो । नित्यादेवी व्याकुल हुनुभयो । यसैवीच देवीले ललितादेवीको स्वीकृति लिएर कामेश्वरीलाई पठाउनुभयो । कामेश्वरीले तिथिरूपी शरीर भएका कालस्वरूपिणी नित्यादेवीहरूलाई युद्धगर्न लगाउनुभयो । ती तिथिनित्या देवीहरू रात्रि युद्धगर्न कुशल थिए । दुवै सेनाहरूकावीच भयङ्कर युद्धभयो । अन्त्यमा देवीका सैन्यहरूले सारा दैत्यसैन्यलाई हराइदियो र ध्वस्त बनायो । बाँकी भएका दैत्य सैन्यहरू यताउता भाग्नथाले । विषंग पनि युद्ध-भूमि छोडेर भाग्यो ।

२६. भण्डका ३० जना छोराको वध

दश अक्षौहिणी सेनासहितको विषंग, कुटिलाक्षजस्ता वीर पनि भाग्नु परेको देख्दा भण्डासुर झन् दुखित भयो । यता, माया युद्ध गर्न र कुटिल युद्धगर्न चाहने भण्डको रणनीतिबाट सावधान हुनुभएकी ललितादेवीले पनि आफ्नो मन्त्रिणी दण्डनायिकासँग छलफल गर्नुभयो । छलफलका क्रममा पहिलो आफ्नो, त्यसपछि आफ्ना सैनिकको र तेश्रो महत्वको आफ्नो सीमाको सुरक्षापछि मात्र शत्रुतर्फ दमन गर्नुपर्ने निष्कर्ष निकालियो । रातमा युद्धगर्ने दैत्यहरूको ऐन्द्रजालिक व्यवहार देखेर देवीहरूले ललितादेवीको शरीरको सुरक्षावारे सोच्नुपर्ने बारे पनि छलफल भयो ।

उता, विषंग जस्तो वीर योद्धा पनि भागेर आइसकेपछि भण्डले छोरा विशुक्र, विषंक र आफु समानका अरू छोराहरूसँग सल्लाह गऱ्यो । उसले चतुर्वाहु, चकोराक्ष, चतु:शिरा सहितका ३० जना छोरालाई २०० अक्षौहिणी सेना सहित युद्धमा जान निर्देश गरेर तिलक लगाइदियो । भण्डले युद्धमा पठाएका छोराहरूलाई उत्साह दिंदै भन्यो- तिमीहरूभन्दा योग्य योद्धा युद्धमा अरू को हुन सक्छ ? बाबुको निर्देशनअनुसार छोराहरू युद्धस्थलतर्फ लम्किए । भण्डका ती वीर छोराहरू युद्धगर्न प्रस्थानगर्दा पृथ्वी नै कंपित भइन् । संसार नै भयभीत भएको आभाष भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ललितादेवीले पनि मन्त्रिणी दण्डनायिका र आफ्नो पुत्री समेत बसेर छलफल गर्नुभयो। सर्वप्रथम आत्मरक्षा गर्ने र त्यसपछि सैनिकहरूको रक्षाको रणनीति लिने कुरा गरेर सीमामा अग्निज्वाला दन्काउन आदेश दिनुभयो । यसैवीच ललितादेवीकी सहायिका बालादेवीले भण्डका छोराहरूसंग आफैं युद्धगर्न जाने स्वीकृति माग्नुभयो । तर देवीले 'तिमी बालकै छौ, युद्ध सिक्तैछ्यौ । अहिले नजाऊ' भन्नुभयो । तर पनि, बालाले जिद्दी गरेपछि ललितादेवीले अनुमति दिनुभयो । बालादेवी ललितादेवीकी जीवन बराबर भएकीले मन्त्रिनाथा, दण्डनाथा देवीहरूले बालाको सहयोगार्थ युद्धमा जाने विचार गर्नुभयो । युद्ध भयङ्कार भयो । बालाको युद्धहेर्न देवताहरू पनि आउँनुभयो। यसैवीच ललितादेवीकी पुत्री कुमारीका आएर नारायणास्त्र छोड्नुभयो । नारायणास्त्रले घायल भएका दैत्यपुत्रहरूले कुमारीकालाई मार्न भनेर वाण छोड्न लागे । त्यसैवेलामा कुमारीकाले एकैपटक ३० वटा वाण हानेर चण्डका ३० जना छोराहरूलाई यमलोक पठाइदिनुभयो। लामो समय युद्ध गरेर कुमारीकाहरूले एकैपटक ३० वटा छोरालाई वधगर्न सफल हुनुभएकोमा देवीसैन्य तर्फ प्रसन्नता छायो भने दैत्य सेनातर्फ पीडाको कालो बादल गर्जन थाल्यो, रुवावासी चल्यो ।

२७. गणनाथको पराक्रम र गणेशलाई देवीको वरदान

३० वटा छोरा एकै पटक मरेकोमा भण्डासुर विलापगर्न थाल्यो । ऊ आफ्नो कुलको नाश भएकोमा आफुलाई अभागी ठानेर शोकमग्न भयो । भण्डासुरको शोकाकुल अवस्था देखेर विशुक्र, विषंग र कुटिलाक्षहरूले आश्वासन दिनथाले । उनीहरूले सान्त्वना दिदै भने - 'शोक नगर्नुहोस्, हामीलाई आदेशमात्र दिनुहोस्, हामी समुद्र पिइदिन, तीनै लोकलाई तलमाथि पार्न, पृथ्वी नै ध्वस्तपार्न पनि सक्तछौं' । विशुक्रको सान्त्वनाको वचनले भण्डासुरमा आशा पलायो र विशुक्रको नेतृत्वमा माया युद्धगर्न अर्को सैन्य पुनः पठायो । विशुक्रले देवीको सैन्य भएका ठाउँमा गएर एउटा ढुङ्गामा अलसा, कृपणा, दीना, नितन्दा, प्रभीलिका, कीवा, निरहंकारा समेतका ८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवीहरू पुकारेर देवीका सैन्यहरूलाई स्तम्भितपार्न अभिमन्त्रणा गऱ्यो । देवीहरूलाई पूजा र वलि समेत दिएर प्रसन्न बनाउने प्रयास गऱ्यो । विशुक्रले आफुले स्तुतिगरेका देवीहरूलाई ललितादेवीका सैन्यहरूलाई स्तम्भित गराइदिन निर्देशन गऱ्यो । विशुक्रले पठाएका देवीहरू गएर स्तम्भित बनाउन थाले । यसैवीच दैत्यले विघ्न नामको यन्त्र छोड्यो । त्यो यन्त्र देवीका सुरक्षा सेनाहरूको माझमा खस्यो । त्यसपछि देवीका सैन्यहरूले मोहित भएर युद्ध किन गर्ने, कसका लागि गर्ने, किन हिंसा गर्ने, किन अर्कालाई महारानी बनाउने, किन हामी मर्ने ? जस्ता प्रश्न आफैं आफैंमा गर्नथाले । आफ्ना सैन्यहरुको त्यो दशा देखेपछि ललितादेवीकी मंत्री र दण्डनाथाले देवीलाई अवस्था बोध गराउनुभयो । देवीले पनि तत्काल कामेश्वरीतिर फर्कनुभयो र हाँस्नुभयो । उहाँको हांसोबाट एउटा हात्ती आकारको वीर पुरूष प्रकटभयो र भगवतीलाई प्रणाम गऱ्यो । त्यो पुरूषलाई देवीले गणनाथको आशीर्वाद दिएर युद्धमा विजय प्राप्तगर्न निर्देशन दिनुभयो । उसलाई जयविघ्न नामक यन्त्र पनि दिनुभयो । त्यो यन्त्रको प्रयोगले दैत्य सैन्य नाश हुनथाल्यो । यसैवीच यो खवर भण्डको भाइले सुन्यो र आफुले पनि हात्तीमुखे वीर उत्पन्न गरेर युद्धगर्न पठायो । देवीले पठाएको गणनाथले आफु जस्ता हजारौं गणनाथ सृष्टिगरी युद्धमा प्रेरित गरेपछि क्रमश दैत्य सेना कमजोर बन्दै गयो । दैत्यसेनातर्फको वीर विशुक्र भाग्यो र दैत्यले पठाएको गणनायक (हात्तीमुखे) वीर मारियो । यत्तिकैमा रात पऱ्यो, युद्ध रोकियो । देवीले गणनाथको शक्तिप्रदर्शनबाट प्रसन्न भएर जुनसुकै कामगर्दा पनि पहिले गणेशको पूजाहुने वरदान दिनुभयो ।

२८. विशुक्र र विषंगवध/मदिरा शक्तिप्रयोग

देवीसँगको युद्धमा पराजय भोग्दै आएको भण्ड दैत्यले आफ्ना सहोदर भाइ विषंग र विशुक्र (युवराज) लाई ४०० अक्षौहिणी सेना साथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाएर युद्धगर्न पठायो। साथमा बहिनी धुमिनीबाट जन्मिएका उलकजित समेत १० जना भाञ्जाहरूलाई पनि युद्धमा पठायो। दैत्य-सैन्य युद्धगर्न आएको शब्द सुनेपछि देवीले पनि मन्त्रिणी र दण्डनायिकालाई युद्धगर्न पठाउनुभयो। देवी-सेना र भण्ड-सेनाकावीच युद्ध भीषण बन्दै गयो। विभिन्न वीर सैनिकहरू नै युद्धमा निम्नअनुसार परस्पर भिड्न थाले -

दण्डनाथा – विषंगसँग

श्यामा – विशुक्रसँग

नकुली – विषदैत्यसँग

महामाया – कुन्तिषेणसँग

युद्ध भयङ्कर बन्दै गएपछि विशुक्रले तृषास्त्र प्रहार गरेर देवी सैन्यहरूलाई तिर्खा पैदा गरायो। तृषित देवी-सैन्य ज्यादा तिर्खा लागेर युद्धगर्न नसकी खिन्नित भए। यै मौका पारेर दैत्यहरूले थप प्रहारगर्न थाले। यस्तो दुर्दान्त अवस्था आएपछि मन्त्रिणीले देवीसँग दैत्यले प्रहार गरेको तृषास्त्रको प्रभावले सबै सेनाहरू युद्धगर्न नसकेर लडेको जानकारी गराए र त्यसको प्रतिकार गर्ने उपाय पहिल्याउन अनुरोध गर्नुभयो। देवीले भन्नुभयो - तिम्रो रथको एक भागमा समुद्र छ। त्यो समुद्रलाई बोलाऊ र प्यास मेटाऊ। त्यतिले मात्र पुग्दैन, समुद्रलाई मदिरामय बनाउन लगाऊ। देवीको निर्देशनअनुसार मन्त्रिणी देवीले तत्काल मदिरा-सिन्धु बोलाउनुभयो र सबै सैन्यलाई गौडी (गुडले बनाएका), पैष्टी (अनाजले बनाएका), माध्वी (मधुले बनाएका), कादम्वरी (कदम्वफलले बनाएका)आदि विभिन्न स्वादका मदिरा उपलब्ध गराउनुभयो। सैनिकहरूले पनि ठाडो मुख लगाएर आफ्नो इच्छाअनुसारको मदिरा पिए। प्यास हटेपछि र मदिराले उत्मत्त भएपछि देवीसैन्यको शक्ति बढ्यो। मदिरापानले राता राता आँखा भएका देवीसैन्यले दैत्य-युवराज विशुक्रका सेनालाई ध्वस्त वनायो। यसैबेलामा दण्डिनीले पनि दैत्य तर्फका १०० अक्षौहिणी र मन्त्रिणीले ५० अक्षौहिणी सेना एकैपटक ध्वस्त बनाउनुभयो। दैत्यतर्फका धेरै अक्षौहिणी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेना नष्ट भएपछि दण्डनाथाले विशुक्रलाई र दण्डनायिकाले विषंगलाई वध गर्नुभयो। दैत्य तर्फका वीरसेनाहरू यमलोक गएपछि देवीहरू वीरतापूर्ण काम सम्पन्न गरेको खुसियाली मनाउँदै र शंखनाद गर्दै शिविरतिर जानुभयो।

२९. भण्डासुर वध

ललितादेवी र भण्डासुरको युद्ध वर्णन सुनेर हयग्रीवसँग अगस्त्य सोध्नुहुन्छ- आफ्नो भाइ विसङ्ग मरेपछि भण्डासुरले के गऱ्यो ? हयग्रीव भन्नुहुन्छ- भण्डासुरले युद्धमा भाइ, छोरा र सैनिकहरू मारिएकोमा विलाप गऱ्यो र अन्तमा ऊ आफैं मुर्छा पऱ्यो। मुर्छाबाट उठेपछि पुनः उसले आफैं युद्धगर्ने विचार गऱ्यो र कुटिलाक्षलाई युद्धको तयारीगर्न अह्रायो। तालजंघ, आभिल, घातक आदि दैत्यलाई साथमा लिएर भण्डदेवीसंग पुनः युद्धगर्न गयो। ऊ युद्धगर्न जाँदा समुद्र सुक्न थाले, सूर्यचन्द्र लुके, पृथ्वी कम्पित हुनथालिन्। ललिता देवीले पनि त्यसरी कम्पायमान गराउँदै आएको युद्ध पिपासु दैत्यसँग आफैं युद्धगर्ने विचार गर्नुभयो। त्यसबेला देवीले चढेको रथ दश योजन अग्लो र चार योजन फराकिलो थियो। ललितादेवी युद्धगर्न आउँदा श्यामा, दण्डनाथा जस्ता वीर देवीहरू साथमा हुनुहुन्थ्यो भने किल्लाको रक्षा ज्वालामालाले गर्नुभएको थियो। दुवै (भण्ड र ललिता) वीरहरू वीचयुद्ध सुरू भयो। ललितादेवी तर्फबाट नारायणी देवीले महिषासुर दानवसैन्यलाई जस्तै प्रहार गर्नुभयो। यसैगरी देवीले हरेक औंलाहरूबाट उपयुक्त शक्ति उत्पन्न गरेर भण्डका अस्त्रहरूको प्रकोपलाई तिरोहित गराउनुभयो।

देवीले हानेको एउटा वाण धनुबाट निस्कने वित्तिकै १० वटा भयो। त्यै वाण आकाशमा पुग्दा १०० वटा र दैत्य सैन्यमा पुग्दा १००० वटा हुनपुग्थ्यो भने दैत्य सैन्यमा वज्रदा करोडौं बन्दथ्यो। यसरी देवीले निरन्तर प्रहारगर्न थालेपछि दैत्यको शक्ति कमजोर हुनथाल्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्धाने त्वेकधा तस्य दशधाचापनिर्गमे,

शतधा गगने दैत्यसैन्यप्राप्तौ सहस्रधा ।

दैत्याङ्गसंगे संप्राप्ताः कोटिसंख्याःशिलीमुखाः - २९।५९

यसैवीच देवी र दैत्यका वीचमा एक अर्काको वाणलाई निस्कृय पार्न निम्न वाणहरूको प्रयोग भयो -

दैत्यबाट	**देवीबाट**
अन्धतामिश्र	महातरणी
पाखंडास्त्र	गायत्र्यास्त
अन्धास्त्र	चाक्षुष्मतास्त्र
शक्तिनाथ	विश्वावसोरशास्त्र
अन्तकास्त्र	महामृत्युञ्जयास्त्र
स्मृतिनाशास्त्र	धारणास्त्र
भयास्त्र	अभयंकरास्त्र
महारोगास्त्र	नामत्रयमहामन्त्रास्त
आयनाशनास्त्र	कालसंकर्षणास्त्र

यी बाहेक अरू पनि धेरै अस्त्रहरू दुवै तर्फबाट प्रयोग भए । देवीले सप्तशतीमा बताए जस्तै विभिन्न रूप र शक्ति प्रदर्शन गर्नुभयो । भण्डले अर्णवास्त्र चलायो । त्यसलाई प्रतीकारगर्न देवीले पनि दाहिने हातको चोरी औंलाबाट आदिकूर्म पैदागरी समन गराउनुभयो । यस्तै भण्ड दैत्यले भुकुटीबाट हिरण्यास्त्र उत्पन्न गराई हजारौं हिरण्याक्षहरू पैदा गरायो । देवीले पनि दाहिने हातको माझी औंलाबाट कैलाशपर्वत समानको महावराह प्रकट गराउनुभयो र हिरण्याक्षहरूको शक्तिलाई नष्ट गरिदिनुभयो । । दैत्यले यसवाहेक पनि राजासुर, कल्यस्त्र आदि शस्त्र उत्पन्न गरेर शिशुपाल, दन्तवक्र एवं आन्ध्र, पुण्ड्र, किरात आदि उत्पन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर युद्धगर्न खटायो। पुनः दैत्यले हैहयास्त्र प्रहार गरेर कोटियौं सहस्रार्जुन पैदा गऱ्यो। देवीले पनि बाँयाहातको औंलाको नङबाट परशुराम पैदा गरेर तिनीहरूको नाशगर्न लगाउनुभयो। यसैगरी देवीका शरीरका विभिन्न भागबाट वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरूद्ध लगायतका वीरहरू पैदा गरेर युद्धगर्न उक्साउनुभयो। चौथो दिनको युद्ध चलिरहेको थियो, साँझ पर्नथाल्यो, देवीले नारायणास्त्र प्रहार गरेर युद्धगर्न आएका सबै अक्षौहिणी सेनालाई ध्वस्त गर्नुभयो भने पाशुपतास्त्रले भण्डका बाँकी सैन्यको नाश गर्नुभयो। भण्ड एक्लो बाँकी रह्यो, उसलाई पनि ललितादेवीले महाकामेश्वरास्त्र प्रयोग गरेर मार्नुभयो।

यो भण्डासुर वध भएको ललितादेवीको वीरगाथा सुनेमा वा पढेमा पनि पाप नाशभै शक्ति, विजय र सौभाग्य प्राप्त हुन्छ।

३०. कामदेवको पुनर्जीवन, कुमार कार्तिकेयको जन्म

भण्डासुर दैत्यलाई मारेपछि देवीले के गर्नुभयो भन्ने अगस्त्यको प्रश्नमा हयग्रीव भन्नुहुन्छ- भण्डासुरको वध भएपछि ललिता देवीसंग देवताहरू अत्यन्त खुसी भए। स्वयं शिव, विष्णु, ब्रह्मा पनि देवीसमक्ष आएर खुसी व्यक्तगर्नुभयो र सामयिकरूपमा देवीको स्तुति गर्नुभयो। देवताहरूले गरेको देवीको स्तुतिका केही पद्यांश यसप्रकार छन् -

नमो नमस्ते जगदेकनाथे नमोनमःश्रीत्रिपुराभिधाने,
नमोनमो भण्डमहासुरघ्ने नमो ~ स्तु कामेश्वरि कामकेशि
चिन्तामणे चिन्तितदानदक्षे ~ चिन्त्ये चिराकारतरङ्गमाले
चित्राम्वरेचित्रजगत्प्रसूते चित्राख्यनित्ये सुखदे नमस्ते
मोक्षप्रदे मुग्धशशाङ्कचूडे मुग्धस्मिते मोहनभेददक्षे
मुद्रेश्वरी चर्चितराजतन्त्रे मुद्राप्रिये देवि नमोनमस्ते
क्रूरान्तकध्वंशिनि कोमलाङ्गे कोपेषु कालीं तनुमालधाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रोडानने पालितसैन्यचक्रे क्रोडीकृताशेषभये नमस्ते
षडङ्ग देवीपरिवारकृष्णे षडङ्गयुक्तश्रुतिवाक्यमृग्ये
षट्चक्रसंस्थे च षडूर्मि युक्ते षड्भावरूपे ललिते नमस्ते - ११-१५

यसरी स्तुति गरेर ब्रह्मादि देवताहरूले ललितादेवीका पुरूषार्थपरक कृत्यहरूको स्मरणगरेर प्रसन्न पार्नुभयो । यसैवीच सबै देवताहरूले ललितादेवी समक्ष विधवा रतिलाई अघि सारेर कामदेवलाई जीवनदान दिलाउन अनुरोध गर्नुभयो । रतिले देवीलाई प्रणाम गरिन् । देवीले पनि रतिलाई हेर्नुभयो । ललितादेवीको मनमा रतिप्रति करूणा उत्पन्न भयो । देवीका कारूण्य कटाक्षबाट तत्काल कमलमुख कामदेव उत्पन्न भए । (**ततःकटाक्षादुत्पन्नः स्मयमानमुखाम्बुजः- ४५**) । त्यसपछि देवीले र तिसंग कामदेवको विवाहको व्यवस्थागर्न अह्राउनुभयो । रति र कामदेवको विवाह सम्पन्नभयो । दुवै जनाले खुसी भएर देवीको प्रशंसा र स्तुति गरे । देवीले कामदेवलाई तिम्रो विरोध गर्नेहरू नपुंसक हुनेछन्, तिम्रो प्राप्ति सर्वत्र सहज हुनेछ भनी आशीर्वाद दिनुभयो । त्यसपछि देवीले तपस्यामा रहनुभएका शिवलाई तपस्या भङ्ग गराउन कामदेवलाई अह्राउनुभयो । कामदेवले शिवको तपस्याभङ्ग गराउनुभयो । त्यसवेलादेखि शिवले वैराग्य त्याग्नुभयो । उहाँमा पार्वतीलाई विवाहगर्ने इच्छा जागृत भयो । यसैवीच पार्वतीले पनि शिवलाई पति बनाउन पाऊँ भनी कष्टप्रद व्रत लिनुभएको थियो । अन्ततः शिवपार्वतीको वैवाहिक रितिले विधिसाथ विवाह सम्पन्नभयो । विवाहपछि उहाँहरूले पर्वत, गुफा र सुन्दर स्थानहरूमा भ्रमण, विहार गर्नुभयो र वैवाहिक जीवनको आनन्द लिनुभयो । यसैवीच शिवले पार्वतीको योनिमा वीर्यस्खलन गरिदिनुभयो । पार्वतीले वीर्यको ताप सहन नसकेर पृथ्वी (भुईं) मा छोडिदिनुभयो । पृथ्वीले आगोमा, आगोले कृतिकामा र कृत्तिकाले पनि गंगाजीमा शिवको वीर्य फालिदिनुभयो । गंगामा फालिएको त्यो वीर्य वनमा पुऱ्याइयो । वीर्यबाट वनमा नै वीर षडाननको जन्म भयो । पिता शिवबाट शास्त्र पढेका षडाननलाई इन्द्रले आफ्नी पुत्री देवसेना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवाहार्थ दिनुभयो । यसरी कामदेव देवीललिताले अह्राउनु भएका सबै काम सम्पन्नगरी माता ललिता समक्ष श्रीनगर जानुभयो ।

३१. श्रीपुरनिर्माण र मातङ्गकन्याको उत्पत्ति

कामदेव ललितादेवीले अह्राउनुभएको काम सकेर श्रीपुर जानुभयो भन्ने सुनें। श्रीपुर कस्ले, कसरी, के प्रयोजनले बनाएको थियो बताईदिनुहोस् भनेर अगस्त्यले सोधेपछि हयग्रीव भन्नुहुन्छ- भण्डासुर जस्तो देवकन्टक राक्षसलाई मारेपछि ब्रह्मा, शिव आदि देवताहरू धेरै प्रसन्न भए र देवीको लागि उपयुक्त आवास बनाउने विचार गरे । उनीहरूले मय (दैत्यका कालिगर) र विश्वकर्मा (देवताका कालिगर) दुवैलाई बोलाएर तपाईंहरू मानसिक रूपले अत्यन्त कलात्मक शैलीका भवनहरू बनाउन सक्नुहुन्छ। यसैले तपाईंहरूले ललितादेवीको लागि उपयुक्त आवास भवन वनाइदिनुहोस्। कहाँ बनाउने भन्ने मयहरूको प्रश्नमा देवीसँग छलफलगर्दा देवीले आफ्नो वास १६ ठाउँमा हुने बताउनु भयो । पृथ्वीमा ९ स्थान - मेरू, निषध, हेमकूट, हिमगिरि, गन्धमादन, नील पर्वत, मेघ पर्वत, श्रृङ्गार पर्वत, महेन्द्र पर्वतमा र जलमा ७ ठाउँ - लवण सागर, इक्षु रसोदसागर, सुरा सागर, घृत सागर, दधि सागर, क्षीरसागर, जल सागरमा आवास बनाउन सकिने बताउनुभयो । यिनै १६ ठाउँलाई लिएर श्रीपुर निर्माणगर्न लगाउनुभयो । दैत्यहरूलाई मारेका ठाउँहरूमा देवी नित्यरूपमा बस्नुहुने भएकाले ती स्थानलाई नित्या नामले बोलाउने भनियो । ती स्थानहरू कामेश्वरी, भगमाला, नित्यक्लिन्ना नामले पनि प्रसिद्ध छन् । देवीको नवनिर्मित आवासमा ब्रह्मलोक, विष्णुलोक र शिवलोक समेत समाविष्ट श्रीपुरका ४ ढोका बनाइए- १ शुक्र (उत्तर), २. नैर्ऋत (दक्षिणपश्चिम), ३. वायु (पश्चिमउत्तर) र ४. मध्य । एउटा द्वारमा २ पल्ला (आधाआधागव्युति (२-२ कोस) का बनाइए । यस्तै गरेर गोपुर बनाइयो । पहिला, तीन श्रृङ्ग ३०० योजन उचाइ र १०० योजन विस्तारित छन् । मध्य भवन ४०० योजन उचाइ र ४०० योजन नै फराकिलो छ । यस्तै भवनका चारै तर्फ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि चार गोपुर दिवारीहरू (वुर्जा) हरू छन् । गोपुर पनि २५ योजन उचाइ र २५ योजन विस्तारित छन् । शाम्भवी, मन्त्रिणी, श्यामा र देवीका सेनाहरू बस्ने छुट्टा छुट्टै भवनहरू बनाइए । नवनिर्मित श्रीपुरमा फलफूल, वृक्ष, तलाउहरूले सजाइयो । पृथ्वीमा पाइने र हुने सबै किसिमका वृक्षहरू लगाइए । मतङ्ग कन्याहरू नाच्ने किसिमको भवन र कौचहरू पनि बनाइए । मतङ्ग कन्याहरू को हुन् भन्ने अगस्त्यको प्रश्नमा हयग्रीव भन्नुहुन्छ- मतंग नामका एकजना तपस्वी थिए । उनको छोरा मातंगले मन्त्रिणीको स्तुति र तपस्या गरे । तपस्याबाट प्रसन्न भएकी देवीसंग मातंगले छोरीको रूपमा पाउँने वरदान मागे । मांतगकी पत्नी सिद्धिमता गर्भिणी भइन् र उनले छोरी लघुश्यामालाई जन्मदिइन् । तिनै मातंग पुत्री लघुश्यामा नै श्यामा, महाश्यामा आदि नामले हजारौंको संख्यामा पुकारिन्छिन् । हयग्रीव भन्नुहुन्छ- हे अगस्त्य ! यसरी श्रीपुरको निर्माण र मातङ्ग कन्याको उत्पत्ति भएको थियो ।

३२. त्रिपुरदेवीको संरक्षणमा खटिने शक्तिहरू

हयग्रीव अगस्त्यलाई भन्नुहुन्छ- अत्यन्त विशाल र सुन्दर श्रीपुरमा रहनुहुने देवीललिताको हेरचाह, सेवा आदिको व्यवस्थापन पनि निश्चित गरिएको छ । विशाल श्रीपुरका भवनहरूको हेरचाहकालागि श्यामकञ्चुक धारणगर्ने राता राता आँखा भएका महाकाली र महांकालहरू नियुक्त भएका छन् । उनै महाकाली र महांकालले श्रीपुरका त्रिकोणको रखवारी गर्नुहुन्छ । त्रिकोण, पञ्चकोण, अष्टदल कमल, षोडषदल कमलको पनि माझमा महांकालले रखवारी गर्ने व्यवस्था गरिएको छ *(त्रिकोण =रात्रिका ३ भाग - महाकाली, महासन्ध्या, महानिशा । पञ्चकोण = दिनका ५ भाग - प्रत्यूष, प्रतिप्रसू, प्राह्ण, मध्याह्न, अपराह्न । षोडषकमलवासिनी = तिथि, वार, नक्षत्र, योग, करण पाँच अङ्ग, सिनिवाली, कहू, भद्रा, उपरागा, षोडषी आदि, समयका नापका आधारमा बनेका समय मापक नाम - कला, काष्ठा, निमेष, क्षण, लव, त्रुटि, मुहूर्त, कुतप, होरा, शुक्लपक्ष, कृष्णपक्ष, विषुव, त्रयोदशी, संवत्सर, परिवत्सर, इडावत्सर)* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैगरी महाकालीको आनन्द, प्रमोद र रमाइलोका लागि पनि मधुशक्ति देवीहरू १५ र माधव शक्ति देवताहरू १५ वटा गरी ३० वटा शक्तिहरू छन् । यसरी ललितादेवीको निवासको भव्य र विशेष व्यवस्था गरिएको छ ।

३३. श्रीपुरमा अवस्थित कक्षा (भवन) हरू

सप्तशालाको वर्णनपछि हयग्रीव त्यहाँ रहेका कक्षा (भवन) हरूको वर्णन गर्दै भन्नुहुन्छ- हे कुम्भसम्भव (अगस्त्य) ! देवीलाई पहरा दिने, सुरक्षा गर्ने, मनोरञ्जन गराउने जस्ता वस्तु, प्रणाली र उपकरणहरूको व्यवस्था पनि श्रीपुरमा गरिएको थियो । वायुदेव इडा पिंगला जस्ता शक्तिलाई साथमा वसेर देवीको निर्देशन पालन गर्नुहुन्थ्यो । स्वयं यमराज देवीको निर्देशनअनुसार पापीहरूलाई विभिन्न नरकमा पठाउनुहुन्थ्यो । हीराका ढुङ्गा भएको वज्रा नदी बगेको थियो । जुन नदीको पानी पिउँदा वज्र जस्तो शरीर बन्थ्यो । एकपटक भण्डासुरले इन्द्रलाई वज्र प्रहारगर्दा गलित भएका इन्द्रले वज्रेशीको तपस्या गरेका थिए । शेष, कर्कोटक आदि नागहरू नागिनीहरूका साथमा देवीको निर्देशनअनुसार चल्दथे । श्रीपुरका पूर्वादि ८ भागमा इन्द्र आदि गोचर-लोकहरू छन् । ललितादेवीको भवनको उत्तर भागमा खड्ग धारणगर्ने निर्ऋति, उत्तर भागमा वरूणदेव बस्ने र अधोभागबाट देवीको द्वेषगर्नेहरूलाई वाँधेर लैजाने बाटो वनाइयो । देवीको आसपासमा बस्नेहरू हजारौं कराडौंको संख्यामा रहने व्यवस्था पनि नवनिर्मित श्रीपुरमा गरियो ।

श्रीपुरमा पद्मराग, वैदूर्य, इन्द्रनील आदि नामका कक्षा (भवन) र शाला थिए । यी शाला र कक्षाहरूमा देवीभक्त, महात्मा र ध्यानीहरू बस्तथे र तिनीहरू सदा शिवको पनि उत्तिकै भक्ति गर्दथे ।

३४. देवीको आवासका दिक्पाल, शिवलोक श्रीपुरका देवी आदिको वर्णन

अगस्त्यमुनि हयग्रीवलाई सोध्दछन्- श्रीपुरमा अवस्थित रूद्रादि देवीका षोडषावरणचक्र भनेको के हो, त्यहाँ रहने रूद्र को हो, के नामले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोलाइन्छ, उनको यौगिक र लौकिक नाम पनि बताइदिनुहोस् । हयग्रीव भन्नुहुन्छ- मोतीले बनाइएका भवन रूद्रालय हुन् । १६ आवरणले बनेको रूद्रालयको मध्य भागमा त्रिलोचन महारूद्र बस्नुहुन्छ । त्यसको त्रिकोणमा तीन रूद्रहरू हिरण्यवाहु सेनापति, पशुपति र शष्पिंजर बस्नुहुन्छ । यस्तै षट्कोण, अष्टकोण, द्वादशपत्र निवासी पनि रूद्रगण नै हुनुहुन्छ । गृत्स आदि १८ देवताहरू, २६ रूद्रगण, ३२ रूद्र देवताहरू पनि आ-आफ्ना शस्त्रहरू लिएर विभिन्न भवनका आवरणहरूमा बस्नुभएको छ । आवास वरिपरि बसेर देवीको अभ्यर्चना, आज्ञापालन र देवीभक्तिमा तल्लीन हुनेहरूमा शिवलोकवासी, विष्णुलोकवासी र ब्रह्मलोकवासी पनि छन् । १६ आवरणयुक्त देवीको निवासमा विक्षिणत्क गण पनि बस्तछन् । १६ रूद्रहरू तिनलाई संयोजन गर्दछन् । श्रीपुरमा मुक्तशाला (मोतीले बनेका घर) मरकतशाला (मरकतमणिले बनेका घर)हरू ६४ कलाले युक्त छन् । यस्तै, पूर्वमा शिव, पश्चिममा नारायण, दक्षिणमा गोविन्द र उत्तरमा विष्णु विभिन्न शस्त्रास्त्र लिएर देवीको वरिपरि घुमिरहनुहुन्छ । त्यहीं नै सहस्रस्तम्भक नामक मण्डप (घर) मा भगवान् शिव आफ्ना गण सहित बस्नुहुन्छ । हे अगस्त्य ! ललितादेवीका भक्तहरू देवीलाई सदैव घेरेर बस्तछन् ।

३५. श्रीपुरमा भएका तलाउ र महापद्माटवीहरू

हयग्रीव भन्नुहुन्छ- हे अगस्त्य ! श्रीपुरमा रहेका भवनहरूलाई सुन्दर बनाउने तीनवटा तलाउहरू विशिष्ट किसिमका छन् । ती तलाउको पानी पिउँदा पनि मानिसहरू बुद्धिमान्, बलिया र रसिला हुन्छन् । चराहरू त्यहाँको पानी पिउदा अजरामर जस्तो बनेर मीठो स्वर दिन सक्तछन् । ती तलाउको नजिकमा मनशाल, बुद्धिशाल र अहंकारशाल नामका भवनहरू छन् । तलाउको मणिनिर्मित डुङ्गामा वारूणी देवीहरू, नौकेश्वरी (नौ सेनाकी सेनापति, कुरूकुल्ला पनि भनिन्छ) बस्नुहुन्छ । मन्त्रिणी र दण्डनाथाको आज्ञाले शिवलाई तलाउमा तैरने डुङ्गा उपलब्ध हुन्छ, नभए

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन। त्यस वरपर चन्द्रशाल, श्रंगारशाल आदि भवन छन्। श्रृङ्गारशालको सात योजन भित्र गृह नामको चक्रराज महालय छ। त्यहाँ नजिकै सौभाग्य प्रदान गर्ने महापद्माटवी नामको वनस्थली छ। महापद्माटवीको पूर्वभागमा वाटुलो आधा योजन फराकिलो आधार भूमिमा अग्निका दशकलाहरू (धूम्रार्चि, उष्णा, वलिनी, ज्वालिनी, विस्फुलिङ्गी, सुश्री, सुरूपा, कपिला, हव्यवाहा, कव्यवाहा) छन्। अग्निलाई आलिङ्गन गरेर सूर्यदेव बस्नुहुन्छ। त्यहीं नै सूर्यका १२ कलाहरू (तपिनी, तापिनी, धूम्रा, मरीचि, ज्वालिनी, रूचि, सुषुम्णा, भोगदा, विश्वा, बोधिनी, धारिणी, क्षमा) पनि वस्तछन्। यसैगरी ब्रह्मकला, चन्द्रकला जस्ता कला पनि छन्। अन्ततः यी समस्त शक्तिहरू शिवलोककै अंश हुन् र परमेश्वरी ललितादेवीको आवास भवन भएको स्थान श्रीपुरमा नै बस्तछन्।

३६. चिन्तामणि भवन भित्रका वस्तु

चिन्तामणि भवनको आग्नेय दिशाको अघिल्तिर एक योजन फराकिलो र एक योजन अग्लो कुन्दमानक नामको सुन्दर उद्यान छ। त्यहाँ चातक (काकाकुल) पक्षीहरू बस्तछन्। त्यहाँ अग्निकुण्ड पनि छ। त्यहाँको अग्निकुण्डमा विश्वकल्याणको लागि स्वयं कामेश्वर शिव र महादेवी ललिता हवन गर्नुहुन्छ। त्यहाँ वरपर मन्त्रिणी र दण्डनाथाले हेरविचार गर्ने, रमण गर्ने, मृत्युज्जय, सरस्वती आदिले आराधना गर्ने छुट्टाछुट्टै शालाहरू छन्। चिन्तामणि गृहका भित्ता र कोणहरू अग्ला र फराकिला छन्। ती शालाहरू इच्छा, क्रिया र ज्ञानरूपी मुकुट धारणगर्ने किसिमका छन्। त्यहाँ नजिकै शिव, विष्णु, ब्रह्माका निवास छन्। ४ किष्कु बराबर १ नल्व परिमाणका स्थानमा अणिमा, महिमा आदि उत्तम सिद्धिहरू बस्तछन्। यस्तै, त्यहाँ अणिमादि अष्टसिद्धिदेखि भिन्न रससिद्धि, मोक्षसिद्धि, बलसिद्धि, खड्गसिद्धि, पादुकासिद्धि, अञ्जनसिद्धि, वाक्सिद्धि, लोकसिद्धि/देहसिद्धि आदि अष्टसिद्धिहरू पनि छन्। यस्तै त्यहाँ देवीको सहायताको लागि ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, माहेन्द्री,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चामुण्डा, महालक्ष्मी समेत आठ लक्ष्मीका र संक्षोभणी, द्रावण, आकर्षण, वश्य, उन्माद, महांकुश, खेचरी, बीजयोनि, आख्या, त्रिखण्डी नामका १० मुद्राहरूका भवन पनि छन् । यस्तै १६ योगिनीहरूका, १४ शक्तिका, ८ शक्तिका फरक फरक भवनहरू पनि त्यहीं छन् । सर्वसिद्धिचक्रको भित्रपट्टि २० हात अग्लो चार नल्व (१६०० हात) विस्तारित सर्वसिद्ध आदि भवन छन् ।

कामाकर्षणिका, बुद्ध्याकर्षणिका आदि नित्या र कलाहरू पनि गुप्तरूपले ललितादेवीका सहायक बनेका छन् । ऐश्वर्य, ज्ञान, सिद्धि, शक्तिका सूचक यी देवीहरू र उनीहरूका अति सुन्दर आवास पनि श्रीपुरमा विराजित छन् ।

३७. गृहराज अन्तर्गत (भित्र) को वर्णन

श्रीललितादेवी बस्नुहुने गृहराजमा पूर्वादिक्रमले वरपरि सर्वरोगहरण गर्ने वशिनी आदि शक्ति छन् । त्यसपछि क वर्गकी कामेश्वरी, च वर्गकी वागीशी, त वर्गकी विमला, त वर्गकी वाक्प्रधारणा, प वर्गकी परिस्फीता, जयिनी आदि देवीहरू बसेका छन् । ललितादेवीलाई कर्णश्रुतिदिने नाटक काव्य जस्ता गद्य पद्यहरू सुन्ने व्यवस्था गरिएको छ । कामेश्वरी र माहेश्वरका ४-४ वटा गरी ८ वटा शस्त्रागार छन् । शस्त्रागारमा वज्रशक्ति, शतघ्नी, भुशुण्डी, मुसल आदि शस्त्रास्त्र राखिएका छन् । सालोक्य, सारूप्य, सायुज्य जस्ता सिद्धिका देवस्वरूप गुरुहरू बस्ने स्थान पनि बनाइएको छ । देवीका हृद्देवी, शिरोदेवी, शिखादेवी, वर्मदेवी, दृष्टिदेवी, शस्त्रदेवी जस्ता ६ शक्तिहरूले कामेश्वरको निकटमा रहेर शक्ति प्रदान गर्दछन् । ब्रह्मा, विष्णु, महेश ईश्वरको रूपमा रहेर ललितादेवीको ध्यान गर्नुहुन्छ-

ब्रह्मविष्णुमहेशानेश्वररूपत्वमागता,
शक्तिभावमनुप्राप्ताः सदा श्रीध्यानयोगतः -३७।५०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हयग्रीव भन्नुहुन्छ- हे अगस्त्यमुनि ! ललिता देवीको बारेमा सबै वर्णन गर्न करोडौं वर्षमा पनि सकिदैन, अहिले नै म कसरी गर्नसक्छु र ?

तस्याश्चललितादेव्यावर्णयामिकथं पुनः,

वर्षकोटिसहस्रेणप्येकांशो वर्ण्यते न हि - ३७।८६

ललितादेवीको राजगृहको चर्चा सुन्ने, चिन्तन गर्ने, पुस्तक अध्ययन गर्ने भक्तहरूले परमगति प्राप्तगर्दछन् ।

३८. ललितादेवीको मन्त्र-साधना फल

अगस्त्यले भन्नुभयो- हे हयग्रीव प्रभु ! भण्डासुर वधदेखि श्रीपुर निर्माणसम्मका देवीका कर्म, शक्ति र आवासबारे सुनें । अब मलाई देवीका मन्त्र र मन्त्र साधनाबारे सुन्ने इच्छा छ । हयग्रीवले भन्नुभयो- सबै पदार्थहरूमा शाब्द वस्तुको महत्व ठूलो छ । शाब्द वस्तु मध्ये पनि वेद, वेद मध्ये पनि वेद मन्त्र, वेद मन्त्रभन्दा विष्णुमन्त्र, विष्णुमन्त्रभन्दा दुर्गामन्त्र, दुर्गामन्त्रभन्दा गणपतिमन्त्र, गणपतिमन्त्रभन्दा शिवमन्त्र, शिवमन्त्रभन्दा लक्ष्मीमन्त्र, लक्ष्मीमन्त्रभन्दा सारस्वतमन्त्र, सारस्वतमन्त्रभन्दा गिरिजामन्त्र, गिरिजामन्त्रभन्दा वाराहमन्त्र, वराहमन्त्रभन्दा श्यामा (काली) मन्त्र, कालीमन्त्रभन्दा ललितामन्त्र विशिष्ट छ -

सर्वेभ्यो पिपदार्थेभ्यःशाब्दं वस्तु महत्तरम्, सर्वेभ्यो पि हि शब्देभ्यो वेदराशिर्महामुने
सर्वेभ्यो पि हि वेदेभ्यो वेदमन्त्रमहत्तराः सर्वेभ्यो वेदमन्त्रेभ्यो विष्णुमन्त्रमहत्तराः
तेभ्यो पि दौर्गमन्त्रास्तु महांतो मुनिपुङ्गव, तेभ्यो गाणपतामन्त्रामुने वीर्य महत्तराः
तेभ्यो प्यर्कस्य मन्त्रास्तु तेभ्यः शैवामहत्तराः, तेभ्यो पिलक्ष्मीमन्त्रास्तु तेभ्यः सारस्वता वराः
तेभ्यो पिगिरिजामन्त्रास्तेभ्यश्चाम्नायभेदजाः, सर्वाम्नायमनुभ्यो पिवाराहामनवो वराः
तेभ्यःश्यामामनुवरा विशिष्टाइल्वलान्तक, तेभ्यो पिललितामन्त्रादश भेदविभेदिताः - ३८।३-८

ललितामन्त्र १० किसिमका छन् । तीमध्ये लोपामुद्रा र कामराज अति प्रसिद्ध छन् । शिवले शक्तिद्वारा, कामदेवले पृथ्वी र मायाद्वारा, हंसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मृगद्वारा, इन्द्रले भुवनेशद्वारा, चन्द्रमाले मनोभुवद्वारा हंसादिमन्त्रराजको उपासना गर्नुभएको थियो । मन्त्रको लागि सर्वप्रथम गुरूको र त्यसपछि सफेद वस्त्र लगाएकी देवीको स्मरणगर्नुपर्छ। देवीको मन्त्र ३६ लाख पटक जप्नू । त्यसको दशांश, अर्थात् ३ लाख ६० हजार होम गर्नु । होम संख्याको दशांश (३६ हजार)तर्पण गर्नू। त्यसको दशांश (३६ सय) ब्राह्मण भोजन गराउनू। ललितामन्त्र जप संख्या फल यस प्रकार बताइएको छ -

१ लाखपटक जपेमा साधकले - मनुष्यलाई वशमा पार्न सक्तछ
२ लाखपटक जपेमा साधकले - स्त्रीहरूलाई वशमा पार्न सक्तछ
३ लाखपटक जपेमा साधकले - राजाहरूलाई वशमा पार्न सक्तछ
४ लाखपटक जपेमा साधकले - नागकन्याहरूलाई वशमा पार्न सक्तछ
५ लाखपटक जपेमा साधकले - पातालका स्त्रीहरूलाई वशमा पार्न सक्तछ
६ लाखपटक जपेमा साधकले - पृथ्वीका सुन्दरीहरूलाई वशमा पार्न सक्तछ
७ लाखपटक जपेमा साधकले - स्वर्गका सुन्दरीहरूलाई वशमा पार्न सक्तछ
८ लाखपटक जपेमा साधकले - देवयोनिका स्त्रीलाई वशमा पार्न सक्तछ
९ लाखपटक जपेमा साधकले - (उल्लेख नभएको)
१० लाखपटक जपेमा साधकले - (उल्लेख नभएको)
११ लाखपटक जपेमा साधकले - ब्रह्मा, विष्णु, महेश्वरहरूलाई वशमा पार्न सक्दछ
१२ लाखपटक जप गरेमा साधकले - अष्टसिद्धिहरूलाई बसमा पार्न सक्तछ

प्राचीनकालमा यै ललितामन्त्र जपेकाले इन्द्रले इन्द्रत्व प्राप्त गरेका थिए । विष्णु र शिवले पनि विष्णु र शिव बन्न यै मन्त्र जप्नुभएको थियो । यो मन्त्र जप गरेमा सर्वसिद्धि प्राप्त हुन्छ। कर्मनिष्ठ असल मनुष्यले मात्र ललितामन्त्र जपगर्नू, कुटिल र द्वेषीहरूले जप्नु हुँदैन ।

३९. काञ्ची-कामाक्षी वर्णन

भवगती ललितादेवीको स्मरण र नमन गर्दै हयग्रीव भन्नुहुन्छ- लोपामुद्राको रूपमा रहने देवी नै अणु रूपमा रहने पराशक्ति र आदिकारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनुहुन्छ। दाहिने हात योगमुद्रामा र वायां हातमा पुस्तक लिएकी ललिता देवी भगवान् शिवका दुई आखाँ मानिने काशी र काञ्चीपुरमा बस्नुहुन्छ। एकपटक ब्रह्माजीले ललितादेवीको तपस्या गर्नुभयो। तपस्यागर्दा ब्रह्माले आगम, वेद, शास्त्र आदिबाट पनि बताउन नसकिएकी हे देवी ! तपाईंलाई प्रणाम गर्दछु आदि भनेर स्तुति पनि गर्नुभयो-

जय देविजगन्मातर्जय त्रिपुरसुन्दरि,

जय श्रीनाथसहजे जय श्री सर्वमङ्गले

जय श्री करूणाराशे जय श्रृङ्गारनायिके,

जय जयेधिकसिद्धेशि जय योगीन्द्रवन्दिते - ३९।२२-२३

नागमैश्च न वेदैश्च न शास्त्रै र्न च योगिभिः,

वेद्या या च स्वयं वेद्या तस्यै देव्यै नमोनमः - ३९।२७

हे प्रतिभटाकारा कल्याणगुणशालिनि

विश्वोत्तीर्णैतिचाख्यातातस्यै देव्यै नमोनमः - ३९।४२

ब्रह्माले गर्नुभएको स्तुतिबाट प्रसन्न हुनुभएकी देवीले ब्रह्मालाई वरदान माग्न भन्नुभयो। ब्रह्माले भन्नुभयो- हे देवी ! यो पृथ्वी (कर्मभूमि) मा मान्छेहरू मूर्ख, अल्पायु, रोगी छन्। तिनीहरूको कल्याणको लागि हजुर काञ्ची क्षेत्रमा बस्नुहोस्। ब्रह्माको आग्रह अनुसार 'हुन्छ' भनेर ललितादेवी काञ्ची क्षेत्रमा नै बस्नथाल्नुभयो। शिवको प्यारो क्षेत्र काशी हो। त्यसपछि विष्णु-लक्ष्मी र शिव-पार्वती पनि ललिता र कामेश्वर कै आसपासमा बस्नथाल्नुभयो।

यो अत्यन्त रहस्यपूर्ण काञ्ची र काशीको महत्व वर्णन हजार जिभ्राले पनि गर्नसकिदैन। सदाशिवको बासभएको काशी र ललिताको बासभएको काञ्चीको वर्णन ध्यानपूर्वक सुन्नु कल्याण कारक छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४०. काञ्चीपुर महात्म्य

काम कोष्ठपीठमा बस्ने महात्रिपुरासुन्दरी देवीले के के गर्नुभयो र प्रसिद्धि प्राप्त गर्नुभयो भन्ने अगस्त्यमुनिको प्रश्नमा हयग्रीव भन्नुहुन्छ- सृष्टिको क्रममा कर्म अनुसारको फलदिने यिनै महालक्ष्मी देवीबाट ३ अण्डा पैदा भए। एउटा अण्डाबाट अम्बिका र पुरूषोत्तम पैदा भए। अर्को अण्डाबाट लक्ष्मी र ब्रह्मा पैदा भए। तेस्रो अण्डाबाट सरस्वती र शिव पैदा भए।

तस्याएवावतारास्तु त्रिपुराद्याश्च शक्तयः,
इयमेव महालक्ष्मीः ससर्जाण्डत्रयं पुरा
परत्रयाणामावासं शक्तीनां तिसृणामपि,
एकस्मादण्डतोजातावंविकापुरूषोत्तमौ
श्रीविरिञ्चौ ततो ~ न्यस्मादन्यस्माच्चगिराशिवौ,
इन्दिरां योजयामास मुकुन्देन महेश्वरी
पार्वत्या परमेशानं सरस्वत्या पितामहम् - ४०।५-७

भगवान् विष्णुसँग लक्ष्मीको विवाह तिनै देवीले गराइदिनुभयो। यसैगरी पार्वतीसँग शिवको र सरस्वतीसँग ब्रह्माको सम्बन्ध बनाइदिनुभयो। ब्रह्मालाई सृष्टिको, विष्णुलाई संरक्षणको र शिवलाई संहारको जिम्मा पनि महालक्ष्मीले नै दिनुभयो। त्यसै अनुसार उहाँहरूलाई तत् कामको लागि नियुक्त पनि गर्नुभयो।

एकपटक शिवपार्वती खेलिरहनु भएको बेलामा पार्वतीले शिवका दुवै आँखा छोपिदिनुभयो। त्यसले गर्दा चन्द्रसूर्य नै स्तम्भित भए। सबैतिर अन्धकार भयो। स्वाहा स्वधाको काम भएन। त्यसवेला शिवले पार्वतीलाई भन्नुभयो- मेरा आँखा वन्द गरिदिएकोमा तिमीलाई पाप लागेको छ। पापनाशगर्न काशी गएर व्रत गर र काश्चीपुर गएर भगवती शिवाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपासना गर । पार्वतीले शिवको निर्देशनअनुसार दुवैतिर जानुभयो र व्रत र देवीको आराधना गर्नुभयो । पार्वतीको आराधनाबाट प्रसन्न भएकी देवी त्रिपुरासुन्दरी ललिताले भन्नुभयो- हे पार्वती ! तिमी र ममा फरक छैन । हामी एकै हौं । तिमीले शिव प्राप्त गर्ने छौ । यो सुन्दा पार्वतीलाई भ्रम हो कि यथार्थ हो भन्ने शंका भयो । उहाँले आँखा पुछ्नुभयो । त्यसबेला जया र विजया नामका साथीहरू देखिए । तिनीहरूलाई पार्वतीले सोध्नुभयो- तिमीहरूले भगवती त्रिपुरासुन्दरीलाई देख्यौ ? उनीहरूले भने- हो, हामीले देखेका थियौं । यतिभनेर उनीहरू देवीको पूजागर्न तत्पर भए । त्यसैबेला शिव आउँनुभयो र पार्वतीलाई अंकमाल गर्नुभयो । शिवले भन्नुभयो- हे पार्वती ! देवीको वास भएको एकाम्रपीठ अत्यन्त पवित्र छ । यो ठाउँमा आउँदा योगज र वियोगज दुवै किसिमका शत्रुहरूमाथि विजय प्राप्त हुन्छ । यति भनेर दुवै जना संगै कैलाश जानुभयो ।

एकपटक ब्रह्म सभामा ब्रह्मा को हो ? शंकर को हो ? यो कुरा हुँदाहुँदै शिव अन्तर्ध्यान हुनुभयो । त्यसैवेला विष्णु देखा परेर भन्नुभयो- हे ब्रह्मा ! तिमी मेरो नाभिकमलबाट उत्पन्न भएकाले मेरो छोरा हौ । ब्रह्मा भनेको सृष्टि हो । तिमीलाई मैले सृष्टि गरेकाले सृष्टिकर्ता मै हूँ । रूद्र पनि मेरै छोरा हो । यत्ति नै बेला शिवपार्वती त्यहीं आउँनुभयो । विष्णुको कुरा सुनेर शिव क्रोधित बन्नुभयो । उहाँको हेराइबाट भैरवको उत्पत्ति भयो र ब्रह्मालाई चिथोरिदियो । ब्रह्मालाई दुखदिएकाले भैरवलाई ब्रह्महत्या लाग्यो । ब्रह्महत्याबाट मुक्ति पाउन भैरवले भूमण्डलका पवित्र क्षेत्रको भ्रमणगर्न थाले । तीर्थ यात्राकै क्रममा काञ्चीपुरमा गएर देवीको आराधना गरे । आराधना गर्दागर्दै भैरव देवीमय बने । त्यसबेला देवीले भन्नुभयो- हामी एकै हौं, भेद छैन । यतिभनेर देवी अन्तर्ध्यान भएपछि आकाशवाणीभयो । काशी गएर शिवको आराधना गर्दा र काञ्चीमा ललितादेवीको आराधनागर्दा ब्रह्महत्या पनि नाशिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्को एकपटक अयोध्याधिपति राजा दशरथका सन्तान नहुँदा पनि काञ्ची गएर देवीको आराधना गरेका थिए । देवीबाट वरदान पाए पश्चात् दशरथका राम, लक्ष्मण, भरत र शत्रुघ्न नामका ४ छोरा भएका थिए । यसकारण पनि हे अगस्त्य ! ललितादेवी र काञ्चीपुरको महत्व अवर्णनीय छ । यो प्रसंग सुने मात्र पनि सम्पूर्ण पाप नाशिन्छन् ।

४१. त्रिद्यायन्त्रको शक्ति परिचय

ललितादेवीको शक्ति, यन्त्र, प्रेरक, शिष्य, गुरूका बारेमा सुन्न चाहेका अगस्त्यलाई हयग्रीव भन्नुहुन्छ - श्रीचक्र देवीको यन्त्र हो । यसैको पूजा र उपासना गरेर नै देवीमा शक्तिप्राप्ति र वृद्धि भएको हो । तुलसीपत्र, नैवेद्य सहित पूजागर्दा सरस्वती, लक्ष्मी, शक्ति सबै प्राप्त हुन्छन् । विष्णुले संरक्षण गर्ने, ब्रह्माले सृष्टि गर्ने र शिवले संहार गर्ने शक्ति पनि उहाँहरूले श्रीचक्रको उपासनाबाटै प्राप्त गर्नुभएको थियो ।

देवीको मन्त्र, जपसंख्या र फल

एक लाख जपले - महापापनाश

दुई लाख जपले - सात जन्मदेखिका पापनाश

तीन लाख जपले- हजार जन्मसम्मका पापनाश

सोह्र लाख जपले- देवीको सान्निध्य प्राप्ति

देवीको पूजागर्दा होम, तर्पण पनि गर्नु, जप संख्याको दशांश होम, त्यसको दशांश तर्पण, त्यसको दशांश ब्राह्मण भोजन गर्नु । विन्ध्यको शिखरमा बसेर देर्वी-रहस्य पाठ गरेमा अजर अमर बन्न सकिन्छ । मन्त्रको शुद्ध उच्चारणगरी मनदेखि नै गरेको जपबाट स्तम्भन, मारण जस्ता शक्ति प्राप्त हुन्छन् । कागजमा भैंसी र घोडाको र गोमूत्रले शत्रुको नाम लेखेर दक्षिणतिर तोकिएको ठाउँमा फालिदिएमा शत्रुहरूलाई नै विद्वेष गराउन सकिने हुन्छ । शत्रुहरू आपसमा नै लड्न थाल्नेछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महानीलीरसेनापिशत्रुनामयुतं लिखेत्,
दक्षिणाभिमुखो वह्नौ दग्ध्वा मारयते रिपून्
महिषाश्वपुरीषाभ्यां गोमूत्रैर्नाम टङ्कितम्,
आरनालस्थितं चक्रं विद्वेषं कुरूते द्विषाम् - ४१।५४-५५

देवीको शक्तिप्राप्तिको लागि शरणागत हुनुपर्छ । पूजाकर्मगर्न प्रतिकूलता त्याग गर्नुपर्छ । यो नै शरणागत हुनुहो ।

(नोट : शरणागतका छ प्रकार बताइएका छन् ।

१. अनुकूल रहनू २. प्रतिकूलता त्यागनु ३. मेरो हितहुन्छ भन्ने पूर्ण विश्वास गर्नू ४. रहस्य छिपाउनु ५. पूर्ण भरोसा गर्नू ६. आफुलाई दीनहीन (कार्पण्य) सम्झनू ।

४२. देवी-मुद्रा

भगवती ललितादेवीको पूजागर्दा खेचरी मुद्रा, योनिमुद्धा, लोपामुद्धा आदिको प्रयोग गर्नुपर्छ । हातलाई दुनो जस्तो बनाएर औंलाहरूलाई खुम्चाउने र फैलाउने गर्दा देवी-मुद्राहरू बन्दछन् । देवी मुद्राका प्रकार र मुद्रा निर्माणको विधि यस प्रकार बताइएको छ -

संक्षोभिणी मुद्रा - माझी औंलालाई ठाडो बनाई कान्छी र बुढी औंलाजोडी साइली र चोरीलाई नचलाई हातलाई दण्डवत गरेको जस्तो बनाएको मुद्रा ।

विद्राविणी मुद्रा - संक्षोभिणी मुद्रा बनाई माझी औंलालाई सिधा बनाएको मुद्रा ।

आकर्षिणी मुद्रा -माझी र चोरी एवं साइली र कान्छी औंलालाई बराबर बनाएर माझी औंलालाई अङ्कुश आकारको बनाएको मुद्रा ।

उन्मादिनी मुद्रा -मुठीबाधेर दुवै चोरी औंलालाई अंकुशजस्तो बनाउने र दुवै चोरी औंलालाई ठाडो पारेर बीचमा पार्दा बन्ने मुद्रा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महांकुशा मुद्रा - दुवै साइंली औंलालाई तल पारेर अंकुशको आकारको बनाउने र चोरीलाई पनि साइलीजस्तै तल लैजादा बन्ने मुद्रा ।

खेचरी मुद्रा - वायाँहात दायाँतिर र दायाँहात वायाँतिर पारेर दुवै हात ठाडो पार्नु। साइली र कान्छी जोड्नू। माझीलाई ठाडो पार्नु, चोरीलाई छोड्दिनु । यसरी बन्ने मुद्रा खेचरी हो ।

वीज मुद्रा - दुवै हातका चोरी र बुढी औंला जोडेर दुवै हातलाई अर्धचन्द्राकारको बनाई कान्छी र माझी औंला जोड्दा, साइली औंलालाई तलपार्दा बन्ने मुद्रा ।

प्रथमा वा योनि मुद्रा - दुवै हातका माझी र चोरी औंला जोडेर साइली र कान्छीलाई एक ठाउँमा पार्दा बन्ने मुद्रा ।

यी सबै मुद्राहरू देवीको प्रसन्नताको लागि आराधनागर्दा धारण/प्रदर्शन गर्नुपर्छ ।

४३. देवीपूजन दीक्षा

हयग्रीवले भन्नुभयो- त्रिपुरासुन्दरी देवीप्रति अनन्यभक्ति राख्ने हे अगस्त्य ! तपाईंलाई म देवीको दीक्षाविधि बताउँदछु, सुन्नुहोस् । शिवपुरको ध्यान गरेर मूलाङ्गमालिनी देवीको जप गर्नू । दीक्षाको शिक्षा दिँदा गुरूले शिष्यको शरीर स्पर्श गर्नू, त्यसैलाई स्पर्शदीक्षा भनिन्छ । यसैगरी गुरूले शिष्यलाई हेर्नु दृग्दीक्षा र गुरूले हेर्ने वा छुने वित्तिकै ज्ञान प्राप्तहुनु शाम्भवी दीक्षा हो ।

गुरोरालोकमात्रेण भाषणात् पर्शनादपि,
सद्यः सञ्जायते ज्ञानं सा दीक्षा शाम्भवी मता - ४३।५

मानसी दीक्षाबाट शान्त हुनु र एकान्तमा देवी सूक्तन्यास गर्नु । हे महात्रिपुरासुन्दरी देवी ! म पादुकाको पूजा गरेर तपाईंलाई नमन गर्दछु, भन्नू र 'क एम् ईल ह्रीं हस कहल ह्रीं सकल ह्रीं ऐं क्लीं सौः सौः क्लीं ऐं श्रीं' मन्त्रउच्चारण गरेर मन्त्रपुष्पाञ्जलि गर्नू। १०८ आठ पटक जप/पाठ गरेपछि दीप प्रज्वलन गर्नू । सर्वार्थरूपले गुरुप्रति विश्वास गर्नू । गु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

=अन्धकार रु=निवारण भएकाले अन्धाकार हटाइदिने गुरु नै हो (गुकार स्यान्धकारो ऽर्थोरुकारस्तन्निरोधकः- ३७)। गुरुको अगाडि झुटो बोल्दाको पाप ब्रह्महत्या, गोहत्याभन्दा कठोर हुन्छ। जपपछि ध्यान, ध्यानपछि जप गरेर नै मन्त्रसिद्धि हुन्छ। ध्यानले नै कीरा पनि भ्रमरा हुन्छ। पूजाभन्दा स्तोत्र, स्तोत्रभन्दा जप, जपभन्दा ध्यान करोडौं गुना उत्तम हुन्छ। गुरुको मुखबाट निस्किएको वाक्य नै शास्त्र हो। एकै ठाउँमा बसेको छ भने प्रतिदिन ३ पटक र छुट्टाछुट्टै बसेको छ भने प्रतिदिन गुरुलाई भेटेर प्रणाम गर्नू। गुरु, राजा र देवता समक्ष रित्तो हात नजानू (रिक्तपाणिस्तु नोपेयाद् राजानं देवतां गुरूम्- ६७)। वेद शास्त्र, आगम (न्याय, मीमांसा, अर्थशास्त्र) र अन्य धर्मावलम्वीको आचारको निन्दा नगर्नू। यस्ता नियम पालनगर्ने उत्तम बुद्धि भएकाहरूले नै तत्व चिन्ता गर्छन् भने मध्यम बुद्धि हुनेले जप चिन्ता र अधम बुद्धि हुनेले शास्त्र चिन्ता गर्दछन् -

उत्तमास्तत्वचिन्तास्याज्जपचिन्ता तु मध्यमा,
अधमाशास्त्रचिन्ता स्याल्लोकचिन्ताधमाधमा
नास्तिगुर्वधिकं तत्वं नास्तिज्ञानाधिकं सुखम्,
नास्तिभक्त्यधिकापूजा न हि मोक्षाधिकं फलम् - ४३।७२,७३

चिन्ताले कसैलाई छोड्दैन। प्रकृति-पुरूष, शब्द अर्थ, आधार-आधेय, भोग-मोक्ष, विधि-निषेध, लक्ष्मी-नारायण, सरस्वती-ब्रह्मा, शिव-पार्वती सबै ब्रह्म स्वरूप हुन्। गुरु स्वरूप हुन्। देवीको पूजा र भुक्ति मुक्तिदायी हुन्छ। गुरु पनि वेद शास्त्र पढेको, विवेकी, ज्ञानी शिष्यको कुरा बुझ्ने हुनुपर्छ। मन्त्र र दीक्षाविधिसाथ अभ्यर्चना गरेर देवीबाट सिद्धि प्राप्त गर्न सकिन्छ।

४४. देवीपूजा गर्दाका न्यास र पूजाका प्रकार

भगवती ललितादेवी (त्रिपुरासुन्दरी)को पूजागर्दा हे अगस्त्य! गुरुले सिकाएका दीक्षाविधि, पूजाविधि, ध्यानविधिहरू पालन गर्नू। सर्वप्रथम देवीको उज्यालो स्वरूप मनमा लिनू। शुद्ध स्थानमा बस्नू। मौन रहनू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजा सामग्री तयार गर्नू । त्यसपछि अंगूली जप गर्नू । लोम, प्रतिलोम, अनुलोम (प फ ब म य र ल व श ष स ह- लाई अगाडि पछाडि) न्यास गर्नू । घुंडा, जाङ, कुम, लिङ्ग, छाती, नाभि, हृदय, शिरमा क्रमशः न्यास गर्नू । ब्रह्मा, विष्णु, रूद्र, ईश्वर, सदाशिव, पूषाण, तुलिका, प्रकाशक, विद्याका आसनको विन्यास गरेर मनै मनले दर्शन गर्नू । नाभिदेखि कण्ठ सम्मका ८ वर्ग (१. स्वर वर्ग २. क वर्ग ३. च वर्ग, ४. र वर्ग, ५. त वर्ग, ६. प वर्ग, ७. य वर्ग ८. श वर्ग को विन्यास गर्नू ।

त्यसपछि मूलप्रकृति स्वरूपा देवीको न्यास र ध्यान गर्नू । कुल ४२ अक्षर छन् (क वर्गका ५, च वर्गका ५, र वर्गका ५, त वर्गका ५, प वर्गका ५ (गरी २५) । य व र ल =४, श ष स ह -४, षड् वर्गी अ इ उ ऋ लृ ५ अक्षर, संयुक्ताक्षरका ३ अक्षर (क्ष त्र ज्ञ) गरी ४१ अक्षर हुन्छन् । तर ह लाई सूत्रमा २ पटक गणना गरिएकाले जम्मा, अक्षर ४२ मानिन्छ । यी अक्षरहरूबाट पनि न्यास गर्नू । देवीका पीठहरू वाराणसी, कामरूपा, नेपाल आदि ५० स्थानमा भएको उल्लेख छ -

ततः पीठानिपञ्चाशदेकं चक्रं मनो न्यसेत्,
वाराणसीकामरूपं नेपालं पौण्ड्रवर्धनम् - ४४।९३

देवी, देवीका स्थान, पीठ, मुद्रा, सिद्धि, कला, चक्र, शक्ति आदि धेरै छन् । यसको साथै ब्रह्मा, विष्णु, रूद्र, कुवेर, इन्द्र, यम, वरूण, सोम र त्रिशक्ति गरेर नौ (९) शक्ति छन् भनिन्छन् । यिनै शक्तिहरूको न्यास, ध्यान, पूजा, जप, हवन, गर्नू । गुरुले बताएअनुसारको पूजाविधि अवलम्वन गर्नू । चक्रेश्वरी देवीलाई मनमा ध्यान गर्नू । योनिमुद्रा प्रदर्शन गर्नू । सदाशिवको ध्यान गर्नू । यिनै विधिबाट आत्मचक्र सञ्चालन गरी देवीको पूजा र न्यास गर्न सकिन्छ ।

ब्रह्माण्ड महापुराण समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धार्मिक पुस्तक प्रकाशन तथा व्यवस्थापन समितिद्वारा प्रकाशित कृतिहरू

श्रीअग्निमहापुराण

प्रकाशक : गगन प्रसाद पन्थ

ठेगाना : बुटवल उ.म.न.पा.-८

भूमिका :

श्रीमार्कण्डेयमहापुराण

प्रकाशक : नारायण पन्थ

ठेगाना : बुटवल शंकरनगर

भूमिका : प्रा.डा.ऋषिराम पोखरेल

श्रीवामनमहापुराण

प्रकाशक : केशवराज पन्थ

ठेगाना : रुरुगाउँपालिका-४ गुल्मी

भूमिका : डा. नवराज कट्टेल

श्रीशिवमहापुराण

प्रकाशक : बाबुराम पन्थ

ठेगाना : देवदह-१ डेकार रूपन्देही

भूमिका : प्रा.डा.विद्यानाथ कोइराला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रीकूर्ममहापुराण

प्रकाशक : तोयनारायण पन्थ

ठेगाना : तिलोत्तमा न.पा. ७ वर्गदवा रूपन्देही

भूमिका : डा.हरिहर प्रदिप घिमिरे

श्रीगरुडमहापुराण

प्रकाशक : टिकाराम पन्थ

ठेगाना : गुल्मी-छत्रकोट -४ लम्सेक

भूमिका : प्रा.डा.माधवराज गौतम

श्रीविष्णुमहापुराण

प्रकाशक : रामलाल पन्थ

ठेगाना : गुल्मी छत्रकोट-४

भूमिका : प्रा.डा. वेदमणि भट्टराई

श्रीवराहमहापुराण

प्रकाशक : सालिकराम उपाध्याय घिमिरे

ठेगाना : नागार्जुन-४, सीतापाइला

भूमिका : डा.तुलसी भट्टराई

प्रा.डा.माधवप्रसाद पोखरेल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रीभविष्यमहापुराण

प्रकाशक : भुवानीप्रसाद बराल

ठेगाना : पोखरा.म.न.पा-७, मासवार

भूमिका : कमल रिजाल



श्रीब्रह्ममहापुराण

प्रकाशक : राजेन्द्रकुमार गौतम

ठेगाना : बुटवल उ.म.न.पा.-१३. जितगढी रूपन्देही

भूमिका : प्रा.डा.नुरापति पोखरेल



श्रीलिङ्गमहापुराण

प्रकाशक : डा. भूपेश, उमेश पोखेल, गीता शर्मा

ठेगाना : अमेरिका, सानेपा ललितपुर

भूमिका : डा. रुद्रानन्द ब्रह्मचारी



श्रीमद्भागवतमहापुराण

प्रकाशक : गोपाल (भविश्वर) शर्मा पन्थ

ठेगाना : तिलोत्तमा न.पा.-३ रूपन्देही

भूमिका : श्री १००८स्वामी रमणानन्द गिरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्रीनारदमहापुराण

प्रकाशक : रामकृष्ण भण्डारी

ठेगाना : महाराजगंज, काठमाडौं

भूमिका : प्रा.डा. दीर्घराज घिमिरे



श्रीमत्स्यमहापुराण

प्रकाशक : श्यामकृष्ण श्रेष्ठ

ठेगाना : सुन्दरीजल, काठमाडौं

भूमिका : डा. गुरुप्रसाद सुवेदी



श्रीब्रह्मवैवर्तमहापुराण

प्रकाशक : सीताराम घिमिरे/सरलादेवी धमला

ठेगाना : दधिकोट, भक्तपुर/कुन्तादेवी, ओखलढुंगा

भूमिका : प्रा.डा. माधवराज गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणको सान्दर्भिकता

पुराणको प्राचीनता

पूर्वीय वाङ्मयमा पुराणको प्राचीनतालाई वेदसंग अनुस्यूत गरिएको छ। वेद, ब्राह्मण, आरण्यक, उपनिषद, पुराण समकालीन र समकक्षी हुन् र यिनीहरू एकैसाथ आविर्भाव भएका थिए भन्ने कथनलाई अथर्व वेद संहिताको 'ऋचः सामानि छन्दांसि पुराणं यजुषा सह' (७।७।२४) एवं अथर्व वेदको 'इतिहासस्य च वै स पुराणस्य गाथानां नारशंसीनां स प्रियं धाम भवति य वै वेदः' (१५६।१२) जस्ता वचनहरूले सिद्ध गरेका छन् (संस्कृत साहित्यका इतिहास, वाचस्पति गैरोला, चौखम्बा विद्याभवन वाराणसी -१, पेज २८८)।

पुराणको सामाजिक पक्ष

यद्यपि पुराण वैदिक धर्म प्रतिपादक ग्रन्थ हुन्। तथापि तिनीहरूमा सामाजिक पक्षको प्रधानता छ। ऐतिहासिक घटनाको बाहुल्य छ। शिलालेख, दानपत्र, मुद्रा एवं ऐतिहासिक महापुरुष, तिनले समाजलाई दिएको उपदेश, निर्देशन, सुझाव, आदिका आख्यानहरूले पुराणहरू रुचिकर र समाजोपयोगी वनेका छन्।

पुराणको उपादेयता

सर्सर्ती हेर्दा पुराणलाई सुन्ने शास्त्रको रूपमा लिइन्छ। कुनै पनि कुराको मनन नगरी त्यसभित्र छिर्न मन लाग्दैन र मनन गर्न पहिले सुन्नैपर्ने हुन्छ। यसैले ज्ञानलाई मननसंग जोड्ने सेतु श्रवण (सुन्नु) नै हो। सुनेपछि बुझिने, बुझेको ज्ञानलाई जीवनमा लागु गर्न र सुनेका सकारात्मक विषयबाट समाजमा भएका विकृति हटाई लोकोपयोगी मार्गमा लाग्न प्रेरणादिने भएकाले पुराणको सामाजिक महत्व वताएर सकिदैन। सवै पुराण (पुराणहरू - महा, उप र औप गरी ५४ वटा छन् भन्ने अर्थमा) र ती मध्येमा पनि १८ वटै महापुराणको अध्ययनले समाजलाई स्वच्छ वनाउन र आफु असल नागरिक वन्न सकिन्छ।

हजारौं वर्ष अगाडि लेखिएका पुराणले कलियुगको वर्णनगर्ने क्रममा मानिसहरू बाबु आमाको उपेक्षागर्ने, स्त्री, धन, रूप आदिलाई महत्वदिने र स्त्रीजातिहरू केश प्रशाधनलाई सुन्दरताको द्योतक मान्ने हुन्छन् (भागवत पुराण द्वादशस्कन्ध १२ औं अध्याय) भनेको तथ्य दिनानुदिन स्थापित हुँदै आएको यथार्थले पौराणिक सत्यलाई प्रमाणित गरिरहेका छन्।

यसैले पुराणलाई हरेक मानिसले आफुले गर्नुपर्ने र गर्न नहुने विषयको एकीन गर्ने आधारको रूपमा लिनुपर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Amazon kindle links of Published Puranas

BhagwadPuran:
https://www.amazon.com/Shri-Bhagwat-Puran-Badri-Pokhrel-ebook/dp/B08VN3PSJ7
Linga Puran:
https://www.amazon.com/Shri-Linga-Puran-Badri-Pokhrel-ebook/dp/B08VNKNH3L
Vishnu Puran
https://www.amazon.com/Shri-Vishnu-Puran-Bishnu-ebook/dp/B08J8BTJTS
KurmaPuran
https://www.amazon.com/Shri-Kurma-Puran-Badri-Pokhrel-ebook/dp/B08FP6WPMS
Shiva Puran
https://www.amazon.com/Shri-Shiva-Puran-ebook/dp/B08D8P7BYV
GarunPuran
https://www.amazon.com/Shri-Garun-Puran-Badri-Pokhrel-ebook/dp/B08CHLT4WG
MarkandeyaPuran
https://www.amazon.com/Shri-Markandeya-Puran-Badri-Pokhrel-ebook/dp/B07ZG6YW3B
Agni Puran
https://www.amazon.com/Shri-Agni-Puran-Badri-Pokhrel-ebook/dp/B07ZG53LPQ
BamanPuran
https://www.amazon.com/Baman-Puran-Nepali-Badri-Pokhrel-ebook/dp/B07ZG757ZW
Brahma Puran
https://www.amazon.com/Shri-Baraha-Puran-Badri-Pokhrel-ebook/dp/B08P523JT1
BhabishyaPuran
https://www.amazon.com/Shri-Bhabisya-Puran-Badri-Pokhrel-ebook/dp/B08R6N2C64
BarahaPuran
https://www.amazon.com/Shri-Baraha-Puran-Badri-Pokhrel-ebook/dp/B08P523JT1
MatsyaPuran
https://www.amazon.com/dp/B08YZ5TFTC/

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डा. बद्री पोखेलका प्रकाशित कृतिहरू

(१) मेची-काली (७७ जिल्लाको भ्रमणपछि तयार भएका ७७ निबन्धहरू)
(२) व्यवस्थापनका पांच आयाम
(३) म भित्र अर्के छ (छन्द कविता संग्रह)
(४) Land Revenue Administration in Nepal
(५) Fiscal Policy
(६) नेपालमा सम्पत्तिकर
(७) दश पोका भित्रका पन्ध्र अञ्जुली (यात्रा निबन्ध)
(८) तामाङ संस्कृति
(९) शक्तेर्दार्शनिकम विवेचनम् (संस्कृतमा)
(१०) आरोग्य (गीती एल्वम)
(११) अर्थशास्त्र शब्दावली (Dictionary of Economics)
(१२) Save the Children US in Nepal (Co-Writer)

महापुराहरूको नेपालीमा अध्यायगत सारांश

(१३) श्रीअग्निमहापुराण
(१४) श्रीमार्कण्डेयमहापुरण
(१५) श्रीवामनमहापुराण
(१६) श्रीशिवमहापुराण
(१७) श्रीगरूडमहापुराण
(१८) श्रीकूर्ममहापुराण
(१९) श्रीविष्णुमहापुराण
(२०) श्रीवराहमहापुराण
(२१) श्रीभविष्यमहापुराण
(२२) श्रीब्रह्ममहापुराण
(२३) श्रीलिङ्गमहापुराण
(२४) श्रीमदभागवगतमहापुराण
(२५) श्रीमत्स्यमहापुराण
(२६) श्रीनारदमहापुराण
(२७) श्रीब्रह्मवैवर्तमहापुराण
(२८) श्रीब्रम्हाण्डमहापुराण

लेखक परिचय

ज्ञान विज्ञान र अध्यात्मकावीच तुलना र समन्वय गराउन सक्ने अर्थशास्त्र, नेपाली साहित्य र पूर्वीय दर्शनका त्रिवेणी विद्वान डा. बद्री पोखेलको परिचय उहांका अध्ययन र लेखनका पाटाहरूबाटै पाइन्छ । अर्थशास्त्र, संस्कृत दर्शन र आधुनिक साहित्यका विविध विधामा समेत पुस्तक लेखिसक्नुभएका पोखेलले लामो समयसम्मको उच्च सरकारी सेवाबाट निवृत्त भएपछि पनि अध्ययन र लेखनलाई सशक्त बनाइरहनु भएको छ । उहांका करिब दुई दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भैसकेका छन् । वि.सं. २०१३ मा काठमाडौंको सुन्दरीजलमा जन्मिनुभएका डा. पोखेलले पछिल्लो समयमा आएर १८ महापुराणलाई अध्यायपिच्छेको नेपाली सारांश लेखेर नेपाली समाजलाई पुराणको गुह्य बुझ्न सजिलो बनाइदिनुभएको छ । आधुनिक कालका व्यास नै भन्न सकिने पोखेल पुराणको अध्ययनले समाजलाई समुन्नत र हरेक नागरिकलाई चरित्रवान बनाउन सकिने दृढता व्यक्त गर्नुहुन्छ । नेपालका ७७ जिल्ला र अन्टार्टिका समेत गरी संसारका सबै महादेशको भ्रमण गर्नुभएका यस संस्थाका अध्यक्ष पोखेललाई जयतु संस्कृतम् धन्यवाद अर्पण गर्दछ र श्रीब्रह्माण्डमहापुराणलाई प्रकाशनगर्न दिनुभएकोमा सहर्ष कृतज्ञता व्यक्त गर्दछ ।

जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ॥

नेपाल सर्वकारतः स्वीकृता सामाजिकी प्राज्ञिकी व सर्वकारीयेतरा संस्था

जयतु संस्कृतम् संस्थायाः प्रकाशमानि

(१) मङ्गलग्रहः (काव्यम्) – डा. टीकारामपन्थी
(२) कृष्णाभिसर्पणम् (काव्यम्) – महाकविः भरतराजः 'मन्थलीय'
(३) मीमांसातर्कभाषा – डा. काशीनाथन्यौपाने
(४) चन्द्रप्रभा (काव्यम्) – डा. टीकारामअधिकारी
(५) संस्कृतकवितासङ्ग्रहः (प्रथमपुष्पम्) – संयुक्तसम्पादनम्
(६) कलमाक्षरचरितकाव्यम् – प्रा. तेजकेशरीशर्मा
(७) संस्कृतमा के छ ? – अनुसन्धानात्मकलेखसङ्ग्रहः
(८) जयतु संस्कृतम् (अनुसन्धानपत्रम्) – संयुक्तसम्पादनम्
(९) प्राकृतपोखरा (संस्कृते) – अनुवादकः डा. लक्ष्मीकान्तपन्थी
(१०) लङ्कावतारसूत्रम् – अनु.डा. काशीनाथन्यौपाने
(११) चार्वाकदर्शनम् – प्रा. रेवतीरमणखनालः
(१२) गौतमन्यायसूत्रम् – अनु.प्रा. पद्मप्रसादभट्टराई
(१३) ब्रह्मसूत्रम् – अनु.प्रा.डा. दीर्घराजघिमिरे
(१४) जयतु संस्कृतम् (अनुसन्धापत्रम्) – संयुक्तसम्पादनम्
(१५) संस्कृतकवितासङ्ग्रहः (द्वितीयपुष्म्) – संयुक्तसम्पादनम्
(१६) कामकलाविलासः – प्रा. विद्यानाथ-उपाध्यायः
(१७) जैन दर्शन-तत्त्वार्थ सूत्रम् – डा. चन्द्रमणिनेपालः
(१८) दर्शनसारामृतम् – लोकनाथलुइँटेलः
(१९) मीमांसापरिभाषा – प्रा.डा. ऋषिरामपोखरेलः
(२०) समिक्षात्मकग्रन्थ – ध्रुवभट्टराई
(२१) श्रीब्रह्माण्डमहापुरण – डा. बद्री पोखेल

जयतु संस्कृतम्
केन्द्रीय कार्यालयः काष्ठमण्डपः नेपालः

NPR. 300/- | US$ 10.00
9 789937 949118

जयतु संस्कृतम्बाट प्रकाशित पुस्तकहरु पढ्नको लागि
हाम्रो वेभसाईटः www.ushaeduhouse.com मा लगइन गर्नुहोस ।

Jayatu Sanskritam, Kathmandu, Nepal